# मसीह



जेरी डी. थोमस

मसीह
जेरी डी. थोमस

सुनिलेऊ मेरो भाइ हो. येशूजी मेरा दुनियाँमा आए
दुनियाँमा आए. मुक्ति लिई आए
मानिसलाई आई बचाए. येशूजी मेरा दुनियाँमा आए
स्वर्गीय पिताका एक मात्र पुत्र
मानिसका पुत्र भनिए. येशूजी मेरा दुनियाँमा आए
अन्धालाई आखाँ, गुँगालाई बोली
बहिरालाई शब्द सुनाए. येशूजी मेरा दुनियाँमा आए
कोरी, अर्धाङ्गी निको गराए
मुर्दालाई बौराई उठाए. येशूजी मेरा दुनियाँमा आए
हामी सब पापमा डुबिरहेका थियौं
अद्‌भूत प्रेम देखाए. येशूजी मेरा दुनियाँमा आए
दुनियाँको कारण क्रुसैमा चढी
पवित्र रगत बहाए. येशूजी मेरा दुनियाँमा आए
ख्रीष्ट मरेपछि चिहानमा राखिए
र तेस्रो दिनमा बौरी उठे. येशूजी मेरा दुनियाँमा आए

# मसीह

जेरी डी. थोमस

अनुवादक : श्रीमती रमा बस्नेत

## प्रकाशक

पास्टर उमेशकुमार पोखरेल
ईमेल *umsan@wlink.com.np*
सेभेन्थ डे एभभेन्टिस्ट चर्च गट्ठाघर, काठमाडौं
पो. बक्स नं. २०००२
काठमाडौं, नेपाल
प्रथम संस्करण ५००
दोस्रो संस्करण ५००
तेस्रो संस्करण १००० (२०६७, ई. स. २०११)

## सम्पादन मण्डली

पास्टर उमेशकुमार पोखरेल
एल्डर भजुराम श्रेष्ठ
पास्टर नसिव बस्नेत

## प्रकाशन सहयोगी

पास्टर कुवेर लामिछाने
अमर पोते
सुरेश श्रेष्ठ

## भाषा शुद्धिकरण

हरि रेग्मी (लिट्टिल एञ्जेल्स स्कूल)

## कम्प्यूटर लेआउट तथा आवरण चित्र

सुजीत कुमार साह

## प्रकाशन सल्लाहकार

डा. प्रकाश तौजले श्रेष्ठ
डा. सेरी तौजले श्रेष्ठ

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | परमेश्वर हामीहरुसँग | १ |
| २. | चुनिएका जाति | ६ |
| ३. | ठीक समय | ९ |
| ४. | मुक्तिदाता जन्मनुभयो | १३ |
| ५. | समर्पण | १७ |
| ६. | हामीले उहाँको तारा देख्यौं | २१ |
| ७. | बालक येशू | २७ |
| ८. | निस्तार चाडको यात्रा | ३२ |
| ९. | सङ्घर्षका दिनहरु | ३८ |
| १०. | मरुभूमिमा आवाज | ४४ |
| ११. | येशूको वप्तिस्मा | ५२ |
| १२. | उजाड स्थानमा येशूको परीक्षा | ५६ |
| १३. | येशूले विजय प्राप्त गर्नुहुन्छ | ६२ |
| १४. | हामीले मसीहलाई भेट्टाएका छौं | ६७ |
| १५. | विवाह भोजको अच्चमको कार्य | ७५ |
| १६. | मन्दिरमा भ्रष्टता | ८० |
| १७. | रातमा निकोदेमस | ८७ |
| १८. | यूहन्नाको उदाहरण | ९३ |
| १९. | इनारको छेउमा भेटिएको महिला | ९५ |
| २०. | यहुदी अफिसरको छोरा | १०२ |
| २१. | शाबथमा निको पार्ने कार्य | १०५ |
| २२. | वप्तिस्मा दिने यूहन्नाको मृत्यु | ११३ |
| २३. | परमेश्वरको राज्य | ११८ |
| २४. | के यिनी सिकर्मीका छोरा होइनन् | १२१ |
| २५. | समुद्रको छेउबाट बोलाहट | १२५ |
| २६. | कपरनुहमका दिनहरु | १२९ |
| २७. | कपरनुहमका चँगाईं | १३४ |
| २८. | मत्ती  येशूका चेला बन्दछन् | १३९ |
| २९. | येशू र शाबथ दिन | १४४ |
| ३०. | संसारको निम्ति संवादवाह | १४८ |
| ३१. | समुद्रको छेउको शिक्षा | १५२ |

| | | |
|---|---|---|
| ३२. | एउटा नोकर जाति पारिन्छ, एउटा मरेको मानिस बिउँताइन्छ | १५९ |
| ३३. | पारिवारिक समस्या | १६२ |
| ३४. | मेरो बोझ हलुका छ | १६६ |
| ३५ | समुद्रमा आँधी | १६९ |
| ३६. | विश्वासको छुवाई | १७४ |
| ३७. | पहिलो प्रचार कार्य | १७७ |
| ३८. | प्रार्थना र आराम गर्ने समय लिनु | १८१ |
| ३९. | चिनीहरुलाई केही खाना खान देऊ | १८३ |
| ४०. | तालमा रातीको समय | १८७ |
| ४१. | गलिलमा संकष्ट | १९१ |
| ४२. | जरैसहित उखेलिनु | १९६ |
| ४३. | बाधा अड्चनहरु हटाउनु | १९८ |
| ४४. | जोनाको चिन्ह | २०० |
| ४५. | आउनेवाला क्रुस | २०४ |
| ४६. | येशूको रुप परिवर्तन | २०८ |
| ४७. | लडाई | २११ |
| ४८. | को चाहिँ महत्वपूर्ण व्यक्ति हुनेछ ? | २१४ |
| ४९. | जीवीत पानी | २१९ |
| ५०. | जाल | २२१ |
| ५१. | संसारको ज्योती | २२५ |
| ५२. | असल गोठालो | २३१ |
| ५३. | गलिलबाट अन्तिम यात्रा | २३४ |
| ५४. | असल सामरी | २३८ |
| ५५. | परमेश्वरको राज्य तिमीमा छ | २४१ |
| ५६. | येशूले बच्चाहरु मन पराउनुभयो | २४३ |
| ५७. | धनी युवक | २४६ |
| ५८. | लाजरस | २४८ |
| ५९. | योजनाहरु | २५३ |
| ६०. | शक्तिको स्थानहरु | २५५ |
| ६१. | जकियस | २५७ |
| ६२. | मेरियमले येशरुलाई अभिषेक गर्छिन् | २५९ |
| ६३. | परमेश्वर इस्रायलको राजाका रुपमा घोषित | २६४ |

| | | |
|---|---|---|
| ६४. | नाश नभएको | २६८ |
| ६५. | फेरी मन्दिरको सफाई | २७१ |
| ६६. | येशूले आफ्ना शत्रुलाई अन्यौलमा पार्नुहुन्छ | २७६ |
| ६७. | येशूको अन्तिम पटक मन्दिर भ्रमण | २८० |
| ६८. | हामी येशूलाई हेर्न चाहन्छौं | २८५ |
| ६९. | येशूको दोस्रो आगमनका चिन्हहरु | २८९ |
| ७०. | गरीब र दुःखी | २९४ |
| ७१. | दासहरुको दास | २९७ |
| ७२. | प्रभु भोज | ३०१ |
| ७३. | आशाका शब्दहरु | ३०५ |
| ७४. | गेथसेमनमा संघार्ष | ३१४ |
| ७५. | अवैधानिक परीक्षण | ३१९ |
| ७६. | यहूदा | ३२७ |
| ७७. | रोमी परिक्षण | ३३२ |
| ७८. | येशू क्रुसमा मर्नुहून्छ | ३४२ |
| ७९. | सैतानको हार | ३५० |
| ८०. | येशू आराम गर्नुहुन्छ | ३५५ |
| ८१. | पुनउत्थानको विहानी | ३६१ |
| ८२. | तिमी किन रोइरहेछौं ? | ३६५ |
| ८३. | इम्माउसको बाटो | ३६९ |
| ८४. | येशू चेलाहरुकहाँ देखा पर्नुहुन्छ | ३७२ |
| ८५. | लेकको छेउमा फेरी देखापर्नुहुन्छ | ३७६ |
| ८६. | गालिलमा प्रतिज्ञा | ३८० |
| ८७. | स्वर्गमा विजयी प्रवेश | ३८६ |

# १ परमेश्वर हामीहरुसँग

*परमेश्वर हामीहरुमध्ये एक हुन चाहनुहुन्छ ।*
*"उहाँको नाम इम्मानुएल राखिनेछ : जसको अर्थ हो, परमेश्वर हामीसँग ।"मत्ती १:२३*

अनन्तकालदेखि येशू आफ्ना पितासँग हुनुहुन्छ । उहाँ दुवै परमेश्वर हुनुहुन्छ । उहाँ दुवै हामीले सोचेभन्दा बढी शक्तिशाली र महिमायुक्त हुनुहुन्छ । त्यही महिमा देखाउन र बाँडनका निम्ति येशू संसारमा आउनुभयो । ईश्वरीय प्रेमको ज्योती यस अँध्यारो जगत्मा चम्काउनका निम्ति यहाँ आउनुभयो, अर्थात "परमेश्वर हामीसँग" हुन उहाँ आउनुभयो ।  त्यसैकारण बाइबलका लेखकले भने, उहाँको नाउँ इम्मानुएल राखिनेछ । वास्तवमा परमेश्वर कस्तो हुनुहुन्छ भनी मानिसलाई र स्वर्गदूतहरुलाई देखाउन येशू संसारमा आउनुभयो, साच्चै येशू परमेश्वरको वचन हुनुहुन्छ । बोलीमा उच्चारण गरिएको परमेश्वरको इच्छा, जसलाई हामी सुन्न सक्छौं ।

यस पृथ्वीमा भएका मानिसहरुका निम्ति मात्र येशूले मानव जीवन लिनुभएको र ईश्वरीय प्रेम देखाउनुभएको होइन् तर आफ्नो सृष्टिका सबै कुरालाई उहाँले प्रेम गर्नुभयो र हाम्रो संसार सबैका निम्ति एउटा पाठ्यपुस्तक भएको छ ।

स्वर्गदूतहरुले हराएका मानव जातिमाथि परमेश्वरको यस्तो प्रगाढ र अचम्मको प्रेमलाई अध्ययन गर्दछन् । बाँचेकाहरु र स्वर्गदूतहरुले प्रभुयेशूको महिमा गाउनेछन् र उहाँको जीवन र मृत्युको विषयमा अध्ययन गर्नेछन् । प्रभु येशूको अनुहारमा देखिने निःस्वार्थ प्रेमको सिद्धान्तले नै पृथ्वी र स्वर्गको जीवनको सिद्धान्त हो भनी बताउँदछ । यस्तो निःस्वार्थ प्रेम सिधै परमेश्वरको हृदयबाट प्रभावित भएर बग्छ । सृष्टिको सुरुमा प्रकृतिले परमेश्वरलाई ऐना जस्तै प्रतिबिम्बित गऱ्यो । येशू स्वयंले स्वर्गलाई लिएर पृथ्वीको जग बसाल्नुभयो । आफ्नै हातले संसारलाई आकाशमा स्थिर गराउनुभयो र त्यसमा फुलहरुले भरिदिनुभयो । यी सबैमाथि उहाँले पिताको प्रेम लेखिदिनुभयो ।

आज यस संसारलाई पापले बिगारेको छ । तर परमेश्वरको हस्तलेखाइहरु अझै यहाँ छन् । मानिसहरुका स्वार्थी हृदयबाहेक, आज पनि सबैले परमेश्वरका प्रेमका नियमहरुलाई प्रतिम्बित गर्न सकेका छन् । प्रत्येक उड्ने चरा, हरेक हिँड्ने जनावरले अरु चरा र जनावरहरुलाई बाँच्न मद्दत गरिरहेका हुन्छन् । उनीहरुले दिने प्राण वायु, अक्सिजनद्वारा सबै प्राणीहरु जीवीत हुन्छन् । त्यसै गरी जनावरले दिएको कार्बन डायअक्साइडद्वारा

उनीहरु जीवीत रहन्छन्, बढ्छन् । सबै प्रकृति केहि दिनका निम्ति यहाँ छन् । फुलहरुले मिठो वास्ना दिन्छन्, सुन्दरता दिन्छन् । सूर्यले जीवन बचाउने प्रकाश दिन्छ । समुन्द्र सबै वर्षा र पानीको स्रोत हो र यो नदीहरुद्वारा पोषित हुन्छ, हिमनदी, झरनाले यसलाई पोषण गर्दछन् ।

यस्तै गरेर स्वर्गदूतहरु पनि दिन मन पराउँदछन् । प्रशस्त प्रेमसहित उनीहरुले संसारमा रहेका कमजोर र पापी मानिसहरु खोज्दछन् र उनहिरुको अँध्यारो जगत्मा स्वर्गीय प्रकाश ल्याउँदछन् । विन्रम धैर्यका साथ उनीहरुले प्रभु येशूद्वारा परमेश्वरको प्रेमलाई कसरी बुझ्न सकुन, भनी सिकाउँदछन् ।

प्रभु येशूमा हामी परमेश्वरलाई अझ प्रस्टसँग हेर्न सक्दछौं । कुनै शंका विना नै उहाँले पिताको प्रेमपूर्ण महिमा, उहाँलाई मनपर्ने कुरा दिनु हो भन्ने देखाउँदछ । उहाँको प्रेम सारा सृष्टिमा बगिरहन्छ । उहाँको पुत्रद्वारा यो बगिरहन्छ र यसको सट्टामा खुसी र आनन्दको सेवामा प्रभु येशूमा त्यो फर्किन्छ । त्यो प्रेम एउटा शक्तिशाली छाल बन्दछ र सृजनाहारसित फर्कन्छ । येशूमा यो जीवनचक्र पूर्ण हुन्छ ।

## स्वर्गमा स्वार्थपन

निःस्वार्थको प्रेमको सिद्धान्त स्वर्गमा नै टुटेको थियो । पाप स्वार्थीपनबाट सुरु भयो । लुसिफर, चम्किलो र शक्तिशाली स्वर्गदुतको चाहना बढ्दै गयो । ऊ स्वर्गको सबैभन्दा महत्त्वपूर्ण व्यक्ति हुन चाहन्थयो । उसले परमेश्वरप्रति निष्ठावान् स्वर्गदूत नियन्त्रण गर्ने कोसिस गऱ्यो । स्वर्गदूतले त्यसलाई आदर गरुन् भनि चाहन्थ्यो । यसले परमेश्वरले स्वर्गदूतबाट आराधना र निष्ठाको माग गर्नुहुन्छ भनेर देखाउँखछ । उसले परमेश्वरको एउटा प्रश्न र शंका गर्न नहुने स्वार्थी हुकुमकर्ताको रुप प्रस्तुत गऱ्यो । यस्तो सल्लाहले धेरै स्वर्गदूतहरुलाई छल्न ऊ सफल भयो । यही विचारद्वारा यसले मानिसलाई छल्न सक्छ । उहाँको भनाइप्रति र उहाँको वचनप्रति मनमा शंका उब्जाउन उक्सायो । परमेश्वर न्याय, उहाँको गौरवलाई निष्ठूर र क्षमा नदिन चरित्रको रुपमा प्रस्तुत भयो । परमेश्वरको चरित्रलाई यसरी गलत चित्रण गरेर मानिसहरुलाई आफूसँगको विद्रोरी झुण्डतिर तान्यो । संसारको लामो कालरात्रि यसरी सुरु भयो ।

त्यो अँध्यारो छायाँलाई उज्यालो पार्न सैतानले देखाएको परमेश्वरको चरित्र गलत हो भनी बताउन जरुरी थियो । बलसाथ यसलाई गर्नुहुदैन्थ्यो । परमेश्वरको राज्यमा बलजफत भन्ने कुरा छैन् । उहाँ प्रेमको प्रतिउत्तर चाहनुहुन्छ । जबर्जस्तीमा प्रेम हुदैँन् । कसैलाई प्रेम गर्न बल गर्न सकिँदैन, आज्ञा गर्न सकिँदैन् । प्रेम दिएमा प्रेम फर्किन्छ ।

परमेश्वरलाई चिन्नु भनेको परमेश्वरलाई प्रेम गर्नु हो । त्यसकारण मानव जातिलई परमेश्वरतिर फर्काउनु भनेको परमेश्वर वास्तवमा कस्तो

हुनुहुन्छ भनि देखाउनु हो । येशू, जसले परमेश्वरको असीमित प्रेमलाई बुझ्नुभएको थियो, उहाँले मात्र अरुलाई यस प्रेमको विषयमा पुष्टि गर्न सक्नुहुन्थ्यो ।

मानिसको मुक्तिको उपाय पछि गएर उब्जिएको विचार होइन । आदम र हब्बाले पाप गर्नभन्दा पहिला यो रचिएको थियो । परमेश्वरको पापरहित, स्वार्थरहित नियमको प्रकृतिकै फलस्वरुप यो थियो । परमेश्वरको सिंहासन र उहाँको कार्य यसै सिद्धान्तमा आधारित थियो । अनन्तदेखि परमेश्वर र येशूलाई लुसिफरले पाप गर्नेछ र उसको झुठ्ले मानिसलाई प्रतिरोध गर्न उचाल्नेछ भनी थाहा थियो । परमेश्वरले पापको सृष्टि गर्नुभएन । यसको अस्तित्व होस् भनी उहाँ चाहनुहुदैंन्थ्यो । तर यस्तो हुन्छ भनी उहाँलाई थाहा थियो र यस्तो संकटको अवस्थामा के गर्ने भन्ने उपाय उहाँले रच्नुभयो । उहाँको उपायले परमेश्वरको संसार र मानिसप्रतिको प्रेम प्रकाशित भयो । उहाँले आफ्नो एक मात्र पुत्र दिने प्रतिज्ञा गनुभयो... ताकि उहाँमाथि विश्वास गर्ने हरेक नाश नहुन् तर अनन्त जीवन पाऊन । यूहन्ना ३:१६

सैताने उसको स्वार्थको कारणले गर्दा बढ्ता महत्वाकाङ्क्षी भयो र बढी प्रतिष्ठा खोज्यो । प्रभु येशूले आफ्नो निःस्वार्थ प्रेमको कारण कुनै महिमा प्रतिष्ठा खोज्नुभएन । उहाँले मानव रुप लिनुभयो ।

## बलिदानका निम्ति तयार

येशू आफ्नो बलिदानका निम्ति तयार हुनुभयो । उहाँ आफ्नो पिताको नजिक सबै स्वर्गदूतहरुद्वारा पुजिएर रहन सक्नुहुन्थ्यो । तर उहाँ अँध्यारो संसारमा ज्योती र जीवन ल्याउन आफ्नो सिंहासनको तल ओर्लनुभयो र पृथ्वीमा आउनुभयो । येशूले २००० वर्ष पहिला, अनन्तकालदेखि गुप्तमा रहेका उपाएहरुका विषयमा बताउनुभयो । ( हिब्रू १०: ५,७)

उहाँको समान्य उपस्थितिको महिमामा मानिसहरु रहन सक्ने थिएनन् । एउटा विशेष प्रकारको स्वरुपको कारण उहाँ हामी माझ रहन सक्नुभयो । उहाँको ईश्वरत्वलाई मनुष्यत्वले छोपेको थियो । उहाँको अदृश्य महिमालाई दृश्य मानव शरीरले ढाकेको थियो । जब इस्रायलीहरु मरुभूमीमा भौंतारिदैं थिए, त्यस समय, आफूले बनाउन आज्ञा गरेबमोजिम बनाएका मन्दिरमा उहाँ बस्नुभयो । अब फेरि परमेश्वर मानिसँग बस्न आउनुभयो र परमेश्वरको विषयमा उहाँको प्रेम र चरित्रको बारेमा सिकाउनुभयो ।

जबदेखि येशू मानिस भएर बस्न आउनुभयो, परमेश्वरले कष्टहरु बुझ्नुभएको छ र तिनमा सहनुभूति दर्शाउनुहुन्छ ।

सबैले देख्नेछन् कि हाम्रो सृष्टिकर्ता पापीहरुको साथी हुनुहुन्छ । येशूले जीवनभर, गर्नुभएको प्रेम, खुसीदिने प्रतिज्ञाहरुबाट दयापूर्वक प्रस्तुत सबै शिक्षाहरुले, परमेश्वर हाम्रो साथ हुनुभएको कुरा बुझ्न सकिन्थ्यो ।

सैतानले परमेश्वरका नियमहरुलाई स्वार्थी र मान्नै नसक्ने प्रकाराका छन् भनी प्रस्तुत गऱ्यो । सैतानले आदम र हब्बाको पापको दोष परमेश्वरलाई दियो र त्यसपछिका पापका सबै दोष पनि उहाँलाई नै लगायो । परमेश्वर र उहाँको नियमका कारणले गर्दा नै संसारमा पाप, दुःख र मृत्यु छ भनी मानिसको सोचमा परिवर्तन पनि गऱ्यो ।

सैतान गलत हो भन्ने देखाउन येशू यस संसारमा आउनुभयो । उहाँले मानिस भएर पनि परमेश्वरका नियम मान्न सकिन्छ भनी देखाउनुभयो । मानिसलाई पर्ने परीक्षा उहाँलाई पनि पऱ्यो । अरुले भोग्ने दुःख र संकट पनि उहाँलाई परेको थियो । सैतानले परमेश्वरको प्रेम हाम्रा निम्ति प्रयाप्त छैन, त्यसैकारण हामीलाई आइपर्ने हरेक परीक्षा भोग्नुभयो । परमेश्वरले सबैलाई निर्धक्क दिनेबाहेक अन्य कुनै शक्ति प्रयोग गर्नुभएन ।

परमेश्वरले दिनुभएको शक्तिमा मानिस भएर उहाँले परीक्षाहरुलाई सामना गर्नुभयो । बिरामीहरुलाई जाती पार्दै र अन्य असल काम गर्दै, उहाँले सेवा गर्नु भनेको के हो भनी बताउनुभयो । येशूको जीवनले, मानिस भएर पनि हामी परमेश्वरका नियमहरु पालना गर्न सक्छौं भनी प्रमाणित गर्दछ ।

मानवीय रुपमा उहाँ मानिससँग पुग्नुभयो, परमेश्वरको सिंहासनसँग उहाँको पकड थियो । मानिसका पुत्र भएर पनि परमेश्वरको नियममा बाँच्ने उदारहण उहाँले दिनुभयो । परमेश्वरको पुत्र भएर हामीलाई त्यसैगरी बाँच्न शक्ति दिनुहुन्छ । उहाँ हामीमा रहेर पापलाई जित्न सकिने निश्चियता छ । उहाँको शक्तिद्वारा स्वर्गीय कानुनलाई पालना गर्न सकिन्छ ।

येशूले मानिस बन्नका निम्ति उहाँको महिमा र आदर सब छोड्नुभयो । येशूले उहाँको चरित्र सैतानको भन्दा ठीक भएर मानिसमात्र बन्नुभएन तर मानवजातिलाई बचाउन उहाँ बलिदान पनि हुनुभयो ।

## हाम्रा निम्ति उहाँको काम

हामीले पाउनुपर्ने सजाय उहाँले लिनुभयो ताकि उहाँको ठाउँमा हामी रहन सकौं । हाम्रा पापका निम्ति उहाँ दण्डित हुनुभयो जुन उहाँसँग पटक्कै थिएन् । उहाँको धार्मिकताद्वारा हाम्रो उद्धार हौस् जसमा हाम्रो कुनै अधिकार नै थिएन । हाम्रो मृत्यु उहाँले लिनुभयो, मृत्युको दुःख भोग्नुभयो, ताकि उहाँको जीवन हामीले पाउन सकौं । उहामाथि परेका कोर्राका चोटले हामी निको भयौं । (यशैया ५३:५)

येशूले उहाँको जीवन र मृत्युद्वारा पापको कारण बिग्रिएको कामलाई पुनस्थापना गर्नुभएन । सैतानलै मानिसलाई परमेश्वरबाट सधैंको निम्ति टाडा राख्ने प्रयास गऱ्यो । तर येशू हामी मध्य एक भएर, उहाँले हामी माँझ मानवीय सम्बन्ध गास्नुभयो जुन कहिल्यै पनि चुडिनेछैन् ।

जब परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकलौटे पुत्र दिनुभयो । त्यो छोरा मानवजातिलाई सधैंको निम्ति थियो । परमेश्वरले मानव प्रकृति छोराको स्वरुपमा स्वीकार गर्नुभयो । उहाँबाट परमेश्वरले त्यो चरित्रलाई, प्रकृतिलाई स्वर्गसँग लैजानुभयो ।

मानिसको यही छोरा स्वर्गीय सिंहासनको भागिदार हुनुहुन्छ । येशूमा स्वर्गको परिवार संसारका परिवारसँग एक भएका छन् । उहाँ हाम्रो दाजु हुनुहुन्छ । येशूको कामद्वारा परमेश्वरको राज्य पृथ्वीमा न्यायोचित ठहरिएको छ । सबै कुराका ज्ञाता परमेश्वर अनन्त प्रेमको ईश्वर हुनुहुन्छ भनी देखाउनु भएको छ । सैतानका आरोपहरु झुठा प्रमाणित भइसकेका छन् । परमेश्वरको विद्रोही फेरि कहिल्यै माथि आउन सक्दैन् । सबैजना चारैतिरबाट सुरक्षित छन् । संसारमा पाप फेरी उठ्न र मौलाउन सक्तैन । प्रेम पूर्ण आत्मबलिदानद्वारा स्वर्गीय जन र पृथ्वीका बासिन्दाहरु आफ्नो सृजनाहरुसँग एक भएर बाँधिएका छन्, जुन कहिल्यै टुट्ने छैन् ।

हराएकाहरुलाई बचाउने काम पूरा गरिनेछ । जहाँ धेरै पाप छ, त्यहाँ परमेश्वरको अनुग्रह अझ शक्तिशाली भएको छ जुन यो संसारमा लडाइ लडियो, अन्तयमा यसको उचित सम्मान गरिनेछ । जहाँ महिमाको राजा रहनुभयो, दुःख भोग्नुभयो र मर्नुभयो, यसलाई नयाँ बनाइनेछ । परमेश्वर स्वयम् यहाँ आफ्नो जनसँग रहनुहुनेछ । बचाइएकाहरु अन्नतकालसँग परमेश्वरको ज्योतीमा हिँड्नेछन् । परमेश्वरले मानिसका निम्ति दिनुभएको यस्तो अनुपम उपहारका निम्ति उनीहरुले उहाँलाई प्रशंसा गर्नेछन्-इम्मानुएल “परमेश्वर हामीसँग” ।

# २ चुनिएको जाति

*“उहाँ आफ्नै मानिासहरुकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरुले उहाँलाई ग्रहण गरेनन् ।” युहन्ना १:११*

एक हजार वर्षभन्दा पहिलादेखि यहूदीरुले पालनहार प्रतिज्ञा गरिएका व्यक्ति मसीहलाई पर्खेर बसेका थिए । यसै जीवीत आशा र प्रतिज्ञाको आधारमा, उनीहरुको घरमा गरिने आराधानाहरुमा उहाँको नाम पुकार गरिन्थ्यो तर जब उहाँ आउनुभयो, उनीहरुले उहाँलाई चिन्न पनि सकेनन् ।

परमेश्वरले इस्रायलीहरुलाई उहाँको आगमनको विषयमा भनिएका चिन्हरु भविष्यवाणीहरु र उहाँका नियमहरुलाई सम्झने र पालना गर्ने जाति भनेर चुन्नुभयो । यही जाति नै संसारलाई परमेश्वरको बारेमा बताउने एउटा झरणा झैं बन्न सक्नेछ भनी परमेश्वर चाहनुहुन्थो । अब्राहमले देशहरु घुम्ने क्रममा यही कुरा बताए । युसुफले मिश्र देशमा परमेश्वरको विषयमा बताए । बेबिलोनका न्यायलयमा दानियल परमेश्वरका निम्ति प्रकाश भए । हिब्रूहरुले संसारका अरु देशमा यस्तै गर्नुपर्ने थियो । स्वर्गमा विरजमान साचो परमेश्वरका विषयमा अरुलाई बताउनु पर्ने थियो ।

परमेश्वरले अब्राहमलाई, उनीद्वारा नै संसारका सबै मानिसहरुले आशिष् पाउनेछन् भनी प्रतिज्ञा गर्नुभयो । अब्राहमका सन्तानबाट इस्रायल देशलाई यही प्रतिज्ञा गरिएको थियो । तर इस्रायलीहरुले संसारिक सुखभन्दा पर केही पनि देख्न सकेनन् । जब उनीहरु कनान देशमा प्रवेश गरे, उनीहरुले परमेश्वरको नीतिलाई वास्ता गरेनन् तर उनीहरुका वरिपरीका अन्यजातिका परमेश्वरका जीवन पद्वति अपनाए । परमेश्वरले भविष्यवक्ताहरु पठाउनुभयो, तर त्यसले केही फरक पार्न सकेन । अरुले उनीहरुमाथि विजय हासिल गर्दा पनि उनीहरुलाई चेत आएन । बेलाबेलामा उनीहरुले पश्चात्ताप गरेर परमेश्वरलाई पछ्याए तापनि त्यो धेरै समयसम्म रहेन ।

यदि इस्रायलीहरुले परमेश्वरलाई पूर्ण रुपले पछ्याएको भए उहाँ उनीहरुलाई संसारको सबैभन्दा प्रतिष्ठित र प्रशंसाको योग्य बनाउनुहुन्थ्यो । उनीहरुको हठी अविश्वासको कारण उहाँका कार्यहरु कष्टका साथ पूरा गरिए ।

अन्त्यमा बेबिलोनीहरुले देशलाई कब्जा गरे र मानिसहरु यत्ताउता छरिए । त्यस्तो दु:खको समयमा धेरै फेरी परमेश्वरतर्फ फर्किए । उनीहरुको जीवनबाट सत्यताको ज्योती प्रकाशित भयो । परमेश्वरका विषयमा कुराहरु चारैतिर फैलिन थाल्यो । आफ्नो धर्मप्रति निष्ठावान् धेरैले साचो परमेश्वरको सत्यतालाई चिने र मुक्तिदातामा विश्वास पनि गरे । विश्वासी बन्दीहरुलाई पराई देशमा धेरै सताइयो । उनीहरुको आफ्नो विश्वासअनुसार विश्राम दिन

पालना गरेको तर अन्य जातिका चाडपर्वहरु नमानेका कारण धेरैलाई मारियो । तर धेरै जसो समयमा जब मूर्तिपुजकहरुले परमेश्वरका विश्वासीहरुलाई नास गर्न खोजे, उनीहरुको सामना परमेश्वर स्वयम्ले गर्नुभयो र यसरी अरु शासकहरुले गवाही देख्न सके र ती शासकहरुले बन्दी हिब्रूहरुप्रति परमेश्वरको शक्तिशाली संरक्षणलाई मानिलिए ।

जो इस्रायलीहरु आफ्ना देशामा फर्कन सफल भए उनीहरुले कुँदिएका मुर्ति पुज्न छोडिदिए । बाहिरी आक्रमणहरुमा उनीहरुले निश्चयता मानिलिए र आफ्नो समृद्धि र सफलताको आशा परमेश्वरका नियमहरु मान्दा मात्र पाइन्छ भन्ने कुरामा उनीहरु निच्चिन्त थिए । तर धेरैका निम्ति यो प्रेमपूर्वकको आज्ञाकारिता थिएन । उनीहरुको साथ स्वार्थ थियो । आफ्नो शब्दलाई बलियो पार्न सकिन्छ भनी उनीहरुले परमेश्वरको सेवा गरे । संसारका निम्ति ज्योती हुनुभन्दा, उनीहरुले आफैलाई सबैबाट टाडा राखे, परमेश्वरले मोशाद्वारा दिनुभएको शिक्षालाई लिएर मानिसहरुको बीचमा एउटा ठूलो पर्खाल नै खडा गरे । सबै जाति र यहुदीहरुले जेरुसेलमलाई स्वर्ग माने । उनीहरुले परमेश्वरले अरु बाहिरी राष्ट्रलाई मन पराउनुहोस् भन्ने कहिल्यै चाहेनन् ।

## मन्दिरको सेवा कार्य कसरी बदलियो

बेबिलोनमा बन्दी बनाइएका यहुदीहरु धर्मिक शिक्षाप्रति सहज भए । देशभर सा-साना गिर्जाघरहरु बनाइए र पुजारीहरुले परमेश्वरको नियमको पालना गर्न सिकाए । विज्ञान, कला, धर्म सिकाउन विभिन्न स्कुलहरु खोलिए । तर छिट्टै यी स्कुलहरु भ्रष्ट भए । बन्दी अवस्थामा सिकेका अपरिचित विचारहरु, चालचलनलाई त्यहाँ उनीहरुको धार्मिक सेवामा प्रयोगमा ल्याउन सुरु गरियो ।

जब यहुदीहरु परमेश्वरबाट अझ टाडा भए, परमेश्वरको पवित्र स्थानमा गरिने विविध कार्यहरुबाट पनि उनीहरु टाडा भए । येशू स्वयम्ले त्यो सेवा सुरुगर्नुभएको थियो र त्यसका प्रत्येक वस्तुहरुले येशूको प्रतिनिधित्व गर्दथ्यो । तर यहुदीहरुले विधि मात्र पूरा गरे । बलिदान दिने परमेश्वरतिर हेर्नुभन्दा बलिदान दिएका वस्तुहरुतिर उनीहरुले बढी ध्यान दिए ।

हराएका विधिलाई परिपूर्ति गर्न धर्म गुरुहरुले आफ्नै धेरै नियमहरु सुरु गरे । उनीहरुले जति धेरै नियमहरु बनाए, त्यति नै धेरै न्यायका कुराहरु गर्न थाले । परमेश्वरको प्रेमको विषयमा थोरै मात्र कुरा हुन थाल्यो । उनीहरुले आफैलाई पवित्र मान्न थाले तर उनीहरुको मनमा भने देखावटी घमण्डले भरिएको थियो ।

उनीहरुका धेरै सानातिना नियमहरुको कारण परमेश्वरको नियम मान्न असम्भव थियो । जसले मनैदेखि परमेश्वरका नियम र रब्बीहरुको

नियमहरुलाई विश्वासपूर्वक पालना गर्ने निधो गरे उनीहरुले स्वतन्त्रताको अनुभव गर्न सकेनन् ।

यसै गरेर सैतानले मानिसलाई हतोत्साह बनायो, परमेश्वरका विषयमा बुझ्ने शक्तिलाई क्षीण गरायो र इस्रायलको धर्मलाई घृणायुक्त बनायो । सैतानले परमेश्वरको नियमहरु अन्यायी छन् र मान्न नसकिने प्रकारका छन् भनी स्वर्गमा उठाएको थियो र तिनलाई प्रमाणित गर्ने आशा राख्यो ।

## उनीहरुले गलत मसीहरुको बाटो हेरे

यी सबै कुरा हुँदाहुँदै पनि यहुदीहरुले प्रतिज्ञा गरिएको मसीहको बाटो हेरे । तर उहाँका कमलाई उनीहरुले अर्को अर्थ लगाए । उनीहरु पापबाट बाच्ने होइन तर रोमनबाट छुट्कारा पाउन चाहे । उनीहरुले यस्तो मसीहको बाटो हेरे, जसले उनीहरुलाई घृणा गरेको रोमी सम्राज्यबाट छुटाउनेछ र उनीहरुको देशले संसारलाई राज्य गर्नेछ । जब मुक्तिदाता आउनुभयो उनीहरु उहाँलाई स्वीकार गर्न तयार थिएनन् ।

येशूको जन्मताका त्यो देशका मानिसहरु रोमी शासनविरुद्ध कुरा गर्थे । यहुदी धर्मप्रति घृणा गरिन्थ्यो अनि त्यहाँका राजनीतिक समूदायहरु नराम्रो स्थितीमा थिए । यहुदीहरुको आफ्नै सरकार थियो तर सबैको इन्चार्जचाहिँ खटाउने काम रोमी शासकहरुले नै गर्थे । त्यो स्थान परिपूति हुने बेलामा धेरै घुसखोरी हुन्थ्यो, झुटा व्यवहार रचिन्थ्यो र धेरै समय त्यहाँ हत्या पनि हुन्थ्यो । पुजारीहरु स्वयम् भ्रष्ट थिए, तर पनि उनीहरुसँग ठूलो शक्ति हुन्थ्यो र त्यो शक्तिलाई उनीहरुले स्वार्थ पूर्तिमा लगाए ।

मानिसहरुले चाहिँ कष्ट भोगिरहेका थिए । पुजारीका महङ्गा मागहरु र साथमा रोमनको ठुलो करको भार उनीहरुमाथि थियो । केहि चिनिएका विद्रोहीहरुले त्यसको विरोध गर्ने गर्थे । लोभ र कानुन मान्ने मानिसहरुको आत्मिक शक्ति कम हुदै गयो र यसले देशको मुटु नै खाइसकेको थियो ।

एकातिर मानिसहरु आफ्नो अँध्यारो कष्टमा र अर्कातिर शासकहरु आफ्नो बदला लिने र शक्ति बनाई राख्ने चाहनामा मसीहको आगमनलाई पर्खि रहेका थिए । दुवैले मसीह आउनुहुन्छ र इस्रायल राज्यको पूनस्थापना गर्नुहुन्छ भनेर पर्खेका थिए । तिनीहरुले भविष्यका लेखहरु पढेका थिए तर पढिरहेका कुरालाई उनीहरुले बुझ्न सकेका थिएनन् । यसकारण पुरानो नियममा येशूको पहिलो विन्रम आगमनको कुरालाई उनीहरुले हेरेनन् र उनीहरुले प्रभुको महिमामय शक्तिशाली दोस्रो आगमनको भनाइ पनि ठीक प्रकार प्रस्तुत गरेनन् । घमण्डले उनीहरुको आँखा धमिला भएका थिए । भविष्यवाणीलाई उनीहरुले आफ्ना स्वार्थी कुराहरु पूरा गर्न आफ्नै अनुकूलमा व्याख्या गरे ।

# ३ ठीक समय

*तर समयको पूर्णतामा परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो । उहाँ एउँटी स्त्रीबाट व्यवस्थमको अधिनमा जन्मनुभयो । (गलाती ४:४)*

आउनेवाला मुक्तिदाताको विषयमा इदनको बगैँचामा पहिलो प्रतिज्ञा गरिएको थियो । आदम र हब्बाले त्यो प्रतिज्ञा सुने र छिटैँ पूरा हुन्छ भनि बाटो हेरिरहेँ । उनीहरुको पहिलो छोरो जन्मँदा उही नै मुक्तिदाता हो कि भनि खुसी मनाए ।

आदम, हब्बा उनीहरुका छोराछोरी र तिनीहरुका पनि छोराछोरीहरुले पनि मसिहलाई नदेखिकन मरे । हनोक, अब्राहक, इसाहक र युशुफबाट त्यो प्रतिज्ञा पास हुदैं गयो, तर पर्खाइ भने बाकिँ नै रहयो । दानियलले खीष्टको पहिलो आगमनको दर्शन पाएँ । सबैले त्यसलाई बुझ्एँ । शताब्दी बित्दै गयो तर पनि मुक्तिदाता न आएको देख्ता सबैले प्रतिज्ञा पूरा नहुने हो कि भनि सोच्न थाले ।

जसरी भूमण्डलमा निरन्तर हिँडिरहने तर नक्षत्रजस्तै परमेश्वरका योजनाहरु न त ढिलो हुन्छन, न त छिटो नै हुन्छन् र जब समयको सुई ठीक ठाउँमा पुग्छ त्यो पूर्ण हुन्छ । त्यरीगरी नै जब घडीको सुईले तोकिएको विन्दुलाई छोयो त्यसै समय येशूको जन्म बेथलेहेम शहरमा भयो ।

त्यो समय ठीक समय थियो । परमेश्वरले जाति-जाति र पृथ्वीको परिपक्क समय निधारर्ण गर्नुभएको थियो ।

धेरै देशहरुको एउटै सरकार, मुक्तिदातालाई लिन तयार भएर बसेका थिए र यही एउटै भाषा चारैतिर बोलिन्थ्यो ।

संसारभरबाट यहूदीहरु बर्सेनि वार्षिक चाडका निम्ति यरुशलेममा आउने गर्दथे । आ-आफ्ना घर फर्कंदा उनीहरुले मसीहको समाचार चारैतिर फैलाउन सक्थेँ । त्यही समयमा धेरैले अन्यजातिहरुको विश्वासका कारण आफ्ना सुरुका विश्वासलाई गुमाउँदै गइरहेका थिएँ । कथा र बुझ्न कठिन कहानीहरुका कारण विरक्तिएका मानिसहरुले मनलाई शान्ति दिने प्रकारका धर्म खोजी गर्न थाले । परमेश्वरको सच्चाइ धमिलिई रहेका समयमा उनीहरु प्रकाशको खोजीमा थिए । उनीहरु साचो परमेश्वरको खोजीमा थिए ।

## धेरैले मसीहको आशा गरेका थिए

जब यहुदीहरुले परमेश्वरलाई पछ्याउन छोडे तब जुन प्रकाश चारैतिर फैल्नुपर्ने थियो त्यो एउटा दियो झै बनेर सिमित रहन पुग्यो । थोरैले

मात्र भविष्यको जीवनको आशा र विश्वासलाई जोगाउन सके । धेरैको लागि जीवन, मृत्यु, अनिश्चितता र अँध्यारो कुरा थियो । कसैले उनीहरुलाई यस विषयमा बताऊन् र आशा दिऊन् भन्ने उनीहरु चाहन्थे ।

यहुदीभन्दा बाहिरी देशमा कसैले मसीह आउने भविष्यवाणी गरेर सच्चाइको खाजी गरे । उनीहरुले बुझ्न सक्ने सच्चाई परमेश्वरले दिनुभयो । ती गुरुहरु आकाशबाट ताराहरु जस्तै उठे र उनीहरुका वचन संसारका र अन्य जातिका निम्ति आशा सहित चम्किए र अन्य जातिका हजारौंलाई वचनले आशा दिए ।

सयौं वर्ष पछि पुरानो नियमको वचन ग्रीक भाषामा उपल्बध गराइयो । रोमी साम्राजभर रोमी भाषा बोलिन्थ्यो, परमेश्वरको वचनद्वारा सबै परिचित भए । मसीहको आगमनको बारेमा धेरै अन्य जातिहरुले पनि बुझे र एक आपसमा यो सच्चाई बाँडे ।

केहि अन्य जातिहरुले यहुदी धर्मगुरु भन्दा राम्रोसँग वचनका भविष्यवाणी बुझ्न सके । धेरैले चाहिँ परमेश्वरको जनका चालचलन र व्यवहारबाट बुझ्न कोसिस गरे । तर आफ्ना भनाउदाका भेदभावका कारणले यहुदीहरुले बाहिरी मानिसहरुसँग केही सम्बन्ध राखेनन् । यहुदीहरुले अन्य मानिसबाट आफूलाई छुट्टै पर्खाल भित्र राखे । यसका निम्ति एउटा नयाँ शिक्षक एकै साँच्चो शिक्षक आएपछि मात्र यी सब कुरालाई व्याख्या गर्न सक्नुहुन्थ्यो ।

परमेश्वरले सनातनदेखि संसारमा विभिन्न माध्यमद्वारा बोलिरहनु भएको छ । यी कुराहरु प्रकृति र विभिन्न चिन्हहरु अथवा भविष्यवक्ताद्वारा पूरा भएको छ । प्रकृति र अगुवाद्वारा उहाँ बोल्नुभयो । अब अझ प्रस्टसँग बोल्ने समय आएको छ । येशू संसारमा आउनु नै पर्ने थियो, त्यसपछि उहाँको वचन र उहाँको जीवनद्वारा परमेश्वर र उहाँको मुक्तिको उपायलाई देखाउन सक्नुहुन्थ्यो ।

यहुदीकालमा असल विश्वासीहरु थिए । पवित्र वचनका कुराहरुद्वारा उनीहरुले एक परमेश्वरद्वारा नियुक्त जन र एक शक्तिशाली राजकुमार आउनुहुनेछ जसले उहाँका जनहरुका उद्धार गर्नुहुर्नेछ भनेर बुझेका थिए । उनीहरुको राष्ट्रपिता याकुबले उनीहरुलाई छुटकारा दिन आउनुहुनेछ र उनीहरुको राष्ट्रको शक्ति रोमीहरुको फलामे शासनका अगाडि हारिसकेको समयमा मसीह आउनुपर्ने हो भनि सोचेका थिए । थोरैले मात्र येशूको साचो कार्यको उद्देश्यका विषयमा बुझेका थिए । अन्य धेरैले चाहिँ एउटा शक्तिशाली योद्धा आएर इस्रायललाई स्वतन्त्र गराएर विश्वको एउटा शक्तिशाली राज्य बनाउनुहुन्छ भनेर सोचेका थिए ।

# विजयको नजिक पुगेको सैतान

ठीक समयको विषयमा उनीहरुको सोच उचित थियो । समय आइसकेको थियो । युगौंदेखि स्वर्ग र पृथ्वीलाई अलग पार्न सैतानले विभिन्न काम गरिरहेको थियो । उसका छलहरुले मानव जातिलाई पाप गर्न लगायो । परमेश्वरको धैर्यको जाँच गर्न खोजिँयो, मानव प्रति परमेश्वरको प्रेम नाश गर्न प्रयत्न गरियो । परमेश्वरले संसारलाई सधैंको निम्ति त्यागी दिऊन, मानिसलाई छोडिदिउन भन्ने उसको चाहना थियो । परमेश्वरको बिषयमा सच्चाइ म बुझ्न सक्छु भनी त्यसले काम गरिरह्यो । यति सम्म आइपुग्दा, संसारलाई उसकै पूरै नियन्त्रणमा राख्न पनि सफल भएको भनि महशुस गऱ्यो । सबै कालमा परमेश्वरका केहि विश्वासीहरु रहने गर्दछन् । अन्य जातिहरुमा पनि जनहरु थिए जसद्वारा येशूले उनीहरुको दृष्ट र दुःखपूर्ण जीवनलाई माथि उठाउनुभयो तर तिनीहरुलाई खेदो र घृणा गरियो । उनीहरु निकै दुःखसित मारिए । सैतानले फैलाएको कालो छायाँ सारा संसारभर फैलिदै गयो र अन्धकार झै छायो ।

संसारका धेरै जङ्गली धर्महरुद्वारा सैतानले मानिसहरुलाई परमेश्वरबाट टाढा पुऱ्यायो । यसको सबैभन्दा ठूलो विजयचाहिँ इस्रायलमा परमेश्वरको धर्म मान्नबाट रोक्नु थियो । उनीहरु आफनै हातले बनाएका वस्तुहरुलाई पुज्नाले अन्य जातिहरु परमेश्वरका ज्ञानबाट टाडा पुगिसकेका थिए । देखेका कुरा इस्रायलीहरुमा पनि यस्तै भयो । मानिसहरुले आफ्नै कार्यद्वारा आफूलाई बचाउन वा उद्धार गर्न सक्छन् भन्ने कुरा सबै अन्य धर्महरुमा पाईन्छ । सैतानको परिश्रमले गर्दा यहुदी विश्वासको केन्द्रविन्दु पनि यही भयो ।

आफ्नो धर्मलाई अरुको धर्मबाट अलग राख्ने प्रयासमा परमेश्वरको महिमालाई सिमित राखेर संसारलाई बचाउन परमेश्वरमा उनीहरु पुर्ण रुपले समर्पण भएनन् । बरु यसलाई नाश गर्न सैतानको कार्य गर्न थाले । उनीहरु परमेश्वरलाई मानिसले नबुझून् भन्ने प्रयासमा लागि परमेश्वरलाई निष्ठुरीको रुपमा प्रस्तुत गरे । मन्दिरमा आराधना गर्ने परमेश्वरका पुजारीहरुले पनि परमेश्वरको आराधनामा केही महत्त्व भेट्टाएनन् । मञ्चमा काम गर्ने कलाकारले जस्तै उनीहरुले आफ्ना काम मात्र पूरा गरे । आराधना सर्मर्पित मानिसलाई परमेश्वरतर्फ लैजानुको सट्टा उनीहरुको मन कठोर बनाई उनीहरुको मस्तिकका ढोका थुने । यस्ता विधिहरु र चलनद्वारा परमेश्वर मानिसहरुसम्म पुग्न सक्नुभएन ।

# येशू आउनुहुन्छ

परमेश्वरको पुत्रले पापको कारणले गर्दा आएको दुःख र कष्ट देख्नुभयो । कसरी मानिसको सैतानिक कुरर्ता, भ्रष्टता, हत्या र पापमा मानिस पिडित भइरहेको छ, त्यो देख्नुभयो । छल गरिएका र दुविधामा परेका उनीहरु एकनाश आशारहितको अनन्तको नाशतिर बढिरहेका थिए । जीवन रहितको मृत्यु बिहानको आशारहित थियो । परमेश्वरको वासस्थान हुनुपर्ने मानव शरीर सैतानका घर भएका थिए । अचम्मको दैवीशक्ति कलाद्वारा मानिसको सोच र विचारहरु दुषित पारिएका थिए जसले गर्दा मानिसहरु तल्लो स्तरको कुरा र कार्य गर्न थाले । मानिसको अनुहारबाट दुष्टको आँखा देखिन थाल्यो । जब परमेश्वरले तल आफ्ना छोराछोरीहरुलाई हेर्नुभयो, उनीहरुलाई यस्तो अवस्थामा देख्नुभयो । कस्तो हृदयविदारक दृश्य । पाप विज्ञान भएको र दुष्टता चाहिँ उनीहरुको धर्मको एकअंश भएको थियो । परमेश्वर बिना मानबजातिमा कुनै आशा थिएन । अरु संसारले परमेश्वरले अगाडि बढ्ेर संसारलाई चोखो बनाउनुहुन्छ कि दुष्ट मानिसहरुलाई नाश गर्नुहुन्छ कि भनेर हेर्न थाले । सैतानले पनि त्यही हेर्न थाल्यो । स्वर्गपटि आशा राख्नेलाई जित्ने उसको योजाना थियो । उसले परमेश्वरको राज्यमा क्षमादान असम्भव छ भनेर भनेको थियो । यदि मानवजातिको नाश गरिएको भए सैतान विजय भएन भन्ने थियो र त्यही नै प्रमाण थियो, परमेश्वरसँग विद्रोह गर्ने ऊ ठीक थियो । तर परमेश्वरले संसारलाई नाश गर्नुभन्दा आफ्नो छोरा बलिदानको निम्ति पठाउनुभयो । सैतानले चाहिँ जित्नै लागेको समयमा परमेश्वरले दया र प्रेम देखाउन येशू त्यहाँ आउनुभयो ।

जब ठीक समय पूरा भयो परमेश्वरले निको पार्ने दयाको खोलो बहाउनुभयो, जुन मुक्तिको योजना पूर्ण नहुन्जेलसम्म लगातार बहिरहनेछ ।

हामीलाई नियन्त्रण गर्ने दुष्टताबाट हामीलाई स्वतन्त्र गराउन येशू आउनुभयो । हामीलाई जमीनबाट उठाउन र उहाँको चरित्र बनाउन उहाँको महिमामा हामीलाई सुन्दर बनाउन उहाँ आउनुभयो ।

# ४ मुक्तिदाता जन्मनुभयो

*म तिमीलाई बढो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसको निम्ति हुनेछ । लूका २:१०*

सारा ब्रह्माण्ड राजाले मानिस हुनका निम्ति आफ्नो सबै शक्ति र अहिँसा छोड्नुभयो । काठ र ढुङ्गाको घरमा बस्न, धुलो बाटोमा हिँड्न उहाँले स्वर्गको महिमा छोड्नुभयो । उहाँको अनन्तको गौरव उहाँभित्र छुटेको थियो त्यहीँ त्यसलाई देखेर मात्र कोही उहाँको पछि नलागुन । उहाँ राम्रो देखिन अनि विख्यात हुन चाहनुहुनुहुन्थेन् । उहाँ सच्चाइको कुरा मात्र बताउन चाहनुहुन्थ्यो । स्वर्गीय सच्चाइ मानिसको चाहना लिन खोज्नुहुन्थ्यो । त्यो समय मानवजातिलाई बचाउने परमेश्वरको यस्तो योजना हेरेर स्वर्गदूतहरुले अचम्म माने ।

धर्मशास्त्रका वचनहरु पालना गरेर उहाँलाई चिनुन र अपनाउन भनि उहाँ चाहनुहुन्थ्यो । परमेश्वरलाई मान्ने मानिसले आफ्नै स्वरुपमा आउनुभएका परमेश्वरलाई कसरी अपनाउँने होला भनि सोचे । धेरै स्वर्गदूतहरु परमेश्वरलाई चिनेका मानिसहरुको ठाउँमा गए । धर्मगुरुले नदेख्ने गरेर मन्दिरको आराधना र मन्दिरमा आराधना गर्ने पुजारीहरुलाई उनीहरुले हेरे ।

पुजारीको काम गरिरहेका जकरियाकहाँ एक स्वर्गदूत आएर आउनेवालाको विषयमा बताइरहेमा थिए । स्वर्गदूतले भने झै जकरियाको छोरा जन्मिएको थियो अनि त्यो बच्चा विशेष हुन्छ र परमेश्वरको बाटो तयार पार्ने काम उसले गर्नेछ र मसीहलाई भेट्नेछ भनेर भनेका थिए । तर पनि पुजारीहरुले र जेरुसेलमका मानिसहरु मसीहलाई स्वागत गर्न तयार थिएनन् ।

स्वर्गदूतहरुले यस कुरालाई विश्वास गर्न सकेनन् । परमेश्वरले संसारलाई सुसमाचार बताउन छान्नुभएको जातिले नै कसरी बेवास्ता गर्न सक्थे । प्रभु येशू अब्राहमका सन्तान, राजा दाउदको घरानाबाट जन्मनुहुन्छ भनेर यहूदी जातिले संसारलाई गवाही दिनुपर्ने थियो । येशूको जन्म हुनै लागेको थियो तर परमेश्वरका जनले बुझेनन् ।

मन्दिरमा बिहान र बेलुका बलिदानको काम भइरहेको थियो । यी बलिदानले आउनेवाला परमेश्वरको थुमालाई प्रतिनिधित्व गर्थे । जसले उनीहरुलाई बचाउनुहुन्थ्यो । तर मन्दिरका कोही पुजारी पनि उहाँलाई स्वीकार गर्न तयार थिएनन् ।

कुनै पनि पुजारी र शिक्षकले संसारको इतिहासको यस्ता अचम्मको घडी आइरहेको छ भन्ने कुरा बुझेनन् । उनीहरु विना मतलबका प्रार्थना दोहोचायउँथ्ये र मानिसलाई प्रभाव पार्ने आराधना गर्दथे ।

उनीहरु पूर्ण रुपले धन र इज्जतका भोका भएका कारण प्रतिज्ञा गरिएको मसीह येशू आउने कुरामा तयार थिएनन् ।

सबै राज्यमा मानिसहरु आफूले चाहेको कुरा प्राप्त गर्ने ध्यानमा थिए । स्वर्गको खुसीले उनीहरुको हृदय छुन सकेन । थोरै व्यक्तिहरु मात्र प्रभु आउने आशामा पर्खिबसे । यिनै व्यक्तिहरुकहाँ परमेश्वरले विशेष समाचारसहित स्वर्गदूत पठाउनुभयो ।

केही स्वर्गदूतहरुले मरियम र युशुफसँग भेटी उनीहरुको घर नाजरथदेखि बेथलेहेमसम्म यात्रा गरे । रोमी शासकले उनीहरुका पुर्खाको सहर आउन सबैलाई आदेश दिएका थिए । यसरी रोमी शासकले परिवारको गन्ती गर्थे र कर लिने गर्दथे ।

परमेश्वरसँग योजना थियो । उहाँले सिजर अगष्टलाई प्रयोग गनुभयो र ठीक समयमा मरियम र युशुफ बेथलेहम आउन सके । मरियम पनि दाउद वंशको भएको कारण उनलाई धेरै वर्ष पहिले मीका भन्ने भविष्यवर्ताले येशू बेथलेहेममा जन्मनुहुन्छ भनेर भविष्यवाणी गरेका थिए । अब रोमी आशाको कारण यस्तै हुने भयो ।

शाही खानदानको सहरको भीडमा मरियम र युशुफ हराए । कसैले उनीहरुलाई वास्ता गरेनन्, थाहा गरेनन् । घरविहीन थाकेका यी दम्पत्ति वासको खोजीमा सहरको एक छेउदेखि अर्को छेउसम्म घुमीरहे । भीडले भरिएका होटलहरुमा उनीहरुका लागि कुनै स्थान थिएन् । अन्तमा जनावरको गोठमा उनीहरुले रात बिताउने स्थान पाए र त्यही संसारका मुक्तिदाताले जन्म लिनुभयो ।

मानिसले यो सब बुझ्न सकेनन् तर सात स्वर्गले यो सुसमाचारमाले खुसी मनाए । बेथलेहमका वरिपरी स्वर्गदूतहरु घुमीहरे र संसारलाई यो खुसीको समाचार दिने संकेत पर्खिरहे । यदि संसारका अगुवाहरुले प्रभुको जन्मलाई मसीहको आगमनलाई पर्खेका भए उनीहरु पनि येशूका जन्मको सुसमाचार सुनाउन सम्मिलित हुन सक्थे । तर तिनीहरुले वास्ता गरेनन् । उनीहरुका सट्टा परमेश्वरले उहाँको आगमनलाई विश्वाससाथ पर्खेर हेरिरहनेहरुलाई खोज्नुभयो ।

## गोठालाहरु मात्र तयार थिए

जुन ठाउँमा राजा दाउद आफ्नो समयमा भेडाहरु चराउने गर्थे, त्यही ठाउँमा एकहुल गोठालाहरुले आफ्ना भेडाहुका हेरचाह गरिरहेका थिए ।

धेरैबेर उनीहरुले आउनेवाला मुक्तिदाताको प्रतिज्ञाको विषयमा कुरो गरे । राजा दाउद सिंहासनको उत्तराधारी छिटै आऊन् भनी उनीहरुले प्रार्थना गरे ।

तब यो भयो, "प्रभुका एक स्वर्गदूत तिनीहरुकहाँ देखा परे र प्रभुको प्रकाश उनीहरुको वरिपरी चम्कयो । उनीहरु साह्रै डराए । तब स्वर्गदूतले तिनहिरुलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु जो सबै मानिसको निम्ति हुनेछ । आज दाउदको सहरमा तिमीहरुको निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभुहुनुहुन्छ ।" (लुका २:९-११)

यो कुरा सुनेपछि यसको मतलब के हो भनी गोठालाहरुले कल्पना गर्न थाले । अन्तमा उनीहरुको देशले दीर्घ प्रतीक्षा गरिरहेका राजा पाउनेछन् । उहाँले महिमा र शत्ति, ल्याउनुहुनेछ । उनीहरुलाई रोमीबाट स्वतन्त्र पार्नुहुनेछ ।

तर स्वर्गदूत अनुसार येशू छुटै किसिमका राजा हुनुहुन्थ्यो । उहाँलाई कहाँ भेट्ने भन्ने प्रश्नको जवाफ बताउँदै स्वर्गदूत अगाडि भन्न थाले । "तिमीहरुलाई चिह्नचाहिँ यो हुन्छ: तिमीहरुले एउटा बालकलाई लुगाले बेरिएको र डुँडमा सुताइरहेको भेट्नेछौँ ।"

महान दयाका साथ येशूलाई कहाँ फेला पार्ने हो भन्ने विषयमा स्वर्गदूतले बताइदिए । उनले खुसी मनाउने समय दिएका थिएनन् । तर स्वर्गदूतहरुले आफ्ना खुसीलाई लुकाई राख्न सकेनन् । स्वर्गदूतको महिमाले आकाश भरियो । डाँडा, पाखा, पर्वत, मैदान टाडासम्म त्यो चम्कयो । पृथ्वी सुनसान थियो, स्वर्गदूतको बडाई गीत सुन्न स्वर्ग झुक्यो, सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरुसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरुलाई शान्ति ।" लुका २:१४ । उनीहरुको संगीतमय समाचार र उनीहरुको गीत संसारभरी फैलियो र अनन्तकालसँग त्यो रहनेछ ।

त्यसपछि स्वर्गदूत अलप भए र प्रकाश पनि हरायो । त्यसपछि फेरी एकपटक (बेथलेहमको) डाँडामा अन्धकारको छायाँ देखियो तर आफूले जे सुनेका र देखेका थिए त्यो कुरा गोठालाहरुले विर्सन सकेनन् । कुनै पनि मानिसले यस्तो महत्वपूर्ण दृश्य कहिल्यै देखेको थिएन ।

गोठालाहरुले एकआपसमा भन्न थाले, "हामी जाऔँ र परमेश्वरले भन्नुभएको यस्तो अचम्मको कुरा हेरौँ ।" उनीहरु शहरतिर दौडिँए र अन्तयमा स्वर्गदूतले भने अनुसार मरियम, युशुफ र येशूलाई भेट्टाए । जब उनीहरुले स्वर्गदूतलाई भेटेका र बालक येशूका विषयमा सबैकुरा बताए ।

जब गोठालाहरुले स्वर्गदूतका महिमाका गीत सुने, त्यसबेला स्वर्ग र पृथ्वी र भए जस्तो उनीहरुलाई लाग्यो । समयमा समयमा परमेश्वरले आफ्ना स्वर्गदूतलाई खेतमा काम गरिरहेका किसानहरुसँग कुरा गर्न पठाउनुहुन्थ्यो ।

आज पनि उहाँ त्यत्ति नै नजिक हुनुहुन्छ । हामीले काम गर्दा उहाँको इच्छा अनुसार चल्दा स्वर्गदूतहरु हाम्रा हरेक पाइलासँग रहनछन् ।

बेथलेहमा घटेको त्यो कथा कहिल्यै पुरानो हुनेछैन् । त्यस्तो प्रेमीलाई कसरी नाप्ने ? हाम्रो मुक्तिका निम्ति संसारमा आउनुका निम्ति उहाँले स्वर्गको सिंहासन र स्वर्गदूत सबै दिनुभयो । बदलामा जनावरहरुले भरिएको गोठमा जन्म लिनुभयो । उहाँको बलिदानको यो सानो अंश थियो ।

परमेश्वरको पुत्रलाई पापको प्रवेशको पहिलाको आदम र हब्बा जस्तो विशुद्ध हुनलाई हामीले सोचभन्दा अझ बढी बलिदानको आवश्यकता त्यहाँ थियो तर जे येशूले गर्नुभयो, त्यो अझ अचम्मको थियो । वर्षौंको पापले कमजोर सन्तान जस्तै मानव कमजोरीमा उहाँ रहनुपर्ने थियो । तर उहाँ हाम्रा दुःख र समस्यामा पापरहिँत पूर्ण जीवनको उदाहरण दिन यहाँ आउनुभयो ।

सैतानले उसलाई स्वर्गबाट बाहिर फालिन अघि पनि येशूलाई घृणा गर्दथ्यो । येशूले नाश हुन लागेको मानिसलाई बचाउनुहुन्छ भन्ने कुराले गर्दा अझ बढी उहाँलाई घृणा गऱ्यो । सैतानले आफ्नो भनि अधिकार गरेको संसारमा परमेश्वरले आफ्नो पुत्रलाई एउटा असहाय सानो बच्चाको रुपमा पठाउनुभयो, मानिसले भोग्ने हरेक दुःख र कष्टहरु उहाँले सहनुभयो । उहाँले पुत्रलाई हरेक मानिसले लड्ने लडाइँ लड्न पठाउनुभयो । अनन्तको जीवन नाश हुने खतरा पनि त्यहाँ थियो ।

हरेक बाबुले आफ्ना सन्तानको फिक्रि गर्दछन् । उनीहरुका अनुहारमा हेरेर जीवनको खतराप्रति सचेत बनी उनीहरु डराउँछन् । सैतानका चालबाट बचुन भनेर बाबु चाहन्छन् । तर परमेश्वरले आफ्नो पुत्रलाई यस्तो खतरापूर्ण संसारमा पठाउँनुभयो, अझ ठूलो खतरा मोल भन्नुभयो, जसले गर्दा बच्चाहरु सधैँभरि सुरक्षित रहने छैनन् ।

महान प्रेमको कारण मात्र परमेश्वरले यो सब गर्न सक्नुहुन्थ्यो, हाम्रो समझ भन्दा बाहिरको प्रेम, स्वर्गदूतहरु पनि चकित हुने परमेश्वरको प्रेम !

# ५ समपर्ण

*किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरा दिइएको छ । (यशैया ९:७)*

येशूको जन्म भएको ४० दिनपश्चात येशूका आमाबुबाले उहाँलाई जेरुसेलमा लगे । उनी यहूदीहरुका चलनअनुसार पहिलो छोरालाई पवित्र मन्दिरमा लगेर परमेश्वर सामु समपर्ण गरिन्छ र बलिदान चढाइन्छ । बच्चादेखि येशू नियम अनुसार चल्नुभयो ।

पहिलो बच्चा जन्माएकी आमाका निम्ति दुईवटा बलिदान दिनुपर्थ्यो: एउटा, एक वर्षे पाठो दोषबलिका निम्ति र त्यसपछि एउटा परेवा पापबलिको निम्ति चाहिँन्थ्यो । यदि आमाबुबा गरिब भएमा दुई परेवा र दुई ढुकुर बलि दिए पनि हुन्थ्यो ।

बलिदान दिएका प्रत्यक जनावर पूर्ण हुनुपर्दथ्यो, खोट वा चोट लागेको चल्दैन्थ्यो । यो सबै बलिदानले आउनेवाला मसीहको बारेमा बताउँथ्यो । येशू पनि स्वस्थ्य र शुद्ध हुनुहुन्थ्यो । शरीरमा कुनै पनि खोट वा दाग थिएन । सारा जीन्दगी उहाँ शुद्ध प्रकृतिको नियममा रहनुभयो । शारीरिक र आत्मिक रुपमा मानिसलाई राम्रो हिसाबसँग बाँच्न सिकाउने उहाँ परमेश्वर तर्फको एक असल उदाहरण हुनुहुन्थ्यो ।

हिब्रू परिवारमा सुरुदेखि नै परमेश्वरको प्रतिज्ञाअनुसार पहिलो छोराले संसारको पापीलाई बचाउने भएकोले उसलाई परमेश्वरको कामको लागि समर्पित गरिन्थ्यो । यसै कारणले गर्दा पहिलो छोराको प्रस्तुतिलाई एकदम महत्त्व दिइन्थ्यो । सानो बालक येशूलाई मन्दिरमा चढाउनु कति अच्चमको कुरा थियो । मन्दिरका पुजारीले बालक येशूलाई काखमा लिँदा यो बच्चा कस्तो हो भनेर बुझ्न नसक्नु कस्तो दु:खको कुरा थियो । दिनदिनै समपर्णका लागि आउने बच्चा र आमालाई उनले थोरै मात्र ध्यान दिने गर्दथे, कोही धनी मानिस आयो भने बढ्ता ध्यान दिन्थे । उनीहरुको पहिरणले र बलिले  उनीहरुक कस्ता छन् भन्ने प्रस्ट पार्थ्यो ।

पुजारीले आफ्नो नियम पूरा गर्दै गए । उनले बालकलाई हातमा लिएर पूजास्थानमा उचाले । उनले आमालाई हातमा दिएको पहिलो बच्चाको नाम सूचीमा उहाँको नाम येशू लेखे । बच्चालाई हातमा लिएको बखत पुजारीले येशू स्वर्गको पराक्रमी हुनुहुन्छ, महिमाको राजा हुनुहुन्छ र हिब्रूहरुले गर्ने हरेक विधि उहाँमा पूरा भएका छन् भने सोच्न सकेनन् । उनको हातमा निदाइरहेको बच्चा प्रतीक्षा गरिएको व्यक्ति हुनुहुन्थ्यो । मोशाको अगाडि “म

हुँ" भन्ने उहाँ नै हुनुहुन्थ्यो । इस्रायलीहरुलाई मरुभूमीमा अगुवाइ गर्ने बादल र आगोको खम्बा हुनुहुन्थ्यो ।

सबै संसारको चाहना, दाउदको सन्तान र बिहानीको तारा भनेर भविष्यवक्ताहरुले बोलेको उहाँ नै हुनुहुन्थ्यो । पतन भएकाले मानव जातिको आशा उहाँ हुनुहुन्थ्यो । यी साधारण मन्दिरको समपर्णपछि येशूले आफ्ना निम्ति दिइएको काम गर्नसक्नुहुन्थ्यो । पुजारीले येशूलाई राम्ररी चिन्न सकेनन् तर संसारलाई परमेश्वरले दिनुभएको कुरा संसारले चिन्यो । कसैले त्यहाँ उहाँ नै हुनुहुन्छ भनी चिन्यो ।

## सिमोनले मसीहलाई चिन्दछन्

त्यसै समय एकजना सिमोन नाम गरेका भएका भक्त मन्दिरमा पसे । उनी बूढा भइसकेका थिए तर पवित्रशास्त्र अनुसार उनले मुक्तिदातालाई नदेखेसम्म मर्ने छैनन् । जब एउटा गरिब परिवारले आफ्ना जेठा छोरा मन्दिरमा समपर्ण गर्न लगेको उनले देखे, उनलाई पवित्र आत्माले बताएदिनुभयो । पुजारी आश्चर्य भए, उनले त्यस बच्चालाई उनको आमाबाट लिएर माथि उचाले । कहिल्यै कसैले अनुभव नगरेको खुसीमा उनले यसरी भन्न थाले "अब हे परमप्रभु, आफ्नो बचत अनुसार तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस् किनकि मेरा आँखाले तपाईंको उद्धार देखेका छन् जो तपाईंले सबै मानिसको सामुन्ने तयार पार्नुभएको छ । अन्य जातिहरुलाई प्रकाशका निम्ति ज्योति र तपाईंको ज्योति इस्रायललाई महिमाका निम्ति ज्योति ।" हेर यो बालक इस्रायलमा धेरैको वचन र उत्थानका निम्ति र धेरैबाट विरोधमा बोलिने एउटा चिन्हका निम्ति नियुक्त गरिएको छ ताकि धेरैका हृदयमा विचारहरु प्रकट होऊन् । (लूका २:३४,३५)

सिमोनले के भनेका होलान भनेर छक्क परेर हेरेर बसेका आमाबुबालाई उनले फर्केर । उनले मरियमलाई भने त्यसै समय हन्ना नाम गरेकी अर्की भविष्यवादिनी पनि त्यहाँ आइपुगिन् । उनले सिमोनको कुरालाई सर्मथन गरिन । जब सिमोन बोले, तिनको अनुहार स्वर्गको महिमाले उज्यालो भयो । परमेश्वरले तिनलाई दया गरेर यो दिन हेर्न दिनुभएकोमा, मसीहलाई भेट्न पाएकोमा धन्यवाद दिइन् ।

यी दुई विनम्र भविष्यवक्ताहरुले परमेश्वरको विषयमा पढेका थिए र ईश्वरलाई मान्दथे । तिनै भविष्यवक्तको विषयमा पढ्ने पुजारी र रोमी शासकहरुले भने परमेश्वरलाई पूर्ण रुपले पछ्याएका थिएनन्, आफ्नै अगाडि घटेको अद्भुत कुरा हेर्नलाई उनीहरुको आँखा बन्द गरे बमोजिम थियो ।

यस्तो अहिले पनि भइरहेछ । स्वर्गको केन्द्रविन्दु जस्ता संसारमा विभिन्न घट्नाहरु घट्दापनि मानिसले कुनै ध्यान दिदैनन् । धार्मिक मानिसहरु इतिहास येशूका बारेमा कुरा गर्दछन् तर उहाँले दुःखी, गरिबको सेवा गर

भन्ने उहाँको भनाइ हेलत्व गर्दछन् । आज जसरी उहाँको काम गर्न व्यक्तिहरु हिचकिच्याउछन्, आज भन्दा २००० वर्ष पहिला पनि यस्तै अवस्था थियो ।

जब मरियमले बालक येशूलाई आफ्नो हातमा लिइन् बेथलेहममा भएको समय गोठालाहरुले भनेका कुरालाई उनले सम्भिmन् । ती भनाइहरु र सिमोको भविष्यवाणी सुनेर उनको मन खुसीले भरियो । उसले भनेको वचन उनको मनमा आयो ।

"किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ र हाम्रा निम्ति एउटा छोरा दिइएको छ । शासन उहाँको काँधमा हुनेछ, उहाँ अचम्मका सल्लाहकार शक्तिशाली परमेश्वर, अनन्तमा पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ ।" (यशैया ९:७)

## मरियमले कुरा बुझिनन्

मरियमले आफ्नो छोरा ठूलो भएर इस्रायलका राजा भएको आशा गरिन् । उहाँको जीवनको कष्टका विषयमा उनले बिझिनन् । सिमोनका शब्द उहाँको दुःखका घडीका विषयमा बोलिरहेका शब्दहरु थिए । सिमोनले "जे कुरा हुन आउनेछन् तिनले तिम्रो हृदय दुःखीत बनाउनेछ भन्ने कुरालाई आमाले भोग्नुपर्ने कष्टको विषयमा परमेश्वरले तयार पार्ने कुरामा मद्दत गर्दै हुनुहुन्थ्यो । सिमोनको भविष्यवाणीमा बालकलाई गिर्ने र उठ्ने कारण" भनी भनिएको थियो । जसको मतलबचाहिँ यस्तो चिन्ह हुन जहाँ धेरैले अपनाउने छैनन् भन्ने हो । यो चिन्ह यहूदीहरुको र हाम्रो निम्ति पनि हो कि येशूलाई मनमा राख्न खोज्नुभन्दा पहिला त्यहाँबाट सबै स्वार्थी कुराहरु हटाइनुपर्दछ । धेरै यहूदीहरुले येशूका विषयमा झुट्ठा तर्कहरु गरे । धेरैले बुझेनन् र आफ्ना मुक्तिदाताको काम नदेख्नेहरु पनि धेरै थिए । सिमोनले येशूका आगमनले धेरैका विचारहरु प्रस्त पार्नेछन् भनी भने र उहाँका जीवनले सबैका हृदयका विचार बुझ्न सक्नुभयो । सैतानले परमेश्वर स्वार्थी सबै कुरा चाहने तर केहि पनि नदिने भनी प्रस्तुत गरिएको थियो । तर येशूलाई हाम्रो निम्ति दिएर परमेश्वरले आफ्नो हृदय कस्तो छ भनि देखाउनुभयो । मृत्युलाई जस्तै गरेर उहाँले पापलाई घृणा गर्नुहुन्छ । पापीका निम्ति उहाँको प्रेम भने अझ प्रगाढ छ ।

सारा संसारको निम्ति सम्पित आफ्ना हातमा लिनुहुनेछ र सबै शक्तिको मुहानले यी सबै कुरा येशूको हातमा राखिखिनुभएको छ । यो सबै मानिसकै निम्ति हो । उहाँ भन्नुहुन्छ, यी सबै कुरा प्रयोय गरेर मानिसलाई निश्चित गराऊ कि मेरो प्रेमभन्दा ठूलो पृथ्वी र स्वर्गमा अरु केही कुरा छैन् ।

## मनिसले आफै छुट्याउनेछन्

सैतानको विचार क्रुसमा प्रस्त पारिने थियो । त्यहाँ प्रेम र स्वार्थपन मुखामुख गरेर सँगै उभिने थियो । येशूले अरुलाई आशिषित् पार्न बाँच्नुभयो । उहाँलाई मृत्युसम्म पुऱ्याएर उसले आफ्नो घृणाको गहिराइलाई देखायो । उसको विद्रोहको मुख्य उद्देश्य परमेश्वरलाई उहाँको सिंहासनबाट तल झार्नु र जसद्वारा उहाँले संसारलाई प्रेम देखाउन खोज्नुभएको छ यसलाई नाश गर्नु हो भनि उसले प्रस्त पार्न खोज्यो ।

कोक्रोदेखि क्रुससँग नै येशूको जीवन निःस्वार्थसहितको थियो । यसले उहाँको जीवनको उद्देश्य बताउदछ । येशू स्वर्गको सच्चाइसहित आउनुभयो । जसले पवित्र आत्माको वचन सुनेका थिए उनीहरु येशूतर्फ खिचिए । जसले आफ्नै स्वार्थलाई मन पराए, उनीहरुले जाने पनि उनीहरुको सोचद्वारा उनीहरु कतापट्टि छन् भन्ने कुरा बताए ।

आज जसले उहाँलाई अपनाउछन, उनीहरुले त्यही तरिकाले चिनिन्छन् । अन्तको समयमा क्रुसको मतलब राम्रोसँग हेर्न र बुझ्न सकिन्छ । हराएकाहरुले येशूलाई नलिएको कुरा महशुस गर्नेछन् । सबैले यही बुझ्नेछन् कि दुष्ताका निम्ति परमेश्वरलाई दोष लगाउनु ठीक होइन, उहाँले त्यहाँ उपाय बताउनुभएको छ ।

अन्तमा जब सबैको विचार बताइनेछ जसले ईश्वरलाई पछ्याएका छन् र जसले उहाँलाई विद्रोह गरेका छन्, सबैले परमेश्वरको निर्णय ठीक थिए, न्यायी र असल थिए भनी बुझ्नेछन् ।

# ६ हामीले उहाँको तारा देख्यौँ

*"अनि घरभित्र पसेर तिनिहरुले बालकलाई उहाँकी आमा मरियको साथमा देखे ।" (मत्ती २:११)*

"हेरोद राजाको समयमा यहूदियाको बेथलेहेममा जब येशूको जन्म भया, पूर्वका ज्योतिषिहरु जेरुसलेममा आइपुगे र तिनिहरुले भने यहूदीहरुका राजा भई जन्मने कहाँ हुनुहुन्छ ? किनभने हामीले यहाँको तारा पूर्वमा देख्यौं र उहाँलाई दण्डवत् प्रणाम गर्न आएका छौं ।" (मत्ती २:१,२)

पूर्वका यी बुद्धिमान् मानिसहरु ठूला विज्ञ र ज्योतिषीहरु थिए । ती मानिसहरु उनीहरुको ठाउँ भन्दा धनी र बुद्धिमानी थिए । उनीहरुमध्ये कोही त्यागी भनेर तन्त्रमन्त्र गर्नेहरु थिए, जसले मानिसहरुलाई त्यसै ठग्ने पनि गर्थे र यी मानिसहरु भने उनीहरुका विज्ञ थिए, उनीहरुको निष्ठा र सत्यताकालागि प्रख्यात पनि थिए । यी सबलाई नियन्त्रण गर्न जब उनीहरुले आकाशका ताराको अध्ययन गरे, उनीहरुले कोही शक्तिशाली कुरा आवश्यक छ भनी निश्चित गरे । अझ जान्नका निम्ति उनीहरुले हिब्रू लेखहरु अध्ययन गरे । उनीहरुलाई ती लेख थाहा थियो किनकि एकचोटि परमेश्वरका भविष्यवक्ता भएका वालाम भनीनेहरुको देशकै जादुगर वा बुद्धिजीवी थिए । पवित्र आत्माद्वारा अभिप्ररित भएर वालामले इस्रायलीको जीतको विषयमा र मसीहको आगमनको विषयमा भविष्यवाणी गरेका थिए । उनका वचनहरु शताब्दीयौँपछि पनि मानिसले सम्झिएका थिए ।

जब तिनीहरुले पुरानो नियमको पुस्तक पढे, उनीहरुले मसीहका आगमनका विषयमा अझ बढी बुझे । उनीहरुले खुसीसाथ उहाँको आगमन नजिकै छ भनी निश्चित गरे र उहाँको आगमनले गर्दा मानिसहरुले परमेश्वरलाई नयाँ हिसाबले बुझ्न सक्नेछन् ।

परमेश्वरको ज्योतिले जरुसलेमको आकाश डाँडाहरु उज्यालो भएकै समय ती ज्योतिहरुले आकाशमा एउटा उचम्मको तारा देखे र जब त्यो महिमामय प्रकाश हराउँदै गयो त्यहाँ एउटा चम्किलो तारा देखियो । त्यो कुनै तारा वा ग्रह थिएन तर प्रत्यक रात त्यही ठाउँमा चम्किरह्यो ।

जुन तारा भनी ज्योतिषीहरुले हेरिरहेका थिए, त्यो तारा नभएर चम्किरहेका स्वर्गदूतहरुको झुण्ड थियो, जसलाई ज्योतिषीहरुले देखेनन् । त्यो ताराको कुनै गहिरो महत्त्व छ भन्ने उनीहरुलाई लाग्यो । यो कुरा उनीहरुले पुजारी र अन्य बुद्धिमान मानिसहरुसँग गरे र पुराना पुस्तकहरु पनि पल्टाएर हेर्न थाले ।

वालामको भविष्यवाणीले यसरी भनेको थियो, “याकुबबाट एउटा तारा उदय हुनेछ र इस्रायलबाट एउटा राजदण्ड उठ्नेछ।” (जन्ती २४:१७)

के यो चम्किएको ताराको मतलब प्रतिज्ञा गरिएको व्यक्ति आउनुभएको भन्ने हो तँ ? ती बुद्धिमानी मानिसले यो पत्ता लगाएपछि विश्वास गरे । परमेश्वरले उनीहरुलाई पुरस्कृत गर्नुभयो । सपनामा उनीहरुलाई नवजात राजकुमार खोज्न भनियो । नवजात राजालाई उपहार दिनु आवश्यक थियो । त्यसकारण तिनीहरुले आफूसँग भएकामध्ये सबैभन्दा महँगा कुरा उपहारका निम्ति रोजे । संसारका सबै परिवारलाई आशिष् दिनेकहाँ जाँदा उनीहरुले सबभन्दा महँगा उपहारहरु लिई गए ।

## रातको यात्रा

तरालाई पछ्याउन भनेको उनीहरुले रातको यात्रा गर्नुपरेको थियो । लामो बाटो तय गर्दै जादा आफूले जमनेको भविष्यवाणीका कुराहरु उनीहरुले दोऱ्याउदै गए । प्रत्यक वासमा धर्मशास्त्र पल्टयाएर हेर्दथे, अनि यसरी परमेश्वरले उनीहरुलाई अगुवाई गर्नुभएको कुराप्रति उनीहरु विस्वस्त थिए । तारा एउटा अगुवाको रुपमा देखिने चिन्ह यो थियो भन्ने मनमा पनि उत्तिकै मजबुत विश्वास थियो । उनीहरुमा रहेका आशा र खुसीको कारण लामो यात्रा पनि छोटो भएको महशुस गरे ।

अन्तमा उनीहरु इस्रायलीहरुको भूमीमा आइपुगे । अभिमसको डाँडाबाट जरुसलेम तर्फ बढ्दै जाँदा तारा मन्दिरको ठीक माथि पुगेर रोकियो र विस्तारै लोप भयो । बुद्धिमान् मानिसहरु हतारसाथ हिँड्न थाले । सबै जनाले मसीहका जन्मनुभएको विषयमा कुरा गर्दै छन् होला भनी उनीहरुले सोचेका थिए । जब उनीहरुले सोधे कसैले पनि उनीहरुले भनेका कुरा बुझ्ेनन् । उनीहरुले मन्दिर तर्फ जाने बाटो पहिल्याए, त्यहाँ पनि नवजात राजाको विषयमा कसैलाई थाहा थिएन् । उनीहरुको प्रश्न सुनेर खुसी हुनुभन्दा ती मानिसहरु डर र शंकामा भेट्टिए ।

भविष्यवाणीका कुरा सिकाउने धर्मगुरुहरुले पनि यस विषयमा जवाफ दिन सकेनन् । पुजारीले उनीहरुलाई अन्यजाति जस्तै गरेर हेरे । यहुदी, रोमन र ग्रिकभन्दा असल मानिँदैन्थे । तर परमेश्वरको नजरमा ती पुजारीभन्दा यी बुद्धिमान् मानिसहरु नजिक थिए ।

## हेरोद राजाको शङ्का

ज्योतिषीहरु आएको चर्चा छिट्टै सहरभरी फैलियो । उनीहरुको अचम्मको खोजीको विषयले सबैलाई सचेत गरायो र त्यो कुरा राजा हेरोदको दरवारसम्म पुग्यो । नयाँ राजाको कुरा सुनेर उनी चिन्तीत भए । उनी

अर्काका देशका शासक थिए र उनलाई जनताले पटक्कै नचाहेका कुरामा उनी विश्वस्त थिए । उनीहरुले उनलाई घृणा गर्दथे । रोमीहरु उनका संरक्षक थिए । नयाँ राजकुमारको जन्मले उनीहरुले सिंहासन माग्ने हो कि भनेर उसले सोच्न थाल्यो ।

बहिरी मानिसहरुसँग मिलेर पुजारीले यसको पदच्युत गर्दै छन् कि भनेर हेरोदले सोचे । आफ्नो शङ्काको विषयमा उनले केहि बोलेका थिएनन् । बरु राज्यका मुख्य पुजारीलाई बोलाएर भविष्यको विषयमा धर्मशास्त्रले के भनेको छ, त्यो जानकारी लिन चाहे । मसीहको जन्मको विषयमा शास्त्रमा के भनिएको छ त्यो विषयमा पनि जान्न चाहे ।

बहिरी मानिसका कारण, विदेशी राजाको विषयमा कुरा गरेको सुनेर यहुदी नेताले चित्त दुखाए । तर राजाको प्रश्नको जवाफ ठीकसँग दिन नसकेको कारण हेरोद उनीहरुसँग रिसाएर उनीहरुले उनीबाट केहि लुकाइरहेका छन् भनेर उनले सोचे । रिसाएर भविष्यवाणीमा यी कुरा पत्ता नलगाएर मारिनेछौं भनी उनले धम्की दिए ।

"मसीह युहदीयाको सहर बेथलेहेममा जन्मनुहुनेछ", उनीहरुले जवाफदिएर भविष्यवाणी बोल्ने मानिर मिकाले धर्मशास्त्रमा भनेका छन् ।

"ए, बेथलेहेम युहुदा मुलुकको गाउँ, तँ कुनै किसिमले यहुदाका शासकहरुका बीचमा कुनैभन्दा तुच्छ छैनस् किनकि तँबाट एउटा शासक निश्कि आउनेछन् जसले मेरा इस्रायलको हेरचाह गर्नेछन् ।"

यो कुरा सुनेपछि हेरोदले गुफामा ज्योतिषीहरुलाई भेटे । मनमा उसको रिस, डर उम्लिरहेको थियो तर उसका अनुसार शान्त थियो । विनम्र भएर तारा कहाँ देखिएको थियो भनेर सोधे । उसले नयाँ राज्यको खबर सुन्न ऊ खुसी छ जस्तो देखायो । "ठीकसँग त्यस बालकको खोजी गर, उसले ज्योतिषीहरुलाई भन्यो अनि तिनलाई भेटेपछि मलाई खवर गर, म पनि तिनलाई दण्डवत प्रणाम गर्नेछु ।" हेरोदले उनीहरुलाई बेथलेहेम पठाए ।

यहूदी पुजारीहरुलाई येशूको जन्मको विषयमा थाहा छैन भने तापनि तिनीहरु बेखबर थिएनन् । गोठालाहरु कहाँ स्वर्गदूतहरु देखापरेका कुरा जरुसलेममा भनिएको थियो । तर धर्मगुरुहरुले यसलाई बेकारको कुरा भनी त्यती ध्यान दिएका थिएनन् । उनीहरु आफै गएर भेट्न सक्थे । उनीहरुले ज्योतिषीहरुलाई येशू जन्मेको ठाउँसम्म लान सक्थे । तर त्यसको सट्टा बरु ज्योतिषीहरुले मसिहको जन्मस्थल उनीहरुलाई देखाइदिए ।

यदि मानिसहरुले गोठाला र ज्योतिषीहरुले कुरा सुनेका भउ, उनीहरुले आफ्ना शासकहरुलाई नमानेको भ्कै हुन्थ्यो । यसो गर्नाले धर्मगुरु र पुजारीहरु मात्र परमेश्वरको सच्चाई जान्ने महान हुन् भन्ने कुरालाई मान्दैन्थ्यो । यी घमण्डी शिक्षकहरु अन्य जातीले भनेको कुरा सुन्न र मान्न कहिल्यै भ्कुक्दैन्थ्ये ।

हामी जस्तालाई छोडेर आफ्ना सच्चाइ कुनै परमेश्वरले कुनै अन्य जातिलाई प्रकट गर्नुहुन्छ भन्ने कुरा सम्भव छैन भनी उनीहरुले सोचे । जरुसलेमका बासिन्दाहरु र राजा हेरोदले भनिएका बेथलेहेम जादा प्रतिक्रिया देखाए । उनीहरु बेथलेहेम गएनन् । बरु जो सुन्दै थिए उनीहरुलाई येशूको जन्मको कथा जस्तो कुरामा नलाग्न भनि भने ।

जरुसलेमका ढोका बाहिर निस्कन लाग्दा रात पर्न लागेको थियो । यहुदीको व्यवहारबाट हतोत्साह भएका यिनीहरुले परमेश्वरको अगुवाई पाएका छौँकि छैनौँ भनी शङ्का गरे । गोठालाहरुलाई जस्तै स्वर्गदूतले यिनीहरुलाई येशूकहाँ जाने बाटो देखाइदिएका थिएनन् । तर फेरी उनीहरु खुसी भए किनकि पहिला देखाएका ताराले उनीहरुलाई जरुसलेम जाने बाटो देखाउन थाल्यो ।

## राजाका निम्ति शाही अंगरक्षक छैन्

सानो वस्तीमा नवजात राजाको नजिक कुनै अंगरक्षक देखिएनन् । त्यहाँ कोही पुरोहित वा विद्वान मानिस पा राष्ट्रपति कोही थिएनन् । एउटा तबेलामा कपडामा बेरिएर राखिएको बालक र उसका साधारण आमाबुबा मात्र त्यहाँ थिए । के धर्मशास्त्रले बताएको व्यक्ति यिनै होलान तँ ? इस्रायली राज्यलाई माथि उठाउने र संसारको अन्तसम्म चम्कने व्यक्ति यिनै होलान् त ? "अनि घरभित्र पसेर तिनिहरुले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे र घोप्टो परेर उहाँलाई दण्डवत गरे ।" (मत्ती २:११)

सानो असहाय बच्चामा उनीहरुले परमेश्वरको उपस्थिति देखे र पूर्ण विश्वाससहित तिनिहरुले घुँडा टेकी दण्डवत गरे र आफ्ना मन मुक्तिदातालाई दिए । त्यसपछि उहाँका पाउँमा आफ्ना उपहारहरु सुन, सुगन्धित धुप र मुरेका भेटी चढाए ।

आफ्ना यात्रा सफल भएपछि उनीहरु यरुसलेम फर्केर गई राजा हेरोदलाई आफूले देखेका कुराहरु बताउने तयारीमा लागे । उसले बच्चाको नोक्सानीको विषयमा सोचेको कुरा उनीहरुलाई थाहा थिएन । सपनामा राजा हेरोदलाई नभेट्नु भन्ने सूचना पाएपछि उनीहरुले अर्कै बाटो रोजे ।

यूसुफलाई सपनामा बेथलेहेम छोडेर मिश्रदेश जानको निम्ति भनियो । स्वर्गदूतले भने "उठ  साना बालक र उसकी आमालाई साथमा लिएर मिश्रदेश भागिहाल र तिमीलाई मैले नभनेसम्म त्यहीँ बसिराख । (मत्ती २:१३) रात परेपछि छिटै तयार भएर यूसुफले परिवार सहित येरुसलेम छाडे ।

परमेश्वरले ज्योतिषीहरुद्वारा आफ्नो छोराको जन्मको कुरा यहुदीहरुसम्म फैलाउनुभयो । उनीहरुको प्रश्न, हेरोदको डाहा, पुजारीहरुको कार्य यी सबले गर्दा धेरैले मसीहको विषयमा बोलिएको भविष्यवाणीप्रति सोचे

। उनीहरुकै आखाँ अगाडि केहि ठूलो घटना भइसकेको होला भन्ने कुरा सोचन थाले ।

संसारबाट परमेश्वरको ज्योति हटाउने सैतानले निश्चय गरेको थियो । मुक्तिदातालाई दास बनाउँन सोचेको थियो । तर कहिल्यै ननिदाउने परमेश्वरले आफ्नो छोरालाई हेरिरहनुभएको थियो । उहाँले मरियम र उनको छोरालाई मिश्रमा लुकने स्थान दिनुभयो । ज्योतिषीहरुले दिएको उपहारले उनीहरुको बाटोको खर्च र बस्ने खर्च पूरा गर्‍यो ।

## हेरोदले हत्याको उर्दी दिन्छन्

उता येरुसलेममा ज्योतिषहरुको आगमनलाई हेरोदले अधैर्य साथ पर्खिए । जब उनीहरु आएनन्, ऊ ससंकित भयो । यसले धर्मगुरु र पुरोहितहरुले त्यसको बच्चा नाश गर्ने उद्देश्यको विषयमा शङ्का गरेर ज्योतिषहरुलाई जानकारी दिए कि भनि शङ्का गर्‍यो । जति समय बित्दै गयो, उसको रिसको सिमा रहेन । अन्तमा उसले सोच्यो कि यदि उनीहरुलाई छलन सकिएन भने बलजफ्ती आवश्य गर्न सकिन्छ । सानो बालक राजालाई उदाहरण बनाएर उसलाई सिंहासनबाट निकाल्न खोज्नेको गति कस्तो हुन्छ त्यो देखाइदिन्छ भनी उसले सोच्यो । डाहले भरिएको रिसको झोकमा उसले आफ्ना सिपाहीहरुलाई बेथलेहम गई त्यहाँ भएका २ वर्ष मुनिका सबै बालकहरुलाई मार्न लगाए ।

“रोममा एउटा शब्द सुनियो, डाँको छोडि-छोडि रोएको र विलाप ठूलो आवाजरहित आफ्ना बालकहरुका लागि रोइरहेकि सान्त्वना तिनले इन्कार गरिन् किनकि तिनका बालकहरु अब रहेनन् ।

यदि यहूदीहरु परमेश्वरप्रति विश्वासीलो भएको भए उनीहरुलाई उहाँले रक्षा गर्नु हुन्थ्यो । तर उहाँबाट उनीहरु टाडा थिए र एउटा बलियो ढाल-पवित्र आत्मालाई पनि उनीहरुले स्वीकार गरेका थिएनन् । उनीहरुलाई परमेश्वरको इच्छा के हो भन्ने विषयमा उनीहरुले धर्मशास्त्र अध्ययन गरेका थिएनन् । उनीहरुले त्यही भवीष्यवाणीहरु मात्र अध्ययन गरेका थिए, जसले इस्रायल महिमा बताउदथ्यौं । अनि कसरी अरु देशलाई परमेश्वरले मन पराउनु हुन्न भनी भन्दथ्यो । उनीरु घमण्ड साथ भन्ने गर्थे कि एकदिन मसीह आउनुहुनेछ र उहाँका अविश्वासी शत्रुहरुलाई नाश गर्नुहुनेछ । उनीहरुको यस्तो भनाइले उनीहरुका शासक हेरोदलाई मसीहप्रति अझ रिस उठयो । यसप्रकार उनीहरुको सोचले यरुशलेममा यति धेरै बच्चाहरु मर्नुपर्‍यो । सैतानले यहूदीको घमण्डद्वारा येशूलाई नाश गर्न खोज्यो । तर उहाँलाई मार्नुको सट्टा उनीहरुका आफ्नै वचनहरु फर्किएर उनीहरुलाई र उनीहरुको बच्चालाई नाश गर्‍यो ।

हेरोदका यी निष्ठुरी कार्य बेथलेहेममा गरिएको अन्तिम कार्य थियो । यी साना निर्दोष बच्चाहरुलाई मारेपछि हेरोद आफैले पनि डरलाग्दो मृत्युको सामना गर्नुपर्‍यो । यसै समयसम्म यूसुफलाई मिश्रदेशमा लुकिरहन आग्रह गरे । अब ऊ घर फर्कने समय भयो । यूसुफले आफ्नो घर दाउदको शहरमा बनाउने निर्णय गरेका थिए किनभने येशू दाउदका उत्तराधिकारी हुनुहुन्थ्यो, तर हेरोदको क्षेत्र उसका छोराहरुमा बाडिँएको थियो र आर्कि लिएसले यहूदामा राज्य गरेका थिए । बेथलेहेमा त्यही पर्दथ्यो ।

एकपटक यूसुफ फेरी सुरक्षित ठाउँमा लगिए । उनका आफ्नो परिवारलाई उसले आफ्ना पुर्खाको घर नाजरथमा लिएर गयो । त्यही सानो बालक हुर्कनुभयो र बढ्नुभयो । भविष्यवाणीमा नासरी कहलाएनुहुनेछ भन्ने कुरा पुरा भयो । जुदामा भन्दा नाजरथको गाउँमा धेरै मान्छेहरुको चहलपहल थियो । त्यसकारण यहुदीका कुरा मात्र त्यहाँ हुदैंन्थ्यो । उच्च पदमा रहेकाले पनि येशूबाट कुनै खतराको महशुस गरेनन् ।

मुक्तिदाता बालकलाई यस पृथ्वीमा कहीँ पनि सुरक्षित ठाउँ थिएन । मानिसलाई उद्धार गर्न पठाउनुभएका प्रभुलाई मानिसको हातमा सुरक्षित भएको परमेश्वरले देख्नुभएन । जबसम्म उहाँले येशूको संरक्षण गर्न स्वर्गदुतहरुलाई पठाउनुभयो तबसम्म उहाँले मानिसलाई बचाउन बलिदान हुनुभएन । अन्तमा उद्धार गर्न आउनुभएको मान्छेबाट उहाँ मरिनुभयो ।

# ७ बालक येशू

*येशू बुद्धिमा, कदमा, र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दै जानुभयो । लुका २:५२*

येशू नत धनी परिवारमा हुकनुभयो न ठूलो बिद्यालयमा पढ्नुभयो । उहाँको बाल्य अवस्था नाजरथको सानो पहाडी गाउँमा बित्यो । सूर्यको किरणमा आफ्ना पिताको मुस्कानसहित उहाँ अग्लो बलियो र बुद्धिमान् हुँदै जानुभयो । उहाँ मानिसहरूले मन पराएको बालक हुनुहुन्थ्यो र उहाँको व्यवहारले परमेश्वरलाई आनन्द दिन्थ्यो । समयसँगै उहाँको मस्तिष्क र शरीर, अन्य केटाकेटीहरूको जस्तै, बढ्दै गयो ।

बाल्यकालमा येशूको व्यक्तित्व दयालु थियो । उहाँको धैर्य कहिल्यै कम परेन, उहाँको ईमानदारिता कहिल्यै डगमगाएन । ठीक र बेठीक कुरामा उहाँ सदैव दृढ भए तापनि उहाँ सँधै निस्वार्थ र विनम्र हुनुहुन्थ्यो ।
मरियमले बढ्दै गरेको बच्चालाई होसियार साथ हेरिन् । उहाँको चरित्र व्यवहार, विचारमा उनले पूर्णता देखिन् । उहाँलाई सिक्नु र विचार गर्ने उत्साह बढाउन पाउन खुसीको कुरा थियो । पवित्र आत्माको सहयोगमा उनलाई बच्चाको उचित उन्नतिको शिक्षादीक्षा दिन बुद्धि दिईएको थियो, उनको छोराको परमेश्वरलाई पिता भन्नुपर्ने थियो ।

येशूको समयमा बच्चाहरूलाई धर्मका विषयमा विस्तारपूर्वक, एवं नियमपूर्वक शिक्षा दिइन्थ्यो । वचनभन्दा त्यहाँ चलनचल्तीलाई बढ्ता मान्यता दिइन्थ्यो । यहूदी शिक्षकहरूले चलनचल्तीलाई बढ्ता जोड दिए, त्यसलाई उनीहरूले पवित्र मान्दथे । परमेश्वरको सेवा गर्न र उहाँका नियमहरूका बारेमा बुझाउन आवश्यक परेन । सिक्दै गरेका विद्यार्थीहरूलाई परमेश्वरसँग समय बिताउन र उहाँको आवाज सुन्ने समय दिइँदैनथ्यो । उनीहरूले ज्ञानको खोजीका क्रममा उनीहरूलाई बुद्धिको मुहानदेखि टाढा राखेका थिए । यहूदी धर्मगुरुका शिक्षकहरूको तालिममा युवाहरूको मस्तिष्क साँधुरो र संकीर्ण बनिरहेको थियो ।

येशूको बाल्यअवस्थामा उहाँलाई मन्दिरमा शिक्षा दिइएको थिएन । उहाँको आमा नै उहाँको पहिलो शिक्षिका हुनुहुन्थ्यो । स्वर्गका परमेश्वरको विषयमा उहाँले पहिलो कुरा आमाबाटै सिक्नुभयो र परमेश्वरको वचनबाट सिक्नुभयो । आफैले मोशाद्वारा इस्रायलका निम्ति बोलिएको कुराद्वारा सिक्नुभयो । बाल्यअवस्थामा पनि आफ्नो शिक्षाका निम्ति उहाँ यहूदी धर्मगुरुकहाँ जानुभएन ।

उहाँको शिक्षक परमेश्वर भएको कारण मानिसको शिक्षाको आवश्यकता उहाँलाई थिएन ।

## वचन र प्रकृत्तिको अध्ययन

जसरी हामीहरू सिक्छौँ, त्यसै गरेर येशूले सिक्नुभयो । वचनप्रति उहाँको पूरा ज्ञान भएको कारण हामी भन्न सक्छौँ, कति धेरै समय उहाँले वचनको अध्ययनमा बिताउनुभयो । परमेश्वरको पुस्तकालयमा पनि उहाँले धेरै समय बिताउनुभयो । कस्तो अचम्म, जसले पृथ्वी, समुन्द्र, र आकाशका पाठहरू लेख्नुभयो । उहाँ नै तिनको वैज्ञाानिक तवरले अध्ययनमा लाग्नुभयो ।

सुरूको जीवनदेखि नै येशूको एउटा उद्देश्य थियो, उहाँ अरूको निम्ति बाँच्नुभयो । प्रकृतिको अध्ययनको त्यसो गर्न मद्दत गऱ्यो, बोटबिरुवा र जनावरको अध्ययन गर्दा नयाँ विचारहरू उहाँमा उत्पन्न भए । आफ्ना वरपरका कुराहरूलाई हेरेर उहाँले पवित्र वचनका सच्चाइका उदाहरण स्वरूप तिनलाई बताउन उहाँले खोज्नुभयो । आफ्नो सेवाकाई कार्यमा उहाँले यस्ता उदाहरणहरू प्रस्तुत गर्नुभयो । उहाँ प्रकृतिप्रति कति खुला रूपमा हुनुहुन्थ्यो र कसरी मानिसले प्रकृतिमा अध्ययनद्वारा आत्मिक सच्चाई बुझ्न सक्दछ भनी बताउनुहुन्थ्यो ।

येशूले परमेश्वरको वचनको र उहाँको महत्वको विषयमा बुझ्न थाल्नुभयो । उहाँको साथमा हरसमय स्वर्गदूतहरू हुन्थ्ये, पितासँगको ध्यान र प्रार्थनामा उहाँको समय बित्दथ्यो । उहाँले जीवनको सुरुवातदेखि नै सत्यलाई बुझ्नुभयो । उहाँ अनुग्रहमा बढ्नुभयो । सबै केटाकेटीहरूले येशूले गरेजस्तै गरि सिक्न सक्छन् । जब हामी हाम्रो स्वर्गीय पिताको विषयमा बाइबलद्वारा बुझ्न चाहन्छौँ, स्वर्गदूतहरू नजिक आउँछन, हाम्रो मस्तिष्क बलियो बनाइन्छ र हाम्रो चरित्र उचा गरिन्छ । हामीहरू हाम्रो मुक्तिदाता जस्तै बन्दै जान्छौँ ।

जब प्रकृतिको अलौकिक सुन्दरताले मानिसलाई छुन्छ, बन्दै जान्छौँ । तव उसमा नयाँ नयाँ जागरण आउँछ र ऊ अभिप्रेरित हुन्छ । जब हामी आफ्नो सृष्टिकर्ताको हातद्वारा सिर्जिएका कुरा छुन्छौँ, हाम्रो हृदय परमेश्वरतिर फर्कन्छ । परमेश्वरमा प्रार्थनामा समय बिताउँदा हामी शारीरिक र आत्मिक रूपमा बलियो पारिन्छौँ । येशूको जीवन सुरुदेखि नै परमेश्वरमा एकमत जीवन थियो । जब उहाँ बच्चा हुनुहुन्थ्यो । उहाँले बच्चाले जस्तै बोल्नुभयो । त्यस्तै व्यवहार गर्नुभयो । तर पापको कुनै दागले उहाँमा रहेको परमेश्वरको स्वरूपचाहिँ धमिल्याउन सकेन ।

नाजरथका मानिसहरू दुष्ट थिए, उहाँमा पनि परीक्षाहरू आए । भनाइहरू थिए, के नाजरथबाट कुनै असल कुरा आउन सक्छ र ? उहाँ यस्तो ठाउँमा हुनुहुन्थ्यो, जहाँ उहाँको चरित्रको परीक्षा भयो । पापबाट रोकिन उहाँ

आफै सजग हुनु जरुरी थियो । उहाँ केटाकेटीहरू, युवाहरू र मानिसहरू सबैका निम्ति एउटा उदाहरण हुनुपर्थ्यो ।

येशूलाई विचलित पार्न सैतानले कुनै कसर छोडेन । जन्मैदेखि नै स्वर्गदूतहरू येशूका निम्ति भए तापनि, उहाँको जीवन लगातारको संघर्षको जीवन थियो । सैतानले येशूलाई पासोमा पार्ने हरेक चाल चल्यो ।

येशूका मातापिता गरिब थिए । बाँच्नका निम्ति हरेक दिन उनीशरुले कडा परिश्रम गरे । येशूको सरल प्रकारको जीवनले उहाँलाई सुरक्षित रहन मद्दत गऱ्यो । उहाँको जीवनमा परीक्षा आउन सक्ने खालको अल्छीको समय थिएन । बेकारको समयमा साथी बनाउने उहाँको विचार भएन । कसैको उत्साह वा खुसीको क्षण र साथीका बहकाउमा आएर खराब कुरा उहाँले गर्नुभएन, यी सबैले उहाँलाई आफ्नो अधिनमा पारेन । खराब के हो । उहाँले बुझ्नुहुन्थ्यो र बुद्धिमानी र शक्तिसाथ र त्यसलाई प्रतिकार गर्नुहुन्थ्यो ।

## कडा मिहिनेत आशिष् हो

जसले स्वर्गदूतलाई आज्ञा दिनुहुन्थ्यो उहाँ विश्वासिलो र हँसिलो भई एउटा गरिब किसानको घरमा काम गर्नुभयो । आफ्नै हातले उहाँले युशुफको काठ पसलमा एवं आज्ञाकारी छोराको जस्तै काम गर्नुभयो । अरू कामदारले जस्तै पसल आउँदा र जाँदा उहाँले साधारण कपडा लगाउनुहुन्थ्यो । आफ्नो काममा रहँदा, काम सजिलो बनाउन उहाँले कुनै ईश्वरीय शक्ति प्रयोग गर्नुभएन । काम गर्दै जाँदा उहाँको शरीर र मस्तिष्क बलियो भएको थियो । उहाँ आफ्नो स्वास्थप्रति असावधानी हुनुहुन्थ्यो, र उहाँले आफ्नो स्वास्थप्रति ध्यान दिनुहुन्थ्यो, काम सकभर राम्रो गर्न उहाँले असल स्वास्थ बनाइराख्नुभयो । साधारण औजार समात्दा खेरी पनि उहाँ दक्ष हुनुहुन्थ्यो, उहाँले कुनै गल्ती गर्न चाहनुहुँदैन थियो । आफ्नो चरित्रमा जस्तो उहाँको उदाहरणद्वारा उहाँले यही देखाउनुभयो कि बच्चा वा ठूला हामी सबै काममा असल हुनसक्छौँ । कठिन परिश्रम प्रशंसा योग्यको हुन्छ, यसलाई विश्वासिलो र राम्रो हिसाबले पूरा गर्नुपर्छ  परमेश्वरले आशिष्को निम्ति काम दिनुभएको थियो । जसले जे गर्छन् । विश्वाससहित पूरा गरे भने उनीहरूले साँचो खुसी प्राप्त गर्दछन् । केटाकेटीहरूले घरमा आमाबुबालाई सहयोग गरेको देखेर परमेश्वर खुसी हुनुहुन्छ । यस्ता केटाकेटीहरूलाई समाजले सधैँ सम्झिरहनेछन् ।

कतिपय येशूका चेलाहरू हौँ भन्ने मानिसहरूले कामलाई पर सार्छन् तर येशूले कहिल्यै त्यसो गर्नुभएन । कठिन काम र अप्ठ्यारा समय आउँदा कति दक्ष मानिस पनि हार खान्छन् । किनकि उनीहरूले आफैलाई कडा कामको अनुशासनमा राखेका हुँदैनन् । येशूमा रहेजस्तै काम गर्ने जाँगर र कामप्रतिको धारणा र चरित्र हामी सबैले लिनु जरुरी हुन्छ । हामी पनि उहाँले जीवन बिताएजस्तै अनुग्रही र खुसीसाथ जीवन बिताउन सक्छौँ ।

येशूले आफ्नो सारा जीवन गरिबहरुसँग बिताउनुभयो । उनीहरुको दुःखकष्ट र स्याहारमा सदैव सहभागी हुनुभयो । जसले उहाँको शिक्षादिक्षा र जीवनलाई सत्यताले बुझ्छ, उनीहरुले अन्य मानिसहरुलाई भेदभाव गर्दैन् । उनीहरुको सामु धनी मानिसभन्दा गरिब मानिस मूल्यवान हुन्छ ।

## गायक येशू

येशूका हृदयका गीत बाहिर निस्किन्थ्यो । जब थाकेका छिमेकीहरूले उहाँले परमेश्वरलाई गर्नुभएको प्रशंसा देखे, उनीहरूको हृदय हल्का भयो । उहाँका गीतहरूधुपका वास्नाहरू जस्तै फैलिए र त्यहाँबाट दुष्टता टाढा हट्थ्यो ।

नाजरथमा बिताउनुभएको हरेक समय उहाँको जीवनबाट सहानुभूति र कोमलता बाहिरियो । बूढापाकाहरू, दिकदारमन परेकाहरू, गह्रौं बोझले थिचिएकाहरू खेल्दै गरेका केटाकेटीहरू, रूखमा रहेका साना जन्तुहरू, गधाहरू, काम गर्दै गरेका गोरुहरू, सबै उहाँको समीपमा खुसी हुन्थे । जसले ग्रह र नक्षत्रहरूलाई ठीक ठाउँमा राख्नुभएको । एउटा चरा घाइते हुँदा उहाँ त्यसलाई जाति पार्नुहुन्थ्यो ।

जब येशू कदमा बढ्दै जानुभयो तब उहाँ बुद्धिमा पनि बढ्दै जानुभयो । उहाँलाई परमेश्वरले प्रेम गर्नुभयो । मानिसहरूले पनि उहाँलाई प्रेम गरे । उहाँके वरिपरि आशा र साहस रहेकाले सबै घरमा उहाँलाई स्वागत गरियो । सवाथको दिन मन्दिरमा प्रायः उहाँलाई भविष्यवाणीहरूको पुस्तकबाट पढ्नका निम्ति बालाइन्थ्यो । जब उहाँ पढ्नुहुन्थ्यो पहिला पढिएको भन्दा छुट्टै नयाँ विचारहरू मानिसले भेट्टाउँथे । तर उहाँ सबैको आकर्षणको केन्द्र बिन्दु हुन चाहनुभएन । प्रख्यात हुन चाहनुभएन । नाजरथमा उहाँले एउटा पनि अचम्मको कार्य गर्नुभएन । उहाँको शान्त र साधारण जीवन जसको विषयमा बाइबलमा थोरै मात्र बताइएको छ यसले हामीलाई महत्वपूर्णको पाठ सिकाउँछ । जति धेरै शान्तमय समय त्यति धेरै हामी देखावटी संसारबाट टाढा हुन्छौं, प्रकृतिसँग मिलापमा रहन्छौं, आत्मिक, शारीरिक र मानसिक रूपमा शक्ति पाइरहेका हुन्छौं ।

येशू हाम्रो उदाहरण हुनुहुन्छ । उहाँका सेवकाइका वर्षहरू अध्ययन गर्ने धेरैले उहाँको बाल्यकाललाई बिर्सेका हुन्छन् । तर उहाँको घरमा छँदाको अवस्थाको समयले युवा र केटाकेटीहरूलाई उदाहरण प्रस्तुत गर्दछ ।

मुक्तिदाताले गरिब जीवन रोज्नुभयो, यसले हामी थोरै सम्पति वा मान नहुनेले पनि कसरी परमेश्वरसँग हिँड्न सक्छौं भन्ने बताएको छ । उहाँ आदरमा रहनुभयो । साधारण कुराद्वारा पिताको महिमा प्रस्तुत गर्नुभयो ।

आफ्ना पिताको पसलमा काम गर्दा वा भीडको सामु अचम्मका कार्य गर्दा होस् सबै समय उहाँ परमेश्वरको काम गर्दै हुनुहुन्थ्यो । उहाँको

अनुशरण गर्ने सबै युवाहरूले येशूको विश्वासनीयता र आज्ञाकारिताको उदाहरण लिए भने परमेश्वरले उनीहरूको कामलाई मन पराउनुहुन्छ भनी बुझ्नेछन् ।

# ८ निस्तार चाडको यात्रा

*"के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन र" ?*
*लूका २:४९*

यहूदी नियममा केटाकेटी बाह्रवर्ष पुगेपछि युवाअवस्था मानिन्छ । १२ वर्षको अन्तमा हिब्रू बच्चाले पवित्र दिनमा पवित्र चाड मनाउनुपर्छ, त्यसकारण बाह्र वर्षको उमेरमा बर्सेनि चाडको समयमा येशू आफ्ना आमाबुवासँग निस्तार चाड मनाउन जेरूसलेम जानुभयो ।

इस्रायलका सबै मानिसले तिनओटा वार्षिक चाडहरू मनाउनु आवश्यक थियो । निस्तार चाड, पेन्तिकोष्ट र मन्दिरको पर्व ।

निस्तार चाडका निम्ति धेरै इस्रायलीहरू अन्य ठाउँहरूबाट पनि आउने गर्दथ्यो । पलिस्तीको देशबाट ठूलो फौज निस्तार चाड मनाउन जेरुसलेम तर्फ लाग्यो । नाजरथबा गलिलको यात्रा गर्न धेरै दिन लाग्थ्यो । धेरै मानिसहरू सुरक्षा र सामाजिक मिलापका निम्ति झुण्डमा भएर यात्रा गर्थे । महिला र बूढा मानिसहरूले भिरालो र ढुङ्गेली बाटो भएकाले गधा वा गोरुद्वारा यात्रा गर्थे । येशू जस्ता युवा र बलिया मानिसहरू भने हिँड्थे ।

निस्तार चाड मार्चको अन्तिम वा अप्रिल महिनाको सुरुको समयमा मनाइन्छ । त्यो वर्ष जमिनमा हिँड्नलाई रमाइलो उज्यालो थियो, फुलै-फुलले भरिएका थिए र चराचुरुङ्गीको मिठो स्वर सुन्न सकिन्थ्यो । जेरुसलेम जाने बाटोभरि यात्रीहरूले इस्रायलको ऐतिहासिक ठाउँहरू भएर जानु पऱ्यो । बाटोमा जाँदैगर्दा आमाबुवा इस्रायलीहरूलाई परमेश्वरले गर्नुभएको कार्यका विषयमा आफ्ना छोराछोरीहरूलाई दोहोऱ्याएर कथा सुनाउने गर्दथे ।

निस्तार चाड मान्नेचलन हिब्रूहरूमा धेरै पुरानो चलन थियो । इस्रायलीहरू मिश्रबाट निस्कँदाको रात उनीहरूले पहिलो निस्तार चाड मनाएका थिए । आफ्ना मिश्री मालिकबाट छुटकाराको कुनै आश नभए पनि परमेश्वरले उनीहरूलाई तयार भएर त्यो ठाउँ छोड्न भन्नुभएको थियो । मिश्र देशको राजा फारोहलाई एउटा अन्तिम न्यायरूपी चेतावनी पनि दिनुभएको थियो ।

परमेश्वरले हिब्रूहरूका परिवारलाई घरभित्रै जम्मा भई बस्न अह्राउनुभएको थियो । उहाँले पाठो मारेर त्यसको अलिकति रगत ढोकाको माथि छर्कन भन्नुभएको थियो । त्यसपछि पाठोलाई काटेर त्यसको मासु पकाएरअखमिरी रोटी र तितो सागसँग  खानु भन्नुभएको थियो ।

मध्यरातमा मृत्युको स्वर्गदूत त्याहाँ आउनुभयो । मोशाको भनाइ मान्ने सबै हिब्रूहरू सुरक्षित थिए । तर मिश्रीको जेठा छोराहरू सबै मरे त्यसपछि फारोहले हिब्रूहरूलाई समाचार पठाए मिश्रबाट निक्लिहाल र तिमीहरू परमेश्वरको आराधना गर ।

त्यसकारण हिब्रूहरूले मिश्र देश छोडे र परमेश्वरले उनीहरूलाई निस्तार चाड हरेक वर्ष मनाउन भन्नुभयो । परमेश्वरले भन्नुभयो, "जब तिमीहरूका सन्तानले सोध्नेछन् यसको मतलब के हो" तिमीहरूले भन्नेछौ, यो चाडले हामीलाई मिश्रदेश छोडेको अन्तिम रातको याद दिलाउँछ, जब स्वर्गदूतले हाम्रा घरचाहिँ छोडेर मिश्रीका घरमा आक्रमण गर्नुभयो । उनीहरूका जेठा छोरा मरे" ।

निस्तार चाडको पर्वमा अखमिरी रोटीको भोज खाएर मनाइन्थ्यो । चाडको दोश्रो दिनमा "पहिलो फल" भनेर वलीको एक थुमा बलिदान स्वरूप अर्पण गरिन्थ्यो र सबै बलिहरूले आउनेवाला मुक्तिदाता येशूतर्फ इंगित गर्थे ।

मिश्रीदेशबाट ल्याइएको कुराले मुक्तिको पाठ सिकाइन्थ्यो । बलिदिएको भेंडा अखमिरी रोटी, अगौटे फल सबै मसिहका चिन्हहरू थिए । येशूको आगमनको बेलासम्म धेरैले चाडको मतलबलाई बिर्सिसकेका थिए । उनीहरू खाली नियम पूरा गरिरहेका मात्र थिए । तर बाह्र वर्षे येशूका निम्ति यी सबको कति महत्व थियो- यो सोच्ने कुरा छ ।

जब येशूले पहिलो पल्ट मन्दिरलाई हेर्नुभयो, त्याहाँ सेता कपडा लगाइरहेका पुजारीहरूले पवित्र आराधना गरेको देख्नुभयो । उहाँले बेदीमा रगत बहाइरहेको पाठोलाई देख्नुभयो । अरू मानिससँगै उहाँ प्रार्थना गर्न थाल्नुभयो । धुपको बादल वास्ना बनेर स्वर्गतिर गइरहेको थियो । सबै दिन उहाँले प्रत्येक सेवाकार्यलाई हेर्नुभयो र तिनको मतलबलाई राम्रोसँग बुझ्नुभयो । छिट्टै सबै चिन्हहरूमा आफैलाई उहाँले देख्नुभयो । विचारहरू उहाँको मस्तिष्कमा घुमिरहँदा उहाँको जीवन कार्यको उद्देश्य उहाँलाई प्रस्ट हुन थाल्यो । येशूलाई एकान्त समयको आवश्यक थियो । सबै सेवा सिद्धयो, उहाँ मन्दिरको आगमनद्वारको छेउमा बस्नुभयो । जब पूजा गर्ने भीडले त्यो ठाउँ छोड्यो, उहाँ एक्लै त्याहाँ छोडिनुभयो ।

यो यात्रामा युशुफ र मरियमले, येशूले मन्दिरका महान् शिक्षकलाई भेटुन् भनी चाहन्थे । उहाँ परमेश्वरका वचन पालन गर्न तत्पर हुनुहुन्थ्यो, तर यहूदी धर्मगुरुहरूको नियम र शिक्षा मान्न उहाँ त्यति तयार हुनु भएको थिएन । जेरुसलेममा छोराले गुरु र शिक्षकहरूलाई आदर गर्न अवश्य सिक्नेछ भनी आमाबुवाले आशा राखेका थिए ।

तर उहाँलाई परमेश्वरद्वारा शिक्षा पाउनु हुन्थ्यो । जे सिक्नुभएको थियो सो मन्दिरमा शिक्षा दिन थाल्नुभयो । त्यो समय मन्दिरसँगै जोडिएको

एउटा ठाउँमा गुरुहरू आफ्ना विद्यार्थीहरूसँग भेट गर्थे । एउटा गुरुको नजिकै बसेर उहाँले उनीहरूका शिक्षा सुन्न थाल्नुभयो । छिटै उहाँले भविष्यवाणीका मसीहको आगमनका विषयमा बताइएका कुराहरूबारे प्रश्न गर्न थाल्नुभयो अनि अहिले मसीह आइसकेका विषयतिर उहाँले उनीहरूलाई बताउनुभयो ।

परमेश्वरलाई जान्न खोजी गर्ने मानिस जस्तो गरेर येशू देखा पर्नुभयो । उहाँका प्रश्नहरूले धेरै पहिला नै बिर्सिसकेका विषयमा शिक्षा दिएका थिए । उहाँले ती धर्मगुरुहरूको शिक्षा कसरी साँघुरो र खोक्रो भएको छ यी कुरा बताउनुभयो । जब तिनीहरूले मसीहको आगमनपछि इस्रायल राज्य महान् बनाइने भनी उहाँलाई बताए, येशूले तिनीहरूलाई भविष्यवक्ताको पुस्तक पढ्न भन्नुभयो जहाँ मसीहले भोग्ने कष्टहरू, मृत्युको विषयमा बताइएको छ । परमेश्वरको थुमाको विषयमा बताइएको छ ।

धर्मगुरुहरू उहाँलाई प्रश्न गर्न थाले र उहाँको जवाफमा आश्चर्य माने । बालकको विनम्र स्वभावमा येशूले धर्मशास्त्रका पदहरू दोहोऱ्याउनुभयो र उनीहरूलाई दिनुभयो । यदि तिनीहरूले त्यो दिन उहाँका भनाइलाई मानेका भए आत्मिक कुराहरूमा एउटा नव चेतना त्याहाँ उत्पन्न हुने थियो । सारा राष्ट्रमा त्यो पुग्ने थियो र जब येशूले शिक्षा दिन सुरु गर्नुहुन्थ्यो, धेरैले सजिलै उहाँलाई पछ्याउने थिए ।

धर्मगुरुहरूलाई थाहा थियो, येशूले उनीहरूका विद्यालयबाट शिक्षा लिनुभएको थिएन तर पनि उहाँले उनीहरूले भन्दा बढ्ता भविष्यवाणीलाई बुझ्नुभएको थियो । यो गलिलको केटामा उनीहरूले धेरै तीक्ष्ण बुद्धि देखे र उनलाई पढाउने विचार गरे । उहाँको जस्तो अद्वितीय मस्तिष्कमा उनीहरूको प्रभाव रहनुपर्छ भनी उनीहरूले विश्वास गरे ।

येशूको बालकपनको अनुग्रह र उहाँको उमेरका कारण उनीहरू प्रभावित भए । उहाँको वचनले उनीहरूको मन, एकदम छायो, अरूका वचनले कहिल्यै यस्तो छोएको थिएन । उनीहरूको घमण्डमा उनीहरूलाई सिकाउन कसैले सक्तैन थियो । उनीहरूले आपसमा भने कि उनीहरूले उहाँलाई सिकाउँदै थिए अथवा बुझ्ने भाषामा आफूलाई प्रकट गर्नुभयो । थाहै नपाई उनीहरूका आत्मा खोलिएका थिए र पवित्र आत्माले उनीहरूसँग बोल्नुभयो ।

पहिलो पटक उनीहरूले भविष्यवक्ताले बोलेको मसीह, आफूले नसोचेको कुरा देखे । इस्रायलको समृद्धि र महिमाको स्वप्न त्यसै छोड्नु उनीहरूका निम्ति एकदम कठिन थियो । उनीहरूले वचन नबुझेको कुरा मान्न पनि चाहेनन् । त्यसकारण उनीहरूले एकअर्कोसँग भने “हामीले नसिकाउँदापनि यसबालकले कसरी यति धेरै कुरा जानेको ?”

अन्तमा त्यसै समय आफ्नो साथ बालक येशूलाई नदेखेर मरियम र युशुफ आत्तिए । जब उनीहरूको भीड सहरबाहिर जाँदै थियो, त्याहाँ एकदम

गोलमाल भएको थियो । हिँड्ने समयमा येशू उनीहरूका साथ नभए तापनि उहाँ जेरुसलेममा नै छोडिनुभयो भनी उनीहरूले बुझेनन् । बरु येशू उनीहरूसँगै समूहमा साथीसँग आइरहनुभएको छ भनी सोचे ।

जब यात्रा राती रोकियो, येशू उनीहरूलाई मद्दत गर्न देखापर्नुभएन । उनीहरू चिन्ता लिन थाले । जब सबै समूह खोजी सक्दा पनि उनीहरूले उहाँलाई भेट्टाएनन्, उनीहरू डर र चिन्ताले व्याकुल भए । हेरोद राजाले बालक येशूलाई कसरी मार्न खोजेको थियो, त्योकुरा मात्र उनीहरूले सम्झे । कसरी उनीहरूले उहाँलाई एक्लै छोडेर जान सके ?

उनीहरू सहर फर्केर गए र खोज्न थाले । दोस्रो दिन फेरि खोजी गर्दै उनीहरू सहरको मन्दिरमा गए त्यसबेला उनीहरूले परिचित आवाज सुने । "यस्तो गम्भीर र खुशीसहितको आवाज येशूको मात्र हुन सक्थ्यो" उनीहरूले भने । उहाँलाई धर्मगुरूहरूको साथमा भेटाए । उहाँलाई भेटेर खुशी भएको भए तापनि उनीहरूले आफ्ना चिन्ता र डरलाई बिर्सेका थिएनन् । उहाँकी आमाले सोचिन्, "बाबु तिमीले हामीलाई यो के गरेको तिम्रो बुवा र म तिमीलाई खोज्दा हैरान भएका थियौं । हामीले तिमीलाई चारैतिर खोज्यौं । "तपाईंले मलाई किन खोज्नुभएको ?" येशूले सोध्नुभयो, "के तपाईंलाई म मेरो बुवाको काममा लागिरहेको छु भन्ने कुरा थाहा थिएन र ?" उनीहरू दोधारमा परिरहेको बेला उहाँले स्वर्गतिर इसारा गर्नुभयो । उहाँको मुहार एकदम राम्रो प्रकाशले पूर्ण भयो । उहाँको मानव चोलाबाट ईश्वरत्व झल्किरहेको थियो ।

उहाँका सांसारिक मातापिता ज्यादै खुशी थिए । उनीहरूले रब्बीहरूसँग उहाँले गर्नुभएको छलफल केही सुनेका थिए र उहाँका वचनप्रति अति आश्चर्य मानेका थिए । उनीहरूले उहाँ को हुनुहुन्थ्यो र उहाँको पालनपोषण गर्ने महिमित अभिभारा उनीहरूलाई भएको कुरा बिर्सेका थिए । एक दिन उहाँलाई नदेख्दा उनीहरूले उद्देश्य बिर्सनुपर्ने थिएन । उनीहरूले अन्तमा उहाँलाई भेटाए, हराएकोमा दोष उहाँलाई नै दिए । उहाँका मातापिताले उहाँलाई आफ्नो छोराको रूपमा मात्र देख्नु स्वाभाविक थियो । धेरै कुरामा उहाँ अरू केटाकेटी जस्तै हुनुहुन्थ्यो । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा बिर्सनु ठूलो कुरा थिएन तर आजको घटनापछि भने उनीहरूलाई दिइएका पवित्र कर्तव्यका विषयमा उनीहरूले बिर्सेनन् ।

आफ्नी आमालाई दिएको जवाफले यही देखाउँछ कि उहाँले परमेश्वरसँगको आफ्नो सम्बन्धलाई बुझ्नुभएको थियो । तर त्यो समय भने उहाँ र उहाँका सांसारिक मातापिताको सम्बन्ध जस्ताको त्यस्तै हुनुथियो । उहाँ उनीहरूसँग घर फर्कनुभयो । पहिलाको जस्तै गरेर उनीहरूका निम्ति काम गर्नुभयो । ठीक समय नआएसम्म उहाँको मिसनलाई उहाँले आफ्नो हृदयमा लूकाएर राख्नुभयो । आफू परमेश्वरको पुत्र हुँ भनेर थाहा भएको

अठार वर्षसम्म उहाँले नाजरथको घरमा एउटा आज्ञाकारी छोरा, एउटा साथी र एउटा नागरिक भएर बिताउनुभयो ।

त्यो दिन घर फर्कँदै गर्दा बाटोमा आफ्नो जीवनको कार्यका विषयमा सोच्न केही शान्त समय चाहनुभयो । निस्तार चाडद्वारा परमेश्वरले मानिसलाई बोलाउनुभएको र छुटकाराको विषयमा याद दिलाउन खोज्नुभएको थियो । उहाँले जसरी एउटा थुमाको रगतले निस्तार चाडमा बचाउन सक्नुभयो, त्यसैगरी मसीहको रगतले उनीहरूका पापबाट बचाउन सक्नुहुन्थ्यो । त्यो सेवाकार्यले मानिसलाई प्रार्थनासहित वचनको अध्ययन गरून् र प्रार्थना गरून् भन्ने परमेश्वर चाहनुहुन्थ्यो । तर यात्रा र मानिसहरूको चहल-पहलमो देखेका र सुनेका कुरा आमाबावुहरूले बिर्से ।

## येशू र उहाँकी आमा

घर जाँदै गर्दा बाटोमा येशूले आफ्नो जीवनको कार्यका विषयमा आमाले पाउन बुझ्न् भनी आशा गर्नुभयो । आमाले उहाँलाई क्रुसमा देख्नु पर्नेछ । त्यसकारण उहाँ त्यसलाई सामना गर्न सक्ने बलियो होओस् भनी उहाँ चाहनुहुन्थ्यो । यदि वचनले के भनेको थियो त्यो पूरा हुनैपर्छ सो बुझेमा पछि उनलाई धेरै सजिलो पर्ने थियो ।

एकदिनको असावधानीले गर्दा युशुफ र मरियमले तिन दिनसम्म खोज्नुपर्‍यो । यस्तै हामीलाई पनि पर्न सक्छ । एकदिन बाइबल पढ्ने समयमा कुरा काटेर बस्यौं वा प्रार्थना गर्न अल्छी गर्‍यौं भने यसले हामीलाई येशूबाट छुट्याउँदै, त्यसपछि हाम्रो हृदयमा फेरि उहाँको शान्तिको अनुभव गर्न धेरै समय लाग्न सक्नेछ । हाम्रो व्यस्त जीवनमा हामीले येशूलाई कहिल्यै बिर्सनु हुँदैन । यदि हामी एकदम व्यस्त भइरहेछौं र हामीले येशूलाई आफ्नो सोचविचारमा ल्याएका छैनौं भने, हामी परमेश्वर र स्वर्गदूतहरूबाट छुट्टिएर टाढा गइरहेका हुन्छौं । यदि येशू त्याहाँ हुनुहुन्न वा उहाँको अनुपस्थितिलाई मानिसले बुझ्न सकेका छैनन् भने स्वर्गदूतहरू त्याहाँ रहन चाहन्नन् । त्यसैकारण परमेश्वरका चेला भनिएकाहरूले समयलाई ख्याल गरेन भने तिनीहरू हतोत्साहमा बिताउनुपर्नेछ ।

धेरै मानिसहरू चर्च जाँदा केही समय खुशी महसुस गर्दछन् । तर उनीहरूको अनुभव थोरै समयका निम्ति हुन्छ, त्यसपछि पहिलाको भन्दा ज्यादा चिन्तित र उदासिन उनीहरू बन्दछन् । यो उनीहरूकै दोष हो । येशूबाट आफैलाई टाढा राख्दा वचन नपढ्दा, प्रार्थना नगर्दा उनीहरूले शन्तिको मुहान्‌बाट आफैलाई टाढा राखेका हुन्छन् ।

येशूको जीवनको विषयमा दिनमा १ घण्टा समय बिताउनु हाम्रा निम्ति असल हो । आफ्ना विचार र कल्पना शक्तिलाई उहाँको जीवन कथा, र वास्तवमा उहाँको जीवनको अन्तिम हप्ताको घटनाहरूको विषयमा सोच्नु

राम्रो हो । जति हामी उहाँको महान् बलिदानका विषयमा सोच्नेछौं, त्यति ज्यादा उहाँमा आफ्नो विश्वास दरिलो हुनेछ र हामीले अझ् बढी प्रेमको अनुभव गर्नेछौं । जति धेरै उहाँको जीवनका विषयमा कुरा गर्छौं र विचार गर्छौं त्यति नै हामी उहाँ जस्तै बन्नेछौं ।

# ९ सङ्घर्षका दिनहरु

*तपाईंको विरुद्ध पाप नगरूँ भन्ने तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु । (भजनसंग्रह ११९:११)*

यहूदी बच्चाको जीवन सानैदेखि धर्मको नियमद्वारा बाँधिएको हुन्थ्यो । जवान केटाहरूलाई उनीहरूको कडा नियम सिकाइन्थ्यो र त्यसलाई पालना गर्न भनिन्थ्यो । तर येशू फरक हुनुहुन्थ्यो । सानै उमेरदेखि उहाँलाई जे उचित लाग्थ्यो त्यही गर्नुहुन्थ्यो, यहूदीहरूको नियममा त्यति ध्यान दिनु भएन । उहाँ वचन अध्ययन गर्नुहुन्थ्यो र धेरैजसो समय, "यस्तो परमेश्वरले भन्नुभएको छ" भनी व्याख्या गर्नुहुन्थ्यो ।

जब उहाँले आफ्नो वरपरको समाजलाई बुझ्न थाल्नुभयो, उहाँले देख्नुभयो कि तिनीहरूका मागहरू परमेश्वरको मागसँग मेल खाँदैनथ्यो । धेरै मानिसहरूले परमेश्वरको वचनबाट तर्किएर उनीहरूका चलन चल्तीका कुराहरू मानिरहेका थिए । परमेश्वरलाई बुझ्न भनी गरिएको सेवा आराधनाले उनीहरूमा खुसीयाली र शान्ति ल्याउन सकेन । परमेश्वरलाई सेवा गर्दा प्राप्त हुने साँचो प्रकारको स्वतन्त्रतालाई उनीहरूले महसुस गर्न सकेनन् ।

परमेश्वरको आराधनाको मतलब के हो त्यही देखाउन येशू संसारमा आउनुभएको थियो । परमेश्वरको निःस्वार्थ प्रेमिलो नियममा मानिसका चलनहरू नमिसिऊन् भनी उहाँ चाहनुहुन्थ्यो । उहाँले मन्दिरका शिक्षकहरूलाई आक्रमण गर्ने, दोष लगाउने गर्नुभएन । खाली उहाँले उनीहरूका नियम मान्नुभएन तर उहाँलाई उहाँका आफ्नै विचार प्रस्तुत गर्ने भनी दोष लगाइयो, उहाँले परमेश्वरका वचनतिर देखाउँदै व्याख्या गर्नुहुन्थ्यो ।

उहाँको कोमल र प्रेमपूर्ण व्यवहारमा उहाँले जसलाई भेट्यो उसैलाई सहयोग गर्नुभयो । उहाँ यति विनम्र र शान्त हुनुहुन्थ्यो कि गुरुहरूले उहाँलाई सजिलै प्रभाव पार्न सकिनेछ भनी सोचे । पुरानो समयदेखि धर्मगुरुले मानिआएका नियमहरूलाई जबर्जस्ती मान्न कर गरे । येशूले एउटै जवाफ दिनुहुन्थ्यो, "धर्मपुस्तकमा कहाँ यस्तो लेखिएको छ मलाई देखाऊ ?" परमेश्वरका वचनमा बताइएका सबै कुरा उहाँ सुन्नुहुन्थ्यो । तर मानिसका अविष्कारका कुराहरूप्रति उहाँले चाख लिनुभएन । येशूले पवित्र वचन सुरुदेखि अन्त्यसम्म जान्नुहुन्थ्यो । गुरुहरूलाई थाहा थियो कि आफ्ना शिक्षाहरू पवित्र शास्त्रअनुसार थिएनन् । येशूले उनीहरूका भन्दा बढ्ता आत्मिक कुराहरू

जान्नुहुन्छ भनी उनीहरूलाई थाहा थियो । तर पनि एउटा बच्चाबाट सिक्न उनीहरूले अस्वीकार गरे ।

"हामीहरू यहाँ सिकाउनका निम्ति छौं, त्यसकारण तिमीले सिक्नु आवश्यक छ," उनीहरू भन्थे । उनीहरूको अधिकारलाई नमानेको देखेर उहाँदेखि उनीहरू खुसी थिएनन् । जब उहाँले उनीहरूका कुरा मान्नुभएन, उनीहरूले युशुफ र मरियमलाई गुनासो गर्थे, दोष दिने गर्थे । उनीहरूले गर्दा येशू समस्यामा पर्नुहुन्थ्यो ।

सानै उमेरदेखि येशूले आफ्ना निम्ति सोच्नुहुन्थ्यो । परमेश्वरको वचनलाई सबैथोक अर्थात् आफ्ना आमा बुवाको आज्ञाभन्दा पनि माथि राख्नुभयो । तर गुरुहरूले उहाँको जीवन दुःखदायी बनाए । सानै उमेर भए तापनि उहाँले सबै चुपचाप सहनुभयो ।

युशुफका अरु छोराहरू युशुफका भाइहरू गुरुहरूका कुरामा सहमत थिए, ईश्वरले भन्नुभएअनुसार मानिसका चलनहरू मान्नुपर्छ भनी उनीहरू भन्थे तर येशूले खाली ईश्वरको वचन मात्र मानेको देखेर उनीहरू एकदम रिसाए । येशूले उनीहरूको पाठशालामा कहिल्यै नपढ्ने भए तापनि उहाँलाई धर्मको ज्ञान धेरै जानेकोमा, गुरुहरू आश्चर्यमा थिए ।

## येशूले सबैलाई ख्याल गर्नुभयो

येशूदेखि फरिसीहरू पनि रिसाए । उनीहरू र पुजारीहरू इस्रायलका अगुवाहरू थिए । उनीहरूको विचारमा पवित्रता भनेको जीवनभन्दा टाढाको कुरा थियो । पवित्रतामा हुनु भनेको सबैबाट छुट्टिएर रहेको ती सबैभन्दा माथिको कुरा भनि सोच्दथे ।

आफ्नो पवित्रतालाई लुकाउनुभन्दा येशू अरू मानिससँग बस्नुभयो । आवश्यकता परेकालाई मद्दत गर्नुभयो । उहाँले साँचो प्रकारको धर्म विशेष अवसरका लागि मात्र होइन भनी देखाउनुभयो । सबै ठाउँमा सबै समय अरूलाई मद्दत गर्दै रहनुभयो । त्यसले गर्दा फरिसी नराम्रो देखिए । उनीहरूको आराधना आफैमा पवित्र थिएन र समय बित्दै जाँदा येशूलाई उनीहरूको नियम मान्न कर लगाए । तर उहाँले नमान्नुभएको कारण उहाँलाई उनीहरूले घृणा गर्न थाले ।

जहिले पनि कसैको आवश्यकतामा देख्ता उहाँ मद्दत गर्नेलाई केही गर्नुभयो । उहाँसँग थोरै पैसा हुन्थ्यो । खाना खान नपाएकाहरूलाई आफ्नो भाग खाना दिनुहुन्थ्यो । जब अरू भाइहरूले पापी मानिस, आइमाइलाई र गरिब मानिसलाई गाली गरेको देख्नुहुन्थ्यो । केही समय निकालेर तिनीहरूलाई भेट्नुहुन्थ्यो र साहस दिनुहुन्थ्यो । उहाँले परमेश्वरको प्रेमका विषयमा कुरा गर्नुहुन्थ्यो र जब उहाँले मद्दत गर्नुहुन्थ्यो, उहाँका वचन उनीहरूले बिर्सेनन् ।

यस कुराले उनका दाजुहरूलाई एकदम रिस उठायो । उनीहरू ठूलो दाजु भएकाले उहाँले उनीहरूका वचन मान्नुपर्छ भनी उनीहरू चाहन्थे । उनीहरू भन्दा उच्च छु भनी उहाँले सोचेको भनी उनीहरूले विन्ती गरे । वास्तवमा उनीहरूले उहाँलाई गुरुहरू, पुजारी र शिक्षकहरूभन्दा बढ्ता बुद्धिमानी भन्यो भनेर दोष लगाएका थिए । जब उनीहरूले येशूलाई धम्की दिए, कठोर व्यवहार गरे, उहाँले त्यसलाई चुपचाप सहनुभयो ।

## येशूको पारिवारिक समस्या

येशूले उहाँका दाजुभाइहरूलाई प्रेम गर्नुभयो र दयाको व्यवहार गर्नुभयो । तर उनीहरूले उहाँको डाह गर्थे र त्यसैले उहाँलाई ईषसाथ व्यवहार गरेका  तिनीहरूले उहाँलाई चिनेनन् । उहाँको चरित्रसँग तिनीहरूको जीवनले मेल खाएको थिएन ।

उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो  र उहाँ एक असहाय वालक हुनुहुन्थ्यो । उहाँ संसारको सृष्टिकर्ता हुनुहुन्थ्यो पृथ्वीको मालिक हुनुहुन्थ्यो तर उहाँ सांसारिक जीवनमा धेरै गरिब हुनुहुन्थ्यो । उहाँसँग आदर र स्वयंलाई बुझ्ने आत्मा थियो । जुन अरू मानिसहरूको घमण्डभन्दा छुट्टै थियो। उहाँले प्रशंसा गरेको ठूलो बनाएको मन पराउनु भएन, उहाँ अरूलाई सेवा गर्दा खुसी हुनुहुन्थ्यो ।

यसले गर्दा उहाँका दाजुभाई रिस र द्विविधामा परे । यति धेरै कष्टहरू आउँदा पनि यति शान्त कसरी बनेको होला भनी उनीहरू चकित थिए । येशू उनीहरू जस्तो नहुनेभएकोले गर्दा उहाँलाई उनीहरूले राम्रोसँग बुझ्न सकेनन् । दाजुहरूले परमेश्वरका नियमभन्दा गुरुहरूका पछि लाग्ने निर्णय गरेका थिए । जुन नियमहरू संस्कारहरू उनीहरू मान्दथे, त्यसमा उनीहरूको जीवन बदल्ने शक्ति थिएन । उनीहरूले चलनमा आएका साना-तिना कुरालाई ध्यान दिएर पालना गरे तर न्याय र दया जस्ता ठूला कुरापट्टि ध्यानै दिएनन् ।

येशूको जीवन उनीहरूका निम्ति निरन्तर झन्झटको जीवन थियो । उहाँले संसारमा एउटा कुरालाई मात्र घृणा गर्नुभयो त्यो थियो- पाप । खराब कसैले गरेको देख्ता उहाँको चित्त दुख्थ्यो । किनकि येशूको जीवनले दुष्टतालाई दोष लगायो, उहाँलाई सबैतिरबाट हेपिनुपर्‍यो । उहाँको निस्वार्थ व्यवहारलाई रिस गरेर उहाँको दया र धैर्यतालाई चाहिँ डरपोकको संज्ञा दिए ।

येशूले जीवनका हरेक भिन्नताहरू चाख्नुभयो । धेरै मानिसहरूले उहाँको जन्मको विषयलाई लिएर उहाँलाई दोष लगाए र भने कि उहाँ एक विवाह नै नगरेकी महिलाबाट जन्मनुभएको थियो । यदि उहाँले उनीहरूलाई कडा हेराइले हेरेको मात्र भए तापनि उहाँको जन्मप्रति उहाँ हाम्रा निम्ति पूर्ण

उदाहरण हुनुहुनेथिएन । हामीलाई बचाउन उहाँको उद्देश्यमा उहाँ चुक्नुहुन्थ्यो । यदि उहाँले एउटा पापचाहिँ गरे हुन्छ भनी सहमत भएको भए सैतानले उहाँलाई सधैँको निम्ति लिन सक्थे । संसार सधैँका निम्ति नाश हुन्थ्यो । यही कुराको सम्भावना देखेर सैतानले उहाँको जीवनलाई सक्दो कष्टप्रद बनायो । तर जति पटक उहाँमा परीक्षा आउँथ्यो उहाँको एउटै जवाफ हुन्थ्यो, "परमेश्वरको वचनले यस्तो भन्छ ।"

खराब कार्य गर्न लाग्दा येशू दाजुहरूसँग सम्मानित नहुनु भएको देखेर उहाँलाई डरपोक भने, उहाँको जवाफ थियो, "ईश्वरको भय मान्नु बुद्धिको सुरुवात हो, खराबीबाट टाढा रहनु समझ शुद्धि पाउनु हो" (अध्यूब २८:२८)

कोही मानिसहरू येशूसँग बस्न मन पराउँथे तर धेरैले उहाँको सरल जीवनद्वारा उनीहरू पनि खराब देखिने कारणले गर्दा नजिक आउन हिचकिचाउँथे । कहिलेकाहीँ उहाँका साथीहरूले उनीहरूको रमाइलोमा सम्मिलित हुन कर गर्थे । वास्तवमा उनीहरू उहाँलाई मन पराउँथे तर उहाँलाई कडा र अडिग भन्ने गर्थे । त्यसमा उहाँको जवाफ हुन्थ्यो । " एउटा जवान मानिसले आफ्ना चाल-चलनहरू कसरी चोखो राख्न सक्छ ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो । तपाईंका विरुद्धमा पाप नगरूँ भनेर तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।"

प्रायः उहाँलाई सोधिन्थ्यो, "किन तपाईं हामी सबैभन्दा छुट्टै हुन चाहनुहुन्छ ?" परमेश्वरको वचनले भन्दछ, उहाँले जवाफ दिनुभयो, " जसले पवित्र जीवन बाँचेका छन्, परमेश्वरका वचन मान्दछन् उनीहरू नै खुही हुन्छन् । उहाँका नियम मान्नेहरू धन्य छन् जसले उहाँलाई पूर्ण हृदयले मानेका छन् । (भजन संग्रह ११९:१,२)

येशूले आफ्ना अधिकारका निम्ति उनीहरूसँग लड्नुभएन । सबैले भनेको मान्ने र गनगन गर्ने भएकाले प्रायः उहाँको काममा कठिन हुने गर्दथे । उहाँ निरुत्साह हुनुभएन न त उहाँलाई चोट पुऱ्याउनेलाई हात नै फर्काउनुभयो । उहाँ छुट्टै प्रकारको संसारमा परमेश्वरको उपस्थिति रहेको संसारमा रहने गर्नुहुन्थ्यो । धेरेपटक उहाँलाई सोधिन्थ्यो, " किन तिमीले अरूले, आफ्नै दाजुहरूले पनि यस्तो गरेको सहिरहन्छौ ?" उहाँको जवाफ "मेरो बालक, मेरो शिक्षा नबिर्स मेरा आज्ञाहरू दिमागमा राख । अनि तिमी दिर्घायु हुनेछौ । तिम्रो जीवनले सफलता पाउनेछ । दया र सत्यलाई कहिल्यै नबिर्स । यसलाई हारमाला जस्तै लगाई राख । तिम्रो हृदयको पानामा लेखी राख । अनि तिमीलाई आदर गरिने छ । परमेश्वर र मानिसलाई प्रसन्न पार्नेछौ ।" हितोपदेश ३:१-४

# येशू भिन्न हुनुहुन्थ्यो

जब युशुफ र मरियमले येशूलाई मन्दिरमा भेटे, त्यसैबेलादेखि उहाँको व्यवहारले उनीहरूलाई आश्‍चर्य बनायो । उहाँ एकदम छुट्टै देखिनुभयो । जब उहाँ वनमा, खेतमा परमेश्‍वरसँग कुरा गरेर समय बिताउनुहुन्थ्यो । त्यसबेला उहाँ सबभन्दा खुसी देखिनुहुन्थ्यो । बिहान पख कहीँ एकान्तमा गएर उहाँ वचन पढ्नुहुन्थ्यो, ध्यान र प्रार्थना गर्नुहुन्थ्यो ।

उहाँले आमालाई सधैँ प्रेम र आदरको व्यवहार गर्नुभयो । मरियमले हृदयमा उनले आफ्नो छोरा प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ भनी विश्‍वास गरिन् ।

तर यो कुरा उनले अरुलाई भन्ने आँट गरिनन् । जब उहाँले दुःख पाउनु भएकोमा उनी जीवनभर दुःखित भइन् । अरुले उहाँलाई कस्तो व्यवहार गरेको थियो । सबै देखिन् तर उहाँलाई बचाउन जाँदा बीचमा रोकिएकी हुन्थिन् । उनलाई घरको व्यवहार र आमाको स्नेहले बच्चाको चरित्र बनाउन कतिको महत्वपूर्ण कुरा छ, त्यो सब थाहा थियो । घरमा येशूको कस्तो प्रकारको चरित्र निर्माण भइरहेछ भनी उनी चिन्तित भएको थाह थियो, त्यसैले यसप्रति येशूलाई नियन्त्रण गर्न उनीहरूले खोजे ।

मरियमले धेरै पटक येशूलाई गुरुहरूका नियमहरूपालना गर्न कर गरिन् । तरै पनि उनले परमेश्‍वरसँग एकान्तमा बिताउने समय छोड भन्न सकिनन् र उहाँले आवश्यक मानिसलाई र जनावरलाई देखाउने कार्य र प्रेम नगर भन्न सकिनन् । गुरुहरूले येशूलाई नियन्त्रण गर्ने जब मरियमको सहायता मागे उनी रिसाइन् । उहाँको कार्यका विषयमा जब वचनद्वाराव्याख्या गर्नुभयो, उहाँको हृदय शान्तिले भरिन्थे ।

उहाँका दाजुहरूले उहाँ मसीह हुनुहुन्छ भनेर विश्‍वास नगरेको देखेर कहिले काहीँ उनलाई पनि शंका लाग्दथ्यो । तर पूरा प्रमाण त्याहाँ थियो । उहाँले आफूलाई अरूका निम्ति बलिदान दिइरहेको उनले देखिन् । उहाँको उपस्थितिले उनीहरूको घर-सहर एउटा शान्तमय ठाउँ बनेको थियो । उहाँ दैनिक रुखा, विचारहीन र दुष्ट मानिसहरूसँग हिँडडुल गर्नुभयो । उहाँले सिपाहीहरूसँग उठबस गर्नुभयो । सामरी किसानहरूसँग काम गर्नुभयो । उनीहरूका गह्रौं बोझ बोक्न मद्दत गर्नुभयो, र उत्साहका बोली बोल्नुभयो । अनि उहाँले कसरी परमेश्‍वरको प्रेम र दयाको विषयमा केही सिक्नुभयो, त्यो बताउनुहुन्थ्यो ।

मानिसहरूलाई परमेश्‍वरले प्रशस्त दक्षता दिनुभएको कुरा येशूले बताउनुभयो । उहाँले आफ्नो प्रत्येक जीवनचर्याद्वारा प्रत्येक घडी महत्वपूर्ण छ भनी बताउनुभयो । प्रत्येक घडी एक अनमोल हो र त्यसलाई कसैको जीवन राम्रो बनाउनका निम्ति प्रयोग गर्न सकिन्छ, त्यसबाट स्वर्गतिरको बाटो नजिक्याउन सकिन्छ भनी उहाँले देखउनुभयो ।

उहाँले कडा र प्रतिकार गर्ने मानिसलाई पनि परमेश्वरमा विनम्र हुन सकिन्छ र परमेश्वरको आज्ञाकारी छोराछोरी हुन सकिन्छ भनी सिकाउनुभयो । जो व्यक्तिहरू सैतानको पञ्जामा पूरा रूपले परेका थिए र उम्कने कुनै उपाय त्यहाँ थिएन, उनीहरूलाई पनि उहाँले कोमल तरिकाले र दयासहित मद्दत गर्नुभयो । सैतान र दुष्टतासँग युद्धलडिरहेकाहरूलाई साहस दिँदै भन्नुभयो कि उनीहरूको पक्षमा स्वर्गदूतहरू लडिरहेका हुनाले उनीहरूको विजय निश्चय थियो । जसलाई उहाँले मद्दत गर्नुहुन्थ्यो तिनीहरूको उहाँलाई पूरा रूपले विश्वास गर्न सकिन्छ भनी माने ।

येशूले मानिसका मन र आत्मालाई मात्र जाति पार्नुभएन । उनीहरूको शरीरलाई पनि उहाँले जाति पार्नुभयो । उहाँले आश्चर्यकर्म गर्दै हुनुहुन्छ भनी कसैले सोचेनन् तर उहाँको दयालु वचनहरू र प्रेमिलो व्यवहारले जाति हुने कारणहरू थिए । जाति पार्न सक्ने उहाँको प्रेम बिरामी र घाइतेसम्म पुग्यो । यसरी चुपचाप तरिकाबाट उहाँको बाल्यअवस्थादेखि नै उहाँले मानिसहरूलाई मद्दत गर्नुभयो ।

बच्चा अवस्थामा, युवा अवस्थामा र जवान अवस्थामा उहाँ एक्लै हिँड्नुभयो । उहाँ विश्वासिलो र शुद्ध हुनुहुन्थ्यो, उहाँसँग उहाँमात्र सारा संसारको आशाको केन्द्रबिन्दु हुनुहुन्छ भन्ने ज्ञान थियो । मानिसको साँचो प्रकारबाट आफैलाई बदलेनन् भने उनीहरु नाश हुनेछन् भनी उहाँ जान्नुहुन्थ्यो । त्यो समभ्कलाई अरु कसैले बुभ्कन वा देख्न सकेनन् । मानिसलाई बचाउन जे जस्तो मूल्य पनि चुकाउने निश्चित गरेर, येशू आफ्नो कार्यमा लगिरहनुहुन्छ ।

# १० मरुभूमीमा आवाज

*"पश्चात्ताप गर किनकि स्वर्गको राज्य नजिक आएको छ " मत्ती ३:२*

धेरै मानिसहरूमा परमेश्वरको राज्यको विषयमा चासो हराए तापनि इस्रायलमा केहि मानिसहरू थिए जसले मसीहको आगमनलाई बाटो हेरेर पर्खिरहेका थिए । यीमध्ये जकरिया र उनकी श्रीमती इलिजावेथ थिए र उनीहरूको शान्त र शुद्ध प्रकारको जीवन बिताइरहेका थिए र उनीहरूको विश्वास त्यो समयको अन्धकारको बीच तारा जस्तै चम्किरहेको थियो । यी विश्वासी दम्पतीलाई एउटा छोरो दिइने प्रतिज्ञा गरिएको थियो, जसले मसीहको बाटो तयार पार्ने थियो ।

जकरिया यहूदाका राज्यमा बस्थे तर उनी जेरुसलेममा मन्दिरको सेवकाई कार्यमा थिए । त्यो समय उनलाई पवित्रस्थानमा रहेको सुनको धुपौराको धुप बाल्ने कामका निम्ति छानिएको  थियो । जब धुप बल्यो, मिठो वास्ना बादलजस्तै बनेर स्वर्गतिर, परमेश्वरको अगाडि पुग्यो । विधिअनुसार इस्रायलीको प्रार्थना धुपसँग माथितिर गयो ।

जब जकरिया प्रार्थना गर्दै थिए, उनलाई लाग्यो कि केहि अद्वितीय शक्ति उनको समीपमा छ । वेदीको नजिकै एक स्वर्गदूत उभिएका थिए । वर्षौंदेखि जकारियाले मसीहको आगमनका निम्ति प्रार्थना गरिररेका थिए । स्वर्गदूत त्यहाँथिए । आश्चर्य र विस्मित भएर जकारिया वेदी पछाडि लुक्न गए ।

स्वर्गदूतले उनलाई भने, "नडराउ जकारिया, किनभने तिम्रो प्रार्थनाको सुनवाई भएको छ । अब तिम्रो पत्नी एकिशीवाले तिम्रा निम्ति एउटा छोरो जन्माउनेछिन् र तिमीले तिनको नाउँ यूहन्ना राख्नू । तिमीहरूलाई प्रफुल्लता र आनन्द हुनेछ र धेरै जना रमाउनेछन् किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन् ।" (लुका१:१३-१५)

स्वर्गदूतले त्यो बच्चा जन्मदेखि नै पवित्र आत्माले भरिने कुरा उनलाई बताए । कसरी बच्चालाई हुर्काउनुपर्छ भन्ने विषयमा विशेष सल्लाह दिइयो  र उसलाई एउटा विशेष कार्य सुम्पिनुपर्ने थियो । यसैयाको शक्तिसहित उनले मानिसहरूलाई मसीहको आगमनका निम्ति तयार पार्नु थियो ।

## जकारियाको शंका

जकरियाले सोधे, यो कसरी सम्भव होला, म बूढो भइसकेँ र मेरी श्रीमती पनि बूढी छिन् । जकरिया क्षणिक कमजोरीमा थिए । उनलाई

अब्राहमको कथा थाहा थियो । बूढो उमेरमा अब्राहम बाबु बनेका थिए, किनकि परमेश्वरले भनेको कुरामा उनले विश्वास गरे । परमेश्वरले भन्नुभएपछि त्यो अवश्य हुन आउनेछ भन्ने कुरालाई जकरियाले बिर्सिए ।

जकरियाको छोराको जन्म जस्तै अब्राहमको छोराको जन्मले हामीलाई पाठ सिकाउँदछन् । यिनले गहिरो आत्मिक शिक्षा दिन्छन् कि हामी आफु केहि कुराको निम्ति पनि सक्षम छैनौँ । परमेश्वरको शक्तिमा विश्वास राखेको खण्डमा हामीले गर्न नसक्ने कामहरू गरिनेछन् । विश्वासद्वारा अब्राहमले प्रतिज्ञा गरिएको छोरा जन्मनेछ भनी मानिलिए । विश्वासद्वारा हामीहरू परमेश्वरमा पुनजिर्वित पारिनेछौँ, येशूको बाटोमा हिँड्न सक्नेछौँ भनी मानिलिन सक्छौँ ।

स्वर्गदूतले जकरियालाई जवाफ दिए "म गब्रियल हुँ, म परमेश्वरको सामुन्ने उभिरहन्छु । तिमीसँग कुरा गर्न र यो खुशीको समाचार सुनाउन म पठाइएको हुँ" । (लुका १:१९)

त्यो घटनाको ५०० वर्ष पहिला त्यही स्वर्गदूतलाई मसीहको आगमनको सुसमाचारको विषयमा व्याख्या गर्न दानियलको नजिक पठाइएको थियो । जकरियाले यी भविष्यवाणीहरू अध्ययन गरेका थिए । उनलाई थाहा थियो, कि समय नजिकै थियो । उनले त्यो दिनको छिटो आगमन होस् भनी प्रार्थना गरेका थिए । अहिले तिनै स्वर्गदूतले भविष्यवाणी बोलेका थिए उनी नै फर्केर आएर समय आएको कुरा बताउँदै थिए - मसीह छिटै आउँदै हुनुहुन्थ्यो ।

मन्दिरको अगाडि मानिसको भीड पुजारीको आशिष्लाई पर्खेर बसेको थियो । जकरिया त्यती बेरसम्म भित्र रहेकामा उनीहरूलाई डर लाग्न लागेको थियो । उनीहरू भन्न थाले, "सायद जकरियासँग वा हामीसँग परमेश्वर रिसाउनुभएको छ, जकरिया भित्रै मरे कि"।

जब जकरिया बाहिर निस्के उनको अनुहार परमेश्वरको महिमाले प्रज्वलित भएको थियो । उनले दर्शन देखेछन् भनी मानिसहरूले सोचे । जकरियाले आफ्नो मुख खोलेर मानिसहरूलाई आशिष् दिन खोजे तर एक शब्द पनि बाहिर निस्किएन । स्वर्गदूतका वचनमा अविश्वास गरेको कारण परमेश्वरले उनको बोल्ने शक्तिलाई बच्चा नजन्मनुन्जेलसम्मका लिनुभएको थियो । अन्तमा उनले के देखेका थिए त्यो कुरा मानिसलाई बताउन सके । चुपचाप उनले मन्दिरको कामहरू सिध्याए र उनी घर फर्के ।

छिट्टै प्रतिज्ञा गरिएको बालकको जन्म भयो, त्यसपछि जकरिया फेरि बोल्न सक्ने भए । उनले परमेश्वरको प्रशंसा गर्दै बताए कि मसीह आउँदै हुनुहुन्थ्यो र उनका छोराले उहाँको बाटो तयार पार्न मद्दत गर्नुहुनेछ । उनका साथी र छिमेकीहरूले उनका यी कुरा सुने उनीहरूले अरूहरूलाई भने । छिटै यहूदाको गाउँभरि कस्तो प्रकारको मनिस यूहन्ना हुन्छन् होला भनी चर्चा

चल्न थाल्यो । उनले मसीहको बाटो तयार पार्ने भनिएकाले मानिसहरूले मसीहको आगमनका विषयमा सोच्न थाले ।

“त्यसपछि बच्चा बढ्दै गए र आत्मा बलवान् हुँदै गए । यूहन्ना इस्रायलीकहाँ प्रचार गर्न आउनुअगाडि उजाड स्थानमा बस्दै गरे ।” (लुका १:८०) यूहन्नालाई मानवजातिलाई दिइएको काममध्ये सबभन्दा महत्वपूर्ण काम दिइएको थियो । मानवजातिको जीवन बदल्ने प्रकारको समाचार उनले भन्नुपर्ने थियो । परमेश्वरको पवित्रताका झलक उनले देखाउनु थियो । परमेश्वर के चाहनुहुन्छ त्यो बुझाउनु थियो ।

यो समाचार बहन गर्न उनी आफै पनि पवित्र हुनुपर्ने थियो । पवित्र आत्मा उनको हृदयमा बस्नुपर्ने थियो । शारीरिक आत्मिक र मानसिक रूपमा उनी बलियो हुनुपर्दथ्यो । उनमा आत्मनियन्त्रण हुनु जरुरी थियो, खानपिन र लोभ आदिलाई बसमा राखेर पहाडका चट्टान र उनी बसेका उजाडस्थानको पहाड जस्तै उनी अटल रहनु जरुरी थियो ।

ती दिनमा इस्रायलीहरू धनी बन्ने र विलाशपूर्ण जीवन बिताउने धुनमा थिए । उनीहरूको शारीरिक सुखविलाशको इच्छा, धेरै भोज र पियक्कडपनले गर्दा उनीहरू कमजोर, बिमार थिए । आत्मिक कुरा लिन उनीहरूको मस्तिष्क मन्द भएको थियो । पापपूर्ण कार्यहरू उनीहरूलाई बढी रोज्न मन लाग्थ्यो ।

यूहन्ना सुधार गर्ने व्यक्ति थिए । यस्तै बन्नका निम्ति स्वर्गदूतले उनका आमाबुवालाई शिक्षा दिएका थिए । उनको साधारण जीवन साधारण कपडा, रक्सी नपिउने बानी भएकाले ती दिनहरूमा बढ्दै गएको पापको विरुद्ध उनी बोले, साना केटाकेटी र युवाहरूले अनुशासन र आत्मसंयमको पाठ सिक्नु एकदम जरुरी थियो । अरू व्यक्तित्व भन्दा बढ्ता सानो उमेरमा बनाइएका बानीहरूले भविषमा सफल हुने वा असफल हुने लडाइँ हार्ने कि जित्ने भन्ने कुराको निर्धारण गर्नेछन् ।

सानो उमेरमा छरिएका यस्ता बिजले व्यक्ति वयस्कमा र अनन्तका लागि कस्तो फल काट्नेछ भन्ने कुराको निर्णय गर्नेछ । यूहन्नाले येशूको पहिलो आगमनको तयारी गरे । येशूको दोस्रो आगमनका निम्ति कार्य गर्नेहरूका निम्ति यो राम्रो उदाहरण हो । आज संसार गलत कुराले, झुठले भरिएको छ । मानिसका आत्मालाई जालमा पार्न र नाश गर्ने सैतानका जाल चारैतिर फैलिएका छन् । जसले पवित्र हुने निश्चय गरेका छन् आज्ञाकारी र परमेश्वरको आदर गर्नेछन् । उनीहरूले आत्मनियन्त्रण गर्नुपर्छ । उनीहरूमा कुनै लागुपदार्थको तलतल जस्तै त्यसपट्टी लागिरहनुपर्दछ । यस्तो प्रकारको आत्मसंयमले आत्मिक शक्ति दिन्छ र परमेश्वरको वचन मान्न समझशक्ति दिनेछ ।

साधारणतया जकरिया छोरालाई बाबुको जस्तै पुजारी कार्यमा शिक्षा र तालिम दिइनुपर्ने थियो । तर त्यस्तो पढाइले उनलाई यो काम गर्न रोक्न सक्थ्यो । बदलामा यूहन्नालाई परमेश्वरले उजाडस्थानमा प्रकृतिबाट पाठ सिक्न बोलाउनुभयो ।

## यूहन्नाको असाधारण शिक्षा

यूहन्ना एकान्त ठाउँ र पथरिला गुफातिर बस्ने गर्थे । उनले घरको विलासपूर्ण जिन्दगी छोडेर जंगलको जीवन रोजे । यस्तो वतावरणले उनलाई अनुशासित आशारहित हुन र आत्मनियन्त्रण गर्न मद्दत पुऱ्यायो । संसारकै हुलबाट टाढा रहेर उहाँले प्रकृति र वचनबाट पाठ सिक्नुभयो । उनले परमेश्वरका विषयमा सिके ।

यूहन्नाका आमाबुवाले प्रायः उनलाई स्वर्गदूतले भनेका कुरा दोहोऱ्याएर सुनाए र उनलाई दिएको कार्य यूहन्नाले स्वीकार गरे । आफ्नो एकान्त जीवनप्रति उनले पछुताव गरेनन् । उनका निम्ति अविश्वासी र आशारहित दुष्टतासहित समाजको जीवनभन्दा त्यही एकान्तको जीवन राम्रो थियो । उनले आफ्नो शक्तिका भरमा परीक्षाबाट छुटकारा पाउन सकिन्न भन्ने सत्यतालाई बुझेका थिए । त्यसकारण त्यस्तो पापी जीवनबाट सकेसम्म आफूलाई टाढा राखे । पापको कारण मानिसलाई हुने कष्ट र पाप कति नराम्रो छ भन्ने कुरालाई उनी बिर्सन चाहन्थे ।

यूहन्नाले सबै समय एक्लै आराधना गरेर बिताएनन् । समय-समयमा उनी मानिसहरूलाई भेट गर्थे र समाजमा के भइरहेछ भन्ने कुराका बारेमा जानकारी राख्थे । उनले मानिसको अध्ययन गरेर पवित्रआत्माद्वारा कसरी स्वर्गको सुसमाचार सहित उनीहरूको मनसम्म पुग्न सकिन्छ भन्ने कुरो अध्ययन गरे । त्यसपछि उनी फेरि एकान्त ठाउँतिर नै आए र आफैलाई यो सब गर्नका निम्ति तयार बनाउन थाले ।

मरूभूमिमा पनि यूहन्नालाई पाप गर्न परिक्षा आयो । सकेसम्म उनले सैतानबाट आउने सबै बाटो काटिदिए । आत्मिक दृष्टिको एउटा बलियो चरित्रमा आफलाई विकास गरे । पवित्र आत्मामा पूरा भरोसा गरेर सैतानको प्रतिकार गर्न सके ।

जसरी मोशा मादिहरूको पहाडहरूमा भए जस्तै यूहन्ना जङ्गलमा बसे त्यहाँबाट परमेश्वरको शक्ति र सामर्थ्यका विषयमा बोले । त्यो जङ्गलले पनि इस्रायलीहरू चुकेको कुरा बोल्थ्यो । परमेश्वरका जन, उहाँका दाखवारी, आत्मिक रूपमा त्यही मरूभूमि जस्तो भएको थियो । यूहन्ना बसेको माथिको आकाश अझै चम्किलो र उज्यालो थियो । अँध्यारो बादलमाथि चम्किएको इनद्रधनुषले परमेश्वरको प्रतिज्ञा स्वरूप इस्रायलका भविष्य, मसीहको आगमनको प्रतिज्ञा गर्दथ्यो । चुपचाप तर खुल्दुलीसाथ मसीहका विषयमा बताइएका हरेक नयाँ कुराहरू उनी वचनमा खोज्दथे । दाउदको सिंहासनमा

कोही भएकै समय प्रतिज्ञा गरिएको मसीह आउँदै हुनुहुन्थ्यो । रोमी शासक दरबारमा भएको देखेर यूहन्नाले मसीहको आगमन छिट्टै हुनेछ भनी निर्णय निकाले ।

## मसीहको तस्वीर

यूहन्नाले मसीहको बारेमा यशैयाको पुस्तकमा अध्ययन गरे । "यसरी रूखको एउटा हाँगा धार्मिकताको राजा, थाकेको मरूभूमिमा छायाँ दिने ठूलो चट्टान । यशैयाले परमेश्वरलाई मन पर्ने राज्य इस्रायली फेरि कसरी हुनेछ भनी बताएका छन् ।

यूहन्नाले यशैयाका वचनद्वारा आउनेवाला राजाका तस्वीरका विषयमा अध्ययन गरे र उहाँको आगमन बताउनलाई भन्न हिचकिचाएनन् । उनी मानव जातिसँग डराउँदैनथे । किनकि उनले परमेश्वरको एक झझल्को पाएका थिए । उनी संसारका राजासँग निर्भयसाथ खडा रहन्थे किनकि उनले स्वर्गको राजा सामु शिर निहुराएका थिए ।

मसीहको लक्ष्यलाई पूरा रूपमा नबुझेको यूहन्नाले इस्रायलीहरूलाई येशूले रोमीबाट मुक्त गर्नुहुन्छ भनी सोचेका थिए । उनको ठूलो आशा यसैमा थियो । मसीह एक धर्मी राजा हुने हुनाले इस्रायली राज्यलाई पवित्रतातर्फ डोऱ्याउने राजा हुनेछ ।

यूहन्नाले बुझेका थिए कि इस्रयलीहरू छलमा परेका छन्, उनीहरूको पापपूर्ण बेखुशीको जीवनमा असन्तुष्ट थिए । उनीहरूका लागि धेरै कुरा गर्न उनी चाहन्थे ।

परमेश्वरले उनलाई दिएको समाचार उनीहरूको दृष्टता अगाडि ल्याइदिने प्रकारको थियो । सुसमाचारको बिउ छरिनु अगाडि उनीहरूको हृदय खनजोत गरेर ठीक पारिनुथियो । येशूले तिनिहरूका हृदय जाति पार्नु अगाडि उनीहरूले आफ्ना पापको कारण लागेको घाउलाई बुझ्नुपर्ने थियो ।

पापीहरूलाई खुशीको सन्देश परमेश्वरले दिनुहुन्न । उनीहरूको अन्तरआत्मामा बिउँझाउन र साँचो परिस्थिति बोध गराउन येशू बोल्नुहुन्छ । जब स्वर्गदूतहरूले न्यायको विषयमा बोल्दछन् । मानवले आफ्नो आवश्यकता बुझ्दछन् । उनीहरू "म कसरी मुक्ति पाउन सक्छु" भन्ने प्रश्न गर्न थाल्छन् । अनि यदि उनीहरूले यस्तो प्रश्न गरे भने स्वर्गदूत, जसले येशूतिर देखाएका थिए, उनीहरूलाई उनले नयाँ जीवन दिन उठाउँछन् ।

## शासन परिवर्तनको अन्त्य

जब यूहन्नाले आफ्नो काम सुरु गरे त्यसबेला त्यस देशहरूमा शासकको परिवर्तन भइरहेको थियो । आर्किलियस भन्ने स्थानीय राजालाई उसको अफिसबाट निकालिएको थियो । अनि यहूदा सिधै रोमको अधीनमा

थियो । निष्ठुर रोमी शासकहरू यहूदामा रोमी विचार र चालचलन कायम राख्ने निर्णयमा पुगेका थिए । त्यसले गर्दा धेरै विरोधी यहूदीहरूलाई एकदम रिस उठाएको थियो । पहिलाको भन्दा धेरै ज्यादा रोमीहरू शासकहरूलाई घृणा गर्न थाले र उनीहरूको नियन्त्रणबाट छुटकारा पाउन चाहे ।

यो सब घृणा र दुःखको समयमा एउटा आवाज, आशा सहितको आवाज घन्कियो । "पश्चात्ताप गर बाँच, किनकि स्वर्गको राज्य आएको छ । ( मत्ती ३:२)

अचम्मको शक्तिसाथ यो आवाजले मानिसलाई छोयो । उहाँले मसीहको आगमनका बारेमा बताएका कुरा असम्भव भविष्यमा घट्ने घटना जस्तै लाग्थे । तर त्यो भविष्यवाणीले यो कुरा अहिले नै भइरहेको छ भनी भन्यो ।

जसले भविष्यवक्ताका कुरा, विशेष एलियाका कुरा सुनेका थिए, उनीहरूलाई यूहन्नाले सम्झाए । यूहन्नाले आफ्नो देश पापको दलदलमा फसेको कुरा सम्झाए । साधारण र विश्वासयोग्य तवरले उनले मानिसका पापहरू देखाइदिए । सारा देश छक्क पर्‍यो । चारैतिरबट मानिसहरू उनलाई सुन्न आए ।

यूहन्नाले प्रतिज्ञा गरेको व्यक्ति आउँदै हुनुहुन्छ भनी बताए । पश्चात्ताप गर्न उनले आव्हान गरे । जसले पापहरू त्यागे, उनीहरूलाई उनले चाँडै नै बप्तिस्मा दिए । उनको बप्तिस्माले मानिसलाई यही बतायो कि परमेश्वरले छानेको जाति पनि उनीहरू नै थिए । जबसम्म उनीहरूको मन र शरीरबाट पाप धोइँदैन तबसम्म उनीहरू मसीहको राज्यमा प्रवेश पाउन सक्दैनथे ।

राजकुमारहरू, गुरुहरू, सिपाहीहरू र किसान सबैजना उनका कुरा सुन्न आए । सुरुमा परमेश्वरको भययुक्त चेतावनीले उनीहरूलाई सचेत गरायो । धेरैले पश्चात्ताप गरे । अरू फरिसीहरू र धार्मिक नेताहरू पनि आ-आफ्ना पापको प्रायश्चित गर्न र बप्तिस्मा लिन आए जो साधारण मानिसभन्दा आफैलाई धार्मिक ठान्थे । यूहन्नाले उनीहरूका गोप्य पापहरू उदाङ्ग पारिए । तर पवित्र आत्माले यूहन्नालाई भन्नुभयो कि तीमध्ये धेरै मानिसहरूलाई बदला लिने कुनै चाहना थिएन पापका विषयमा केहि बोझ थिएन । उनीहरू भविष्यवक्ताको साथी हुन चाहन्थे, ताकि मसीहका अगाडि उनीहरूले बलियो प्रभाव पार्न सकून् । उनीहरूलाई निश्चत थियो कि एउटा जवान प्रचारकबाट बप्तिस्मा लिएर उनीहरूले मानिस माझ प्रभाव पार्न सक्नेछन् ।

## यूहन्नाले छल गर्ने व्यक्ति देखाउँछन्

जो- जो इमानदार थिएनन्, उनीहरूलाई साँचो कुरा भन्न यूहन्ना हिच्किचाएनन् । "तिमी सर्पका बच्चाहरू । के हुँदैछ भनेर तिमीलाई कसले

बतायो । यदि तिमीहरूले वास्तविक पश्चात्ताप गरेका भए, त्यो तिमीहरूका काममा अवश्य देखिन्थ्यो । तिमीहरू अब्राहमका सन्तान भएको कारणले गर्दा सुरक्षित छौ भनेको कुरा कहिल्यै नसम्झी परमेश्वरले पत्थरबाट अब्राहमका सन्तान निकाल्न सक्नुहुन्छ ।

यहूदीहरूले बुझेका थिए कि इस्रायल सधैँ भरि चुनिएको जाति रहनेछ । उनीहरू अब्राहमका सन्तान भएको कारणले गर्दा त्यो प्रतिज्ञा उनीहरूका निम्ति थियो । विगतमा परमेश्वरले उनीहरूलाई आशिष् दिनुभएको थियो तर उनीहरू आफ्ना पापप्रति सजग भएनन् । उनीहरूले आफुलाई अन्य जातिभन्दा भिन्दै र अन्य जाति भन्दा असल जाति भनी माने । आशिष्को भागिदार यूहन्नाले ती अगुवा र शिक्षकहरूलाई उनीहरूको पापको कारणले गर्दा उनीहरूलाई यति धेरै आशिष् दिनुभएको थियो तर उनीहरूले आफैलाई अरूभन्दा उच्च ठानेकाले अरू जातिभन्दा तिनीहरूको हालत खराब थियो । आफू कहाँबाट आएको त्यसलाई उनीहरूले बिर्सेका थिएनन् परमेश्वरले अब्राहमलाई अन्यजातिबाट बोलाउनुभएको थियो, त्यसै गरेर उनीहरूलाई पनि बोलाउन सक्नुहुन्थ्यो ।

यूहन्नाले रूखलाई मात्र होइन तर राम्रो फलका कारण रूखलाई महत्व दिइन्छ भनी बताए । यदि वृक्षले राम्रो फल दिएन भने त्यसलाई काटेर अर्को रूख त्यस ठाउँमा लगाइन्छ । यूहन्नाले मानिसले भने जस्तो ऊ हुने छैन भनी सम्झना गराए । यदि परमेश्वरलाई मन पर्ने प्रकारको जीवन र चरित्र मानिसमा छैन भने त्यो जाति परमेश्वरका मानिस हुन सक्तैन ।

धेरै मानिसले उनका कुरा सुने र विश्वास गरे । तिनीहरूले सोधे, “अब हामीले के गर्नु पर्‍यो त ?”

उनीहरूलाई यूहन्नाले भने कि साँचो प्रकारले मसीहको संगति र उहाँको पछि लाग्नाले जीवनमा परिवर्तन आउनेछ । इमानदारिता र न्याय त्यहाँ देखिनेछ । दया र प्रेमसहित उनीहरूले कमजोर र आवश्यकतामा परेकालाई मद्दत गर्नेछन् ।

यूहन्नाले उनीहरूलाई पानीले बप्तिस्मा दिनुभयो तर आउनेवाला मसीहले उनीहरूलाई आगोले बप्तिस्मा दिनुहुने थियो- त्यो पवित्र आत्माको बप्तिस्मा त्यो थियो । उक्त आगोले कसरी परमेश्वरले उनीहरूको जीवनको पापहरू जलाउन सक्थ्यो ? त्यसको संकेत आगो थियो ।

तर यदि उनीहरूले पापबाट छुटकारा लिन चाहेनन् भने, त्यही आगोले एकदिन उनीहरूलाई जलाउने थियो । यसरी अन्त्यको समयमा प्रभु येशू आउनुभन्दा परमेश्वरबाट टाढा भएकाहरूको नाश हुनेछ । जसले आफ्नो मनमा पाप पालिराखेका हुन्छन् उनीहरूको पाप र शरीरलाई येशूको महिमामय प्रकाशले जलाएर नाश गर्नेछ ।

यूहन्नाको समयमा येशू देखा पर्न आउनुभएको थियो र मानिसलाई परमेश्वर कस्तो हुनुहुन्छ भनी देखाउँदै हुनुहुन्थ्यो । येशूको अगाडि मानिसहरूले आफ्ना पापपूर्ण बानीहरू लुकाउन सक्ने छैनन् । यदि उनीहरू आफ्ना पापहरू छोडे भने मात्र साँचो रूपमा उहाँलाई पछ्याउन सक्थे ।

यसकारण यूहन्नाले परमेश्वरको समाचार इस्रायलीहरूलाई बताए । धेरैले सुनेर विश्वास गरे र उनीहरूसँग भएका सबैथोक छोडेर उनका पछि लागे । उनी जता जान्थे त्यतै ठूलो भीडपछि लाग्यो । धेरैले उनी नै मसीह हुन् भनी आशा गरे तर यूहन्नाले सधैं उनीहरूलाई प्रतिज्ञा गरिएको तिर इंगित गरे । जो छिट्टै आउँदै हुनुहुन्थ्यो ।

# ११ येशूको बप्तिसमा

*"यिनी मेरा प्रिय हुन्, यिनीसँग म अति प्रसन्न छु ।" मत्ती ३:१७*

उजाड स्थानका भविष्यवक्ताको समाचार र उनले भनेका कुराहरू सारा गलिलभरि फैलियो । साना डाँडाहरूमा बस्नेहरू र मछुवाहरूमा फैलियो । यो नाजरथमा पनि पुग्यो, सिकर्मीका घरमा पनि यी कुराहरू ओइरिए । जब येशूले यूहन्नाले भनेका कुराहरू सुन्नुभयो, उहाँले आफ्नो औजार छोड्नुभयो । आमा-बुवासँग बिदा लिएर र भीडसँग सँगै यर्दन नदीतर्फ लाग्नुभयो ।

येशू र यूहन्ना दाजुभाइ थिए, तर पनि उनीहरूले एक-अर्कालाई चिनेका थिएनन् । येशू नाजरथमा बढ्नुभयो तर यूहन्ना यहूदाको गाउँ, एकान्त ठाउँमा रहे । उनीहरूले कहिल्यै नभेटेको कारण कसैले पनि उनीहरूलाई सँगै एक्लै भविष्यवक्ता र अर्कोले मसीह हुने कुरा गऱ्यो भनी भन्न सक्दैनथे ।

यूहन्नालाई येशूको जन्मको कथा थाहाा थियो । येशू सानो छँदा मन्दिरमा कस्तो घटना भएको थियो, त्यो विषयमा उनी जान्दथे । उनले येशूको पूर्ण जीवनका विषयमा जानेका थिए र उनी नै प्रतिज्ञा गरिएको व्यक्ति हुनुहुन्छ भनी विश्वास गरे । तर वर्षौं बित्दै जाँदा पनि येशू चुपचाप नाजरथ बस्नुभएकाले गर्दा उसमा शंका उठेको थियो ।

तर पनि यूहन्ना विश्वाससाथ पर्खि बसे । परमेश्वरले उहाँको समयमा सबै कुरा बुझाउनुहुनेछ भनी विश्वास गरे । उनलाई देखाइएको थियो कि मसीहले उनबाट बप्तिस्मा लिनुहुनेछ र त्यो बेलामा एउटा ईश्वरीय चिन्ह देखाइनेछ । यसले मसीहलाई सबै मानिस सामु चिनाउन उनलाई मद्दत गर्नेछ ।

जब येशूले यर्दन नदीमा पुगेर बप्तिस्माका निम्ति अनुरोध गर्नुभयो । यूहन्नाले देखे कि उहाँ अरूभन्दा फरक हुनुहुन्छ । यूहन्नाले धेरै मानिसलाई पापको बोझले झुकेको देखेका थिए तर येशू शुद्ध हुनुहुन्थ्यो । पापरहित, पूर्ण प्रकृतिसहितको । उहाँको वरिपरिको हावा पनि शुद्ध थियो । यही कुरालाई बप्तिस्मा दिने यूहन्नाले मसीहको आगमनका बारेमा देखेका थिए ।

तर येशूले जे भन्दै हुनुहुन्थ्यो, त्यो आफुले गर्न नसक्ने उनले महशुस गरे । एकजना पापीले कसरी पापरहितलाई बप्तिस्मा दिने । अनि किन कहिल्यै पाप नगरेकाले पापको प्रायश्चित रूपी बप्तिस्मा लिनुपऱ्यो ? "तपाईं म कहाँ बप्तिस्मा लिन किन आउनुभयो ? बरु मैले तपाईंसँग बप्तिस्मा लिनु आवश्यक छ" ।

विनम्र अधिकारसहित उहाँले भन्नुभयो, "अहिलेलाई यस्तै हुनदेऊ, परमेश्वरको योजनाअनुसार यो नै ठीक बाटो हो ।"

## पापरहित तर उदाहरणका निम्ति बप्तिस्मा

यसकारण यूहन्नाले मुक्तिदातालाई यर्दन नदीमा लगे र पानीमा डुबाए । जब येशू पानीबाट माथि आउनुभयो तब त्यहाँ पवित्र आत्मा एउटा परेवाको रूपमा उहाँकहाँ आउँदै हुनुहुन्थ्यो ।

येशूले आफ्ना पाप स्वीकार गर्न र पश्चात्ताप गर्न बप्तिस्मा लिनु भएको थिएन । यो सब उहाँले आफैलाई हामीपट्टि-अर्थात् पापीपट्टि राख्ने मनसायले गर्नुभएको थियो । हामीले चाल्नुपर्ने पाइलाको उहाँले उदाहरण देखाउनुभयो । त्यो दिनमा र अरू सबै दिनहरूमा उहाँ हाम्रा निम्ति बलियो उदाहरण भएर रहनुभयो ।

पानीबाट बाहिर निस्केर किनारामा उहाँले घुँडा टेकेर प्रार्थना गर्नुभयो । समय आइसकेको थियो । उहाँको सामाजिक कार्य गर्ने समय आइसकेको थियो । जीवनको लडाइँ लड्ने समय आएको थियो । नाङ्गो तरवारले जस्तै उहाँको आगमनले चारैतिर झगडा उत्पन्न हुनेथियो । उहाँको राज्य यहूदीले सोचेको भन्दा उल्टो प्रकारको थियो । उहाँले सिनै पर्वतमा १० आज्ञाहरू बताउनु भए तापनि उहाँलाई आज्ञा भङ्ग गर्ने भनी छिट्टै दोष लगाइँदै थियो । सैतानका शक्तिलाई नाश गर्ने भए तापनि उहाँलाई दुष्ट भनिन आँटिएको थियो ।

उहाँका आमा र भाइहरूले उहाँका कार्यलाई बुझ्न सकेनन् । उहाँका चेलाहरूले पनि बुझ्न सकेनन् । संसारमा कसैले पनि उहाँको कार्यका विष्यमा बुझ्न सकेको थिएन । उहाँ सधैं आफ्ना पितासँग हुनुहुन्थ्यो तर पृथ्वीमा रहँदा उहाँ एक्लै हिँड्नुभयो ।

हामीसँग भएर उहाँले हाम्रो पापको लज्जाको बोझ लिनुभयो । प्रत्येक पापको काम र लोभ उहाँको शुद्ध आत्माको निम्ति दुःखपूर्ण सजाय थियो । उहाँले आफ्नो ईश्वरीय महिमालाई एकातिर राख्नुभयो र डगमगाउनु भएन । सारा मानवको मुक्ति उहाँको काँधमा थियो । उहाँको एउटा हातले पिताको हातलाई राम्रोसँग समातेको थियो ।

स्वर्गसम्म पुग्ने प्रार्थना येशूले गर्नुभयो आफ्नो हृदय पितासामु खोल्नुभयो पापले मानिसको हृदय कति कठिन बनाएको छ, त्यो उहाँलाई थाहा थियो । उहाँलाई मानिलिन कति कठिन छ, मुक्तिको उपहार अपनाउन कति कठिन छ भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो । उनीहरूसम्म पुग्न र सैतानको पञ्जाबाट उनीहरूलाई छुटकारा दिन पितासँग उहाँले प्रार्थना गर्नुभयो । त्यसपछि पिताले पुत्रद्वारा सारा मानवलाई लिनुभएको छ भन्ने कुरा प्रमाणित गर्न प्रमाण माग्नुभयो ।

यस्तो प्रार्थना स्वर्गदूतहरूले कहिल्यै सुनेका थिएनन् । आफ्ना मालिकलाई सान्त्वनाको समाचार पुऱ्याउन उनीहरू पर्खेर बसिरहे, यो कुरा उनीहरू लागिरहनु पर्दैनथ्यो । पिता स्वयंले पुत्रको प्रार्थना सुन्नुभयो र जवाफ दिनुभयो । जगतको सिंहासनबाट एउटा अति चम्किलो प्रकाश चम्कियो । आकाशको ढोका खुल्यो र शुद्ध प्रकाश तल झऱ्यो र येशूको शिरमा अडियो ।

यूहन्नासँग नदीको किनारामा रहेकाले स्वर्गको त्यस्तो चमत्कारलाई देखे र तर ईश्वरीय उपस्थितिको आभास मानिसहरूलाई भयो । उनीहरू चुपचाप उभिएर येशूलाई हेर्न थाले । स्वर्गीय प्रकाश उहाँको चारैतिर फैलियो र येशूको अनुहार अचम्म तवरले चम्कियो । स्वर्गबाट एउटा आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।" मत्ती ३:१७

## परमेश्वरद्वारा सम्झना गरिएको र मानिएको

मानिसको विश्वास उत्प्रेरणा गर्न र येशूको काममा बल दिन यी कुराहरू बोलिएका थिए । उहाँ पापीहरूसँग बसे तापनि अब केही फरक पर्दैन थियो । स्वर्गको आवाजले प्रस्ट पारिदियो कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।

येशूको पिताले गरेको वचन सुनेर यूहन्ना आच्चर्य लाग्यो । जब स्वर्गको महिमा येशूको वरिपरि भयो र आवाज आयो तब यूहन्नालाई गरेको कुराको सम्झना भयो । उनले संसारको मुक्तिदातालाई बप्तिस्मा दिएको कुरा थाहा पाए । पवित्र अत्माले भरिएर येशूतिर देखाउँदै उनले भने, "परमेश्वरको पवित्र थुमा"। इस्रायलीहरूले गरेका बलिदानहरू अविश्वासीले गरेका बलिदान जस्ता देखे । परमेश्वरलाई खुसी पार्न गरिएका बलिदानहरू । तर परमेश्वरले उनीहरूलाई पनि सिकाउन चाहनुभएको थियो कि उहाँले गर्नुभएका बलिदान तर परमेश्वरको बलिदान-मानिसलाई फेरि परमेश्वरमा मिलाउने थियो ।

जब परमेश्वरले "यिनी मेरा पृय पुत्र हुन् जोसँग म प्रसन्न छु" भनी भन्नभयो उहाँले सारा जातिलाई समेट्नुभयो । हामी पापी र कमजोर भए तापनि परमेश्वरमा हामी बहुमूल्यका छौं । येशूको वरपर जुन ज्योति चम्केको थियो । त्यो प्रेमपूर्वकको मात्र प्रतिज्ञा थिएन । तर प्रार्थनाको शक्तिको रूप पनि थियो । जब मद्दतका लागि प्रार्थना गर्छौं तब हाम्रा प्रार्थना सुनिएका छन् भनी हामी निश्चित हुन सक्छौं ।

पापले पृथ्वीलाई स्वर्गबाट छुटाएको थियो तर येशूले त्यसलाई जोड्नु भएको छ । परीक्षामा प्रतिकार गर्ने भनेको परमेश्वरमा प्रार्थना गर्दा येशू कहाँ चम्केको प्रकाश हामीकहाँ पनि चम्कनेछ । येशूलाई बोलेको बोली हामीसँग बोलिनेछ "तिमी मेरो पृय पुत्र हौ, म तिमीसँग प्रसन्न छु, र म तिमीलाई प्रेम गर्छु ।

जति धेरै पापी भए तापनि जस्तो आवश्यकता परेको भए तापनि र सबैले घृणा गरेको भए तापनि मुक्तिदाताले पिताकहाँ आउन सक्ने बाटो बनाउनुभएको छ । सबैजनालाई येशूले तयार पार्नुभयो-दरवारमा जान स्वागत गरिएको छ ।

# १२ उजाड स्थानमा येशूको परीक्षा

*"मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहन्छ" मत्ती ४:४*

बप्तिस्माको लगत्तै येशू पवित्रआत्माद्वारा अगुवा गरिएको उजाडस्थानतिर जानुभयो । उहाँ एक्लै हुन र आफ्नो विषयमा गहिरिएर सोच्न त्यहाँ जानुभयो । खाना नखाई आफूलाई हिँड्नुपर्ने कठिन बाटोका निम्ति तयार पनि हुनुभयो उहाँले प्रार्थनामा समय बिताउनुभयो ।

तर सैतानलाई येशू कहाँ जानुभएको थियो त्यो थाहा थियो । सैतानले येशूलाई उहाँको उद्देश्यबाट फर्काउने त्यही नै उचित समय देख्यो । आदम र हब्बालाई सफलतापूर्वक पाप गर्न लगाएपछि सैतानले संसारलाई आफ्नै भनी भनेको थियो । सारा मानवजातिले उहाँलाई नै आफ्नो शासक मानेको कुरा उसले सबैलाई भन्यो । मानवजातिलाई नियन्त्रणमा लिएर उसले आफैलाई यस ग्रहको राजकुमार घोषित गरेको थियो ।

मानिसको पुत्र भएकाले येशूले सबै मानिस उसका सैतान नियन्त्रणमा थिएनन् भनी देखाउनुभयो । मानिस भएर परमेश्वरप्रति बफादार भएर येशूले सैतानको भनाइलाई त्यो गलत थियो भनी बताउनुभयो- जसले सैतानबाट स्वतन्त्र हुने इच्छा राखेका थिए- उनीहरू स्वतन्त्र हुन सक्थे ।

सुरुदेखि नै सैतानलाई थाहा थियो उसको अधीनमा सारा संसार थिएन । अहिले पनि उसका विरुद्धमा कोही न कोही उठ्ने गर्थे । उसले आदम र उसका छोराहरूले चढाएको बलिदानलाई बडो चाख दिएर हेरेको थियो । उसले देख्यो कि यी बलिदान  स्वर्गसंग सम्बन्ध राख्न एकदम राम्रो चिन्ह स्वरूप थिए ।

परमेश्वरलाई बुझ्ने मानिसको समझलाई र आउनेवाला मुक्तिदाताको सोचाइलाई उसले अल्मल्याइदियो । समय बित्दै जाँदा मानिसहरू परमेश्वरसँग डराउन थाले, उनीहरू परमेश्वरले नाश नगरून् भनी बलि चढाउन थाले ।

वचनमा परमेश्वर येशू आउने विषयका भविष्यवाणीहरूलाई सैतानले अध्ययन गरेको थियो । वर्षौं बित्दै जाँदा उसले परमेश्वरका जनलाई भ्रममो पारिरह्यो त्यसपछि मसीह आउँदा उनीहरूले प्रतिकार गरे । जब येशूको जन्म भयो संसारप्रति जुन एकाधिकार थियो त्यो परीक्षामा परेको उसलाई थाहा भयो । येशू को हुनुहुन्छ उसलाई थाहा थियो, अचम्ममा पनि थियो कि परमेश्वरको पुत्र यस संसारमा मानिस बनेर आउनुहनेछ । मानिसले

स्वर्गको महिमा र खुसीको कल्पना गर्न सक्थे तर सैतान जो स्वर्गदूतका बीचको महिमा थियो, लुसिफर जसलाई उहाँको विषयमा सबै जानकारी थियो । यसले स्वर्ग गुमायो अनि आफ्नो उद्देश्यमा सबैलाई आफ्नै जस्तो हविगत बनाउन खोज्यो ।

## येशूलाई पासोमा पार्ने निश्चय गऱ्यो

वेथलेहममा येशूको जन्मदेखि नै उहाँलाई निरन्तर आक्रमण गरिएको थियो । सैतानका दुष्टदूतहरूले येशूका हरेक पाइलाहरू पछ्याइरहे । कोही मानिसले उसको शक्तिबाट छुटकारा पाउन सकेको थिएन । त्यसकारण सैतानलाई पूरा थाहा थियो कि उहाँलाई उसले ढाल्न सक्नेछ ।

येशूले यर्दन नदीमा बप्तिस्मा लिएको कुरा सैतानले नै देखेको थियो । परमेश्वर पिताले बोल्नुभएको आवाज उसले त्यहाँ सुनेको थियो । पृथ्वीको पाप र त्यसमा परमेश्वरको घृणाको कारण आफूलाई उहाँले त्यसबाट टाढा राख्नुहुनेछ भनी आशा गरेको थियो । त्यसबेलासम्म पिताले मानिससँग येशूद्वारा कुरा गर्नुभएको थियो । तर अहिले उहाँ आफै येशूमा भएर बोल्नुभयो । मानिस र परमेश्वर बीचको माध्यम जोडिएको थियो ।

सैतानले कि येशूलाई नाश गर्नुपर्ने कि त आफै नाश हुने कुरा देख्यो । ऊ आफै यो लडाइँ लड्न तयार भयो र उसतर्फबाट नरकका सबै अस्त्रहरूसहित उसले लड्ने विचार गऱ्यो ।

कोही मानिसहरू यो एकान्त स्थानको सैतान र यैशूको बीचको लडाइँले हाम्रो जीवनमा थोरै मान्यता राख्छन् भनी सोच्दछन् । तर त्यही प्रकारको लडाइँ हाम्रो मनमा लडिरहेको छ । येशूलाई गरिएका जस्तै परीक्षाहरू हामीलाई प्रतिरोध गर्न साह्रै कठिन पर्दछन् । सारा संसारको पापको बोझ आफ्नो काँधमा लिएको येशूले आदम असफल भएको र हामी पनि असफल हुने परीक्षा येशूको अगाडि थियो ।

## येशूले हाम्रा सबै कमजोरीहरू लिनुभयो

सैतानले पापलाई देखाउँदै परमेश्वरका नियमलाई देखाउँदै उहाँका नियमहरू ठीक छैनन् र तिनलाई पालना गर्न नसकिने कुरा बतायो । मानिस भएर येशूले ती नियमहरू पूरा रूपमा मान्नुपर्ने थियो । आदम एउटा सिद्ध मानिस भएर अदनको बगैँचामा परीक्षाको सामना गरे, येशू पनि मानिस स्वरूपमा कमजोर चार हजार वर्षको पापको कारण आत्मिक र नैतिक रूपमा कमजोर भएर त्यो परीक्षाको सामना गर्नुभयो ।

धेरैले येशूलाई पापमा फस्न सम्भव थिएन भनी भनेका छन् । यदि त्यसो हो भने उहाँले आदमले भोगेको जस्तो परीक्षा भोग्नुभएको थिएन अनि उहाँले हामीलाई बचाउन वा उद्धार गर्न पनि सक्नुहुन्थेन । येशू मानिसका

सबै कमजोरीहरूसहित जन्मनुभएको थियो । उहाँले परमेश्वरसँग विद्रोह गर्न सक्नुहुन्थ्यो । हामीले भोग्ने जस्तै परीक्षा उहाँले भोग्नुभयो, त्यही विद्रोह असफल हुने सम्भावना पनि उत्तिकै थियो । वास्तवमा हाम्रा परीक्षाहरूभन्दा उहाँका परीक्षाहरु एकदम बलिया थिए ।

जब येशू सुनसान स्थानमा पुग्नुभयो, उहाँ आफ्ना पितासँग गहिरो बातचितमा हुनुहुन्थ्यो । उहाँले धेरै दिनसम्म खाना र आरामको विषयमा सोच्नुभएन । त्यसपछि परमेश्वरको महिमित उपस्थितिले त्यो ठाउँ छोड्यो । अकस्मात् उहाँलाई आफ्नो कामको खतरा एकदम ठूलो महसुस भयो । कमजोर र मानसिक रूपमा ग्रस्त येशूको अवस्था असफल हुनेसम्म पुग्न आँटेको थियो ।

सैतानले यही मौका छोप्यो । परमेश्वरका "यिनी मेरा पुत्र हुन्" भन्ने शब्द उसका कानमा अहिलेसम्म गुन्जिरहेका थिए । सैतानले ती श्ब्दहरूप्रति शंका उत्पन्न गराउने जुक्ति सोच्यो । येशूलाई उहाँको आत्मविश्वासबाट अलिकति बराल्न सके उसको कार्यक्रम असफल हुने थियो । यदि भोक र चिन्तामा येशूले पिताप्रति विश्वास गुमाउनु भयो भने जित उसको हुन्थ्यो र मुक्तिको उपाय त्यहीँ खतम हुन्थ्यो ।

## शङ्का गर्न परीक्षा

अकस्मात् उजाडस्थानमा, उहाँको प्रार्थनाको जवाफ जस्तै गरेर एउटा स्वर्गदूत जस्तै देखिने कुरा स्वर्गबाट येशू सम्मुख देखा पर्‍यो । उहाँलाई स्वर्गबाट स्वर्गदूत पठाइएजस्तो लाग्थ्यो । तर उसले जे भनेको छ, त्यही ऊ हो भनेर छुट्याउन सक्नुहुन्थ्यो । उजाडस्थानमा यताउता छरिरहेका ढुँगाहरूलाई देखाउँदै स्वर्गदूत जस्तो देखिनेले येशूलाई भने, "यदि तिमी परमेश्वरका पुत्र हौ भने ढुँगाहरूलाई रोटी बनाउ ।"

त्यो दूतको बोलीमा शंका थियो । " के परमेश्वर आफ्नै पुत्रलाई यस्तो व्यवहार गर्नुहोला ? उजाडस्थानमा भोकै एक्लै ? निश्चय नै परमेश्वरले आफ्नो छोरालाई यस्तो दु:ख दिन चाहनुहुन्न ? त्यसकारण यदि तिमी साँच्चै परमेश्वरका छोरा हौ भने ढुँगाहरूलाई रोटीमा परिणत गर ।"

येशूले आफू आउनाको उद्देश्य र आफ्नो परिचय देखाउने प्रयत्न गर्नुभयो । उहाँलाई यसो गर्नुपर्ने कारणै थिएन । कुनै अचम्मको कार्य वा कुनै प्रमाणले सैतानको मन बदल्न सक्ने थिएन । येशूले उहाँको ईश्वरीय शक्तिको आफ्ना निम्ति प्रयोग गर्नुभएन । मानिसको कमजोरीपनामा विश्वासको उदाहरण र परमेश्वरप्रति वफादार कसरी बन्ने भनेर देखाउन पृथ्वीमा आउनुभएको थियो । पृथ्वीमा जीवन बिताउँदा एकपटक पनि उहाँले आफ्नो फाइदाका निम्ति ईश्वरीय शक्ति प्रयोग गर्नुभएन ।

आफू कमजोर भएको समयमा पनि येशूले आफ्ना पितामाथि शंका गर्नुभएन । उहाँले वादविवाद गर्नुभएन, व्यख्या पनि गर्नुभएन ? उहाँले पवित्र शास्त्रका कुरा उल्लेख गर्नुभयो । " वचनमा यो लेखिएको छ, "मानिस रोटीले मात्र बाँच्दैन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहन्छ ।" (मत्ती ४:४)

सैतानको बाटो छेकिएको थियो । येशूलाई परीक्षा गर्न उसले अर्को तरिका अपनाउन थाल्यो । यस्मा हाम्रा निम्ति असल पाठ छ । येशू सबभन्दा कमजोर भएको अवस्थामा कडा प्रकारको परीक्षा आएको थियो । यस प्रकारबाट मजबुतहरूलाई सबभन्दा राम्रो विश्वासीलाई आफूपट्टि ढाल्न सैतान सफल भइरहेछ । जब उनीहरू बढि थाकेका हुन्छन् । जब उनको इच्छा शक्ति एकदम कमजोर हुन्छ, त्यसबेलामा उसले कडा प्रहार गर्दछ । यस्ता समयहरूमा, परमेश्वरमा रहेको उनीहरूको विश्वास टाढा भए जस्तो लाग्छ त्यसबेला कडा प्रकारका विश्वासीहरू पनि ढल्न सक्छन् ?

सैतानले सधैं बमजोर मानिसबाट फाइदा लिने गर्दछ । यस्तो कुराहरू आज पनि उसले गर्छ, मनको चिन्ता गरिब, बिमार, दुःख आदिका कडा परिस्थितिहरूमा सैतान परीक्षा गर्न आउँछ । उसले यस्ता घटना हुन दिने परमेश्वरप्रतिको हाम्रो विश्वास हल्लाउने प्रयास गर्छ । हामीहरू परमेश्वरलाई अविश्वास गर्न प्रेरित गरिन्छौं, उहाँको हामीप्रतिकै प्रेममाथि प्रश्न गर्ने गर्छौं । यदि सैतानले हामीलाई हतोत्साह बनाएर परमेश्वरसँगको हाम्रो पकडलाई कमजोर बनाउँछ र ऊ सफल हुन्छ । यदि येशूले गरेजस्तै हामीले सामना गर्‍यौं भने वादविवाद र व्याख्याद्वारा होइन, खाली परमेश्वरका वचनका प्रतिज्ञाहरू र आज्ञाहरूद्वारा हामीले उसलाई जित्न सक्छौं, परीक्षाबाट उम्कन सक्छौं ।

जब येशूले, "मानिस रोटीले मात्र बाँच्दैन, तर परमेश्वरका वचनद्वारा ऊ बाँच्छ" भन्नुभयो, त्यसबेला इस्रायलीहरूलाई १४०० वर्ष पहिला भनिएका वचन उहाँदोहोर्‍याउँदै हुनुहुन्थ्यो । येशूले तिनिहरूलाई अचम्म प्रकारको खाना "मन्ना" उपलब्ध गराएर यही देखाउन खोज्नुभएको थियो कि यदि उनीहरूले मात्र विश्वास गरेर उहाँलाइ पछ्याएको खण्डमा उहाँले कहिल्यै छोड्नुहुनेथिएन । उहाँलाई थाहा थियो कि, उनीहरू उजाडस्थानमा थिए र चाहिएको समयमा भोजन उपलब्ध गरिदिनुहुनेछ । सारा जगत्‌लाई येशूले देखाइदिनुभयो कि परमेश्वरको वचनबाट यताउता लाग्नुभन्दा जे-जस्तो पर्न आउँछ त्यसलाई सहनु नै असल हुन्छ ।

कहिलेकाहीँ इसाईहरू यस्तो अवस्थामा आउँछन् कि परमेश्वरको आज्ञा पालन गर्दा उनीहरूको काम छुट्ने वा आर्थिक नोक्सानी हुने हुन्छ । सैतानले भोकै बस्नुभन्दा विश्वास ठूलो होइन, भनी हामीलाई उक्साउनेछ । हाम्रो एक मात्र प्रश्न यस्तो हुनुपर्छ " परमेश्वर के चाहनुहुन्छ ? परमेश्वरले

के प्रतिज्ञा गर्नुभएको छ ?" त्यसपछि हामीहरू पहिलो कुरालाई मानिलिन्छौं र दोस्रोचाहिँलाई विश्वास गर्छौं ?

अन्त्यको समयमा परमेश्वरका विश्वासीहरूले काम, घर र सम्पति सबै गुमाउँछन् । परमेश्वरलाई आफ्नो सरकारलाई भन्दा बढ्ता प्रेम गरेको कारण उनीहरूले केहि गर्न सक्ने छैन ? तर विश्वाससाथ प्रभुसँग रहनेहरूका निम्ति उहाँले प्रतिज्ञा उपलब्ध गराउनुहुनेछ ।

## भोजन र इच्छामाथि नियन्त्रण

येशूको परीक्षाद्वारा हामीले सबभन्दा ठूलो महत्वपूर्णको पाठ सिक्न सक्छौं- त्यो हो हाम्रो खानपिन र इच्छाहरू माथि नियन्त्रण । शारीरिक आवश्यकतालाई पूरा गर्ने खानाको चाहनाले गर्दा धेरैलाई धेरैभन्दा धेरै कुकृत्य गर्न अग्रसर बनाउँछ । परमेश्वरले हरेकलाई दिनुभएको असल नैतिकता र मानसिक शक्तिलाई नाश बनाउन सैतानले काम गरिरहेको छ । अनन्तको महत्वका कुरालाई मन पराउन सैतानले हामीलाई असम्भव बनाउँछ । आफ्नो आवश्यकता, मागमा ध्यान दिने जसले शरीरलाई रमाइलो बनाउँछ यसो गरेर सैतानले परमेश्वरको उत्तम उपहार परमेश्वरको स्वरूप भित्री हृदयमा बस्नबाट उसले रोक्छ ।

हामी पृथ्वीको इतिहासको अन्तिम दिनहरूमा रहेकाछौं, मानिसका अनियन्त्रण गरिएका चाहनाले यस्तो अवस्थामा पुर्‍याउन सक्छन् । जब मानिसका सोचहरू जहिले पनि स्वार्थी र दुष्ट हुन पुग्दछन् । जस्तो सदोम र गमारोको समयमा भएको थियो तब त्यस्तै खराब समय आउनेछ । हाम्रा निम्ति मुक्तिको आशा यसैमा मात्र पुरा हुन्छ जब हामीले आफ्ना सबै इच्छा र भोकलाई परमेश्श्वरको नियन्त्रणमा राख्न सक्छौं र उहाँको मुक्तिको उपायमा बाँच्न चाहन्छौं ।

हाम्रो मानविय चरित्रको कारणले परमेश्वरका कोलावहटलाई नकार्ने शक्ति छैन । यो सैतानलाई थाहा छ । हाम्रो भोक र इच्छाले हामीलाई लगभग जित्नै खोज्छन् । सबै मानवमा रहेको पुर्खादेखिको यो कमजोरीले हामीलाई सजिलै सिकार बनाउँछ ।

येशूले यसलाई बदलिनुभयो । कोही यस्तो भोक र इच्छाको जालबाट उम्कन चाहन्छन् भने उनीहरूले उजाडस्थानको येशूको जीवनीबाट सिक्नुपर्छ । उहाँले त्यही परीक्षाको सामना गर्नुभयो । तर उहाँको सानो विचारले पनि त्यसप्रति समर्पित हुनेकुरा सोचेन । उहाँ परमेश्वर भएर त्यो गर्न सफल हुनुभएको होइन तर उहाँले सम्पूर्ण जीवन आफ्नो पितामा समर्पण गर्नुभएको थियो । त्यसकारणले त्यो सम्भव भयो ।

हामीलाई आफू जस्तै बनाउन उहाँ आउनुभयो । हाम्रो परिक्षित भएको चरित्रको बदलामा उहाँ ईश्वरीय चरित्र दिन चाहनुहुन्छ । यसरी

हामीभन्दा पाप बलियो  हुन नपाओस् भनी उहाँ चाहनुहुन्छ । विश्वासद्वारा येशू हामीमा रहेको कारणले गर्दा हामी खडा भएर परीक्षाको सामना गर्न सक्छौँ । परमेश्वरद्वारा हाम्रो मुक्तिदाता हुन पठाइएको येशूलाई विश्वासमा लिएर हामीले पूर्ण प्रकारको चरित्रनिर्माण गर्न सक्छौँ ।

येशूले परीक्षासँग कसरी व्यवहार गर्ने भनेर देखाउनुभयो । परमेश्वरका वचनलाई उहाँले कवचका रूपमा धारण गर्नुभयो र तिनले उहाँलाई ढाल जसरी बचाए । तिनै वचनलाई त्यही विश्वासमा लिएर हामी परीक्षाहरू जित्न सक्छौँ । परमेश्वरका वचनमा प्रतिज्ञाहरू छन् । जसले हामीलाई सैतानसंग ढाल बनेर बचाउन सक्छन् ।

बाइबलका सबै प्रतिज्ञाहरूमा हामी पूर्ण भर पर्न सक्छौँ । जब परीक्षाहरू आउँछन् आफ्ना कमजोरीका कारण वा परिस्थितिबस तिमीहरूमा बहाना नबनाउनुहोस् । परमेश्वरका वचनमा हेर्नुहोस् “तपाईंका विरुद्ध पाप नगरुँ भनेर मेरा हृदयमा तपाईंको वचन राखेको छु ।” ॥भजन ११९:११ ॥

# १३ येशूले विजय प्रप्त गर्नुहुन्छ

*"सैतान ! तँ दूर होइजा । किनभने लेखिएको छ, मैले परमप्रभु आफ्ना परमेश्वरलाई मात्र दण्डवत् प्रणाम गर्नु, र उहाँको मात्र सेवा गर्नु ।"*
*मत्ती ४:१०*

त्यसपछि सैतानले येशूलाई यरुशलेमको पवित्र सहरमा लग्यो त्यहाँको सबभन्दा अग्लो मन्दिरमा राख्यो । सैतानले भने यदि तपाइँ परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस् किनभने यसो लेखिएको छ । उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन् नत्रभने तिम्रो खुट्टा ढुँगामा ठोकिनेछन् ।" (मती ४:५,६)

सैतानले स्वर्गदूतकै बहाना बनाएर उहाँलाई बाइबलका वचनहरूद्वारा सोध्न थाल्यो । पहिलो पटक उसले येशूलाई खाली जाँचेको मात्र थियो र येशूले परमेश्वरप्रति रहेका विश्वासको विषयमा उसले राम्रो गऱ्यो भनी भन्यो "तिमीले परमेश्वरप्रति तिम्रो विश्वास देखाएका छौ, अब आफ्नो जीवनभन्दा बढी विश्वास गर्छौ भनी प्रमाणित गर" ।

तर यसपटक पनि "यदि" भन्ने शब्द प्रयागे गरेर उसले शंका व्यक्त गरेको थियो । "यदि तिमी परमेश्वरका पुत्र हौ भने । येशूले उसको "यदि" को जवाफ सजिलै दिन सक्नुहुन्थ्यो । तर उहाँले परमेश्वरप्रति अविश्वास गर्ने भन्ने कुरालाई सोच्न पनि सक्नुभएन । यस विषयमा कुरा गर्न उहाँ चाहनुभएन । सैतानका अगाडि प्रमाणित गरेर उहाँले आफ्नो जीवनको उद्देश्यलाई खतरामा पार्न चाहनुभएन । उहाँले, परमेश्वरले बचाउन सक्नुहुन्छ भन्ने सोचाएर सैतानले उहाँको मानवीय चरित्रको फाइदा लिन खोज्यो । तर सैतानले खाली सल्लाह लिन सक्थ्यो । उसले उहाँलाई माथिबाट फ्याँक्न सक्दैनथ्यो र उसले येशूलाई त्यहाँबाट हामफाल्नका निम्ति कर गर्न सक्दैनथ्यो । सैतानको भनाइ माने मात्र उहाँले त्यहाँबाट हामफाल्नु हुन्थ्यो । हाम्रा निम्ति पनि त्यही हो । सैतानले कसैलाई खराब गर्न दबाव दिन सक्तैन । जबसम्म मानिसले स्वीकृति दिँदैन । उसले शक्ति प्रयोगका निम्ति पहिला परमेश्वरलाई छोडिदिनुपर्छ र सैतानमा पूरा समर्पण हुनुपर्दछ । हाम्रा प्रत्येक पापपूर्ण कार्यहरू र परमेश्वरलाई छोडेर सैतानको पछि लाग्ने हाम्रा निर्णयहरू नै सैतानलाई निम्तो दिने ढोकाहरू हुन् जहाँबाट ऊ पस्न सक्छ र हामीलाई परीक्षामा पार्छ र नास पार्छ । हरेक पटक हामी लर्दा सैतानले येशूलाई दोष लगाउँछ ।

सैतानले उहाँलाई स्वर्गदूत तिम्रो सेवामा खटाउन जानु भएको छ भन्दा उसले "तपाईं जहाँ गए पनि तपाईंको रखवाली गर्ने" भन्ने वाक्य प्रयोग गरेन । "यी वाक्यले" परमेश्वरको अगुवाइमा जहाँ गए पनि भन्ने बुझाउँछ । येशूले परमेश्वरको अगुवाइ बिना कहीँ जान र केही गर्ने अस्वीकार गर्नुभयो । उहाँले पितालाई पूर्ण विश्वास गर्नुभयो र जानाजानी परमेश्वरले आएर उहाँलाई बचाउनुपर्ने स्थितिमा आफैलाई कहिल्यै हाल्नु भएन । मानिसलाई परमेश्वरमा विश्वास राख्ने र पूर्ण समर्पण हुने उदाहरण उहाँले दिनुभयो ।

येशूले भन्नुभयो "वचनमा यो पनि भनिएको छ कि" तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।" मत्ती ४:७ यही कुराको जाँच नै सैतानले येशूसँग गरिरहेको थियो-परमेश्वरको परीक्षा गर्नु र उहाँलाई काम गर्न दबाव गर्नु । परमेश्वरले अगाडि नै येशूलाई "यिनी मेरा पुत्र हुन्" भनी भन्नुभएको थियो । यहाँ प्रमाणको कुनै आवश्यकता थिएन । योचाहिँ परमेश्वरको प्रतिज्ञा नगर्नु भएको कुरा मागे जस्तै हो । हामीले परमेश्वरलाई उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ हामीलाई माया गर्नुहुन्छ भनी प्रमाण गर्नका निम्ति निवेदन गर्नुहुँदैन किनकि हामीलाई उहाँले प्रेम गर्नुहुन्छ, प्रार्थना सुन्नुहुन्छ त्यसकारण हामी निवेदन गर्दछौं ।

हामीले परमेश्वरका आज्ञाहरू पालना नगरे तापनि परमेश्वरले हाम्रा चाहना पूरा गर्नुहुन्छ भन्ने सोच्नु विश्वास होइन । विश्वास भनेको परमेश्वरका प्रतिज्ञाहरूलाई लिनु र उहाँको शक्तिमा आफ्ना जीवनमा बदलिएको हेर्नु हो । यस्तो सोच्नेले परमेश्वरका प्रतिज्ञा मान्दछ तर सैतानले गरे जस्तै आफ्ना गल्तीहरू उपर बहाना लिँदै रहन्छ । साँचो प्रकारको विश्वासले आदम र हब्बाले परमेश्वरको प्रेममा विश्वास गर्ने र उहाँका नियमहरूको पालना गर्न सक्थ्यो । तर परमेश्वर उनीहरूलाई उहाँका नियमको उल्लङ्घन गरे तापनि उद्वार गर्नुहुन्छ । विश्वासले परमेश्वरले बताएको बाटोमा नहिँडी स्वर्ग पुगिन्छ भनी भन्दैन । विचार वा धारणा विश्वासको उल्टो हुन् ।

जब सैतान परमेश्वरप्रतिको हाम्रो विश्वास बदल्न सक्दैन उसले आफ्नो धारणा राख्न प्रेरित गर्छ । यदि सैतानले हामीलाई कुनै परीक्षामा पार्छ जसलाई हामी नियन्त्रण गर्न सक्छौं भन्ने धारणा राख्छौं भने सैतानले हामीलाई प्रत्येक समय पासोमा पार्न सक्छ । जो परमेश्वरको आज्ञाकारी भएपछि उहाँको पछि लाग्छन् उनीहरूलाई बचाउनुहुन्छ । तर यदि हामी उहाँको बाटोबाट अलग हुन्छौं भने हामी लड्खडाउने र लड्ने सम्भावना हुन्छ ।

हामी परीक्षित हुँदा हतोत्साह हुनुछैन कहिले काहीँ गाह्रो समस्यामा पर्दा पवित्र आत्माले यो गर्नुभएको हो कि भनी शंका गर्छौं । तर सम्झनुहोस्

कि येशूलाई उजाड स्थानमा पनि पवित्र आत्माले लैजानुभएको थियो । जहाँ उहाँले सैतानको परीक्षाको सामना गर्नुभयो ।

जब परीक्षाका घडी आउँछन् त्यहाँ विशेष कारणहरू हुन सक्छन । सबैलाई अझ बढी मजबुत र राम्रो अझ विश्वासिलो बनाउने उहाँको उद्देश्य छ । येशूले परीक्षाको खोजि गर्नुभएको थिएन, तर जब ती आए, उहाँ निराश बन्नुभएन । हामी पनि बन्नुहुँदैन ।

## धन र स्वार्थीपन

येशूले दोस्रो परीक्षाको सामना गर्नुभयो र जित्नुभयो । अन्तमा सैतान आफ्नो असली अनुहार नलुकाईकन येशूको अगाडि आयो । सैतान चमेराका जस्तो पखेटा लगाएर आएन, उसले उसको वास्तविक रूप देखायो र एउटा शक्तिशाली स्वर्गदूत ठूलो विद्रोह गर्ने र संसारमा राज्य गर्ने भएर ।

सैतानले येशूलाई पहाडको टुप्पोमा लग्यो । संसारको राजधानी देखायो । ती महान् सहरहरू, अचम्मलाग्दा दरबारहरू उब्जनशील फाँटहरू र फलफुलले लटरम्म भएका बगैंचाहरू, दाखवारीहरू देखायो । त्यहाँ दुष्टताको असरहरू लुकेका थिए । उजाड र मरूभूमि भन्दा ती दृश्यहरू एकदम राम्रा र हृदय छुने प्रकारका थिए ।

त्यसपछि सैतानले एउटा कुरा भन्यो “यदि मलाई झुकेर दण्डवत् गर्नुभयो भने यी सबैथोक म तपाईंलाई दिन्छु ।

यो कुरालाई येशूले हेर्ने दृष्टिले हेरौं । उहाँको संसारलाई बचाउने उद्देश्य थियो । त्यसले उहाँलाई दु:खतिर डोऱ्याउने थियो । उहाँको अगाडि धेरै वर्षका द:खहरू कठिनाइहरू, झै-झगडा र अन्त्यमा दु:खदायी लज्जासहितको मृत्यु थिए । उहाँ आफ्ना पिताको प्रेमबाट अलग हुनुभएको थियो । अहिले सैतानले उहाँलाई दु:ख बिनाकै संसार दिने प्रतिज्ञा गरिरहेको थियो । येशूले यस्तो डरलाग्दो भविष्यबाट आफैबाट बचाउन सक्नुहुन्थ्यो, त्यसका निम्ति उहाँले सैतानलाई निहुरिएर दण्डवत् प्रणाम गर्नुपर्ने थियो र उसलाई सारा मानवको र उहाँको आफ्नै पनि शासक मान्नुपर्थ्यो ।

यदि येशूले यसो गरेको भए महाद्वन्द्वको त्यहीँ अन्त्य हुने थियो । सैतान विजयी बन्ने थियो । येशूभन्दा महान् बन्ने चाहनाले नै उसले स्वर्गमा विद्रोह गरेको थियो । यदि येशूले झुकेर दण्डवत् प्रणाम गरे, उसले जित्ने थियो ।

सैतान संसारको शासक हो भन्ने कुरा केही मात्र साँचो हो । आदमले पाप गरेको कारण उसले आदमको स्थान लियो तर आदम मात्र संसारको शासक थिएन । पृथ्वी परमेश्वरको थियो र येशूको नियममा आदमले सेवा गरे । सैतानको शक्ति भए तापनि जे परमेश्वरले चाहना राख्नुभएको थियो, त्यसलाई मात्र उसले गर्न सक्थ्यो । यसकारण जब सेतानले

येशूलाई सारा वैभव दिन्छु भन्यो ऊ येशूले आफ्नो राज्य, अधिकार छोडिदिऊन् र उसको प्रजाले बुझून् भन्ने चाहन्थ्यो ।

येशूलाई संसारको धनले खरिद गर्न सकिन्नथ्यो अथवा उहाँको आइपर्ने दु:ख टार्न सकिन्थ्यो । उहाँ धार्मिकता र प्रेमको राज्य स्थापना गर्न आउनुभएको थियो र उहाँले त्यसलाई त्यसै छोड्नुहुने थिएन ।

येशूले जसलाई बचाउन आउनुभयो उनीहरूले संसारको शासन गर्न कति सजिलैसँग रोज्ने थिए होलान् । यहुदीहरूले यस्तो एउटा मसीहको बाटो हेरिरहेका थिए जसले रोमीलाई जितेर इस्रायललाई एउटा बलियो राष्ट्र बनाउँथ्यो । उनीहरू शक्ति र महिमा चाहन्थे ।

सैतानले प्राय: गरेर लालच मानिसहरूलाई दिने गर्दछ । ऊ भन्दछ, "यदि संसारमा तिमी धनी शक्तिशाली वा प्रख्यात हुन चाहन्छौ भने मेरो सेवा गर । नि:स्वार्थ वा इमान्दार भन्ने जस्ता कुराको पछि नलाग । आफ्नो मनको कुरामा नजाऊ, आफ्नो विषयमा पहिला ध्यान देऊ ।"

धेरै मानिसहरू उसको छलमा परेका छन् । उनीहरू सैतानको सेवा स्वरूप आफ्नै निम्ति मात्र बाँचेका छन् । सैतानले उनीहरूलाई संसार दिन्छु भन्दछ जुन उसको होइन र उसको भनाइ मानेर मानिसले परमेश्वरका जनका निम्ति छुट्याइएको संसारमा रहने हक गुमाउँछन् ।

सैतानका कुरालाई येशूले केही वास्ता गर्नु भएन । "सैतान तँ टाढा जा । किनभने लेखिएको छ तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नु र उहाँको मात्र सेवा गर्नू ।" (मत्ती ४:१०) फेरि सैतानलाई भगाउन येशूले वचनलाई प्रयोग गर्नुभयो । यसबेला अरू पनि केही गर्नुभयो-सैतानले येशूसँग परमेश्वरका पुत्रको प्रमाण मागेको थियो, त्यो उसले पायो ।

## सैतान पराजित भयो

जब येशूले "सैतान तँ मबाट दूर होइजा" भन्नुभयो येशूको मानव शरीरमा दैवी शक्ति झुल्कियो । सैतान दूर भाग्यो । रिसाएर अपमानित बनेको सैतान संसारको मुक्तिदाताबाट भाग्यो । धेरै पहिला अदनमा आदम पूर्ण असफल भएका थिए । तर येशू पूर्ण रूपले सफल हुनुभयो ।

परीक्षाको प्रतिकार गरिरहँदा हामी पाठ सिक्दछौं ।" हामी पनि सैतानलाई हामीलाई छोड् भनी दबाव दिन सक्तछौं । परमेश्वरमा जीवन समर्पण गरेकाले र आफ्नो विश्वासमा अडिग रहेकाले येशूले जित्नुभयो । याकुवको पुस्तकमा येशूले भन्नुभएको छ । यसैकारण आफैलाई परमेश्वरको अधीनमा राख । दियाबलसको विरोध गर र त्यो तिमीहरूबाट भाग्नेछ । परमेश्वरको नजिक आऊ र उहाँ तिमीहरूको नजिक आउनुहुनेछ" । याकुब ४:७,८

हामी सैतानका अगाडि टिक्न सक्तैनौ, ऊ मानिसभन्दा बलियो छ । यदि एक्लै हामी उभिने कोसिस गऱ्यौं भने उसले जित्नेछ । तर येशूको नाम पछाडि लुक्ने जस्तोसुकै कमजोर भए तापनि सैतान उबाट भाग्छ । जब सैतान भाग्यो येशू थाकेर भुईंमा लड्नुभयो । स्वर्गका दूतहरूले त्यो लडाइँलाई हेरिरहेका थिए । आफ्नो कमान्डरले मानव जातिलाई बचाउने बाटो तयार पार्दा कति कष्ट भईरहेको थियो,  त्यसलाई हेरिरहेका थिए । मानिसले जित्न नसक्ने प्रकारको लडाइँ उहाँले जित्नुभएको थियो । ती सवर्गदूतले उहाँलाई खाना र पानी ल्याइदिए र परमेश्वरको प्रेमको सन्देश पनि दिए । उनीहरूले उहाँलाई उहाँको विजयमा सारा स्वर्गले खुसी मनाइरहेको कुरा बताए ।

जब उहाँको शक्ति फिर्ता आयो उहाँको अचम्मको, प्रेमिलो हृदय फेरि आफूले बचाउन आउनुभएको मानिसतिर गयो । उहाँ तुरून्तै आफ्नो कार्यको उद्देश्यतिर लाग्नुभयो, दुष्ट विद्रोहीलाई नहराएसम्म र पतित मानिसलाई उद्धार नगरेसम्म आराम नलिने भनी सोच्नुभयो ।

जबसम्म हामी परमेश्वरको सामु उभिने छैनौं तबसम्म हामीले हाम्रो मुक्तिको मोललाई पूरा रूपमा बुझ्न सक्नेछैनौ । जब स्वर्गका सारा महिमा हाम्रा अगाडि फैलिनेछ तब हामीले येशूले त्यो सब हाम्रा निम्ति छोड्नुभएको हो भनी बुझ्नेछौँ । उहाँले स्वर्ग मात्र होइन तर मानिस जस्तै असफल हुने र पिताको प्रेममा कहिल्यै फर्कन नसक्ने खतरा पनि हाम्रा निम्ति लिनुभयो ।

जब अन्तमा हामी यो सब बुझ्नेछौँ तब उहाँको पाउमा आफ्नो श्रीपेच फुकालेर फ्याँक्नेछौं र भन्नेछौं " मारिएका थुमा, वैभव, बुद्धि शक्ति, सम्मान, महिमा र स्तुति ग्रहण योग्यका हुनुहुन्छ । प्रकाश ५:१२,१४

# १४ हामीले मसीहलाई भेट्टाएका छौँ

*" हेर संसारको पापलाई उठाइलाने परमेश्वरको थुमा " (यूहन्ना १:२९)*

त्यो समयमा बप्तिस्मा दिने यूहन्नाले यर्दन नदीको पारिपट्टि प्रचार गरिरहेका थिए । यूहन्नाको प्रचारले मानिसमा यति धेरै प्रभाव पऱ्यो के धार्मिक नेताहरू पनि उनीतीर आकर्षित भए । जहिले पनि यहूदीहरू विद्रोहमा हुने सम्भावना थियो जे गर्दा रोमीहरू सशंकित भए तापनि यसको डर यहूदीहरूलाई हुने गर्दथ्यो ।

यूहन्नाले प्रचार कार्य गर्नुभन्दा पहिला यहूदी नेताहरूबाट स्वीकृति लिएका थिएनन् । बरु उनीहरू नियमित रूपमा नेता र अरूलाई दोष दिइरहन्थे । तर पनि मानिसहरूले उनको कुरा ध्यानले सुने । उनको कामप्रति दिनदिनै सबैको ध्यान खिचियो । धर्मगुरूहरूसँग उनले स्वीकृति नमागे पनि उनीहरूले  उनको वचनप्रति जवाफदेही ठाने ।

जब इस्रायल स्वतन्त्र राज्य थियो सानटिड्रिन वा धर्ममा चाहिँ उनीहरूको सर्वोच्च न्यायालय थियो । त्यो अफिससँग कानुन बनाउने र मानिसमा लाद्ने अधिकार थियो । अहिले त्यो ठाउँ रोमी अधिकारमा परेको थियो । तर पनि यहूदीलाई पूरा अधिकार त्यसले दिएको थियो । त्यो सर्वोच्च अदालत राज्यका पुरोहित र गुरूहरूद्वारा चुनिएका सदस्यहरू बनेको थियो । प्रधान पुजारी प्राय: गरेर त्यसको मुख्य अध्यक्ष बन्ने गर्थे ।

त्यो समयमा यूहन्नाको कार्य के हुन् भनी जाँच गरिनुपर्छ भनी उनीहरूले महसुस गरे । कसैले जाकरियालाई मन्दिरमा कस्तो घटना घटेको थियो त्यो सम्झना भयो । जकारियाको भविष्यवाणीअनुसार यूहन्ना मसीहको विषयमा बताउने व्यक्ति थिए ।

कुनै भविष्यवक्ताको आवाज इस्रायलीहरूले नसुनेको धेरै वर्ष भइसकेको थियो र देशमा साँचो प्रकारको परिवर्तन पनि धेरै वर्ष यता, आएको थिएन । पापको पश्चात्ताप गर भन्ने यूहन्नाले भनेको कुरा सबैलाई अनौठो लाग्यो ? धेरै अगुवाहरू उनको सन्देश सुन्न गएनन् ।  उनीहरूका गुप्त पापहरू छोड्नुपर्छ भनी उनीहरू डराएका थिए ।

यूहन्नाको प्रचार कार्यले मसीह आउँदै हुनुहुन्छ भनी सन्देश दियो । दानियलले बताएका १० हप्ताको अन्त्य भइसकेको कुरा उनीहरूले बुझेका थिए । धेरैले मसीह कुनै पनि समयमा आउन सक्नुहुन्छ र उनीहरूको देश महिमित हुनेछ भनी आशा गरेका थिए ।

यूहन्नाको प्रचार कार्यले मानिसमा यति ठूलो प्रभाव पाऱ्यो कि धर्मगुरूले भनेको कुरा मानिसहरूले नपत्याउने भए । उनीहरूको जनताप्रतिको पकड कमजोर हुँदै थियो । छिट्टै उनीहरूका अगुवाले के भन्दैछन् भनी कसैले सुन्ने छैनन् भन्ने अगुवाहरूले थाहा पायो । छिट्टै उनीहरूले पूजारी गुरूहरू भएको एक हुल मानिस यूहन्नाकहाँ उनको कामको विषयमा बुझ्न र कुराकानी गर्न पठाए ।

जब उनीहरू यूहन्नाकहाँ आए मानिसको ठूलो भीडले यूहन्नाका वचन सुनिरहेको उनीहरूले भेट्टाए । आफ्नो अधिकार देखाउँदै यूहन्नालाई तल झार्ने उद्देश्यसहित उनीहरू अगाडि बढे । आदर र डरसहित मानिसहरूले उनीहरूका निम्ति बाटो छोडिदिए । अन्तमा यी ठूला मान्छेहरू, उनीहरूको धाक र रवाफमा यूहन्नाका अगाडि गएर उभिए ।

"तिमी को हौ" ? उनीहरूले सोधे ।

उनीहरूले के सोचिरहेका थिए भन्ने कुरा यूहन्नालाई थाहा थियो । "म मसीह होइन" उनले जवाफ दिए ।

"तब को त ?" "उनीहरूले सोधे" एलिजा ?

"होइन" यूहन्नाले भने । "के तिमी मोशा आगमवक्ता हौ ? यूहन्नाले टाउको हल्लाउँदै भने "होइन" ।

"तब तिमी को हौ त ? जसले हामीलाई पठाएका छन् । उनीहरूलाई हामीले जवाफ लिएर जानुपर्छ । "तिमी आफ्नै बारेमा के भन्छौ ?" यूहन्नाले अगमवक्ता यशैयाका वचनसहित बोल्न थाले "परमेश्वरले मागे तयार पार" भनी उजाड स्थानमा कराउने । एक व्यक्तिको आवाज हुँ ।" ( यूहन्ना १:२३)

पुरानो समयमा यदि कुनै राजा कुनै सुविधा नभएको गाउँ जाँदैछन् भने उनको अगाडि उनको बग्गीका लागि बाटो तयार गर्न मानिसहरू पठाइन्थ्यो र ।

खाल्टाहरू पुरिन्थे र ढिस्काहरू मिलाइन्थे । त्यसै गरेर यदि पवित्र आत्माले हाम्रो हृदय छोयो भने जसले घमण्डलाई नाश गर्छ, सुखसुविधाको शक्तिको मोहलाई हटाइदिन्छ । यसले विनम्रता र विश्वासले प्रेमलाई बढाउँछ । आउनेवाला राजालाई स्वीकार गर्न समर्थवान् हृदय बनाउने काम यूहन्नाको थियो ।

गुरुहरूले प्रश्न गरिरहे "तपाईँ एलिजा होइन, मोशा होइन र मसीह पनि होइन भने किन बप्तिस्मा दिइरहनुभएको छ ?"

जब यूहन्नाले सेवाकाई सुरु गरे, कसैले मोशा बौरी उठेका रहेछन् भनी सोचे, किनकि उनलाई अगमवाणीका र इस्रायलको इतिहासका विषयमा एकदम धेरै कुरा थाहा थियो ।

धेरैले मसीह आएकाहुन् भनेर पनि विश्वास गरे । एलिजा व्यक्तिगत रूपमा आएका पनि हुन सक्छन् भनी सोचे । यूहन्नाले म एलिजा होइन" भनेर भनेका थिए । तर उनको भनाइमा गहिरो मतलब थियो । यूहन्नाले एलिजाको शक्ति र आत्मासहित एलिजाले गरेजस्तो काम गरे ।

## धेरै मानिस येशूलाई चिन्न असमर्थ भए

येशूले त्यसदिन यर्दन नदीमा बप्तिस्मा हुँदा धेरै मानिसहरू त्यहाँ थिए । तर धेरैले स्वर्गबाट आएको अचम्मको आवाज र कुरा देख्न र सुन्न सकेनन् । तिनीहरूले यूहन्नाका कुराहरू महिनौंदेखि सुनिरहेका थिए तर पाको निम्ति पश्चात्ताप गरेका थिएनन् । उनीहरूका आँखा परमेश्वरतर्फ कहिल्यै फर्केका थिएनन् । त्यसकारण उनीहरूले त्यस दिन परमेश्वरको महिमा देख्न सकेनन् । कुनै आवाज सुन्न सकेनन् ।

आज पनि त्यस्तै हुन्छ । मानिसहरूले आराधना गर्दा धेरै समय येशू र उहाँका स्वर्गदूतहरू उपस्थित रहन्छ । त्यसैले उहाँको उपस्थिति थाहा पाउँछन् । उनीहरूलाई सान्त्वना दिइन्छ । आशिष दिइन्छ र उनीहरूलाई उत्साहित गरिन्छ । तर धेरैले भने पत्तै पाउँदैनन् । उनीहरूले त्यहाँ कुनै नयाँ अनुभव गर्दैनन् ।

गुरुहरूले अझै यूहन्नाबाट जवाफको चाहना गरिरहे, "तब तिमी किन बप्तिस्मा दिइरहेका छौ ?" यूहन्नाले केही बेर भीडलाई चुपचाप हेरिरहे । त्यसपछि उनको अनुहार हँसिलो भयो र जीउचाहिँ उत्तेजनाका कारण कडा भयो । "म पानीद्वारा बप्तिस्मा दिन्छु तर तिमीहरूको बीचमा कोही हुनुहुन्छ, जसलाई तिमीहरूले चिनेका छैनौ, उहाँको जुत्ताको फित्ता फुकाउन म लायकको छैन ।

धर्मगुरुका लागि यो जवाफ पर्याप्त थियो । यूहन्नाले कसको विषयमा यी कुरा गरेका थिए भन्ने विषयमा द्विविधा थिएन- मसीह उनीहरूको माझमा हुनुहुन्थ्यो । छक्क परेर गुरुहरूले येशूलाई खोज्दछन् किनभने भीडमा आँखा घुमाए तर उहाँ भीडमा हराइसक्नुभएको थियो ।

यूहन्नाले येशूलाई परमेश्वरका थुमा भनी देखाए । जसले गर्दा मसीहको काममा नयाँ प्रकारको विचार त्यहाँ आउन सक्यो । यूहन्नाले यशैयाको वचन सम्झिए । उहाँ बलिदान हुने पाठो जस्तै ल्याइनुभयो । त्यसपछि यूहन्नाले अगमवाणीका अरू पुस्तकहरू पढ्न थाले, बलिदानका विषयमा अरू अध्ययन गरे । उनले येशूका दुई कामहरू प्रस्टसँग बुझ्न सकेनन् बलिदानका निम्ति उहाँका दुःख भोगाइ र एउटा रजाइँ गर्ने राजा । तर उनले बुझे कि उहाँको आगमन पुजारीहरूले बुझेको भन्दा अरू महत्वपूर्ण छ ।

उजाड स्थानबाट फर्किएपछि यूहन्नाले येशूलाई देखे र उहाँ को हुनुहुन्छ भन्ने प्रमाणका विषयमा पर्खिएर हेरे । एकदम अधैर्य भएर येशूको आगमनको उद्देश्य उनले खोजे र येशूले भने हुन्थ्यो भन्ने चाहना राखे तर केही भनिएन । जब यूहन्नाले भने हुन्थ्यो भन्ने चाहना राख्दा पनि येशूले मानिसको ध्यान आकर्षण गर्न केही गर्नुभएन । भीडमा त्यसै रहनुभयो ।

तर भोलिपल्ट जब यूहन्नाले येशूलाई देखे, अचानक उनका अनुहार चम्कियो उनले येशूतर्फ देखाउँदै भन्न थाले, "हेर उहाँ परमेश्वरको थुमा हुनुहुन्छ जसले संसारका पाप उठाई लानु हुनेछ । म भन्दछु उहाँ नै परमेश्वरको पुत्र हुनुहुन्छ ।

आश्चर्य र अचम्म मान्दै मानिसहरूले येशूलाई हेर्न थाले । उहाँ मसीह हुनुहुन्छ ? परमेश्वरका पुत्र ? उनीहरूले यूहन्नाले भनेका कुरा सुनेका थिए र त्यसबाट प्रभावित भएका थिए । यूहन्नालाई स्वर्गबाट पठाइएको हो भनी उनीहरूले विश्वास गरे । के यो मानिस यूहन्नाभन्दा ठूला हुन सक्छन् । उहाँलाई हेर्दा त्यस्तो महत्वपूर्ण कुरा केही देखिँदैन । उहाँ उनीहरू जस्तै साधारण र गरिब देखिनुहुन्थ्यो ।

कसैले उहाँलाई बप्तिस्मा लिँदैगर्दा स्वर्गको महिमा उहाँको अनुहारमा चम्केको देखेका थिए । अहिले त्यो अनुहार पहेँलो र थाकेको देखिन्थ्यो । उनीहरूले उहाँलाई चिन्न पनि सकेनन् । तर उहाँको अनुहारमा उनीहरूले देखे । उहाँका आँखाले महान् प्रेम र माया देखाइसकेका थिए । उहाँका वरिपरि आत्मिक हावा चलीरहेको उनीहरूले बुझे । उहाँको व्यवहार नम्र र प्रेमिलो भए तापनि त्यहाँ शक्ति लुकेको अनुभूति हुन्थ्यो, के उनीहरूको राष्ट्रले पर्खिरहेको व्यक्ति उहाँनै हुनुहुन्थ्यो ।

साधारण र गरिब मानिस जस्तो भएर येशूले हामीलाई उदाहरण बन्नुभयो र उहाँ हाम्रो मुक्तिदाता पनि हुनुभयो । यदि उहाँ राजा भएर देखापर्नुभएको भए, विनम्रता उहाँले कसरी सिकाउन सक्नुहुन्थ्यो ? अरूलाई प्रेमसहित सेवा गर्ने कुरा कसरी बताउन सक्नुहुन्थ्यो ।

भीडका धेरै मानिसहरू द्विविधा र निराशमा थिए । यूहन्नाले देखाएका व्यक्ति कसरी मसीह हुन सक्छन् । उनीहरूले रोमीलाई खेदेर इस्रायली राज्य स्थापना गर्ने राजालाई पर्खिएर बसेका थिए । मनमा शान्तिको र धार्मिकताको माग राज्य स्थापना गर्ने व्यक्तिलाई उनीहरूले स्वीकार गर्न सकेनन् ।

## यूहन्नाका चेलाहरूले येशूलाई पछ्याउँछन्

भोलिपल्ट यूहन्नासँग दुई जना चेलाहरू उभिइरहेका थिए । त्यसैबेला भीडमा यूहन्नाले येशूलाई देखे र फेरि उनको अनुहार स्वर्गीय प्रकाशले चम्कियो । उनी कराए, "परमेश्वरको थुमा हेर ।" यूहन्नाको कुराले उनका चेलालाई उत्साहित बनायो र त्यो समय उनीहरूले उनका कुरा बुझ्न

नसकेका भए तापनि अन्द्रियासु र यूहन्नाले अगमवक्तालाई छोडे र येशूलाई भेट्न दौडिए । भित्री इच्छालाई उनीहरूले रोक्न सकेनन् । उहाँलाई उनीहरूले पछ्याए । उहाँसँग कुरा गर्ने इच्छा भए तापनि, अर्को विचारले उनीहरू चुपचाप लागिरहे, के उहाँ नै मसीह हुनुहुन्छ त ?" उनीहरूले सोचे ।

येशूलाई उनीहरूले पछ्याउँदैछन् भन्ने कुरा थाहा भयो । यी दुई जना चेलाले उहाँलाई सबैभन्दा पहिला बुझेका थिए । यस विचारले उहाँको हृदय आनन्दले भरियो । तर उनीहरूको स्वतन्त्र इच्छालाई आदर गर्दै उहाँले तिनीहरूलाई सोध्नुभयो "तिमीहरू के खोज्दैछौ ?"

उहाँको उपस्थितिले उनीहरूलाई साह्रै खुसी तुल्यायो । उनीहरूले खालि "गुरुज्यू तपाईं कहाँ बस्नुहुन्छ ? भनेर सोध्न सके । बाटोको छेउमा एक्लै बसेर उहाँबाट उनीहरू वचन सुन्न चाहन्थे ।

येशूले जवाफ दिनुभयो " आऊ र हेर ।" उनीहरू उहाँसँगै दिनभर बसे ।

यदि यूहन्ना र एन्ड्रूस पनि पुजारी र अगुवाहरू जस्तै मनसायले येशूलाई भेट्न आएका भए र उनीहरू पनि उहाँका वचनलाई तौलन र न्याय गर्न र उहाँको उपस्थितिको महत्वपूर्ण स्पष्टीकरण खोज्न आएका हुन्थे तिनीहरूले एउटा राम्रो अवसर गुमाउने थिए, तर तिनीहरूले त्यसो गरेनन् । उनीहरूले बप्तिस्मा दिने यूहन्नाको पवित्र आत्मायुक्त कुराहरूलाई सबभन्दा पहिला मानिलिए र अहिले उनीहरूले येशूको स्वर पवित्र आत्मालाई चिने । उनीहरूका वचन प्रकाशित गरे र पुराना सत्यतालाई नयाँ स्वरूपमा प्रस्तुत गरेको थियो ।

बप्तिस्मा दिने यूहन्ना एक गहिरो विचारका, प्रेमका व्यक्ति थिए । मसीह कस्तो हुनुपर्छ भनी उनले अलि-अलि बुझ्न थालेका थिए- उनले आशा गरे जस्तो शक्ति र इज्जत भएको प्रेमिलो वचन होइन तर परमेश्वरको पुत्रको महिमा, दया र सत्यताले भरिएको ।

आन्द्रियास आफ्नो मनमा भरिएका खुसी अरूलाई बाँड्न हतार भइरहेको थियो । आफ्ना भाई पत्रुसलाई पत्ता लगाउन उनी गए । "हामीले मसीहलाई भेट्टाएका छौं ।" उनी चिच्याएकाले पत्रुसले एकै पटकमा विश्वास गरे । उनले बप्तिस्मा दिने यूहन्नाका शिक्षामा विश्वास गरे र मसीहलाई भेट्न दौडिए । जब येशूले पत्रुसलाई देख्नुभयो, उनको मनको अध्ययन गर्नुभयो, चरित्र र जीवनलाई हेर्नुभयो । उहाँले पत्रुसको चञ्चले बानी देख्नुभयो । उनको प्रेमिलो मन र उनको उद्देश्य र आत्मविश्वास देख्नुभयो । येशूले भन्नुभयो, "तिमी पत्रुस हौ, योनाको छोरा र तिमी चट्टान भनी चिनिने छौ", भोलिपल्ट येशू गलिलमा जानुभयो । त्यहाँ उहाँले फिलिपलाई देख्नुभयो र उनलाई भन्नुभयो । "मेरा पछि लाग" । फिलिप उहाँका पछि लागे । येशूका निम्ति काम गर्न थाले, फिलिपले नथानियललाई भेट्टाए ।

जब यूहन्नाले येशूलाई परमेश्वरको थुमा पनि भनी देखाउँदा नथानियल पनि भीडमा थिए । येशूलाई देखेर नथानियल निराश भएका थिए । कसरी यस्तो गरिब बिनम्र व्यक्ति मसीह बन्न सक्छ ? तर नथानियलले येशूलाई प्रतिकार गर्न सकेनन्, किनकि यूहन्नाको कुराले उनको हृदय छोएको थियो ।

## नथानियलले गोप्य प्रार्थनाहरूको जवाफ पाउँछ

जब फिलिपले नथानियललाई भेट्टाए, त्यसबेला उनी एउटा रूखको फेदमा एकान्तमा बसेर यूहन्नाको मसीहका विषयमा सोचिरहेका थिए । उनले प्रार्थना गरे कि यदि उनी साँच्चै प्रतिज्ञा गरिएका व्यक्ति थिए भने, परमेश्वरले त्यो कुरा साँचो हो भनी अवश्य बताउनेछन् । तुरुन्तै पवित्र आत्माले उनलाई त्यो कुरा साँचो हो भनी मनमा बताए । नेमाराको रूखमुनि उनले एकान्त ठाउँ देखे जहाँ उनका साथी र उनी प्रार्थना गर्थे । "नथानियल" उनले भने "हामीले उहाँलाई भेटेका छौँ, उहाँकै बारेमा अगमवक्ता मोशा र अरूले लेखेका थिए ।" यो कुरा सुन्दा नथानियललाई प्रार्थनाको जवाफ आए जस्तै भयो । फिलिपले शंका गर्दै भने "उनी नासरथका येशू, योशेफका छोरा हुन् ।

नासरथको शंका मुखबाट बाहिर निस्किएको, नाजरथबाट के कुनै असल कुरा नाजरथबाट आएको छ र" ?

फिलिपले वादविवाद गरेनन् "तिमी आफै आएर हेर," उनले भने, जब येशूले नथानियललाई देख्नुभयो, उहाँले भन्नुभयो, "हेर! एउटा इस्रायली जसको मनमा कुनै छल छैन ।"

आश्चर्य मानेर नथानियलले सोधे, "तपाईं मलाई कसरी चिन्नुहुन्छ ? येशूले भन्नुभयो, "फिलिपले तिमीलाई रूखमुनि भेट्टाउनु अगाडि मैले तिमीलाई देखेको थिएँ ।

नथानियलका निम्ति त्यो कुरा प्रशस्त थियो । जब उनी प्रार्थना गर्दै थिए उनलाई आत्माले जानकारी दिनुभएको थियो र अहिले येशू स्वयंले वचनद्वारा बोल्नुभयो । शंका र पुर्वाग्रह भए तापनि साँच्चै के हो त भन्ने चाहनासहित नथानियल त्यहाँ आएका थिए । उनले सत्यता भेट्टाएका थिए । फिलिपको भन्दा बढ्ता उनको विश्वास बढ्यो " गुरुज्यू" उनले भने तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ । तपाईं इस्रायलका राजा हुनुहुन्छ ।

यदि नथानियलले खालि गुरु र धर्माधिकारीको मात्र कुरा सुनेका भए पनि उनले येशूलाई कहिल्यै भेट्टाउन सक्ने थिएनन् । उनले देखेर र आफैंले निर्णय गरेर उनी येशूका चेला बन्न सके । मानिसहरू अरू कसैले बाटो देखाउनेछ भनी उनीहरू आफ्नो विश्वासबाट तर्किन्छन् । नथानियल जस्तै गरेर हामी आफू स्वयंले परमेश्वरका वचनको अध्ययन गर्नुपर्दछ । पवित्र आत्माद्वारा ज्ञान मिलोस् भनी प्रार्थना गर्नु पर्दछ । जसले नथानियललाई

नेमाराको रूखमुनि देख्नुभएको थियो । उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ । जसले अगुवाईका निम्ति प्रार्थना गर्दछन् । खोज्दछन्, उनीहरूको सुनुवाई अवश्य हुन्छ ।

यूहन्ना, आन्द्रियास, फिलिप पत्रुस र नथानियलको पहिलो बोलावट नै इसाई मण्डलीको सुरुबाट थियो । यीमध्ये दुई जनाचाहिँ यूहन्नाद्वारा येशू कहाँ पठाइएका थिए । एकजनालाई आफ्नै भाइले बोलाएर येशू कहाँ ल्याएका थिए । जब फिलिप बोलाइए, उनी तुरुन्तै आफ्नो साथी खोज्न गए ।

यस उदाहरणले हामीलाई यही बताउँछ कि हामीले आफ्ना परिवार साथीहरू छिमेकि कहाँ जानु र सुसमाचार सुनाउनु उत्तिकै महत्वपूर्ण कुरा हुन्छ । धेरै मानिसहरू धेरैलाई नबोलाइकन इसाई हुँ, भनी भन्दछन् ।

## हाम्रो सबभन्दा राम्रो प्रभाव

फिलिपले नथानियललाई उनको मात्र कुरामा विश्वास गर्ने होइन बरु आफै गएर हेर्नका लागि भने यसै गरेर आज हामी खाली येशूका बारेमा भन्ने मात्र होइन तर हाम्रो जीवनद्वारा येशू कस्तो हुनुहुन्छ भनी बताउन पनि सक्छौं । सबभन्दा हाम्रो प्रभाव केही कुरा भनेर होइन बरु हामी कस्ता हौं त्यसलाई देखाएर बताउन सकिन्छ । मानिसहरूले हाम्रा भनाइलाई चुनौती गर्न सक्छन् । हाम्रो निम्तोहरूलाई नकार्न सक्लान् तर निःस्वार्थ प्रेमिलो जीवनका विषयमा उनीहरूले वादविवाद गर्न सक्तैनन् ।

परमेश्वरको वचनद्वारा कसैको बदलिएको जीवनको उदाहरणले सुन्नेहरूलाई प्रभाव पार्न सक्छ । परमेश्वरका वचनमा प्राप्त प्रेमलाई बाँड्न उनीहरू चाहन्छन् । उनीहरूको गवाही अरू कुराको भन्दा शक्तिशाली हुन्छ । यस्तो बाँड्नाले मनमा खुसीको आशिष ल्याउँछ । यसरी हामी उहाँको बलिदानद्वारा अरूहरूले मुक्ति पाएको कुरा येशूको खुसीसित बाँड्दछौं । हामी उहाँको काम गर्न हात बढाउँछौं ।

नथानियलको विश्वासपूर्ण बोली "तपाईं मसीह हुनुहुन्छ येशूको कानमा संगीत जस्तै गुन्जियो । उहाँले नथानियललाई भन्नुभयो, "किनकि मैले तिमीलाई रूखमुनि देखेँभन्दा तिमीले विश्वास गर्‍यौ ? तिमीले यीभन्दा ठूला कुराहरू देख्नेछौ ।

साँचो खुसीका साथमा भविष्यको आफ्ना कामको विषयमा सोच्नुभयो । सुसमाचार सुनाउने र

शरीर र आत्मामा बिरामी भएकाले निको पार्ने उहाँको लक्ष्य थियो । उनीहरूलाई जाति पार्ने र जो सैतानको पकडमा थियो, उनीहरूलाई स्वतन्त्र गर्ने । उहाँले भन्नुभयो, छिट्टै तिमीले स्वर्ग र उघ्रिएको र मबाट स्वर्गदूतहरू तलमाथि गइरहेको देख्नेछौ ।

स्वर्ग उनीहरूको निम्ति उहाँले पृथ्वीका निम्ति खोलिएको छ भन्ने कुरा देखून् भन्ने चाहनुहुन्थ्यो । जब उहाँमा उनीहरूको विश्वास बढ्दै जान्थ्यो उनीहरूले मानिससँग स्वर्गको के कस्तो सम्बन्ध रहेछ भनेर अझ राम्रो सँग बुझ्दै जान सक्थे ।

परमेश्वरका स्वर्गदूतहरूले सँधैभरि स्वर्गसम्म मानिसका प्रार्थनाहरू लगि जाने र मानिसमा आशिष् ल्याउने काम गर्दथे । अब पहिलाको भन्दा बढी गरेर पृथ्वीले स्वर्गदूतका चिन्हहरू देख्नेछन् ।

पिताद्वारा गरिएका अचम्मका कार्यहरू येशूले गर्नुभयो । यो परमेश्वरको शक्तिद्वारा स्वर्गदूतद्वारा गरिएको थियो । वास्तवमा जे-जति आशिषहरू लिन्छौँ ती खीष्टद्वारा स्वर्गबाट आएका हुन्छन् ।

मानिस भएर येशूले आदम र हब्बाका सन्तानको हात समात्नुभयो । ईश्वर भएर उहाँले स्वर्गको सिंहासनलाई दरिलो गरेर समाउनुभयो । येशू परमेश्वर र मानिसलाई जोड्ने माध्यम हुनुहुन्छ ।

# १५ विवाह भोजको आश्चर्य काम

*"उनले तिमीहरूलाई जे गर भन्छन् त्यही गर"* (यूहन्ना २:५)

येशूले यरुसलेमका धर्मिक नेता र मन्दिरमा पुजारीका अगाडि आफ्नो अचम्मका काम गरेर सेवकाइ सुरु गर्नुभएन । बरु गलिलको एउटा सानो गाउँको विवाहको भोजमा खुसी थपेर आफ्नो काम सुरु गर्नुभयो । यसो गरेर येशूले उहाँले मानिसहरूप्रति र उनीहरूका खुसीमा सहभागी हुनका निम्ति चासो देखाउनुभयो । यर्दन नदीपछि उहाँ काना भन्ने ठाउँमा जानुभयो । जहाँ उहाँ र उहाँका इष्टमित्रहरू एउटा विवाहको भोजको तयारीमा थिए । येशू र उहाँका चेलाहरूलाई त्यहाँ बोलाईएको थियो । विवाहमा येशूले आफ्ना आमालाई भेट्नुभयो, जसलाई उहाँले केही समयदेखि देख्न पाउनुभएको थिएन । उनले उहाँको बप्तिस्माको विषयमा सुनेका थिए । स्वर्गबाट आएको बोलीका विषयमा पनि नाजरथभरि चर्चा चलेको थियो । यस कुराले मनभित्रका धेरै कुराहरू उनले सम्झन थालिन् ।

इस्रायलका अरू मानिसहरू जस्तै मरियमको मन पनि बप्तिस्मा दिने यूहन्नाको वचनले गर्दा परिवर्तन भएको थियो । यूहन्नाको जन्ममा गरिएको भविष्यवाणीका विषयमा उनले सम्झिन् । यूहन्नाले येशूसँग स्थापना गरेको सम्बन्धमा उनको आशा अझ मौलायो । उनको घरमा स्वर्गदूत आएको समयदेखि मरियमले उनका छोरा मसीह नै हुनुहन्छ भनी विश्वास लिएकी थिइन् । उहाँको मीठो निस्वार्थ जीवनले उनको विश्वास बढायो । तर उनीसँग शंका र निराशा भने थिएन । उहाँको पूर्ण परिचयको इच्छा लिने गर्दै उनी पर्खिरहिन् । युशुफले मात्र उनीसँग येशूको अचम्म प्रकारको विषयमा बुझेका थिए । उनको मृत्युपछि आफ्ना आशाहरू डरले गर्दा बाँड्न् सकिनन् । दुई महिनादेखि आमालाई येशूले छोड्नुभएको थियो । यसले गर्दा उनले झन् एक्लोपनको महसुस गरिन् । उनलाई नियास्रो लागेको थियो ।

जब त्यहाँ उनीहरूको भेट भयो मरियमले येशूलाई आफूले हुर्काएको उस्तै विनम्र छोराका रूपमा पाइन् । तर केही कुरा फरक थियो । सैतानसँगको द्वन्द्वका कारणले अनुहारमा कष्ट देखिन्थ्यो र साथै महिमा र शक्तिको मिश्रण पनि त्यहाँ थियो ।

जवान युवाहरू उहाँका पछि थिए र उहाँलाई मालिक भनेर सम्बोधन गर्दथे । येशूको बप्तिस्मा हुँदा र अन्त पनि उनीहरूले देखेका थिए । त्यो कुरा उनीहरूले मरियमलाई बताए । उनीहरूले उहाँलाई मसीह भएको विश्वास गरे । यी कुराले मरियमको मनभित्रको आशा फेरि मौलाए, ती स्वप्न

मात्र रहेनछ भनी उनले आशा गरिन् । एउटी गर्विली आमाको छातीखुसीले फुक्यो ।

जब पाहुनाहरू जम्मा हुँदै गए । त्यहाँ विशेष चहलपहल बढ्न थाल्यो । सानो सानो झुण्डमा मानिसहरू कानेखुसी गर्न थाले, औँलाले येशूलाई देखाउन थाले, उहाँ कुराकानीको केन्द्रबिन्दु बन्नुभएको थियो । मरियमले यो सब देखिन् र येशूले आफू साँच्चै मसीह भएको प्रमाणित गरिदिए हुने थियो भनी आशा राखिन् । उहाँले केही अचम्मको काम गर्ने मौका पाउनुहुने भनी उनले आशा राखिन् ।

त्यो समय विवाहको उत्सव धेरै दिनसम्म मनाइन्थ्यो । तर भोज सकिनु अगाडि उनीहरूको पेय पदार्थ सकियो । उनी विचलित भइन किनकी त्यो कुरा पाहुनाहरूले बुझ्नेछन् र अपमान गर्दै समारोह छोडेर जानेछन् ।

मरियम एक नातेदार भएकाले विवाहको समारोह मिलाउने व्यक्ति पनि थिइन् । उनले येशूलाई भेटेर पेय पदार्थ सकिएको कुरा जानकारी दिइन् । येशूले जवाफ दिनुभयो "हे नारी म के गरौँ समय आइपुगेको छैन ।" यो जवाफ हामीलाई ठाडो किसिमको लाग्न सक्छ तर उनीहरूको संस्कृतिमा यो आदरणीय कुरा थियो । येशूले क्रुसबाट पनि त्यत्तिकै मायालु हिसाबले उहाँलाई भन्नुभएको थियो । यूहन्ना चेलासँगै आमालाई जिम्मा लगाउनुभएको थियो । दुवै समय उहाँले प्रेमपूर्वक बोल्नुभयो ।

जब उहाँ सानो छँदा मन्दिरमा रहनुभएको थियो । येशूले आफ्नो उद्देश्य र कामका विषयमा जानकारी दिनुभएको थियो । येशूकी आमा भएकाले उहाँका समय र उद्देश्यलाई उनले जोखिममा पार्छ की भन्ने उनको मनमा डर थियो । ३० वर्षसम्म येशू उनको प्रेमिलो र आज्ञाकारी छोरा हुनुहुन्थ्यो ।

येशूको आमाप्रतिको प्रेम कहिल्यै कमी भएन । तर अहिले उहाँले पिताको काम गर्दै हुनुहुन्थ्यो । कुनै सांसारिक बन्धनले उहाँको उद्देश्यलाई बाँध्न सक्तैनथ्यो । उहाँलाई पिताको इच्छा पूरा गर्न स्वतन्त्र हुनु जरूरी थियो । यसै गरेर हामीलाई पिताले देखाएको मार्गमा हिँड्नलाई कुनै कुराले बाध्य गर्नु हुँदैन ।

सबै मानिसहरू जस्तै मेरी मरियमको मुक्तीको आशा परमेश्वरका थुमा येशू नै हुनुहुन्थ्यो । उहाँको विशेष संसर्ग र नाताले उनलाई केही विशेष फाइदा पुग्ने थिएन । "मेरो समय आइपुगेको छैन भने येशूले मरियमको नबोलिएका विचारको उत्तर दिनुभयो र येशूले आफूलाई छिट्टै मसीह भनी प्रस्ट गरेर इस्रायलको सिंहासन लिनुहुने भनी आशा उनले राखिन् ।

पृथ्वीमा येशूको जीवनमा घटेका प्रत्येक काम सृष्टिको सुरु भन्दा अघि तय गरेको अनुसार भइरहेको थियो । जब मानिसहरूको साथमा उहाँ हिँड्नु भयो त्यसबेला उहाँको प्रत्येक कदम परमेश्वर पिताको इच्छा अनुसार

थियो । जब उचित समय आयो, उहाँले आफ्नो काम गर्न कहिल्यै हिचकिचाउनु भएन । अब उहाँ सिद्ध धिरजसाथ ठिक समयलाई उहाँले पर्खनु भयो ।

## मरियमको विश्वासले पुरस्कार पायो

मरियमले येशूको उद्देश्यलाई राम्ररी बुझेकी थिइनन् । तर पनि उनले उहाँलाई पूर्ण विश्वास गरिन्  उनको विश्वासको मान राख्न र चेलाहरूको विश्वास दरिलो बनाउन उहाँले पहिलो चमत्कार गर्नुभयो ।

यी सुरुका चमत्कार हेरेर चेलाहरूको विश्वास बढ्नु थियो । उनीहरूले अगमवाणीका कुराहरूले येशूलाई देखाएको कुरालाई विश्वास गरे । येशूले भन्नुभएका कुरा अरूलाई उनीहरूले सुनाए र उहाँको काममा आफ्नै विश्वासलाई पनि दरिलो बनाए  तर पुजारीहरू र गुरुहरूले शंका गरेको देखेर उनीहरूले अचम्म माने, निराश पनि भए ।

विवाह भोजमा येशूका कुरा सुनेर मरियम निराश भइनन् । खाना पस्कनेलाई उनले भनिन् "उनले तिमीलाई जे भन्छ त्यही गर ।"

छ वटा ठूला माटाका भाँडाहरू ढोकाको छेउमा राखिएका थिए । येशूले सेवकलाई ती भाँडाहरू पानीले भर भनी अह्राउनुभयो । यो काम सकिएपछि उहाँले भन्नुभयो, "अब खन्याऊ र भोजमा आएका पाहुनालाई बाँड ।"

त्यसबेलासम्म पाहुनालाई सत्कार गर्ने र पाहुनालाई पेय पदार्थ सकिएको कुरा थाहा थिएन । जब नयाँ पेयले भरिएको कप उनीहरूले पिए । पहिला पिएको भन्दा त्यसमा मीठो स्वाद उनीहरूले पाए । पाहुनाले अहिलेसम्म पिएको सबैभन्दा मीठो स्वाद त्यस नयाँ पेयमा थियो ।

उनी बेहुला तफ फर्केर भन्न थाले, " प्राय गरेर भोजन असल पेय चाहिँ पहिले दिइन्छ । भोज सकिँदै जाँदा कमसल पेय दिन थालिन्छ । तर तपाईंले त असललाई अहिलेसम्म बचाएर राख्नुभएको रहेछ ।"

संसारका कुरा क्षणिक रूपमा सुन्दर लागे तापनि तिनले दीर्घकालिन प्रकारको सन्तुष्टि दिँदैनन । पेय पदार्थ तीतो हुन थाल्छ र खुसीयाली तीतो दुखाइमा परिणत हुन्छ । गीत र हाँसोका साथ सुरु भएका कुराहरू दिक्दारी र दुःखमा बदलिन्छ । येशूले दिने कुराले हाम्रो हृदयमा सँधै खुसी र शान्ति ल्याउँछ । यदि हामीले उहाँलाई पछ्यायौँ भने आजका पृथक उपहारहरू भोलिका निम्ति अझ पूर्ण प्रकारका प्रतिज्ञा हुन्छन् ।

त्यो चमत्कार बप्तिस्मा र येशूको मृत्युको चिन्ह थियो । ती भाँडामा मानिसका हातद्वारा पानी भरिएका थिए, तर येशूका वचनले उनीहरूको कामलाई नयाँ बनाउन सक्यो । येशूको मृत्युको धार्मिक संकेत पनि त्यसै गरि पूरा भएको छ । मानिसले ठीक प्रकारका शब्दहरू र कामहरू प्रस्तुत गर्न सक्छन् तर येशूको शक्तिले मात्र बदलिइएको जीवनमा मतलब दिन सक्छ ।

येशूले पानीलाई रक्सीमा परिवर्तन गर्नुभएको थिएन । वचनले पेय पदार्थलाई कडा प्रकारको रक्सी भनेको छैन ।

ह्राम्रो कामलाई नियन्त्रण गर्ने, सैतानले मानिसको मस्तिष्कमा बदली गर्ने प्रकारको र मनलाई निस्तेज बनाउने कडा पेय पिउनु भन्छ । येशूले ती सबै मनका चाहनालाई उहाँमा राख्न भन्नुहुन्छ, उहाँले नियन्त्रण गर्न सक्नुहुन्छ । येशूले नै पहिला बप्तिस्मा दिने यूहन्नाले कडा पेय पिउनुहुन्न भनी भन्नुभएको थियो, हबक्कुक अगमवक्ताद्वारा उहाँले भन्नुभयो कि, जसले आफ्नो छिमेकिलाई कडा पेय पिउन उक्साउँछ ऊ श्रापित हुनेछ । दाखको फरमेन्ट नगरिएको पेय स्वस्थ र मिठो थियो ।

केही समयमा नै नोकरहरूले त्यो नयाँ पेयका विषयमा बताइदिए र उनीहरूले येशूको चमत्कारका विषय सोध्ने मानिसहरूलाई बताइदिए । पाहुनाहरू छक्क परे । कसले यस्तो चमत्कार गरेको भन्ने विषयमा कुराकानी भएको समयमा येशू त्यहाँबाट हिँडिसक्नु भएको थियो ।

यसकारण पाहुनाहरूले येशूका चेलासँग उत्तर जान्न चाहे । पहिलो पटक मानिसका सामु आफ्नो येशूप्रतिको विश्वासलाई उनीहरूले व्यक्त गरे । शंका गर्नु पर्दैन त्यहाँ घटेका घटनाको सबै विवरण उनीहरूले सुनाउँदा, सुन्नेहरूको आशा अझ बढ्यो ।

त्यो खबर चारैतिर फैलिन पुग्यो । अन्तमा येरुसलेमका पुजारीहरूले पनि त्यसबारे सुने । मसीहका विषयमा धर्मशास्त्रले के भन्छ भनी उनीहरू खोज्न थाले । येशूले आफ्नो सेवकाईको काम मानिससँग गएर गर्नुभयो । उहाँले परमेश्वरको नियमलाई आदर गर्नुभयो  तर मानिसका देखावटी आडम्बरलाई हप्काउनुभयो । समाजका असमानताका अड्चनहरूलाई हटाएर सबैलाई उहाँ एक परिवार जस्तो बनाउन चाहनुहुन्थयो । विवाह भोजमा सरिक भएर येशूले यसको पहिलो कदम चाल्नुभयो । यो नै पहिलो लक्ष्य थियो ।

विवाहको भोजमा गएर येशूले विवाह बन्धन पवित्र हो भनी प्रमाणीत गर्नुभयो वचनबाट विवाहको सम्बन्धमा बताइएको छ कि परमेश्वरले आफ्ना जनसँग त्यस्तै सम्बन्ध चाहनुहुन्छ । येशूका निम्ति त्यो समय विवाहको खुसीपूर्ण हुन्छ जब उहाँले आफ्नो दुलही बनाइएका मानिसहरूलाई पिताको घरमा लिएर जानुहुनेछ ।

येशू सामाजिक मानिस हुनुहुन्थ्यो । उहाँ धनी र गरिब मानिसका घरमा जानुभयो । उहाँले बुद्धिमानी र समझ नभएकासँग पनि कुरा गर्नुभयो र उनीहरूलाई दैनिक चिन्ताहरूलाई छोडेर आत्मिक र अनन्तका विचारहरू तिर ध्यान दिन भन्नुभयो । येशू पापपूर्ण वा मूर्खतापूर्ण कुराहरूमा कहिल्यै लाग्नुभएन । बरु उहाँले साधारण कुराहरू जस्तै कानाको विवाह भोज जस्तो ठाउँमा जान मन पराउनुभयो ।

जहाँसुकै जसलाई भेटे पनि उसलाई उहाँको राज्य निम्तो दिनुपर्छ भनी उहाँको इच्छा थियो । जसले राम्रो वास्ता गर्दछ त्यस्तै भएर मानिसका हृदयलाई छुनुभयो । सडकमा, घरहरूमा, डुङ्गामा, मन्दिरमा, झिलछेउ अथवा विवाहको भोजमा येशूले मानिसहरूलाई भेट्नुभयो र उनीहरूको दैनिक जीवनप्रति चाख देखाउनुभयो । घरमा होस् वा काममा, उहाँको प्रेमिलो व्यवहारले उनीहरूको हृदयलाई जित्नसक्यो ।

जब उहाँ एकान्त डाँडामा प्रार्थना गर्न जानुहुन्थ्यो । आफ्नै कामको तयारी गर्न उहाँले त्यसो गर्नुभयो । आफ्ना पिताबाट शक्ति पाएर फर्केपछि उहाँ बिरामीलाई जाति पार्नुहुन्थ्यो, नजान्नेहरूलाई सिकाउनु हुन्थ्यो । सैतानको दासत्वमा परेकाको बन्धन चुडाँली दिनुहुन्थ्यो ।

येशूले मानिसका आवश्यकतामा सेवाकाई गर्नुभयो । आफ्ना चेलाहरूलाई पनि त्यसै गर्न सिकाउनुभयो । सहर र गाउँतिर आफूभन्दा उनीहरूलाई पनि लिएर जानुभयो । कहिले उनीहरू डाँडामा बस्थे । कहिले समुद्रको किनारामा, अनि उहाँले उनीहरूलाई परमेश्वरको राज्यको महिमा बताउनुहुन्थ्यो । यो गर त्यो गर भनी उहाँले उनीहरूलाई अह्राउनु भएन । बरु उहाँले " मेरा कामको अनुशरण गर" भनी भन्नुभयो । आफ्नो यात्राहरूमा उनीहरूलाई लगेर उहाँले कसरी मानिसहरूलाई शिक्षा दिनुहुन्थ्यो त्यो सिक्ने अवसर दिनुभयो ।

जसले परमेश्वरका वचन प्रचार गर्दछन् । अथवा उहाँको प्रेमको गवाहीको जीवन जिएका छन्, तिनले येशूको उदाहरण लिनुपर्छ । हामीले आफैलाई एक्लै राख्ने र अविश्वासीको वास्ता जहाँ छ हामी त्यहीँ पुग्नुपर्छ । घरमा, काममा र सामाजिक भेलाहरूमा । चर्चमा मात्र परमेश्वरको वचन बाँडिनु हुँदैन । यदि हामी चर्चको दिवारभित्रमा आफूलाई लुकाउन खोज्छौँ भने हामीले धेरै सामाजिक मौकाहरू गुमाउनेछौँ, येशूको प्रभावका विषयमा भन्न पाउनेछैनौँ ।

हामी उनीहरूलाई देखाउन सक्छौँ कि हामी आफ्नो स्वार्थमा मात्र अल्मलिएका छैनौँ । हाम्रो धर्मले हामीलाई न्याय गर्ने प्रकारको प्रेम नभएको मानिस बनाउँदैन । यदि येशूले भनेको बाटोमा हिँड्यौँ भने उहाँले जस्तै सेवकाइ गर्न सक्नेछौँ ।

धेरैले इसाईहरू बेखुसी र निराश छन् भनी भन्छन् । येशूका चेलाहरू मूर्ति होइनन् । उनीहरू बाँचेका मानिसहरू हुन् र उनीहरूको मनमा ईश्वरीय प्रेम हुन्छ । हाम्रा कामहरूद्वारा येशूको प्रेम हामीबाट प्रवाह हुन्छ । अरूमा चम्कन्छौं र स्वर्गीय प्रेम सबैलाई उज्जवल बनाउँछौं ।

# १६ मन्दिरमा भ्रष्टता

*"यहाँबाट यी सबथोक लैजाओ । मेरा पिताको भवनलाई व्यापारको घर नतुल्याओ ।" (यूहन्ना २:१६)*

कानाको विवाहको भोजपछि येशू कपर्नहुनबाट यरुसलेम जाँदै गरेका आफ्ना आमा र दाजुभाइको समूहमा सम्मिलित हुनुभयो । यो यहूदी चाडमा ठूलो भीड लाग्थ्यो । उहाँको कामहरू समाजमा अझै फैलिनसकिएको कारण भीडमा हिँड्दै गर्दा उहाँलाई कसैले चिनेनन् । हिँड्दै गर्दा मसीहका विषयमा कुराकानी हुनेगर्थ्यो । बप्तिस्मा दिने यूहन्नाले मसीहको आगमनको विषयमा कुरा भनेको कारण छिट्टै उनीहरूको देश रोमीबाट स्वतन्त्र गरिने आशामा मानिसहरू थिए । उनीहरू निराश हुनेछन् भनी येशूलाई थाहा थियो । उनीहरूले वचनलाई राम्रो बुझ्न नसकेका कारण यस्तो भएको थियो । उहाँले जो बुझ्न चाहन्थे उनीहरूलाई बताउनुभयो र उनीहरूले वचनबाट गहिरो साहरा पाए ।

निस्तार चाडको हप्तामा, प्यालेस्टाइन र अरू धेरै ठाउँहरूबाट मानिसहरू यरुसलेमको मन्दिरमा आउने गर्थे र धार्मिक पूजा गर्ने, बलि चढाउने गर्थे । प्रत्येकले एउटा जनावर बलि दिन ल्याउनुपर्ने थियो । सबै मसीहलाई देखाउँदथे, येशूको महान् बलिदान ।

सबै यात्रीले जनावरहरू घरबाट ल्याउन सक्दैनथे, त्यसकारण मन्दिरको आगमनमा यस्ता जनावरहरूको किनबेच हुने गर्दथ्यो । सबै किसिमका मानिसहरूले बलिको जनावर त्यहाँ किन्ने गर्दथे ।

जनावर बेच्नेले मानिसहरूलाई चर्को मोलगरेर बेच्ने गर्थे । आराधना गर्नेलाई पापकको क्षमाका निम्ति त्यही बलिका जनावर किन्नुपर्ने भनिएकाले उनीहरू चेपमा परेका थिए । घरबाट यति टाढा आइसकेपछि बलि नचढाई उनीहरू त्यसै घर फर्कन सक्दैनथे । तिनीहरूले ठूलो मोल तिरेर किन्थे र त्यसबाट भएको नाफालाई मन्दिरका पुजारीसँग बाँड्ने गर्दथे ।

पैसा साट्ने व्यवसाय पनि त्यहाँ नराम्रोसँग सञ्चालित थियो । बाहिरी मुद्रालाई मन्दिरका शेकेलसँग बदल्नु पर्दथ्यो । मन्दिरको काम सघाउनका निम्ति प्रत्येक यहूदीले आधा शेकेल तिनुपर्दथ्यो । शेकेल दानका निम्ति प्रयोग गरिन्थ्यो । मन्दिरमा शेकेलमात्र चढाउने हुँदा पुजारीले मानिसहरूलाई उनीहरूको पैसाको धेरै मोल तिर्न लगाउँथे । त्यहाँ पनि पुजारीहरूले नाफा भाग लगाउँथे ।

## पवित्रस्थान निर्दयी बजार बन्दछ

निस्तार चाडमा धेरै जनावरलाई बलि दिइन्थ्यो, त्यसकारण मन्दिरको वातावरण फराकिलो हुन्थ्यो, धेरै हल्ला हुन्थ्यो । परमेश्वरको पवित्र मन्दिरभन्दा बढी त्यो ठाउँ गाईवस्तुको घर जस्तो लाग्दथ्यो । किनबेचमा मोलमोलाइको झगडा साथमा भेँडा कराएको आवाज परेवाको आवाज गरी, कराई अनि पैसा गनेका सबै आवाज  मिश्रित रूपमा सुन्न मिल्थ्यो ।

बाहिरी हल्ला र स्वर यति ठूलो द्विविधापूर्ण थियो कि आराधना गर्नेहरूले भित्र पुजारीले गरेको प्रार्थना केही पनि सुन्न सक्दैनथे ।

यहूदी मानिसका निम्ति, जो आफ्नो मन्दिरका निम्ति र चाडहरू मनाउनका निम्ति घमण्ड गर्थे । मानिसका निम्ति त्यो मन्दिरको हविगत त्यस्तो थियो  तर पैसाको लोभले तिनीहरूलाई अन्धो बनाएको थियो र यसरी उनीहरूले मन्दिरको सेवालाई परमेश्वरको चाहना अनुरूप गर्न असमर्थ बने ।

पुजारीहरू, शासकहरू नै मानिसलाई र मन्दिरलाई यस्तो अवस्थामा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू थिए । तिनीहरूले मानिसलाई मद्दत गर्नुपर्थ्यो र उनीहरूबाट फाइदा लिनु हुँदैनथ्यो । लोभले उनीहरूको मनलाई कडा बनाएको थियो र त्यसकारण उनीहरू पैसा र शक्तिलाई मात्र देख्न सक्थे ।

चाडमा आउनेमध्ये धेरै गरिब थिए । लंगडा, बहिरा र भेटी चढाउन नसक्ने र खाना किन्न पनि नसक्नेहरू थिए । उनीहरू सहायता माग्दै आउँथे । उनीहरूलाई यही लागेको थियो कि जनावरको बलिबिना उनीहरूको पाप क्षमा हुँदैनथ्यो । पुजारीहरूमा कुनै दया थिएन र उनीहरूलाई कसैको वास्ता थिएन ।

जब येशू मन्दिरको आगनको सिँढीमा उभिनुभयो उहाँले त्यहाँ मोलमोलाई गरिएको र विशेष गरिबहरूलाई हेपिएको देख्नुभयो । उहाँले पवित्र स्थानहरूलाई बेचबिखन गर्ने ठाउँ भइरहेको देख्नुभयो । त्यहाँ केही गरिनु आवश्यक थियो । आराधना गर्नेहरू त्यो बलिदानको महत्व के हो र यस्ले के संकेत गरेको भन्ने नबुझी बलि चढाउन आइरहेका थिए । सबै आराधना, सेवाले उनीहरूकै माझ उभिइरहनुभएको जनलाई देखाइरहेको थियो तर उहाँलाई उनीहरूले चिन्न सकेनन् । पुजारीको परमेश्वरसँग केही सम्बन्ध नभएको उहाँले देख्नुभयो । वहाँको भिन्नै प्रकारको काम त्यहाँ सुरु हुँदै थियो ।

त्यहाँ उभिँदै गर्दा उहाँका आँखा शक्तिले तेजिलो भए, अधिकारसहित, धार्मिक रिससहित उहाँले बोल्नुभयो । एकएक गरेर मानिसहरू उहाँतर्फ फर्किए । त्यहाँ भएका सबै स्वरहरू बन्द भए, सुनसानको स्थिति त्यहाँ थियो । भ्रष्ट व्यापारीहरू चुपचाप उभिए, उनीहरूका आँखाले उहाँलाई हेर्न थाले । केही लुक्न थाले मानौं कि येशूका आँखाले उनीहरूको अनुहारबाट उनीहरूका अपराधहरू पढिरहनुभएको थियो ।

अचम्मको वातावरण त्यस ठाउँमा भेटियो । परमेश्वरको न्याय शासनको अगाडि उभिएजस्तो उनीहरूलाई लाग्यो । उनीहरू वास्तवमा त्यस्तै अवस्थामा थिए । उहाँ उनीहरूलाई आदेश दिने अवस्थामा हुनुहुन्थ्यो भने उहाँको शरीर ईश्वरीय प्रकाशले भरिपूर्ण थियो ।

उहाँ बोल्नुभयो र उहाँको आवाज मन्दिरका भित्ताबाट ठोक्किएर फर्केर आयो । त्यो त्यही आवाज थियो । जसले सिनै पर्वतमा मोशालाई दस आज्ञा दिँदा बोलेको थियो- जुन आज्ञाहरूलाई उनीहरू उल्लंघन गर्दै थिए । विस्तारै सिँढीबाट ओर्लेर एक हातमा बाटेको डोरी लिएर अर्को हातले देखाउँदै भन्न थाल्नुभयो । “यी कुराहरू बाहिर लैजाऊ,मेरो पिताको भवनलाई व्यापारको घर नतुल्याओ ।”

त्यसपछि पहिला कहिल्यै नदेखाएको रिससहित उहाँले पैसा साट्नेहरूका टेबुलहरू पल्टाउन थाल्नुभयो । मार्वल भुइँमा पैसाहरू यताउता छरिन थाले तर कोही पनि ती टिप्नलाई निहुरिएनन् । कसैले उहाँको अधिकारको प्रतिकारसम्म पनि गरेन । उहाँले डोरीले कसैलाई हान्नुभएन, तर दोषीहरूका निम्ति त्यो बल्दै गरेको आगोको ज्वाला सरह थियो । व्यापारी र धनी मानिसहरू आफ्ना वस्तुहरू र भैँडाहरू लिएर त्यहाँबाट दौडन थाले । पुजारी पछि-पछि दौडन थाले ।

उहाँको ईश्वरीय शक्ति देखेर भीडमा भय छायो । सयौँ मानिस डरले कराए । उहाँका चेलाहरू पनि आवाज र व्यवहारमा डर भयले भरिए । छिट्टै बेचबिखन गर्नेहरू मन्दिरबाट टाढा थिए र त्यसबेला मन्दिर सुनसान थियो परमेश्वरको उपस्थितिले मन्दिर पवित्र बनाइएको थियो ।

मन्दिरलाई त्यसको अपवित्रताबाट सफा गरेर उहाँले आफ्नो मसीही सेवकाइलाई प्रस्तुत गर्नुभयो । मानिसको माझ परमेश्वरको उपस्थिति दर्साउने मानवद्वारा निर्मित त्यो मन्दिर इस्रायली र संसारका निम्ति एउटा पाठ थियो, दर्शन थियो । स्वर्गदूतदेखि मानिससम्म सबैमा परमेश्वरको वास हुन्छ भन्ने किसिमको परमेश्वरको उद्देश्य थियो ।पापमा गिरेपछि मानिसको हृदयमा परमेश्वरको वास हुन छाड्यो तर येशूद्वारा आफूले प्रेम गरेको जातिको हृदयमा फेरि उहाँको मन्दिर पस्यौँ ।

यरुसलेमको मन्दिरद्वारा परमेश्वरले मानिसका निम्ति के प्राप्त छ भनी बताउनुभयो । तर यहूदीहरूले आफ्नो हृदय पवित्र आत्माका निम्ति खोलेनन् । मन्दिरका त्यो अपवित्र कुराहरूको हुल र हल्ला हाम्रो हृदयका अपवित्र विचारहरू, स्वार्थी इच्छाहरू जस्तै हुन् ।

मन्दिर सफा गरेर येशूले मानिसका पापपूर्ण हृदयहरू, स्वार्थी हृदय र खराब बानीहरू सफा गर्ने आफ्नो योजनाहरू बताउनुभयो । हाम्रो आफ्नै शक्तिले हृदयबाट दुष्टतालाई निकाल्न सक्तैनौ । खालि येशूले मात्र मन

मन्दिर सफा गर्न सक्नुहुन्छ । तर उहाँले बलसहित मनभित्र आउने कोसिस गर्नुहुन्न ।

उहाँ भन्नुहुन्छ " हेर म ढोकामा उभिन्छु र ढक्ढक्याउँछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने म त्यस भित्र बस्नेछु ।" प्रकाश ३:२० । उहाँको उपस्थितिले हाम्रो हृदय धोइदिन्छ र यसलाई पवित्र मन्दिर बनाउँछ, यस्तो ठाउँ जहाँ परमेश्वर बस्न सक्नुहुन्छ ।

## परमेश्वरद्वारा न्याय गरिएको

डरले गर्दा पुजारीहरू र शासकहरू मन्दिरको आँगनबाट भागे । येशूको खोजी गर्ने आँखाबाट जसले उनीहरूको मनलाई पढ्न सक्नुहुन्थ्यो । येशूले तिमीहरूलाई सारा यहूदी राष्ट्रहरूको प्रतिनिधिका रूपमा हेर्नुभएको थियो तर त्यो विश्वास हीनता र दुष्टतामा सबै नाश भएको थियो ।

उनीहरू किन भागे ? आफ्नो भनाइमा अडिग भएर त्यो गरिब गलिलको सिकर्मीको छोरासँग किन हट्न सकेनन् ? आफ्ना लुटका पैसा किन तिनीहरूले छोडे र केही शक्ति नभएका मानिस जस्तो भएर किन भागे ? किनकि येशूले राजाको अधिकारसहित बोल्नुभयो र उहाँको आवाजको शक्तिलाई प्रतिकार गर्न उनीहरूले सकेनन् । जब उहाँले बोल्नुभयो, आफूहरू वास्तवमा ढोँगी र चोरी गर्ने मानिस मात्र भएको देखे । जब येशूको अनुहारमा ईश्वरत्व प्रकाशित भएको उनीहरूले देखे । उहाँको रिस मात्र होइन तर ती शब्दहरूमा कति गम्भीर थिए भनी उनीहरूले देखे । उनीहरूलाई परमेश्वरले अनन्तका निम्ति न्याय गर्नुभएको उनीहरूले देखे । केही समयका निम्ति उनीहरूले उहाँलाई अगमवक्ता माने- धेरैले उहाँलाई मसीह भन्ने पनि सोचे । पवित्र आत्माले उनीहरूका आत्मामा काम गर्दै हुनुहुन्थ्यो, भविष्यवाणीमा बताइएका कुराहरू सम्झाउँदै हुनुहुन्थ्यो । के उनीहरूले येशूलाई स्वीकार गर्नेछन् र आफ्ना स्वार्थी जीवनबाट फर्कनेछन् ?

उनीहरूले त्यसो गरेनन् । उनीहरू दोषी भएको कुरा उनीहरूलाई नै थाहा थियो । अहिले येशूलाई नायकका रूपमा हेर्ने मानिसहरूबाट उनीहरू अपमानित भइरहेका थिए । विस्तार-विस्तारसहित, मनमा उहाँप्रति घृणा लिएर उनीहरू येशूलाई र उहाँको अधिकारलाई चुनौती दिन मन्दिरतिर फर्किए ।

तर मन्दिरको आँगनको परिस्थिति बदलिएको थियो । येशूले डोरीले पिट्न खोज्दा गरिबहरू त्यहाँबाट भागेका थिएनन् । उहाँको आँखामा उनीहरूले रिस होइन प्रेम र आशा देखेका थिए । छुटकारा दिनसक्ने मालिकपट्टि फर्केर उनीहरूले भने, "मालिक,मलाई आशिष् दिनुहोस् ।

जसरी आमाले आफ्नो बच्चालाई मद्दत गर्न झुक्छिन् त्यसै गरेर दु:खीलाई मद्दत गर्न उहाँ झुक्नुभयो । लाटोले प्रशंसाका बोली बोल्न थाल्यो,

अन्धाहरूले येशूको अनुहार देख्न पाएकोमा रुन थाले । मन्दिरमा फेरि स्वरहरू सुनिन थाले । तर अहिलेका आवाजहरू चाहिँ धन्यवाद र प्रशंसाका आवाज थिए । साना-साना केटाकेटीहरू बाबुआमाहरू हेर्ने मानिसहरू, साथीहरू सबैका मनमा धन्यवाद र प्रशंसाले भरिएका थिए । आफ्ना घर फर्कँदै गर्दा आफूले फेला पारेको आशा अरू मानिसमा बाँड्दै गए, जसलाई भेटे पनि उहाँको कथा सुनाउँदै गए ।

जो त्यस समय निको भएका थिए, येशूलाई मार्ने बेलामा उहाँलाई क्रुसमा टाँस्न भनी चिच्याएनन् । उहाँको शक्तिको अनुभव उनीहरूले गरेका थिए । उहाँका चेलाहरूको कुरा सुने उहाँको प्रेम र अनुग्रहका विषयमा कथाहारू सबैलाई सुनाउन थाले ।

मन्दिरबाट भागेका मानिसहरू मन्दिरतिर फर्कन थाले । जब मानिसहरूले देखे, उनीहरू छक्क परे, धेरैले यही निश्चय गरे कि येशू नै मसीह हुनुहुन्थ्यो ।

मन्दिरको

यस्तो हालतमा हुनुमा पुजारीहरू नै जिम्मेवार थिए । धेरै जसो मानिसहरू त अन्जान नै थिए । वर्षौंको धार्मिक रीतिको तालिमले गर्दा पुजारीहरूले सबै कुरा थाहाा पाउनुपर्छ भन्ने धारणा थियो । पुजारीले गर्दै गरेको काममा बाधा दिन येशूलाई के अधिकार थियो ? यही विचार मनमा लिनेहरूले पवित्र आत्माको बोली सुनेनन् र येशूलाई पछ्याउन इन्कार गरे ।

## येशूलाई प्रतिकार गर्ने कार्यहरूको सुरुवात

धर्मगुरूहरू र शासकहरूले नै येशूलाई मसीह भनेर हेर्न सक्थे । उनीहरू पात्रो फुकाएर हेर्थे र उहाँको कामको विषयमा भन्ने गर्थे । मानिसको भन्दा बाहिरी शक्तिले मन्दिरको खराब कुराहरूलाई येशूले सफा गर्नुभएको उनीहरूले देखे तर मानिसहरू माथिको उनीहरूको शक्ति गुमाउने डर, मन्दिरमा बेचबिखनबाट हुने आम्दानी हराउने डरले गर्दा येशूप्रति उनीहरूको घृणा अझ बढ्यो । उनीहरूमा येशू परमेश्वरबाट आउनुभएको भविष्यवक्ता हुनुहुन्छ कि भनी डर थियो । उनीहरूले सोधे- “तपाइँ के अधिकारले यी काम गर्नुहुन्छ ? तपाईँसँग के चिन्ह छ ।”

येशूले उनीहरूलाई चिन्ह देखाइसक्नुभएको थियो उनीहरूको मनमा प्रकाश फैलाइदिनुभएको थियो । जाति पारिएका मानिसहरूबाट उनीहरूले कुरा सुनेका, देखेका थिए । यी दुई कुराले मसीह भएको प्रमाण दिएको थियो । त्यसकारण उहाँले उनीहरूलाई बताउन थाल्नुभयो । यस्तो दृष्टान्तले तिनीहरूको मनको घृणालाई उहाँले बुझ्नुभएको कुरा बताउनुभयो । उहाँले भन्नुभयो, “यो मन्दिरलाई भत्काइदेओ र तीन दिनपछि म यसलाई फेरि बनाउनेछु ।” पुजारीहरूलाई रिस उठ्यो, र “उनीहरूले भने, यो मन्दिर

बनाउन ४६ वर्ष लाग्यो, तर तपाईंले तीन दिनमा बनाउने कुरा गर्नुहुन्छ ?"येशूको यस्तो जवाफ सुनेपछि आफूहरूले उहाँप्रति जुन व्यवहार गऱ्यौ त्यो ठीकै गऱ्यौं भनी सोचे । मसीहको प्रतिकार गरेको ठीक रहेछ भनी सोचे ।

तर येशूको सोचाइमा एकभन्दा धेरै माने थिए । पहिलो कुरा उहाँले आफ्नै शरीरका विषयमा भनिरहनुभएको थियो । यहूदी शासकहरूले उहाँलाई मार्ने मति गरिसकेका थिए, किनकि उहाँ समस्या गराउने व्यक्ति हुनुहुन्छ भनी उनीहरूले सोचेका थिए । येशूलाई थाहाा थियो । कसैले पनि उहाँका चेलाहरूले पनि उहाँको मतलबलाई बुझ्न सकेका थिएनन् । उहाँलाई यो थाहाा थियो, तिनीहरूले यी कुराहरू सम्झिरहने थिए र उहाँलाई क्रुसको मृत्युसम्म पुऱ्याउने थिए ।

तर यी सब कुरा त्यो समय उहाँले बताएको भए उहाँका चेलाहरू एकदम खुसी हुने थिए, उहाँले दुःख पाउनुपर्ने र मर्नुपर्ने कुरा जान्न उनीहरू तयार थिएनन् । उहाँको ब्याख्याले समय नै नपुगी यहूदीहरूलाई अन्यतिर हुन गइरहेको कुरासम्म थाहाा लाग्नेथियो ।

जसले विश्वास गर्थे उनीहरूका निम्ति येशूले बोल्नुभयो । किनकि त्यो निस्तार चाडको समय हजारौं मानिसहरू चारैतिर को कुरा लैजाने थिए । जब उहाँ मृत्युबाट फेरि उठ्नुहुन्थ्यो, त्यतिबेला उनीहरूले सब कुरा बुझ्ने थिए र उनीहरूको विश्वास बढ्ने थियो । धेरैलाई उहाँका यी शब्दहरूले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाण दिन्थ्यो ।

उहाँका वचनले मन्दिर र त्यहाँ गरिने सेवकाइका बारेमा बतायो । त्यहाँ दिइएका बलिहरू र सेवकाइ येशूको जीवनमा चिन्ह र उहाँको मानव जातिलाई दिइएको बलिदानका विषयमा थिए । जब येशू मारिनुभयो तब मन्दिर र त्यहाँ गरिने सेवकाइको काम अन्त्य भएको थियो । यहूदी अगुवाहरूले येशूलाई मारेर मन्दिर नाश गरेको भन्ने कुरा पूरा गरे ।

जब येशूको मृत्यु भयो मन्दिरको भित्री भागको पर्दा माथिदेखि तलसम्म च्यातियो, यसले यही प्रमाणित गऱ्यो कि त्यस समय उप्रान्त बलिदान दिने काम सधैंका निम्ति सकिएको थियो । तर जब उहाँ तीन दिन पछि फेरि उठ्नुभयो, येशू हाम्रो मुक्तिदाता मात्र होइन, उहाँ स्वर्गको ठूलो मन्दिरमा हाम्रो प्रधान पुजारी पनि बन्नुभयो ।

अब मानिसहरूले संसारको पापका निम्ति सच्चा बलिदानमा हेर्न सके । स्वर्गीय पवित्र स्थान र प्रधान पुजारीहरूलाई आाखाले देख्न नसक्ने भए तापनि येशूका चेलाहरूले प्रेमबाट छुट्टिएको कहिल्यै महसुस गरेनन् । स्वर्गको पवित्रस्थानमा सेवकाइ कार्यमा रहँदा पनि आफ्नो पवित्र आत्माद्वारा संसारको सेवकाइ उहाँ गर्नुहुन्छ । यसले उहाँ स्वर्गमा उचालिनु अगाडिको प्रतिज्ञा पूरा पार्दछ ।

"म तिमीहरूको साथ अहिले र सधैँभरि संसारको अन्त्यसम्म नै रहनेछु" येशू अझै आफ्ना मण्डलीका माझमा हुनुहुन्छ ।

# १७ रातमा निकोदेमस

*"साँच्चै म तिमीहरूलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्तैन ।" (यूहन्ना ३:३)*

नाजरथबाट आएका ती विनम्र मानिसको शिक्षाबाट निकोदेमस एकदम प्रभावित भएका थिए । उनी शिक्षित थिए, आफै शिक्षक र अगुवा भउ तापनि येशूले दिनुभएको शिक्षाले उनको जीवनलाई छोयो, उनी उहाँबाट अरू सिक्न चाहन्थे । त्यो दिन येशूले मन्दिरबाट खेदेका धेरै जसो पुजारी र अगुवाहरूले येशूलाई घृणा गर्दथे । गलिलबाट गरिएको यस्तो कामलाई कसैले सहन सक्ने कुरा थिएन । उनीहरूले उहाँको कामको अन्त्य गरिदिने निधो गरेका थिए, तर त्यही समयमा उनीहरू उहाँको शक्ति देखेर डराएका थिए ।

सबैले यही निश्चय गरे कि उहाँको कामको अन्त्य गरिनुपर्छ । तर कसैले यही सोचेका थिए कि परमेश्वरको आत्माले उहाँमा काम गरेको हुनाले त्यस कार्य सम्पन्न हुन्न भन्ने उनीहरूलाई थाहा थियो ।

उनीहरूका इतिहास यिनै परमेश्वरले पठाइएका अगमवक्तालाई इस्रायली अगुवाहरूले मारेका कथाहरू भरेका थिए । उनीहरूका मनमा यही धारणा थियो कि परमेश्वरबाट दिइएको चेतावनीलाई प्रतिकार गरिरहेको कारण उनीहरूको देश इस्रायल सधैँ रोमका शासनमा परेको थियो । के येशूका विरुद्धमा काम गर्नु अधोगतिको अर्को खुड्किलो हुनेछ ?

जब धर्मगुरुहरूले येशूको विषयमा कुरा गरे निकोदेमसले होसियार रहन सल्लाह दिए । उनले भने कि, यदि येशू साँच्चै परमेश्वरबाट पठाइएका अगमवक्ता रहेछन् भने उहाँलाई र उहाँको सन्देशप्रति शङ्का गर्नु राम्रो हुने थिएन । पुजारीहरू उनीसँग वाद-विवाद गर्न चाहँदैनथे, त्यसकारण खुलारूपमा केही समय उनीहरूले येशूलाई केही गरेनन् ।

निकोदेमसले मसीहका विषयमा भविष्यवाणीहरू राम्रोसँग पढ्न थाले । जति बढ्ता उनले पढे त्यति नै धेरै उनलाई येशू नै मसीह हुनुहुन्छ भन्ने बारे निश्चित भयो । येशूले मन्दिरको आँगन सफा गरेको समय उनी त्यहीँ थिए । उनले ईश्वरीय शक्तिले बिरामीहरू जाति पारिएका दरिद्रहरू खुसी भएका, खुसीका र प्रशंसाका स्वरहरू सुनेका थिए ।यो देखेर उनले अविश्वास गर्न सकेका थिएनन् । निकोदेमस खुला रूपमा येशू कहाँ जान सक्दैनथे । यति ठूलो शिक्षक भएर येशू जस्तो कसैले नचिनेको मानिस कहाँ जानु उनको निम्ति लाज मर्दो कुरो थियो । मन्दिरमा यस विषयमा अरूले थाहा पाए भने, साँच्चै उनको कुरा काट्नेछन् । त्यसकारण गोप्य रूपमा येशूलाई भेट्ने

विचार उनले गरे । अनि पहाडमा येशूले रात बिताउँदै हुनुहुन्छ भनी थाहा पाएर उनी भेट्‌न हिँडे ।

येशूसँग आमने-सामने पर्दा उनी अलि डराए तर त्यो डरलाई उनले विश्वासका मुकुटभित्र लुकाए, "गुरुज्यू हामीलाई थाहा छ कि तपाईँ परमेश्वरद्वारा पठाइएका हुनुहुन्छ, किनकि कसैले परमेश्वरको साथ बिना यस्ता कामहरू गर्न सक्ने थिएनन् ।

येशूका बारेमा राम्रो भनेर रउहाँको कामका विषयमा प्रशंसा गरेर उनी येशूको साथमा छन् भन्ने विश्वास उनी दिलाउन चाहन्थे तर उनले विश्वास गरेका छैनन् भन्ने कुरा त्यहाँ देखिएको थियो । उनले येशूलाई मसीह भनेर भनेनन् । खालि "ईश्वरबाट पठाइएका गुरु" भने ।

येशूले निकोदेमसलाई केही जवाफ दिनुभएन । उहाँले उनको आँखाबाट हृदयसम्म हेर्नुभयो । निकोदेमसले सच्चाइको खोजी गरेको कुरा उहाँले बुझ्नुभयो । त्यसकारण उहाँले दयाका साथ विस्तारै भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्तैन" । यूहन्ना ३:३ । निकोदेमसलाई लाग्यो कि उनी सत्यको विषयमा छलफल गर्न आएका थिए । येशूको दृष्टिमा उसलाई धेरै ज्ञान प्राप्त गर्नु आवश्यक छैन । उनलाई प्रश्नको जवाफ भन्दा धेरै नयाँ हृदय चाहिएको थियो । "माथिबाट नयाँ जीवन प्राप्त नभएसम्म तिमीले स्वर्गीय कुराहरू बुझ्न सक्ने छैनौ । जबसम्म तिमीसँग नयाँ हृदय छैन तबसम्म मेरो शक्ति र मेरो उद्देश्यका विषयमा चर्चा गरेर केही फाइदा छैन " येशूले भन्नुभयो ।

निकोदेमस छक्क परे । उनले बप्तिस्मा दिने यूहन्नाद्वारा पश्चात्ताप गर्नु र बप्तिस्मा हुने विषयमा सुनेका थिए । उनीहरू बीचमा धार्मिक कुराप्रति धेरै माग भएको चासो, र धेरैले चाहिँ त्यसलाई मन पराएको कुरा उनलाई थाहा थियो । तर उनी आफू मन नपराउनेप्रति थिए भन्ने उनलाई लाग्दैनथ्यो । आफ्नो असल जीवन र असल काममा घमण्ड गर्ने उनी एक मात्र राम्रो फरीसी थिए । उनी आफू केही कुरामा अपवित्र भएको भन्ने कुरा कल्पना गर्न सक्दैनथे ।

"नयाँ गरी जन्मनु" भन्ने बिचार निकोदेमसका निम्ति नयाँ थिएन । अरू विश्वासका मानिस यहूदी विश्वासमा आए भने नयाँ जन्मको बच्चा भनिन्थ्यो । उनी इस्रायली भएर पनि त्यस हिसाबको बदलाहट चाहिन्छ भन्ने विषयमा उनले सोच्न सकेनन् ।

उहाँले यस्तो बोल्नुभएका येशूको भनाइबाट अचम्म र झर्को मान्दै निकोदेमसले जवाफ फर्काउन जुन येशूको बेकारको प्रश्नको बेकारकै जवाफ हुनेछ भनी उनले सोचेका थिए । तर यदि मानिस बूढो भइसकेको छ भने ऊ कसरी फेरि जन्मन सक्छ ?

येशूले उनीसँग वाद-विवाद गर्नुभएन । उहाँले आफ्नो हात उठाउनुभयो । विस्तारै भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही आत्मा र पानीद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्तैन ।" (यूहन्ना ३:५)

येशूले पानीको बप्तिस्माद्वारा नयाँ भएको पवित्र आत्माद्वारा छोएको हुनुपर्छ भन्नु भएको भनी निकोदेमसले जाने । अब उनलाई थाहा भयो कि बप्तिस्मा दिने यूहन्नाद्वारा बोलिएका र देखाइएका उहाँ नै हुनुहुन्थ्यो ।

## नयाँ गरी जन्मनु

*येशूले भन्नुभयो "शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो" (यूहन्ना ३:६)*

मानिसको हृदय स्वभावैले नै दुष्ट छ र मानिसले त्यसलाई जाति पार्न सक्दैन । नियमहरू मानेर कसैले आफै सक्षम हुन चाहन्छ भने त्यो व्यर्थ हो, त्यो असम्भव छ । इसाई जीवन पुरानो जीवनको बदलाहव वा राम्रोपन होइन यो हृदयको पूर्ण परिवर्तन हो । पुरानो जीवन मर्दछ र पवित्र आत्माद्वारा नयाँ जीवन दिन्छ ।

निकोदेमस द्विविधामा रहेको समय येशूले अर्को उदाहरण दिनुभयो "बतास जता चाहन्छ उतै बहन्छ । तिमी बतासको आवाज सुन्छौ तर त्यो कहाँबाट आउँछ र कता जान्छ त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ । (यूहन्ना ३:८)

हावाले रूखका पात चलाउँदा हामी हावा चलेको कुरा बुझ्दछौँ तर त्यसलाई देख्न सक्तैनौँ । पवित्र आत्माले मानिसको हृदयमा हुने काम पनि त्यस्तै प्रकारको हुन्छ । कसैले पवित्र आत्माद्वारा हृदय बदलिएको कुराको विषयमा कुनै ठाउँ वा मिति ठीकसँग नबताउन सक्छ । तर पवित्र आत्माले निरन्तर रूपमा हामी प्रत्येकको जीवनमा निरन्तर काम गरिरहनुभएको छ । जब हामी वचन पढ्छौँ वा शिक्षाहरू सुन्दछौँ हाम्रो हृदयमा तिनले प्रभाव पारिरहेका हुन्छन् । कुनै समय हाम्रो हृदयमा येशूका निम्ति अगाध प्रेम उर्लिएर आउन सक्छ । तर योचाहि पवित्र आत्माको धैर्यको फल हो ।

हावाको असरलाई देख्न र अनुभव गर्न सकिन्छ त्यसरी नै पवित्र आत्माले हाम्रो हृदय छाएको छ भने पापपूर्ण कामहरू र सोचाइहरू पन्छाइन्छ । रिस, डाह र झगडाको ठाउँमा प्रेम, विनम्रता र शान्ति लिन्छ । जब कोही परमेश्वरमा समर्पण हुन्छ, नयाँ प्रकारको परमेश्वरको छाप त्यहाँ देख्न सकिन्छ । मुक्तिको सुरुको अनुभव हामी यहाँ गर्दछौँ तर पूरा परिणाम भने अनन्तमा देखिनेछ ।

## निकोदेमसले आत्म ज्ञान प्राप्त गर्छन

निकोदेमसको मनमा सच्चाइले जरा गाड्न लागेको थियो । उनको मनमा पवित्र आत्माले काम गर्दै हुनुहुन्थ्यो । खुदै चाहिँ उनले बुझिसकेका थिएनन् "त्यो कसरी हुन सक्छ" उनले सोधे । येशूले तिनलाई जवाफ दिनुभयो " तिमी इस्रायलका गुरु हौ र पनि यी कुरा बुझ्दैनौ ?"निकोदेमस रिसाउन सक्थे, तर येशूको मुहारमा देखिएको प्रेमले उनलाई सुनिरहन कर लगाइयो । येशूले जब उहाँको उद्देश्य पृथ्वीमा राज्य स्थापित गर्ने होइन तर आत्मिक राज्यको स्थापना गर्नु हो भनी बताउनुभयो । निकोदेमसले अझ बुझेनन् । उहाँले भन्नुभयो "मैले तिमीहरूलाई पृथ्वीका कुरा भनेँ र पनि विश्वास गर्दैनौ त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ ? (यूहन्ना ३:१२)

जो पुजारीहरू त्यसदिन मन्दिरबाट भागे उनीहरूले पवित्र देखिन प्रयास गरे तर उनीहरूका हृदयमा पवित्रता थिएन । नियमका पुस्तकहरूलाई उनीहरूले लिइ राखेर तर त्यसमा भएको आत्मालाई उल्लङ्घन गरे । येशूले निकोदेमसलाई सम्झाउनु भए जस्तै उनीहरूलाई नयाँ हृदयको आवश्यकता थियो ।

यो विचार उनीहरूलाई नयाँ किसिमको थिएन । महान् राजा दाउदले प्रार्थना गरेका थिए, "हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ।" भजनसंग्रह ५१:१० इजिकियल अगमवक्ताद्वारा उहाँले दिनुभएको थियो, "म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु । तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा म तिमीहरूलाई मासुको हृदय दिनेछु" इजकियल ३६:२६

निकोदेमसले ती पदलाई पढेका थिए र बल्ल उनले तिनको मतलब बुझ्न थाले । धर्म शास्त्रमा बताइएका सबै वचनलाई कडा साथ पालन गरेर मात्र केही फाइदा छैन । स्वर्ग एकदम सिद्ध थियो तर येशूको छेउ उभिनलाई आफैलाई उनले अशुद्ध र अपवित्र ठाने ।

निकोदेमसलाई येशूमा आउन र नयाँ जीवन ग्रहण गर्न भनिएको थियो तर उनले अझै राम्ररी बुझ्न सकेका थिएनन् । उनले सोध्नुभन्दा पहिले नै येशूले दृष्टान्तसहित बताउनुभयो र त्यसलाई निकोदेमसले बुझे, "जसरी मोशाले उजाडस्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।" (यूहन्ना ३:१४,१५)

निकोदेमसलाई त्यो कथा थाहा थियो । इस्रायलका सन्तान उजाडस्थानमा भइरहेको समय एकपटक विषालु सर्पहरूले पूरै क्याम्प ढाकेको थियो । सर्पले टोकेका सबै व्यक्ति मर्ने निश्चित थियो । जब उनीहरूले

परमेश्वरमा पुकारा गरे । परमेश्वरले मोशालाई एउटा पित्तलको सर्प बनाएर लट्ठीमा बेरेर हावामा उचाल्नु भनी आज्ञा गर्नुभयो । अनि सबैलाई यही कुरा भनियो कि जस-जसले त्यो सर्प हेर्दछ ऊ बाँच्दछ ।

उनीहरूलाई थाहा थियो कि पित्तलको सर्पमा उनीहरूलाई बचाउन सक्ने जादुगरी शक्ति थिएन । यो प्रतिज्ञा गरिएको मसीहका चिन्ह स्वरूप थियो । उनीहरूलाई मार्ने सर्पको आकृतिमा बनाएको कुराले उनीहरूलाई बचायो । त्यस्तै प्रकारले येशू पापी मानिसको स्वरूपमा आउनुभयो र मानवलाई बचाउनुभयो । सर्पले टोकेको घाउ जाति भए पनि वा पापहरू क्षमा भए तापनि, उनीहरू परमेश्वरमा प्रेम देखाउनुबाहेक अरू केही गर्न सक्तैनथे । जो सर्पद्वारा टोकिएका थिए । उनीहरूलाई पित्तलको सर्पले कसरी जाति पार्‍यो भन्ने कुराको व्याख्या गरिएको थिएन । उनीहरू बाँच्नका निम्ति सर्पतिर हेर्न सक्थे वा मर्नु पर्ने हुन्थ्यो । मन्दिर र बलिदानले पनि त्यस्तै भूमिका खेलेका थिए । उनीहरू आफैमा केहि शक्ति थिएन । खालि मानिसलाई उनीहरूले मुक्तदातातिर डोहोर्‍याउने कार्य गर्थे ।

निकोदेमसले यो कुरा बुझे, उनले वचनलाई छुट्टै प्रकारले अध्ययन गर्न थाले । वादविवादका निम्ति ज्ञान सञ्चय गर्न होइन तर उनको आफ्नै मनलाई परमेश्वरको प्रेम र उहाँको मुक्तिको अनुभवले परिवर्तन गर्ने विचार गरे । पवित्र आत्माको आवाजलाई सुन्ने प्रयास गरे ।

निकोदेमसले येशूबाट सिकेका पाठ धेरैले सिक्न आवश्यक छ । अविश्वासद्वारा परमेश्वरको मुक्तिको वरदान हामी पाउन सक्छौँ तर विश्वास नै मुक्तिदाता होइन । यसले हामीलाई केही आर्जन गर्दैन । विश्वास यस्तो कुरा हो जसद्वारा पाप क्षमा पाउनलाई हामी येशूको हात समाउन सक्छौँ । पवित्र आत्माको सहायता बिना हामी पश्चात्ताप गर्न पनि सक्तैनौँ । पापको प्रायश्चित गर्ने इच्छा प्रभु येशूबाट आउँछ, पाप क्षमा दिने पनि उहाँ नै हुनुहुन्छ ।

हामीले कसरी मुक्ति पाउँछौं त ? क्रुसबाट निस्केका परमेश्वरको प्रेमले हामीलाई उहाँतर्फ खिच्दछ । यदि हामीले त्यसलाई प्रतिकार गरेनौँ भने यसले हामीलाई क्रुसको छेउसम्म पुर्‍याउँछ, पश्चात्ताप गर्न लगाउँछ । त्यसपछि पवित्र आत्माले हामीलाई बदल्नुहुन्छ । हाम्रा विचारहरू र इच्छाहरू येशूको नियन्त्रणमा आउन थाल्छन् । हाम्रो हृदय र मन उहाँको जस्तो हुनलाई बदलिन सुरू गर्दछ । त्यसपछि उहाँका नियमहरू हाम्रो हृदय र मनमा लेखिन थाल्छन् ।

निकोदेमसको कुराकानीमा येशूले मानव जातिलाई बचाउने आफ्नो उद्देश्य भएको बताउनुभयो । उहाँले यति राम्रोसँग हृदय पवित्र गरिने कुराहरू पहिले र पछि कहिल्यै गर्नुभएन । धर्मगुरुले सम्झनुपर्ने सत्यता उहाँले आफ्नो सेवाकाइ कार्यको सुरूमा नै भन्नुभयो । तर अरू गुरुहरूले उहाँको नयाँ

विचारलाई स्वागत गरेनन् । निकोदेमसले आफूले सिकेका कुरा आफू भित्रै राखे ।

येशूका वचनहरू त्यसै खेर गएका थिएनन् । निकोदेमसले येशूलाई हेरिरहे र उहाँले सिकाउनुभएका कुरा सुने । मन्दिरमा येशूलाई नाश गर्ने विषयमा कुरा हुँदा उनले त्यसलाई रोके । जब येशूलाई मृत्युदण्ड दिइयो र उहाँलाई क्रुसमा टाँगियो । त्यसबेला निकोदेमसले पित्तलको सर्पका विषयको कथा सम्झिए र येशूलाई संसारको मुक्तिदाता भनी माने ।

जब येशूको स्वर्गारोहण भयो, उहाँका चेलाहरू आफै डरले यताउता लुक्न थाले, त्यसबेला निकोदेमस अगाडि बढेर उनलाई मद्दत गरे । सुरूमा यस्तो चुपचाप रहने व्यक्ति परेको बेलामा आफ्नो सम्पति खर्च गरेर चेलाहरूलाई मद्दत गरे र सुरुको मण्डली बढाउन मद्दत गरे, जसले उनको पहिला इज्जत गर्थे, उनीहरूले उनलाई घृणा गर्न थाले ।

निकोदेमसले आफ्नो कथा यूहन्नालाई भने उनले येशूको जीवनको इतिहास लेख्ने समयमा विस्तृत कुरा बताएका थिए । येशूले गलिलको शिक्षक यहूदी शासक र गुरूलाई त्यस रात दिएको शिक्षा अहिले पनि त्यतिकै महत्वपूर्ण छ, जति त्यस समयमा थियो ।

# १८ यूहन्नाको उदाहरण

*"उहाँ बढ्नु र मचाहिँ घट्नु आवश्यक छ ।" (यूहन्ना ३:३०)*

केहि समयका निम्ति बप्तिस्मा दिने यूहन्ना मुख्य शक्तिशाली व्यक्ति थिए । यदि उनले आफैलाई मसीह हुँ भने र रोमीहरूको विरुद्ध उठेका भए मानिसहरू र पुजारीहरू उनको पछि लाग्ने थिए । सैतानसँग शक्ति र महिमा छ, उसले यूहन्नालाई त्यो देखायो । तर यूहन्ना त्याहाँबाट फर्किए । उतातिरको ध्यान छोडेर आफ्नो ध्यानलाई उनले आउनेवाला मसीह येशूतिर केन्द्रित गरे ।

जब येशूले सेवकाइको कार्य सुरु गर्नुभयो । यूहन्नाले देखे कि त्यसबाट उनको किर्ती धमिलो हुँदै गयो । मानिसको चासो र ध्यान येशूतिर सर्न थाल्यो । जब येशू यरुसलेमदेखि यर्दन नदीतिर जानुभयो । उहाँका वचन सुन्नका निम्ति मानिसको भीड उहाँको पछि लाग्यो । धेरै जना येशूसँग बप्तिस्मा लिनका निम्ति आए । येशू आफैले बप्तिस्मा दिनुभएन । उहाँले आफ्ना चेलाहरूलाई बप्तिस्मा दिन लगाउनुभयो ।

यूहन्नाका चेलाहरू येशूको साथमा धेरै भीड देखेर येशूको डाह गर्न थाले । उनीहरूले येशूको बप्तिस्मा यूहन्नाको भन्दा फरक छ भनी विवाद गर्न थाले । येशूका चेलाहरूलाई बप्तिस्मा दिने अधिकार छैन भनी भन्न थाले । उनीहरू यूहन्ना कहाँ आएर भन्न थाले "गुरुज्यू जुन मानिसलाई यर्दन नदीमा हामीले भेटेका थियौं, जसलाई तपाईंले देखाउनुभएको थियो -उनले सबैलाई बप्तिस्मा दिँदै छन् र धेरैले उनलाई अपनाउँदै छन् ।"

यूहन्ना मानिस थिए । उनी डाह गर्न सक्थे । उनले येशूको सिकाइमा ठूलो समस्या खडा गर्न सक्थे, तर उनले गरेनन् । यूहन्ना ईश्वरीय प्रेमले छोइएका व्यक्ति, उनले यो सब स्वागत गरे, मसीहको सेवकाइलाई स्वागत गरे जसलाई उनले देखाएका थिए । उनले आफ्ना चेलाहरूलाई भने, "तिमीहरूले म मसीह होइन भनी भनेको सुनेका छौ, म उहाँका लागि मानिसहरू तयार पार्न खटाइएको हुँ, दुलहाले दुलही पाउँछ तर दुलहाको साथी खुसीमा सम्मिलित हुन्छ । उहाँ ठूलो हुनुपर्छ र मचाहिँ थोरै महत्वको हुनु जरूरी छ ।"

यूहन्नाले आफैलाई कुरा छिनिसकिएको ठाउँमा दुईतिरको संवादवाहक काम गर्ने जस्तो माने । विवाह सकिएपछि साविक काम पनि सकिन्थ्यो । ऊ आफ्नो कामप्रति खुसी हुन्छ । येशूको सफलताले यूहन्नालाई

खुसी भयो । मसीहको विश्वासका कारण यूहन्नाले आफ्नो निःस्वार्थपन देखाए । आफू यसरी हार्न चाहन्थे ताकि सबैका आँखा येशूमा फर्कून् ।

सबै विश्वासीहरूमा पनि यस्तै हुनु जरुरी छ । जब हामी आफ्नो महत्वलाई त्यागेर सबै विचारहरू येशूमा समर्पण गर्छौं, हामी पनि यूहन्नाले अनुभव गरे जस्तो निःस्वार्थ प्रेमको अनुभव गर्न सक्नेछौँ । यसो गर्ने सबैलाई पवित्र आत्माको अनन्त आशिष्‌को प्रतिज्ञा गरिएको छ ।

यूहन्नाले सुनेको जस्तै खबर येरुसलेमका धर्मगुरुहरू, शिक्षकहरूले पनि सुने । उनीहरू मन्दिर छोडेर धेरै जना उजाड स्थानमा यूहन्नाका कुरा सुन्न गएकोमा उनीहरू ईर्ष्यालु भएका थिए । अरू धेरै मानिस येशूका कुरा सुन्न गइरहेका थिए । यूहन्नाबाट येशूका बारेमा भनिएका कुराबारे उनीहरूले पत्तो पाएका थिएनन् । यो नयाँ गुरुको कामलाई जसरी भए पनि रोक्ने निर्णय उनीहरूले गरे ।

## येशूले असमझदारी कसरी हटाउने भनेर येशूले देखाउनुभयो

येशूलाई थाहा थियो कि उहाँ चेलाहरू र यूहन्नाको चेलाभित्र दुश्मनी ल्याउन धार्मिक गुरुहरू जे पनि गर्न सक्थे । यो संकटलाई हटाउन उहाँले त्यस ठाउँलाई छोड्नुभयो र गालिल फर्कनुभयो । जब मानिसलाई विभाजन गर्ने समस्या आउँछ हामी येशूले यूहन्नालाई बताएको उदाहरण पालन गर्नुपर्छ ।

यूहन्नाले आफ्ना खराबीलाई छोडी परमेश्वरतिर फर्कने राम्रो प्रकारको आह्वान गरे, धेरै मानिसले उनलाई पिछा गरेका थिए । उनीहरूले यूहन्नालाई र उनको कामलाई बढी केन्द्रित गर्ने खतरा त्यहाँ बढ्यो । यूहन्नाले मानिसलाई येशूतिर देखाएका मात्र हुन् भन्ने सत्यताबाट टाढा जाने खतरा त्यहाँ थियो । यूहन्ना इसाई चर्च खडा गर्न बोलाइएका व्यक्ति थिएनन् । उनको काम सिद्धाएपछि येशूको काम सुरू हुनु थियो । तर उनका चेलाले त्यो सब बुझेनन् । जब येशूले काम गर्न थाल्नुभयो, उनीहरू ईर्ष्यालु भए ।

आज पनि यस्तै भइरहेछ । परमेश्वरले एक जनालाई काम गर्न बोलाउनु हुन्छ, उसले गर्न सकेसम्म गर्छ, त्यसपछि अर्को मानिस आएर त्यो कामलाई निरन्तरता दिन्छ । तर कोही मानिस ईर्ष्यालु हुन्छन् किनकि परमेश्वरले गर्दा त्यो सफल भएको भनेर उनीहरू बुझ्दैनन् । त्यस समय हामीले बप्तिस्मा दिने यूहन्नाको जस्तो आत्मा लिनुपर्छ । परमेश्वरको कार्यलाई अगाडि बढाउन उनले बाटो छोडी दियो, त्यस्तै परमेश्वरको पछि लाग्न चाहने हरेक मानिसले उनको उदाहरण मानिलिनुपर्दछ ।

# १९ इनारको छेउमा भेटिएकी महिला

*"यो पानी पिउने प्रत्येक तिर्खाउनेछ । तर जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन ।" (यूहन्ना ४:१३,१४)*

उनीहरू गलिलतिर जाँदा येशू र उहाँका चेलाहरू सामरिया भएर गए । दिउँसै उनीहरू सेकेमको सुन्दर मैदानमा पुगे र याकूबको इनारनिर आराम गर्न बसे । बिहानभरको थकाइले येशू त्यही इनारको छेउमा बस्नुभयो, उहाँका चेलाहरू गाउँमा खाना किन्न गए ।

यहूद र सामरीहरू शत्रु थिए । एक अर्कामा सकेसम्म सम्बन्ध राख्दैनथे, यहूदीको शिक्षाअनुसार यहूदीले सामरीबाट केही सापटी लिनुहुँदैनथ्यो, केही लिनु पनि हुँदैनथ्यो, खाना वा पानी खान पनि बन्देज थियो नभई नहुने कुरा बाहेक उनीहरूसँग उठ-बस पनि प्रतिबन्ध थियो ।

येशूलाई घाममा पर्खिरहँदा भोक र तिर्खा बढेर आयो । उहाँ चिसो पानीको इनारनिर बसे तापनि गहिरो इनारदेखि पानी तान्नका निम्ति उहाँसँग कुनै भाँडा बाल्टी र डोरी केही थिएन ।

कुनै भाँडो लिएर पानी लिन आउने मानिसको निम्ति उहाँ पर्खनुभयो । सामरी सहरबाट एउटी महिला आइन् । उनले येशूलाई नदेखे जस्तै गरेर पानी भर्न थालिन् र पानी इनारबाट बाहिर निकाल्न थालिन् । जब उनी फर्केर जान थालिन् येशूले पानी माग्नुभयो । स्वर्गका राजा, जसले समुन्द्र र पानीका नदीहरूलाई नियन्त्रणमा लिनुभएको, उहाँले एक अपरिचित महिलासँग पानी माग्दै हुनुहुन्थ्यो ।

उहाँको अनुरोधलाई त्यस स्त्रीले इनकार गर्न सकेन उनले उहाँले भनेको नमान्ने होइन । त्यहाँको रितअनुसार तिर्खाएको मानिसलाई पानी दिनु पवित्र कार्य मानिन्थ्यो । सामरी र यहूदी बीचको घृणाको कारण उनले येशूलाई पानी दिन सकिनन् । तर उहाँले उनको हृदयसम्म पुग्ने बाटो खोज्दै हुनुहुन्थ्यो । पानी मागेर उनीसँग घुलमिल भएर उनको विश्वासलाई उहाँ जित्न चाहनुहुन्थ्यो । येशू यहूदी भएको ती महिलाले बुझिन् । उनीसँग उहाँ बोल्नुभएकोमा उनलाई यति अचम्म लाग्यो कि उनले पानी दिनै बिर्सिन् । उनले यसरी सोधिन्, "तपाईं एउटा यहूदी भएर म सामरीको हातबाट पानी माग्ने ?" येशूले जवाफ दिनुभयो, "तिमीलाई मैले इनारको पानी देऊ भनेर सानो कुरा मागेकोमा अचम्म लाग्ला । यदि तिमीले मसँग मागे म तिमीलाई अनन्तको जीवनको पानी दिनेछु ।"

येशूले के भन्नुभएको त्यो उनले बुझिनन् । येशू कुनै एक तिर्खाएको मात्र भनी उनले सोचिन् ।

"महाशय, यो इनार गहिरो छ र तपाईंसँग डुबाउने कुनै भाँडो पनि छैन भने कसरी मलाई पानी दिनुहुन्थ्यो ? के तपाईं हाम्रो पुर्खा याकुबभन्दा ठूलो मानिस हो र ? जसले यो इनार खन्नुभयो ?"

उनलाई थाहा थिएन कि याकुबले पनि हेर्न चाहेको व्यक्ति, मसीह उनका सामु हुनुहुन्थ्यो । आज कति धेरै मानिसहरू अनन्तको खोजीमा यता-उता जान्छन् । तर घरमा भएको बाइबललाई हेर्दैनन् ।

येशूले उनीसँग वाद-विवाद गर्नुभएन । उनको प्रश्नको जवाफ पनि उहाँले दिनुभएन । उहाँले भन्नुभयो- " जो कोही यस इनारको पानी पिउँछ ऊ फेरि तिर्खाउँछ तर जसले मैले दिएको पानी पिउँछ ऊ कहिल्यै तिर्खाउनेछैन । यूहन्ना ३:१३,१४

जो संसारले दिने कुराले तिर्खा मेट्न चाहेका छन् उनीहरूको तिर्खा मेटिनेछैन । आफ्ना मनका चाहना पूरा गर्न मानिस केही कुराको खोजमा छ । खालि येशूले मात्र त्यो चाहना मेटाउन सक्नुहुन्छ । उहाँले दिनुहुने अनुग्रह जीवनदिने पानीसरह हुन्छ, यसले ताजगी दिन्छ, शुद्ध गर्छ र आत्मालाई शक्ति दिन्छ । येशूले एक पटक जीवित पानी पिएर पुग्छ भन्नुभएन । उहाँको प्रेमको अनुभव गर्नेहरू घरिघरि उहाँकहाँ आउनेछन् । उहाँले भन्नुभएको छ कि धन सम्पती, लोकप्रियता र मोजमज्जाले मानिसको तिर्खा मेट्दैन । हृदयले उहाँको निरन्तर प्रेमको खोजी गरिरहनेछ । सधैं उहाँ उपलब्ध छ, हामीहरू उहाँलाई पिइरहन सक्छौं ।

येशूले बोलिरहँदा ती महिला छक्क परेर हेरिरहिन् । उनले बुझिन् कि उहाँले इनारको पानीका विषयमा कुरा गर्नुभएको थिएन । उनी पिउँथिन् र फेरि पानी भर्न इनारमा आउनुपर्थ्यो । "मलाई पानी दिनुहोस्, महाशय उनले मागिन् "ताकि म कहिल्यै तिर्खाउने छैन र यहाँसम्म पानी भने आउनुपर्ने पनि छैन ।

## उनका लुकिएका गोप्यताहरू

तर येशूलाई थाहा थियो कि उहाँले दिने उपहार लिन उनी तयार थिइनन् । पहिले उनले आफ्ना आवश्यकताहरू बुझ्नुपर्थ्यो र त्यसपछि मुक्तदातालाई चिन्नुपर्थ्यो । उहाँले भन्नुभयो- "घर जाऊ र आफ्नो श्रीमान्लाई लिएर आऊ ।" यूहन्ना ४:१६

उनले छिट्टै जवाफ दिइन् "मेरा श्रीमान् छैन " येशूले अरू प्रश्नहरू गर्नुहुनेछैन भनी आशा गरिन् ।

येशूले भन्नुभयो "तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौ किनभनै तिम्रा पाँच जना लोग्ने भइसकेका छन् । जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौ ।"

उहाँका कुरा सुनेर यो आइमाइ पक्कै कामिन् होला र पछाडि सरिन् होला । कसरी यो अपरिचितले उनका जीवनका लुकिएका गोप्यताहरू थाहा पाए होलान् । अब उहाँले दोष लगाउनुहुन्छ होला ?

उनले आफ्नो विगतका दिनहरू सम्झिन कसरी मानिसहरूले उनलाई न्याय गरेका थिए र परमेश्वरको न्यायलाई पनि उनले सम्झिन् । उनले सत्यतालाई अस्वीकार गरिनन् । तर उनले विषय बदल्ने प्रयास गरिन । आदर साथ उनले भनिन् महाशय तपाईं भविष्यज्ञाता हुनुहुन्छ होला । त्यसपछि उनले धार्मिक विषयतिर कुरा मोडिन् । "हाम्रा पुर्खाहरूले यो पहाडमा पूजा गर्थे तर तपाईं यहूदीहरू सबैले यरूसलेममा आराधना गर्नुपर्छ भनेर भन्नुहुन्छ ।

येशूले धैर्यसाथ सुन्नुभयो । उनको प्रश्नको इतिहास उहाँलाई थाहा थियो । सामरी इस्रायलको एक भाग थियो । तर परमेश्वरको वचन पालना नगरेको कारण त्यस देशमा अर्कैले शासन गरेको थियो । धेरै पुस्तापछि यहूदीहरू अरू जातिसँगसँगै रहे र उनीहरूले अन्य जातीहरूको मूर्तिपूजाका चलनहरू पनि सिके ।

जब यज्राको पालामा यरुसलेममा यहूदीहरूले मन्दिर बनाए । सामरीहरू मद्दत गर्न चाहन्थे । तर यहूदीहरूले तिमीहरूको मद्दतलाई स्वीकार गरेनन् । त्यही समयदेखि यी दुई राष्ट्रमा घृणाको सुरुवात भयो, सामरीहरूले गिरिजीम पहाडमा आफ्नो छुट्टै मन्दिर बनाए । त्यहाँ उनीहरूले यरुसलेममा मान्ने जस्तै रीतिथिति माने तर मूर्ति पूजालाई पूर्णतः छोडेका थिएनन् ।

तर सामरीहरूलाई श्राप परे जस्तै भयो । उनीहरूको देशले एकपछि अर्को महामारी खप्नु पर्‍यो । शत्रुले आक्रमण गरेर उनीहरूको मन्दिरलाई भत्काइदिए । तर पनि मानिसहरूले आफ्ना रीतिहरूलाई निरन्तरता दिए । यहूदी विश्वास उनीहरूको भन्दा असल हो । परमेश्वरको भवन उनीहरूको मन्दिर भन्दा ठूलो हो भन्ने सोचलाई उनीहरू मान्दैनथे ।

येशूले भन्नुभयो "ए नारी मलाई विश्वास गर, त्यो बेला आउँदैछ जब तिमीहरू यस डाँडामा न यरुसलेममा पिताको आराधना गर्नेछौ । तिमीहरू जे आराधना गर्छौ सो जान्दैनौ, हामी जे आराधना गर्छौं, जान्दछौं, किनभने मुक्ति चाहिँ यहूदीहरूबाट आउँछ ।" यूहन्ना ४:२१,२२

सामरीप्रति केही द्वेष छैन भनी उहाँले देखाउनुभयो । उनले पनि यहूदीप्रति घृणाको भावना नराखून् भन्ने चाहनुहुन्थ्यो । उनलाई यहूदीसँग परमेश्वरको वचन छ, जसमा परमेश्वरका सत्यता र आउनेवाला मसीहका

विषयमा बताइएको छ । उहाँले उनलाई कहाँ र कसरी आराधना विधि सुरु भयो भन्ने विषयमा बुझ्न भनी चाहनुहुन्थ्यो ।

येशूले भन्नुभयो, “तर बेला आइरहेछ र त्यो बेला अहिल्यै हो जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्” यूहन्ना ४:२३

पवित्र मन्दिरहरूका डाँडाहरूमा आराधना गर्न खोज्नेहरू स्वर्ग पुग्दैनन् । परमेश्वरको आराधना गर्न हामी आत्मामा जन्मिएको हुनुपर्छ । साँच्चो आराधना भनेको खुसीसाथ उहाँका नियमहरू मान्नु हो, किनकि पवित्र आत्माले हामीलाई बदलाइ दिन्छ । जब परमेश्वरसम्म मानिसलाई पुग्ने प्रयास गर्छ । पवित्र आत्माले उनहरूलाई पिताको प्रेम देखाउने कार्य गर्नुहुन्छ ।

ती महिला येशूसँग प्रभावित भएकी थिइन् । कसैले पनि उनीसँग यसरी कुरा गरेको थिएन । बितेका पापको सम्झना गरेर जीवनमा उनलाई पछुतो लागेको थियो । यो कुराकानीद्वारा उनलाई चाहिँ यो महसुस भयो कि उनलाई परमेश्वरको खाँचो छ । येशूले उनको जीवनका अँध्यारा गोप्यताहरू जाने तापनि उहाँको प्रेम, मित्रता उहाँको अनुभव उनले गर्न सकिन् । उहाँको पवित्रताले उनको पाप देखायो तर उहाँले उनलाई दोष दिनुभएन । एउटा अचम्मको विचार उनको मनमा उब्जियो । के यही मानिस नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ होला र ? मलाई थाहा छ मसीह आउनुहुन्छ “ उनले भनिन् जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताइदिनुहुनेछ । येशूले भन्नुभयो “ तिमीसँग बोल्ने म उही हुँ ।” यूहन्ना ४:२६

जब उनले यी कुरा सुनिन् उनका मनका आशा विश्वासमा बदलिए । उनले उहाँलाई शंका गरिनन् । पवित्र आत्माले उनमा काम गर्दै हुनुहुन्थ्यो र अब उनी अरु वचनका विषयहरूमा अरू जान्न तयार थिइन् । परमेश्वरको प्रेम र मसीहका उद्देश्यका विषयमा जान्न उनी तयार थिइन् । येशूको जीवित पानीले उनको हृदय भरियो ।

यस्तो सीधा प्रकारको सत्यता येशूले विद्रोही यहूदीहरूलाई भन्न सक्नु भएन । उनीहरूसँग बोल्दा उहाँले होसियारी अपनाउनु परेको थियो । उनको विश्वासले गर्दा यहूदीहरूलाई भन्दा बढी उहाँले उनलाई बताउन सक्नुभयो । उहाँलाई थाहा थियो कि मसीह र उहाँको प्रेमका विषयमा अरूलाई बताउन उनले सबै कुरा प्रयोग गर्ने छिन् ।

## येशूको मनका निम्ति खाना र पानी

जब उहाँका चेलाहरूले बजारबाट खाना किनेर ल्याए, येशूलाई एउटी सामरी महिलासँग बसेर कुरा गरेको देखेर उनीहरू एकदम छक्क परे ।

उनीहरूले देखे कि उहाँले पानी पिउनुभएको थिएन । खाना खानका निम्ति कुराकानीका क्रमलाई बन्द गर्नुभएन । जब ती महिला गइन् येशू चुपचाप बस्नुभयो, अनुहार खुसीले चम्केको थियो । चेलाहरू उहाँलाई सोध्न डराइरहेका थिए । तर उनीहरूलाई थाहा थियो कि उहाँ भोकाउनुभएको थियो, कमजोर देखिनुहुन्थ्यो । अन्तमा उनीहरूले अनुरोध गरे, "गुरुज्यू केही खानुहोस् ।"

येशूले जवाफ दिनुभयो "मैले खाएको खानाको विषयमा तिमीहरू बुझ्दैनौ ।" कसले खाना ल्यायो भनेर चेलाहरूले सोचेको देखेर उहाँले बताउनुभयो "मलाई पठाउनुहुनेको इच्छाअनुसार चल्नु र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो ।" यूहन्ना ४:३४

खुरन्धारसँग सत्यताको खोजी गर्ने त्यो सामरी महिलाको आँखामा विश्वास देखेर येशूले आफ्नो भोक र प्यास सब बिर्सनुभयो, जसरी एउटी आमासँग पहिलो पटक उनको बच्चा हाँस्दछ, खुसी प्राप्त हुन्छ, त्यस्तै खुसी येशूलाई प्राप्त भयो ।

खुसी र आशाले ती महिला एकदम आनन्दित भइरहेकी थिइन् । आफ्नो पानीको गाग्री त्यहीँ छोडेर उनी सहरतिर दौडिन् । किन यति छिटो उनी गइन् भन्ने बारे येशूलाई थाहा थियो । के कारणले उनी कुवामा आएकी थिइन् भन्ने उनले बिर्सिन् र येशूलाई पानी दिन पनि बिर्सिन् । उनी सहर गएर अरू मानिसलाई यी अचम्मका मानिसका विषयमा बताउने कुरा मात्र उनले सम्झन सकिन् ।

उनी गाउँको मुखियाकहाँ सिधै पुगिन् "जसले मेरा विषयमा सबैथोक भने उनलाई भेट्न आउनुहोस् । उनी पक्कै पनि मसीह हुनुपर्छ ।" उनको अनुहारको भाव र उनको भनाइले गर्दा उनीहरूले त्यस मानिसलाई भेट्ने इच्छा गरे । जस्ले त्यो महिलाको जीवनमा यस्तो बदलाव ल्याएको थियो, त्यो मानिसलाई उनीहरूले भेट्नैपर्छ भनेर तिनीहरूले निर्णय गरे ।

येशू इनारको छेउमा नै हुनुहुन्थ्यो । घामको ज्योतिमा हरियो खेतमा बाला झुलिरहेका थिए, त्यसभन्दा पारि एक हुल मानिसहरू उहाँतिर नै आइरहेको देख्नुभयो । अनाजको खेततिर देखाउँदै उहाँले भन्नुभयो, "के बाली पाक्न चार महिना छ भनी तिमीहरू भन्दछौ ? म भन्दछु, राम्ररी हेर, बाली तयार छ, कटनीको निम्ति त्यो तयार छ ।"

येशूलाई थाहा थियो कि जुन वचन उहाँले बोल्नुभयो, त्यो रोपिने विउ थियो  र विश्वासी बाली चाहिँ उहाँका चेलाहरूले कटनी गर्नेछन् । उनीहरू पेन्तीकोष्टका दिनमा पवित्र आत्मा पाउनु उनीहरूको सौभाग्य थियो, जसद्वारा हजारौँ मानिसहरू परमेश्वरतिर फर्केका थिए ।

## सामरीहरूको फसल

यहूदीहरू येशूलाई स्वीकार गर्न तयार नभएता पनि सामरीहरू तयार थिए । ती महिला पछि लागेर उनीहरू कुवा छेउ पुगे, येशूका कुरा सुने र उहाँलाई विश्वास गरे । उहाँले उनीहरूका प्रश्नको जवाफ दिनुभयो र उनीहरूले कहिल्यै नसुनेका कुराहरूको व्याख्या गर्नुभयो । अन्धकार संसारबाट चम्किलो किरण निस्केजस्तो उनीहरूलाई लाग्यो । उनीहरूले येशूलाई फेरि आफ्नो गाउँमा आएर उनीहरूको साथी परिवारहरसँग कुरा गर्न र उनीहरूलाई अरू कुरा सिकाउन अनुरोध गरे । येशू त्यहाँ दुई दिन बस्नुभयो, धेरै सामरीहरूले विश्वास गरे । इस्रायलमा फरिसीहरूले येशूको साधारण विनम्र रूपको उपहास गरे । उहाँका अचम्म कार्यलाई वास्ता गरेनन् र उहाँसँग बढि प्रमाणहरूको माग गरे तर सामरीहरूले कुनै प्रमाणको माग गरेनन् । ती आइमाईको विगतका गोप्यताहरू बताउनुबाहेक उहाँले त्यहाँ कुनै अचम्मका काम गर्नुभएन । तर धेरैले उहाँमा विश्वास गरे । उनीहरूले ती महिलालाइ् भने, "अब हामी विश्वास गर्छौं कि उहाँ मसीह नै हुनुहुन्छ - संसारको मुक्तिदाता - तिमीले भनेर विश्वास गरेका होइनौं तर आफैले सुनेर विश्वास गरेका छौं ।"

सामरियामा गएर, उहाँले यहूदी र अन्य जातिको पर्खाल भत्काउने कार्य सुरु गर्नुभयो । उहाँ यहूदी भए तापनि फरिसीहरूको चलनलाई उहाँले वास्ता गर्नु भएन र उनीहरूको घमण्डलाई बेवास्ता गर्दै उहाँले हेला गरिएका सामरीहरूको सत्कारलाई स्वीकार गर्नुभयो । उहाँ तिनीहरूका घरमा सुत्नुभयो, उनीहरूसँग खाना खानुभयो, उनीहरूका गल्लीहरूमा शिक्षा दिनुभयो, र उनीहरूलाई दया र आदरसहित व्यवहार गर्नुभयो । यरुसलेमको मन्दिरमा पस्ने सानो पर्खाल थियो । जहाँबाट खाली यहूदी मात्र जान सक्थे । तर येशू - जो आफै मन्दिर र मन्दिरको कारण हुनुहुन्थ्यो उहाँले त्यस पर्खाल बाहिर र संसारमा आफ्नो मुक्ति ल्याउनुभयो । येशूले जुन समय सामरियामा बिताउनुभएको थियो, त्यो समय चेलाहरूका निम्ति पनि आशिषमय समय थियो । उनीहरूले आफ्नो देशप्रति मात्र बफादार हुँदा सामरीहरूको शत्रु भएको कुरा महसुस गरे । येशूको कार्यप्रति उनीहरू अचम्ममा परेका थिए । उहाँको उदाहरण लिनु पर्ने भएकाले सामरीप्रतिको हेलालाई आफ्नो नियन्त्रणमा राखे । त्यसले उनीहरूमध्ये एकजनाको हृदय पनि अझसम्म परिवर्तन भएको थिएन ।

जब येशू स्वर्गमा फर्कनुभयो, जब पवित्र आत्माद्वारा चेलाहरूकहाँ आउनुभयो । येशूका चेलाहरूले येशूसँग सामरीमा बिताएको दुई दिन सम्झिए र शत्रुप्रति येशूले देखाउनु भएको दया र आदरलाई सम्झिए । जब पत्रुस सामरियामा सुसमाचार दिन हिँडे उनी त्यस्तै प्रकारको प्रेमसहित हिँडे । जब यूहन्नालाई इफिसस र स्मर्नाबाट बोलावट आयो उनले पनि आफ्नो ईश्वरीय

गुरुसँग बिताएका दिनहरू सम्झिए र येशूले दिनुभएको उदाहरण प्रस्तुत गरे । पहिला नै सबै कुराको ज्ञान येशूलाई छ ।

जब येशू याकुबको इनार छेउ बस्नुभएको थियो । त्यो बेला उहाँ यहुदियाबाट आउनुभएको थियो । जहाँ उहाँको कामले बढी असर देखाउन सकेको थिएन । धर्मगुरु र पुजारीहरूले उहाँको शिक्षालाई वहिस्कार गरेका थिए । जो उहाँको साथमा थिए । तिनीहरूले पनि उहाँले के गर्दै हुनुहुन्छ भनी बुझेका थिएनन् । उहाँले थाकेको भोकाएको र तिर्खाएको बेलामा पनि मौका आउँदा एउटी आवश्यकतामा परेकी महिलासँग करा गर्न हिच्किचाउनुभएन- एउटी यस्ती महिला जो परिचित थिइनन्, यहूदीका शत्रु थिईन् र पापी भएका कारण समाजमा उनको नराम्रो नाम थियो । इसाई भनेर चिनिएकाहरू सानु जातिसँग आफैलाई टाढा राख्छन् । तर कुनै सामाजिक लजालु जाति र भाषाले न त परिस्थितिले कुनै पापीलाई परमेश्वरको प्रेमबाट अलग राख्न सक्तैन, सुसमाचार सबैका निम्ति हो ।

येशूले भीड जम्मा हुन्छ कि भनेर पर्खेर बस्नुभएन । प्रत्यक्ष उहाँले आफ्नो वरिपरि भएका केही मानिसका बीचमा बोल्न सुरु गर्नुभयो । तर एकाएक सुन्नेको लागि त्यहाँ ठूलो भीड हुने गर्थ्यो । येशूका निम्ति बोल्ने हरेकले सानो झुण्डबाट बोल्न सुरु गरेर भीड बढाउन सक्छ । यदि एकै जनाले मात्र सुनेका छन् भने पनि के थाहा त्यो सुसमाचार अरू कहाँसम्म फैलिन्छ र कति जना सुन्ने मानिसहरूको हृदय बदलिने हो ?

येशूका चेलाहरूभन्दा सामरी महिला राम्रो प्रचारक भइन् । उनले सारा सहरलाई येशूका कुरा सुन्नका निम्ति प्रोत्साहित गरीन् । मानिसको मनमा येशूको दया मरुभूमिमा खोला भएजस्तै हो - सबैलाई भोजन दिने, तिर्खाले मर्न लागेकालाई बचाउने र अनन्तको पानीको आशा राख्ने ।

# २० यहूदी अफिसरको छोरा

*"तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ ।" यूहन्ना ४:४८*

जब गालिलका मानिसहरू निस्तार चाड मानेर फर्किए, उनीहरूले येशूको अचम्मका कार्यका कुराहरू फैलाए । येरुसलेमका शासकहरूले उहाँको काम स्वीकार नगरेको कारण झन् उहाँको प्रख्याती गालिलमा भयो । धेरैले पुजारीको विद्रोही स्वभाव र मन्दिरलाई अखडा बनाएको कारण उनीहरूलाई मन पराएका थिएनन् । जसले मानिसहरूलाई मन्दिरबाट खेद्नुभयो, उहाँ नै प्रतिज्ञा गरिएको व्यक्ति भन्ने आशा गरे । उहाँले 'मसीह म हुँ' भनेर भन्नुहुनेछ भन्ने हल्ला सुनेर उनीहरू खुसी थिए ।

तर नाजरथका मानिसहरूले, त्यस ठाउँमा जन्मेको त्यो जवान मानिस मसीह हुन सक्छन् भनी विश्वास गरेनन् । येशूले आफ्ना चेलाहरूलाई भन्नु भएको थियो कि अगमवक्ता आफ्नै सहरमा स्वीकार गरिँदैन । मानिसहरूको उनीहरूकै रूपमा मानिसहरूलाई हेरे संकिर्ण सोच भएकाहरूले नाजरथी येशूलाई गरिब र किसानको कपडामा देखे ।

उनीहरूले उहाँको शुद्धहृदय र निःस्वार्थ प्रेमलाई देख्न सकेनन् । उहाँले विवाह भोजमा पानीलाई मिठो पेय बनाउनु भएको थियो, उहाँ नाजरथमा मात्र रोकिनुभएन ।

उहाँ फर्कनुभएको कुरा सबै गाउँमा फैलियो । यसले बिरामी र दुःखीहरूमा आशा जगायो । कमर्नुहममा राजाका यहूदी अफिसरले येशूका बारेमा सुने । ती अफिसरका छोरा थिए, उनी अहिले धेरै बिरामी थिए, वास्तवमा डाक्टरले आशा मारेका थिए, ऊ मर्छ भन्ने निश्चित थियो ।

जब अफिसरले येशूको विषयमा सुने उनी कानामा गएर आफ्नो छोराका निम्ति मद्दत माग्न येशूलाई बिन्ती गर्ने विचार गरे । भीडहरूको बीचमा साधारण कपडा लगाउने, बाटोको हिँडाइले धुलै धुलो शरीर भएको येशूलाई उनले देखे । निराश भएर उनले सोचे कि "यस्तो साधारण कपडा लगाउने मानिसले मेरो छोरालाई जाति पार्न सक्ला र ?" तर त्यहाँ आइसकेका उनले आफ्नो छोराको विषयमा बताए ।" मेरो छोरा सिकिस्त बिरामी छ, कृपया उसलाई मद्दत गर्नुहोस् ?"

तर येशूलाई बिरामी बच्चाका बारेमा सबै थाहा थियो । अफिसरलाई घर छोड्नुभन्दा पहिला नै घरको दुःखदायी अवस्थाका विषयमा उहाँलाई थाहा

थियो । उहाँलाई यो पनि थाहा थियो कि आफ्नो छोरा जाति नभएसम्म उहाँलाई उनले मसीह भनेर स्वीकार गर्नेछैनन् ।

यति धेरै मानिसहरूले येशूका बारेमा बताएको उसले सुनेका थिए, तर कुनै अचम्मको कार्यपछि मात्र उनले उहाँलाई विश्वास गर्ने भएका थिए । येशूले त्यो साधारण सामरी स्त्रीको विश्वासलाई देखेर, टाउको हल्लाएको हुनुपर्छ । जसले पिश्वास गर्न कुनै अचम्मका कामको माग गरिनन् ।

यो विचार गर्दा उहाँको मन दुख्यो कि उहाँका आफ्नै जनहरूले, जसलाई वचन दिइएको थियो, उनीहरूले पिता पुत्रबाट बोल्दाखेरी विश्वास गरेनन् । येशूले त्यस मानिसलाई भन्नुभयो, "तिमीले मलाई विश्वास गर्नु अगाडि मेरा अचम्मका काम देख्नुपर्छ ।" (यूहन्ना ४:४८) बच्चालाई जाति गर्नुभन्दा बढ्ता येशू त्यहाँ गर्न चाहनुहुन्थ्यो । परिवारका निम्ति उहाँले सत्यता बताउन चाहनुहुन्थ्यो, परमेश्वरको प्रेम र मुक्तिको उपायको विषयमा सम्झाउन चाहनुहुन्थ्यो । अन्धकारको बीच उनीहरू कपरनुहम सहरमा प्रकाश होउन् भनी उहाँ चाहनुहन्थ्यो, जुन सहरमा येशू शिक्षा दिन र जाति पार्न चाहनुहुन्थ्यो ।

जब येशूका कुरा उनले सुन्यो, उनले आफ्नो विश्वासमा कमी भएको कुरा देखे । तुरुन्तै आफू यस्तो मानिसको अगाडि उभिएको महसुस गरे, जसले उहाँका मनका विचार पढ्न सक्नुहुन्थ्यो, जोसँग जुनसुकै प्रश्नका पनि जवाफ दिन सक्ने शक्ति थियो । उनलाई मुटुमा धक्का पऱ्यो कि उनको शंकाले छोराको जीवन नै जाने हो कि ? उनले विनम्र भएर घुँडा टेक्तै बिन्ती गरे, "महाशय, कृपया मेरो साथ आउनुहोस्, कृपया मेरो छोरोलाई मर्नबाट बचाउनुहोस् ।"

येशूले उसको नयाँ विश्वास र छोराप्रतिको प्रेमलाई देख्नुभयो । यस्तो ठूलो आवश्यकता परेकालाई उहाँले त्यसै फर्काउन सक्नुभएन । उहाँले भन्नुभयो " जाऊ, तिम्रो छोरा जाति हुन्छ ।" (यूहन्ना ४:५०)

अफिसर पहिला कहिल्यै अनुभव नगरेको खुसी र शान्तिसाथ त्यो ठाउँ छोडेर हिँडे । उनका छोरा मात्र जाति पारिने होइन तर येशू नै मसीह हुनुहुन्छ, मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्दै उनी हिँडे ।

त्यसै समय कर्फनुहमका केहि कुरा भइरहेको थियो । जो बच्चालाई हेर्दै थिए, उनीहरूले देखे कि विस्तारै बच्चाको ज्वरो कम भइरहेको छ अनि उसको आँखा खुलेको छ, उसमा शक्ति सञ्चार भएको छ । स्वस्थ र खुसी देखिँदै उनी गहिरो निद्रामा सुत्यो । घरका परिवार अचम्म मान्दै थिए, खुसी मनाउँदै थिए ।

काना कर्फनुहमबाट टाढा थिएन । अफिसरले सेना छिटोछिटो गएर आफ्नो घरमा त्यही रात पूग्न सक्थे । तर उनले हतार गरेनन् । जब येशूलाई भेट्न उनी कर्फनुहम जाँदै थिए उनको मन भारी थियो । त्यो

दिनको घाम एकदम चर्को थियो र चराहरूका अवाजले उनलाई गिल्ला गरे जस्तो लाग्थ्यो । तर आज सब कुरा भिन्नै थियो । घरतिर फर्कंदा सबै प्रकृतिले परमेश्वरको उनीसँगै प्रशंसा गरे जस्तो लाग्थ्यो ।

घर आइपुग्नु अगाडि उनका नोकरहरू उनलाई भेट्न दौडिए । उनीहरू उनलाई अचम्मको खबर सुनाउन आतुर थिए । तपाईंका छोरा जाति भएका छन् ।" उनीहरूले भने ।

तर उनी यो सुनेर अचम्ममा परेनन् । उनले सोधे " कुन समयदेखि मेरो छोरा जाति हुन सुरु गऱ्यो ।"

"हिजो अपरान्हपछि" उनीहरूले जवाफ दिए ।

त्यो त्यही समय थियो, जुन समयमा येशूले " तिम्रो छोरा ठिक हुन्छ" भनी भन्नुभएको थियो ।

अकस्मात् बाबु घरतिर छोरो भेट्न छिटो दौडिए । छोरालाई अँगालो मारेर उनले बार बार परमेश्वरलाई धन्यवाद दिए ।

अब उक्त अफिसरलाई येशूको बारेमा अरू बढ्ता सुन्न मन लाग्यो । यतिका महिनाहरूमा जब उनले येशूका शिक्षाहरू सुन्ने उनी र उनका परिवार सबै जना मसीहका चेलाहरू भए । जब उनको छोरा जाति भएको कुरा कर्फनुहममा दोहऱ्याइ तेहऱ्याई भनियो - त्यहाँका मानिसहरू येशूलाई भेट्न र उहाँको शिक्षा सुन्न र उहाँको पछि लाग्न तयार भए ।

धेरै समय जब हामी केहि चाहन्छौँ त्यो समय हामी येशूतिर फर्कन्छौँ । तर येशू हामीले मागेका कुराभन्दा बढ्ता हामीलाई दिन चाहनुहुन्छ -उहाँले साँचो प्रकारको साथीको भावना बाँड्न चाहनुहुन्छ । दुःखमा र स्वार्थ मात्र पुरा गर्न मात्र आउने प्रकारको व्यक्ति हामी बन्नु हुँदैन ।

कर्फनुहमको अफिसर जस्तै परमेश्वरले हाम्रा प्रार्थनाको जवाफ दिनु अगाडि नै उहाँलाई विश्वास गर्न सिक्नुपर्छ । हामीले उहाँका प्रतिज्ञाहरूमा विश्वास गर्न सक्छौँ । जब कुनै आशिष्का निम्ति हामी प्रार्थना गर्छौं त्यो हामीलाई चाहिएको घडीमा मिलेको छ भनी धन्यवाद दिन सक्छौँ । हामीलाई चाहिएको कुरा पुरा हुन्छ जान्न सक्छौँ ।

# २१ सवाथमा निको पार्ने कार्य

*मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु । यूहन्ना ५:१७*

येरुसलेमको भैँडाबजार नजिकै बेदस्था नाम भएको एउटा पोखरी थियो । वर्षको एक पटक त्यो पोखरीको पानी विना कुनै कारण हल्लने गर्दथ्यो । धेरलै त्यो पानी कुनै दैवी शक्तिका कारण चलेको हो भनी विश्वास गर्थे । उनीहरूले यो पनि विश्वास गरेका थिए कि त्यो पानी हल्लँदा जस्तो बिरामीको समस्या भएको व्यक्ति भए तापनि यदि त्यो पाखरीभित्र पस्न सक्यो भने उसको रोग जाति हुन्छ ।

आफ्नो रोग जाति हुन धेरै मानिसहरू त्यो पोखरीनेर रहन्थे र जब पानी हल्लन्थ्यो भीड मानिस, स्वास्नीमानिस र बच्चाहरूलाई कुल्चँदै पोखरीभित्र पस्ने प्रयास गर्थे । धेरै जनाले पानीको नजिक पनि पुग्न सक्दैनथे । केहि पोखरी नजिकै पुग्थे तर पानीभित्र पुग्नुभन्दा पहिला भीडले थिचेर आत्तिन्थे ।

बिरामीलाई दिउँसोको घाम र रातको चिसोबाट बचाउन केहि बस्ने ठाउँहरू त्यहाँ बनाइएको थियो । केहि बिरामीहरू त्यहीँ छानामा सुत्थे, दिनदिनै जाति हुनका निम्ति पोखरीको डिलमा गएर बस्ने गर्थे ।

येशू येरुसलेममा प्रार्थना गर्दै, प्रचार गर्दै, हिँडिरहनुभएको थियो, उहाँ त्यतिकैमा बेदस्थाको पोखरी छेउ आइपुग्नुभयो । उहाँले बिमार र दिकदार बिरामीहरू पानी हल्लन्छ र जाति हाइएला भन्ने एक मात्र आशासहित पोखरी छेउमा बसिरहेको देख्नुभयो । उहाँले सबैलाई जाति पार्ने चाहना गर्नुभयो । तर त्यो शावाथ दिन थियो र शावाथमा जाति पार्नु भनेको समस्यालाई निम्त्याउनु थियो । फरीसी र अगुवाहरूमा उहाँको कामले यति घृणा र असन्तोष बढाउने थियो कि उहाँको काममा नै बाधा पुग्न सक्थ्यो ।

त्यहीँ विश्रामस्थलमा एउटा मानिस थियो, जो अड्तीस वर्षदेखि कुँजो थियो । उसको आफ्नै जीवन पद्धतिअनुसार कुँजो भएको कारण धेरैले उसको भाग्य र परमेश्वरको दण्ड भनी सोचे । आफ्ना केहि साथी वा परिवार कोहि नभएको उसले असहांय भएर एक्लै कष्ट भोग्दै थियो ।

जब पानी चल्ने समय आउँथ्यो कसैले दया गरेर उनलाई पोखरीको डिलसम्म बोकेर पुऱ्याइदिन्थ्यो । तर पानी छछल्कीदा उसलाई उचालेर पोखरीमा राख्ने कोहि हुँदैनथ्यो । पानी चलेको देख्थयो तर हाँस्दै गर्दा अर्को

व्यक्ति पोखरीमा पहिला पुगिसक्थ्यो । येशूले उसलाई हेरिसकेपछि अगाडि हिँड्न सक्नुभएन ।
बिरामी मानिस गुन्द्रीमा सुतेका थिए र बेलाबेलामा पानी चल्यो कि भनी टाउको उठाएर हेर्ने गर्थे । उनका अगाडि एउटा दयालु मायालु अनुहार देखापर्‍यो । येशूले भन्नुभयो " के तिमी जाती हुन चाहन्छौ ?"

केहि समयका निम्ति उसको मनमा आशा पलाएर आयो र उनी वास्तविकतामा फर्किऐ । लामो सास लिएर उनले भने "जब पानी चल्छ, मलाई उठाएर पोखरीमा राख्ने कोहि छैन । अर्को मानिस मभन्दा पहिला पानीमा पुगिहाल्छ ।"

येशूले विश्वास प्रदर्शन गर्नका निमित्त भन्नुभएन । येशूलाई विश्वास गर्नु भनेर उसलाई भन्नुभएन । उहाँले यति मात्र भन्नुभयो " उठ, आफ्नो बिस्तरा उठाऊ र हिँड ।" त्यो मानिसले कुनै प्रश्न सोधेन । उनी हिच्किचाएनन् । उनी उठ्नका निम्ति यसो चलमलाए । उनको मांशपेशीले महसुस गर्‍यो । वर्षौंदेखि हातका र टाउका हराएका शक्ति उसमा फेरि आए, उसको शरीरमा जीवन फर्कियो, खुसी हुँदै ऊ उठ्यो ।

## जाती पार्ने शक्ति

येशूले उसलाई परमेश्वरले जाती पार्नुहुन्छ भनी प्रतिज्ञा गर्नुभएको थिएन । त्यो मानिस शंका गर्न सक्थ्यो र कहिल्यै जाती नहुन पनि सक्थ्यो तर उसले येशूका शब्दमा विश्वास गर्‍यो, अनि येशूले भनेको कुरा मान्ने बित्तिकै ऊ जाती भइहाल्यो । यस्तै किसिमको विश्वासले हामी आत्मिक रूपमा जाती पारिन सक्छौं । पापको कारण हामी ईश्वरबाट टाढा भएका हुनसक्छौं, हाम्रो हृदय ओइलाएको हुन सक्छ । जसरी त्यो कुजो मानिस आफै उठेर पोखरीसम्म जान सक्तैनथ्यो । हाम्रो आफ्नो शक्तिमा हानी पार्न जाती पारिन् र पवित्र जीवन बाँच्न सक्ने छैनौं । हाम्रो अशक्त अवस्था हामी देख्न सक्छौं । र यो सबै समय येशू हामीतिर झुकेर हामीलाई सोधिरहनुभएको छ " के तिमी जाती हुन चाहन्छौ ?" जाती पारिरहन नपर्खनुहोला । परमेश्वरका भनाईमा विश्वास गनुहोस् अनि अगाडि बढ्नुहोस् । पोखरीको किनारको मानिसलाई जस्तै हामीलाई चाहिएको शक्ति दिइनेछ । जस्तो सुकै पाप र खराब आदतले हाम्रो मन र शरीर अधिक गरिएको भए तापनि येशूले हामीलाई जाती पार्न सक्नुहुन्छ । जाती गरिएको त्यो मानिस आफू सुतेको चकटी र मण्डी लिन झुक्यो । उसले आफ्ना मांशपेसीहरू तन्कायो र आफूलाई जाती पार्नेलाई धन्यवाद दिन शिर उठायो । तर येशू भिडमा हराइसक्नुभएको थियो ।

आफूले उहाँलाई चिन्न सक्छु कि सक्तिन भन्दै परमेश्वरलाई धन्यवाद दिँदै ऊ दौडिन थाल्यो । प्रत्येक पाइलामा उसले भेटेको

मानिसहरूलाई र फरिसीहरूलाई आफू जाती भएको कुरा भन्दै गयो । उनीहरूले चुपचाप लागेर उसलाई हेरेको देखेर ऊ पनि अचम्ममा पऱ्यो । रिसाएको अनुहार लिएर उनीहरूले सवाथमा किन बिस्तरा बोकेर हिँडेको भनी हप्काए । "तिनीलाई थाहा हुनुपर्ने कि यस्ता कुराहरू बोकेर साबाथमा हिँड्नुहुँदैन ।"

आफू जाती पारिएकामा खुसी भएको त्यस मानिसले त्यो दिन शनिबार थियो भन्ने भुलेका थिए । तर उसले आफूलाई दोष दिएन उनको यस्तो मानिसले भनेको मानेका थिए, जसलार्य परमेश्वरले जाती पारिने शक्ति दिनुभएको थियो । उनले फरिसीलाई भन्नुभयो मैले त्यस्तै गरेँ ।

'कसले तिमीलाई जातीपाऱ्यो?' उनीहरूले सोधे । उसले उनीहरूलाई बताउन सकेन । तर उनीहरूलाई थाहा थियो ।

यसरी अचम्मको काम गर्ने शक्ति खाली एक जनाले मात्र देखाएका थिए । तर यो काम येशूले नै गरेको हो भन्ने प्रमाण चाहन्थ्यो जसले गर्दा उनीहरूले उहाँलाई साबाथमा जाती पारेकोमा दोष लगाउन सक्थे ।

उनीहरूको दिमागमा यही सोच थियो कि 'येशूलार्य जाती पारेर आफैले मात्र साबाथको नियम मान्नु भएको थिएन तर अरूलाई ओछ्यान बोकेर हिँड्न लगाएर, यसलार्य पनि साबाथको नियम उल्लङ्घन गर्न लगाउनुभएको थियो ।

## मतलबसहितका नियमहरू

यहूदीहरूले परमेश्वरका नियमलाई वास्तवमा साबाथको नियमलाई बङ्ग्याएका थिए । फरिसीहरू र शिक्षकहरूले के के गर्न सकिन्छ र के चाहिँ गर्नु हुँदैन भनी विश्राम दिनको विषयमा सयौँ कुरा भयो । साबाथलाई यसरी उनीहरूले खुसीको दिनको सट्टामा पीडादायी समय बनाए ।

विश्राम दिनका यहूदीले बत्ती वा मैन बत्ती पनि सल्काउनु हुँदैनथ्यो । त्यसकारण आफ्ना वरपर रहेका गैरयहूदीहरूले उनीहरूको सेवा गर्नुपर्दथ्यो । खाली यहूदी मात्र बचाइएका जाती भएको कारण अरूले त्यस दिनका जे काम गरे पनि हुन्छ भनी उनीहरू सोच्दथे - किनकि अरूसँग केहि आशा थिएन । तर सबैले मान्नुपर्ने आज्ञाहरू परमेश्वरले सबैका निम्ति दिनुभएको छ ।जाती पारिएको त्यो मानिस केहि समयपछि मन्दिरमा धन्यवादको भेटी दिन गयो । येशूले त्यहीँ उसलाई देख्नुभयो र कुरा गर्नुभयो । "हेर, तिमी अहिले जाती पारिएका छौ, अब खराब कुराहरूबाट अलग बस र तिमीलाई कुनै नराम्रो कुरा आउनेछैन ।"

येशूलाई देख्न पाउँदा त्यो मानिस एकदम खुसी थियो । फरिसीहरुले उहाँलाई घृणा गर्ने कुरा उसलाई थाहा थिएन, त्यसकारण उसले उनीहरूलाई

येशू देखाइदियो । तब फरिसीहरूले साबाथ भंग गरेको अभियोग उहाँमाथि लगाए । नियम नमानेकोमा धेरै जसो उहाँलाई मारेको चाहन्थे ।

येशूलाई जबर्जस्ती पूजारीको अगाडि ल्याइएको चाहन्थे । यदि यहूदीहरूले स्वतन्त्र रूपमा आफ्नो देशलाई चलाएको भए उहाँलाई साबाथ नमानेको अभियोगमा मृत्युदण्ड दिन सक्थे । तर दण्ड दिँदैनथे । यहूदीहरूले मानिसको आँखामा येशूको केहि मूल्य नरहोस् भन्ने चाहन्थे । उनीहरूको धेरै प्रतिरोधका बाबजुद उहाँको प्रख्याती चारैतिर फैलिरहेको थियो र फरिसीहरूले हारिरहेका थिए ।

जसले फरिसीका दोषपूर्ण कुराहरू सुनेका थिए । तिनीहरूले येशूका शिक्षा सुने । उहाँले प्रयोग गर्नुभएका शब्दहरू उनीहरूले बुझ्न थाले । उहाँले पिता न्यायधीश परमेश्वर कडा होइन तर दयालु हुनुहुन्छ भनी सिकाउनुभयो । उहाँले आफ्नो कामद्वारा परमेश्वर कस्तो हुनुहुन्छ भनी सिकाउनुभयो । येशूले पुरानो चलन र मानव निर्मित आज्ञाहरूलाई नाश गर्दै हुनुहुन्थ्यो । परमेश्वरका साँच्चो प्रेमको तस्बिर उहाँ देखाउँदै हुनुहुन्थ्यो ।

## मानिसहरूले येशूको शिक्षा मन पराए

मानिसहरूले उहाँका कुरा सुने । यदि शिक्षक र पूजारीहरूले उहाँको शिक्षामा दखल नगरेको भए उहाँको वचनले इतिहासमा ठूलो परिवर्तन ल्याउन सक्ने थियो ।

यहूदी गुरु र नेताहरूले आफ्नो शक्ति बचाइ राख्न येशूलाई बदनाम गर्ने कोसिस गरे । उनीहरू शासकका अगाडि येशूलाई पुर्‍याएर मानिसहरूका मनमा शंका उठाउन चाहन्थे । मानिसहरूका मनमा अगुवाहरूप्रति ठूलो आदर थियो र यदि मानिसहरूका अगाडि नै येशूलाई दोषी बनाउन सकिएमा धेरै मानिसहरू उहाँका शिक्षाबाट फर्कन्थे ।

येशूलाई उनीहरूले नियम भंग गर्ने दोषी मात्र होइन तर देशद्रोहीका बदनामीले पनि पोत्न बाँकी राखेनन् । येशूले देशको चलनहरूलाई नमानेको, मानिसका बीचमा मतभेद उत्पन्न गराउने भनेर उहाँमाथि सम्पूर्ण दोष थुपार्न उनीहरू चाहेका थिए ।

शासकबाट यस्ता कुराहरू पहिला आएका थिएनन् । जब सैतानले येशूलाई उजाडस्थानमा फसाउन असफल भयो, उसले र उसका दूतहरूले यहूदीहरूका आँखा अन्धा बनाइदिए । जसको कारणले गर्दा आफ्नै मालिकलाई उनीहरूले चिन्न सकेनन् । यहूदी अगुवाहरूद्वारा उहाँलाई मान्न नदिने र उहाँको काममा सकेसम्म कष्ट पुर्‍याउने रोक्ने र हतोत्साह बनाउने आशा सैतानले गरेको थियो ।

येशू परमेश्वरको नियमलाई मजबुत बनाउन आउनुभएको थियो, त्यसलाई कमजोर बनाउन होइन । साबाथलाई सबै झन्झटबाट मुक्त

बनाउन उहाँ चाहनुहुन्थ्यो । जुन आशिष होइन सराप भइरहेको थियो । त्यो कुँजो मानिसलाई अरू कुनै दिन जाति पारेको भए पनि हुन्थ्यो । उसको 'बिस्तरा बोकेर हिँड' नभनी अरू कुनै तरिकाद्वारा जाती पार्न सक्नुहुन्थ्यो । तर उहाँका मानिसहरूले हेर्ने साबाथभन्दा त्यो छुट्टै हो भनी उनीहरूलाई उहाँ चुनौती दिन चाहनुहुन्थ्यो ।

शासकका अगाडि उभिएर येशूले भन्नुभयो कि साबाथमा बिरामी जाती पार्नु साबाथको नियम अन्तर्गतकै कुरा हो । यो काम परमेश्वरले सबैको जीवनमा गरेजस्तै भलाइको काम नै थियो । "के परमेश्वर, साबाथमा काम गर्नुहुन्न । साबाथमा के सूर्य चम्कन र घाँस उम्रन बढ्न रोकिन्छ । के ग्रहहरूको परिक्रमा वा छालहरू उर्लनबाट रोकिन्छन् । येशूले भन्नुभयो "मेरो पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु ।" यूहन्ना ५:१७

परमेश्वरले एक निमेषका निम्ति काम गर्न छोड्नुहुन्छ, नत्र मानव जाति हराउँछ । हामीसँग पनि साबाथ दिनमा गर्ने कामहरू छन् । यस दिनमा बिरामीहरूको हेरविचार गरिनुपर्छ, र अरू चाहिने मानिसलाई मद्दत पनि गर्नुपर्छ । परमेश्वरले पवित्र दिन मानिसका निम्ति बनाइएको हो । साबाथको कारण कसैले दुःख नपाउन् भनी उहाँ चाहनुहुन्थ्यो ।

साबाथको नियमले भन्दछ कि खानाको निम्ति कार्य यस दिनमा गरिनुहुन्न । यसको साथै अरू सांसारिक सुख र फाइदाका निम्ति यस दिनमा काम गरिनुहुन्न । जसरी परमेश्वरले सृष्टिको काम सकेर सातौँ दिनमा आराम लिनुभयो त्यसैगरी हामीले ती पवित्र घडीहरूलाई बचाएर आराम लिने, आराधना गर्ने र अरूलाई मद्दत पुग्ने काम गर्नुपर्छ ।

फरिसीहरूले साबाथका विषयमा येशूले भन्नुभएका कुरालाई ध्यान दिएनन्, उहाँले परमेश्वरलाई भन्नुभएको कुरापट्टि उनीहरूको ध्यान लगाए । वचनमा बताएको वचन जुन उहाँले बोल्नुभएको थियो, तिनलाई उनीहरूले नकार्न सकेनन् । उनीहरूले मानिसलाई उहाँको विरूद्ध उक्साउन सक्थे । "पहिलो कुरा उनले साबाथको नियम भङ्ग गरे, अहिले उनी आफू परमेश्वरको बराबर हुँ भनी सोच्दछन् ।" त्यो समय उनीहरू रिसाएका थिए । यदि उहाँलाई मानिसको भिडले मन नपराएको भए उहाँलाई मारिदिन्थे ।

येशूले पिताको बदनाम गरेको कुरा इन्कार गर्नुभयो, ईश्वर हुँ भनी झुठा कुरा उहाँले गर्नुभएको थिएन । "म परमेश्वरको पुत्र तर भएको कारणले मेरो अधिकारका काम म गर्छु, उहाँको काममा म मद्दत गरिरहेको छु ।" उहाँले भन्नुभयो ।

त्यसपछि नाजरथको विनयी मानिसले आफ्नो साँचो परिचय देखाउनुभयो । पवित्र स्वर्गदूतद्वारा आराधना गरिएका व्यक्ति उठ्नुभयो । उहाँ परमेश्वरको पुत्र तर उहाँको बारेमा त्यस्ता कुरा बोलिएको थिएन । जब

उहाँले संसारमा आफ्नो अधिकारसहित अहिलेसम्म त्यस्ता कुरा बोल्नुभएको थिएन तर जब उहाँले संसारमा आफ्नो अधिकारको कुरा गर्नुभयो । उहाँको बोली प्रष्ट थियो, त्यहाँ कुनै गल्ती थिएन । "किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ। ताकि सबैले पुत्रको आदर गरून् जसरी तिनीहरूले पिताको आदर गर्दछन् ।" यूहन्ना ५:२२,२३

पुरोहितले येशूको न्याय गरिरहेछौं भनी सम्भिmरहेका थिए तर उल्टो उनीहरूको न्याय भइरहेको थियो किनकि येशूले मानिसमा चिनारी दिनुहुन्छ, मानवलाई बुभmनुभएको छ र  किनकि उहाँलाई सैतानले परीक्षा गर्‍यो, तर उहाँ जित्नुभयो, येशू न्याय गर्न योग्य हुनु भएको थियो । तर उहाँ यस संसारमा न्याय गर्न आउनुभएको थिएन तर यसलाई बचाउन आउनुभएको थियो ।

## येशूले अनन्त जीवनको प्रतिज्ञा दिनुहुन्छ

"साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरा वचन सुन्छ र मलाई पठाउने माथि विश्वास गर्दछ, त्यससित अनन्त जीवन छ।" यूहन्ना ५:२४ ।

उनीहरूले प्रतिक्षा गरेअनुसार, उहाँ नै मसीह हुनुहुन्थ्यो, येशूले उहाँद्वारा मृतले जीवन पाउने कुरा उनीहरूलाई बताउनुभयो ।

पूजारी र अगुवाहरूले यो कुरा हेर्ने इच्छा गरेनन् । येशूले उनीहरूको चलन तोड्नुभएको थियो उनीहरूको अधिकारलाई तोड्न दिनुभएको थियो, त्यसकारण उनीहरूले उहाँलाई विश्वास गर्न सकेनन् ।

उहाँले उहाँका पिताको काम गरेको उनीहरूले देखेर उहाँको कुरा काटे । कुनै महाशक्तिमाथि विश्वास गर्नुपर्दैन भनी उनीहरूले भनेका थिए तर येशूले आफ्ना सबै इच्छा परमेश्वरको इच्छामा समर्पण गर्नुभयो । उहाँले आफ्ना निम्ति केहि योजना बनाउनुभएन । तर पिताले देखाउनुभएको कुरालाई उहाँले हरेक दिन पालन गरिरहनुभयो ।

हामीले हाम्रो स्वर्गीयपितामा हरेक दिन समर्पण हुनु आवश्यक छ । उहाँले हामीलाई काम दिनुहुन्छ र गर्न सक्ने क्षमता दिनुहुन्छ। जबसम्म हामी आफ्ना इच्छाहरूलाई उहाँमा समर्पण गर्दछौं, उहाँको उद्देश्य पूरा गर्ने काम हामीलाई दिइनेछ। हाम्रो आफ्नो इच्छामा, बुद्धिमा र शक्तिमा भर पर्दा हामी परमेश्वरबाट छुट्टिन्छौँ र सैतानतिरको भागमा पर्न जान्छौँ ।

सदुकी र अरू समूहका बिश्वासले यही बताएको थियो कि मृत्युपछि पुनर्उत्थान छैन । तर येशले भन्नुभयो कि उहाँको पिताको काम मृतकलाई पुनर्जीवन दिनु हो । उहाँले भन्नुभयो "समय आउँदै छ, जब मानिसहरूले परमेश्वरका पुत्रको आवाज सुन्नेछन् र बौरी उठ्नेछन् ।" यिनै मानिसहरूले पुनर्उत्थानको गवाही दिने थिए । पापका बन्धनमा परेकालाई यही शक्तिले

नयाँ जीवन दिन सक्छ । त्यस शक्तिमा विश्वास गर्नाले हाम्रो आत्मा स्वतन्त्र हुनेछ, शुद्ध हुनेछ ।

येशूले साबाथमा चंगाई गर्नु उनीहरू सँग माफ माग्नुभएन न ता त्यसको ब्याख्या नै गर्नुभयो । बरु त्यसको दोष लगाउने उनीहरूको संकीर्ण सोचलाई गाली गर्नुभयो । जुन वचन पढेर पनि नबुझेकोमा उनीहरूलाई धिक्कार्नुभयो । "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ किनभने अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ, मेरो विषयमा गवाही दिने तिनै धर्मशास्त्र हुन् । तापनि जीवन प्राप्त गर्न मकहाँ आउन तिमीहरू इन्कार गर्छौ ।" यूहन्ना ५:३९,४०

पुरानो नियमका हरेक कथाहरू, हरेक अगमवाणीहरू, प्रत्येक प्रवचनहरूले परमेश्वरको मुक्तिको योजनालाई देखाउँछ र आउनेवाला मसीहका विषयमा भन्थ्यो । अदनको बगैँचामा दिइएको प्रतिज्ञा र त्यसपछि आएका युगका सबै समयमा परमेश्वरको आउनेवाला मसीहका विषयमा बताएको थियो । मन्दिरका सबै बलिहरूले उहाँको मृत्युको बारेमा देखाएको थियो ।

## उनीहरूले येशूलाई मार्न खोज्छन्

यहूदी अगुवाहरूले मसीहको राज कस्तो हुन्छ भनी अगमवक्ताले भनेका कुराहरू पढेका थिए । तर इस्रायलीहरूले रोमी सम्राज्यलाई जितेर उनीहरूको अधिकारमा शासन आएका कुरालाई मात्र उनीहरूले पढेका थिए । जब येशू उनीहरूले सोचे जस्तो मसीह भएर निस्कनुभएन, उनीहरूले उहाँसँग केहि मतलब राख्न चाहेनन् । जति सिधै उहाँले उनीहरूसित कुरा गर्नुभयो त्यति नै बढी उनीहरूले उहाँका वचनलाई प्रतिकार गर्दै रहे ।

जसले आफूलाई सम्मान गर्छ त्यस्तो व्यक्तिलाई उनीहरूलाई मन पराउने थिए, किनकि उसले उनीहरूलाई धाक लगाउन सक्छ । तर येशूले तिमीहरूलाई निःस्वार्थ प्रेमका विषयमा सिकाउनुभयो तर उनीहरूले त्यसलाई स्विकार गरेनन् । आज पनि यस्तै भइरहन्छ । धेरै मानिसहरू धार्मिक अगुवाहरूसमेत आफ्नै रीतिस्थिति मान्नका निम्ति परमेश्वरको वचनलाई अस्विकार गर्छन् ।

येशूलाई थाहा थियो कि, पुरोहित र गुरुहरूले उहाँलाई मार्ने निश्चित गर्दै थिए । तर पनि उहाँले आफ्नो पितासँगको सम्बन्धका बारेमा र संसारमा उहाँ आउनको उद्देश्यका बारेमा सफा चित्रण गर्नुभयो । यसो गर्दा उहाँको उपस्थिति र उहाँको वचनको भय उनीहरूमा छायो । उनीहरूको दोषी अनुभवको भार उनीहरूमाथि अझ बोझिलो बन्न पुग्यो । आफ्ना सोचाइहरू बदल्नुको साटो त्यसले उनीहरूलाई अरू दिक्क बनायो । येशूलाई प्रतिकार

गर्दा उनीहरूलाई कुनै फाइदा नभए तापनि येशूलाई उनीहरूले घृणा गर्दै रहे ।

मानिसहरू बीच उहाँलाई बदनाम गर्ने वा उहाँको शक्तिलाई नीच देखाउने उनीहरूको उद्देश्य असफल भएको थियो, त्यसकारण उहाँलाई कसरी मार्ने भनी उनीहरूले उपायहरू सोच्न थाले । देशभर उनीहरूले यही सवालहरू पठाए र सूचना गरे कि येशू एक झुटा मसीह हुनुहुन्छ । जहाँ येशू जानुहुन्थ्यो त्यहाँ उनीहरूका गुप्तचरहरू पछि लाग्थे । उहाँले जे भन्नुहुन्थ्यो जे बोल्नुहुन्थ्यो त्यो सबै कुरा टिपोट गर्थे । संसारको मुक्तिदाता क्रुसको छायाँमा त्यस समय उभिरहनुभएको थियो ।

# २२ वप्तिसमा दिने यूहन्नाको मृत्यु

*"के आउनेवाला तपाईं नै हुनुहुन्छ कि हामीहरू कोही अर्काको प्रतीक्षा गरौं ?" मत्ती ११:३*

बप्तिस्मा दिने यूहन्नाले आफ्नो धेरैजसो समय राजा हेरोद एन्टीपासले शासन गरेको ठाउँ, यर्दन, नदीको पूर्वतिर बिताए । हेरोदले पनि यूहन्नाको शिक्षा सुनेका थिए र उनका शिक्षाद्वारा पश्चात्ताप गरेर आफ्नो व्यवहारमा बदली ल्याउनुपर्छ भनी सोचेका थिए । यूहन्नाले राजालाई खुसी तुल्याउने हिसाबले आफ्ना भनाइहरू बदलेनन् । हेरोदले आफ्ना दाजुकी श्रीमती हिरोदियासलाई राखेको विरुद्धमा यूहन्नाले बोलेका थिए । केही समयका निम्ति यूहन्नाको कुराले उनको हेरादियाससँगको सम्बन्धलाई तोड्ने प्रयास राजाले पनि गरे । तर अन्तमा हेरोदियासले आफ्नो पकडलाई अझ मजबुत पारिन् । उनको बदलाको जिद्दीको कारणले गर्दा हेरोदले यूहन्नालाई झ्यालखानामा हाल्न लगाए ।

उजाड स्थानको खुला वातावरण र ठूलो भीडभाडबाट छुट्टिएर यूहन्ना हेरोदको दरबारको झ्यालखानामा कैदी बन्न पुगे । अँध्यारो कालो बन्दी गृहमा रहँदै गर्दा यूहन्नाको मनमा शंका उब्जिए र चिन्ता पनि भयो । उनका चेलाहरू उनलाई भेट्न आउने र यूहन्नालाई येशूले गर्नुभएका कामहरू र कसरी मानिसको भिडले उहाँलाई पछ्याउँछ भन्ने बारे बताउँदथे । यदि उहाँ मसीह भएको भए तपाईंलाई उहाँले किन केही मद्दत नगर्नु भएको" भनेर उनीहरू प्रश्न गर्थे । तिनीहरूका कुराले यूहन्नाको मन छिया छिया भएको देखेर सैतानले खुसी मनाइरहेको थियो । धेरै जसो समय असल मानिसका नराम्रा कुराहरू सुन्नाले मानिसको विश्वास बढ्नुको सट्टा दुःख र हतोत्साह हुने गर्दछ ।

येशूका चेलाहरूले जस्तै यूहन्नाले पनि मसीहको उद्देश्य बुझ्न सकेका थिएनन् । उनले पनि रोमीलाई भगाएर उहाँले सिंहासन लिनु हुनेछ भनी आशा गरेका थिए । उनले एलियाको जोशले प्रचार गरेका थिए उनले आकाशबाट आगो जस्तो गरी शक्तिशाली परमेश्वरको शक्ति येशूले देखाउन भनी आशा गरेका थिए ।

येशूले खडा भएर दुःखी र दरिद्रहरूका लागि महिमा र शक्ति देओस् भनी यूहन्नाले आशा गरेका थिए । तर येशूले केवल बिरामीहरू जाती पार्नु भयो भिडलाई शिक्षा दिनुभयो । पापीहरूसँग खाना खानुभयो । जब

रोमीहरूले यहुदीहरूलाई दमन गरिरहेका थिए, हेरोद र उसकी पत्नी भोजमा आनन्द मनाइरहेका थिए ।

## त्यो गलत हुन सक्थ्यो

यूहन्नाले यो सबलाई बुझ्न सकेनन् । धेरैजसो समय उनलाई एउटा सोचले चिन्तामा पार्दथ्यो - यदि येशू 'मसीह नभए के गर्ने ? के उनले गल्ती गर्न सम्भव थियो, उनको आफ्नै कार्यका बारेमा के उद्देश्य थियो ? के उनको आफ्नो सारा जीवन बेकामको थियो त ?

उनले त्यसलाई भुल्न सकेनन् । यदि येशू वास्तविक मसीह भए र यूहन्नाले आफ्नो लक्ष्य पूरा गरेका भए किन येशू यूहन्नालाई झ्यालखानाबाट स्वतन्त्र गराउन आउनुभएन ? तर शंका लागे तापनि यूहन्नाले आफ्नो विश्वास गुमाएनन् । आकाशवाणीलाई उनले सम्झे । जब उनले येशूको नामको उच्चारण गरे, र वचन पूरा भएको बताए, उनलाई प्राप्त भएको आत्माको शक्तिलाई यूहन्नाले भुल्न सकेनन् । उनले आफ्नो दुई चेलालाई विशेष काम दिएर येशूकहाँ पठाए ।

जब उनीहरूले येशूलाई भेट्टाए, उनीहरूले सोधे, " के तपाईं मसीह हुनुहुन्छ कि हामीहरू कोही अर्काको प्रतीक्षा गरौं ?"उनीहरूको यो प्रश्नले येशूलाई साह्रै निरास बनाएको हुनसक्छ । यदि एउटा विश्वासीलो भविष्यवक्ता भएर यूहन्नाले उहाँ र उहाँको कामलाई बुझ्न सकेनन् भने अरूले के बुझ्लान् ? येशूको नजिकै उनी रहेका थिए । अरू मानिसहरूलाई येशू कहाँ पुग्नलाई घचेटिरहेका थिए । अन्धाहरू त्यहाँ आएका थिए बिरामी र लङ्गडाहरूलाई साथीहरूले बोकेर ल्याएका थिए । नजिक पुगेकाहरूलाई येशूले जाती पार्नुभयो । जब उहाँका शब्दले तिनीहरूका कान छोए, तिनीहरू तुरुन्तै जाती भए । बच्चाहरू जस्तै उनीहरू आफ्ना खुट्टामा उभिए, खुसीले उफ्रन थाले । जब उहाँले अन्धाहरूको आँखालाई खोलिदिनु भयो । तिनीहरूले पहिलो पल्ट दिनको उज्यालो देखे । दुष्टआत्माले दुःख दिएकाहरूले उहाँको आज्ञामा फेरि नयाँजीवन पाए । यति मात्र होइन । बिरामी जाती पार्दै गर्दा उहाँले शिक्षा पनि दिनुभयो । उनले यस्ता गरिब किसान र कामदार जसलाई पुजारी र शिक्षकहरूले केही वास्ता गरेका थिएनन्, तीनीहरूलाई परमेश्वरको प्रेमको विषयमा भन्नुभयो ।

## येशूले प्रमाण देखाउनु हुन्छ

दिनभर यूहन्नाका चेलाहरूले येशूलाई हेरे । अन्तमा उहाँले उनीहरूलाई भन्नुभयो "यहाँ जे देख्यो र जे सुन्यौ, त्यो गएर त्यो सब यूहन्नालाई बताऊ ।"

उनीहरूले यो सन्देश लिएर गए र त्यो कुरा यूहन्नाले बुझे । उनले बुझ्न थाले कि येशूको राज्य लडाइँ र तरवारको राज्य होइन तर मानिसका जीवन र हृदयमा बदलावट ल्याउने विषयमा हो । उनलाई यो पनि थाहा थियो कि यस्तो प्रकारको मसीहलाई उनीहरूले कहिल्यै आफ्नो अगुवा मान्ने थिएनन् । उनलाई यो पनि थाहा थियो कि जुन उनले झ्यालखानाको दु:ख भोगिरहेका छन्, त्यो येशूले भोग्नुपर्ने भागको केही अंश मात्र थियो । झ्यालखाना होस् वा बाहिर जे जस्तो भए तापनि येशूमा यूहन्नाले परमेश्वरको उद्देश्यमा आफैलाई समर्पण गरे ।

येशू यूहन्नाका निम्ति दुखित हुनुभयो । उनका चेलाहरूले छोडेपछि यूहन्नाको विषयमा भिडमा येशूले चर्चा गर्नुभयो । मानिसहरूले यूहन्नालाई परमेश्वरले छोड्नुभएको छ वा यूहन्नाले विश्वास गुमाएका छन् भनेर नसोचून् भनी उहाँ चाहनुहुन्थ्यो । यूहन्नाले कुरा काट्ने गुरुहरूलाई येशूले "हावाको चालमा हल्लने रूख" भनी संज्ञा दिनुभयो । तर यूहन्ना जहिले पनि फरिसीहरूसँग राजा हेरोदसँग, सिपाहीहरूसँग, कर लिनेहरूसँग र किसानसँग शिक्षक भएर आफ्नो स्थानमा अडिएका थिए । जेलमा परमेश्वरप्रति उनको बफादारी र समर्पण चट्टान जस्तै स्थिर थियो ।

येशूले भन्नुभयो "साँच्चै म भन्छु, आजसम्म कोही पनि यूहन्ना जस्तो बनेको छैन, उनले जस्तो ठूलो काम कसैले गरेको छैन ।" स्वर्गले महानतालाई कसरी ढाक्छ ? धनद्वारा होइन, मानद्वारा होइन, परिवारको नामले र बुद्धिले पनि होइन । परमेश्वरले प्रेम र पवित्रता ठूलो मान्नुहुन्छ- नैतिक उच्चतालाई मान्नुहुन्छ । यूहन्नाले येशूलाई प्रतिज्ञा गरिएको भनेर औँल्याउँदा उनको महानताको मुल्यांकन भयो । उनले आफैलाई ठूलो मानेनन् । यूहन्नाले स्वर्गबाट आगो आओस् भनी प्रार्थना गरेनन्, र कसैलाई मृत्युबाट बौरी पनि उठाएनन् । तर दिइएको काम उनले गरे । वर्षौंपछि मानिसहरूले भने "यूहन्नाले आफै केही चमत्कार गरेनन् तर येशूको विषयमा जे कुरा उनले भनेका थिए ती सब साँचो थिए ।

धेरैले यूहन्नालाई प्रेम गरेकाले जब उनी जेलमा हालिए मानिसमा असन्तोष थियो । तर सबैलाई थाहा थियो कि उनी केही दोषी थिएनन्, त्यसैले छिट्टै उनी छुट्नेछन् भनी उनीहरूले सोचे ।

## यूहन्नाको भाग्य

राजा हेरोदले यूहन्ना भविष्यवक्ता हुन् भनी विश्वास गर्थे त्यसैले उनलाई छिट्टै छोडिदिने विचार गरे । तर हेरोदियासले के गर्ने हुन् भनी उनी डरमा थिए । हेरोदियासले यूहन्नालाई घृणागर्थी तर हेरोदले सजिलैसँग यूहन्नालाई मार्ने छैनन् भनेर उनलाई थाहा थियो । त्यसकारण राजालाई राजी बनाउने उसले विचार गरी । राजाको जन्मदिन नजिकै आइरहेको थियो-जहाँ

धेरै अफिसरहरू र राज्यका उच्च नागरिकहरू राजाकहाँ भोज मनाउन जम्मा हुने गर्दथे । त्यहाँ पिउने र भोज मनाइने गरिन्थ्यो । त्यही मौकाको फाइदा लिने विचार हेरोदियासले गरी ।

राजाको जन्मदिनमा भोज खुब चलिरहेको थियो । त्यसबेला हेरादियासले आफ्नी छोरी सलोमीलाई पाहुनाहरू र राजाका निम्ति नाच्नका निम्ति पठाई । शाही महिलालाई यसरी भोजमा निस्केर नाच्नु त्यो साधारण कुरा थिएन । त्यसरी नाच्दा राजा र उनका पाहुनाहरू साह्रै खुसी भए ।

सलोमी जवान थिई र राम्री थिई, राम्रो प्रकारको उसको प्रस्तुतिले सबै मानिसको ध्यान खिच्न सफल भयो । मद्यले र सलोमीको नाचमा भुलेको राजा हेरोदले आफ्ना शाही पाहुनालाई प्रभाव पार्न चाहन्थ्यो । सबैका अगाडि उनलाई केही पुरस्कार दिन्छु भनी राजाले प्रतिज्ञा गरे । “तिमीले जे मागे तापनि त्यो म तिमीलाई दिनेछु” राजाले भने ।

सलोमी छिट्टै आफ्नी आमाकहाँ दगुरी र फेरि फर्केर आई, “मलाई बप्तिस्मा दिने यूहन्नाको टाउको एउटा थालमा राखेर दिनुहोस् । उसले माग गरी ।

उसको त्यो अनुरोधमा हलमा भएको मानिसमा हँसी मजाक थामियो -त्यहाँ सन्नाटा छायो । हेरोदले अचम्म माने । तर उनले मानिसका अगाडि प्रतिज्ञा गरेका थिए कसैले त्यहाँ यो नगर्नुहोस् भनेनन् किनकि उनले आफ्नो प्रतिज्ञा पूरा गर्नैपर्ने थियो ।

पाहुनाहरूले यूहन्नाको विषयमा सुनेका थिए र उनीहरूलाई थाहा थियो कि यूहन्ना दोषी थिएनन् तर ठीक किसिमको निर्णय गर्न उनीहरू असमर्थ थिए । उनीहरू बोल्न र सोच्न नसक्ने अवस्थामा थिए । हेरोदले अरू कुनै उपाय देखेनन् । उनले यूहन्नालाई काट्ने आदेश दिए । छिट्टै जसरी मागिएको थियो त्यसैगरी यूहन्नाको टाउको ल्याइयो । हेरोदियासले आफ्नो विजयउत्सव मनाइ, तर राजामा यूहन्नाको जुन प्रभाव थियो, त्यसलाई रोक्न ऊ असमर्थ भई । हेरोदलाई दोषी भावनाले पोल्न थाल्यो । दोषी अनुभव गर्नु सबभन्दा गाह्रो पीडा हो । दिन र रात यसबाट उम्कने केही उपाय भएन ।

## किन येशूले यूहन्नालाई नछुटाउनुभएको ?

येशूले यूहन्नालाई छुटाएको भए उहाँको मिशनमा ठूलो असर पर्ने थियो, तर त्यसको मतलब उहाँले यूहन्नाको ख्याल गर्नुहुँदैनथ्यो भन्ने होइन । यूहन्नाको मृत्युमा उहाँले पीडा महसुस गर्नुभयो । येशूलाई पाप गर्न लगाउन सैतान असफल भएको थियो, त्यसैकारण यूहन्नाको मृत्युद्वारा उसले येशूलाई पीडा दियो ।

धेरै मानिसहरू किन यूहन्नालाई झ्यालखानामा मर्न छोडियो भनी विचार गर्दछन् । यदि मानिसलाई बचाउन आउनुभएको येशूले पाउनुभएको कष्टमा यूहन्नाले केही भाग लिन सके भनी सोचे भने परमेश्वरप्रतिको उनको विश्वासलाई हल्लाउन सक्दैन । येशूलाई पछ्याउने हरेक मानिसले सैतानको विरुद्ध लडाइँ लड्नुपर्छ ।

यूहन्ना बिर्सिएका व्यक्ति थिएनन् । वचनका भविष्यवाणी र प्रतिज्ञाहरू सम्झाउन र बुझाउन स्वर्गदूतहरूले यूहन्नाको साथ दिएका थिए । जसले एक्लै जेलमा जीवन बिताए तरवारद्वारा मारिए, आगोमा जलाइए र कष्टसित रहे । उनीहरू सबका लागि यूहन्ना एक उदाहरण हुन अर्थात हजारौँका साहसका लागि उदाहरण हुन् । यूहन्नाको कुराले उनीहरू पनि परमेश्वरद्वारा बिर्सिएका छैनन् भनी सान्त्वना दिनेछ ।

परमेश्वरले मानिसलाई यस्तो कुरामा कहिल्यै पर्न दिनुहुन्न, जसलाई यदि अन्त्यसम्म हामीलाई परमेश्वरको योजनालाई हामीले बुझेदेखि थाहा हुन्छ । अर्थात यदि अन्त्यसम्मको कुरा हामीले थाहा पायौँ भने त्यसलाई बेहोर्नु परेकोमा हामी खुसी हुन्छौँ । जिउँदै उचालिन लागेका हनोक र एलिशाभन्दा एक्लै झ्यालखानामा रहेका र मरेका यूहन्ना ठूला छन् ।

स्वर्गबाट दिइएका उपहारहरूमध्ये जो मानव कल्याणका निम्ति येशूको दुःखसँग सहभागी हुन्छ, तिनैलाई बढ्ता आदर गरिन्छ । उनीहरू नै विश्वास योग्यका बन्न सक्छन् ।

# २३ परमेश्वरको राज्य

*"समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ।"*
*मर्कुस १:१५*

सबभन्दा पहिला यहूदाको देशमा मसीह देखा पर्नुभयो भन्ने खबर सुनियो। यरुसलेम पनि यहूदामा पर्दछ, जहाँ स्वर्गदूतहरूले बप्तिस्मा दिने यूहन्नाका बारेमा उनका बुबालाई बताए र जहाँ मन्दिर जानेहरूले बालक येशूको विषयमा हन्ना र सिमियोनबाट गवाही सुने। बेथलेहम पनि त्यहीँ पर्छ जहाँ स्वर्गदूतहरूले गीत गाएका थिए।

येशूले सुरुका धेरैजसो कामहरू यहूदामा गर्नुभयो, पहिला चेलाहरू यहूदामा भेट्टाउनुभयो। मन्दिर सफा गर्दा देखिएको ईश्वरीय प्रकाश, उहाँको जाती पार्ने अचम्मता, उहाँले सिकाउनुभएको सत्यताले सार्बजनिक रुपमा येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनेर देखाएका थिए।

इस्रायली अगुवाहरूले येशूलाई मसीह भनेर स्विकार गरेका भए उनीहरूलाई संसारमा सुसमाचार फैलाउने जिम्मेवारी दिइन्थ्यो तर उनीहरूको मनमा उहाँप्रति रिस र शंका बढ्दै थियो, जुन घृणामा परिणत भयो। मानिसहरू येशूबाट तर्किजाउन् भनी उनीहरूले चाहे। जब उनीहरूले येशूको समाचार प्रतिकार गरेर उहाँलाई मार्ने योजना बनाए तब उहाँले मन्दिर छोड्नुभयो, यरुसलेम र त्यहाँ रहेका पुजारी र मानिसहरूलाई छोड्नुभयो, जसले परमेश्वरका न्यायका विषयमा धेरै जानेका छौँ भनेर आफूलाई भन्थे। उहाँले यहूदीलाई छोडेर आफ्नो सुसमाचार सुनाउन कुनै अरू जातिसँग सम्बन्ध राख्ने विचार गर्नुभयो। जसले सुसमाचारसंसारभर लैजान सक्थ्यो त्यस्तो मानिस उहाँलाई चाहिएको थियो।

जसरी यहूदी धर्म र अगुवाहरूबाट मानिसहरूलाई फर्काइएको थियो, त्यसै गरेर अरूहरूलाई पनि उनीहरूको चर्च छोडेर परमेश्वरको सच्चाइ बताउन कर गरिएको छ। रिफर्मेशनका अगुवाहरूले रोमन चर्चबाट छुट्टिएर नयाँ चर्चहरू बनाउने योजना गरेका थिएनन्। तर जब चर्चका अगुवाहरूले पाएको नयाँ सत्यतालाई विश्वासीसँग बाँड्ने अनुमति थिएनन् तब उनीहरू निस्किए। अहिले पनि बाइबल अनुसारको सत्यता पालन गर्नलाई मानिसहरूले मण्डली छोड्ने गर्दछन्।

येशू गलिली भन्ने ठाउँमा आउनुभयो। यरुसलेमका बासिन्दाले गलिलीहरूलाई केहि नजान्ने र रूखो स्वभावका भनी ठान्दथे। तिनीहरू छुट्टै थिए, उनीहरू सिक्ने जान्ने चाहना भएका र धेरै भेदभाव भएका जाति थिए

। सत्यता जान्न बढी उनीहरू उत्सुक थिए । यहूदाका भन्दा गलिलीमा बढी मानिसहरू थिए, तर त्यहाँ गैर यहूदी बढी थिए ।

जब येशू गाउँहरू र सहरहरूमा शिक्षा दिँदै र निको पार्दै हिँड्नुभयो, मानिसहरू उहाँको पछि पछि लागे । केहि यहूदा र अरू जिल्लाहरूबाट पनि आए । भिड यति धेरै बढ्ने गर्दथ्यो कि येशू आफूलाई मानिसबाट लुकाउनु हुन्थ्यो । त्यस समयमा धेरै मानिस एकै ठाउँमा जम्मा हुनु शेमीहरूका विरुद्धमा संगठन गर्न खोजेको भनेर खतरापूर्ण पनि हुने गर्दथ्यो । तर मानिसहरू डराएनन् । पहिला यस्तो घटना जानेको वा सुनिएको थिएन । स्वर्ग नै तल पृथ्वीमा आए जस्तो प्रतीत हुन्थ्यो । सच्चाइका निम्ति भोकाएका र तिर्खाएकाहरूका निम्ति येशूको प्रेम परमेश्वरको सच्चाइलाई एउटा भोज जस्तै मनाएर उनीहरूले ग्रहण गरे ।

## दानियलको भविष्यवाणी पूरा भएको

येशूले सत्यलाई यसरी प्रचार गर्न सुरु गर्नुभयो: “समय पुरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ । पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर ।”

जब येशूले “समय पूरा भएको छ” भनी भन्नुभयो, उहाँले यी कुरालाई स्वर्गदूतबाट दानियल भविष्यवक्तालाई दिइएको भविषवाणीका विषयमा भन्नुभएको थियो - जब इस्रायलीहरू बेबिलोनमा बन्दी थिए । “ तिम्रा मानिस र जातीलाई सहरलाई सत्तरी हप्ता दिइएको छ ।” स्वर्गदूतले दानियललाई भने । किनकि भविष्यवाणीमा एक दिनको एक हप्ता हुन्छ । ( गन्ती १३:३४, इजिकियल ४:६) सत्तरी हप्ता वा ४९० दिनहरूले ४९० वर्षहरू भन्ने बुझिन्छ ।

स्वर्गदूतले यो भविष्यवाणी सुरु हुने मितिका विषयमा बताएको थियो । यरुसलेमको मन्दिरको पुनर्निर्माणको आज्ञादेखि मसीहको आगमनसम्म उनन्सत्तरी हप्ता पूरा हनेछन् । यस आज्ञाअनुसार यहूदीहरूलाई आफ्नो ठाउँ फर्केर मन्दिर पुनर्निर्माण गर्ने आदेश राजा आर्टिजेरेक्स भन्नेले वि.सं. ४५७ मा गरेका थिए । त्यो समयदेखि उनन्सत्तरी हप्ता अथवा ४९३ वर्ष भन्नाले हामी इ.सं. २७ मा आइपुग्छौं । त्यही समयमा येशूले यर्दन नदीमा बप्तिस्मा लिनुभएको थियो । अनि छिटै उहाँले आफ्नो काम सुरु गर्नुभयो ।

त्यसैकारणले गर्दा येशूले “समय पूरा भएको छ” भनी भन्नुभयो । ठीक तोकिएको समयमा परमेश्वरको राज्य आएको थियो ।

त्यसपछि स्वर्गदूतले दानियललाई यो पनि भने कि यहूदीहरूका निम्ति एक हप्ता वा सात वर्षसम्म प्रचार गरिनेछ । तर सात वर्षको बीचमा बलिदानहरू र मन्दिरका पूजाहरूको अन्त्य गरिने थियो । ३१ ई.स. मा येशू बलिदानको मूल बन्नुभयो र क्रुसमा बली हुनुभयो । जब उहाँको मृत्यु भयो

मन्दिरका पर्दा माथिदेखि तलसम्म च्यातियो र मन्दिरमा गरिने आराधना र बलीहरूको सबै विधिको अन्त्य भयो ।

त्यसपछि साढे तीन वर्षसम्म येशूका चेलाहरूले यहूदी राज्यमा सुसमाचार बाँड्दै रहे । तर जब ३४ इ.स. मा येशूका चेला स्टिफनलाई ढुँगाले हानेर मारियो । त्यसपछि चेलाहरू चारैतिर अरू देशमा गएर सुसमाचार फैलाउन थाले । यहूदीको लागि छुट्याइएको सात वर्ष यसरी पूरा भयो ।

दानियलको भविष्यवाणीले येशूको जन्म समयका विषयमा, उहाँको कामको समयका विषयमा, उहाँको मृत्युको समयको विषयमा र सुसमाचार अन्य जातिमा जाने समयको विषयमा औँल्याएको छ । यहूदीहरूलाई यी सबै भविष्यवाणी सम्झने र ती सबै येशूका जीवनमा पूर्ण भएको हेर्ने मौका थियो । उहाँको पुनर्उत्थान पछि येशूले यी कुरा आफ्ना चेलाहरूलाई व्याख्या गर्नुभयो ।स्वर्गका दोस्रो महान् दूत ग्याब्रियलले यी कुराहरू दानियललाई भनेका थिए । येशूले पछिबाट ग्याब्रियललाई सुसमाचारको प्रचार गर्ने कुरा लिएर  यूहन्नाकहाँ पठाउनु भयो । येशू दोस्रो पटक कहिले आउनुहुन्छ भन्ने कुरा प्रकाशको पुस्तकले बताउँछ । त्यस पुस्तकले भनेअनुसार जसले प्रार्थनासहित वचनको अध्ययन गर्दछन्, उनलाई परमेश्वरले आशिष् दिनुहुन्छ ।

येशूको पहिलो आगमनमा उहाँले आफ्नो राज्यलाई सदाशयको राज्य भनी भन्नुभयो र दोस्रो आगमनमा उहाँको राज्य महिमाको राज्य हुनेछ । पहिलो आगमनमा भविष्यवाणी पूरा भए जस्तै दोस्रो आगमनका विषयमा अगमवाणी छ । येशू स्वयंले हामीलाई पर्खनू भन्नुभएको छ । “हेर र प्रार्थना गर, र सबै समयमा तयारहोऊ ।” त्यो समय अहिले हो, येशू आउँदै हुनुहुन्छ ।

यहूदीहरूलाई दिइएको भविष्यवाणीको उनीहरूले गलत अर्थ लगाए । उनीहरू अर्कै मसीहको प्रतिक्षामा थिए जसले उनीहरूलाई शक्ति र महिमा दिनुहुन्थ्यो उहाँको पर्खाइमा उनीहरू थिए । त्यसकारण येशूलाई उनीहरूले स्विकार गरेनन् र मार्ने योजना बनाए । हामीहरू पनि यदि संसारका अरू चिन्ता लिएर मन बराल्छौं र भविष्यवाणी बुझ्ने प्रयास गर्दैनौं अथवा आफूलाई उपयुक्त हुने किसिमले तिनको व्याख्या गर्छौं भने तिनीहरू जस्तै हामीहरू पनि येशूतिर फर्केर उहाँलाई भेट्नका निम्ति तयार हुने छैनौं ।

# २४ के यिनी सिकर्मीका छोरा होइनन्

*परमप्रभुको आत्मा ममाथि छ, किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । लुका ४:१८*

जब येशू बढ्दै हुनुहुन्थ्यो, उहाँले नाजरथको मन्दिरमा आफ्ना छिमेकीहरूसँग आराधना गर्नुभयो । उहाँले सेवकाइका काम थालेपछि त्यहाँबाट टाढा हुनुहुन्थ्यो तर तिनीहरूले उहाँका विषयमा सबै कुरा सुनिरहेका थिए । उहाँले गर्नुभएका अचम्मका कामहरूका विषयमा उनीहरूले सुनेका थिए । त्यो समय येशू गलिलमा डुल्दै हुनुहुन्थ्यो, साबाथको बिहान उहाँ नाजरथमा रहेको मन्दिरमा आफ्ना परिवारका मानिसहरूसँग आराधना गर्न जानुभयो । जसले उहाँलाई बच्चादेखि चिनेका थिए, तिनैसँग उहाँ बस्नुभयो र तिनीहरूले उहाँलाई हेरिरहेका थिए ।

त्यो एउटा निश्चित प्रकारको आराधनाको बिहानी थियो । त्यहाँका स्थानीय धार्मिक अगुवाले वचनबाट केहि अंश पढ्थे र मसीह छिटै आउँदै हुनुहुन्छ भनेर सम्झलाउँथे । इस्रायलका सिपाहीहरूको नेतृत्व गरि उनीहरूको शत्रु माथि विजयी गर्नु हुनेछ । मन्दिरमा जम्मा भएका कोही इस्रायलीहरूलाई वचनबाट केहि अंश पढ्न लगाइन्थ्यो । त्यो बिहानचाहिँ येशूलाई वचन पढ्न भनियो । उहाँलाई भविष्यवक्ता यशैयाको लेख पढ्न दिइयो, र उहाँले त्यसलाई पढ्नुभयो । "परम प्रभुको आत्मा ममाथि छ, किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुको प्रशंसाको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ ।" लुका ४:१८:१९ भर्खर पढेका वचनहरूलाई व्याख्या गर्दै उहाँले भन्नुभयो कि मसीह भन्ने व्यक्ति यस्तो हुन् जसले उनीहरूलाई मद्दत गर्छन, जाती पार्छन, र परमेश्वरको विषयको सच्चाइ प्रस्तुत गर्दछन् । उहाँको आवाज र भावले यस्तो बतायो कि यस्ता कुराहरू उनीहरूले पहिले कहिल्यै सुनेका थिएनन् । पवित्र आत्मा त्यहाँ भरिनुभयो त्यसपछि परमेश्वर र तिनीहरूको बीचको बाधा हट्यो, परमेश्वरले यस्तो वास्ता राखेर मसीहलाई पढाइदिनु भएकोमा उनीहरूले ठूलो स्वरमा परमेश्वरको प्रशंसा गरे । त्यसपछि उहाँले भन्नुभयो "आज तिमीहरूले सुन्दासुन्दै धर्मशास्त्रको यो वचन पूरा भएको छ ।" तुरुन्तै मन्दिरका मानिसको बीचको वातावरण बदलियो । जब मानिसहरूले येशूले आफैले यो भनाइको मसीह हुँ भनी भन्नुभएको थाहा पाए, उनीहरूको खुसी

रिसमा बदलियो । " उसले आफैले आफूलाई  के सोचेका " । उनीहरूले सोधे, कसरी उ आफैलाई मसीह भन्न सक्छ, के हामीले बच्चादेखि उसलाई चिनेका छैनौ र ? के उनी सिकर्मीका छोरा होइनन् र ? उनलाई बढ्दै गरेको हामीले हेऱ्यौँ र उनी मानिस भए, के उनका भाइ र दिदीबहिनी यहीँ छैनन् र ? येशू राम्रा मानिस हुन्, ठीक छ । तर मसीह ? म यसलाई मान्न सक्दैनौं ।"

जति बढ्ता सोचे त्यति नै उनीहरूको  बढ्यो । उहाँका कुनै कुराले पनि रोमी शासन पल्टाउन र उनीहरूलाई विश्वको शक्तिशाली देश बनाउन भन्ने बताएका थिएनन् ।

वास्तवमा यी मसीहले मानिसका हृदयहरू हेर्ने र त्यसलाई बदल्ने खालका कुरा गर्दै थिए । यस्तो सोचले येशूको गहिरो हेराइबाट उनीहरू टाढातिर जान थाले । उहाँ तिनीहरूलाई जाती पार्न चाहनुहुन्थ्यो, के तिनीहरू अब्राहमका सन्तान थिएनन् र ? त्यो जाति परमेश्वरको जाति, संसारको सर्वश्रेष्ठ जाति । उनीहरूले नदेखे तापनि येशूका विरुद्ध उठाउन सैतान खुब कोसिसमा लागेको थियो ।

येशूले त्यसपछि उनीहरूका विचारहरू पढेर उहाँ परमेश्वर भएको प्रमाण दिनुभयो । उनीहरूका इतिहासका दुई कथाहरूलाई उहाँले सम्झना गराउनु भयो । "कुनै पनि अगमवक्तालाई आफ्नो देशमा स्वागत हुँदैन । इस्रायलमा एलियाको समयमा धेरै विधवाको घरमा बस्न परमेश्वरले पठाउनुभयो । एलिशा अगमवक्ताको समयमा इस्रायलमा धेरै कुष्ठरोगीहरू भए तापनि सिरियाली नामन मात्र निको पारिए, अरु कोही निको परिएनन् ।"

दुवै भविष्यवक्ताले परमेश्वरको सन्देश दिए तापनि थोरैले मात्र त्यसमा विश्वास गरे । त्यसकारण जहाँको भए तापनि जसले विश्वास गऱ्यो परमेश्वरले उससँग काम गर्नुभयो । उनीहरूले परमेश्वरको विषयमा इस्रायलीले नजाने तापनि त्यसले कुनै फरक पारेन ।

## समस्याको जरोलाई येशूले काट्नुहुन्छ

मनिसको घमण्डमा येशूले बोल्नु भएका यी कुराले छुराले काटेको जस्तै समस्याको जरालाई काट्यो । त्यसले उनीहरूलाई परमेश्वरका कुरा सुन्न छाड्यौ कि अथवा परमेश्वरका विशेष जाति नै छौ भन्ने कुरामा सोच्न बाध्य गरायो । येशूले भनेका शब्दका विश्वासले उनीहरूका मनमा झन् रिस बढायो । उनीहरूको रिस र डाह बढिरहेको बेलामा सैतानले उग्रतामा जान अरू उनीहरूलाई हौस्यायो । सभाका मानिस रिसाहा झुण्डको रूपमा परिणत भए । उनीहरूले येशूलाई समातेर मन्दिर बाहिर र सहर बाहिर निकालिदिए ।

रिसले कराउँदै उनीहरूले उहाँलाई सहरको छेउमा रहेको टाकुरामा लगे, त्यहाँबाट घचेटेर उनीहरू उहाँलाई बलजफि्त पत्थरमा ठोकाएर मार्न

चाहन्थे । भिडमा कसैले ढुङ्गा उचालेर येशूको टाउकोमा हान्न चाहन्थ्यो त्यति बेला अचम्मको कुरा भयो ।

येशू हराउनुभयो ।

जो स्वर्गदूत मन्दिरमा छँदा उहाँको साथमा थिए, ती स्वर्गदूत रिसाएका मानिसको भिडमा पनि थिए । जब येशू जीवन खतरामा उनीहरूले देखे, उहाँको वरपर सुरक्षाको पखेटा फैलाएर उहाँलाई सुरक्षित ठाउँमा लिएर गए ।

पृथ्वीको इतिहाससँगै दुष्ट दलहरूले परमेश्वरका जनलाई तर्साइरहेका छन् । तर स्वर्गदूतहरूले उनीहरूलाई बचाइरहेका छन् । स्वर्गमा पुगेपछि मात्र कति पटक हामी स्वर्गदूतहरूद्वारा सैतानको योजनाबाट बचाइएका थियौं भन्ने कुरा बुझ्न सक्नेछौं ।

येशूले नाजरथका मानिसहरूलाई उद्धार दिन चाहनुहुन्थ्यो । उनीहरू उहाँको राज्यमा आऊन् भनी उहाँ चाहनुहुन्थ्यो तर उनीहरूले सुनेनन् । गालिलमा उहाँको सेवकाइको अन्त्यतिर येशू आफू जन्मेको सहरमा अन्तिम पटक जानुभयो । उहाँको पहिलो पटकको शिक्षा र अचम्मका कामहरू गालिलको चारैतिर फैलिएको थियो । नाजरथका मानिसहरूले उहाँसँग शक्ति छैन भनेर भन्न सक्तैनथे । उनीहरूको वरपर चारैतिर कुनै बिरामी र रोगी थिएनन् । किनकि येशू त्यो बाटो भएर जानुभएको थियो र सबैलाई जाती पार्नुभएको थियो र आफूलाई मार्न चाहने उहाँको जन्मस्थलका मानिसहरूलाई पनि त्यही कुरा गर्न चाहनुहुन्थ्यो । उहाँले जब फेरि उनीहरूलाई शिक्षा दिनुभयो उहाँको शिक्षामा मन लगाउन उनीहरूले चाहेका थिए तर जो मानिस उनीहरूकै अगाडि हुर्केर बढेको थियो त्यो व्यक्ति उनीहरूभन्दा बढी राम्रो भन्न चाहिँ उनीहरूले सकेनन् । उनीहरू सोध्ने गर्थे, “मानिसहरूलाई जाती पार्ने शक्ति उसले कहाँबाट पायो उसले बोल्ने जस्तो बुद्धिमानी कुरा गर्न उसले कहाँ सिक्यो ? उहाँ मसीह हुनुहुन्थ्यो भनी उनीहरूले विश्वास गरेनन् ।”

यसैकारण येशूले आफ्नो सहरमा धेरै चमत्कारपूर्ण कार्यहरू गर्न सक्नु भएन । केहि मानिसहरूले मात्र उहाँको सत्य वचनलाई स्विकार गरे । उनीहरूका आफ्ना बिरामीहरू जाती पारिएनन्, उनीहरूका कुँजा साथीहरूलाई हिँड्ने शक्ति दिइएन । अन्तयमा कहिल्यै नफर्कने गरेर येशूले त्यो ठाउँ छोड्नुभयो ।

जसरी येशूको गाउँ नाजरथका मानिस र पूजारीहरूले उहाँलाई अस्विकार गरे इस्रायल देशले पनि अन्तमा त्यही निर्णय लियो । तिनीहरूले पवित्र आत्मासँग प्रतिकार गरे र येशूलाई क्रुसमा टाँगे । यसले गर्दा यरुसलेमको नाश भयो र यहूदीहरू सारा संसार भरी छरिन पुगे ।

येशूले इस्रायललाई सत्यको भण्डार देखाउने ठूलो इच्छा गर्नुभएको थियो । तर उनीहरूले आफ्नै बेफाइदाका नियमहरू र खोक्रा चलनहरूलाई कडा साथ पक्रिराखे । यदि उनीहरूले धर्मशास्त्रलाई अध्ययन गरेका भए उनीहरूको सहर र राष्ट्र नाश हुनदेखि बचाइने थियो ।

येशूका शिक्षाले पश्चात्ताप गर्ने मन दिन्थ्यो । उनीहरूले आफ्ना व्यवहारमा परिवर्तन गर्नुपर्थ्यो र आफ्नो देश महिमित हुनुपर्छ भन्ने सोचलाई छोड्नुपर्थ्यो । तर उनीहरू समयका महान् विचारशील मानिसहरू र गुरुहरूका विचारभन्दा बाहिर जान सक्तैनथे ।

यहूदी अगुवाहरूले येशूलाई पटक्कै बुझ्न सकेनन् । धार्मिक घमण्डले गर्दा प्रत्येक समय उनीहरूले आफ्नो महिमा खोजे । उनीहरूको डाहले उनीहरूका चलन चल्तीलाई जोगाइराखे । तर येशू आफूसँग त्यत्रो महिमा र आदर हुँदाहुँदै पनि कति विनम्र हुनुहुन्थ्यो ।

यदि उहाँ मसीह भएको भए “उनीहरूले विवाद गरे’ किन उहाँले महिमा र आदर खोज्नु भएन र उहाँका शत्रुलाई नाश गर्ने शक्तिको चाहना राख्नुभएन ?

तर यी सब कारणले भन्दा पनि उहाँको विशुद्ध प्रेमिलो जीवनले उनीहरूका पापी चरित्रहरू देखाइदिनु भएकोमा येशूलाई उनीहरूले प्रतिकार गरे । आफ्नो देशको महिमा नभएका हीनताबोध र निराशासँग उनीहरू बस्न सक्थे तर उनीहरूको अशुद्ध शरीरमा उहाँको शुद्ध प्रकाश फैलिएको उनीहरू सहन नसक्ने थिए ।

# २५ समुद्रको छेउबाट बोलाहट

*"मेरोपछि लाग र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु ।" मत्ती ४:१९*

गालिलको समुद्रमाथि सूर्यको प्रकाश फैलिरहेको थियो, येशू झिलको छेउमा केहि समय एकान्तमा रहनुभएको थियो । रातभरि माछा पक्रन खोजेका तर केहि हात नपारेका उहाँका चेलाहरू थाकेका थिए र अझै पनि माछा मार्ने डुङ्गामा नै थिए ।

दैनिक रूपमा ठूलो भीडबाट घेरीनु पर्ने भएकोले उहाँ केहि समय आराम गर्न चाहनुहुन्थ्यो । तर यो बिहान पनि आराम थिएन । जब उज्यालो भयो, चारैतिरबाट मानिसहरू उहाँकहाँ आउन थाले । भीड यति छिटै बढ्यो कि उहाँ हलचल गर्न नसक्ने गरी घेरिनुभयो ।

त्यसैबेला चेलाहरूले डुङ्गालाई किनारामा ल्याएका थिए । येशू पत्रुसको डुङ्गामा चढ्नुभयो र झिलको अलि भित्रपट्टि लैजान अह्राउनुभयो । त्यो समय येशूलाई सबैले देख्न सक्ने र उहाँका कुराहरू पनि सुन्न सक्ने । पत्रुसको डुङ्गाबाट येशूको किनारामा बसेका भीडलाई शिक्षा दिन थाल्नुभयो ।

स्वर्गमा रहेका स्वर्गदूतहरूका निम्ति यो कस्तो अचम्मको दृश्य थियो । त्यहाँ स्वर्गको कमाण्डर हुनुहुन्थ्यो, महिमामय अगुवा, मछुवाको डुङ्गामा बसेर, छालले यताउता हल्लाएको डुङ्गामा बसेर मुक्तिको सुसमाचार सुनाउँदै हुनुहुन्थ्यो । स्वर्गको राजाले खुला हावामा रहेर आफ्नो राज्यको विषयमा साधारण मानिससँग कुरा गरिरहनुभएको थियो ।

उहाँको भनाइका लागि यो ठीक प्रकारको अवस्था थियो । त्यो तलाउ, त्यो पहाडहरू, अनि घाममा रहेको फाँट सबैकुरा उहाँको उदाहरणका निम्ति ठीक प्रकारका वातावरण थिए । उहाँले सिकाएका प्रत्येक पाठहरूले मानिसका हृदय छोए र प्रभुलाई स्विकार गर्न उत्प्रेरित गरे ।

किनारमा रहेको भीड बढ्दै गयो, लौरोको सहारले उभिएका बूढाहरू, माथि पहाडबाट आएका बलिया किसानहरू, डुङ्गाबाट आएका मछुवाहरू, व्यापारी र शिक्षकहरू सबै जना उहाँका वचन सुन्न आए । धनीहरू, शिक्षितहरू, जवानहरू बूढाहरू कसैले केहि बिरामी ल्याएका थिए, सबैजना परमेश्वरका  शिक्षकबाट कुरा सुन्न अगाडि बढ्दै थिए ।

गालिलको झिलको किनारको भीड पारी येशूले हेर्नुभयो - भविष्यतिर नियाल्दा आफ्ना चेलाहरूलाई उनीहरूले जीवनमा संघर्ष गर्दैरहेको उहाँले देख्नुभयो । उनीहरूलाई उहाँले एक्लै दुःखमा र परीक्षामा जेलमा संघर्ष

गरेको देख्नुभयो । उनीहरूले खुसियाली मनाएको, लडाइँ गर्दै गरेको द्विविधा परेर, चासो लिएका व्यक्तिका रूपमा देख्नुभयो । जुन कुरा उहाँले बोल्नु हुँदै थियो । ती सबैका निम्ति थिए । पवित्र आत्माको अचम्म कार्यद्वारा त्यो माझीको डुङ्गाबाट बोलिएका कुराहरूले मानिसको मनमा अनन्तका निम्ति आशा, सुविस्ता, बुद्धि र शान्ति ल्याउने थियो ।

जब उहाँले बोलि सक्नुभयो, पत्रुसलाई भन्नुभयो, "डुङ्गा लेकभित्र अलि टाढा लैजाऊ अनि जाल हानेर तिमी माछा समात्न सक्नेछौ ।" पत्रुस थाकेका र निरास भएका थिए । गए रातिको रातभरको माछा मार्ने क्रममा उनले बप्तिस्मा दिने युहन्नाका विषयमा सोचेका थिए - जो अहिलेसम्म हेरोदको झ्यालखानामा कैदी नै थिए । युहन्ना असफल भए भने कसरी येशू यहीँ सफल होलान् - पुजारी र शासक नै उनको विरुद्धमा थिए । समय बित्दै जाँदा पत्रुसको माछा मार्ने काम असफल भयो, जालमा माछा परेको थिएन । भविष्य अँध्यारो र चिन्तायुक्त लाग्थ्यो ।

अन्तमा उनले येशूलाई जवाफ दिए, "प्रभु, हामीले रातभर जाल हान्यौँ तर एउटै माछा परेनन् । तर यदि तपाइँ भन्नुहुन्छ भने म जाल हान्नेछु । "

त्यो कुरा बेकारको थियो । गालिल जस्तै सफा झिलमा राती मात्र माछा पक्रन सकिन्थ्यो । दिनमा कसैले माछा मारेनन् । तर येशूले बोल्नुभएको थियो, त्यसकारण पत्रुस र उनको भाइ जब्दिदयासले पानीमा जाल फ्याँके । जब उनीहरूले जाल तान्न सुरु गरे जालमा जालै च्यातिने जस्तो गरेर यति धेरै माछाहरू परेको देखेर दुवैजना छक्क परे । छिटै उनीहरूले याकुब र युहन्नालाई मद्दतका निम्ति अर्को डुङ्गाबाट बोलाए । सँगसँगै दुइटै डुङ्गाभरि माछा हालेर उनीहरूले किनारमा ल्याउन सके ।

## मानिसको मछुवा

पत्रुसले अहिले डुङ्गा वा माछाहरूका विषयमा सोचेका थिएनन् । पहिला देखेका अचम्मका गवाहीभन्दा यस घटनाले उनलाई साँचो ईश्वरको शक्तिको बारेमा बतयो । पत्रुसले त्यस समय येशूलाई प्रकृतिउपर विजयी वा प्रकृतिलाई पनि नियन्त्रण गर्न सक्नेका रूपमा देखे । उनले आफूलाई पापी र शंका गर्ने मानिस ठाने र येशूलाईचाहिँ पूर्ण पवित्र भनी देखे ।

अकस्मात पत्रुसले आफूमा परमेश्वरप्रति प्रगाढ प्रेम उम्लिरहेको देखे आफूचाहिँ उहाँको सम्मुख उभिन नसक्ने बेकारको मानिस ठाने । साथीहरूले माछालाई बटुल्दै थिए, पत्रुसले येशूको अगाडि घोप्टो परेर भने, " हे स्वामी तपाइँ मबाट टाढा बस्नुहोस् तपाइँको साथ बस्न म सक्दिनँ म अधर्मी छु ।"

यसो भन्दै गर्दा पत्रुसले येशूको खुट्टासमेत समाए, कहिल्यै अलग नहुने आशा उनले राखे ।

सायद येशू हाँस्नुभयो होला । उहाँले भन्नुभयो "नडराऊ पत्रुस, अबदेखि तिमीलाई म मानिसको मछुवा तुल्याउनेछु । तब पत्रुसले आफूमा कमजोर आत्मा देखे र उनको ख्रीष्टप्रति पूरा निर्भरता देखे, र प्रभुको बोलाहटलाई स्विकार गरे ।

त्यसबेलासम्म येशूका कुनै पनि चेलाहरूले उहाँको सेवकाई कार्यमा आइसकेका थिएनन् । उहाँले अचम्मका काम गरेको उनीहरूले देखेका थिए, शिक्षा दिएको सुनेका थिए तर पनि आफ्ना नियमित कामहरूमा नै उनीहरू ब्यस्त थिए । अब चेला चुन्ने समय आइसकेको थियो । जब येशू किनारमा पुग्नुभयो उहाँले पत्रुसलाई बोलाएको जस्तै गरेर अन्द्रियास यहूदा र यूहन्नालाई पनि बोलाउनुभयो । उहाँले भन्नुभयो, "मेरो पछि लाग र म तिमीलाई मानिसलाई पकड्ने काम सिकाउँछु ।"

## उनीहरूले संसार बदले

येशू बिनाको लामो दिक्दार लाग्दो रातमा येशूका चेलाहरूले अविश्वासका अनुभव आएका थिए । उहाँको नजिक हुन पाउँदा उनीहरूको विश्वासमा शक्ति थपियो उनीहरूले खुसी र सपललताको महसुस गरे । माछाको चमत्कारले उनीहरूलाई यही बुझायो कि परमेश्वरले तिनीहरू र तिनीहरूका परिवार सबैलाई हेरचाह गर्न सक्नुहुन्छ । अरू कुरा नसोचीकन तिनीहरूले जाल र डुङ्गा छोडेर उहाँको पछि लागे । हाम्रो निम्ति पनि यस्तै हो । येशू बिना हाम्रा कार्यहरू बेकारका हुनेछन् । तर जब उहाँले हामीलाई अगुवाई गर्नुहुन्छ उहाँले विश्वास र आशा बुझ्ने शक्ति बढाउनुहुन्छ । जसका शब्दले माछालाई जम्मा हुन मद्दत गर्‍यो । उहाँले मानिसका हृदयलाई अगुवाई गर्नुहुन्छ र उहाँका जनहरू जम्मा गर्न मद्दत गर्न सक्नुहुन्छ ।

येशूले आफ्नो समयका बुद्धिमानी र विद्वान मनिसलाई उहाँको कामको निम्ति छान्न सक्नुहुन्थ्यो, चेला बनाउन सक्नुहुन्थ्यो । परमेश्वरको प्रेमसहितको शिक्षा आशिष्पूर्ण हुन्छ । तर उनीहरूको घमण्डमा, येशूजस्तो सधारण व्यक्तिबाट शिक्षा लिन उनीहरूले इन्कार गरे । उनीहरूको घमण्डले गर्दा, उनीहरूका वरपर भएका र आवश्यकता परेका मानिसहरूलाई हेरचाह गरेनन् । उनीहरू महत्वपूर्ण शिक्षा पाउन असफल सिद्ध भए । परमेश्वरका कामदारले पहिलो सिक्नुपर्ने कुरा चाहिँ आफ्नै बल र शक्तिमा भर नपर्नु हो । त्यसपछि उनीहरू येशूमा विश्वास गर्नुपर्छ, उहाँले देखाउने बाटो र उहाँको चरित्रलाई बुझ्नुपर्छ ।

येशूले साधारण मछुवाहरूलाई चुन्नुभयो तिनीहरूसँग सिक्नुपर्ने कुरा थिए भनेर होइन । उनीहरूलाई त्यसबेलाको सबै गलत चलनहरू, चल्तीहरू सबै सिकाइएको थिएन । यी मानिसहरूमा प्राकृतिक दक्षता थियो तर त्यो भन्दा महत्वपूर्ण कुराचाहिँ उनीहरू विनम्र थिए, र शिक्षा दिन सकिने

प्रकारका थिए । उनीहरू येशूलाई पछ्याउन र उहाँबाट सिक्न तयार थिए । हाम्रो दैनिक जीवनमा पनि हामी देख्तछौँ कि परमेश्वरको बोलाहटमा विशिष्ट कार्य गर्ने, शक्तिशाली अगुवा बन्न सक्ने मानिसहरूले आफ्नो दक्षता पत्ता नलागेको कारण त्यसै भौतारीरहेका मानिसहरू पर्छन् । जसलाई खाली दक्ष हातले छुनु मात्र पर्छ । गुण भएका मानिसलाई उहाँसँग काम गर्न उहाँ बोलाउनुहुन्छ । उहाँको तालिमपछि उनीहरू पनि उहाँ जस्तै बने । जसको परिणाम स्वरूप साधारण मानिसहरू यति धेरे शक्तिशाली अगुवा र प्रचारक बने कि उनीहरूले संसारलाई नै बदलिदिए ।

यी दक्ष बनेका मानिसहरू र यिनले दिएको शिक्षाले यही गवाही दिन्छ कि जो कोही पनि शिक्षा ग्रहण गर्न चाहन्छ र उहाँका नियम र उहाँको बाटोमा हिँड्न मन्जुरी गर्छ भने उनीहरूलाई परमेश्वरले जे पनि बनाउन सक्नुहुन्छ ।

यदि मानिसहरूले उनीहरूका हृदय पवित्र आत्माका निम्ति खोलेर आफ्नो जीवन परमेश्वरमा अर्पण उनीहरूले असीमित कामहरू गर्न सक्नेछन् । यदि चाहिएको अनुशासनमा हामीले आफैलाई राख्यौँ भने परमेश्वरले हामीलाई दिन दिनै, प्रत्येक घडीमा सिकाउनुहुन्छ । यदि हामीले आफैलाई समर्पण गर्‍यौँ भने परमेश्वरले हामीलाई लिनुहुन्छ र उहाँको सेवाका निम्ति शिक्षित बनाउनुहुन्छ । हृदयमा बसाइएको पवित्र आत्माले मस्तिष्कलाई र दक्षतालाई उचाल्छ र परमेश्वरमा भर पर्ने मानिसको दुर्बलता बलमा परिणत हुनेछ ।

जति धेरै हामी प्रार्थना र अध्ययनमा बिताउँछौँ त्यति नै बढी हामीहरू उहाँ जस्तो बन्नेछौँ । हामीहरूले सफासँग सबै कुरा बुझ्न सक्नेछौँ र ठीक बेठीक छुट्याउन सक्नेछौँ । त्यसपछि हामी परमेश्वरका निम्ति ठूलो काम गर्न सक्नेछौँ । येशुको पाउ नजिक बसेर सिक्न सक्छन् । इसाईहरूले सबभन्दा राम्रो स्कूलमा सबभन्दा असल शिक्षा पाउन सक्छन् ।

# २६ कपरनुहमका दिनहरु

*"अधिकार भएको मानिसलेजस्तो गरी सिकाउनुहुन्थ्यो । मत्ती ७:२९*

येशूको समयमा कफर्नहुम एउटा न्यानो र सुन्दर सहर थियो, अलिभ र यामका रूखहरूले भरिएको थियो । गालिलको पहाडबाट निस्केर बहेको नदीले यहाँका बारी बगैँचा, अंगुरका खेती, हरिया खेतहरू र चम्किला फूलका बगैँचाहरूमा पानी पुऱ्याउँथ्यो ।

कफर्नहुम गालिलको समुद्र भनिने निलो झिलको किनारामा ठूलो मैदानको भाग थियो त्यसलाई गेने सेरेत भनिन्थ्यो । डमस्कसदेखि यरुसलेम जाने मानिसहरू, इजिप्टदेखि भूमध्य सागरतिर जााने मनिसहरू सबै यही ढोका भएर हिँड्ने गर्थे । झिलको किनारा र डाँडाहरूमा यता-उता सहर र गाउँहरू थिए । खेतीपातीको सामान र माछाहरू यहाँको बजारमा बेचिन्थ्यो । यो सहर एकदम चहलपहल युक्त सहर थियो ।

त्यो भूमिबाट जाँदा र आउँदा येशू कफर्नहुममा रोकिनुहुन्थ्यो । त्यही ठाउँमा मानिसहरूलाई भेट्न सजिलो हुनाले चारैतिरका मानिसहरूलाई उहाँ भेट्न सक्नुहन्थ्यो । त्यसैकारणले गर्दा उहाँको शिक्षा र उहाँले जाती पार्नु भएका अचम्मका कुराहरू चारै देशहरूमा फैलिएका थिए । धेरै ठाउँमा मानिसहरूले भविष्यवाणीका विषयमा र संसारमा ईश्वरका उद्देश्यका विषयमा प्रश्नहरू सोध्नथाले । धर्मगुरुहरूका भनाईलाई वास्ता नराखेर सबैतिरका मानिसहरूले उहाँको र उहाँको कामका विषयमा जानकारी लिने इच्छा गरे । परमेश्वरका दूतहरू मानिसका हृदयमा काम गर्न व्यस्त थिए र उनीहरूलाई मुक्तिदातातिर डोऱ्याउँदै थिए । कफर्नहुम जति जानिएको मानिस अरू कुनै स्थान थिएन ।

जाती पारिएको सरकारी अफिसरको छोराले आफू जाती भएको गवाही चारैतिर दिए । उसका परिवारले येशूप्रतिको विश्वासका बारेमा कुरा गर्दैरहे । जब उहाँ त्यस सहरमा हुनुहुन्थ्यो पूरै सहर पल्टेर आउँथ्यो । ठूलो भिड उहाँको पट्टि लाग्थ्यो । साबाथको दिनमा आराधना घरमा यति ठूलो भिड जम्मा हुन्थ्यो कि मानिसहरू घरमा अटाउन सक्तैनथे । धेरैजनालाई फर्काउनुपर्दथ्यो ।

जसले उहाँको शिक्षा सुन्दथे, तिनीहरू अचम्म पर्दथे । जुन शिक्षा उनीहरूले फरिसी र धर्मगुरुहरूबाट सुन्दथे तिनीहरू, चिसा प्रकारका र देखावटी मात्र हुने गर्दथे । तर येशूका भनाइहरू शक्तिशाली र जीवित थिए । उहाँले प्रयोग

गर्नुभएका शब्दहरू बुझ्न सकिने र प्रस्ट थिए । फरिसीका भनाइभन्दा उहाँको आवाज सुन्नका मिम्ति मानिसहरू तड्पिन्थे ।

## येशूका वचनहरू

धर्मशास्त्रबाट धर्मगुरुहरूले बडो होसियारीसाथ सिकाउने गर्थे, जसले गर्दा सुन्नेले कि त उनीहरूले एक तर्फी बुझ्थे अथवा उल्टो गरी बुझ्ने गर्थे । येशूले अधिकारसहित वचन सिकाउनुभयो । जे सिकाउनुहुन्थ्यो त्यो उहाँलाई थाहा थियो । त्यसलाई उहाँले शक्तिशाली रूपमा प्रस्तुत गर्नुभयो । यहूदीहरूको ठूलो वादविवादमा उहाँ सरिक हुनुभएन । शान्त तर गम्भीर स्वरमा उहाँले परमेश्वरको सत्य बताउनुभयो र यो देखाउनु भयो कि पुरानो नियममा बताइएका कथाहरू र शिक्षाहरूले त्यही सत्य बताइरहेका थिए । पहिला कहिल्यै नबुझेका वचन मानिसले राम्रोसँग बुझ्न थाले ।

येशूको प्रस्तुतिमा उद्देश्यसहितका शिक्षा समावेश थिए । उहाँले दैनिक जीवनको महत्वलाई नकार्नुभएन । परमेश्वरका आज्ञा मान्नाले मानिसले सफलतामा विजय पाउँछ भन्ने कुरा सिकाउनुभयो । दैनिक जीवनका कामहरूलाई कसरी गर्ने भन्ने बताउनुभयो । आफ्नो जीवन वरिपरिका चराहरू, फूलहरू, बिउहरू, भैँडा आदिको दृष्टान्त र कथा उहाँले प्रयोग गर्नुभयो । यी साधारण कथाका पाठहरूले साँच्चिकै असल पाठ सिकाए र जब मानिसहरूले चराहरू, फूलहरू र बिउहरू देखे तब तिनीहरूले उहाँको शिक्षाहरू सम्झिए । उहाँका शिक्षाले पढे-लेखेका मानिसलाई खुसी पारे र कहिल्यै नपढेका मानिसहरूले पनि तिनलाई बुझे ।

आफ्ना वरिपरि शत्रुहरूले घेरिएर बस्दा पनि उहाँको साथमा आनन्दको वातावरण हुन्थ्यो । उहाँको अनुहारमा प्रेम देख्न सकिन्थ्यो, उहाँको आवाजमा प्रेमको अनुभव हुन्थ्यो । यसले मानिसलाई उहाँतर्फ आकर्षण गर्‍यो । दुःखमा परेकाहरूले उहाँलाई देख्ने बित्तिकै उहाँ नै मुख्य आश्रयको उपयुक्त ठाउँ हुनुहुन्छ भनी सोचे । उहाँले बताएको सत्यका विषयमा उनीहरू अरू जान्न चाहन्थे ।

येशूले मानिसका अनुहार हेर्नुभयो । सैतानले उनीहरूलाई बाँधेको उहाँले देख्न सक्नुहुन्थ्यो । जब उहाँको शिक्षा बुझेर कसैको अनुहार उज्यालो भयो भने उहाँलाई एकदम खुसी लाग्थ्यो । जब हृदय कडा बनाएर कोही हिँड्यो भने उहाँको हृदय भाँचिन्थ्यो ।

## एउटा भूत लागेको मानिस

क्फर्नहुममा छँदा येशूले सभाहरूमा सैतानको बन्धनबाट कसैलाई कसरी स्वतन्त्र गराउने भन्ने विषयमा व्याख्या गर्दै हुनुहुन्थ्यो । यत्तिकैमा भिडबाट एउटा जंगली जस्तो देखिने एउटा मानिस निस्कियो र चिच्याउन थाल्यो

“हामीलाई एक्लै छोडिदिनुहोस् । हामीबाट तपाईँ के चाहनुहुन्छ नाजरथका येशू ? के तपाईँ हामीलाई नाश गर्न आउनुभएको हो ?मलाई थाहा छ तपाईँ परमेश्वरबाट पठाइएका पवित्र जन हुनुहुन्छ ।”

त्यस मानिसलाई भूतले दुःख दिएको थियो । त्यस मानिसले जीवनमा सुख विलासलाई महत्व दिएको थियो, जब चरित्र दुष्ट हुन थाल्यो सैतानले उसको मस्तिष्कलाई नियन्त्रणमा लियो । ऊ आफ्नो परिवार र साथीहरूबाट टाढा भएको थियो । जंगली मानिसले जस्तै व्यवहार गऱ्यो, उसलाई देख्ने बित्तिकै मानिसहरू डराउँथे ।

तर मानव मस्तिष्कले येशूको उपस्थिति शक्तिलाई चिन्न सक्यो । त्यो मानिस दौडेर सभा घरतिर गयो । येशूसम्म पुगेर सहायताका निम्ति पुकार गऱ्यो । तर सैतानले उसको बोलीलाई नियन्त्रण गऱ्यो ।

कराउँदै गरेको राक्षसी गुणको मानिस देखेर मानिसहरू पछाडि हटे । येशू हट्नु भएन । प्रेमिलो मानिसको नबोलिएको प्रार्थनालाई उहाँले सुन्नुभयो । उहाँले भूतलाई आज्ञा गर्नुभयो, “चूप लाग र यस मानिसबाट बाहिर आइज ।” त्यस मानिसलाई समाती राख्न भूतले प्रयास गऱ्यो, उसलाई जमिनमा पछाऱ्यो । तर येशूको वचनले गर्दा त्यो आत्माले दुःख दिन छाड्यो । बौलाहाले जस्तो हेर्ने आँखा आभारिपनले भरिए ।

हेर्ने मानिसहरू छक्क परे र भने यो मानिसले बोल्दाखेरी दुष्ट आत्माले पनि मान्छ ।

आनन्द र मोजमज्जा पछि लागेको त्यस मानिसले तिनले केहि खराब गर्दैन भनी सोचेको थियो । जब अन्तमा उसले मनैदेखि छोड्ने विचार गऱ्यो, त्यो समय अबेर भइसकेको थियो । सैतानले पूर्ण नियन्त्रण गरेको थियो । दुष्टतामा आफैलाई समर्पण गर्नेहरूको परिस्थिति यस्तै हुन्छ, सुरूमा खुसी हात लाग्छ पछिबाट लत लाग्छ । चिन्ता बढ्छ जसले पागल बनाउँछ ।

त्यो मानिसलाई नियन्त्रण गर्ने दुष्टात्माले यहूदी पूजारी र अगुवाहरूलाई पनि नियन्त्रण गरेको थियो । जंगलतिर र उजाड स्थानतिर तिनीहरूलाई लैजानुको सट्टामा उनीहरूलाई घमण्डी र धर्मी भावना दिएको थियो, जसले गर्दा उनीहरू आफै चाहिँ पवित्र र अरू सबैचाहिँ अशुद्ध भनी उनीहरू सोच्दथे । त्यो मानिसको अवस्था भन्दा उनीहरूको अवस्था अझ दयनीय थियो किनकि उनीहरूले येशूको आवश्यकताको महसुस गरेका थिएनन् । वचनद्वारा उनीहरू बचाइन सकिन्थे तर उनीहरूले वचनलाई बङ्ग्याएर र सैतानको शक्तिले उनीहरूलाई जित्यो । येशूका सेवकहरूको समयमा सैतानले मानिसका शरीरमा र मस्तिष्कमा नियन्त्रण गर्ने एकदम कोसिस गऱ्यो । त्यसै गरेर भविष्यमा पनि अन्तको द्वन्द्वका समयमा जब येशूका जनहरू संसारका निम्ति प्रेम र आशाको सन्देश फैलाउने कोसिस गर्छन्, त्यसबेलामा पनि सैतानले आफ्नो कोसिस कायम राख्नेछ ।

इस्रायलका अगुवा र शिक्षकहरूले दुष्टबाट एउटै मात्र बचावको माधयम पवित्र वचनलाई ध्यान दिएनन् । येशूले सैतानउपर उजाडस्थान विजय पाउनका निम्ति वचनको प्रयोग गर्नुभयो । परमेश्वरले कहिल्यै पनि भन्न नखोज्नु भएको कुरालाई हो भनी यहूदीहरूलाई घुमाएर प्रस्तुत गरे । साना तिना कुरामा विवाद गरेर उनीहरूले महत्वपूर्ण सत्यतालाई वास्ता गरेनन् । त्यसकारण ईश्वरीय वचनको शक्ति हरायो, सैतानतर्फको दुष्टात्माले बाटो पायो ।

इतिहास आफै दोहोरिँदै छ । आज पनि धार्मिक अगुवाहरू, दुष्टतर्फबाट हुने हानीलाई बचाउन परमेश्वरको वचनलाई आफ्नै तर्क र विचारमा घुमाएर प्रस्तुत गर्छन् । त्यसैबेला केहि साँचो हृदयले वचनको खोजी गरेको भेटिन्छ । परमेश्वरको वचनबिना जिउने मानिसहरू सैतानलाई काम गर्ने मौका दिन्छन् । तन्त्रमन्त्रसँग बात गर्ने कुराहरूले समाजका मण्डलीमा धेरै जनालाई फसाइसकेका छन् । अचम्मका कुरामा लाग्न, सैतानको शक्ति वा सैतानको आत्माको पछि लाग्न थालेका छन् । जब उनीहरूले परमेश्वरको सुरक्षा घेरा तोडिन्छ, आफ्नै इच्छाको नियन्त्रणमा उनीहरू हुँदैनन् ।

तर त्यो अवस्था आशारहित भने हुँदैन । परमेश्वरको वचनमा विश्वास राख्दा जस्तो सुकै बन्धनमा परेका भए तापनि उनीहरू स्वतन्त्र गराइनेछन् । प्रभु येशूले छुटाउन नसक्ने गरी कोही पनि बाँधिएको हुँदैन, बन्धनमा परेको हुँदैन । नबोलिएतापनि यस्ता मानिसको पुकार सँधै सुनिनेछ ।

## पत्रुसको घरमा जाती पार्ने कार्य

यहूदी सभाघरमा मानिसहरू गनगन गरिरहेको समयमा येशू पत्रुसका घरमा आराम गर्न जानुभयो । तर उनको घरमा पनि समस्या थियो । पत्रुसको सासु एकदम ठूलो ज्वरोले गर्दा बिमार भएकी थिइन् । येशूले उनको शरीरबाट ज्वरो जाती पार्नुभयो । उनी पूरै जाती भइन् र पत्रुसका पाहुना येशू र अरू चेलाहरूलाई खाना तयार पार्न थालिन् ।

सभाघरमा येशूले गर्नुभएको काम र पत्रुसको सासु जाती पारेको घटना सारा सहर भरी फैलियो । शनिबार कसैले जाती हुन पाऊँ भनी बिन्ती गरेनन् किनकि यसले गुरुहरूलाई रिस उठाउँथ्यो । तर सूर्यास्त हुने बित्तिकै सहरको ठूलो भिड, आशिष् पाउन, जाती पारिन र येशू नजिक हुनका लागि पत्रुसका घरतिर लागे ।

घण्टैपिच्छे, पिट पत्रुसको ढोकाभित्र मानिसहरूले आफ्ना बिरामीहरूलाई जाती पार्न ल्याएर । भोलिपल्ट येशू रहनुहुन्छ कि रहनुहुन्न भन्ने सोचले मानिसहरू आउँदै गरे । कफर्नहुममा यस्तो पहिला कहिल्यै भएको थिएन, सारा सहर खुसीका आँसुले भरिएको थियो, प्रशंसाका स्वरले भरिएको थियो र साँच्चै तिनीहरूको सानो संसारमा स्वर्ग नै झरेर बास

गरेजस्तो लाग्यो । येशूले मानिसहरूलाई उनीहरूको सुस्वास्थमा फर्काउन सकेकोमा धेरै खुसी प्राप्त गर्नुभयो ।
भीड गइसक्दा राति अबेर भइसकेको थियो । जब अन्तिम बिरामीले पत्रुसको घर छोड्यो, त्यहाा सुनसान भयो । थाकेको येशू केहि समय आराम गर्नुभयो । तर सूर्य उदाउनुभन्दा पहिला नै नगरवासी सुतेकै बेलामा, उहाँले एकान्तमा प्रार्थना गर्नका निम्ति पत्रुसको घर छोड्नुभयो ।

येशूले प्रायः गरेर आफ्ना चेलाहरूलाई उनीहरूको घरमा आराम गर्न पठाउनुहुन्थ्यो । तर आफूभने त्यति आराम गर्नु हुँदैनथ्यो । धेरै काम सकेपछि बेलुका वा सबेरै बिहान उहाँ पहाडतिर गएर आफ्ना पितासँग कुरा गर्नुहुन्थ्यो । प्रायः उहाँ रातभर प्रार्थना र ध्यान गर्नुहुन्थ्यो र बिहान सूर्य उदय भएपछि काम गर्न थाल्नुहुन्थ्यो ।

त्यो बिहान पत्रुस अरू चेलाहरूले येशूलाई पठायो र खबर पठए, उहाँलाई मानिसहरूले खोजिरहेका थिए । यस्तो समय येशूका चेलाका निम्ति उत्सुकताको समय हुन्थ्यो । उनीहरूलाई थाहा थियो कि यरुसलेममा रहेका धर्मगुरूहरूले येशू मरेको हेर्न चाहन्थे । उहाँकै जन्मथलोका मानिसहरूले पनि उहाँलाई मार्न खोजेको उनीहरूलाई थाहा थियो । तर कफर्नहुममा, मानिसहरूले उहाँलाई प्रेम गरे । यी स्वतन्त्र प्रिय गालिलीहरू नै उहाँ मसीह हुनुहुन्छ भन्ने कुराको र नयाँ राज्यका कुरामा सहमत हुने पहिला व्यक्तिहरू हुने थिए होलान् ।

तर उहाँको भनाइले उनीहरूलाई आश्चर्यमा पार्‍यो, " अर्को सहरमा पनि जाऊँ, ताकि म प्रचार गर्न सकुँ, किनकि त्यसकै निम्ति म आएको हुँ ।"

येशू आफूलाई ठूलो चमत्कारी वा जाती पार्ने व्यक्ति भनी चिनिन चाहनुहुन्थेन । मानिसहरू उहाँलाई नयाँ राजा भनी विश्वास गर्न आतुर थिए । उहाँले उनीहरूका पृथ्वीको राज्यका बारेको सोचलाई र शारीरिक चंगाइलाई आत्मिक कुरामा ढाल्न चाहनु हुन्थ्यो ।

येशूको कामलाई धन्य भन्ने ठूलो भीडले येशूलाई गिल्ला गर्न थाल्यो । प्रख्यात व्यक्ति, धनी र दक्षलाई दिने सम्मान उहाँका निम्ति बिराना थिए । उहाँले जे गर्नुभयो त्यो सबै उहाँका पिताकै उद्देश्य र इच्छाअनुसार गर्नुभएको थियो । आफ्ना पुत्र येशूको शिक्षा र कार्यद्वारा परमेश्वर प्रकटश भइरहनु भएको थियो ।

येशू जो धार्मिकताको सूर्य हुनुहुन्छ, उहाँ आफ्नो महिमामा संसारै झलमल पार्ने गरी दुल्नु भएन । शान्त  विनम्र भएर, नयाँ दिनको उषा जस्तै गरेर उहाँले अँध्यारोलाई पछाडि धकेल्नु भयो र नयाँ जीवन दिने काम गर्नुभयो ।

# २८ कपरनुहममा चँगाई

*"उठ, तिम्रो खाट बोक र घर जाऊ ।" मत्ती ९:६*

मध्यपूर्वमा त्यस समयमा सबै रोगहरू भन्दा कुष्ठरोग नै सबभन्दा डरलाग्दो रोग थियो । यो सरुवारोग थियो र जाती पार्न नसकिने प्रकारको समस्या थियो । यो रोग लागेपछि हात खुट्टाका औँलाहरू झर्ने भएको कारणले यसलाई एउटा डरलाग्दो रोग मानिन्थ्यो । अझ बढ्ता दु:खको कुरो चाहिँ के थियो भने यहूदीहरूले यसलाई सिधै परमेश्वरको न्याय हो भनेर हेर्दथे । "ईश्वरको हात परेको" भनेर यस रोगलाई चिनिँथ्यो ।

जसलाई कुष्ठरोग लागेको छ, उसले परिवार र घर छोड्नुपर्थ्यो । कुष्ठरोगीले जे छोएतापनि त्यो अशुद्ध हुने गर्दथ्यो । उनीहरूले श्वास लिएको हावा पनि अशुद्ध र रोगसहितको भनी मानिन्थ्यो । यदि कसैलाई यसको शंका मात्र गरिएको भए तापनि पुजारीबाट सम्पूर्ण जाँचका निम्ति जानु पर्दथ्यो । राजा भए पनि शासक भए तापनि यदि कसैलाई पुरोहितले कुष्ठरोग लागेको छ भनी भनेमा उनीहरूको नियमअनुसार जनसमुदायबाट उसले छुट्टिएर बस्नु पर्दथ्यो । जब उनीहरूको शरीरले रोगका लक्षणहरू देखाउन थाल्दथ्यो, उनीहरूले अरूलाई सजग बनाउँदै हिँड्नु पर्ने हुन्थ्यो । उनीहरू जता गए पनि उनीहरूले "अशुद्ध अशुद्ध" भनी कराउनु पर्दथ्यो ।

जब गालिलका कुष्ठरोगीहरूले येशू र उहाँले गर्ने अचम्मका कामका विषयमा सुने, उनीहरुको मनमा आशा बढेर आयो । तर त्यो आशाको एउटा किरण मात्र थियो, किनकि एलिशाको समयदेखि लिएर त्यसबेलासम्म कोही कुष्ठरोगी जाती बनाइएको थिएन ।

त्यहाँ एउटा मानिस थियो, जसले आफ्नो मनमा ठूलो आशा पालिरहेको थियो । उसले सोच्यो " के येशूले मलाई जाती पार्नुहुन्छ होला ? उहाँसँग सोध्नलाई म उहाँको नजिक कसरी पुग्न सक्छु ? म जस्तो कोढीलाई उहाँले देख्नुहोला र? यदि मलाई देख्नुभयो भने के उहाँले परमेश्वरको सरापको भागिदार म हुने छु भनी भन्नुहोला ?" उसले मानिसका कुराहरू सुन्दाखेरी एउटा कुरालाई चाहिँ सम्झिरहेको थियो कि येशूले उहाँकहाँ आवश्यकतामा आएका कसैलाई पनि रित्तो हात पठाउनु भएको थिएन त्यसकारण त्यस मानिसले येशूलाई भेट्टाउने निर्णय गऱ्यो । येशूले बाटो काट्दै गर्दा वा शिक्षा दिँदै गर्दा ऊ नजिक पर्न सक्थ्यो र सहयोग माग्न सक्थ्यो । येशूले झिलको किनारमा शिक्षा दिँदै गर्दा त्यहाँ हुनुहन्छ भनी कसैले उसलाई बताइदियो । अरू मानिसहरूभन्दा टाढा रहेरै पनि येशूले बोलेका

केहि शब्दहरू उसले सुन्न सक्थ्यो । येशूले बिरामी, अन्धाहरू र कुँजाहरूलाई जाती पारेको देख्यो । जब मानिसहरूले उहाँको प्रशंसा गरेको उसले देख्यो, उसको मनको विश्वास अरू बढ्यो । अरू मानिसको नजिक जान नसक्ने नियमलाई उसले बिर्सियो । उसलाई देखेर मनिसहरू कसरी डर र घीनमा भाग्थे त्यसलाई उसले बिर्सियो । सबैथोक उसले बिर्सियो, खाली जाती पारिने आशा उसको मनमा थियो ।

जब ऊ येशूको नजिकतिर बढ्दै थियो, मानिसहरू पछाडि हट्न थाले । उसको बिग्रिएको शरीरलाई देखेर उनीहरू आत्तिएका थिए । कसैले उसलाई रोकिन र टाढा भाग्न कराए तर उसले मुक्तिदाताबाहेक कसैलाई देखेन । उसले आफैलाई येशूका खुट्टामा राख्तै रून थाल्यो, “प्रभु यदि तपाईंले चाहनुभयो भने म जाती हुनसक्छु ।”

म चाहन्छु “येशूले भन्नुभयो, “शुद्ध भई जाऊ ।” त्यसपछि उहाँले हात पसारेर त्यस मानिसलाई छुनुभयो, तुरुन्तै त्यो कोढी बदलियो । उस्का स्नायुहरूले फेरिकाम गर्न थालेका थिए । उसका मांशपेसीहरू बलिया र शक्तिसहितका भए । उसको शरीर गुलावी र बच्चाको जस्तै स्वस्थ देखियो । ऊ जाती पारिएको थियो ।

तब येशूले भन्नुभयो “कसैलाई केहि नभन, तर गएर पूजारीलाई देखाऊ र शुद्धीकरणका विधिअनुसार गर ।” येशूलाई थाहा थियो कि यदि पूजारीहरूले उहाँले शुद्ध गर्नुभएको भन्ने थाहा पाए भने उसलाई शुद्ध भन्ने छैनन् र उसको घर र परिवारमा फर्कन पनि दिने थिएनन् । अरूले भन्नुभन्दा पहिला ऊ आफैले पूजारीलाई जाती भएको कुरा देखाओस् भन्ने चाहनुहन्थ्यो ।

येशूलाई यो पनि थाहा थियो कि यदि उहाँले जाती गरेको कुरा अरू कोढीहरूले सुने भने हुलका हुल कोढीहरू त्यहाँ आउने थिए । त्यसपछि त्यो रोग सर्ने डरले सबैले उहाँलाई छोडेर जाने थिए । उहाँलाई फेरि फरिसीको नियमहरू नमान्ने भनेर दोष लगाइन्थ्यो । त्यसपछि उहाँको प्रचारको काम, उहाँको उद्देश्य र सेवकाई सबै रोकिन सक्थ्यो ।

त्यो कोढीले गर्दा पूजारी र अगुवाहरू झन् बढी येशूका विरुद्धमा जानेछन् भनेर उसले बुझ्न सकेको थिएन । येशूले राम्रो भावनाले मात्र कसैलाई नभन्नु भन्नुभएको उसले सोच्यो । त्यसकारण उसमाथि घटेको घटनाले गर्दा उसले रोगलाई जाती पार्ने व्यक्तिको प्रशंसा नगरिरहन सकेन । जसले उसलाई अशुद्ध भनी घोषणा गरेको थियो । उसैकहाँ गएर आफूलाई देखायो, उनीहरूले उसलाई शुद्ध भनी भने र घर परिवारमा जानका निम्ति स्वागत गरे । गुरुहरू र अगुवाकहाँ पुग्ने कुनै अवसरलाई उहाँले गुम्न दिनुभएन । कोढीलाई जाती पारेर उनीहरूकहाँ पठाएर उहाँले सबै मानवप्रति उहाँको प्रेम, मोशाको नियमप्रति उहाँको आदर र उहाँको बचाउन सक्ने

शक्तिलाई उहाँले प्रस्तुत गर्नुभयो । उहाँको कुराले धेरैलाई रिस उठायो र उहाँप्रति घृणा बढायो तापनि उहाँको मृत्यु र उहाँको पुनर्उत्थान पछि धेरैले उहाँको अनुशरण गरे ।

त्यो कोढी जाती पारिएको मानिसहरूले देखे, र उसको कथाको कारण त्यहाँ भीड यति ठूलो भयो कि येशूलाई केहि समय आफ्नो काम रोक्नुपर्‍यो ।

## पाप कुष्ठरोगजस्तै हो

कोढीलाई शुद्ध पारेर येशूले हाम्रा लागि र हाम्रो पापका लागि के गर्न चाहनुहुन्छ भनी बताउनुहुन्छ । कोढीलाई छोएर येशूलाई कोढ लागेन नता उहाँ अशुद्ध बन्नुभयो । उहाँको शक्तिले कोढ जाती भयो । हाम्रो जीवनको पाप पनि कोढ जस्तै घाती छ । येशूसँग मात्र यसलाई निकाल्ने र जीवनको पापबाट हामीलाई सफा गर्ने र शुद्ध जीवन दिने शक्ति छ ।

यो कोढीको जाती पारिने काम तुरुन्तै गरिए तापनि अरू समय यति छिटो उत्तर येशूले दिनुभएन । हामीले प्रार्थना गर्दा पनि आशिष् माग्दा पनि कहिले केहि समय पर्खनु पर्दछ भने । कहिले हामीले मागेको भन्दा अरू नै उत्तर उहाँले दिनुहुन्छ । तर यदि हामी पापबाट बचाइन प्रार्थना गर्छौं भने त्यसको उत्तर जहिले पनि सकारात्मक र छिटो हुने गर्दछ ।

## कफर्नहुमको पक्षघाती

कफर्नहुममा एकजना पक्षघाती बस्दथ्यो । उसको यो गति उसकै पापपूर्ण जीवन पद्धतिको कारणबाट उब्जिएको थियो । आफ्नो सुकेर गएको शरीर र दुःखको साथमा उसको जीवन पछुताउपूर्ण थियो । उसले पूजारीहरू र डाक्टरसँग सल्लाह गर्‍यो तर सबैले उसलाई जाती नहुने र परमेश्वरद्वारा श्रापित भनी भने ।

त्यो पक्षघाती चिन्तामा बाँच्न थाल्यो र आफ्ना सबै आशाहरू त्यागिदियो । तब उसले येशूका विषयमा सुन्यो । उसका साथीहरूले येशूलाई भेट्यौ भने जाती हुन्छौ भनेर उसलाई विश्वास गर्न उत्साहित गरे । त्यो मानिस जाती हुन चाहन्थ्यो त्यति ऊ क्षमा गरिएको महसुस गर्न चाहन्थ्यो । यदि उसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने निश्चित भएमा मर्न त्यति गाह्रो पर्ने थिएन भनी उसले सोच्यो । उसले आफ्ना साथीहरूलाई येशू छेउ पुर्‍याउन अनुरोध गर्‍यो जुन उसका साथीहरूले खुसी साथ माने ।

त्यसदिनमा येशू पत्रुसको घरमा शिक्षा दिइरहनुभएको थियो । उहाँका नजिकै वरिपरि उहाँका चेलाहरू थिए । नजिकै केहि फरिसीहरू येशूको चियो गर्न आएका थिए । कोठा बाहिर पनि ठुलो भीड येशूले के गर्नुहुन्छ भनी जान्न र उहाँका कुरा सुन्न आएका थिए ।

पक्षघाती लिएर आउने मानिसहरू स्ट्रेचरसहि भीडबाट भित्र जाने कोसिस गरे तर सकेनन् । मानिसहरूले आशा मार्नै आँटेको समयमा पक्षघातीले एउटा उपाय बतायो । “मलाई माथि धुरीमा लैजाओ अनि त्यहाँबाट हामी येशूकहाँ पुग्नेछौं” उसले सल्लाह दियो ।

उनीहरूले त्यसै गरे । उनीहरू माथिल्लो तलामा गए र त्यहाँ ठूलो प्वाल बनाएर स्ट्रेचरसहित उसलाई उनीहरूले बिस्तारै खसाले । ऊ येशूको खुट्टानेर पुगेर अड्यो ।

जब येशूले उसका पुकारसहितको आँखा देख्नुभयो, उसले के चाहन्छ भनी उहाँले बुझ्नुभयो । वास्तवमा येशूले उसलाई पहिला नै चिनिसक्नुभएको थियो ।

ऊ घरमा छँदा नै उसको जाती हुनेचाहना येशूले देख्नुभएको थियो र उसलाई आशिष् दिनुभएको थियो । एउटा मानिसले आफ्ना साथीहरूसँग मिलेर येशूलाई पाउने आशा गर्‍यो, मुक्तिदातालाई पाउने इच्छामा उसको आशा बढिरहेको थियो । अब के भन्नुपर्ने हो येशूलाई थाहा थियो, “छोरा” उहाँले भन्नुभयो “साहस गर, तिम्रा पापहरू क्षमा भए ।” यी शब्दहरू पक्षघातीको कानमा संगीतको रूपमा जसरी पर्न गए । उसका चिन्ता र फिक्रीहरू सबै उडे, उसको मन शान्तिले भरियो । उसको दुखाई हरायो । उसलाई जाती मात्र पारिएको थिएन तर उसलाई क्षमा पनि दिइएको थियो । उसको विश्वासलाई पुरस्कृत गरिएको थियो र ऊ त्यहाँ चुपचाप परिरहेको थियो । मानिसहरूले अचम्म मानेर उसलाई हेरिरहेका थिए ।

त्यहाँ आएका शास्त्रीहरूले त्यस मानिसलाई चिनेका थिए र उसलाई जाती हुन सक्तैन भनी आशारहित बनाएर हेला गरेका थिए । उसको पापको कारण उसलाई परमेश्वरले स्राप दिनुभएको थियो भनी उनीहरूले भनेका थिए । येशूले उसलाई क्षमा गरेको कारण मानिसहरूमा उनीहरूको प्रभाव हराउनेछ भनी विचार गरे । उनीहरूले केहि गर्नैपर्ने थियो र एक आपसमा हेराहेर गरेर उनीहरूले एउटा उपाय सोचे । उनीहरूले त्यसलाई परमेश्वरको निन्दा  भने । त्यो एउटा यस्तो पाप थियो जसको सजाय मृत्युदण्ड थियो - त्यसपछि मानिसले सम्झना गर्ने थिए कि पाप क्षमा गर्ने अधिकार परमेश्वर विना अरू कसैलाई पनि थिएन ।

तर येशूले तिनीहरूको अनुहार र हृदय पढिरहनुभएको थियो, “तिमीहरू किन आफ्ना मनमा दुष्ट विचार गर्दछौ ? उहाँले सोध्नुभयो, “के भन्न सजिलो छ ? उसलाई ‘तिम्रा पाप क्षमा भए’ भन्न सजिलो छ कि, उठ र तिम्रो खाट बोकेर घर जाऊ ?” यो त्यही आवाज थियो जसले अदनको बगैंचामा माटाको स्वरूपलाई जीवन दिएको थियो । अहिले एउटा क्षमा दिइएको शरीर त्यहाँ प्रस्तुत थियो । ऊ आफ्नो ओछ्यानबाट उफ्रिएर उठ्यो । उसका शरीरका सबै अंगहरू जीवित भएका थिए । उसले आफ्नो नयाँ संसार

शक्तिमा आफ्नो खाटलाई प्वाँख ज्सतै हलुका रूपमा उठायो र भीलाई चिर्दै आफ्नो बाटो लाग्यो ।

आज हजारौँ यस्ता रोगीहरू "तिम्रा पापहरू क्षमा भए" भनेको सुन्न लालयित छन् । येशू जस्ले आत्मा निको पार्न सक्नुहुन्छ, राम्रो स्वास्थ र शक्ति फेरि दिनसक्नुहुन्छ । येशूसँग आज पनि पापीहरूलाई क्षमा दिने र बिरामी जाती पार्ने शक्ति छ ।

मानिसको भीडले उसलाई बाहिर निस्कन ठाउँ दिए । उनीहरू एक आपसमा कुरा गर्न थाले, "आज हामीले अचम्म लाग्दो र भयपूर्ण कुरा देख्यौं ।" उनीहरूले परमेश्वरको प्रशंसा गरे , "यस्तो कुरा पहिला कहिल्यै हामीले देखेका थिएनौँ ।"

शास्त्रीहरू अचम्म मानेर चुपचाप थिए । हारेका र लज्जित उनीहरूले त्यहाँ महान् परमेश्वरको उपस्थितिलाई चिने । तर त्यसले उनीहरूलाई बदल्न सकेन । उनीहरूले येशूको कामलाई रोक्ने र परमेश्वरले पुत्रलाई समाप्त गर्ने निर्णय गर्दै पत्रुसको घर छोडे ।

जब त्यो पक्षघाती घर पुग्यो, उसका परिवारजन र साथीहरू उसलाई देखेर साह्रै खुसी भए, खुसीका कारण रुन थाले । पहिला बिमारीले काम नलाग्ने भएको शरीर शक्तिले भरिपूर्ण थियो । पीर र चिन्ताले भरिएको अनुहारमा खुसी र शान्ति छाएको थियो । यो मानिस र उसका परिवार सबै येशूलाई आफ्ना जीवन दिन तयार थिए । उनीहरूको विश्वासलाई कसैले कमजोर बनाउन सक्तैन थियो किनकि तिनीहरूको अँध्यारो जीवनमा येशूले प्रकाश ल्याउनुभएको थियो ।

# २८ कर उठाउने मत्ती, येशूको चेला बन्दछन्

*"निरोगीहरूलाई बैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ ।"मत्ती ९:१२*

प्यालेस्टाइनमा प्रत्येक सैनिक अधिकृतलाई घृणा गरिन्थ्यो । उनीहरूको उपस्थिति र उनीहरूले बलसँग उठाइने करले इस्रायल स्वतन्त्र राज्य नभएको जनाउँदछ । समस्यालाई अझ बढी चर्काउन उनीहरू मानिसहरूबाट धेरै कर लिने गर्दथे र आफ्ना निम्ति नाफा कमाउने गर्दथे । रोमी कर उठाउनेभन्दा बढी रोमीहरूका निम्ति कर उठाउने यहूदीहरू घृणित थिए । उनीहरू आफ्ना जनहरूअगाडि विश्वासघाती मानिन्थे र अपराधीभन्दा बढ्ता घृणा उनीहरूलाई गरिन्थ्यो ।

मत्ती नाम गरेका यस्तै एक कर उठाउने यहूदी थिए । जब उनले येशूका कुरा सुने उनको हृदयमा पवित्र आत्माले काम गर्नुभयो । उनी आफ्नो ठग्ने पापी प्रवृतिलाई त्यागेर येशूलाई पछ्याउन चाहन्थे । तर उनलाई अरू यहूदी कर उठाउनेहरू कस्ता थिए भन्ने उनलाई थाहा थियो त्यसकारण येशूले उनलाई वास्ता गर्नु हुनेछैन भनी उनले सोचे ।

एकदिन मत्ती आफ्नो कर उठाने ठाउँमा बसे, उनीहरू यहूदी व्यपारीहरूसँग कर उठाउँदै थिए । उनले देखे कि येशू सिधा उनीपट्टि नै आइरहनुभएको थियो । उनी बसेकै ठाउँमा आएर येशूले 'मेरा पछि लाग' भनेको सुन्दा उनलाई अचम्म लाग्यो ।

मत्ती उहाँको पछि लागे । उनी उठे आफ्नो सबै कुरा त्यहीँ छोडेर उनी येशूको पछि लागे । उनी हिच्किचाएनन् अथवा सोच्न थालेनन् । पैसाले आफ्नो जीवन पद्दतिलाई छोड्दै छ भनी सोचेनन् । उनी खाली येशूसँग हुन चाहन्थे, उहाँका वचन सुन्न चाहन्थे र उहाँको कार्यलाई मद्दत गर्न चाहन्थे ।

येशूले पत्रुस, यूहन्ना र यहूदालाई भेटेपछि आफ्नो पछि लाग' भनी बोलाएको समयमा पनि त्यस्तै भएको थियो । उनीहरूले आफ्ना व्यवसायहरू र आय स्रोतलाई पछाडि छोडेर येशूलाई पछ्याएका थिए । उनीहरूले "म कसरी बाँचुला ? म आफ्नो परिवारको हेरचाह कसरी गरूँला ?" भनी सोचेनन् ।

मत्तीलाई पनि आन्द्रीयास र पत्रुसको जस्तै परीक्षा परेको थियो । उनीहरूको जालमा माछा धेरै परेर उनीहरूको व्यवसाय फस्टाउन लागेको बेलामा येशूले उनीहरूलाई बोलाउनुभएको थियो ।

पछिबाट उनीहरूलाई येशूले सोध्नुभएको थियो, "मैले तिनीहरूलाई पैसा, लुगा र जुत्ता केहि न लैजाओ भनी भनेको थिएँ तर के तिनीहरूलाई केहि कुराको त्यसबेला खाँचो भएको थियो ?" उनीहरूले निश्चयताका साथ उत्तर दिनसके "थिएन केहि कुराको खाँचो भएन ।"

कुनै बेला येशूसँग गहिरो मित्रता कायम राख्नका निम्ति धनको कुरालाई लिएर मानिसलाई परीक्षा गरिन्छ । उहाँको काम गर्नका निम्ति हाम्रो सम्पूर्ण हृदय नदिइकन हामी खुसी र सफलता मुक्त मानिस बन्न सक्तैनौं । येशूले दिनुभएको बलिदान देखेपछि, उहाँको पछि लाग्न मानिसले आफ्नो सबैथोक छोडिदिन्छन् ।

जब येशूले मत्तीलाई उहाँको चेलाको सानो झुण्डमा समावेश हुन बोलाउनुभयो त्यहाँ ठूलो हलचल मच्चियो । उनी रोगीका लागि काम गर्ने भएकाले देशका निम्ति ठूला व्यक्ति थिए भने अर्कोतर्फ शास्त्रीहरू कर उठाउनेलाई पापी र अपराधी भनिन्थ्यो । शास्त्रीहरूले यही कुरा उठाएर मानिसको मन येशूका विरुद्ध भड्काउन लगाए ।

त्यसै समयमा मत्तीले उनको घरमा एउटा भोजको आयोजना गरे । उनले आफ्ना सबै परिवारहरू र साथीहरूलाई बोलाए, अरू कर उठाउने र समाजले तल्लो दर्जामा राखेका मानिसहरूलाई पनि बोलाए । यो समूहमा येशूतर्फ अचानक एकदम चासो बढेर आयो ।

## लामो समयसम्म रहेका भोज

येशूको सम्मानका लागि मत्तीले त्यो भोज तयार पारेका थिए, येशू त्यहाँ हुन पाउँदा खुसी हुनुहुन्थ्यो । उहाँलाई थाहा थियो कि शास्त्रीहरू र अगुवाहरू रिसाउनेछन् र कसैले उहाँलाई कर उठाउने पापीसँग खाना खायो भनी दोष लगाउनेछन् ।

कर उठाउने मानिस र उनको साथीहरू सँगसँगै बसेर खाना खानाले येशूले सबै मानिसहरूको इज्जत गर्नुपर्छ भनी बताउनुभयो । मानिसको इज्जत र महत्वलाई सम्मान गर्नुभयो । उहाँको उपस्थिथिमा समाजद्वारा हेला गरिएका व्यक्तिहरूले नयाँ जीवनको महसुस गरे मानिससहितको जीवन र उनले परमेश्वरको प्रेमको विषयमा अरूलाई भन्ने उत्साह उनलाई मिल्यो । त्यति नै खेर त्यहाँ भेला भएका मानिसहरूले येशूलाई नपछ्याए तापनि जब उहाँको पुनर्उत्थान भयो, त्यसबेलाका हजारौं विश्वासीको भीडमा यिनीहरू पनि थिए ।

## येशूले किन त्यसो गर्नु भयो

धर्मगुरुहरूले येशूका कुनै गल्ती देखाएर चेलाहरू र उहाँको बीचमा एउटा पर्खाल खडा गर्ने मौकाको उपयोग गर्ने विचार गरे । "किन

तिमीहरूका गुरु कर उठाउने र पापीहरूसँ बसेर खाना खान्छन् ?" उनीहरूले सोधे । उनी तल्लो जातका मानिसहरूमा उहाँको विरुद्धमा उठाउन चाहन्थे ।

येशूले यी कुरा सुन्नुभयो र उहाँले चेलाहरूका जवाफलाई पर्खनुभएन । "निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ । म पापीहरूलाई पश्चात्तापसहित बोलाउनका निम्ति आएँ, धार्मात्माहरूलाई वैद्यको आवश्यकता पर्दैन ।"

शास्त्रीहरूले आफैलाई धार्मिक रूपमा पवित्र व्यक्तिहरू ठान्थे र महसुल उठाउने र अन्य जातिलाई बिरामी र पापीहरू भन्ने सोचेका थिए ।

जसलाई उहाँको आवश्यकता थियो, उनीहरूसँग समय बिताएर के येशूले बुद्धिमानी काम गर्नुभएको थिएन र ?

त्यसपछि येशूले शास्त्रीहरूलाई भन्नुभयो "गएर यसको अर्थ केहो भनी तिमीहरू सिक, 'म बलिदान होइन, दया चाहन्छु ।" शास्त्रीहरूले वचन अध्ययन गरेको अनुसार त्यही ठिक हो भनेर  स्विकार गरे तर प्रेमको आत्मिय विषयमा उनीहरूले केहि बुझेका थिएनन् ।

आफ्नो कार्यमा असफल भएपछि उनीहरूले बप्तिस्मा दिने युहन्नाका चेलाहरूलाई येशूका विरुद्ध उठाउन थाले । केहि समय अगाडि मात्र युहन्नाको साधारण जीवन शैली र उनका कपडालाई लिएर मानिसका मन भड्काएका थिए । तर अहिले उनलाई पवित्र मानिसको उदाहरण भनेर भने । तर त्यसको उल्टो येशूचाहिँ सबै किसिमका मानिसका साथमा खाना खाने र पिउने व्यक्ति भनी दोष लगाए । यस्तो मानिस धर्मी हुन सक्तैन भन्ने उनीहरूको तर्क थियो ।

येशू एक पापीहरूसँग खानपिन गर्ने मानिस भएकाले उहाँले यो अँध्यारो संसारमा ज्योति ल्याउन सक्नुहुन्न र उहाँका शब्दहरू उनीहरूको हृदयमा भविष्यमा परमेश्वरका निम्ति केहि गर्ने  छन् भनी मान्न उनीहरू तयार थिएनन् । उनीहरू यूहन्नाका चेलाहरूलाई येशू विरुद्ध बनाउन मात्र चाहन्थे ।

त्यस समय बप्तिस्मा दिने युहन्ना अझै झ्यालखानामा थिए र उनका चेलाहरू चाहिँ चिन्तामा थिए । शास्त्रीहरूले सिकाएका धेरै नियमहरू उनीहरूले पालना गरे । व्रत बस्ने पनि उनीहरू मान्थे । शास्त्रीहरूका अनुसार सबै जनाले हप्तामा एकपटक व्रत बस्नुपर्ने थियो - कोही मानिस आफैलाई धर्मी देखाउन हप्ताको दुइपल्टसम्म पनि उपवास बस्थे । शास्त्रीहरूले प्रश्न उठाए " हामीहरू जान्दछौं कि युहन्ना परमेश्वरद्वारा पठाइएका व्यक्ति थिए, तर किन येशू र उहाँका चेलाहरू भने छुट्टै रीति मान्छन् ?"

येशूले धार्मिकताका कारण मानिसहरूले उनीहरूका विश्वासमा गर्ने कुरालाई काट्नु भएन । उहाँले उहाँको उद्देश्य मात्र सम्झाउने कोसिस

गर्नुभयो । एकपटक युहन्नाले येशूलाई दुलहा र आफूचाहिँ दुलहाको साथी भनेका थिए, येशूले यस्तो भनेर व्याख्या गर्नुभयो, " जबसम्म दुलहाका जन्तीहरू रहन्छन् के तिनीहरू शोक मनाउँछन् र ?"

अर्को शब्दमा स्वर्गका राजकुमार यसबेला पृथ्वीमा परमेश्वरको सच्चाइ र उहाँको प्रेम बाँड्दै हुनुहुन्थ्यो । यो बेला उपवास बस्ने र दुःख मनाउने बेला अवश्य थिएन । यो खुसीको समय थियो ।

तर येशूलाई थाहा थियो कि अँध्यारा दिनहरू आइरहेका थिए " तर ति दिन आउनेछन् जब दुलहा तिनीहरूबाट लगिनेछन ।" उहाँले भन्नुभयो । जब येशूका चेलाले उहाँलाई समातिएको र मारिएको देख्नेछन् तब उनीहरूले शोक मनाउनेछन् र खाना नखाई बस्नेछन् ।

जब उहाँको पुनर्उत्थान हुनेछ, तब तिनीहरूले फेरि खुसी प्राप्त गर्न सक्नेछन् । तर जब उहाँ स्वर्ग फर्कनु भयो त्यो बेला पनि केहि नखाई दुःख मनाउने गर्दै बस्नुपर्ने थिएन । दुःख मनाउ गर्ने र खाना नखाई बस्नुपर्ने कठिन घडीहरू पनि आउनेछन् तर त्यो बेलामा उहाँको पवित्र आत्माको उनीहरूको खुसीलाई जीवितै राख्नु हुनेछ ।

पापीहरूसँग खाँदै गर्दा होस् वा उजाड स्थानमा खाना नखाई जाँदा होस् येशूले उहाँको जीवन हराएकाहरूका निम्ति दिँदै हुनुहुन्थ्यो । खाना नखाई प्रर्थना गर्दा मात्र एउटा साँचो प्रर्थनायुक्त जीवन बाँचिने होइन, अरूको सेवकाइ गर्दै जानु साँचो धर्म हो ।

## पुरानो दाख मद्यको भाँडोमा नयाँ दाखरस

यूहन्नाका चेलाहरूसँग कुरा गर्दा येशूले एउटा दृष्टान्त भन्नुभयो । " कसैले नयाँ वस्त्रमा पुरानो कपडाले टाल्दैन, नयाँ टालोले वस्त्रलाई फटाउँछ र पुरानो कोट नराम्रो देखिन्छ ।" उहाँले उनीहरूलाई यही बताउन चाहनुहुन्थ्यो कि शास्त्रीहरूका विचार धेरै भिन्न थिए भन्ने कुरा बुझ्न सकिन्थ्यो ।

शास्त्रीहरूका चाचलन र नियमसँग येशूका शिक्षा मिलाउन खोज्दा त्यो अझ फरक देखिन्थ्यो । येशूले यस कुरालाई नयाँ दाखरस पुरानो छालाको थैलीमा राख्ने जस्तो भनी तुलना गर्नुभयो ।

ती दिनहरूमा मद्यरसलाई हावा नछिर्ने गरी बनाएको छालाको थैलोमा राखिन्थ्यो । जब नयाँ हुन्थे ती नरम र लचकदार हुन्थे, तर जब ती पुराना हुन्थे ती सुख्खा र फुट्ने हुन्थे । नयाँ दाखको रस पुराना भाँडामा राखियो, त्यहाँ ग्याँस बढ्दै जाँदा, यस्ता पुराना भाँडाहरू फुट्ने डर हुन्थ्यो ।

उनीहरूका खोक्रा नियमहरूले गर्दा यहूदी अगुवाहरू पुराना छालाका मशक जस्ता भएका थिए । उहाँले भन्नुभयो- "यदि कसैले पुराना छालाका

मशकमा दाखमद्य राख्यो भने त्यो मशक फुट्छ र दाख मद्य पोखिन्छ ।" येशूलाई थाहा थियो कि उहाँका शिक्षासँग उनीहरूका चालचलन र नियमहरू राखिन सकिँदैनथ्यो । परमेश्वरको सच्चाइले शास्त्रीहरूका शिक्षाहरूलाई फुटाइदिने थियो ।

यहूदी र अगुवाहरू चलनचल्ती र नियममा पूरै भिजेका थिए । तिनीहरूको मन त्यही पुरानो छिटै टुट्ने प्रकारको छालाको मशक जस्तै भएका थिए । आफ्ना धर्ममा सन्तुष्टि भएका उनीहरूले साँचो विश्वासलाई स्विकार गर्न सकेनन् । उनीहरूको मृत विश्वासमा प्रेमद्वारा तयार गरिएको विश्वासले ठाउँ लिन सकेन । येशूको जीवित विश्वासले उनीहरूका पुराना नियम र चलन फुटाइदिने थियो ।

येशूले मछुवा र महसुल उठाउने र सामरीबिच उहाँको नयाँ छालाको ब्याग भेट्टाउनुभयो । उनीहरू परमेश्वरको प्रेमको सच्चाइ सुन्न आफ्नो वरिपरि उहाँलाई पाउनलाई खुसी थिए ।

येशूले उनीहरूलार्य शिक्षा दिन 'नयाँ दाखमद्यको' कथा भने तापनि वास्तवमा त्यो नयाँ भने थिएन । अदनको बगैँचादेखि उनीहरूलाई एउटै सत्यता बताउँदै आइएको थियो । शास्त्रीहरू र धर्मागुरुहरूले यही सोचे कि जे-जति कुरा येशूले भन्नुभएको थियो त्यो सबै नयाँ थियो । यस्तो किन भयो भने उनीहरूले वचनलाई राम्रोसँग अध्ययन गरेका थिएनन् तर आफ्नै चलनका कुरालाई बडी महत्व दिएका थिए । जबसम्म उनीहरूले आफ्ना पुराना चलन र विश्वासलाई त्याग्दैनथे, तबसम्म उनीहरूले येशूका भनाइहरूलाई बुझ्न सक्तैनथे ।

आज धेरै जना यस्तै जंजालमा छोडिएका छन् । मानिसले आफ्नो उद्धारका निम्ति आफै कोसिस गनुपर्छ भन्ने पुरानो विचारलाई नछोडेसम्म मानिसले सच्चाइलाई सुने तापनि अस्विकार गर्नेछन् । मुक्तिको बाटो आफै बनाउनुपर्छ भन्ने प्रकारको धर्ममा सँचो आनन्द र शक्ति प्राप्त छैन । मुक्ति आर्जन गर्न गरिने व्रत र प्रार्थनाबाट परमेश्वर निको मान्नुहुन्न । हामीले पुरा गरेका केहि कुराले पनि हामीलाई बचाउन सक्तैन । हाम्रो आफ्नो स्वार्थीपन छोडेर, हाम्रो मन र हृदय प्रभु येशूलाई दिएमा मात्र हामीले खोजेको कुरा हामी पाउन सक्छौँ । त्यसपछि हामी 'नयाँ छालाको मशकको दाखरस मानिन सक्छौँ, जसले प्रभु येशूको प्रेम बताउँदै संसारलाई सुसमाचार बाँड्न मद्दत गर्छ ।

# २९ येशू र सबाथ दिन

*"सबाथ - दिन मानिसका लागि बनेको हो, मानिस सबाथ दिनका निम्ति होइन ।" मर्कुस २:२७*

पृथ्वीको इतिहासको पहिलो हप्ताको अन्तमा परमेश्वरले आफूले बनाउनु भएका सबै कुरा हेर्नुभयो र तिनलाई "यो साह्रै राम्रो भयो ।" भनी भन्नुभयो । त्यही पहिलो हप्ताको सातौँ दिनमा उहाँले विश्राम लिनुभयो । उहाँले त्यसदिनलाई आशिष दिनुभयो । त्यसलाई पवित्र बनाउनुभयो । यस्तो दिन जसलाई मानिसहरूले परमेश्वरको प्रेम र शक्तिको सम्झना गर्नेछन् ।

परमेश्वरको पुत्र येशूले सबै सृष्टि गर्नुभयो । त्यसकारण प्रभु येशूको प्रेम र शक्तिमा यो एउटा सम्झना दिलाउने समय हो । सबाथका समयहरूले हामीलाई येशूको अरू नजिक ल्याउँछन् । मिठो संगीतमा उहाँका आवाज हामी सुन्न सक्छौँ । हल्लने पातहरू, निरन्तर उठ्ने समुद्रका छालहरूको सुसेलीमा हामी उहाँलाई सुन्न सक्छौँ । सबाथको दिनले संसारको सृष्टि भएको कुराको स्मरण गराउँछ । यसले यो पनि बताउँछ कि यस्तो संसार बनाउन ईश्वरले हामीलाई प्रेंम गर्नुहुन्छ । हामीसँग हुन चाहनुहुन्छ र हामीलाई बचाउन सक्नुहुन्छ ।

सृष्टिपछि मानिसले सबाथको राम्रो पालना गरे र यसबाट आउने आशिष्हरूमा रमाए । तर समय बित्दै जाँदा धेरैले परमेश्वरको सत्यतालाई र उहाँको बाटोलाई बिर्सिए । त्यसकारण अरू आज्ञाहरूको साथमा मानिसलाई सिनैपर्वतबाट सबाथ मान्ने आज्ञा पनि दिइएको थियो र त्यो दस आज्ञामा भएका सबै आज्ञाहरू इस्रायलीलाई मात्र नभएर, सारा संसारका निम्ति थियो ।

जबसम्म पृथ्वी रहन्छ र सूर्य उदाउने -अस्ताउने गर्दछ परमेश्वरको शक्तिका रूपमा, उहाँको प्रेमको रूपमा रहिरहनेछ । अन्त्यमा जब पापलाई पूर्ण रूपमा नाश गरिनेछ र पृथ्वीलाई एकचोटि फेरि नयाँ स्वरूपमा बनाइन्छ, त्यसबेला पनि विश्राम दिन मनाइनेछ ।

## सबाथलाई बिगारिएको

जसले परमेश्वरको पवित्रतालाई स्विकार गरेका छन् उनीहरूले मात्र साँचो रूपमा सबाथलाई मान्न सक्छन् । जब यहूदीहरू परमेश्वरको योजनाबाट टाढा भए उनीहरूले सबाथ कस्तो हुनुपर्छ भनी बिर्सिए । सयौँ

वर्ष यहूदीहरूका आफ्नै चाल चलन र नियमहरू र विचारहरूले गर्दा सबाथ एउटा बोझ मानिन थालियो ।

येशूको समयमा आइपुग्दा न्याय गर्ने घमण्डी मानिसको कारण स्वार्थवस यसलाई बदलियो । उनीहरूले यसलाई अरूलाई जाँच गर्ने माध्यम बनाए, परमेश्वरको प्रेमको प्रकाश त्यहाँबाट देखिएन । सबाथमा अरू बोझ थपिदिएर शास्त्रीहरूले यही देखाए कि परमेश्वरले मानिसले मान्न नसक्ने नियमहरू दिनुभएको छ भनी प्रस्तुत गरे । परमेश्वर एक निर्दयी शासक हुनुहुन्छ भनी मानिसहरूले बुझ्न थाले । सबाथ पालना गरेर मानिसहरू निर्दयी र कुरा काट्ने बन्दा रहेछन् भनी उनीहरू बुझ्न थाले ।

येशू ख्रीष्ट परमेश्वरको विषयको सत्यता र सबाथको विषयको सत्यता बताउन आउनुभयो, वचनमा भनिए अनुसार उहाँले सबाथ पालना गर्नुभयो र शास्त्री र अगुवाहरूको नियमलाई वास्ता गर्नुभएन । त्यसले गर्दा धेरै वादविवाद त्यहाँ भयो ।

## सबाथ पालनाको एक पाठ

एकदिन उहाँ पाकेका अन्नका खेतहरूको बाटो भएर जाँदै हुनुहुन्थ्यो । उहाँका चेलाहरूमध्ये कोही भोकाएका थिए, त्यसकारण उनीहरूले अन्नका बाला टिपेर हातमा माडेर सफा गरी चपाउन थाले ।

हप्ताको अरू कुनै दिन भएको भए, यसले त्यति ठूलो समस्या बनाउने थिएन । कुनै मानिस फलफूल, अंगुर आदिको बारी भएर हिँड्दा, त्यहाँबाट उक्त फलफूल टिपेर खान उसले पाउँथ्यो । तर सबाथको दिनमा यसो गरिए, नियम नमानेको भनी भनिन्थ्यो - त्यसो गर्दा बाली काटेको जस्तो दोषी मानिन्थ्यो ।

येशूका पछि-पछि लागेर आउने मानिसहरूले तुरुन्तै औँला उठाइहाले, "हेर" उनीहरूले येशूलाई भने "तपाईंका चेलाहरूले सबाथका नियम उल्लङघन गर्दै छन् ।"

जब सबाथ नमानेको भनी येशूलाई दोष लगाउँदा आफ्नो पिताको काम पूरा गरेर परमेश्वरसँग उहाँको सम्बन्धका विषयमा बताउनुभएको थियो । यो बेला जब उहाँका चेलाहरूलाईदोष दिइयो, उहाँले पुरानो नियमको कथा भन्नुभयो, जहाँ परमेश्वरको सेवा गर्ने जनले गरेका थिए ।

येशूले दिएको जवाफले फरिसीहरूले वचनबाट कुराहरू नबुझेको जस्तो लाग्यो । " के तिमीहरूले राजा दाउद र उनीसँग भएका मानिसहरूले भोकाएको समयमा के गरे भन्ने विषयमा पढेका छैनौ ?" मन्दिरभित्र गएर त्यहाँका पवित्र रोटी खाए जुन खाली पुजारीले मात्र खान उचित थियो ।" र उहाँले अर्को उदाहरण भन्नुभयो, " के तिनीहरूले मन्दिरमा आराधना गर्ने पुजारीले सबाथलाई मानिरहेका छैनन् तर पनि उनीहरूको काम नै त्यही

भएकाले दोषी ठहरिँदैनन् ? चेलाहरूले पनि बाला टिपेर खान उचित थियो । पूजारीहरूले अरू दिनमाभन्दा सबाथदिनमा बढी काम गरे र त्यो ठीक पनि थियो किनकि काम गरेर सबाथको परमेश्वरलाई मानिस सामु उनीहरूलाई प्रस्तुत गर्न सक्थे ।

येशूले प्रष्टसँग भन्नुभयो, "सबाथ दिन मानिसका लागि बनेको हो, मानिस सबाथ दिनका निम्ति होइन । उनीहरू सबाथ दिनद्वारा सञ्चालित गरिन बनेका होइनन् ।" मर्कस २:२७ यस संसारमा परमेश्वरको योजना मानिसलाई बचाउनु हो । त्यसकारण यदि सबाथमा कुनै काम गरिन्छ भने त्यसले सबाथका नियमलाई भने भङ्ग गर्नु हुँदैन ।

अन्तको कुरासहित त्यहाँ वादविवादको अन्त भयो, "त्यसकारण म मानिसको पुत्र सबाथको परमेश्वर हुँ ।" एक न्यायधीस जस्तो गरेर उहाँले फैसला सुनाउनु भयो कि जे उहाँका चेलाहरूले गरेका थिए त्यो ठीक थियो र सबाथदिनमा गर्न स्विकार्य थियो ।

मन्दिरमा गरिने बलिदानले मुक्तिदातातिर इङ्गीत गरेजस्तै सबाथले पनि मुक्तिदातालाई देखाउनुपर्ने थियो । बलिदानको मतलव नबुझीकन बलिदान गरेको कुरालाई परमेश्वरले मन पराउनुभएको थिएन । यस्तै गरेर सबाथका नियम र यसको महत्वलाई नबुझीकन पालना गर्नाले उहाँलाई रिस उठाउँछ ।

## एकजना जाती पारेर येशूले पाठ सिकाउनुहुन्छ

अर्को सबाथ जब उहाँ सभाघरमा हुनुहुन्थ्यो एउटा हात सुकेको मानिस त्यहाँ आयो । उहाँले के गर्नुहुन्छ भनी फरिसीहरू हेर्न थाले । उनीहरूले उहाँलाई सबाथ दिनमा कसैलाई जाती पार्नु न्याय संगत छ उनीहरूले सोधे । येशू अन्कनाउनुभएन । उहाँले त्यस मानिसलाई सबैका बीचमा उभिन लगाउनुभयो र सोध्नुभयो, "सबाथ दिनमा खराब कुरा गर्नु वा कसैलाई मार्नु अथवा कसैको जीवन बचाउनु राम्रो हो ?" मर्कुस ३:४

यहूदीहरूमा भनिने गरिन्थ्यो कि भलाइ गर्ने मौका आउँदा त्यो नगर्नु दुष्ट कार्य गर्नु सरह हो र कसैको जीवन बचाउन हिच्किचाउनु उसलाई मार्नु बराबर हो । त्यसकारण येशूले प्रश्नको जवाफ उनीहरूले दिएनन् ।

येशूले सोध्नुभयो, "यदि तिमीहरूमध्ये सावाथको दिनमा कसैको भैँडा खाल्डामा खस्यो भने तिमीले त्यसलाई निकाल्नु तल झर्नेछैनौ ? के भैँडाभन्दा मानिस बढी मूल्यवान् होइन र ? सबाथ दिनमा राम्रो काम गर्नु सँधै राम्रो हो ।"

उहाँको चियो गर्नेहरूले उहाँका प्रश्नहरूको जवाफ दिने साहस गरेनन् । जब उनीहरूले सुने उनीहरूले सच्चाइ बुझे । येशू ठीक हुनुहुन्थ्यो- उनीहरूका नियमको पालना गर्ने क्रममा सबाथमा उनीहरूले मानिसले कष्ट

भोगेको हेर्न सक्थ भने जनावरलाई उनीहरूले सहायता गर्थे । अरू सबै झूठा धर्मजस्तै मानिस परमेश्वरभन्दा ठूलो हुँ भन्ने भावना आउँदा यस्तो हुन्छ, तर उसको गति मानव जस्तो होइन, पशु जस्तो हुन्छ । यसले मानिस जातिको मूल्य बढाउँछ किनकि उनीहरू मात्र ख्रीष्टका रगतद्वारा किनिएका छन् ।

अन्तमा उनीहरू रिसाएर उनीहरूको हठीपनमा दिकदार भएर येशूले त्यस मानिसलाई भन्नुभयो "तिम्रो हात पसार ।" जब त्यो मानिसले आफ्नो हात पसाऱ्यो, उसको हात ठीक भयो ।

फरिसीहरूले येशूलाई मार्ने योजना बनाइरहे । येशू र उनीहरूको बीचमा कस्तो भिन्नता थियो, उनीहरूले येशूलाई मार्ने भनी योजना बनाइरहे भने येशूले बिरामी र घाइतेलाई जाती पार्न समय बिताउनुभयो ।

हात सुकेको मानिसलाई शनिबार जाति पारेर येशूले चौथो आज्ञाको सम्मान गर्नुभएको थियो । यहूदीहरूले बनाएका बेकारका नियमहरूलाई एकातिर पन्छ्याउनुभएको थियो । क्रसमा मरेर येशूले सबाथ नियम उल्लङ्घन गर्नुभयो भन्नेहरूसँग यहूदीहरूको त्यो भनाइजस्तै त्यो गलत छ । उहाँको मृत्युमा उहाँले दसै आज्ञाहरूलाई उच्च गरेर चौथो नियमको सम्मान गर्नुभयो । उहाँको जीवन र मृत्युमा परमेश्वरको चाहनाअनुसार उहाँले सबाथलाई पालना गर्नुभयो ।

जसले उहाँसँग समय बिताएर फाइदा लिन चाहन्छन् सबाथ उनीहरूको लागि आशिष्पूर्ण बन्न सक्छ । जसले येशूले हामीलाई बनाउनुहुन्छ, बचाउनुहुन्छ, र पवित्र बनाउनुहुन्छ भनी विश्वास गर्दछन् तिनीहरूको लागि सबाथको समय एउटा खुसीको समय बन्न सक्छ । किनकि उनीहरूले येशूलाई सबाथमा पाइने हुँदा त्यसमा उनीहरू खुसी मनाउँछन् । सबाथको आनन्दमा उनीहरूले अदनको शान्ति पाउन सक्छन् र स्वर्ग कस्तो हुन्छ भनी अनुमान लगाउन सक्छन् ।

किनकि सबाथ मानिसका निम्ति बनाइएको थियो, यो परमेश्वरको दिन हो । येशूले सबै थोक सृष्टि गरेको कारण, उहाँले सबाथ दिन बनाउनु भयो र सृष्टिको स्मरण गराउनुभयो । यसले हाम्रो सिर्जनाहार र हाम्रो मुक्तिदाता येशूतिर इंगित गर्दछ ।

# ३० संसारका निम्ति सन्देशवाहक

*बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई नियुक्ति गर्नु भयो, र उहाँले तिनीहरूलाई प्रेरित भन्ने नाउँ दिनुभयो । लूका ६:१३*

येशूको मृत्युपछि संसारका लागि जाने सुसमाचार सुरुगर्ने चर्चको व्यवस्था गरिने समय आएको थियो । पृथ्वीमा उहाँको कार्य सकिएको थियो । विश्वासीहरू जम्मा हुनलाई त्यहाँ महंगो प्रकारको सभाघर थिएन तर उनीहरूलाई येशूले मन पराउनुभएको गलिलको झिलदेखि नजिकको पहाडमा लैजानुभयो ।

जब येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिनुहुन्थ्यो उहाँले सहर भीड र हतारमा होइन तर सुनसान खेत वा पहाडमा लैजानुहुन्थ्यो । येशूले ठूलो भीडलाई जम्मा गर्दा र शिक्षा दिँदा उनीहरू निलो आकाश मुनि घाँसमा अथवा पहाडमा वा लेकको किनारमा जम्मा गर्नुहुन्थ्यो । आफ्ना वरिपरि प्रकृतिका सुन्दरतामा उनीहरूले परमेश्वरको प्रेमलाई देखे र उनीहरू अझ खुसी हुन्थे ।

जब येशूले बाह्र जना चेलाहरुलाई उहाँसँग भेट गर्न बोलाउनुभयो, उहाँले तिनीहरूका कमजोरी जान्नुहुन्थ्यो । उनीहरूको घमण्ड र रिस अनि नबुझ्ने बानी सबै उहाँलाई थाहा थियो । पहिलो रात जब उनीहरू सुते, येशूले रातभर उनीहरूका निम्ति प्रार्थना गर्नुभयो । जब सूर्य उदायो उहाँले तिनीहरूलाई एकसाथ बोलाउनुभयो ।

"तिमीहरू मेरा प्रेरित र संसारका निम्ति मेरा सन्देशवाहक हुनेछौ" उहाँले बाह्रलाई भन्नुभयो । उहाँले उनीहरू उहाँसँग हिँड्नु, उहाँले के गर्नुहुन्छ सिकून् र देखून् अनि सारा संसारमा गएर आफूले देखेका र सुनेका कुरा बताऊन् भन्ने चाहनुहुन्थ्यो । 'प्रेरित' भनेर जुन उनीहरूको नाम थियो त्यो संसारको सबभन्दा उच्च नाम थियो । येशूभन्दा अलि तल वा दोस्रो स्थानको मानसहितको त्यो नाम बाह्र जनामध्ये : याकूब, यूहन्ना, पत्रुस, आन्द्रियास, फिलिप,नथानियल र मत्ती चाहिँ अरूले भन्दा बढी नजिकमा रहेर काम गरे । पत्रुस याकूब यूहन्नाले उहाँसँग धेरै समय बिताए । उहाँका अचम्मका कामको गवाही उनीहरूले दिए उहाँले जे सिकाउनुभयो त्यो सबै उनीहरूले सुनेका थिए ।

येशूले सबैलाई मन पराउनु भए तापनि उहाँ विशेष गरेर यूहन्नासँग अझ निकट हुनुहुन्थ्यो । अरू प्रेरितभन्दा उनी कान्छा थिए, उनको जवानी अवस्थाको सुक्ने इच्छाले येशूको वास्तविक लक्ष्य उनले सिके र उनले स्विकार गरे । उनले येशूमा आफ्नो हृदय खुला राखे र वचनका गहिराइ, आत्मिक र जीवन बदल्न सक्ने शक्तिलाई उनले बुझे । यूहन्नाको सुसमाचारमा येशूको प्रेम र उहाँको सुसमाचार अझ राम्रो र प्रष्टसँग लेखिएको छ ।

येशूले फिलिपलाई सबभन्दा पहिला मेरोपछि लाग भन्नभएको भए तापनि उनले येशू नै मसीह हुनुहुन्छ भनी विश्वास गर्न अलि ढिलो गरे । बप्तिस्मा दिने यूहन्नाले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ उनलाई भने तापनि, नथानियललाई फिलिपले, “नाजरथका येशू, यूशुफका छोरा” भनेको थियो ।

पछिबाट ‘५००० मानिसहरूलाई ख्वाउन सकिन्छ र’ भनी शंका गरे । येशूका धेरै अचम्मका कार्य उनले देखेका भए तापनि उहाँको शक्तिमा उनले शंका गरे । येशूले यदि मलाई चिन्यौ भने मेरा पितालाई चिन्नेछौ भनेको भनाइलाई मान्नुको सट्टा उनले येशूलाई उहाँको पिता देखाउनु हुन अनुरोध गरे । येशूले सायद उहाँको टाउको हल्लाउनु भएको हु सक्छ, उहाँले भन्नुभयो” फिलिप यतिका समयसम्म म तिमीहरूसँग छु, तैपनि मलाई तिमीले चिन्दैनौ ?” यूहन्ना १४:९

तर फिलिप येशूका स्कुलका विद्यार्थी थिए, र येशूले उनलाई बडो धैर्यका साथ सिकाउनुभयो । जब प्रेरितहरूमा पवित्र आत्मा खन्याइएको थियो, त्यसबेलादेखि फिलिप ठूला प्रचारक भए र मानिसहरूलाई मुक्तिदाताका विषयमा प्रचार गरे ।

## प्रेरित यहूदा

जब येशूले आफ्ना प्रेरितहरूलाई तयार पार्दै हुनुहुन्थ्यो, भीडबाट कसैले नबोलाइकनै एउटा व्यक्ति त्यस समूहमा थपियो । यहूदा येशूसँग नजिकको सम्बन्मा रहन चाहन्थ्यो, जब येशूले रोगीहरूलाई हटाउनु हुनेछ त्यसबेला ऊ एउटा शक्तिशाली स्थानमा बस्न चाहन्थ्यो र नयाँ राज्य सञ्चालनमा सहभागी हुन चाहन्थ्यो ।

यहूदा बुद्धिमानी र छिटै निर्णय गर्ने व्यक्ति थियो । उसको व्यक्तिगत कुरामा हेर्दा र अरूलाई खुसी पार्ने व्यक्तित्वलाई देखेर उसलाई उहाँको कामको निम्ति असल हुनेछ भनी येशूलाई अरू चेलाहरूले भने । यदि येशूले उसले भनेको मानेको भए उनीहरूले येशूको बुद्धिमाथि शंका पर्ने थियो । वास्तवमा उसको जीवनले यही देखायो कि सांसारिक कुराद्वारा प्रभाव पारेर ऊ परमेश्वरको काममा सहभागी हुन चाहन्थ्यो ।

यहूदालाई चेलाहरूको झुण्डमा अपनाइयो । उसले प्रभु येशूको निःस्वार्थ प्रेमलाई दिनदिन देख्यो र हाफ्नो हृदयलाई येशूमा समर्पण गर्नुपर्ने बोलावटलाई अनुभव गऱ्यो । येशूले यहूदाको मनमा स्वार्थ विचारहरूपढ्न सक्नुहुन्थ्यो र यदि राम्रो परिवर्तन नभएमा त्यो मानिस कस्तो बन्न सक्थ्यो । यस्तो विचारमा येशूले उसलाई मौका दिनुहुन्थ्यो, बचाउने कोसिस गर्नुहुन्थ्यो उसलाई त्यसै खेर जान दिनुहुने थिएन ।

अरू चेलाहरूलाई जस्तै उसलाई पनि सबै अवसरहरू दिइएको थियो । तर परमेश्वरको बाटो उसले रोजेको जस्तो बाटो थिएन । आफ्ना इच्छाहरूलाई उसले परमेश्वरमा समर्पण गरेन । उसले उहाँलाई धोका दिनेछ भनेर जानेर पनि येशूले दैनिक जीवनमा कोमल कृपा देखाइरहनुभयो । उसको गोप्यता नबताइकन येशूले उसको मन पढ्नसकेको कुरा बारबार बताउनुभयो । उहाँले उसलाई स्वार्थपन र लोभका विषयमा सचेत गराइरहनुभयो, तर यहूदाले आफ्ना स्वार्थी कुराहरू छोड्न सकेन । आफ्ना दुष्ट चाहनाहरू उसले लिइराख्यो, उसको बदला लिने बानी उसको साथमा थियो र अँध्यारो विचारहरूलाई सैतानले उसलाई पूरा नियन्त्रण नगरून्जेलसम्म लिइराख्यो ।

यदि येशूलाई यहूदाले आफ्नो मन सुम्पेको भए ऊ पनि चेलाहरूको झुण्डको र नयाँ मण्डलीको अगुवा हुनेथियो । तर स्वार्थी बन्ने उसको मनको चाहनाले ऊ परमेश्वरको कामका निम्ति चेला बन्न असफल भयो ।

परमेश्वरले मानिसलाई उनीहरू जस्ता छन् त्यस्तैबाट लिएर यदि उनीहरूले चाहना गरे भने, समर्पण गरे भने र बदलिन चाहे भने उनीहरूलाई उहाँको कार्यका निम्ति तालिम दिनुहुन्छ । येशूको विषयमा जति बढी उनीहरूले सिक्दछन् त्यति नै बढी उनीहरू येशू जस्तो बन्न सक्छन् ।

येशूले चेलाहरूलाई बोलाउँदा सबैमा दोषहरू थिए । याकूब र यूहन्नालाई उनीहरूको छिटै रिसाउने बानीले गर्दा चट्याङका आवाज भनिन्थ्यो । यस्तो गुणमा रहेका यूहन्नाले येशूले मानिसप्रति गरेका सबै कुरा हेरे र उहाँले प्रेमपूर्वक बोल्नुभएका कुरा र उहाँको धैर्यता देखे । उसले आफ्नो हृदय येशूमा खोलिदिए र त्यसपछि सँधैका निम्ति बदलिएको व्यक्ति बन्न सके । येशूले धेरै पटक आफ्ना चेलाहरूलाई सुधार्नुभयो तर यूहन्ना र अरूले येशूलाई छोडेनन् । उनीहरू येशूका दुःखमा सहभागी भएर अन्तिमसम्म नै उहाँका पाठहरू सिक्तैरहे । येशूलाई हेर्दै गर्दा उनीहरूको जीवन परिवर्तन भयो ।

सबै चेलाहरूका भिन्दाभिन्दै गुणहरू थिए, मत्ती महसुल उठाउने थिए, साइमन रिसाहा व्यक्ति थिए, प्रेरणा दिने पत्रुस, दुष्ट आत्माको यहूदा, विश्वासी थोमस तर डराउने लजालु र शंका गर्ने फिलिप, बढी बोल्नुपर्ने, कहिलेकाहीँ रिसाउने याकुव र यूहन्ना । सबै थरिका मानव चरित्रहरू भएका

स्वार्थीहरू, दष्टहरू उनीहरू एक आपसमा झगडा गर्न सक्थे । तर सबैको साझा येशू हुनुहुन्थ्यो, त्यसकारण उहाँसँग उनीहरूले प्रेम र विश्वास बाँडे ।

येशू उठाई लगिनुभएको वर्षौंपछि पनि उनीहरूका विचारहरू बेग्लै थिए तर येशू हृदयमा भएको कारण उनीहरूले कहिल्यै एक आपसमा झगडा गरेनन् । जति एक आपसमा उनीहरू रहन्थे त्यति नै येशूको नजिक रहेको उनीहरूले अनुभव गरे ।

प्रत्येक बिहान उनीहरूलाई शिक्षा दिइसकेपछि येशूले त्यो सानो झुण्डलाई आफ्नो नजिक बोलाउनुहुन्थ्यो । तिनीहरूसँग घुँडा टेकेर सबैका टाउकोमा हात राखेर आशिष् दिनुहुन्थ्यो र उहाँको पवित्र कार्यका निम्ति समर्पण गर्नुहुन्थ्यो ।

## संसारमा हाम्रो काम

येशूले पतित र पापी मानिससम्म पुग्न स्वर्गदूतहरूको सहायता लिनु भएन । उहाँले मानिसलाई छान्नुभयो जसलाई समर्पित हुन कठिनपर्छ । मानिसका हृदयमा गरिएका कुराद्वारा उसका जीवन बदलिने प्रकारका मानिस छान्नुभयो । जसरी येशूले मानव भएर देखाउनुभयो, यस संसारमा मुक्ति ल्याउनका निम्ति दुवै परमेश्वर र मानव चाहिन्छ । येशूको चेलाहरूमा उहाँको सुसमाचार अरूलाई प्रस्तुत गर्न उनीहरूको हृदयमा परमेश्वरको शक्ति हुनु आवश्यक छ ।  जसले गलिलका समुद्रबाट मछुवाहरूलाई बोलाउनुभयो, उहाँले उहाँको कामका लागि मानिसहरू बोलाउनुहुन्छ । हामी पापी र अपूर्ण भए तापनि उहाँले हामीलाई सिकाउनुहुन्छ र उहाँको काम गर्न सक्ने बनाउन तालिम र उहाँको काम गर्न सक्ने बनाउन तालीम दिनुहुन्छ ।

हाम्रो चारैतिर शंकाले भरिएका मानिसहरू छन्, जोसँगै नदेखेको येशूलाई बुझ्न र विश्वास गर्नलाई पर्याप्त विश्वास छैन । तर तिमीहरूका निम्ति हामी त्यहाँ हुन सक्छौँ । प्रत्येकमा प्रेमको भवना बाँड्न सक्छौँ । उनीहरूको कमजोर विश्वासलाई येशूसम्म पुऱ्याउन सक्छौँ ।

परमेश्वरले मानिससँग मानिसबाटै कुराहरू गर्नुहुन्छ । येशू मानिस बन्नुको यो पनि एउटा कारण हो । हाम्रो जीवन उहाँमा समर्पण गरेमा उहाँको प्रेम अरूलाई बाँड्न स्वर्गदूतहरू हाम्रो आवाज भएर बोल्नेछन् ।

# ३१ समुद्रको छेउको शिक्षा

*"यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमानी मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो ।"*
*मत्ती ७:२४*

आफ्ना चुनिएका चेलाहरूका निम्ति प्रार्थना गरिसकेपछि येशूले उनीहरूलाई गालिलको समुद्रतिर लिएर जानुभयो । बिहानको समय भए तापनि मानिसको भीड त्यहाँ जम्मा भइसकेको थियो । येशू जहाँ गए तापनि भीड उहाँको पछि लाग्दथ्यो । धेरै जना उहाँको वचन सुन्न र जाती पारिनका निम्ति उहाँको पछि लागेका थिए । अरू समय जस्तै यो समयमा पनि येशूको हृदय उनीहरूप्रति पग्लियो र उहाँले प्रत्येक बिरामी र शारीरिक अपाङ्गहरूलाई जाती पार्नुभयो ।
केहि समयमा नै त्यो साँघुरो बाटो कोहि छिर्न नसक्ने गरी भीडले भरियो, सबै जना उभिएका भए तापनि त्यहाँ ठूलो भीड थियो । त्यसकारण येशूले तिमीहरूलाई फर्काएर पहाडतर्फ लिएर आउनुभयो । त्यहाँ एउटासम्म ठाउँ भेट्टाउनुभयो र त्यही हरियो घाँसमा उहाँ बस्नुभयो । उहँका चेलाहरू वरिपरि नजिकमा बसे र उहाँको कुरा सुन्न आएको भीड पनि हेर्न र सुन्न बस्न थाले ।

त्यो समुद्र छेउमा दिइएको प्रवचन विशेष गरेर चुनिएका चेलाहरूको निम्ति कस्तो छ भनी बताउनका निम्ति थियो । सबै मानिसका निम्ति बाँड्नु पर्ने सुसमाचार सुन्न र बुझ्न उनीहरूले चाहिरहेका थिए । तर येशूले कहिले काहीँ मात्र चेलाहरूसँग कुरा गर्नुभयो । वरपर जम्मा भएका सबैले उहाँको वचन सुन्ने मौकालाई उहाँले कहिल्यै त्यसै खेर जान दिनुभएन ।

चेलाहरूलाई निश्चित समय थाहा थियो कि येशूले उहाँको राज्यको घोषणा गर्ने मौका आइसकेको थियो, उहाँले रोमीहरूलाई खेदेर इस्रायलीलाई विजय र स्वतन्त्र दिनुहुने थियो । भीडका अरू मानिसहरूको पनि त्यही आशा थियो । देशको महिमा देख्ने आशासहित उनीहरू हरियो घाँसमा बसे । गरिब किसानहरू र मछुवाहरू पनि आफ्नो साधारण खानाको सट्टामा महलको भोज खान पाइने आशामा थिए । फरिसी र शास्त्रीहरू पनि जो त्यहाँ चियो गर्दै थिए, उनीहरूले पनि रोमीहरूमा राज्य गर्ने संसारको समृद्धि राज्यमा शासन गर्ने स्वप्ना देखे ।

## छुट्टै प्रकारको राज्य

तर येशूसँग छुट्टै कुरा थियो । छुट्टै प्रकारको राज्यको प्रतिज्ञा गर्ने हुँदा त्यहाँ पठाइनुभएको थियो । उहाँले मसीह र उहाँको राज्यका विषयमा नसोचेकोमा उनीहरूलाई व्याख्या गर्नु भएन । उहाँले कस्ता किसिमका मानिसहरू त्यस राज्यमा प्रवेश गर्नेछन् भन्ने विषयमा भन्नुभयो र उनीहरूले नै कस्तो प्रकारको राज्य हो भन्ने कुराको निष्कर्ष निकाल्नु भन्नुभयो ।

येशूले भन्न सुरु गर्नुभयो, "धन्य आत्मामा दीन हुने किनभने स्वर्गको राज्य तिनीहरूको हो ।" मत्ती ५:३ आत्मामा दीनहरूले मात्र मुक्तिको दानलाई स्विकार गर्न सक्छन् र जसले यसको आवश्यकताको अनुभव गर्दछन् परमेश्वरले उनीहरूलाई पूरा गरी मद्दत गर्नुहुनेछ । येशूले हाम्रा निम्ति येशूले तिर्नु भएको मूल्यको महत्व बुझ्यौं भने स्वर्गको राज्य हामीमा आउन सक्छ र हामी उहाँको बाटोमा हिँड्न समर्थ हुनेछौँ । तर यदि कोहि समर्पण भएन भने परमेश्वरले उसलाई केहि पनि गर्न सक्नुहुन्न ।

येशूले भन्नुभयो, "शोक गर्नेहरूले खुसी पाउनेछन्, किनभने परमेश्वरले उनीहरूलाई सान्त्वना दिनुहुनेछ ।" मत्ती ५:४ । उहाँले गलत रोजाइका कारण उत्पन्न हुने दु:ख चिन्ता र शोकका विषयमा भन्नुभएको थिएन । तर येशूलाई उनीहरूका गलत प्रकारका रोजाइ वा निर्णयले गर्दा क्रूसमा चडायौ भन्ने कुरालाई बुझेर चिन्ता लिन्छन् त्यस्तालाई परमेश्वरले सान्त्वना दिनेछन् । यो यस्तो उदासीपनले जब हामीलाई पवित्र आत्माले गलत कार्यका लागि उठ्ने कदमले येशूलाई दु:खित बनाउँछ भन्ने अनुभव गराउनुहुन्छ । यस्तो किसिमको शोकले मानिसहरूलाई पाप र स्वार्थपनबाट टाढा रहन मद्दत गर्दछ । जो दु:ख, कष्ट र केहि गुमाएका शोकमा छन् येशूले उनीहरूलाई सान्त्वना दिनुहुन्छ । कष्टहरूद्वारा परमेश्वरले हाम्रा चरित्रका कमजोरपन देखाउनुहुन्छ र बदल्ने शक्ति दिनुहुन्छ । दु:खका घडीहरूमा उहाँ हाम्रो साथमा हुनुहुन्छ र केहि असल कुरा त्यसबाट निस्कन सक्छ भनी प्रतिज्ञा गर्नुहुन्छ । चिन्ता र दु:खहरूआउँदा रिसाएर हामीले येशूलाई छोड्नु हुदैन । बाटो अँध्यारो र दिग्दार लाग्दो भए तापनि यस्तोबाट परमेश्वरले हामीलाई अनन्तखुसीमा लान सक्नुहुन्छ ।

येशूले भन्नुभयो :"धन्य नम्र हुनेहरू किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् । " मत्ती ५:५

यदि हामीसँग विनम्रता छ भने मानिसका कमजोरीप्रति कुरा काट्ने बानीबाट माथिबाट उठेर येशू जस्तो बन्न सक्छौँ । जब हामीलाई अरू मानिसका रिसहरूमा काम गर्नुपर्ने हुन्छ, र यसलाई उसको दुष्टतालाई शान्तसँग लियौँ भने हामीले उहाँलाई हामीद्वारा देखाउने गर्दछौँ । अरूले गिल्ला गरे तापनि वास्तविक नम्र भन्नाले हामीहरू को हौँ साँचो परमेश्वरका

सन्तान हौँ भन्ने देखाउँछ र यसले हामीलाई कस्तो महत्वपूर्ण हामी छौँ भन्ने बुझाउँछ । विनम्रता एउटा इसाइ जीवनको सफलता हो ।

येशूले फेरि भन्नुभयो -"धन्य धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन् ।" यसो हुनेहरूले नै परमेश्वरको चरित्रलाई बढी प्रदर्शन गर्दछन् । सिक्ने इच्छा राख्नाले हाम्रो सोचाइको दायरा बढ्छ, परमेश्वरका विषयमा अरू बुझ्न सक्ने क्षमता बढाउँछ, परमेश्वरले प्रेम गरे जस्तै प्रेम गर्न सिकाउँछ, परमेश्वर जस्तै बन्न सिकाउँछ ।

येशूले भन्नुभयो "अरूलाई दया देखाउनेहरू धन्यका हुन् किनभने तिनीहरू तृप्त हुनेछन्, धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् ।" ५:७:८

अशुद्ध विचारहरूले आत्मिक कुराहरू धमिलो देख्ने तुल्याउँछ । परमेश्वरबाट टाढा राख्ने यो अर्को प्रकारको स्वार्थ हो । परमेश्वरले पश्चात्तापी मनलाई क्षमा दिनुहुन्छ । स्वार्थलाई अघि राख्नबाट रोक्नु नसके हामीले परमेश्वरको प्रेमलाई बुझ्न सक्तैनौँ ।

येशूलाई थाहा थियो कि यो पापी संसारमा द्वन्द्व र लडाँइ भइरहन्छन् । उहाँले भन्नुभयो "धन्य मेलमिलाप गराउनेहरू, परमेश्वरले तिनीहरूलाई छोराछोरी भन्नुहुनेछ । मत्ती ५:९ । मानव भोजनद्वारा मेलमिलाप गराउन चाहनेहरू मनसम्म नपुग्ने हुनाले असफल हुन्छन् । संसारमा वा हाम्रो हृदयमा साँचो शान्तिको वास्तविक शक्ति येशू नै हुनुहुन्छ ।

## भीडहरू अचम्भित भए

साँचो खुसीका वचनहरू सुनेर भीडले अचम्म मान्यो । उनीहरूले खुसी भन्ने कुरा बढी पैसा कमाउनाले अथवा प्रख्यात हुनाले वा शक्तिशाली भएर प्राप्त हुन्छ भनी बुझेका थिए । येशूले भन्नुभयो कि यस्तो प्राप्त गर्ने मानिसले सांसारिक आदर मेटाउन सक्छ । परमेश्परलाई पछ्याउनाले साँचो प्रकारको आनन्द प्राप्त हुन्छ । स्वर्गमा त्यसको इनाम प्राप्त हुनेछ ।

त्यसपछि आफ्ना चेलाहरू जसले उहाँलाई पछ्याउने निश्चित गरेका थिए, उनीहरूका निम्ति केहि शब्दहरू भन्नुभयो, "खुसी व्यक्ति तिनै हुन् जसलाई धार्मिकताको निम्ति सताइएको छ, किनभने स्वर्गको राज्य तिनीहरूको हो ।" मत्ती ५:१०

उहाँलाई थाहा थियो कि उनीहरूलाई सताइने छन् झ्यालखाना राखिने छन्, दुःख दिइने छन् र मृत्युदण्ड दिइनेछन् । विगतका परमेश्वरका जनहरू जस्तै परमेश्वरको वचन पापपूर्ण संसारमा ल्याउन खोज्दा उनीहरूलाई प्रतिकार गरिने छ । उनीहरूले सैतान र पापसँग लडाँइ खल्नु

थियो, तर उनीहरू खुसी नै हुने थिए, किनकि उनीहरूका निम्ति स्वर्गमा आनन्द जीवनको प्रतिज्ञा गरीएको छ ।

"तिमीहरू संसारका निम्ति जून र प्रकाश जस्तै हौ" येशूले तिमीहरूलाई भन्नुभयो । संसारलाई बदल्ने क्रममा उनीहरू संसारमा रहनुपर्ने थियो - जसरी नुनले खानामा स्वाद दिन्छ त्यसै गरेर उनीहरूले संसारमा बदल्नु थियो । परमेश्वरको प्रेम गर्ने र उहाँको सेवा गर्ने मानिस यहाँ भएनन् भने संसार आफै नष्ट भएर जाने थियो । परमेश्वरका जनको कारण दुष्ट मानिसको जीवन पनि आशिषित भएका छन् । तर इसाइ भएर पनि येशूले गर्ने जस्तो व्यवहार गर्दैनन् भने नुनको स्वाद नभएका नुन जस्ता ती व्यक्तिहरू हुन् । उनीहरूले परमेश्वरलाई खराब नाम दिन्छन् । सूर्यको प्रकाश जस्तै मुक्ति सबैको साझा हो । परमेश्वरको सत्यता किताबका पन्नामा मात्र र चर्च भित्र मात्र सीमित राखिनु हुँदैन, यो सबैले पाउनु पर्छ । नहल्लिने प्रकारको इमानदारिता दिने आत्मा, र असल उदाहरण यी सबै कुराहरूले हामी परमेश्वरको ज्योति आफ्नो चारैतिर फैलाउन सक्छौँ ।

फरिसी चियो गर्ने मनिसहरू त्यहाँ थिए अनि येशूलाई थाहा थियो उहाँले भनेका वचनले पुरानो नियमका भनाइहरूसँग अमिल्दा थिएनन् । उहाँले नै ती नियमहरू दिनुभएको थियो, र उहाँ आफै शिक्षाका विरुद्धमा बोल्नुहुने थिएन । तर फरिसीका निम्ति उहाँका वचन झुठा शिक्षा जस्ता सुनिए । उहाँले उनीहरूका विचार पढ्नुभयो र भन्नुभयो, "व्यवस्था र आगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ, म ती रद्द गर्न होइन पूरा गर्न आएँ ।" मत्ती ५:१७ उहाँको लक्ष्य परमेश्वरहरूको नियममा शक्तिशाली हुनु र त्यसैमा बस्नु थियो । यदि उनीहरू बदलिएका भए त्यहाँ उहाँको बलिदानको केहि आवश्यकता हुने थिएन । उहाँ तिनै नियम र शिक्षालाई व्याख्या गर्न र त्यसको साँचो मतलव उहाँको जीवनबाट देखाउन आउनुभयो ।

## आज्ञा मान्नाले हामी उद्धारपाउनेछौं

परमेश्वरले मानव जातिलाई प्रेम गर्नुहुन्छ, त्यसकै कारण उहाँले हामीलाई दस आज्ञाहरू दिनुभयो । जब हामी तिनलाई मान्दछौँ, खराबीको कारण आउने परिणामबाट हामी बचाइनेछौँ । तिनै दस आज्ञाले हाम्रो आफ्नै पापपूर्ण चरित्रमा परमेश्वरको पवित्र चरित्र देखाउन सक्छ । जब त्यसलाई हामी देख्दछौँ, हामी येशूलाई स्विकार गर्छौं, उहाँका आज्ञाहरूको पालना गर्छौं र साँचो प्रकारको खुसी प्राप्त गर्न सक्छौँ ।

जबसम्म सूर्य चम्किरहनेछ र पृथ्वी रहनेछ, तबसम्म परमेश्वरका नियमहरू बदलिने छैनन् । सबै प्रकारका रितिथितीहरू जुन ख्रीष्ट आउनुभन्दा

पहिला थिए ख्रीष्टको मृत्युसँगै नाश भए तर दस आज्ञाचाहिँ परमेश्वरको सिंहासन जस्तै अटल छ ।

येशूको जीवनले मानिसले ती नियमहरू पालना गर्न सक्छ भनी देखायो । जसले परमेश्वरका नियम उल्लङ्घन गर्छन्, उनीहरूलाई परमेश्वरका नियम पालन गर्न असम्भव छ' भनी सैतानले भनेको कुरालाई सही ठान्छन् । उनीहरूलाई स्वर्गमा प्रवेश गराइयो भने त्यहाँ फेरि द्वन्द्व र लडाँइ मात्र आइपर्नेछ । कसैले एउटा मात्र नियम उल्लङघन गर्छ भने ऊ स्वर्गमा प्रवेश पाउन सुरक्षित छैन ।

येशूको जमानामा मानिसले के बुझ्न गल्ती गरे भने सत्यतालाई जानेर मात्र मानिस धर्मी र पवित्र ठहरिन्छ । सत्य जान्नाले मात्र व्यक्तिको जीवनमा परिवर्तन हुँदैन । इतिहासले बताउँछ कि जो मानिस सत्यता जानेका थिए उनीहरू नै सबभन्दा निर्दयी र दुष्ट मानिसहरू थिए । धार्मिक शिक्षा दिन विद्वान फरिसीहरूले येशूलाई मारे । कसैले सत्य जानेको छ र त्यसमा विश्वास गर्छ तर ऊ इमानदार छैन, दयालु छैन र धैर्यवान् पनि छैन भनी ऊ संसारका निम्ति सराप जस्तै हुन्छ ।

## येशूको पूर्ण जीवन

त्यसपछि येशूले दस आज्ञाहरू हाम्रो कामभन्दा अझ गहिराइमा पुग्छन् भनी देखाउनुभयो । किनकि मनमा घृणा राख्नाले हत्या गर्ने बाटोमा डोऱ्याउँछ, हत्या गर्नु भन्ने आज्ञालाई उसले मान्दैन । परमेश्वरको नाम अनादरसहित लिइएको छ, र अन्जान मानिसहरू हेला गरिएका छन् भने इसाइहरू रिसाउनु स्वाभाविक हो । तर जुनसुकै कुरामा हामी रिसाउने गऱ्यौँ भने हामी परमेश्वरको राज्यमा आउन सक्तैनौँ ।

आफ्ना छोराछोरीका निम्ति परमेश्वरको उपाय हामीले सोचेभन्दा धेरै महान् हुनसक्छ । “त्यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुने पिता सिद्ध तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्छ” । मत्ती ५:४८ यो आज्ञा प्रतिज्ञा पनि हो । परमेश्वरको योजना हाम्रो जीवन बचाउने भन्दा अझ पर जान चाहन्छ, उहाँले हामीलाई उहाँजस्तै फेरि बनाउन चाहनुहुन्छ ।

परीक्षा भयो भनेर पापमा पर्नु उचित होइन । परमेश्वरमा विश्वास गर्ने हरेकले येशूले गरे जस्तै पापलाई प्रतिकार गर्न सक्छ । याकूवले सपनामा देखेको पृथ्वीदेखि स्वर्गसम्म पुगेको भऱ्याङ येशू हुनुहुन्छ । हामी जहाँ छौँ उहाँ त्यहाँ पुग्नुहुन्छ ।

उहाँले हाम्रो चरित्र लिएर पापलाई जित्नुभयो, त्यसै गरेर हामी पनि उहाँको चरित्र लिएर पापमाथि विजय पाउन सक्छौँ । उहाँमा विश्वास राखेर हामी स्वर्गमा रहनुहुने पिता जस्तै सिद्ध हुन सक्छौँ ।

येशूले इसाई जीवनको व्यवहारिकता बारे कुरा गर्नुभयो । "कसैलाई प्रभाव पार्न कसैको भलाइ नगर, बरु आवश्यकता परेकालाई देऊ । गोप्यतामा यस्ता कुराहरू गर्ने गर र सहायता गर्ने मानिसलाई मात्र फाइदा पुऱ्याउने हिसाबले त्यो गर । जब प्रार्थना गर्छौ, परमेश्वरले सुन्ने हिसाबले प्रार्थना गर, आफ्ना वरपरका मानिसलाई सुनाउन होइन । उपवास बसेको छ भने त्यो पनि गोप्यतामा नै राखियोस् ।" परमेश्वरले हामीले गुप्तमा गरेका कुरा देख्नुहुन्छ र खुलासाथ आशिष् दिनुहुन्छ । परमेश्वरसँग हिँडे जस्तो र उहाँसँग काम गरे जस्तो गर्ने जीवनले वरिपरिको वातावरणलाई सुन्दर बनाउन सक्छ । उनीहरूका निम्ति परमेश्वरको राज्य आइसकेको हुन्छ । "कसैले दुइजना मानिसको सेवा गर्न सक्तैन' येशूले भन्नुभयो । सांसारिक मानिसका योजना र महत्वाकांक्षाहरू येशूको राज्यका चरित्रमा मेल खाँदैनन् । तिनीहरू इन्द्र धनुषका रंगहरू जस्तै छुट्टिन्छन् । तिनको बीचमा परमेश्वरले प्रष्ट रेखा खिच्नुहुन्छ । तिनीहरूका बीचमा मिलाप हुँदैन । हामीले कसलाई सेवा गर्ने हो त्यो छान्नु पर्छ । जसले परमेश्वरलाई सेवा गर्न चुनेका छन् उनीहरू परमेश्वरको हेरचाहमा छन् भनी निश्चित हुन सक्छन् । जब उहाँ भीडलाई र उहाँका चेलाहरूलाई बताउँदै हुनुहुन्थ्यो । उहाँले आकाशमा उडिरहेको चरालाई देखाउनुभयो । "तिनीहरू बाली लगाउँदैन र कटनी पनि गर्दैनन् । तर स्वर्गमा हुनुहुने तिमीहरूका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ र तिमीहरूलाई थाहा छ कि तिमीहरू बढ्ता मूल्यवान् छौ ।"

परमेश्वरले घाँसमा हरियो रङ्ग लगाउनुभएको छ, फूलहरू छिटै ओइल्याउने भए तापनि तिनीहरूमा चम्किला रङ्गहरू भर्नुभएको छ । उहाँ आफ्नै स्वरूपमा बनाइएका मानिसहरूलाई उहाँले निश्चय पनि बढ्ता प्रेम र हेरचाह गर्नुहुन्छ । परमेश्वरको किताबमा हामीले गरेका सबै कुराहरू लेखिएका हुनेछन् । हामी कहिले पनि उहाँको विचारभन्दा बाहिर छैनौं ।

येशूले भन्नुभयो "भोलिको विषयमा चिन्ता नलेऊ ।" परमेश्वरले हाम्रो जीवन यात्रामा बताउनुहुन्छ । चाहिएको समयमा हामीलाई शक्ति र बुद्धि दिइनेछ ।

येशूले यो भन्नुभयो, "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ । मत्ती ७:१ । कुन मान्छेको कस्तो विचारले काम गरिरहेछ, अथवा उसको यस्तो व्यवहारको पछाडि के कस्तो कारण हुनसक्छ, त्यो कुरा हामीलाई थाहा नहुने हुँदा अरूलाई दोष दिनु उचित हुँदैन । अरूलाई लगाउँछौ भने आफैलाई दोष दिँदैछौ भनेर सोच्नुपर्छ ।

असल रूखले असल फल फलाउँछ । ठीक कार्यहरू, असल काम र निर्णय यी सब येशूमा समर्पण भएको जीवनका गुणहरू हुन् । हाम्रा असल कार्यले हाम्रो मुक्ति किन्न सक्तैन, तर तिनीहरू हाम्रो मनमा भएका विश्वासको प्रमाण हुन् । यी प्रवचनबाट येशूले उहाँको राज्यको सिद्धान्तहरू

बताउनुभयो । एउटा कथा भनेर उहाँले त्यस भनाइलाई पूरा गर्नुभयो, "यसकारण जसले मेरा यी वचनसुन्छ र पालन गर्छ, न एउटा बुद्धिमानी मानिससँग त्यसको तुलना गरिन्छ, जसले आफ्नो घर चट्टान माथि बनायो ।" मत्त ७:२४ । जब हावाहुरी र बाढी आयो, त्यो घर बलियो भएर बसिरह्यो ढलेन । जसले सुन्न इन्कार गर्छ, उनीहरू मूर्ख मानिस जस्तो हुन् । जस्तो आफ्नो घर बालुवामा बनायो, जब कष्टका समय आउँछन् उसको घर भत्किन्छ । हामीले येशूले दिएको सिद्धान्तमा घर बनाउनुपर्छ, स्वार्थीपन र मानिसका सिद्धान्तहरूमा होइन ।

# ३२ एउटा नोकर जाती पारिन्छ र मरेकोलाई बिउँताइन्छ

*तब येशूले कप्तानलाई भन्नुभयो, "जाऊ जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस् ।" मत्ती ८:१३*

यहूदीसँग बसेर कपर्नहुममा एउटा रोमी सिपाहीले उनीहरूको धर्ममा केहि सत्य छ भनी निश्चित गरेको थियो । आफूले जितेका मानिसप्रति रोगीहरूले जुन रिस र डाह राख्तथे उसले त्यो राखेन । आफ्ना छिमेकिहरूसँग ऊ साथी बन्यो र सहरमा धार्मिक कुराहरूमा मद्दत गऱ्यो ।

त्यो अफिसरले येशूलाई कहिल्यै भेटेको थिएन, जब उहाँको शिक्षाका विषयमा उसले सुन्यो, उसको हृदयले त्यसलाई लियो । उसले खोजेको परमेश्वरको विषयको सत्य त्यही थियो । येशू 'मसीह' हुनुहुन्छ भनी उसले विश्वास गऱ्यो । त्यो अफिसरसँग येशूलाई भन्नुपर्नेचढाउनुपर्ने महत्वपूर्ण कुरा थियो र उसलाई थाहा थियो येशूले उसको कुरा सुन्नुहुनेथियो  तर येशूप्रति उसको एकदम गहिरो आदर थियो त्यसकारण उहाँसँग आफै गएर  भेट्ने उसले चाहेन ।

अफिसरको एकजना मर्नै आाटेको सिकिस्त भएको नोकर थियो र रोमीहरूका निम्ति घरका नोकर भनेका दासहरू जस्ता हुने गर्थे, उनीहरूलाई किन्न र बेच्न सकिन्थ्यो र घरमा पनि निर्दयतासाथ व्यवहार गरिन्थ्यो । तर त्यस मानिसले आफ्नो नोकरलाई प्रेम गर्दथ्यो, ऊ मर्न लागेको देखेर उसलाई साह्रै पीर पऱ्यो । मानिसले भनेका कथाबाट उसलाई निश्चित थाहा थियो कि येशूले निश्चय पनि उसको नोकरलाई जाती पार्न सक्नुहुन्थ्यो । यहूदी अगुवाहरूलाई उसको नोकरका निम्ति येशूसँग कुरा गर्नका निम्ति उसले अनुरोध गऱ्यो । उसले विचार गऱ्यो कि उनीहरूले महान् येशूलाई राम्ररी चिनेका कारण कसरी येशूलाई सोध्ने भन्ने कुरा उनीहरूलाई थाहा थियो ।

जब एक दिन येशू कफर्नहुममा आउँदै हुनुहुन्थ्यो । यहूदी धर्मगुरुले उहाँलाई भेटे "उसको नोकरलाई जाती पारी दिनुहोस्" उनीहरूले भने "उसले यहूदीहरूलाई माया गर्छ । उसले हाम्रो सभाघर बनाउन पनि मद्दत गर्छ । उसलाई केहि राम्रो  गरिनै पर्छ ।" येशू उसका घरतिर जाँदै हुनुहुन्थ्यो तर भीडका कारण उहाँ विस्तारै जाँदै हुनुहुन्थ्यो । जब अफिसरले येशू आउँदै हुनुहुन्छ भनेको सुने, उनले नोकरलाई यसो भनी येशू कहाँ पठाए, "प्रभु मेरो घरमा तपाइँ आउन म योग्यको छैन ।" तर येशू गइरहनुभयो । अन्तमा त्यो अफिसर येशूलाई भेट्न आए र भन्न थाले, "तपाइँले खालि अर्डर गरे पुग्छ" उनले येशूलाई भने "मसँग रोमी शासनको शक्ति छ र सिपाहीहरूले

त्यसलाई बुझेका छन् । जब म तिमीहरूलाई केहि गर भन्दछु, तिनीहरू गर्दछन् । तपाईंसँग परमेश्वरको शक्ति छ । सृष्टि गरिएका सबैलाई त्यो थाहा छ र त्यसलाई पालना गर्दछन् । बिरामीलाई तपाईँ आज्ञा गर्नुहोस् र उसलाई रोगले छोड्नेछ । तपाईँ आज्ञा मात्र गर्नुहोस् र मलाई चाह छ मेरो नोकरले चंगाइ प्राप्त गर्नेछ ।"

येशू छक्क पर्नुभयो " मैले यस्तो विश्वास इस्रायलीमा देखेको थिइँन, "तिमी घर जाऊ जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै गरेर तिम्रो नोकर जाती पारिनेछ ।"

ती स्वाथी यहूदीहरूले अफिसर राम्रो भएकाले उसको गुणको तिर्नुपर्छ भनी भनेका थिए । अफिसरले चाहिँ आफू त्यो कुरा सोध्नलाई समेत अयोग्य ठान्यो । उसको विश्वासको कारण यस्तो अचम्मको कुरा हुन सक्यो भनी उसले सोचेन ।

यदि सैतानले तपाईंलाई, "तिमी पापी हौ, त्यसकारण तिम्रो निम्ति केहि आशा छैन भन्छ भने येशू संसारमा पापीलाई बचाउन आउनुभयो भनी तपाईं भन्न सक्नुहुन्छ । हामीले आफैलाई बचाउन सक्तैनौ, यस्तो असक्षम भएको समय हामीले उहाँमा बचावका निम्ति विश्वास गर्नुपर्छ ।

यहूदी अगुवाहरूले सोचे कि उनीहरूलाई येशूसँग केहि पनि छैन । तर त्यो आर्मी अफिसर जसले खाली रोममा मूर्तिपूजाको विषयमा र यहूदी घृणा देखेका थिए । उनले येशूको शिक्षामा सत्यता देखे र बाँचे । येशूका निम्ति अन्य जातीबाट विश्वासमा हाउने उनी विश्वासिलो व्यक्ति थिए ।

## मरेको मानिस बाँच्छ

येशू अर्को नाइल भन्ने सहरमा जानुभयो । कफर्नहुमबाट त्यहाँ पुग्न हिँडेर एकदिन लाग्थ्यो । बाटाभरि मानिसहरूले बिरामीहरूलाई जाती पार्न ल्याए । त्यसलाई येशूले आफ्नो राज्यको घोषणा गर्नुहुन्छ कि भनेर सुन्न उहाँको पछि पछि लागे ।

पहाडी गाउँको ढोकानेर पुगेपछि, त्यहाँ उनीहरूले एउटा मरेको मुर्दा ल्याइरहेको दृश्य देख्नुभयो । चिच्याएर रुँदै मानिसहरूले त्यस मानिसमा उनीहरूको माया उनीहरूले देखाइरहेका थिए । उनीहरूको चलनअनुसार मुर्दालाई सबभन्दा अगाडि राखेर लगिँदै थियो । रुँदै गरेको आमा उसको पछाडि घस्रँदै थिइन, उनको जीवनको एक मात्र सहारा एउटै छोरा थियो, उनी विधवा थिइन् ।

जब येशूले आमालाई देख्नुभयो, उहाँको हृदय प्रेमले भरियो । उहाँ उनीकहाँ पुग्नुभयो र विस्तार भन्नुभयो, "नरोऊ" त्यसपछि मुर्दा राखेको खटिया छुनुभयो । खटिया बोकेको मानिस डरले काम्न थाले । अचानक हुलमा खेलाबैला भयो, सबैजना के भएको हो भनी अगाडि झुम्मिन थाले । के यो

सम्भव थियो ? त्यो मानिसले भूतात्मालाई अर्डर गर्नुभएको देखेका थिए तर मृत्युलाई अर्डर गर्न सक्छ र ?
शान्त स्वरलाई उच्च पारिएको आवाजमा येशूले भन्नुभयो, "युवक, तिमी उठ भनी म तिमीलाई भन्छु ।"

त्यो मानिसले आँखा खोल्यो र झिम्कायो । येशूले उसको हात समातेर उसलाई उठाउनुभयो । आमाले उसलाई अँगालो मारिन् । केहि समयका निम्ति उसको आमाको धन्यवादित स्वरहरू र छोराका प्रश्नहरू मात्र मानिसले सुन्न थाले । परमेश्वरको सम्मुखमा भएको जस्तो अनुभव उनीहरूले गर्न थाले ।
अन्तमा भीडले पनि आमाचाहिँ सँगै परमेश्वरको प्रशंसा गर्न थाल्यो । "हामीकहाँ महान् अगमवक्ता आउनुभएको छ ।" मुर्दा लिएर गएका मानिसहरू खुसी हुँदै नाइलतिर फर्किए ।

जसरी त्यो दुःख पाइरहेको आमा छेउ येशू उभिनुभएको थियो त्यसै गरेर हाम्रा आफ्ना पृयजनको मृत्युमा येशू हाम्रो साथ उभिनुहुन्छ । त्यसबेलाको जस्तै आज पनि उहाँको आवाज शक्तिशाली छ । हामीले गुमाउनु परेका प्रियजनलाई एकदिन उठाएर हामीलाई दिनुहुन्छ ।

उहाँको आवाजले हामीलाई आत्मिक मृत्युबाट पनि बचाउँछ । यदि येशूका जीवन दिने वचन हामीसँग छन् भने सैतानले हामीलाई समाती रहन सक्तैन । जब पापपूर्ण जीवनबाट उठ भन्नुहुन्छ, उहाँले हामीलाई त्यसको निम्ति शक्ति पनि दिनुहुन्छ ।

त्यस मानिसलाई येशूले बिउँताउनुभयो, उसले दुःख पाउनेछ, चिन्ता हुनसक्छ र अन्तमा मर्नेछ तर पनि उहाँले हामीलाई जब मृत्युबाट पुनःउत्थान गर्नुहुनेछ, त्यो जीवन उहाँसँग हुनेछ, त्यहाँ खुसी हुनेछ र प्रेमको अन्त्य हुनेछैन ।

# ३३ पारिवारिक समस्या

*"जसले स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्दछ, त्यही नै मेरो भाइ, र मेरी बहिनी र मेरी आमा हुन् ।" मत्ती १२:५०*

येशूका परिवार र उहाँका साथीहरू उहाँका निम्ति चिन्तित थिए । उहाँले रात भर गर्नुहुने प्रार्थना र दिनभरि खानाको समय पनि ननिकालीकन भीडलाई उपदेश दिइरहेको कुरा उनीहरूले सुने । उनीहरूले येशूले आफैलाई त्यसमा राखेर काम गर्दै हुनुहुन्छ भनी सोचे । उनीहरूले फरिसी र अगुवाहरूप्रति उहाँको धारणा नबुझेको कारण येशू मानसिक रूपमा ठीक हुनुहुन्न कि भन्ने सोचे ।

युशुफका अरू छोरा येशूका दाजुभाइले उहाँलाई सहयोग गरेनन् । तिनीहरूले उहाँलाई बुझ्न सकिरहेका थिएनन् । उहाँको कारणले दाजुभाइहरूले फरीसीहरूको भनाइ खप्नु परेकोमा येशूसँग उनीहरू रिसाएका थिए । उनीहरूले गएर येशूलाई त्यस्तो कुरा र कामहरू गर्नबाट रोक्ने निर्णय गरे । उनीहरूले आमा मरियमलाई पनि उनीहरूसँग जान कर गरे । आमाको प्रेमले गर्दा येशूलाई यस्ता काम गर्नदेखि अवश्य रोक्नेछ भनी सोचेर, येशूले शिक्षा दिइरहेको ठाउँतिर उनीहरू बढे ।

## भुतात्मा निकाल्न भूत आत्माको प्रयोग

फरिसीहरूले येशूको विषयमा कुरा गर्दा "मानिसबाट भुतात्मा निकाल्न भुतात्माको प्रयोग कसरी गर्छ" भन्ने कुराले उहाँलाई दाजुभाइलाई रिस उठेको थियो । फरिसीले वास्तवमा त्यस कुरालाई विश्वास गरेका थिएनन् । येशूले परमेश्वरका विषयमा शिक्षा दिइरहँदा पवित्र आत्माको कामलाई उनीहरूले आफ्नै हृदयमा अनुभव गरेका थिए । उहाँको सम्मुख उभिइरहँदा उहाँको पवित्र शरीरको उपस्थिति र आफ्नो चाहिँ यस्तो नभएको उनीहरू अनुभव गर्थे ।

उहाँलाई उनीहरूले मसीह हुनुहुन्छ भनेर इन्कार गरिसकेपछि त्यस कुरालाई मानिलिनु लाज मर्दो कुरा हुने थियो । बरु उहाँले जे शिक्षा दिन थाले त्यस्मा वादविवाद गर्थे । उहाँका अचम्मका कामहरूलाई उनीहरूले रोक्न सक्दैनथे त्यसकारण उहाँलाई नराम्रो बनाउने हरेक उपाय उनहरूले सोचे । तर पनि पवित्र आत्मा जसले मानिसको हृदयमा ठूलो काम गर्नुहुन्छ, उहाँले सत्यतातिर तिनीहरूलाई खिच्नुभयो । जब फरिसीहरूले पवित्र आत्माको कामलाई दुष्टात्माको काम भनी दोष लगाए । उनीहरू खतरापूर्ण

ठाउँमा हिँडिरहेका थिए । येशूले तिनीहरूलाई 'माफी गर्न नसकिने' प्रकारको पाप गर्दैछौ भनी चेतावनी दिनुभएको थियो । सबै पापहरू क्षमा गर्न सकिन्छ । पवित्र आत्माले हाम्रो हृदय छुनुहुन्छ र पश्चात्ताप र माफी माग्न हामीलाई प्रेरणा दिनुहुन्छ । पवित्र आत्मालाई प्रतिकार गरेर मनलाई छुने परमेश्वरको सम्बन्ध बढाउने माध्यम उनीहरूबाट छुट्टिरहेको थियो ।

परमेश्वरले मानिसका हृदय उहाँको विरुद्ध जाउन भनी अन्धा बनाउनु हुन्न । उहाँले ज्ञानको ज्योति र सत्यता बढाउनुहुन्छ जसले उनीहरूलाई साँचो बाटो देखाउन सक्छ । प्रत्येक चोटि मानिसले जब यो ज्योतिलाई प्रतिकार गर्छ, उसले केहि मात्रामा अन्धकार थपेको हुन्छ, अनि अर्को ज्योतिलाई प्रतिकार गर्न उसलाई सरल पर्छ । 'यो चिप्लो ओरालो हो जसले हामीलाई परमेश्वरबाट टाढा लैजान्छ । यहूदी अगुवाहरू सैतानको नियन्त्रणमा बढ्तासँग नियन्त्रित हुँदै गए ।

नबुझिकन दुष्टताका वचन नबोल्न येशूले चेतावनी दिनुभयो । सैतानको प्रभावमा कहिले काहीँ हामी आफैले विश्वास गर्न नसकिने कुराहरू बोल्दछौँ । तरै पनि जब हामी ती कुरा सुन्दछौँ, ती ठीक छन् र विश्वास योग्यका छन् भनी हामी सम्झन्छौँ । तिनै यहूदी गुरुहरूजस्तै हामी पनि आफ्ना गल्तीहरू मान्न तयार हुँदैनौँ र आफैलाई त्यसपछि पापको पकडमा बाँधिएको पाउँछौं । त्यसकारण होशन पुऱ्याइकन यदि हामी परमेश्वरको सत्यताको बारेमा कुरा काट्छौं भने त्यो समय खतरापूर्ण हुनसक्छ । त्यसपछि परमेश्वरमा हामीलाई ल्याउन सक्ने गरी पवित्रआत्मालाई हामी मन पराउँदैनौँ र उहाँको प्रतिकार गर्दछौँ ।

भूतात्माबाट छुटकारा पाएकाहरूलाई पनि येशूले चेतावनी दिनुभयो । यदि उनीहरूले उनीहरूका मन परमेश्वरलाई दिएनन् भने भूतात्मा र अरूहरूले फेरि आएर तिनीहरूमाथि कब्जा गर्ने छन् । त्यही कुराहरू आज हामीलाई हुन सक्छ । यदि हामी परमेश्वरको प्रेमलाई स्वीकार गर्दछौँ तर दैनिक उहाँको इच्छामा चल्न समर्पण भएका छैनौँ भने हामी आफैलाई फेरि सैतानले नियन्त्रण गरेको स्थितिमा हामी पाउँछौँ ।

हाम्रो एउटै हतियार चाहिँ येशू हाम्रो हृदयमा रहनु हो । हामीमा खराब कुरा  गर्ने इच्छालाई रोक्ने शक्ति केहि समयका लागि भए तापनि, परमेश्वरसँगको बलियो सम्बन्धबिना हामीहरू स्वार्थीपन र परीक्षाको प्रतिकार गर्न सक्तैनौँ । अन्त्यमा हामीलाई सैतानले उसका सन्तान भनी भन्नेछ ।
येशूलाई नलिएर यहूदीहरूले अक्षम्य पाप गरे । येशूलाई स्वीकार नगर्नाले हामी पनि त्यही गल्ती गर्न सक्छौँ । उहाँका अगमवक्तालाई नमानेर सैतानको कुरा सुनेर हामी येशूलाई संसारको अगाडि प्रतिकार गर्छौं । हामी यसो गर्दै जान्छौँ भने हामीले क्षमा पाउने आशा राख्न सक्तैनौँ । अन्तमा परमेश्वरप्रतिको हाम्रो चासो सबै हामीले गुमाउनेछौँ ।

# येशूको वास्तविक परिवार

येशूले शिक्षा दिइरहँदा चेलाहरूले एउटा समाचार लिएर आए, कि उहाँका आमा र दाजुभाइहरू बाहिर उहाँलाई भेट्न पर्खेर बसिरहेका छन् । येशू उनीहरूलाई भेट्न बाहिर निस्कनुभएन । बरु उहाँले सोध्नुभयो, "मेरी आमा को हुन् र को मेरा दाजुभाइ हुन् ?" उहाँले चेलाहरूलाई देखाउनुभयो ।"यो मेरो परिवार हो । जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ, त्यही नै मेरो भाइबहिनी र मेरी आमा हुन् ।"

यदि येशूलाई मानिसले स्वीकार गरेभने त्यो नाता चाहिँ उहाँको परिवारसँगको नाता भन्दा नजिकको नाता हुन्छ । मरियम आफ्नो विश्वासमा उहाँसँग नजिक थिइन, आमाको नाता भन्दा बलियो विश्वासको नाता थियो ।

येशूले सहनुभएका इन्कारहरूमध्ये, आफ्नै घरले स्वीकार नगरेको कुरा सबभन्दा बढ्ता पीडादायक थियो । उहाँका दाजुभाइले उहाँलाई र उहाँको लक्ष्यलाई बुझ्न सकेनन् । उनीहरूले येशूलाई परमेश्वर हुनुहुन्छ भनी सोचेनन् तर उहाँलाई परमेश्वरका विषयमा सिकाउन सक्नुहुन्छ भनी सोचे । येशू परिसीहरूसँग सहमत भएको उनीहरू हेर्न चाहन्थे र उहाँलाई परमेश्वरले दिनु र गर्नुभएका कुराहरू गर्न बन्द गरोस् भन्ने चाहन्थे । उनीहरूलाई यो सब पागलपन जस्तो लाग्थ्यो । फरिसीहरूले कुनै निहुँ पारेर उहाँलाई पकड्ने र मार्ने योजना गरिरहेको कुरा उनीहरूले बुझेका थिए र त्यसले उनीहरूलाई अचम्म पारेको थिएन ।

सुरक्षा दिन र माया गर्ने परिवारभन्दा कुरा काट्ने र पीडा दिने उहाँको परिवार थियो । यसले गर्दा उहाँ परिवारभन्दा बाहिर जान चाहनुहुन्थ्यो । उहाँ मरियम र मार्था र लाजरसका घरमा जानुहुन्थ्यो । त्यहाँ भएको प्रेम र विश्वासको वातावरणले उहाँलाई सुविस्ता पुऱ्याउँदथ्यो तर वास्तविक आराम र खुसीचाहिँ उहाँ जब पितासँगको कुराकानीमा हुनुहुन्थ्यो त्यसबेला पाउनुहुन्थ्यो ।

कसैलाई घरबाट हेला गरिएको छ अथवा घरको वातावरण नराम्रो छ भने उनीहरूले येशूको जीवनबाट पाठ लिन सक्छन्, सान्त्वना पाउन सक्छन् । येशूले त्यस्तै भोग्नुभएको थियो । उनीहरूले बुझ्न सक्छन् कि यस्तो दुःख पाउने उनीहरू एक्लै होइनन् । उनीहरू टुहुरा होइनन् । येशूले उहाँको पिता हाम्रो पनि पिता हुनुहुन्छ भनी भन्नुहुन्छ । कुनै सांसारिक आमाबुबाले गर्नेभन्दा ज्यादा प्रेम उहाँले हामीलाई गर्नुहुन्छ ।

यहूदी समाजमा आफूले कसैको दास बनेर आफैलाई बेच्नु परेको छ भने उसका आफन्त आएर ऋण तिरिदिन्थे र त्यसरी उ स्वतन्त्र बन्दथ्यो । हामीलाई बचाउन येशू हाम्रो नजिकको नातेदार बन्नुभयो । उहाँ आमा बाबु, दाजुभाइ वा दिदीबहिनीभन्दा पनि नजिकको हुनुभयो । त्यस्तो प्रकारको प्रेमलाई हामी राम्रोसँग बुझ्न सक्तैनौं, तर जान्न सक्छौं कि यो वास्तविक

हो, हामीहरू अरूलाई प्रेम गरेर त्यसलाई अझ बढी प्रकाशमय गराउन सक्छौँ ।

# ३४ मेरो बोझ हलुका छ

*"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" मत्ती ११:२८*

जब येशूले कडा परिश्रम गर्ने गलिलका मानिसहरूलाई देख्नुभयो, उहाँले उनीहरूको बोझ कम गर्ने इच्छा राख्नुभयो । उहाँले भन्नुभयो, "सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" मत्ती ११:२८ । उनीहरू जीवनका पीरहरूले दबिएका थिए । तिनीहरूको जीवनबाट परमेश्वरको प्रेमको कमी थियो ।उहाँको प्रेम र योजना मानिसहरू समावेश होउन् भन्ने उहाँ चाहनु भएको थियो । येशूले भन्नुभयो, "मेरा वचन स्विकार गर र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ । मत्ती ११:२९ । उनीहरूको जीवन र हदयलाई परमेश्वरको खाँचो थियो । उहाँको प्रेम र उहाँको उद्देश्य उनीहरूले बुझ्नुपर्ने थियो ।

येशूले ती कुरा सबै मानव जातिका निम्ति बोल्नुभएको हो । चाहे मान वा नमान वास्तवमा सबै मानिसले गह्रौं भारी बोकेका छन् र खाली येशूले मात्र त्यो भार हलुका गर्न सक्नुहुन्छ । सबभन्दा गह्रौं भारी पापको भारी हो । यदि यसलाई हामी एक्लैले बोक्नु पर्ने भए, यसले हामीलाई थिच्छ । तर येशू, सिद्ध हुनुहुन्छ । येशू अहिले भूमण्डलको भनी विराजमान हुनुहुन्छ तर उहाँले सबै मानिसलाई चिन्नुभएको छ । उहाँको अनुभवद्वारा उहाँले हाम्रा कमजोरीपन, हाम्रा इच्छाहरू, परीक्षामा हाम्रो शक्तिका विषयमा बुझ्नुभएको छ । हामीले परीक्षाको सामना गरे जस्तै उहाँले पनि सबै सामना गर्नुभयो । तर उहाँले सबै लडाइँ जित्नु भयो । उहाँले कहिल्यै पाप गर्नु भएन । आज उहाँले आफ्नो विजय हामीलाई दिन चाहनु भएको छ ।

हाम्रा जे-जति मानवीय कमजोरीहरू भए तापनि हामी मद्दतका निम्ति येशूतिर फर्कन सक्छौं । जस्तोसुकै समस्या आइलागे तापनि हामी उहाँपट्टि फर्कन सक्छौं र उहाँले हामीलाई समस्यासँग लड्न शक्ति दिनुहुन्छ, र त्यसलाई मानिलिन बुद्धि दिनुहुन्छ, यसबाट उम्कन सक्ने धैर्य दिनुहुन्छ ।

उहाँको उपायमा हिँड्नका निम्ति उहाँले एउटा कुरा मात्र भन्नुहुन्छ " मेरो जुवा तिमीले लेऊ यो सजिलो छ, मेरो भारी हलुको छ ।" मत्ती ११:३० । उहाँले हाम्रो हृदयमा लेखिदिएको नियममा हामी रहौं भनी उहाँ चाहनुहुन्छ ताकी हामी आफ्ना निम्ति पापपूर्ण बाटोहरू छान्ने छैनौं ।

यस्तै प्रकारले येशूले संसारमा जीवन बिताउनुभयो । "म आफ्नो होइन तर पिताको योजनाको अनुशरण गर्न स्वर्गबाट पृथ्वीमा आएँ ।" यस्तै प्रकारले हामीले हाम्रो आफ्नो होइन तर येशूको योजनाको अनुशरण गर्न सक्छौं ।

## चिन्ता र दुःख कसरी आउँछन्

मानिसले आफ्नो वरपरको नियमहरू, चलनचल्ती अनुसार जिएर चिन्ता र दुःख आफ्ना निम्ति ल्याउँछन् । धनको र शक्ति प्राप्तिका लागि दौडेर उनीहरूले आफ्नो हृदयलाई घाइते बनाउँछन् र आफ्नो बोझप्रति दुःख मनाउँछन् । तर परमेश्वर हाम्रा सबै चिन्ताहरू र बोझहरू हामीले त्यागेको देख्न चाहनुहुन्छ । यदि हामीले जीवनमा परमेश्वरलाई प्रथम स्थान दिएर उहाँको सेवा गर्ने विचार गऱ्यौं भने हामीले थाहा नपाएका र नसोचेका हजारौं बाटाहरू उहाँले देखाउन सक्नुहुन्छ ।

जब येशूले "मेरा शिक्षा लेऊ र मबाट सिक" भनी भन्नुभयो । उहाँले उहाँको पाठशालामा हामीलाई बोलाउनुभएको छ, जसले स्वर्गको नागरिक बन्नलाई हामीलाई सिकाउनेछ । त्यसले हामीलाई गलत विचारहरू, खराब बानीहरू, नराम्रो चरित्र जस्ता जुन सैतानका मृत्युमा लाने पाठशालामा हामीहरू सिक्छौं तिनबाट हामीलाई सवतन्त्र बनाउँछ ।

येशूको हृदय जहिले पनि शान्त थियो । उहाँलाई दिइएको प्रशंसा, पीर र कुरा गराइले केहि प्रभाव पारेन । खतरापूर्ण स्थितिमा मानिसको प्रतिकारमा पनि उहाँले साहस बनाइराख्नुभयो । तर उहाँलाई पछ्याउनेहरू पनि उहाँलाई पूर्ण रूपले विश्वास नगरेको कारण डराएका छन् । पूर्ण समर्पणद्वारा मात्र परमेश्वरको शान्ति हामीले पाउन सक्छौं । येशू जब हाम्रो साथमा हुनुहुन्छ यस संसारका दुःखहरूले हामीलाई नाश गर्न सक्तैन ।

जब हामी फेरि जन्मन्छौं हाम्रो मन येशूको जस्तो हुन्छ । हामी महिमा र इज्जतका पछाडि भाग्ने छैनौं । हामी येशूसँग सिक्न चाहनेछौं । हामीहरू हाम्रा कामको महत्व हामीमा होइन पवित्र आत्माको आशिष्मा भर पर्नेछ, भनी बुझ्नेछ । जब हाम्रा इच्छाहरू येशूमा समर्पण गर्नेछौं । उहाँले हाम्रो बोझ बोक्न सघाउनु हुन्छ, उहाँले हाम्रा चिन्ताहरू र पीरहरू लिनुहुन्छ ।

कुनै समयमा हामीलाई हाम्रो जीवन नसुल्झिएको धागो जस्तो लाग्न सक्छ । तर जब उहाँमा हामी समर्पित हुन्छौं, उहाँले अनुभवका आधारमा अल्झिएका धागोबाट उहाँको महिमाका निम्ति एउटा राम्रो अवसर (ढाँचा) तयार पार्न सक्नुहुन्छ । जसको जीवनबाट उहाँका चरित्र र महिमा प्रदर्शन भएको छ त्यो जीवन स्वर्गका निम्ति सुरक्षित हुन्छ । प्रभु येशूलाई आफ्नो मुक्तिदाता मान्नाले यसै पृथ्वीमा हामी स्वर्गको अनुभूति गर्न सक्तछौं ।

उहाँको पछि लाग्दा उहाँ जस्तै बन्ने कोसिसमा रहँदा हामीले अनन्त जीवनको आनन्दको अनुभव गर्न सक्नेछौँ । जति बढी परमेश्वरका विषयमा जान्दछौँ, त्यति नै बढी हाम्रो जीवन खुसी हुनेछ । येशूसँग हिँड्दा उहाँको प्रेमको अनुभव हामीले गर्न सक्छौँ । उहाँको उपस्थितिमा स्वर्गीय अनुभूति हामीले यहाँ गर्न सक्नेछौँ ।

# ३५ समुद्रमा आँधी

*"तिमीहरू किन यसरी भयभीत हुन्छौ, के तिमीहरूमा विश्वास छैन ।" मर्कूस ४:४०*

दिनभरको शिक्षा दिने र चँगाईको कार्य गरेर येशू थाक्नुभएको थियो । धेरै दिनदेखि उहाँले आफ्ना वचनद्वारा पापीहरू कसरी उहाँको राज्यमा सहभागी बन्न सकिन्छ भन्ने विषयमा शिक्षा दिइरहनुभयो । साँझ परिसकेको थियो तर भीड छाटिने कुरा त्यहाँ देखिँदैनथ्यो ।

येशूलाई आरामको जरुरत थियो । मानिसहरूलाई पठाइसकेपछि उहाँले आफ्ना चेलाहरूलाई झिलको पारीपट्टि एकान्त ठाउँमा लिएर जान अह्राउनु भयो । उनीहरूले आफ्नो डुङ्गा चलाए र किनाराबाट टाढा गए । उहाँको डुङ्गाको पछि अरू डुङ्गाहरू जाँदै थिए ।

जब डुङ्गा अगाडी बढ्यो गयो येशू डुङ्गाको पछाडिपट्टि ढल्कनुभयो र निदाउनु भयो । शान्त रहेको मध्यान्हमा अचानक आँधी उठ्न थाल्यो । बतास र हुरी चल्न थाल्यो त्यो सानो डुङ्गालाई यताउता पछार्न थाल्यो । छिट्टै पानी डुङ्गामा भरिँदै गयो, उनीहरूले शक्ति लगाएर डुङ्गा खियाउन थाले । उहाँलाई पछ्याएर आएका अरू डुङ्गाहरूको हालत पनि त्यस्तै थियो । चेलाहरू खप्पिस मछुवाहरू थिए । उनीहरूले आफ्ना डुङ्गालाई यस्तै डरलाग्दा छालहरूबाट बचाएका थिए । तर उनीहरूको अनुभव र शक्तिले यो पटकको तुफानको आँधी माथि विजय पाउन सकिरहेको थिएन । उनीहरूको डुङ्गा डुब्न लागेको थियो र तिनीहरू असहाय बने र डुङ्गा रोक्न असक्षम थिए ।

आफ्नो डुङ्गालाई डुब्नबाट बचाउन यत्रो मिहिनेत गर्दा उनीहरूले येशू त्यही डुङ्गामा हुनुहुन्छ भन्ने कुरालाई बिर्सेका थिए । मरिने भन्ने निश्चित भएपछि उनीहरूले येशूलाई सम्झिए । येशूमा मात्र उनीहरूको एक आशा बाँकी थियो । "गुरु गुरु" आफ्नो जीवनको मायाले गर्दा येशूलाई उठाउँदै उनीहरूले भने । तर हावाले उनहरूको आवाज हरायो, येशूबाट कुनै प्रतिक्रिया आएन ।

उनीहरूमा डर र शंका बढिरहेको थियो । के येशूले उनीहरूलाई मद्दत गर्न समर्थ हुनुहुन्छ ? उनीहरूलाई बचाउन के उहाँ चाहनुहुन्न ? फेरि उनीहरूले कराए तर जवाफमा हुरीको चर्को आवाज मात्र सुने । आशा मारेर उनीहरू त्यही कालो उर्लिरहेको झिलमा मृत्युलाई पर्खेर बसे ।

अचानक बिजुलि चम्कियो र त्यसको प्रकाशमा येशू अझै सुतिरहेको उनीहरूले देखे हावा हुरीले र उहाँलाई असर गरेको थिएन । “गुरु” उनीहरू चिच्याए “हामी सबै डुब्न लागेको तपाईंले देख्नुभएको छैन ?”

त्यो समय येशूले उनीहरूका कुरा सुन्नुभयो र आफ्नो आँखा खोल्नुभयो । त्यो उज्यालो उनीहरूले उहाँको अनुहारमा शान्ति देखे र उहाँको आँखामा उनीहरूका निम्ति प्रेम देखे । उनीहरू फेरि चिच्याए “प्रभुजी हामीलाई बचाउनुहोस् हामी मर्न आँटेका छौं ।”

यस्तो प्रकारको आवाजलाई उहाँले नकार्न सक्नुहुन्थ्यो । चेलाहरूले संघर्ष गरिरहेका थिए, येशू उठ्नुभयो, आफ्नो दुवै हात माथि उचाल्नुभयो र भन्नुभयो, “शान्त हो” उहाँले हावालाई र छाललाई भन्नुभयो “शान्त हो ।” तुरुन्तै हावा बन्द भयो, छालहरू हराए, बादल छाटियो । सफा आकाश र तारामुनि डुङ्गा स्थिर भएर अडियो । चेलाहरूले अचम्म मानेर हेरिरहेका थिए येशूले सकेध्नुभयो “तिमीहरू किन डराएका ? तिमीहरूसँग विश्वास छैन ?”

चेलाहरूले केहि बोलेनन् । हावा हुरीले अरू नाउँहरूलाई नजिक ल्याएको थियो, सबैले यस्तो चमत्कारलाई देखे । त्यहाँका डुङ्गामा बस्नेहरूले एकआपसमा साउती गरे, “यिनी कस्ता प्रकारका मानिस हुन् ?बतास र छालहरूले पनि यिनको आज्ञा मान्दछन् ।”

जब येशू बिउँझेर त्यो डरलाग्दो आँधीलाई देख्नुभयो उहाँ डराउनुभएको थिएन । उहाँ आफूसँग प्रकृतिलाई विजय गर्ने शक्ति भएको कारण डराउनुभएको थिएन त्यो शक्ति पृथ्वीमा आउँदासँगै ल्याउनुभएको थिएन , उहाँले आफ्नो पितामा विश्वास गरेको कारण डर मान्नु भएको थिएन । उहाँको पिताको प्रेममा उहाँलाइ विश्वास थियो र उहााको पिताको शक्तिले आँधीलाई शान्त बनाउन सकेको थियो ।

चेलाहरूसँग पनि त्यही प्रकारको विश्वास र आँधीको बीचमा पनि त्यही शान्ति रहन सक्थ्यो । तर उनीहरूले येशूलाई बिर्सिएर र त्यो परिस्थितिलाई आफै बेहोनुपर्छ भनी सोचे । उनीहरूले मद्दतका लागि चिच्याए र उहाँले मद्दत गर्नुभयो ।

हामी पनि अकसर गरेर यस्ता आँधी तुफान आउँदाखेरी त्यसै गर्ने गर्छौं । परीक्षामा एक्लै लडाइँ लड्ने गर्छौं । आफ्नै शक्तिमा विश्वास गर्छौं, हामीलाई पापको आकर्षणले ढाल्ने बेलासम्म हामी त्यसै गर्छौं । तर यदि हामीले येशूलाई मद्दतका निम्ति गुहार माग्यौं भने उहाँ हाम्रो मद्दतका निम्ति सधैं हाम्रो नजिक हुनुहुन्छ ।

पापको कारणले गर्दा हाम्रा मनमा गलत सोच हुन सक्छन्, जसलाई हामी नियन्त्रण गर्न सक्तैनौं । जसरी झिलमा चेलाहरू असहाय थिए, त्यसै गरेर हामी पनि सहारा बिना छौं । तर जस्तो सुकै कडा प्रकारका अवस्था भए तापनि जसले “प्रभु मलाई बचाउनुहोस्” भनी प्रार्थना गर्नेछन् उनीहरूलाई

छुटकारा दिइनेछ । उहाँको अनुग्रहले हामीलाई शान्ति दिन्छ, उहाँको प्रेमले आशा दिन्छ ।

## गरगेसाका जंगली मानिसहरू

बिहान भएपछि येशू र उहाँका चेलाहरू झिलको किनारमा आए । त्यहाँ उनीहरूले शान्त वातावरण पाउनुसट्टा झिलमा भएको तुफानभन्दा बढी चहलपहल उनीहरूले त्यहाँ पाए ।

दुइजना मानिसहरू दौडेर उहाँको अगाडि आइपुगे । उनीहरूका हातखुट्टामा टुटेका साङलाहरू झुण्डिरहेका थिए । जंगली लाग्ने डरलाग्दा आँखाले उनीहरू हेर्दथे । लामो कपाल लट्टाले भरिएको थियो, जसले गर्दा मान्छे नभएर उनीहरू जंगली जनावर जस्तै लाग्दथे । दुष्टात्माले भरिएका उनीहरूले मानिसहरूलाई चिर्ने हिसाबले भीडमाथि जाइलागे ।

चेलाहरू डराएर झिलतिर दौडिए । उनीहरूले येशूलाई हेरे, तर उहाँ जहाँको तहीँ उभिएर बस्नुभएको थियो । मुखबाट फिँज निकाल्दै ती मानिसहरू जब येशूतिर लागे उहाँले आफ्नो हात उचाल्नुभयो, त्यही हात जसले आँधीलाई शान्त पारेका थिए ।

जब येशूले ती दष्टात्मालाई छोड्न अह्राउनुभयो, अन्धकारलाई चिर्दै ती शब्दहरू ती बिचरा मानिसका मस्तिष्कमा पुगे । यो मानिसले उनीहरूलाई बचाउन सक्छ भनी केहि मात्रामा सोचे । जब सहायता गर्नुहोस् भनी भन्न उनीहरूले आफ्ना मुख खोल्नै आँटेको समय भुतात्माले नियन्त्रण गऱ्यो, “मसँग तपाईं के चाहनुहुन्छ ? येशू परम प्रधानका पुत्र ? मलाइ दुःख नदिनुहोस् भनी म प्रार्थना गर्दछु ।“ तिम्रो नाम के हो ? येशूले सोध्नुभयो ।

“मेरो नाम फौज हो” उसले जवाफ दियो “किनकि हामी धेरै छौँ ।” त्यहाँबाट केहि टाढा पहाडको छेउमा सुँगुरको ठूलो बगाल थियो । भुतात्माले उनीहरूलाई सुँगुर कहाँ जान भनी आज्ञा दिन अनुरोध गरे । येशूले त्यो गर्न स्विकार गर्नुभयो । तुरुन्तै पूरै बगाल सुँगुर भीडबाट समुद्रतिर हुरिँदै गए, ती सब समुद्रमा डुबेर मरे ।

त्यसै समय, ती जंगली मानिसमा अचम्मको बदलाहट आएको थियो । उनीहरू सद्धे भएका र ठीक मनस्थिथिमा थिए, अनि परमेश्वरको प्रशंसा गर्न पहिलो कार्य उनीहरूले गरे ।

सुँगुर गोठालाहरूले यी सब कुराहरू देखिरहेका थिए, उनीहरू दौडँदै सुँगुरका मालिक कहाँ यो समाचार भन्न गए । बाटोमा भेटेका सबैलाई उनीहरूले भने । डर र अचम्म मान्दै गरगेसाका मानिसहरू येशूलाई भेट्न आए । ती जंगली मानिसले पूरा समाजलाई त्रसित बनाएका थिए । अहिले उनीहरू कपडा लगाएर तन्दुरुस्त अवस्थामा थिए, येशूको वचन सुन्दै उनीहरूलाई जाती बनाउनु भएकोमा धन्यवाद दिँदै थिए ।

तर स्थानिय मानिसहरू बेखुसी थिए । उनीहरूको नजरमा त्यो मानिसलाई जाती पार्नुभन्दा सुँगुरहरूको बढी फिक्री थियो । सुँगुरका साहुहरू सांसारिक नाफाको ध्याउन्नमा थिए, आत्मिक सच्चाइले त्यहाँ केहि महत्व राखेको थिएन । येशूले स्वार्थी मनलाई बदले र तिनीहरूले मुक्ति प्राप्त गरेको हेर्न चाहनुहुन्थ्यो । तर उनीहरूको आर्थिक नाश भएको थियो, उनीहरूका आाखा बन्द भएका थिए, त्यसकारण मुक्तिदाताको अनुग्रह र दयालाई उनीहरूले बुझ्न सकेनन् ।

## पैसा र परमेश्वरको शक्ति

यो दैवी शक्ति देखेर गदरिनीका मानिसहरू डराए । यो अपरिचित व्यक्तिसँग अरू के के अचम्म कुरा हुन्छ कसलाई के थाहा । येशूको नजिकै रहेका मानिसहरूले आँधीको घटना सबै मानिसलाई बताइसकेका थिए । तर ती कथाहरूले स्थानीय बासिन्दाहरूलाई अझ डर र भयमा पार्‍यो । उनीहरूले येशूलाई त्याहाँबाट जानका लागि भने र त्यसकारण अर्कोपट्टि किनारातिर जान उहाँ तुरुन्त डुङ्गामा चढ्नुभयो ।

गरगेसाका मानिसहरूले आफ्नो पैसा गुमाउनु पर्ला भनेर येशूसँग राम्रो व्यवहार गरेनन् । उनीहरूलाई येशू भुतात्माभन्दा बढी शक्तिशाली हुनुहुन्छ भनी थाहा थियो । उनीहरूले स्वर्गका उपहार लिन अस्विकार गरे । आज पनि हामी आफ्नो नाफा गुमाउनुपर्छ कि भनेर परमेश्वरको वचन मान्न अस्विकार गर्दछन् । पैसा गुमाउनु पर्ला भनेर पवित्र आत्माबाट टाढै रहन्छौं ।

ती जाती बनाइएका मानिसहरू उहाँसँगै बस्न चाहन्थे । उहाँको नजिक उनीहरूले सुरक्षाको महसुस गरे जब येशू डुङ्गामा चढ्नु भयो उनीहरू उहाँसँगै जान बिन्ती गर्न तर उनीहरूले गर्नुपर्ने काम अर्कै थियो । अर्थात् येशूले उनीहरूलाई के गर्नु भयो सो आफ्नो रूपमा गएर भन्नुपर्ने थियो र त्यो गर्न येशूले उनीहरूलाई भन्नुभयो शद्ध जीवनमा मानिसहरू र परिवारहरूसँग कसरी बस्ने होला भन्ने डर उनीहरूलाई भए तापनि उनीहरूले येशूका भनाइलाई माने ।

डिकापीलिस र गरगेसाको ठाउँमा येशूले पठाउनुभएका यी दुई जना उहाँका प्रचारकहरू भए । उनीहरूले वरपरका सबै ठाउँहरूको यात्रा गरे र येशूले गर्नुभएको शक्तिशाली कामहरूका विषयमा बताए । उनीहरूले येशूका शिक्षाहरू केहि समय मात्र सुनेका थिए, तर उहाँको शक्तिको परिचय दिन र उहाँ मसीह हुनुहुन्छ भनी प्रमाण दिन उहाँको जीवन नै प्रमाण थियो । येशूको शक्ति र प्रेमका विषयमा उनीहरू बताउन सक्ने भए जसको हृदय परमेश्वरका दयाले भरिएका छन् उनीहरूले यी कुरा बताउन सक्छन् । यदि हाम्रा जीवनलाई येशूले छुनुभएको छ भने कसरी हाम्रा पाइलाहरूलाई

अगुवाइ गर्नुभएको छ र प्रतिज्ञा पूरा गर्नुभएको छ भनी हामी बताउन सक्छौँ ।

गरगेसाका मानिसले उहाँलाई प्रतिकार गरे तापनि उहाँले तिनीहरूलाई छोड्नुभएन । सुँगुर पानीमा डुबेको घटना चारैतिर फैलिएर गयो । त्यसकारण येशूका कुरा चारैतिर फैलिए । जाती पारिएका मानिसहरू त्यहाँ प्रमाणको रूपमा रहे । प्रकाश र सत्यताको माध्यमका रूपमा रहे, परमेश्वरका सन्देशवाहकका रूपमा रहे । उनीहरूद्वारा सच्चाइका ढोकाहरू खोलिए र जब येशू दोस्रो पल्ट डेकापोलिस आउनुभयो हजारौँ मानिसहरू उहाँको सुसमाचारका निम्ति तयार थिए ।

गरगेसाका भुतात्मा लागेका मानिसहरूलाई हेरेर, जो चिहानहरूमा बस्थे हेर्नमा फोहरी र जंगली, सैतानले नियन्त्रण गरेका व्यक्ति यस्तै हुन्छन् भनी हामी भन्न सक्छौँ । निरन्तर रूपमा सैतानको मानिसका मनमा नियन्त्रण गर्ने कोसिसमा हुन्छ, उसले झगडा र अपराध गर्न उक्साउँछ । यदि मानिसले येशूलाई प्रतिकार गर्छन, भने उनीहरूले आफैलाई सैतानको हेरचाहमा छोडेका हुन्छन् । यसका कारणले गर्दा हाम्रो समाजमा झगडा, अपराध र नैतिक अन्धोपन भइरहेको छ । सैतानले उनीहरूलाई दुष्टभन्दा दुष्ट चालचलन र लतमा फसाउँछ, उनीहरू नैतिक पतन नभएसम्म उसले यो गर्दछ ।

सबै मानिसलाई र स्वर्गदूतलाई थाहा भएको कुरा हो कि सैतान मानिसको शत्रु हो अथवा नाशकर्ता हो, जब कि येशू मानवको मित्र हुनुहुन्छ र मुक्तिदाता हुनुहुन्छ । यो कथाले हामीलाई यही शिक्षा दिन्छ कि सैतानको नियन्त्रणमा रहेका व्यक्तिहरू पनि बदलिन सक्छन्, र उनीहरू सुसमाचारको सन्देशवाहक बन्न सक्छन् । यदि उनीहरूले परमेश्वरको शक्तिबारे अरूलाई बताए भने यी कुराहरू सम्भव छन् ।

# ३६ विश्वासको छुवाई

*उहाँले त्यसलाई भन्नुभयो,"छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ।" लूका ८:४८*

जब येशू गालिलको समुद्रको पश्चिमपट्टिको किनारमा फर्किनुभयो, एउटा ठूलो भीडले उहाँलाई पर्खिरहेको थियो । त्यस ठाउँमा उहाँ केहि बेर पर्खनुभयो, मानिसलाई शिक्षा दिनुभयो, जाती पार्नुभयो । त्यसपछि उहाँ मत्ती भन्ने कर उठाउँने मानिसका घरमा भोज खान जानुभयो । उहाँ त्यहाँ भएको समयमा स्थानीय सभा घरको अगुवा याइरस भन्ने व्यक्ति दौड्दैआए । याइरसले भने, "मेरो छोरी सिकिस्त छ, मरिरहेकी छ। कृपया आउनुहोस् र हातले उसलाई छुनुहोस् ऊ जाती हुन्छे ।

येशू तुरुन्तै याइरससँग जान उठ्नुभयो । उहाँका चेलाहरूले अचम्म मानेका थिए कि यस्ता हठी धर्मगुरुको कुरा येशूले मान्नुहुनेछ, तर उनीहरू उहाँसँगै गए, एउटा ठूलो भीड उहाँको पछि लाग्यो । वास्तवमा चारैदिशााबाट मानिसको भीड त्यहाँ जम्मा भएको कारणले गर्दा उहाँ र उहाँका चेलाहरू विस्तारै हिँड्डी रहेकाथिए । बुबाले चाहिँ हतार गरिरहेको भए तापनि येशूले केहि बेर अडिएर आवश्यकता परेकाहरूलाई जाती पार्नुहुन्थ्यो, दुखेका घाउमा छोएर आराम पुऱ्याउनुहुन्थ्यो ।

भीडमा एउटी आइमाई पनि थिइन, जसलाई रगत बग्ने रोगले बाह्र वर्षसम्म दु:ख दिएको थियो । उनले आफ्नो धन सम्पति डाक्टर र वैद्यलाई दिँदैमा सकेकी थिइन् । तर कसैले जाती पार्न सकेनन् र उनलाई जाती नहुने रोग लागेको भनी उनीहरूले आशा मारेका थिए । येशूको विषयमा नसुनुन्जेलसम्म उनमा कुनै आशा थिएन । उनलाई थाहा थियो कि यदि येशूको छेउसम्म उनी पुग्न मात्र पाएदेखि उनी जाती हुने थिइन् ।

येशूले शिक्षा दिइरहनुभएको ठाउँसम्म तिनी आइन् तर ठूलो भीड भएको कारण उनी अगाडि बढेर येशूसम्म पुग्न सकिनन् । उनी मत्तीले तयार पारेको भोजसम्म पछि लागिन् तर उहाँको नजिक पुग्न सकिनन् । उनले आशा मार्न लागेकै समय येशू भीडबाट उनीतिर नै आइरहेको उनले देखिन् । एकदम द्विविधामा पारेर येशूसँग उनले केहि भन्न सकिनन् । मानिसहरूका बीचमा येशूलाई देख्न पनि सकिनन् । हातमा आएको मौका गुमाउँछु कि भन्ने डरले उनी अगाडि बढ्न थालिन, "यदि मैले उहाँले पछ्यौरा मात्र पनि छुन पाए पनि म जाती हुने थिएँ।"

जब येशू अगाडि बढ्दै हुनुहुन्थ्यो उनले आफ्नो हात बढाइन् र पछ्यौराको छेउलाई औँलाले छोइन् । उनको सबै ध्यान त्यही एउटा छुवाइमा केन्द्रित थियो, र तुरुन्तै तिनी जाती भइन् ।

हृदयमा खुसी र असीम धन्यवादसहित उनी भीडमा हराउन चाहन्थिन् । तर अचानक येशू रोकिनुभयो । आफ्नो वरपरका अनुहारहरूलाई हेरेर उहाँले सोध्नुभयो "मलाई कसले छोयो ?"

यो अचम्मको प्रश्न जस्तो लाग्यो । जहिले पनि अगाडि बोल्ने पत्रुसले भने, "गुरुज्यू चारैतिरबाट भीडले हामीलाई थिचिरहेकोछ, मलाई कसले छोयो ? भनी तपाईँ सोध्नुहुन्छ ?"

येशूले विश्वासको छुवाइ र साधारण प्रकारको छुवाइको भिन्नता थाहा पाउनुभएको थियो, "मलाई थाहा छ कि कसैले मलाई छोएको छ, किनकि मबाट शक्ति निस्केर गएको मैले अनुभव गरेको छु ।" विश्वास थाहा नपाईकन त्यसै टलेर जान सक्तैनथ्यो । उहाँले त्यस महिलालाई सान्त्वना दिन चाहनुहुन्थ्यो र अन्तत मानिसहरूले उनको विश्वासबाट साहस पाउन भनी उहाँ चाहनुहुन्थ्यो । आफैलाई लुकाउन नसक्ने अवस्था देखेर, ती महिला डरले काम्दै अगाडि आइन् । धन्यवादित आँसु बहाउँदै उनले आफ्नो व्यथा येशूलाई सुनाइन् र उहाँको कपडाको छेउ छुनुको उद्देश्य पनि बताइन् । येशू सायद मुस्कुराउनुभयो, "छोरी परमेश्वरमा विश्वासगरेको कारण तिमी जाती भयौ, शान्तसँग घर जाऊ ।" उहाँले भन्नुभयो ।

येशू त्यहाँबाट अगाडि बढ्दै जाँदा एकजना समाचार दिने मानिस आयो र याइरसलाई भन्यो, "तपाईँकी छोरी मरिसकी, गुरुलाई घर लगेर दुःख दिइरहनु पर्दैन ।"

येशूले यी कुरा सुन्नुभयो र याइरसलाई भन्नुभयो, "नडराऊ, खाली विश्वास गर ।" उनीहरू याइरसको घरमा आए । रुने र कराउनेको भीड त्यहाँ थियो । येशूले भन्नुभयो "भो सब बन्द गर, रुने, चिच्याउने नगर, केटी मरेको छैन, खाली सुतेकी छ ।" त्यहाँ जम्मा भएका मानिसहरू येशूसँग रिसाए । कोहिचाहिँ उहाँका कुरा सुनेर हाँस्न थाले । उनीहरूले त्यो बच्ची मरेको देखेका थिए । येशूले तिनीहरूलाई बाहिर निकाल्नुभयो । उहाँ उसका आमाबाबु, पत्रुस, यहूदा र युहन्नालाई लिएर भित्र केटीको कोठामा जानुभयो । ओछ्यानको छेउमा उभिएर त्यो केटीको हात समातेर उठाउनुभयो । उसले बुझ्ने भाषमा येशूले त्यस केटीलाई भन्नुभयो, "छोरी उठ ।"

छिटै त्यो छोरी चलमलाइ, उसले आँखा खोली, मानौँ ऊ गहिरो निद्राबाट बिउँझिएकी थिई, आफ्नो वरिपरिका भीडलाई देखेर अचम्म मानी । ऊ उफ्रेर आफ्नो बुबाआमाको काखमा पुगी, उनीहरू खुसीले रुन थाले ।

# विश्वासले चँगाइ ल्याउँछ

त्यो जाती भएकी महिला साथै थिई, येशूले उहाँको पछ्यौरामा भएको जादुले त्यस महिला जाती पारिएकी भन्ने सोच्न कसैलाई मौका दिनुभएन । उहाँले भन्नुभयो किनकि उनको ईश्वरीय शक्तिप्रतिको विश्वासले गर्दा जाती हुन पुगेकी थिइन् ।

येशूले साँचो परमेश्वर र संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने विश्वासले मात्र यस्तो प्रकारको चंगाइ ल्याउन सक्तैन । त्यस्तो विश्वासले हृदयभित्र चंगाइ ल्याउन सक्दैन । उहाँका बारेमा थाहा पाएर मात्र पुग्दैन, येशूमा विश्वास गर्नुपर्छ । हामीलाई चंगाइ दिने प्रकारको, हामीलाई बचाउन सक्ने प्रकारको विश्वास चाहिँ येशूख्रीष्ट हाम्रो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ, जीवन बदल्न सक्ने प्रकारको हाम्रो सम्बन्ध उहाँमा छ भनी मानिलिनु हो ।

आफू जाती भएको कुरा ती महिलाले अरूलाई भनून् भन्ने येशू चाहनुहुन्थ्यो, सुसमाचारको आशिष् एक्लै मात्र लिनु राम्रो होइन । हामीहरूको गवाही एउटा सशक्त माध्यम बन्न सक्छ । हाम्रा कथाहरू र हाम्रो अरूप्रतिको प्रेमिलो व्यवहारको शक्तिले येशूसम्म अरू मानिसलाई ल्याउन मद्दत गर्दछ । जब १० ओटा कुष्ठ रोगीहरूले येशूकहाँबाट जाती भएर गए, खाली एक जना मात्र उहाँलाई धन्यवाद दिन फर्केर आयो । हामीहरूमा आज पनि त्यस्तै विचार छ । परमेश्वरले चंगाइ दिनुहुन्छ, हामीलाई खतराबाट बचाउनुहुन्छ, हाम्रो रक्षा गर्न स्वर्गदूतहरू पठाउनुहुन्छ तर हामीहरूउहाँको प्रेमको विषयमा अनभिज्ञ भए जस्तो गर्दछौँ । धन्यवादीपन नभएको हृदयले येशूलाई स्वागत नगर्न सक्छ । परमेश्वरले दिनुभएका सबै उपहारहरू हाम्रो मस्तिष्कमा ताजा राख्नाले हाम्रो विश्वास बढ्दछ । उहाँको प्रेमिलो दयाका निम्ति हामीले धन्यवाद दिनुपर्दछ ।

# ३८ प्रथम प्रचारकहरु

*"मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ, तर जो अन्त्यसम्म स्थिर रहनेछ, त्यसकै उद्धार हुनेछ।" मत्ती १०:२२*

गालिलको देशमा येशूसँग हिँड्दै कुरा गर्दा गर्दै चेलाहरूले मानिसहरूसँग कसरी पुग्न सकिन्छ भन्ने बारे सिक्न सके। येशूले प्रचार गर्न सजिलो पार्न उनीहरूले भीडलाई व्यवस्थित बनाए। उनीहरूले बिरामी र अशक्तहरूलाई येशूको छेउसम्म पुग्न मद्दत गरे। येशूका वचनप्रति ध्यानपूर्वक सुन्नेहरूलाई उनीहरूले राम्रोसँग हेरे र पछिबाट उनीहरूलाई व्यक्तिगत रूपमा भेटेर सम्झाए। उनीहरूलाई धेरै कुरा सिक्नु थियो, धैर्यताका आवश्यकता थियो। उहाँसँगै बसेर काम गर्दा उनीहरूलाई यो मौका प्राप्त भएको थियो, उनीहरूले सिकेपछि उनीहरूलाई बाहिर पठाइयो।

येशूले बाह्रजना एकैठाउँमा बोलाउनुभयो तर दुईदुई जना गरेर विभिन्न सहर र गाउँहरूमा पठाउनुभयो। दुईजना एकसाथ पठाउँदा उनीहरूसँगै प्रार्थना गर्न सक्थे। उहाँका शिक्षाहरू साधारण थिए। उनीहरूले मानिसहरूलाई वादविवादद्वारा येशूलाई 'मसीह' भन्न कर गर्दैनथे। उनीहरूको काम बिरामीलाई जाती पार्नु , मरेकालाई बिउँताउनु, भूतात्माहरू निकाल्नु थियो, यी सबै येशूको नाममा गर्नुपर्ने थियो। फरिसी पूजारीका कुरा सुनेर चेलाहरू द्विविधामा परेका थिए तर येशूले उनीहरूलाई परमेश्वरको वचनमा विश्वास दिलाउनुभयो। चालचलन र सत्यका विषयमा भिन्नताको बारेमा उनीहरूलाई उहाँले सिकाउनुभयो। येशू स्वर्ग गइसक्नुभएपछि उहाँले बोलेका सबै कुराहरू र उहाँका मुहारका प्रतिक्रियाहरू उनीहरूले सम्झिए। शिक्षा दिन अगाडि बढ्नेहरूका सामु उनहरूले येशू कै वचनहरू दोहोर्‍याए।

शिक्षा दिनुभन्दा बढी समय येशूले चंगाइको कार्यमा बिताउनुभयो। कतिले उहाँका आवाज नै पहिलो आवाजको रूपमा सुने र पहिलो देखिएको कुरा चाहिँ उहाँको अनुहार थियो। जब उहाँ सहर र गाउँहरूतिर जानुहुन्थ्यो। उहाँको शरिर बिजुलीको तार जस्तो थियो जसले चारैदिशामा प्रेम र खुसी दिइरहेको हुन्थ्यो।

प्रचारको कार्य गर्दा यदि हामीले त्यसै गर्‍यौं भने त्यो बढ्ता प्रभावकारी हुन्छ। येशूले गरे जस्तै काम गर्नुपर्छ भोकालाई खुवाउने, दु:खीलाई सान्त्वना दिने, आशारहितलाई आशा दिने। यसो गर्दा हामीले प्रचार गरेको भन्दा बढ्ता प्रभाव पार्न सक्छौं।

## पहिलो प्रचारको यात्रा

उनीहरू पहिलो पटक येशू गइसकेको ठाउँमा, जहाँ मानिसले उहाँलाई चिन्थे, र प्रेम गर्दथे, त्यहाँ गए । उनीहरूले गुरु र पूजारीले लगाउने जस्तो लुगा लगाएका थिएनन्, तर साधारण मानिसका कपडा लगाएका थिए । उनीहरूले ठूलो भीडलाई जम्मा गरेर शिक्षा दिने होइन बरु घरमा गएर सुसमाचार बाड्नु थियो ।

उनीहरूका प्रार्थना उनीहरूका भजन, वचनले उनीहरूलाई स्वागत गर्ने घरमा आशिष् ल्याउँथ्यो । तर सधैं उनीहरूलाई ती घरहरूमा स्वागत गरिँदैनथ्यो । येशूले भन्नुभयो, "म तिमीहरूलाई ब्वाँसाहरूको बीचमा भेंडालाई पठाएजस्तै गरी पठाउँदैछु । तिमीहरू सर्पजस्तै चतुर हुनुपर्छ र ढुकुरजस्तै हानिरहित हुनुपर्छ ।"

भन्नुपर्ने सत्यतालाई येशूले पहिल्यै भन्नुभयो । तर उहाँले जे बोल्नुभयो प्रेमपूर्वक बोल्नुभयो । उहाँ कहिल्यै रुखो हुनुभएन र कहिल्यै पनि मानिसलाई कष्ट पुऱ्याउने व्यवहार गर्नु भएन । उहाँले मानवका कमजोरीहरू बुझ्नुहुन्थ्यो । जब उहाँले दुई मनका देखावटी धर्म गर्नेलाई हकार्नुभयो तब उहाँको बोलीमा रोदन हुन्थ्यो । उहाँको नजरमा सबै मानिसहरू मूल्यवान् थिए । परमेश्वरप्रतिको साँचो सम्बन्ध र उहाँका छोराछोरीप्रति निःस्वार्थ प्रेम भएमा मात्र हामीले त्यस्तो व्यवहार गर्न सक्छौं ।

यदि हाम्रो मन येशूमा स्थिर छ भने जस्तो सुकै वातावरण भए तापनि सुसमचारलाई हामी प्रेमसहित प्रस्तुत गर्न सक्छौं । गिल्ला गरिए तापनि नरम व्यवहार वादविवादभन्दा ज्यादा असरदार हुन्छ ।

## समस्या आउनेछन्

येशूले आफ्ना चेलाहरूलाई सचेत गराउनु भयो कि धेरै अप्ठ्याराहरू आउनेछन् । उनीहरू पक्राउ पर्ने थिए र शासकका अगाडि खडागराउने थिए । यसको कारणले गर्दा उनीहरूले कहिल्यै सुसमाचार सुन्न नपाएका राजा र अधिकृतहरूलाई वचन बाँड्न सक्ने थिए । ती मानिसहरूले येशूका चेलाहरूका विषयमा धेरै झूठा कुराहरू सुनेका हुन सक्थे । चेलाहरूको गवाहीद्वारा उनीहरूले सच्चाइलाई बुझ्न सक्थे ।

येशूले भन्नुभयो "तिमीहरू के बोल्ने भनेर चिन्ता नगर । जब समय आउँछ, तिमीहरूलाई ठीक शब्दहरू दिइनेछन् । पवित्र आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ । " जब रिसाएका मानिसहरूले कराउँदैछन, यदि परमेश्वरका जनले विनम्रतासाथ त्यसको उत्तर दिएर व्यवहार गरे भने मानिसहरूले को येशूका र को सैतानका चेला भनेर छुट्याउन सक्नेछन् । त्यस्ता कष्टका समयका निम्ति भनेर उनीहरूले उत्तरहरू कण्ठ गर्नुपर्ने आवश्यकता त्यहाँ

छैन । पवित्र आत्माले हामीले अध्ययन गरेका वचनहरू ठीक समयमा हाम्रो समझमा ल्याइदिनुहुनेछ । तर यदि हामीले वचनलार्य राम्रोसँग अध्ययन गरेका छैनौँ भने त्यस्तो प्रकारको आशा गर्न सक्तैनौँ ।

## जब सतावट आउँछ

येशूले तिननीहरूलाई भन्नुभयो, "मेरोनाउँको खातिर तिमीहरू सबैतिरबाट घृणित हुनेछौ, तर अन्त्यसम्म जो स्थिर रहनेछ त्यसकै उद्धार हुनेछ ।" मत्ती १०:२२

उनीहरूका आफ्नै परिवारबाट पनि सतावट आउनेछ भनेर उहाँले सचेत गराउनुभयो ।

येशूले सतावटको पछि लाग्न उनीहरूलाई बाहिर पठाउनुभएन । उहाँ आफैले पनि सतावट गर्ने उहाँलाई हानी गर्ने मानिसहरूलाई र ढाड छोडेर एकान्तमा समय बिताउनुभयो । ईश्वरका जनले यस्ता सतावट हुँदा हरेस खानु हुँदैन तर उहाँको सुसमाचार फैलाउने ठाउँ र उपायका विषयमा सोच्नुपर्छ ।

खतराको बाबजुद येशूका जनले चुपचाप बस्नु हुँदैन । पापलाई हेरेर येशू चुपचाप बस्नुभएन । सम्पूर्ण मानव जातिका निम्ति उहाँको मनमा प्रेम बहन्थ्यो, तर उनीहरूको पापलाई उहाँले कहिल्यै स्विकार गर्नुभएन । उहाँ मानवको गहिरो मित्र भएको कारण उनीहरू नाशतिर लाग्दा उहाँ चुपचाप बस्न सक्नुहुन्थेन । उहाँका चेला भएको कारणले हामीले शान्तिप्रति त्यति दौडनु छैन जहाँ सत्यताप्रति हाम्रै सिद्धान्त खतरामा परेको होस् । शत्रु नबनाईकन कसैले आफ्नो सत्यताको सिद्धान्तलाई समाती राख्न सक्तैनन् । येशूले भन्नुभयो, "तिमीलाई मार्न सक्ने मानिससँग तिमी नडराऊ, उनीहरूले तिम्रो आत्मा मार्न सक्तैनन् ।" हामीहरूले सत्यतालाई न छोड्छौँ र परमेश्वरलाई धोका नदिऔँ भनेर डराउनुपर्छ ।

सैतानले मानिसका हृदयमा शंका भरिदिन्छ । पहिला उसले मानिसलाई पाप गर्न उक्साउँछ, त्यसपछि परमेश्वरमा जान तिमी अयोग्य छौ भन्ने विचार मानिसको मनमा भरिदिन्छ । तर परमेश्वरले यो सब बुझ्नुभएको छ । येशूले चेलाहरूलाई भन्नुभयो, कि हामीले अनुभव गर्ने हरेक सतावट, हरेक चिन्ता र दुःखका छालहरू परमेवरको हृदयले अनुभव गरेका हुन्छन् ।

बाइबल भन्दछ कि परमेश्वर आफ्नो पवित्र स्थानमा चुपचाप र शान्त भएर बस्नुहुन्न । उहाँको आज्ञालाई पर्खेर हजारौँ स्वर्गदूतहरू वरपर रहन्छन् । हामी बुझ्न सक्नेछैनौँ, ब्रहमाण्डको सबै कुरा उहाँलाई थाहा छ । पृथ्वीका विषयमा उहाँ पूरा जानकारी राख्नुहुन्छ । आवश्यकतामा परेका हरेक

जनको पुकार सुन्न उहाँ आफ्नो सिंहासनबाट निहुरिनुहुन्छ । प्रत्येक राम्रा प्रर्थनामा उहाँले जवाफ दिनुहुन्छ, "म यहाँ छु ।"

येशूले आफ्ना चेलाहरूलाई र हामीलाई पनि भन्नुभयो, "मेरा निम्ति जसरी तिमीहरू मानिससँग बोल्नेछौ, तिमीहरूका निम्ति म परमेश्वरसँग बोल्नेछु । पृथ्वीमा तिमी मेरो प्रतिनिधित्व गर्दछौ, स्वर्गमा म तिम्रो प्रतिनिधित्व गर्छु र जब स्वर्गमा पिताले तिम्रो जाँच गर्नुहुनेछ उहाँले त्यहाँ कुनै दोष र असमर्थता देख्नुहुन्न । उहाँले तिमीलाई मेरो धार्मिकतामा छोपिएको भेट्टाउनुहुनेछ । जसले अरूलाई बचाउनका निम्ति मेरो बलिदान अरूसँग बाँड्छन्, उनीहरूलाई बचाइएको खुसी र आनन्द उनीहरूले स्वर्गमा बाँड्छन् ।"

येशूको विषयमा अरूलाई भन्नु कुनै विश्वासमा रहनुभन्दा बढीको कुरा हो । अरूलाई येशूले कति धेरै माया गर्नुभएको छ भन्ने बारेको विषय यो हो । अल्छी भएर असत्य बोलेर स्वार्थी भएर दयाविनाको रुखो व्यवहार गरेर हामी येशूलाई हाम्रो जीवनबाट प्रस्तुत गर्न सक्तैनौँ, यदि हामी संसारमा यी कुराहरू गर्छौं भन्ने हाम्रा निम्ति येशू स्वर्गमा प्रतिनिधि भएर खडा हुन सक्नुहुन्न ।

येशूलाई थाहा थियो कि उहाँका चेलाहरू संसारमा पठाउँदा त्यहाँ चारैतिर झगडा हुने छ, किनकि सैतानले त्यस कुरालाई प्रतिकार गर्नेछ । उहाँका जनले सबैकुरा छोड्न सहमत हुनुपर्थ्यो । आवश्यक परेमा उनीहरूले आफ्ना आफन्तहरू पनि उहाँको सुसमाचारको खातीर छोड्नुपर्ने हुन्थ्यो । उहाँले प्रतिज्ञा गर्नुभएको छ कि चेलाहरू र उहाँका जनलाई गरिएका हरेक दयापूर्ण कार्यको लेखा गरिनेछ र त्यो कुरा स्वयं उहाँलाई गरिएजस्तै गरेर पुरस्कृत गरिनेछ ।

यसरी शिक्षा दिएर उहाँले आफ्ना चेलाहरूलाई उहाँको सुसमाचार सुनाउन र दयालु भई काम गरेर उहाँको प्रेम बाँड्न पठाउनुभयो ।

# ३८ प्रार्थना र विश्राम गर्ने समय

*"तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ र केहि थकाइ मार ।"*
*मर्कूस ६:३१*

सुसमाचार प्रचार यात्रामा फर्केर आएपछि आफूले गरेका र भनेका कुराहरूको रिपोर्ट (टिप्पणी) दिन चेलाहरू येशूकहाँ आए । चंगाइ पाउन र उहाँको वचन सुन्ने भीडहरू त्यहाँ थिए, अरू आइरहेका थिए । येशूसँग बिताउने र खाना खाने समय उनीहरूसँग थोरै समय थियो, येशूले देख्नुभयो कि उनीहरूलाई अरू शिक्षाको आवश्यकता थियो । उनीहरूको यात्रामा उनीहरू के भन्ने र के बोल्ने भनेर द्विविधामा परेका थिए । जुन अचम्मका कार्यहरू उनीहरूबाट भए ती उनीहरूले त्यसलाई आफैले गरेको भनी महत्व दिए । सैतानले उनीहरूलाई घमण्डी बन्न उक्साइरहेको थियो । उनीहरूले येशूसँग समय बिताउनु जरुरी थियो, उहाँको अगाडि हृदय खोलेर प्रकृतिको शान्त वातावरणमा समय बिताउनु जरुरी थियो ।

येशूका निम्ति पनि त्यो कठिनको समय थियो । भर्खर उहाँले युहन्नालाई मारेको कुरा सुन्नुभएको थियो । त्यो घटनाले आफ्नै जीवन कतातिर जाँदै छ भनेर सम्झाएको थियो । पूजारी र गुरुहरूले उहाँका कुरा काटिरहेका थिए । उहाँ जहाँ गए तापनि चियो गर्ने मानिसहरू पछि लाग्थे । प्रत्येकबाट उहाँलाई नाश गर्ने र मार्ने उनीहरूको योजनाको चर्चाहरू सुनिन्थ्यो ।

मानिसहरूले उहाँलाई बप्तिस्मा दिने यूहन्ना बौरी उठेका हुन भनी रिपोर्ट पुऱ्याए । सडकमा रोमी शासक बिरुद्ध कुरा उठ्ने गर्थे र हेरोद राजा यहूदीहरू उनको राज्य पल्टाउने कार्यमा छन् भने सधैँ डरमा रहन्थे । येशूले जम्मा गर्नुभएको भीड अरूले गरेको हो कि भनी त्यहाँ शंका गर्ने कारण थियो । त्यस्तो कारणले गर्दा गालिलमा येशूले खुल्ला प्रचार गर्न सक्नुभएन ।

बप्तिस्मा दिने यूहन्नालाई उनका चेलाहरूले उनलाई गाडे र सान्त्वना र अगुवाइका निम्ति उनीहरू येशूकहाँ आए । त्यो सबै झुण्डलाई एकान्त स्थलको चाहना थियो, भीडका द्विविधायुक्त वातावरणबाट उनीहरू टाढा रहन्थे, फरिसीहरू र चियो गर्ने मानिसहरूबाट हटेर एकान्तको समय चाहन्थे । अन्त्यमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "आऊ कुनै एकान्त ठाउँमा जाऔँ र आराम गरौँ । त्यसकारण उनीहरूले आफ्नो डुङ्गा तलाउको उत्तरपट्टिको कुनातिरको एकान्ततिर लगे, जुन हरिया घाँसहरू भएको रमाइलो ठाउँ थियो ।

# विश्राम र पुनःसम्बन्ध

येशूले आफ्ना चेलाहरूलाई उनीहरूले गर्नुपर्ने कामका विषयमा कुरा गर्नुभयो । मानिसहरूसँग कुरागर्दा कहाँनेर उनीहरूले गल्ती गरेका थिए त्यो बताइदिनुभयो, त्यसलाई सच्चाइदिनुभयो । आराम गरेर उनीहरू पून फुर्तिला भए र बाहिर गएर फेरि काम गर्ने आशा र साहस पाए ।

काम धेरै गर्नु थियो, तर येशूले धेरै कामको बोझ कसैलाई पनि दिनुभएन । चेलाहरूलाई भन्नुभएका वचन आजका उहाँका चेलाहरूलाई पनि हो । जसले अरूको सेवा गर्दछन्, उनीहरू आफैले पनि विश्राम लिनु आवश्यक छ । यदि हामीले परमेश्वरमा सफलताका विषयमा काम गऱ्यौं भने कहिले काहीँ त्यसको जस हामी मानिसलाई नै दिने गर्दछौं ।

हामी थोरै प्रार्थना गर्ने र धेरै विश्वास राख्ने गर्दछौं, अनि हाम्रो कामको कारण हामी मुक्ति पाउँनेछौं भनी ठान्छौं । येशूको शक्तिले हाम्रा कामहरूमा सफलता पाइन्छ । हामीले प्रार्थना गर्ने समय निकाल्नुपर्छ । उहाँसँग समय बिताउने र बाइबल अध्ययन गर्नाले हामी उहाँसँगको सम्बन्धमा रहन सक्छौं ।

# येशूको उदाहरण

कसैले पनि येशू जस्तो व्यस्त भएर काम गरेका छैनन्, कसैले उहाँले जस्तो गह्रौं बोझ बोकेका छैनन् । बाइबलले वारम्वार भन्दछ कि उहाँ बिहान सबेरै उठ्नुभयो, अनि बिहानै उहाँ एकान्त स्थानमा जानुभयो ।

हाम्रो मुक्तिदाताले धेरै व्यस्तताको जीवनलाई एकातिर राखेर उहाँको पितासँग एकान्तमा समय बिताउनुभयो । हामीहरू जस्तै उहाँ परमेश्वरमा पूर्णतः निर्भर हुनुहुन्थ्यो । आफ्नो व्यक्तिगत समयमा उहाँले प्रार्थना गर्नुभयो । परमेश्वरमा आफ्ना सबै कष्टहरू र डरहरू उहाँले राख्नुभयो । उहाँको प्रार्थनाको सम्बन्ध एउटा जीवनको धार जस्तै बनेर अरू सबै मानिसलाई यसले बाँध्न सक्यो र परमेश्वरसँग अरू मानिसको सम्बन्ध बनाउन सक्यो । येशूले जस्तै गरेर हामी परमेश्वरबाट जीवन प्राप्त गर्न सक्छौं र संसारलाई त्यो शक्ति बाँड्न सक्छौं ।

यस्तो प्रकारको अनुभव सबैको प्रार्थनामा हुनुपर्छ । जब सबै आवाजहरू शान्त हुन्छन्, जब सांसारिक कुरा पछाडि हुन्छन्, आत्माले परमेश्वरको आवाज सुन्छ । त्यही समयमा साँचो प्रकारको विश्राम र शान्ति पाउन सकिन्छ । आफैमा यसरी सुशक्ति पाएपछि हामीलाई अरूको हृदयसम्म पुग्न सक्ने शक्ति प्राप्त हुन्छ । यदि हामीले हाम्रा आवश्यकताहरू येशूमा राख्यौं भने हामी कहिल्यै हतोत्साह पारिने छैनौं । जीवनका समस्याहरूमा भिड्न सक्ने बुद्धिमानी शक्तिको प्रार्थना गऱ्यौं भने उहाँले त्यो हामीलाई दिनुहुनेछ ।

# ३९ यिनीहरुलाई केहि खाना खान देऊ

*तर येशूले तिमीलाई भन्नुभयो, “तिनीहरूलाई जान आवश्यक छैन, तिमीहरूले नै यिनीहरूलाई खान देओ ।” मत्ती १४:१६*

येशूका चेलाहरूले सोचे कि येशूसँग उनीहरूको शान्त समय खलबलिने छैन, - तर यस्तो भएन । भीडले येशूलाई खोज्न थाले, र सोध्न थाले, “उहाँ कहाँ हुनुहुन्छ ?” कसैले येशूका चेलाहरूका डुङ्गा गएको दिशा देखेका थिए, र छिटै मानिसहरू त्यही दिशातर्फ लाग्न थाले । कोहि डुङ्गाद्वारा गए भने धेरै चाहिँ झिलको किनारबाट गए । तर सबै जना येशूलाई खोज्दै थिए ।

यो निस्तार चाडको बेला थियो त्यसकारण यरुसलेमतिर जाँदाखेरी धेरै मानिसहरू येशूलाई भेट्न रोकिए, किनकि उनीहरूले उहाँको विषयमा धेरै सुनेका थिए । भीड त्यहाँ बढ्दै जाँदा करिब ५००० जना मानिसको भीड त्यहाँ जम्मा भयो, धेरै जना परिवारसहित त्यहाँ थियो ।

आफू बसेको ठाउँबाट येशूले भीडलाई हेर्नुभयो, उहाँको हृदय भरियो । तिनीहरू गोठालारहितका भेंडाहरू जस्तै थिए । सबैजनाले सुन्न सक्ने स्थानतिर गएर उहाँ उभिनुभयो, जहाँबाट उहाँले बिरामी जाती पार्न पनि सक्नुहुन्थ्यो । जब मानिसहरूले परमेश्वरका पुत्रका वचनहरू सुने उनीहरूका हृदय शान्त भएर आशाले भरिए । उहाँका हातले बिरामी भएर मर्न लागेका मानिसलाई छुनुभयो, र तुरुन्तै उनीहरूले स्वास्थ लाभ गरे, खुसी प्राप्त गरे । उनीहरूको पूरा दिन स्वर्ग समान भएर बित्थ्यो ।

उनीहरूलाई पत्तै नभई सूर्य ओरालो लाग्न लागेको थियो । तर पनि कोहि घरजानका निम्ति त्यहाँबाट उठे, न खानका लागि गए । येशूले पनि पूरा दिन आराम नगरीकन र केहि नखाईकन बिताउनुभएको थियो । तर उहाँबाट यति धेरै सुन्न चाहने मानिसलाई उहाँले छोड्नुभएन । अन्तमा चेलाहरूले मानिसहरूलाई घर पठाउन येशूसँग अनुरोध गरे । बिहानदेखि उनीहरूले केहि खाएका थिएनन् । “नजिकको सहरमा गएर केहि किनेर खान सक्छन् ।” उनीहरूले भने ।

“उनीहरूलाई जान आवश्यक छैन”, येशूले भन्नुभयो, “तिमीहरूले नै यिनीहरूलाई खाना देओ” । फिलिपले भीडतिर आँखा दौडाए, “ दुईसय पेनी जतिको रोटी किनेमा एक-एक टुक्रा दिन पुग्छ होला ।”

“मानिसहरूसँग कति खाना छ ।” येशूले सोध्नुभयो । आन्द्रियासले

जवाफ दिए, "त्यहाँ एउटा केटा छ जोसँग पाँच लोफ पाउरोटी र दुईवटा साना माछा छन् । तर यति धेरै मानिसलाई त्यसले के गर्न सक्छ र ?"
येशूले रोटी र माछा उहाँकहाँ ल्याउने आदेश दिनुभयो, त्यसपछि चेलाहरूले भीडलाई ५० र १०० को लाइन लगाएर बस्न लगाए । उहाँले के गर्न आँट्नुभएको थियो त्यो सबले देखून् भनी उहाँ चानुहुन्थ्यो । सबै जना बसिसकेपछि उहाँले स्वर्गतिर हेरेर खानामा आशिष् माग्नुभयो ।
त्यसपछि रोटीलाई टुक्रा पारेर भाँच्नु भयो र भीडलाई बाँड्नु भनेर चेलाहरूलाई दिनुभयो । त्यसपछि माछालाई टुक्रा गर्नुभयो । मानिसलाई बाँड्नका निम्ति चेलाहरूलाई दिनुभयो । तृप्त नहुन्जेल सबैले खाए । त्यसपछि त्यहाँ बाह्र टोकरी बढ्ता भयो ।

परमेश्वरले मानिसका आवश्यकता पूरा गर्ने र उनीहरूलाई परमेश्वरको चिनारी गर्ने कुरामा बाहेक अरू ठाउँमा अचम्मका कार्य गर्नु भएन । त्यो साधारण खाना, जुन मछुवा परिवारको मुख्य खान थियो, त्यसले धेरै पाठहरू सिक्यो । येशूले त्यहाँ राम्रो भोजको खाना प्रस्तुत गर्न सक्नुहुन्थ्यो, तर त्यसबाट उनीहरूले पाठ सिक्ने थिएनन् । उनीहरूले आराम गरेर त्यसपछि खानालाई एकदम मन पराए, ठूलो भोज भन्दा त्यो रमाइलो प्रकारको थियो ।

आज पनि मानिसहरू प्रकृतिको मेलमा साधारण जीवन बिताउँछन्, उनीहरूका निम्ति पृथ्वीमा प्रशस्त खाद्य पदार्थ उवलब्ध हुनसक्ने थियो । हामीले चाहेका कुराहरू थोरै भए तापनि हामी सन्तुष्ट हुने थियौं र परमेश्वरको काम गर्ने मौकाहरू हेर्ने थियौं । हाम्रो स्वार्थले अप्राकृतिक प्रकारका महंगा खाना खान प्रेरित गर्दछ जसको कारणले गर्दा पाप र दुःख यो संसारमा आएको छ ।

यो ठूलो थाकेको जन समूहका लागि त्यो साधारण प्रकारको खाना प्रभु येशूको शक्तिको उदाहरण मात्र थिएन तर सबै जनाको जीवनको आवश्यकताको फिक्रि गर्ने कुरा थियो । मुक्तिदाताले धन र विलासको प्रतिज्ञा गर्नुभएन, तर उनीहरूको आवश्यकता पूरा गरिनेछ भनी प्रतिज्ञा गर्नुभयो, त्योभन्दा बढ्ता उहाँले तिनीहरूसँगै रहने प्रतिज्ञा गर्नुभयो ।

त्यसै गरेर आज पनि परमेश्वरले येशूले जस्तै चमत्कारपूर्ण काम गर्नुहुन्छ । किसानले जमिन तयार गर्छन् र विज रोप्छन् तर येशूले टुसा आउने र बढाउने काम गर्नुहुन्छ । मानिसले सबै दक्षता र निपुणताका निमित्त जब आफैलाई दिए तापनि यो परमेश्वरकै अचम्मको शक्ति र कार्य हो जसले आज विश्वका करोडौंलाई खुवाइरहेको छ । त्यस समय रोटीउपर गरिएको अचम्मको कामले परमेश्वरको त्यो उपहारका विषयमा बुझ्न मद्दत गर्दछ ।

## सिक्नुपर्ने पाठ

खाना खाइसकेपछि येशूले सबै रोटी जम्मा गर्न लगाउनुभयो ताकि केहि पनि कुरा खेर नजाओस् । यो खानाले अरू गरिबहरूलाई खुवाउन सकिन्छ भन्ने पाठ सिक्नुका साथै यसले आत्मिक शिक्षाको शक्ति सिक्न मद्दत गऱ्यो । ती परिवारहरूले कोहिले ती रोटीहरू आफ्ना घरमा लान सके र परमेश्वरले गर्नुभएको अचम्मको कामका विषयमा बताए ।

त्यो अचम्मका कामले हामीलाई यो पनि बताउँछ कि हामी येशूका पूर्ण रूपमा भर पर्न सक्छौँ । येशूले देख्नुभयो कि ती मानिसहरू आफ्ना घरबाट टाढा थिए, भोकाएका थिए । उहाँलाई थाहा थियो कि यही कामका निम्ति उहाँलाई त्यस ठाउँमा राख्नुभएको थियो । हाम्रो आवश्यकता पुरा गर्न हामी उहाँमा भर पर्न सक्छौँ । उहाँले दिनुभएका कुराहरूलाई हामीले नराम्रो गरी प्रयोग गर्नुहुन्न समस्या बनाउनुहुन्न ।

तर यदि हामीले उहाँलाई यस्तरी विश्वासका साथ लिएका छौँ कि आफूलाई आवश्यकता परेको कुरा बुझ्न सक्छौँ र तीनलाई उहाँमा राख्न सक्छौँ, उहाँले हामीलाई मद्दत गर्न सक्नुहुन्छ । प्रत्येक आकस्मिकमा हामी उहाँलाई बोलाउन सक्छौँ ।

## हामी अरूलाई दिन सक्छौँ

येशूलाई पछ्याउनेहरूमा त्यो अचम्मको कामले एउटा महत्वपूर्णको आत्मिक वास्तविकतालाई स्पष्टरूपमा राख्दछ । येशूले आफ्ना पिताबाट खाना बढाउने शक्ति पाउनुभयो, उहाँले त्यो रोटी चेलाहरूलाई दिनुभयो । जब तिमीहरूले ती रोटी अरूहरूलाई दिए, येशूमा भएका रोटीहरू बढ्दै गए । जब उनीहरू अरू लिन गए, येशूसँग ती रोटीहरू थिए । भीडहरूलाई खुवाइसकेपछि येशू र चेलाहरूले सँगै रोटी खाए ।

यस्तै प्रकारले येशूले हामीलाई जीवनको रोटी दिनुहुन्छ - परमेश्वरका बारेमा सत्यता र त्यसलाई हामीले अरूलाई बाँड्नुपर्छ । चेलाहरूजस्तै परमेश्वरका निम्ति हामी मानिस र परमेश्वर बीच माध्यम हौँ । हामी जति बुद्धिमानी भए तापनि हामीले जे येशूसँग पाएका छौँ त्यसलाई मात्र बाँड्न सक्छौँ । हामीसँग भएको बाँडेपछि मात्र हामी अरू बढ्ता प्राप्त गर्न सक्छौँ । जति धेरै हामी अरूलाई बाँड्दछौँ त्यति नै धेरै परमेश्वरबाट हामी सिक्न सक्छौँ र हाम्रो खुसी असीमित हुनेछ ।

धेरै जसो समय हामीहरू अरूप्रति हाम्रो के उत्तरदायित्व छ भनी बुझ्न असमर्थ हुन्छौँ । चर्चका पादरी वा अरू जिम्मेवार व्यक्तिले यो काम गर्छन् भनेर हामी पन्छिन सक्छौँ । तर रोटीमा भएको अचम्म कार्यले हामीलाई यही सिकाउँछ कि हाम्रो हातमा जे छ त्यसलाई हामीले बाँड्नुपर्छ ।

येशूले उनीहरूलाई कहीँ गएर खानु भनेर पठाउनुभएन, जुन समय उनीहरूले परमेश्वरको विषयमा बुझ्ने मौका पाए त्यसलाई उपभोग गर्नुभयो । जब हामीहरू धेरै मानिसका बीचमा हुन्छौँ, त्यस समय येशू हाम्रो साथमा हुनुहुन्छ । उहाँले जसरी रोटीलाई बढाउनुभयो, त्यसै गरेर हाम्रो दक्षताहरू बढाउनुहुन्छ । जे जति थोरै दक्ष छन् तिनले ठूलो काम गर्न सक्नेछन् ।

येशूले भन्नुभयो, "देऊ र तिमीले अझ पाउनेछौ ।"

# ४० तालमा रातको समय

*"तर झट्टै उहाँले तिनीहरूलाई भन्नुभयो "ढाडस गर, म हुँ नडराओ ।" मर्कूस ६:५०*

जब साँझ भया, चन्द्रमाको प्रकाश त्यहाँ पर्‍यो र मानिसहरू अझ बढी ध्यानपूर्वक सुन्न थाले । उनीहरूको हातको खाना मन्ना जस्तै सिद्ध भयो, जसलाई उनीहरूका पिता पुर्खाले धेरै वर्ष पहिला उजाड स्थानमा खाएका थिए । त्यो अचम्मको कार्यले धेरै शंकाहरू हटाउन सक्यो । चारैतिरबाट आवाज आउन थाले, "प्रतिज्ञा गरिएको मसीह उहाँ नै हुनुपर्छ ।"

उनीहरूको मनमा एउटा मात्र सोच उब्जियो, मसीहले रोमीलाई इस्रायलबाट खेद्नुहुन्छ र उनीहरूको राज्य पृथ्वीमा स्वर्ग समान हुनेछ । उहाँ उनीहरूका सिपाहीका नाइके भएको कारण सिपाहीहरूले राम्रो खाना पाउनेछन् र यदि घाइते भएमा उनीहरूलाई तुरुन्तै जाती पारिनेछ । उनीहरूमा कसैले रोक्न नसक्ने शक्ति हुनेछ । उहाँले यहुदियालाई पृथ्वीको स्वर्ग बनाउनुहुनेछ । उहाँले इस्रायललाई सबभन्दा शक्तिशाली देश बनाउनुहुनेछ ।

भीडले येशूलाई राजा भनेर श्रीपेच तुरुन्तै लगाइदिन तयार थियो । तर उहाँले सिंहासन लिई नसक्नु भएको कारणले गर्दा, त्यो गद्दी लिनुहुन्छ कि हुन्न भनेर मानिसमा शंका थियो । त्यसकारण त्यहाँ अगुवाहरूले नराम्रो योजना रचे र चेलाहरूलाई भनेर येशूलाई बल पूर्वक इस्रायलका राजा बनाउने र घमण्डी पूजारीहरू शासकहरूलाई उहाँ नै प्रतिज्ञा गरिएको व्यक्ति हुनुहुन्थ्यो भनि मान्न कर लगाउन सकियोस् ।

तर येशूले त्यहाँ के भइरहेको थियो त्यसलाई बुझ्नुभयो । उहाँलाई थाहा थियो कि उहाँका कामहरू सुचारु रूपले अगाडि बढ्न सक्तैनन् । उहाँले आफ्ना चेलाहरूलाई बोलाउनुभयो र तिनलाई डुङ्गा लिएर कपरनुहम तिर जानका निम्ति अह्राउनुभयो । भीडलाई उहाँले आफै अलग गर्नुभयो ।

चेलाहरूले विरोध गरे किनकि आफ्नो गुरु येशूलाई इस्रायलको राजगद्दीमा राख्ने यो सुवर्ण अवसर गुमाउन चाहदैन्थ्ये । तर येशूले अधिकारसहित भन्नुभयो कि पहिला उहाँलाई उनीहरूले प्रयोग गरेका थिएनन् । अन्तमा उनीहरू शान्तपूर्वक समुद्रको किनार भएर आफ्नो डुङ्गातिर गए ।

जब मानिसहरू उहाँलाई समात्न अगाडि बढ्दै थिए, उहाँले भीडलाई तितरबितर होओ भनेर आज्ञा गर्नुभयो र उहाँको गम्भीर वचन

सुनेर उनीहरू टक्क अडिए । मानिसहरूले उहाँमा ईश्वरीय शक्ति देखे, उहाँको आवाजमा अधिकार देखे, मानिसहरू यता-उता लाग्न थाले ।

जब अन्तमा उहाँ एक्लै रहनुभयो, येशू माथि पहाडमा प्रार्थना गर्न जानुभयो । सैतानले मानिसलाई द्विविधामा पारेको भए तापनि मानिसले उहाँको उद्देश्य बुझ्न सकून भनी घण्टौसम्म उहाँले प्रार्थना गर्नुभयो । येशूलाई थाहा थियो कि संसारमा उहाँको समय छिट्टै सकिँदै थियो । राजगद्दीमा बस्नुभन्दा उहाँलाई क्रुसमा झुण्डिएको मानिसहरुले देख्नेछन् भन्ने कुरा उहाँलाई थाहा थियो । त्यसको साथै पवित्र आत्माको मद्दत बिना उनीहरूको विश्वास सफल हुनेछैन । चिन्ताका आँसु बहाएर उहाँले प्रर्थना गर्नुभयो ।

## आँधी

चेलाहरु येशू एकछिन पछि आउनुहुन्छ कि भनि डुङ्गा नचलाइ पर्खेर बसेका थिए । अन्त्यमा रात पर्‍यो र उनीहरूले डुङ्गा खियाएर अगाडि बढे । आफूले येशूलाई राजा बन्न कर गर्न नसकेकोमा आफैलाई दोष दिएर उनीहरु गए । येशूलाई विश्वास गरेको कारणले गर्दा कहिले उनीहरू पुरस्कृत हुने होलान् ? किन उहाँले आफ्नो शक्तिको प्रयोग गरेर उनीहरूका जीवन सहज नबनाउनुभएको होला ? यस्ता विचार गरेर उनीहरूले येशू स्वयंलाई पनि शंका गर्न थाले । के उहाँले बप्तिस्मा दिने यूहन्नालाई मर्नबाट बचाउन सक्नुहुन्थ्यो र ?

त्यो दिनको घटनाले उनीहरूलाई आशा दिन र विश्वास बढाउन सक्थ्यो तर त्यो सबैलाई उनीहरूले बिर्सिए । जब उनीहरूका विचार शंका र चिन्तामा परिणत भए, त्यसैबेला परमेश्वरको केहि कुरा गर्नुभयो, हामीले आफैलाई दु:खमा पार्न खोज्दा उहाँले गर्नुहुन्छ, उहाँले यस्तो कुरा पठाउनुहुन्छ जसले उनीहरूको मस्तिष्कलाई त्यतापट्टि लान्छ, र उनीहरूको ध्यान त्यता खिचिन्छ । उनीहरूलाई समस्याका विषयमा सोचेर बस्ने कुनै कारण थिएन, वास्तविक समस्याहरू छिट्टै आउँदैथिए ।

अचानक एउटा डरलाग्दो आँधी आयो र उनीहरूलाई बीचमा पार्‍यो । तुरुन्तै येशूप्रति उनीहरूका शंका र अधैर्यता अन्त भए र उनीहरू आफ्नो डुङ्गालाई डुब्नदेखि बचाउने उद्देश्यमा लागे । साधारणतया त्यो झिल पार गर्न तिन घण्टा लाग्दथ्यो तर आँधीसँग जुधिरहँदा आधि रात बितिसकेको थियो, अन्तमा उनीहरूले सबै आशा त्यागे । आफैलाई बचाउन असमर्थ उनीहरूले येशूलाई मद्दतका निम्ति पुकारा गरे ।

आफू बसेको किनारादेखि बडो ध्यान दिएर येशूले आँधीसँग लडिरहेको डुङ्गालाई हेर्नुभयो । यी मानिसहरू कुनै दिन संसारका निम्ति ज्याति हुनुपर्ने मानिसहरू थिए । जब उनीहरू ठूलो बन्ने आफ्ना योजनाहरू र

घमण्डलाई त्यागे, जब उनीहरूले विनम्रताका साथ मद्दतका निम्ति प्रर्थना गरे, मद्दत उपलब्ध भयो ।

जब उनीहरूले सबै आशा मारेर समुद्रमा फ्याकिँदै र त्यही डुब्नेछौं भनी सोचेकै बेलामा टाढाबाट एउटा मानिस पानीमा उनीहरू भएतिरै बग्दै आएको उनीहरूले देखे । उनीहरू धेरै डराए । उनीहरूका मजबुत हातले डुङ्गा खियाउने कुरा तल खसाली दिए, आइरहेकालाई उनीहरू अचम्मका साथ हेर्न थाले । त्यो अचम्मको वस्तु अवश्य पनि उनीहरूको मृत्यु हुनुपर्छ भनी सोचेर उनीहरू डरले चिच्याए ।

येशू पानीमा हिँड्दै उनीहरूको डुङ्गाको नजिकै आइपुग्नभयो । कसैले उहाँलाई चिनेर मद्दतका लागि चिच्याउन थाले । तब येशूले भन्नुभयो, “नडराऊ, म हुँ ।”

जब उनीहरूलाई उहाँको अनुहार देखेर उहाँ नै हुनुहुन्छ भन्ने विश्वास भयो । पत्रुसले भने, “प्रभु यदि तपाईं नै हुनुहुन्छ भने म पनि तपाईंसँग पानीमा आउनेछु ।”

येशूले भन्नुभयो, “आऊ ।”

## पत्रुस समुद्रमा जान्छन्

त्यसकारण येशूको आँखामा हेरेर पानीमा खुट्टा हाले । जबसम्म उहाँले येशूलाई हेरे, उनी सुरक्षित भई हिँड्दै गए । तर पत्रुसले पानीमा फ्याँकेर आफ्ना साथीहरूलाई कति प्रभावित भएछन् भनी नहेरी बस्न सकेनन् । जब उसले यसो गरे, पानीमा ठूलो छाल आएर उनलाई डुबाउन थाल्यो, येशूले देख्नुभएको थिएन । पत्रुस एकदम डराए, उनको विश्वास हरायो र उनी डुब्न थाले । कालो छालले उनलाई हुत्याउनै लागेको बेलामा पत्रुसले माथितिर हेरेर चिच्याए “प्रभु मलाई बचाउनुहोस् ।”

तुरुन्तै येशू त्यहीँ आउनुभयो । उहाँले पत्रुसको हात समात्नुभयो, माथितिर तान्दै भन्नुभयो “तिम्रो विश्वासमा किन यति चोट ? तिमीले किन शंका गऱ्यौ ?”

येशूले पत्रुसको हात समातेर ल्याउनुभयो र सँगै डुङ्गामा चढाउनुभयो । पत्रुस अहिले चुपचाप थिए । उनको घमण्ड र विश्वासको कमीले गर्दा झण्डै उनको मृत्यु भएको थियो ।

हामी पनि प्रायः गरेर पत्रुस जस्तै हुन्छौं । जब समस्या आउँछ हामीहरू आफ्ना आँखा येशूमा राख्न छोडेर समस्याहरूमा राख्छौं । येशूले हामीलाई छोडिदिन बोलाउनु भएको छैन । “नडराऊ” उहाँ भन्नुहुन्छ “म तिमीसँग हुनेछु ।”

पानीको अनुभवद्वारा येशूले पत्रुसलाई यही देखाउन चाहनुहुन्थ्यो कि उनी परमेश्वरको शक्तिमा पूर्णरूपले भरपर्दा मात्र सुरक्षित थिए । जब उनले

बलियो र विश्वासिलो छु भनी सोचे त्यसबेला उनी अझ कमजोर थिए । उनले यदि त्यस समुद्रमा पाठ सिकेका भए आउने दिनहरूमा उनी त्यस्तो नराम्रोसँग असफल हुने थिएनन् ।

प्रत्येक दिन येशूले हामीलाई त्यसै गरेर सिकाउनुहुन्छ, अगाडि के आइपर्छ, त्यसको तयारीमा राख्नुहुन्छ र उहाँको उद्देश्य पूरा गर्नुहुन्छ । हामीहरू बलिया छौं र सबै परीक्षाहरू आफै पार लगाउन सक्छौ भन्ने सोच्छौँ भने सैतानले हाम्रो कमजोरीको फाइदा लिएर काम गर्छ । येशूमा निरन्तर आफ्ना आँखा स्थिर राखेर मात्र हामी सुरक्षित रहन सक्छौँ ।

येशू डुङ्गामा बस्ने बित्तिकै हावा बन्द भयो । छिट्टै उनीहरू जान चाहेको किनारामा डुङ्गा पुग्यो । चेलाहरूले येशूको पाउमा परेर बिन्ती गरे, "साँच्चै तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ ।"

# ४१ गालिलमा सङ्कट

*येशूले तिनीहरुलाई भन्नुभयो,"जीवनको रोटी म हुँ । मकहाँ आउनेहरु भोकाउनेछैन र मकहाँ आउनेहरु कहिल्यै तिर्खाउनेछैनन् ।" यूहन्ना ६:३५*

येशूलाई थाहा भयो कि उहाँको पार्थिव शरीरले एउटा बदलावको सामना गर्नुपर्ने थियो । जसले आज उहाँलाई सिंहासनमा राख्न खोज्दै थिए भोलि तिनीहरू नै उहाँको विरुद्ध खडा हुने थिए । जब उनीहरूका स्वार्थी स्वप्नहरू पूरा भएनन्, उनीहरूको प्रेम घृणामा परिवर्तन हुनेछ, उनीहरूको स्तुति घृणामा परिवर्तन हुनेछ ।

तर येशूले संकष्ट हटाउन केहि गर्नुभएन । उहाँको कामद्वारा सांसारिक लाभ हुनेछैन भनी उहाँलाई थाहा थियो । सांसारिक राज्य प्राप्तिका लागि भीडका धेरे मानिसहरूले उहाँको पिछा गरे । अब उनीहरूले सच्चाइ देख्नुपर्ने थियो । भोलिपल्ट बिहान, अघिल्लो दिन साँझ जहाँ येशूलाई छोडेका थिए त्यही ठाउँमा मानिसहरू जम्मा भए । उहाँ डुङ्गामा कहीँ नजानुभएको कारण त्यही ठाउँमा येशू हुनुहुन्छ भनी भीडले सोचेका थिए । तर उहाँ फेला पर्नुभएन । अरु डुङ्गा त्यहाँ आएपछि उनीहरूले येशूलाई खोज्न डुङ्गा लिएर गए ।

जसजसले माछा र रोटीको अचम्म कार्य देखेका थिए उनीहरू सरेत भन्ने ठाउँमा आए जहाँ येशू हुनुहुन्थ्यो । उनीहरूलाई येशूका चेलाहरूले आँधीमा परेको विषयमा र येशू पानीमाथि हिँड्नु भएको कुरा बताएका थिए । पत्रुस पानीमाथि हिँडेको कुरा र कसरी डुङ्गा किनारा लागेको कुरा बताए । यस्ता अचम्मका कुरा अरू गर्नका निम्ति उनीहरूले येशूलाई पर्खिए ।

तर येशूले भन्नुभयो "तिमीहरू मैले अचम्मको कार्य गरेँ भनेर त्यसलाई हेर्न पर्खिएका छैनौ, तिमीहरू पेट भरि रोटी खान पाएका कारण मलाई पर्खिरहेका छौ । नाश हुने साधारण खानाका निम्ति बाटो नहेर । अनन्त जीवन दिने खानाका निम्ति बाटो हेर । मानिसलाई सोधे, "स्वर्ग जानका निम्ति हामीले के गर्नुपर्छ ? अनन्त जीवन पाउन हामीले के मूल्य चुकाउनुपर्छ ?"

यसको जवाफमा येशूले भन्नुभयो, "परमेश्वरले पठाउनु भएको जनमथि विश्वास गर ।" स्वर्गका मूल येशू हुनुहुन्छ । परमेश्वरको थुमामा विश्वास गर्नु स्वर्गको बाटो भेटाउनु हो ।

मसीहले जे गर्नुहुन्छ भनी भविष्यवाणी बोलिएको थियो, येशूले त्यस्तै गर्नुभयो । तर मोशाले चालीस वर्षसम्म मन्ना दिएकोभन्दा बढ्ता मसीहले गर्नुहुनेछ भनी निश्चय गरेका थिए । यदि उहाँ साँच्चै मसीह भएको भए स्वास्थ र शान्ति किन दिनुभएन ? किन रोमीहरूलाई भगाउनुभएन ? उनीहरूले सोचे । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी भन्ने तर इस्रायलका राजा बन्नचाहिँ इन्कार गर्ने ? सायद परमेश्वरको पुत्र भएकोमा उहाँलाई पूरा निश्चित थिएन कि कसो ।

हेपेर एकजना धर्मगुरुले सोधे, "तपाईंले हामीलाई विश्वास दिलाउन के अचम्मको कार्य गर्नुहुन्छ ? मोशाले मरुभूमिमा स्वर्गबाट आएको रोटी हामीलाई खान दिए ।"

येशू स्वयंले नै मरुभूमिमा स्वर्गबाट मन्ना दिनुभएको थियो । उहाँले जवाफ दिनुभयो । म तिमीहरूलाई साँच्चै भन्दछु मोशाले स्वर्गबाट तिमीहरूलाई रोटी दिएकोमा होइनन् । मेरो पिताले स्वर्गको साँचो रोटी दिँदै हुनुहुन्छ । परमेश्वरको रोटी त्यही नै हो जो स्वर्गबाट आउनुहुन्छ र संसारलाई जीवन दिनुहुन्छ । यूहन्ना ६:३२,३३

भीडमा अझै पनि कसैले खाने रोटीको विषयमा कुरा गरेको हो भनी सम्झे । तिनीहरूले भने" महाशय, यस्तै रोटी हामीलाई दैनिक खान दिनुहोस् ।"

येशूले आफ्नो भनाइलाई प्रस्ट्याउने कोसिस गर्नुभयो "जीवन दिने रोटी म नै हुँ । जसले मलाई भेटाएको छ ऊ कहिल्यै भोकाउने छैन । जसले मलाई विश्वास गर्छ, ऊ कहिल्यै तिर्खाउने छैन ।" यूहन्ना ६:३५ । यदि उनीहरूले वचनलाई बुझेका भए उहाँका कुरा उनीहरूले बुझ्ने थिए । "जीवन दिने रोटी म नै हुँ" जुन रोटी उनीहरूले खाए त्यसले शारीरिक शक्ति र जीवन दिने थियो । येशूले उनीहरूलाई आत्मिक शक्ति र अनन्त जीवन दिन चानुहुन्थ्यो ।

येशूलाई उनीहरूले विश्वास गरेनन् भनी थाहा थियो । उनीहरूले धेरै अचम्मका कार्यहरू देखेका थिए, रोटी, चंगाइहरू, आँधीमाथि उहाँको शक्ति अर्को एउटा अचम्म कार्यले तिनीहरूको मन पग्लन सक्दैनथ्यो । तर उहाँले भन्नुभयो, "परमेश्वरको इच्छा पूरा गर्न म संसारमा आएँ, पुत्रलाई देखेर जसले विश्वास गर्दछन्, उनीहरूसँग अनन्त जीवन छ, अन्तिम दिनमा उसलाई म उठाउनेछु ।" यूहन्ना ६:४० ।

धर्मीहरू र अगुवाहरू यी कुरा सुनेर रिसाए । "यो त्यही युशुफका छोरा येशू होइन ? उसको बाबु आमालाई हामीले चिनेका छैनौं र यो स्वर्गबाट आएको विषय नै प्रश्न चिन्ह भएकाले मानिससँग विवाद गर्नु बेकार हो भनी तिनीहरूले विचार गरे ।

येशूले तिनीहरूलाई आफ्ना जन्मका विषयमा कुरा गर्नु भएन । उहाँको प्रख्यातिलाई उहाँले फैलाउनुपर्ने आवश्यकता थिएन । उहाँको चरित्र उहाँको चिनारी सबै उहाँका वचन र कार्यमा प्रकाशित भएका थिए । यो देखेर फरिसीहरू अझ रिसाए, किनकि उहाँले तिनलाई जवाफ फर्काउनु भएकोथिएन । पिताले सबै मानिस येशूतर्फ फर्कुन भन्ने चानुहुन्छ, ज-जसले उहाँको प्रतिकार गर्छन् उनीहरूले येशूलाई इन्कार गर्दछन् जसको हृदयलाई परमेश्वरको प्रेमले छोएको छ, उहाँको कुरा सुनेर येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी मानिलिनेछन् ।

## जीवनको रोटी

उजाडस्थानमा दिइएको रोटीले मृत्युबाट बचाउन सक्तैन थियो तर स्वर्गीय रोटीले बचाउन सक्थ्यो । येशू हामीमध्ये एक हुनुभयो ताकि हामी पनि आत्मामा उहाँसँग एक बन्न सकौँ ।

येशू आफू मानिसहरूलाई चाहिने रोटी दिन आएको होइन भनी बुझाउन चाहनुहुन्थ्यो । उहाँ मानिसलाई अनन्त जीवन दिन आउनुभएको थियो, उहाँले उक्त मूल्य चुक्ता गर्नुभयो । “स्वर्गबाट ओर्लिआउको जीउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ र जुन रोटी म संसारमा जीवनका लागि दिनेछु त्यो चाहिँ मेरो देह हो ।” यूहन्ना ६:५ । येशू निस्तारको निहुमा हुनुहुन्छ भनेर यहूदीहरूले बुझेका थिएनन् । यो सच्चाइलाई येशूले सिकाउँदै हुनुहुन्छ भनी उनीहरूले बुझ्न सकेनन् । धर्मगुरुहरू रिसाए, “आफ्नो मासु यसले कसरी खान दिन सक्छ ?” येशूले भनेका केहि कुरा उनीहरूले बुझेका भए तापनि मानिसहरूलाई उनीहरू भड्काउन चाहन्थे । आफ्ना वचनलाई उहाँले अझ कडासँग दोहोर्‍याउनुभयो । साँच्चै म तिमीहरूलाई भन्दछु, “तिमीहरूको जीवन हुँदैन । मेरो देह खाने र मेरो रगत पिउनेसँग अनन्त जीवन छ ।” जीवनका निम्ति खाना के हो भन्ने कुरा उहाँले तिनीहरूलाई सम्झाउन चाहनुहुन्थ्यो । जब येशू हाम्रा लागि खाना र पिउने कुरा हुनुहुन्छ उहाँ हाम्रो जीवनको एक अंग हुनुहुन्छ ।

येशूको पछि लाग्ने के हामीले निर्णय गरेका छौँ । यदि हाम्रो पहिलो प्रेममा चिसोपन आएको छ भने उहाँलाई हामीले फेरि लिनु जरुरी छ । पिता र उहाँको पुत्रसँग एक हुन उहाँको देह खानु र उहाँको रगत पिउनु जरुरी छ ।

भीडका धेरै मानिसहरू येशूका यी भनाइले रिसाएका थिए । यहूदीहरूले नियमअनुसार मासु खाँदैनथे, रगत पिउँदैनथे । यस कुरालाई बंग्याएर तिनीहरूले येशूलाई नियम नमान्ने भनी दोष लगाए । उहाँका चेलाहरूले पनि यसो भने, “यो शिक्षा एकदम कठिन छ, के कसैले उहाँका वचन पालन गर्न सक्लान् ?”

येशूले जवाफ दिनुभयो, यो शिक्षाले के तिमीहरूलाई रिस उठाएको छ ? त्यसो भए म स्वर्ग गएकोमा तिमीहरूलाई रिस उठ्नेछ, आत्माले जीवन दिनुहुन्छ शरीरले होइन । मेरा वचनले आत्माका विषयमा कुरा गरिरहेछन्, तिनीहरूले तिमीमा जीवन ल्याउन सक्छन् ।

## जीवनको वचन

येशूका वचनले संसारमा जीवन ल्यायो । उहाँका वचनले भूतहरूलाई निकाल्यो र रोगहरू निको पार्‍यो । उहाँका वचनले आँधीलाई शान्त बनायो र मानिसलाई मृत्युबाट बौरी उठायो । हाम्रो पूरा बाइबल उहाँका वचनले भरिएको छ ती वचनमा शक्ति छ ।

वचनमाथि चेलाहरूले विश्वास गरून् भनी येशू चानुहुन्थ्यो । उहाँ गइसक्नु भएपछि यिनै वचनहरू तिमीहरूका निम्ति बिश्वास र शक्तिको मुहान हुने थिए । हाम्रो शरीरिक शक्ति खानाद्वारा पोषित हुन्छ । हाम्रो आत्मिक शक्ति चाहिँ परमेश्वरको वचनद्वारा पोषित हुनुपर्छ । पवित्र आत्माको अगुवाइमा हामीले बाइबललाई होसियारी साथ पढ्नुपर्छ । उहाँले दिनुभएको प्रतिज्ञाहरूद्वारा येशू हामीसँग व्यक्तिगत रूपमा कुरा गरिरहनुभएको छ । बाइबालमा रहेका अनुभवहरू हाम्रा अनुभव पनि हुन सक्छन् । त्यहाँ भएका प्रतिज्ञाहरू र प्रार्थनाहरू हाम्रा व्यक्तिगत कुरा हुन्छन् । स्वर्गको रोटी खानु भनेको बाइबललाई अध्ययन गर्नु हो । हाम्रो चरित्र नबदलिएसम्म तिनलाई व्यवहारमा लगाउनु हो ।

येशूका चेलाहरूको विश्वासलाई उहाँका वचनले जाँच गर्छ भन्ने कुरा येशूलाई थाहा थियो । उनीहरूका आफ्ना महानताका विचारहरूलाई येशूका उद्देश्यमा समर्पण गर्नुपर्ने थियो । उहाँलाई थाहा थियो कि धेरे जना असफल बन्ने थिए ।

यो वचनले जसले उहाँलाई जबर्दस्ती राजा बनाउन लागेका थिए, उनीहरूका आँखा खोलिए । उनीहरूले बुझे कि उहाँका वचनअनुसार चल्दा उनीहरू धनी हुने थिएनन्, सांसारिक महिमा प्राप्त हुने थिएन । जे मन लाग्यो त्यही उनीहरूले खानपिन गर्न पाउँदैनथे । उनीहरू येशूको अचम्म प्रकारको काम गर्ने शक्तिचाहिँ चाहन्थे तर उहाँको निःस्वार्थ प्रेमप्रति चाहिँ चाह लिइरहेका थिएनन् । यदि उहाँले देशलाई रोगीबाट स्वतन्त्र गराउनुभएन भने अरू कुरा उहाँबाट उनीहरूले चाहँदैनथे ।

जब येशूलाई "तिमीहरूमध्ये कतिले विश्वास गर्दैनौ" भनेर भन्नुभयो । उहाँका धेरै चेलाहरू रिसाए । आफ्ना स्वर्थी उद्देश्यहरूमा उनीहरू लागेका थिए । त्यसकारण येशूलाई कहिल्यै नपछ्याउने निधो गरेर धेरैले येशूलाई छोडे । येशूको विरुद्धमा लडाइँ गरिरहेकासँग धेरै मिसिए । उहाँले भन्नुभएका कुरालाई घुमाएर उनीहरूले प्रस्तुत गरे । उनीहरूको कुराले धेरैको रिसलाई बढायो, जसले गर्दा येशूको जीवन खतरामा पर्न गयो ।

आज पनि मानिसहरू त्यसरी नै परीक्षित छन् । कसैले सच्चाइलाई पाएका छैन् भने उनीहरूको जीवनलाई बदल्नुपर्ने स्थिति आएको छ भने उनीहरूले कहिले कहीँ इन्कार गर्दछन् र विश्वासलाई छोडिदिन्छन्, परमेश्वरले धेरै त्यागको चाहना गर्नुभएको छ भनी उनीहरू सोच्दछन् ।

जब तिनीहरूले छोडेर गए उहाँले बाह्र जना चेलाहरूतिर फर्केर सोध्नुभयो, "के तिमीहरू पनि मलाई छोड्न चाहन्छौ ? यूहन्ना ६:६७

सबभन्दा पहिला पत्रुसले जवाफ दिए, "हामी कहाँ जाने ? तपाईंसँग अनन्त जीवन छ । हामीलाई थाहा छ कि तपाईं नै परमेश्वरको पुत्र मसीह हुनुहुन्छ । येशूलाई पाएदेखि यता येशूका चेलाहरूले खुसी र शान्ति प्राप्त गरेका थिए । सबभन्दा पवित्र र प्रेमिलो व्यक्तिलाई उनीहरू कसरी छोडेर जान सक्थे ? मुक्तिदाताभन्दा टाढा रहनुभनेको अँध्यारो रातमा वा तुफान आएको समुद्रमा हराउनु जस्तै थियो ।

हाम्रा निम्ति भन्नुभएका हरेक कुरासँग हामीलाई बचाउने उहाँको उद्देश्य छ । हामी बुझ्न सक्तैनौँ तर उहाँको प्रेम सबै मनव जातिमा छ । यदि उहाँसँग हामीले समय बितायौँ भने परमेश्वरको दया र हाम्रा कमजोरीहरू हामीले बुझ्नेछौँ ।

येशूले आफू मसीह होइन भन्नुभयो भनी बङ्ग्याएर भनेको समाचार चारैतिर फैलियो । उहाँप्रतिको मानिसको सद्भाव यहूदामा जस्तै यहाँ पनि बदलिएर गयो । इस्रायलले मसीहलाई त्याग्दै थियो ।

## प्रेमिलो मुक्तिदाता

त्यो दिन बोलेका बोलीले कस्तो प्रभाव पार्छ भन्ने कुरा येशूलाई थाहा थियो । उहाँले गेथसमनी कष्ट र क्रूसको पिडालाई देख्नुभएको थियो । उहाँका चेलाहरू कस्तो परिस्थितिबाट गुज्रनुपर्ने हो, त्यो पनि उहाँले बुझ्नुभएको थियो । यो परीक्षाले आफ्नो स्वार्थसहित येशूलाई पछ्याउनेहरूले उहाँलाई छोड्नेछन् भनी उहाँलाई थाहा थियो । यसले येशूका विश्वास योग्य चेलाहरूलाई पनि अन्योलमा पार्न सक्थ्यो । तर येशूले आफ्नो विश्वासमा अगाडि बढ्न खोज्नेहरूलाई शक्ति दिनुभयो विश्वास बढाइदिनुभयो ।

कति प्रेमिलो मुक्तिदाता । त्यो भयङकर मृत्यु आफूमा आउँदैछ भन्ने जानेर पनि चेलाहरूलाई सुख होस् भनी कार्य गर्नुभयो ।

# ४२ जरैसहित उलेखिनु

*यदि अन्धाले अन्धोलाई डोऱ्याउँछ भने दुवै जना खाल्डोमा पर्नेछन् । मत्ती १५:१४*

बाह्र जना चेलाहरूको धार्मिक कार्यक्रमले त्यसबेलाका धार्मिक अगुवाहरूलाई डाही बनायो । येशूको बारेमा केहि गलत कुराहरू पत्ता लगाउन नयाँ चेवा गर्ने मानिसहरूलाई खटाइए ।

येशूले धार्मिक परम्परालाई र गुरुहरूका नियमहरू मान्नुभएन भनी मानिसहरूले उहाँलाई दोष लगाए । यीमध्ये मुख्य चाहिँ मानिसका सामु हात धुनु थियो, जुन कुरा पापरहित बनाइन शुद्ध पारिनलाई आवश्यक थियो । यो समय उनीहरू येशूलाई सिधै दोष लगाएनन् तर उहाँका चेलाहरूलाई लगाए । तिनीहरूले सोधे, "तपाईंका चेलाहरूले किन नियममा बताइएको हात धुने नियमलाई मान्दैनन् ?"

येशूले आफ्नो वा चेलाहरूको बचाव गर्नुभएन । "तिमीहरू किन परमेश्वरका नियम नमानेर आफ्नै परम्परालाई मान्दछौ ?" उहाँले उनीहरूलाई 'माता पितालाई आदर गर ' भन्ने आज्ञा सम्झाउन खोज्नुभयो तर धर्म गुरुहरूका कानून आमा बाबुको पर्वाह नगर्नु ठिकै ठान्थ्यो । यदि उनीहरूले आफ्नो शेषपछि मण्डलीको नाममा लेखिदिए भने आमा बुबा अशक्त अवस्थामा हुँदा पनि छोराछोरीले हेर विचार गर्दैनथे ।

येशूले भन्नुभयो "तिमीहरू मानिसलाई आमा बुबाको आदर गर्न सिकाउँदैनौ । आदर नगर्न सिकाउँछौ । आफ्नै नियमका खातिर परमेश्वरका भनाइलाई मान्दैनौ । तिमीहरू पाखण्डीहरू हौ । मत्ती १५:६-७

जसले परमेश्वरको सेवा गर्ने निर्णय गरेका थिए, उनीहरूलाई धर्मगुरुहरू नियमका सच्चाइ बताएर स्वतन्त्र गराउन चाहनुहुन्थ्यो । वचनभन्दा उनीहरूका भनाइलाई उच्चमा राख्नाले उनीहरूले आफैलाई परमेश्वरभन्दा माथि राख्न खोजेका थिए । उहाँले भीडलाई बताउनुभयो, "मानिसले मुखबाट खाएको कुराले अशुद्ध बनाउने होइन, तर मुखबाट जे बाहिर निस्कन्छ त्यसले उसलाई अशुद्ध बनाउँछ " शुद्धता र सफाइ उसको भित्रबाट आउँछ बाहिरबाट होइन ।

## अन्धोले अन्धोलाई डोऱ्याउने

पेवा गर्नेहरूलाई यस कुराले कति रिस उठायो भन्ने कुरा येशूका चेलाहरूले बुझे । तिनीहरू येशूले धर्मगुरुहरूसँग र अगुवा येशूले शान्ति

स्थापना गरून् भनी चाहना गर्दथे । तिनीहरूले सोधे, “के तपाईँले भनेका यी कुराले फरिसीहरूलाई कतिको रिस उठाउँछ भन्ने कुरा थाहा छैन ?”
येशूले जवाफ दिनुभयो, स्वर्गमा हुनुहुने मेरो पिताले रोप्नुभएका हरेक बोट उखेलिने छ ।” मत्ती १५:१३ । उहाँले यही भन्न खोज्नुभएको थियो कि मानिसले बनाएका कुनै पनि नियम र परम्परा परमेश्वरको दृष्टिमा केहि मोलको छैन । उहाले धार्मिक अगुवाहरूलाई भन्नुभयो “तिनीहरूलाई छोडिदेओ, ती अन्धा अगुवाहरू हुन् । अन्धोले अन्धोलाई डोऱ्यायो भने ती दवै खाल्दोमा पर्नेछन् ।” मत्ती १५:१४
आज पनि मनिसहरूले धार्मिक संस्थाहरू बनाएका छन्, त्यहाँका नियमहरू बाइबलजस्तै गरी पालना गर्नुपर्छ भरि उनीहरू सिकाउँछन् । येशूले जस्तै गरेर हामी पनि देखाउन सक्छौँ कि सच्चाइ र नियमहरू वचनबाट मात्र आउँदछन् । चर्चका अगुवाहरू भन्दा माथि हामीले परमेश्वरको वचनलाई राख्नुपर्दछ ।
अन्तिम मण्डलीका परमेश्वरका जनहरू तिनै हुनेछन् जसले उहाँको आज्ञाहरू मान्दछन्, न कि मानिसका चालचलन मान्नेहरू । मानिसले मण्डलीले बनाएका नियमहरू होइन तर पिताबाट प्राप्त वचनमा हामी चलौँ भनी येशूले भन्नुभएको छ । परमेश्वरको वचनमा मात्र कुनै भिषण नभएको भूल नभएको सच्चाइ पाइन्छ ।

# ४३ बाधा अड्चन हटाउनु

*"ए नारी तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमाजिम तिमीलाई होस्। " मत्ति १५:१८*

फरिसीसँग यस्तो बेमेल भएपछि येशुले कपर्नुहम छोड्नुभयो। गलिलको समुद्र तनुभयो, टायर र सिपान भन्ने पहडी इलाकातिर जानुभयो। यो शहरको उत्तरपट्टि भूमध्य सागर थियो, उहाँका चेलाहरु सुरमाचार लिएर यो सागर तर्ने थिए। त्यही मिसनका तयारिका लागि येशू त्यहाँ हुनुहुन्थ्यो।

यही एरियामा एकजना कनानी महिला बस्थिन्, उनले यी नयाँ अगमवक्ताका विषयमा सुनेकी थिइन्, जसले जस्तोसुकै रोग पनि निको पार्न सक्नुहुन्थ्यो। उनी एक कनानी भएको कारण यहूदी मानिसले उनको निवेदन सुन्लान भनि प्रश्न गरेको हुन सक्छ तर उनले सोध्ने निश्चय गरेकी थिइन्। उनी एक आमा थिइन्। उनले येशूलाई भेटिन् र बोलाईन्, परमेश्वर ममाथि दया गर्नुहोस्। मेरो छोरीलाई दुष्टात्माले लिएको छ र उनले एकदम दुःख पाइरहेकि छिन्।

येशू यति टाढासम्म खाली उनलाई भेट्न भोर हाउनुभएको थियो। उनको आवश्यकता यहाँलाई थाहा थियो। उनलाई मद्दत गरेर येशूले आफ्ना चेलाहरूलाई बाहिरी संसारलाई परमेश्वरको प्रेमको कति खाँचो छ भनी सिकाउन चाहनुहुन्थ्यो। यहूदी र अरू मानिस बीच जुन पर्खाल थियो, त्यसलाई हटाउनु थियो। पहिला अरू यहूदीले जस्तै उहाँले पनि त्यस महिलाको रुवाएलाई ध्यान दिनुभएन।

तर ती महिलाले निश्चित गरेकी थिएन्। उनीहरुलाई उनले पछ्याइरहिन् र आफ्नो निवेदन जाहेर गर्दै रहिन् अन्तमा यहाँका चेलाहरुले येशूलाई भन्न थाले, "उनलाई जाऊ भनी भन्नुहोस्, उनीहरुले बुझेअनुसार येशूले अन्य जातिलाई निको पार्ने चाहना देखाउनुभएको थिएन।

येशूले भन्नुभयो "मलाई इजरायलका हराएका भेडाका निम्ति परमेश्वरले पठाउनुभएको हो।

त्यो महिला दौडेर येशूको पाउमा पर्दै भन्न थालि, "परमेश्वर मेरो मद्दत गर्नुहोस्। येशूको मन महिलाका निम्ति गएको थियो तर चेलाहरूलाई येशूले पाठ सिकाउनु थियो, उहाँले भन्नुभयो "बच्चाहरूको रोटी लिएर कुकुरहरूलाई ठीक छैन।" विशेष जातिले पाउने आशिष अरू जातिको थिएन भन्नु भएजस्तो भान हुन्थ्यो।

यो भनाइले पूरा निश्चितता नभएको जो कोहिलाई निराशामा पार्न सक्थ्यो । तर ती महिला येशूको प्रेमिला पक्षलाई देखिन जुन लुकेको थिएन । उनले तुरून्तै भनिन् "हो प्रभु तर बच्चाहरूको खुलाबाट खटेका रोटीका टुक्राहरू कुकुरले खान पाउँछन् । यदि येशूले चाहनुभयो भने जाति पार्न सक्नुहुन्छ भनी उनले सोचेकी थिइन् ।

येशूले उनको विश्वासलाई जाँच्नुभएको थियो । उनी पनि परमेश्वरको छारी थिइन् भनी प्रभुले देखाउनुभएको थियो । उहाँको सन्तान भएको कारण उहाँका उपहार यनले पाउने थिइन् । अब उहाँको अनुहारमा प्रेम प्रष्टै देखिन्थ्यो । उहाँले भन्नुभयो, "ए नारी तिम्रो विश्वास ठूलो छ । तिम्रो विश्वासअनुसार म गर्नेछु ।" मत्ती १५:२८ र त्यही समयमा उनको छोरी निको भई । आफ्ना प्रार्थना सुनिदिनु भएकोमा मुक्तिदाताको प्रशंसा त्यो महिला हिँडी ।

## सबैका निम्ति पाठ

कपर्नहममा रोगी अफिसरको नोकरलाई निको पारेर र सामरीलाई शिक्षा दिएर यहूदीहरूको जस्तो भेदभावको भावनालाई उहाँले त्याग्नुभएको छ भनेर देखाईदिनुभयो । उहाँले बताईदिनुभयो कि यहाँको प्रेम कुनै एक जातिका राष्ट्रमा सिमित थिएन । येशूले भन्नुभयो "मलाई इजरायलका हराएका भेडाको खोजीको निम्ति पठाइएको हो भन्नुभयो । कनानी कहिलासमेत गाभेर उहाँले यसो भन्नुभएको थियो । परमेश्वरको सच्चाइ बाँड्दा प्राप्त हुने उनी पनि इजरायलकी भेडा थिइन् ।

यो अचम्म कार्यले चेलाहरूको दिमाग खोल्यो । उनीहरूले बुझे कि टाढाटाढा पनि परमेश्वरको प्रेमसहित पुग्नुपर्ने सत्यतालाई बुझे । इजरायलबाहेक अरु संसारलाई आवश्यकता छ भनी जाने । येशूको मृत्युपछि मण्डलीका अगुवाहरूमा यो शिक्षाले एकदम ठूलो प्रभाव पार्‍यो ।

आज पनि भेदभावले गर्दा मानिसलाई विभाजन परिरहेको छ र त्यसकारर्ण मानिका घृणा र द्धेषको भावना छ । धेरैले सोच्छन् कि प्रभु येशूको प्रेम कुनै अर्को व्यक्तिका निम्ति हो। तर मुक्ति सबैका निम्ति हो । मानिसको आफ्नै व्यत्तिगत इच्छाबाहेक अरू केहि कुराले उसलाई स्वर्ग जानबाट रोक्तैन । मानिसको रंग र जातका कारण मानिरलाई व्यवहार अर्ने कुरा परमेश्वरलाई मन पर्दैन । सबै मानव जातिको त्यही सृष्टि र त्यही मुक्तिदाता हुनुहुन्छ । सबैलाई उहाँको अनन्त जीवनको भागिदार बन्न बोलाइएको छ ।

# ४४ जोनाको चिन्ह

*"योनाको चिन्हबाहेक तिमीहरूलाई अरू कुनै चिन्ह दिइनेछैन ।" मत्ती १६:४*

येशू र उहाँका चेलाहरूले झिल फेरि तरे यो समय डेकापोलिसको ठाउँतिर उनीहरू गए । यी त्यही ठाउँ थियो जहाँ येशूले दुई दुष्टात्मा भएका मानिसलाई निको पार्नुभएको थियो र मानिसहरूले उहाँलाई त्यो ठाउँ छोडिजान भनेका थिए । तर ती दुई निको पारिएका मानिसले आफू निको गरिएको कुरा दोहोऱ्याएर भनेका थिए, त्यसैले येशूले के भन्नुहुन्छ भनि भीड जम्मा भएको थियो

भीडमा कसैले बहिरो मानिसलाई ल्याए, जसले सफासँग बोल्न सक्दैन थियो । येशूले "त्यस मानिसलाई एकातिर लैजानुभयो त्यो मानिसका कानमा औँलाले छुनुभयो, र उसको जिब्रोलाई छुनुभयो, तब येशूले भन्नुभयो,"खोलिई" त्यो मानिस सुन्न र बोल्न सक्ने भयो ।

यो समाचार चारैतिर फैलियो, यसैबेला एउटा बस्नलाई उपयुक्त ठाउँ भेट्टाउनु भयो, त्यही बसेर उहाँले शिक्षा दिन र निको पार्न थाल्नुभयो । भीडमा सबै यहूदी थिएनन्- परिवारबाहेक चार हजारको भीडले इजरायलका परमेश्वरले भनेका कुरा सुन्न आयो । वरिपरिका सबै ठाउँबाट बिरामी र घाइते मानिसहरूलाई येशूकहाँ ल्याइयो र उहाँले तिनलाई निको पार्नुभयो । तिन दिनसम्म येशूले सिकाउने र निको पार्ने काम गर्नुभयो र राती भएपछि भोलिको कुरालाई सुन्नका लागि निम्ति तिनीहरू त्यही जमिनमा सुते ।

तिन दिन पछि तिनीहरूको सबै खाना सकिएको थियो । येशूले भोकै तिनीहरूलाई पठाउन चाहनुभएन । त्यसकारण फेरि एकपटक चेलाहरूलाई खाना ल्याउन उहाँले अह्राउनु भयो ।

उनीहरूले पहिले पनि अचम्मको घटना देखेका भए तापनि चेलाहरू येशूले यी मानिसहरूमा पनि येशूले त्यसै गर्नुहुन्छ भनी निश्चित थिएनन् । यी मानिसहरू यहूदी थिएनन् । चेलाहरूमा भेदभाब थियो । तिनीहरूले भने "यति धेरै मानिसलाई खाना हामीले कहाँबाट ल्याउने ?"

अन्तमा जे उनीहरूको साथमा थियो त्यही उनीहरूले ल्याए सातवटा रोटी र माछा । एकचोटि फेरि येशूले प्रार्थना गर्नुभयो र खाना भाग लगाउनु भयो । सबैले खाए, सात ठूला टोकरी रोटी बढ्ता भयो ।

# हामीलाई चिन्ह देखाउनुहोस्

त्यसपछि येशू र उहाँका चेलाहरू मग्दला भन्ने ठाउँमा जहाजबाट जानुभयो । त्यहाँ मानिसहरू निको पारिन होइन तर उहाँलाई छल गर्न पर्खिरहेका थिए ।

फरिसी र रादुकीहरू दुई शक्तिशाली धर्मिक निको थिए, जो एक आपसमा लड्ने गर्थे । तर अहिले उनीहरूको साझा शत्रु येशू हुनुभएको थियो । धेरै जनाले उनीहरूको शिक्षालाई होइन तर येशूलाई पछ्याइरहेका थिए । तिनीहरूले "परमेश्वर तर्फको अचम्म कार्य देखाउन येशूसँग माग गरिरहेका थिए ।

उनीहरू भिन्दै प्रकारको चिन्ह येशूले गरिदिऊन् भनी चाहन्थे । यहोशूको समयमा जस्तै सूर्य जहाँको त्यहीँ रहोस् भनी उनीहरू चाहन्थे ।

येशूले भन्नुभयो, "आकासलाई हेरेर तिमीहरू मौसमको भविष्यवाणी भन्न सक्छौ । तर जब म कही गर्न जान्छु तिमीहरू त्यसलाई बुझ्दैनौ । येशूको वचनका शक्तिलाई उनीहरूले गवाही दिए । उहाँको जम्मा देखिएको स्वर्गदूत, तारा, बुद्धिमानी मानिस यी सब चिन्हहरू र अचम्मका कार्यलाई उनीहरूले वास्ता गरेनन् ।

तब लामो सास फेरेर येशूले भन्नुभयो, "किन तिमीहरू चिन्हका निम्ति जिद्दी गर्छौ । योनाको चिन्हबाहेक तिमीहरूलाई कुनै चिन्ह दिइनेछैन ।" योनाको प्रचार निभेदका मानिसका निम्ति चिन्ह थियो । येशूको शिक्षा यहूदीहरूका निम्ति शिक्षा थियो । निनमेहका मानिसले योनाको कुरालाई सुने र माने यहूदीहरूले येशूको कुरा सुन्न इन्कार गरे । येशूले गर्नुभएका निको पार्ने कार्यहरू ईश्वरीय कार्य थिए । उहाँको ईश्वरसँगको सम्बन्ध तिनले प्रस्ट पार्थे । तर यहूदी अगुवाहरूले मानिसका कष्टको पर्वाह गरेनन् । उनीहरू नै धेरैजसो समय कष्टका कारण भइरहेका थिए । त्यसकारण उहाँका अचम्म कामहरूले उनीहरूलाई रिस उठाए । यसबाट येशूको हुनुहुन्छ भन्ने कुरा बुझिन्थ्यो, यसैकारण यहूदी अगुवाहरूले उहाँलाई इन्कार गरे ।

येशूको जीवन नै सबभन्दा अचम्म लाग्ने कुरा थियो । मानिसहरूलाई निको पार्दा र मद्दत गर्दा उहाँले परमेश्वरको काम गर्नुभयो । परमेश्वरको सच्चाइका विषयमा उहाँले बोल्नुभयो । आज पनि धेरैले परमेश्वर साँचो हुनुहुन्छ भनी चिन्ह माग्ने गर्दछन् ।

तर के हामी सैतानको नियन्त्रणबाट छुटेर परमेश्बरमा समर्पण हुनु के अचम्ममा कार्य होइन र ? स्वार्थी भावनाबाट बदलिएर निःस्वार्थ जीवन शैलीमा कोहि व्यक्ति गएको छ भने यसले उनीहरूको मनमा येशूको बास छ भनी देखाउँछ । परमेश्वरको वचन प्रचार गर्दा पवित्र आत्माले अगुवाइ गरिरहेको हुन्छ ।

# खमिरदेखि सावधान

यहूदीहरूका निन्दाबाट फर्किएर येशू चेलाहरूको साथमा फेरि डुङ्गामा चढ्नुभयो । गम्भीर परिस्थितिमा तिनीहरूले डुङ्गा पार लगाए । जब तिनीहरू अर्को पट्टि पुगे, येशूले भन्नुभयो, फरिसी र सदुकीहरूको खमीरबाट होसियार रहो ।" यहूदीहरूको शिक्षामा खमीर भन्नाले पाप भन्ने बुझिन्छ । जसले रोटी किन्न बिर्सेका थिए उनीहरूले यस भनाइलाई उल्टो अर्थमा बुझे । उनीहरूले रोटी किनुन् तर फरिसी र सद्कीहरूबाट होइन भनी उहाँले भन्न खोज्नुभएको हो भनी अर्थ लगाए । येशूले तिनीहरूका विचारलाई बुझ्नुभयो, "तिमीहरूसँग रोटी छैन भनेर किन आपसमा बहस गर्छौ । पाँच हजारको निम्ति पाँच रोटीको कुरा तिमीहरूलाई अझ याद छैन ? मैले तिमीहरूलाई रोटीका विषयमा भनेको होइन । तर फरिसी र सद्कीहरूको शिक्षाबाट होसियार रहुँ ।"

येशूले कुनै अचम्मको चिन्ह देखाउन भनी चेलाहरू चाहन्थे । उहाँ सक्नुहुन्छ भनी उनीहरू जान्दथे, यसले शत्रुलाई चुप पार्नेछ भनी उनीहरूलाई थाहा थियो । ती अगुवाहरू पाखण्डी छन् भनी उनीहरूले बुझ्न सकेका थिएनन् ।

फरिसीहरूका चलाख शिक्षाले गर्दा येशूको शिक्षा बुझ्न र सिक्न कठिन बनाइरहेको थियो । यसको एउटा उदाहरण आफ्ना आमाबुबालाई मन्दिरमा सुम्पनु थियो । धनका स्वार्थी इच्छा उनीहरूको शिक्षाको केन्द्रविन्दु थियो । उनीहरूको छली प्रकारको शिक्षाले गर्दा येशूको शिक्षा ग्रहण गर्न कठिन भयो ।

आज पनि मानिसहरूका स्वार्थी कुराहरूले गर्दा परमेश्वरको नियमलाई बुझ्न कठिन भइरहेको छ । नियमलाई तिनीहरू सिधै आक्रमण गर्दैनन् । तर उनीहरूले यस्ता विचारहरू उत्पन्न गर्छन्, जसले साँचो सिद्धान्तलाई कमजोर पार्दछ । त्यसपछि परमेश्वरका नियमहरू सान्दर्भिक छैनन् भनी उनीहरू बताउँछन् ।

स्वार्थले गर्दा नै फरिसी र सदुफीले वचनलाई अर्कै किसिमले बुझे । स्वार्थले चेलाहरूलाई पनि ठूलो प्रभाव पार्‍यो । उनीहरू आफ्नै निम्ति ठूला कुरा खोजिरहेका थिए । प्रत्येक जन येशूको राज्यमा महत्वपूर्ण र शक्तिशाली व्यक्ति हुन चाहन्थ्यो । येशूको निःस्वार्थ कामका विषयमा उनीहरूले बुझ्न सकेनन् । अहिले पनि पाप पहिलाको जस्तै छ । प्रायः गरेर आफू ख्यातिवान वा शक्तिशाली हुने इच्छाले गर्दा हाम्रो येशूप्रतिको काम बिग्रन्छ । स्वार्थलाई प्रेम गर्नाले सजिलो र छिटै काम गर्ने धुनमा मानिसका नियम र चलनलाई परमेश्वरको नियमभन्दा माथि राखिन्छ ।

परमेश्वरको शक्तिले मात्र हामीलाई स्वार्थपनबाट मुक्त गराउन सक्छ। यही कुरा साँच्चै नै अचम्मको कार्य हो र परमेश्वरले हाम्रो जीवनमा काम गर्न थाल्नुभएको साच्चो चिन्ह हो।

# ४५ आउनेवाला क्रुस

*"म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु ।" मत्ती १६:१८*

मानव अवतार लिनुभन्दा पहिला नै मानवलाई बचाउनलाई उहाँले कस्तो बाटो हिँड्नुपर्‍यो त्यो सबै हेर्नुभयो । आफ्नो श्रीपेच निकालेर मानव जीवन धारण गर्न अघि उहाँले पाउने अपमान कष्ट र संघर्षका विषयमा देख्नुभएको थियो । उहाँको बलिदान र कामहरूद्वारा एउटा उज्यालो पक्ष त्यहाँ थियो र त्यो संसारलाई फेरि फर्काएर परमेश्वरमा लैजानुथियो । उहाँ रगताम्य हुनुपर्ने थियो, संसारको पापको भार आफूमाथि लिनुपर्ने र अवर्णनीय दुःखमा उहाँले जीवन बिताउनु पर्ने थियो - मानव जातिलाई परमेश्वरमा फर्काउन सक्ने खुसीमा उहाँले क्रुसलाई रोज्नुभयो ।

छिटै आफूले माया र विश्वास गरेका व्यक्तिलाई चेलाहरूले क्रुसमा टाँगिएको देख्ने थिए । उहाँको दृश्य उपस्थिति बिना उनीहरूले एक्लै संसारको सामना गर्नुपर्ने थियो । त्यसपछि उनीहरूलाई पनि घृणा गरिनेथियो, पक्राइने थियो । येशूलाई आफ्नो र उनीहरूको भविष्य तयार पार्ने जिम्मा थियो ।

येशू  उहाँका चेलाहरु गालीली भन्दा पर सिजरिया फिलिप्पी भन्ने ठाउँमा थिए, जहाँ धेरै जसोले परमेश्वरका विषयमा केहि थाहाा पाएका थिएनन् । येशूले आफ्ना चेलाहरूको गैर विश्वासीप्रति के काम गर्नुपर्ने हो त्यो गर्दै हुनुहुन्थ्यो ।

भविष्यका विषयमा कुरा गर्नुभन्दा पहिलो येशूले चेलाहरूका निम्ति प्रार्थना गर्नुभयो, उहाँप्रति उनीहरूको विश्वास देखाउने मौका दिनुभयो । यहाँले एउटा प्रश्न सोध्नुभयो, "मनिसहरूले म को हुँ भनी भन्दछन् ?"

चेलाहरूले येशू इस्रायली राज्यको मसीह  हुनुहुन्छ भनी जानेका थिए तर स्वीकार गरेका थिएनन् । धैरेले उहाँ अगमवक्ता हुनुहुन्छ भनी सोचे । बेथसेदाको भीडले उहाँलाई राजा बनाउन चाहन्थ्यो तर उहाँ मसीह हुनुहुन्छ भनी विश्वास गरेनन् ।

येशूले त्यही प्रश्न त्यहाँ सोध्नुभयो, तिमीहरू म को हुँ भनी भन्दछौं ?"

पत्रुसले छिटै जवाफ दिए "तपाईं मसीह हुनुहुन्छ - परमेश्वरको पुत्र हुनुहुन्छ । " अरू धैरेले शंका गरे तर पत्रुसले गरेनन् । पत्रुसले येशू राजा हुन श्रीपेच नै लगाउनुपर्छ भनी सोचे । उनले सबैका निम्ति यो बोलेका थिए । चेलाहरू धर्मगुरूहरू र अगुवाहरूका व्यवहारको कारण द्विविधामा थिए । तर यो दिन पवित्र आत्माको आवाजले उनीहरूको मन सफा भएको थियो मानिस

भएतापनि उनीहरूलाई निश्चित भयो कि येशू परमेश्वरको पुत्र पनि हुनुहुन्छ ।

येशूले भन्नुभयो 'तिमी धन्य हौ' सिमोन पत्रुस योनाको छोरा, यो कुरा तिमीलाई मानिसले सिकाएको होइन तर परमेश्रले सिकाउनुभयो । तिमी पत्रुस भनिनेछौ, जसको मतलव हो 'रोलिङ पत्थर' । यो पत्थरमाथि म आफ्नो मण्डली खडा गर्नेछु । मृत्युको शक्तिले यसलाई जित्न सक्ने छैन ।"

जसमाथि येशूले मण्डली बनाउँदै हुनहुन्थ्यो, तिनी पत्रुस होइन येशू आफै हुनुहुन्थ्यो । उहाँलाई मात्र मृत्युले जित्न सकेन । उहाँको वचनका र कार्यको आधारमा इसाइ मण्डली बन्ने र बढ्दै जाने छ । त्यस दिन त्यहाँ एउटा सानो र कमजोर झुण्ड थियो, नर्कका शक्तिहरू उनीहरूका बिरूद्धमा लड्ने छन् तर त्यो बढ्दै र शक्तिशाली हुदै जानेमा शंका थिएन ।

पत्रुसले अंगिकार गरेका - प्रत्येक मानिसका विश्वास - येशू, मसीह हुनुहुन्छ, मुक्तिदाता हुनुहुन्छ । सबै विश्वासीका निम्ति येशूले पत्रुसलाई भन्नुभयो, 'म तिमीहरुलाई स्वर्गको साँचो दिनेछु ।" यो साँचो येशूका वचनहरू हुन्, जो यहाँ यस पृथ्वीमा हिँड्दा छोडिनुभयो र पवित्र शास्त्रमा बताइएका वचनहरू हुन्, जसले यी शक्तिशाली वचनहरू बाड्नेछन् तिनीहरूले विश्वासीहरुका निम्ति स्वर्गको ढोका खालिदिनुहुन्छ ।

येशूले पत्रुसलाई नयाँ मण्डलीको अगुवा बनाउन खोज्नुभएको थिएन । येशूमा मण्डली बनिएको छ । एक मानिस वा एक मानिसद्वारा यसलाई नियन्त्रण गर्न सकिने थिएन । मण्डलीमा एक व्यक्तिले डिक्टेट गर्न पाउँदैन । मसीहले के गर्न सक्नुहुन्छ भन्ने कुरालाई मानिसहरूले बंङ्ग्याएर लिएका थिए । त्यसकारण उहाँ नै प्रतिज्ञा गरिएको व्यक्ति हुनुहुन्छ भनेर कसैलाई नभन्नु भनी येशूले भन्नुभयो ।

## क्रुसको समय आइरहेको

येशूका चेलाहरूले अझै येशू छिटै इस्रायलका राजा बन्नुहुनेछ भनी विश्वास गरेका थिए । उहाँका आफ्नै जनहरूले उहाँलाई दोषी ठहराएर क्रुस अपराधी जस्तै टाड्नेछन् भन्ने कुरा विश्वास गर्न सकेनन् । येशूले भविष्यमा के हुनेवाला छ भन्ने कुराको चेतावनी दिनुभयो । उहाँले आफ्नै भविष्यका विषयमा कुरा गर्न थाल्नुभयो । उहाँ जेरुसलेम जानु हुनेछ, पूजारी र एल्डरहरूद्वारा पक्राइनुहुनेछ, मारिनुहुनेछ र तेस्रो दिनमा बौरी उठ्नुहुनेछ ।

यो सुनेर चेलाहरू पहिला त शब्दरहित भए । भर्खर मात्र आफू मसीह हुनुभएको कुरा भन्नुभएको थियो, तब आफूले कष्ट भोग्नेछु र मारिनेछु भनेर चेलाहरुलाई भन्नुभयो ।

पत्रुस चुपचाप भई लामो समयसम्म बस्न सकेनन् । उनले येशूलाई समाते र भन्न थाले, "होइन । "ती कुराहरू तपाईंलाई कहिल्यै परिआउने छैन

। "येशूलाई आफ्नो साथी मानेर उनले यी कुराहरू भनेका भए तापनि यो उनको भनाइ गलत थियो । यो परमेश्वरको योजना विपरीतको कुरा थियो । येशूले उहाँका चेलाहरू जम्मा भएर उहाँलाई बचाउन आउन् भन्ने चाहनुहुन्थेन । यसबेला प्रभुले कडासँग बोल्नुभयो "म बाट टाढा रहो, सैतान ! तैले मद्दत गरिरहेको छैनस्, तँ परमेश्वरसँग छैनस् । " येशूलाई, उहाँ र पत्रुसको बीचमा  सैतान आइरहेको थाहा थियो, उहाँलाई हतोत्साह बनाउँदै थियो । पत्रुसको मनमा शक्तिको र महिमाका  कुरा ल्याउँदै थियो । जसरी येशू परीक्षरीत हुन चाहनुभएन, उहाँले पत्रुसलाई पनि सत्यताबाट भड्कन दिनुभएन । उहाँको शब्दले सैतानलाई संबोधन गरेका थिए, "मेरो पिछा छोड् सैतान । मलाई पत्रुसले राम्रोसँग देख्न सकून्, र मेरो प्रेम उसलाई देखाउनेछु ।" पत्रुसको निम्ति यो कठिन पाठ थियो । समय बित्दै जादाँ येशूको अगुवाइको बाटो कष्ट र लज्जाको थियो भनी उनले बुझे । बर्षौ पछि उनले भन्न सके, "येशूको कष्टमा सहभागी भएकोमा खुसी होऊ, तब उहाँको आगमनमा तिमीहरूको खुसी पुर्ण हुन्छ ।"

येशूले उहाँको जीवन र उहाँको कष्ट,चेलाहरूमा आउन सक्ने कष्टको उदाहरणका रूपमा बताउनुभएको थियो । "यदि मनिसहरू मलाई पछ्यायाउने चाहना गर्दछन् भने उनीहरूको आफ्नो इच्छामा लागेका कुरालाई छोड्नु पर्दछ, आफनो क्रुस बोकेर दैनिक मलाई पछ्याउनुपर्छ ।" क्रुसको मृत्यु सबभन्दा कष्टकर र निन्दनीय मरण थियो । अपराधीहरूलाई बल जफती उनीहरूको त्रुस बोक्न लगाइन्थ्यो र मर्ने ठाउँसम बोकेर लैजान भनिन्थ्यो । यी भनाइले प्रभु येशूमा तिनीहरू कतिको भर पर्नुपर्ने थियो भन्ने कुरा बुझ्न सके ।

येशूले उनीहरूका निम्ति के गर्नुभएको थियो त्यो बुझ्न पनि यसले मदत गऱ्यो । एउटा अपमान र दुःखको जिन्दगी रोजेर उहाँ स्वर्गबाट आउनुभयो । अपमान जनक मृत्यु भयो । उहाँको सुसमाचार संसारमा लैजान उहाँको कष्ट भागिदार उनीहरू बन्नुपर्ने थियो ।

येशूले भन्नुभयो, जसले मेरा निम्ति आफनो जीवन दिनेछन्, उनीहरूले साँचो अन्नतको जीवन पाउनेछन् । स्वार्थता अन्नत नाश ल्याउँछ । यदि मुटुले रगत सञ्चार गर्न इन्कार गऱ्यो भने छिटै मान्छे मर्न सक्छ । त्यसैगरी येशूको प्रेम हामीमा बहन्छ । यदि यसलाई बाँड्न इन्कार गऱ्यो भने छिटै हाम्रो आत्मा कमजोर हुन्छ र मर्छ । संसारमा भएका सबै थोक पाएर पनि हामीले आफ्नो आत्मा गुमायौ भने केहि मतलबको हुदैन ।

अन्नतमा, येशूले चेलाहरूलाई उहाँको दोस्रो आगमनका विषयमा बताउनु भयो, यो समय महिमा र शक्तिमा हुनेछ । त्यसबेला उहाँले सबै मानिसलाई उनीहरूको रोजाइका निम्ति इनाम दिनुहुन्छ, जो उहाँको निम्ति बाचे र जसले उहाँलाई इन्कार गरे र मरे । त्यसपछि उनीहरूलाई उत्साह

दिनका निम्ति येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, यहाँ खडा हुनेहरूमध्ये कतिले मानिसको पुत्रलाई आफ्नो राज्यमा आइरहेको नदेखेसम्म मृत्यु चाख्ने छैनन् ।" मत्ती ६:२८

चेलाहरूले बुझेनन् । उनीहरूले अगाडि गरिबी, लाज र कष्टहरू माग देखे । के येशूलाई राजा बनाएको उनीहरूले देख्ने छैनन् ? के उहाँलाई पक्रिएको र मारेको उनीहरूले देख्नेछन् ? येशू किन जेरूसलेम गएर यो सबै आफूमाथि लिनु पर्‍यो ? किन उहाँ मर्नु पर्‍यो र उनीहरूलाई पहिलेको भन्दा बेहालतमा छोड्नु पर्‍यो ?

यदि येशू सिजरियाको फिलिप्पी भन्ने ठाउँमा बस्नुभयो भने यहूदी अगुवाबाट सुरक्षित हुनुहुनेछ भनी उनीहरूलाई थाहा थियो । किन त्यही बसेर काम नगर्ने ? उहाँ मर्नुभयो भने उहाँको शक्तिशाली राज्य कसरी स्थापित हुन सक्थ्यो ?

येशूका चेलाहरूले जेरूसलेमतिर फेरि उहाँलाई पछ्याए, जहाँ उनीहरूका सबै आशा चकनाचुर पारिने थिए । छ दिनसम्म तिनीहरू हिँडे शंका गर्दै डराउँदै हिँडे, तर येशूले पहिला नै भन्नु भएका घटनाहरू बदलिन् भन्ने आशा गर्दै तिनीहरू हिँडे ।

# ४६ येशूको रुप परिवर्तन

*"यिनी मेरा प्रिय पुत्र हुन्, तिमीहरूले उनको वचन सुन ।"*
*मर्कुस ९:७*

येशूले पत्रुस, याकुस र याहुन्नालाई बोलाउदा साँझ पर्न लागेको थियो । उहाँले तिमीहरूलाई एकान्त पहाडतिर लैजानुभयो । दिनभरिको यात्रा र शिक्षाबाट उनीहरू थाकेका थिए । अँध्यारो हुदा उनीहरूको बिरक्तिएको मनमा झन् नरमाइलो लाग्यो । उनीहरूले येशू कहाँ र किन गइरहेको भन्ने कुरा सोधेनन् । प्रायःगरेर यस्तै एकान्त पहाडहरूमा प्रार्थना गरेर बिताउनुहुन्थ्यो । दिनभरको थकाइपछि उनीहरूलाई किन लिएर आउनुभयो भन्ने विषयमा उनीहरू अचम्म मानिरहेका थिए ।

येशूले अन्तमा उनीहरूलाई रोक्नुभयो, आफू भने कही अगाडी बढ्नुभयो । आफ्नो हृदयलाई प्रार्थनामा खन्याउनुभयो, आँसु बगिरहेका थियो । मानव जातिलाई बचाउनलाई गइरहेको अवस्थामा उहाँलाई शक्ति मिलोस् भनि उहाँले प्रार्थना गर्नभयो । चेलाहरूको विश्वास असफल नहोस् भनी उनीहरूका निम्ति प्रार्थना गर्नुभयो । घण्टौं बित्यो, तुसारोले उहाँको शरीर ढाक्यो तर पनि उहाँले चाल पाउनु भएन । सुरूमा पत्रुस, याकुस र यूहन्नाले उहाँसँग प्रार्थना गरे, तर पछिबाट उनीहरू सुते ।

आउनेवाला घटनाको विषयमा सोचेर उनीहरू हतोत्साह भएका थिए भनी येशूलाई थाहा थियो । उनीहरूको दुःख सुन्न र विश्वास बढाउन उहाँ चाहनुहुन्थ्यो । बाह्र चेलाहरूमध्ये ती तिनजनाले गेथसेमनीका बगैंचामा उहाँको कष्ट र संघर्ष देख्ने थिए । उनीहरूलाई सान्त्वना दिने कुनै अचम्मको कार्य पिताबाट गरियोस् भनी उहाँले प्रार्थना गनुभयो । उहाँ नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी उनीहरूले जानुन् भनी उहाँ चाहनुहुन्थ्यो ।

अचानक स्वर्ग उघारियो, र एउटा पवित्र, चम्किलो बस्तु ओर्लिएर शरीरको वरपर रह्यो । येशूको भित्रबाट पनि ईश्वरीय चमक बाहिर निस्कियो र चम्किरहेको वस्तुमा मिल्यो । जमिनबाट येशू उठनुभयो, परमेश्वर जस्तो महिमित उहाँ देखिनुहुन्थ्यो । उहाँको मुहार सुर्य जस्तै चम्किलो, सेतो प्रकाशले उहाँका कपडा चम्किलो ।

चेलाहरूको निद्रा खुल्यो, आफ्नो मालिकलाई उनीहरू डर र अचम्म मानेर हेर्न थाले । जब प्रकाशमा उनीहरूको आँखा केन्द्रित भयो, उहाँसँग अरू दुई स्वर्गीय जनलाई पनि उनीहरूले देखे । मोशा, जसले सिनै पर्वतमा

परमेश्वरसँग कुरा गरेका थिए र एलिच जसले मृत्यु देखेनन् तर सिधै जिउँदै स्वर्ग उठाइ लगिएका थिए ।

यी तिन जनाले भविष्यको महिमित राज्यको प्रतिनधित्व गरे । येशू, राजा भएर दोस्रो आगमनमा आउनुहुनेछ, मोशाले येशूको दोस्रो आगमनमा बौरी उठ्ने मानिसको प्रतिनधित्व गर्छन् भने जो येशूको दास्रो आगमनमा जीवितै हुनेछन्, यी धर्मीजनको जीवितै उठाइ लगिनेछन् भनी बुझ्उछन् तर श्रीपेच लगाउनु पहिला उहाँले क्रुसलाई बोक्नुपर्ने थियो ।

आइपर्ने कष्टका निम्ति येशूलाई सहयोगको आवश्यक थियो । उहाँका चेलाहरूले उहाँको कामलाई बुझेनन् । आफूले बनाएको संसारमा येशू एक्लै हुनुहुन्थ्यो । त्यसकारण ढाडसका निम्ति स्वर्गले सन्देशवाहक पठाउनुभयो ।

मोशा र एलिचाले येशूसँग कुरा गरे र उहाको काममा उत्साह बढाए । उनीहरूले आफ्नो समयमा मानव जातिलाई बनाउन कार्य गरेका थिए । उनीहरूले पापीलाई बचाउने येशूको इच्छामा सहभागी भए ।

मिश्रबाट इस्रायलीहरूलाई छुट्टाएर ल्याउँदा मोशाले ठूलो प्रेम प्रकट गरेका थिए । पछि इस्रायलीको इतिहासमा तिन बर्षसम्म अनिकाल भयो । एरिलालई घृणा गरिएको थियो । उनी मरूभूमिमा एक्लै छोडिए । यी दुई जनाले येशूलाई ढाडस दिए । तर त्यो भन्दा महत्व के कुरा सबैको उद्धार कसरी गर्ने भन्ने विषयमा उनीहरूले चर्चा गरे ।

पत्रुस,याकूब र याहुन्नाले उनीहरूले भनेका सबै कुरा सुनेनन् र परमेश्वरको आशिष्बाट बञ्चित रहे । उनीहरूले येशूले दुःख भोग्नुहुनेछ र मृत्यु हुनेछ र पछिबाट फेरि महिमामय आगमन हुनेछ भन्ने कुरालाई उनीहरूले अलि राम्रोसँग बुझ्नसके र संसारका निम्ति उहाँ नै मसीह हुनुहुन्छ भन्ने बुझे ।

## पत्रुसले बुझ्दैनन्

येशूलाई देखेर चेलाहरू खुसी भए, उनीहरू निम्न वर्गका गरिबलाई स्वर्गका पवित्रजनबाट महिमित गराएका थिए । राजाको मोशा र एलिचा येशूलाई बचाउन र उहाँको अधिकार सुरक्षित पार्न आएका हुन् भनी चेलाहरू निश्चित थिए । पत्रुसल् भने “गुरुज्यु हामी यहाँ भएको असल र यहाँ तिनओटा विशेष बस्ने ठाउँ बनाऊ, एउटा तपाईका निम्ति एउटा मोशाका निम्ति र एउटा एलिचाका निम्ति हुनेछ । ”

चेलाहरूले हेरिरहेको समयमा बादलले उनीहरूलाई ढाक्यो बादलबाट आवाज आयो “यिनी मेरा प्रिय पुत्र हुन्, तिमीहरूले उनको वचन सुन” मर्कूस ९:७

परमेश्वरको यो आवाजमा पूरा जगत हल्लियो, चेलाहरू भुइँमा घोप्टो परे । येशू उनीहरूको नजिक गएर नछोएसम्म तिनीहरू बोल्नै सकेनन् ।

उहाँले भन्नुभयो "उठ र नडराओ ।"

जब तिनीहरूले हेरे उनीहरूले त्यो महिमामय प्रकाश र बादल हटिसकेको थियो । उनीहरू येशूसँग एक्लै थिए ।

# ४७ लडाईँ

*"विश्वास गर्नेकोनिम्ति सबै कुरा सम्भन छ ।" मर्कुस ९:२३*

बिहानको सूर्यको प्रकाशमा येशू र उहाँका तिन चेलाहरू पहाडबाट तल आए । चेलाहरू चूपचाप थिए, आफ्नै विचारमा हराएका थिए । अरू चेलाहरू पर्खेर बसेको ठाउँमा आएर हेर्दा त्यहाँ ठूलो मानिरको भीडले उनीहरूलाई पर्खिरहेका थिए । उनीहरू नजिक आउनुभन्दा पहिले उहाँले भन्नुभयो । "जबसम्म म तेस्रो दिनमा बौरी उठ्दिन, तिमीहरूले देखेका कुरा कसैलाई नभन्नु ।" उहाँलाई भय थियो मोशालाई एलिचालाई देखेका कुरा गर्नाले मानिसमा खाली द्विविधा मात्र बढ्नेछ, अरू खिसि उडाइनेछ ।

उहाँको वचन सुनेर तिन चेलाहरू अचम्ममा परे । येशूले मरेकोबाट बिउँझने भन्ने कुरालाई बुझ्न सकेनन् । तर उहाँलाई उनीहरूले सोधेनन् ।

येशूलाई देखेर मानिसहरू उहाँतिर दौडिए । चारै जनाको मुहार अघिल्लो रातको दृश्यको कारण चम्किएको थियो । येशूले भने त्यहाँ केहि कुरा भइरहेछ भनी बुझ्नुभयो ।

येशूले सोध्नुभयो, "के कुरा हुँदैछ ? तिमीहरू के कुरामा वादविवाद गर्दैछौ ?" अचानक चिच्याएर बोलिरहेका आवाजहरू बन्द भए । अन्त्यमा एकजना अगाडि बढेर भन्न थाल्यो, "गुरुज्यू, मैले मेरो छोरो तपाईकहाँ ल्याएँ । ऊ दुष्टात्माको अधीनमा थियो, उसले बोल्न सक्दैन थियो । ऊ भुइँमा बजारिन्छ, मुखबाट फिँज काढ्छ र दातले टोक्छ । मैले तपाईको चेलालाई दुष्टात्मा निकाल्न अनुरोध गरें, तर उनीहरूले सकेनन् ।"

साँच्चै त्यस्तै भएको थियो । जब येशूको नाउँमा चेलाहरू प्रचार गर्दै हिँडे उनीहरूलाई भूतात्मा हटाउने शक्ति दिइएको थियो तर त्यसलाई हटाउन सकेनन् । येशूले भीडमा रहेकाहरुका हृदयमा हेर्नुभयो, त्यहाँ शंका, रिस र डाह थियो । उहाँले भन्नुभयो, "तिमीहरूसँग विश्वास छैन, कतिन्जेल म तिमीहरूलाई सहूँ ?" त्यसपछि बाबुलाई भन्नुभयो, "छोरालाई म कहाँ ल्याऊ ।" जब केटालाई अगाडि ल्याइयो, सैतानले येशूलाई हेऱ्यो र केटालाई भुइँमा पछाऱ्यो । एक चोटि फेरि ज्योतिको राजकुमार र अन्धकारको राजकुमारको भेट भयो, सङ्घर्षका निम्ति भेट भयो । येशूले केटालाई छुटकारा दिन चाहनुहुन्थ्यो, सैतानले उसलाई बलियो गरी पकडिरहन चाहन्थ्यो । केहि क्षणका निम्ति दुष्टलाई उसको शक्तिमा रहन उहाँले दिनुभयो । उहाँले सोध्नुभयो, कहिलेदेखि यसलाई यस्तो भएको छ ?" "सानैदेखि ने ऊ यस्तै छ ।" कसरी दुष्टात्माले बच्चालाई मार्ने कोसिस गरेको थियो यो सबै

बाबुले बताए । अन्तमा उसले रुँदै भन्न थाल्यो “यदि तपाइँ केहि गर्न सक्नुहुन्छ भने, कृपया दया गरेर हामीलाई मद्दत गर्नुहोस् ।

येशूले त्यस मानिसका आँखामा हेर्नुभयो, “यदि तपाई सक्नुहुन्छ भने के भनेको ? विश्वास गर्नेका लागि त सबै कुरा सम्भव छ ।” मर्कुस ९:२३

अचानक, उनले आफ्ना विश्वासका विषयमा सोचे, “आँखामा आँशु ल्याउँदै उनले भने म विश्वास गर्दछु, मेरो विश्वासमा मलाई सहायता गर्नुहोस् ।”

त्यसपछि येशू मुखबाट फिँज काढिरहेको केटापट्टि फर्कनुभयो र भन्नभयो “ए गुँगो र बहिरो आत्मा म तलाई हुकुम दिन्छु त्यसबाट निस्केर आइज र फेरि कहिल्यै त्यसभित्र नपस ।”

दुष्टात्मा चिच्यायो, केटालाई अन्तिम पटक ढाल्यो र त्यसपछि छोड्यो । ऊ चुपचाप सुतिरहेको देखेर मरेको हो कि भनी मानिसहरूले सोचे, तर येशूले उसको हात समात्नुभयो र खडा पार्नुभयो । त्यो केटा जाती भएको थियो, आफ्नो बाबुसँग गयो । सँगसँगै उनीहरूले येशूलाई धन्यवाद दिए परमेश्वरलाई प्रशंसा गरे । त्यस बेला येशूका चेलाहरूले उहाँलाई छोडेर खवर फैलाउन गए ।

## विश्वासले हामीलाई स्वर्गसम्म पुऱ्याउँछ

सदिअैंदेखि पापका बोझले दबिएका मनिसहरूले यही प्रार्थना गरेका छन्, “यदि तपाइँ केह गर्न सक्नुहुन्छ भने गर्नुहोस् । ” यसको उत्तर यही छ, विश्वास गर्नेका लागि सबै कुरा सम्भव छ ।”

येशूमा परमेश्वरले यस्तो योजना गर्नुभएको छ कि हामी हरेक परीक्षाहरूबाट उम्कन सक्छौं, पापपुर्ण बानीहरूबाट छुट्न सक्छौं । तर धेरैजसो समय हामीसँग चाहिने जति विश्वास छैन भनी हामी महसुस गर्छौं । त्यो केटाको बाबुको जस्तो अनुरोध लिएर येशूतर्फ फर्कनु पर्दछ, “म विश्वास गर्छु  अरू विश्वास गर्न मदत गर्नुहोस् ।” हामीले यसो गरेको खण्डमा हामी कहिल्यै पापमा पर्नेछैनौं ।

ती छ ओटा घडीहरूमा पत्रुस, याकुब र युहन्नाले मुक्तिको प्रदर्शन देखेका थिए । प्रभु येशू परमेश्वर जस्तो बन्नुभयो, पापी सैतान जस्तो मानिसको उद्धारका निम्ति आउनुभयो । उनीहरूले येशूलाई परमेश्वरको पुत्रको महिमामा बेरिएको देखेका थिए । अहिले उनीहरूले येशूलाई सैतानद्धारा नियन्त्रण गरिएको मानिससम्म मद्दतका लागि पुग्नुभएर त्यसको उद्धार गरेको देखे । परमेश्वरको योजना उहाँ मानिसलाई बचाउन यतिसम्म तल झर्नुभयो ।

यो चेलाहरूको निम्ति पनि पाठ थियो ।  माथि पहाडमा येशूसँग अचम्मका साथ बिताएका समय भए तापनि तल भ्यालीमा उनीहरूको काम

थियो । पापको दासत्वमा बहेकाहरूले विश्वासका विषयमा सुन्न, पर्खे उनीहरूलाई छुटकारा दिन प्रार्थना गरे ।

नौ जना चेलाहरूले सोधे, “हामीले किन भूतात्मा निकाल्न सकेनौं ?” येशूले भन्नुभयो, “तिमीहरूमा विश्वास थोरै छ । तिमीहरूमा एउटा रायोका दाना जतिको पनि विश्वास भएदेखि यस डाडाँलाई यहाँबाट हटिजा भन्यो भने त्यो हटिजानेछे । ” तिमीहरूका निम्ति केहि असम्भव हुने छैन । मत्ती १७:२०

उनीहरूले आफ्नो कामलाई साधारण भनी लिएका थिए, यसले उनीहरूको विश्वासलाई सानो बनाएको थियो । उनीहरूले आफैमा स्वार्थी विचारहरू ल्याएका थिए ।

सैतानसँग लडाइँ लड्नको निम्ति उनीहरूले आफ्नो विश्वासलाई बलियो बनाउनुपर्छ प्रार्थना गर्नुपर्छ, उपवास बस्नुपर्छ, विनम्र बन्नुपर्छ । आफ्नो स्वार्थ हटाउनुपर्छ र पवित्र आत्माद्धारा भरिएका हुनुपर्छ । परमेश्वरमा पूर्ण रूपमा भर पर्नाले सम्पूर्ण रूपमा उहाँमा निर्भर रहनाले पवित्र आत्मा हामीमा आउन सक्नुहुन्छ, त्यसपछि सैतानको र दुष्टात्माको विरुद्धमा लडाइँ गर्न शक्ति पाउन सकिन्छ । परमेश्वरको वचन मात्र अरू विश्वासीसँग पस्नाले हाम्रो विश्वास बढ्छ । त्यसपछि सैतानले जुन पार लाग्न नसकिने प्रकारका बाधाहरू दिन्छ, त्यसबाट हामी पार लाग्न सक्नेछौं ।

# ४८ महत्वपूर्ण व्यक्ति को हूनेछ

*"कोहि मानिस पहिलो हुने इच्छा गर्छ भने त्यो सकैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ । " मर्कूस ९:३५*

उनीहरू कफर्नहुममा फर्किए किनकि येशू भीडबाट टाढा बस्न चाहनुहुन्थ्यो । र बाँकी समय गलिलमा चेलाहरूलाई शिक्षा दिएर बिताउन चानुहुन्थ्यो । उनीहरूलाई येशूले फेरि आफ्नो मृत्युका विषयमा बताउनुभयो । उहाँका कुराले उनीहरूको मन दु:खित भए तापनि उहाँले भन्नुभएको कुरालाई पूरा रूपमा बुझेका थिएनन् ।

बदलामा येशूको राज्यमा कोचाहिँ ठूलो व्यक्ति हुने भन्ने विषयलाई लिएर चेलाहरू वादविवाद गर्न थाले । येशूको अगाडि वादविवाद गरेनन् तर उहाँले तिनीहरूका विचार पढ्नुभयो । उहाँले कुरा गर्न चाहनुहुन्थ्यो तर उनीहरू तयार नहुन्जेलसम्म उहाँ पर्खन चाहनुहुन्थ्यो ।

## मन्दिरको कर

उनीहरू सहर प्रवेश गर्दै थिए, बाटामा एकजनाले पत्रुसलाई रोकेर सोधे, "के तिमीहरूका गुरुले मन्दिरको कर बुझाउँछन् ?" सबैले कर तिर्नु पर्थ्यो । मन्दिरका पुजारी र अगमवब्ताले कर तिर्नु पर्दैनथ्यो । येशूका शत्रुले यही मौकाको उपयोग गर्न चाहे र कर लिनेले उनीहरूको मद्दत गऱ्यो । यदि येशूले कर तिर्नु भएन भने उनीहरूले येशूको मन्दिरलाई सहयोग नगरेको भनी दोष लगाउँथे र यदि उहाँले कर तिरेको खण्डमा धर्म गुरुहरूले उहाँ अगमवक्ता होइन भनी दोष लगाएको ठीक ठहरिन्थ्यो ।

पत्रुसले छिट्टै गलत जवाफ दिए, 'हो तिर्नुहुन्छ', येशूको प्रभाव बचाउने कोसिस उनले गरे । गुरुहरू के गर्न खोज्दै थिए, त्यो कुरा पत्रुसले बुझेनन् । येशूले पत्रुसलाई भन्नुभयो, 'तिमीहरूलाई के लाग्छ पत्रुस ? जब राजाहरूले कर उठाउँछन्, उनका सन्तानबाट उठाउँछन् कि अरूबाट उठाउँछन् ? पत्रुसले जवाफ दिए, "अरू मानिसले कर तिर्छन् ।" येशू सहमत हुनुभयो । 'हो राजाका सन्तानले कर तिर्दैनन् ।'

इस्रायलमा ईश्वरका जनले परमेश्वरका भवनको खर्चका निम्ति कर तिर्दथे तर येशू परमेश्वरका पुत्र हुनुभएको हुनाले कर तिर्नुपर्ने आवश्यक थिएन । यदि येशूले कसैले थाहा नपाइकन कर तिर्नुभएको भए , उहाँले आफैलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी इन्कार गरेको ठहरिन्थ्यो तर

मन्दिरलाई कर नतिर्ने भनी दोष आफै उपर ल्याउन चाहनुहुन्थ्यो । ईश्वरीय कार्यद्वारा उहाँले कर तिर्ने पैसा पाउनुभयो ।
'तलाउमा गएर माछा पक्र' येशूले पत्रुसलार्य भन्नुभयो ।'जब तिमीले पहिलो माछा समात्नेछौ, त्यसको मुखमा एउटा सिक्का तिमीले पाउनेछौ, त्यो सिक्का लगेर कर तिर ? येशूले कर तिर्नुपर्ने आवश्यक थिएन तर उहाँ कसैलाई रिस उठाउन पनि चाहनुहुन्थेन । चेलाहरूका निम्ति यो एउटा ठूलो पाठ थियो ।

## बच्चा जस्तै

जब पत्रुस माछा मार्न गए, येशूले अरू चेलाहरूलाई सोध्नुभयो,' तिमीहरूले बाटोमा के कुराकानी गर्दै थियौ ?' उनीहरू जवाफ दिन लजाइरहेका थिए । उनीहरूको स्वामी उद्देश्यले परमेश्वरको निःस्वर्थ प्रेमसँग मेल खाएन । अन्तमा एकजनाले बोले, 'गुरुज्यू तपाईंको राज्यमा कोचाहिँ सबभन्दा ठूलो हुनेछ ?' उहाँले यरुसलेममा के हुनेछ भनी बताउनुभएको थियो, तर यरुसलेमको नाम सुन्ने बित्तिकै उनीहरूमा आशा पलायो कि त्यहाँ गएर उहाँले आफैलाई राजाको रूपमा स्थापना गर्नुहुनेछ । चेलाहरूले येशूको राज्यको विषयमा नबुझेको सबै कुरा उहाँले बुझ्नुभयो । यस्तो स्वार्थी प्रवृत्तिले उनीहरूलाई नयाँ सुरु भएका मण्डलीलाई नाश गर्न सक्थ्यो । उहाँले लुशिफरका विषयमा सम्झनुभयो, जसले स्वर्गमा उच्च स्थान चाहन्थ्यो । लुशिफर सबैभन्दा ठूलो हुन चाहन्थ्यो र मानिस जो उच्चमा बस्न चाहन्छन् उनीहरू लुशिफरका अनुयायीहरू हुन् । सैतानको राज्य बलको राज्य हो । जो घमण्ड र शक्तिको भरमा हिँड्छन् उनीहरू स्वार्थी हुन्छन् । येशूको राज्यमा उनीहरूको कुनै हक हुँदैन, उनीहरू सैतानलाई पछ्याउँदै छन् ।

सैतानले परमेश्वरको बराबरी हुने विचार गर्‍यो भने येशूले चाहिँ आफ्नो सारा शक्ति र मान छोड्नुभयो र सेवक झै मानिस बाँच्नुभयो । "कोहि मानिस पहिलो हुने इच्छा गर्छ भने त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ ।" मकूस ९:३५
क्रूस नजिकै छ जस्तो लागेको समयमा पनि येशूका आफ्नै चेलाहरूले आफ्नै स्वार्थपन देखाए, उहाँको कार्यप्रति कुनै सहानुभूति प्रकट गरेनन् । येशूले उनीहरूका विचार सुधार्ने काम गर्नुभयो । जो मानिस स्वार्थी र उसले आफूलाई सोच्छ उनीहरूमा घमण्ड र शक्ति हुन्छ र उनीहरूको चरित्र अनुसारको भाग उनीहरूले पाउनेछन् भनी सोच्दैनन् । स्वर्गमा उनीहरूका निम्ति कुनै स्थान रहनेछैन किनभने उनीहरूले सैतानलाई पछ्याएका छन् ।

प्रख्यात हुनुभन्दा पहिला विनम्रता आउँछ । परमेश्वरले विनम्र व्यक्तिहरूलाई शक्तिको उच्च आसनमा बस्न विनम्र व्यक्तिहरूलाई छान्नुभयो । बच्चा जस्तो चरित्र भएका व्यक्ति परमेश्वरको राज्यको सबभन्दा असल

कार्यकर्त्ता हो किनकि उसले ईश्वरीय मद्दतको आवश्यक्ताको महसुस गर्दछन् र त्यसका निम्ति प्रार्थना गर्दछन् । परमेश्वरमा भर परेको कारण यस्ता व्यक्तिहरू सफल बन्दछन् । जब इसाइहरूले आफैलाई उच्च पार्ने विचार राख्छन् र उनीहरूको योग्यता परमेश्वरको कार्यका निम्ति आवश्यक हुन्छ । यस्तालाई परमेश्वरले एकापट्टि छुट्याउनुहुन्छ । परमेश्वरको कार्य उनीहरूको मद्दत बिना नै अगाडि बढ्दछ ।

चेलाहरूले येशूको राज्यका विषयमा जानेरमात्र पूर्ण थिएन । उनीहरूको हृदय बदलिनु जरुरी थियो । येशूले उनीहरूको अगाडि एउटा बच्चा उभाउनुभयो । त्यसको हात समातेर उहाँले भन्नुभयो, “ तिमीहरू यही बच्चा जस्तो गरेर बदलिनु पर्दछ । होइन भने तिमीहरू स्वर्गको राज्यको हकदार कहिल्यै बनन सक्तैनौ । यस्तो बच्चा जस्तो विनम्र मानिस नै स्वर्गको राज्यको एक भाग हो ।” यस्तै साधारण निःस्वार्थ प्रेमलाई स्वर्गले महत्व दिन्छ । महानताको चिन्ह यही हो । येशूमा घमण्ड र देखावटी हराउँछन । धनी, गरिब, पढेलेखेका, निरक्षर, सबैका निम्ति रगतले चुक्ता गरिएको छ, सबैजना उहाँका सामु बराबर छन् । येशूसँग कस्तो सम्बन्ध छ त्यसका आधारमा परमेश्वरले उसलाई महत्व दिनुहुन्छ ।

कुनै चेलाहरूले आफ्ना कार्यहरूका विषयमा फेरि विचार गरे । यूहन्नाले भने हामीले एकजना मानिसलाई तपाईंको नाममा भूतहरू निकाल्दै गरेको देख्यौं हामीले उसलाई रोक्नलाई भन्यौं, किनकि हाम्रो मध्यको होइन ।” येशूले भन्नुभयो, “उसलाई नरोक, जसले मसीहलाई स्विकार गर्दछ र भूतहरू निस्कन्छ भने ऊ मेरो विरुद्धमा गएको छैन । ऊ हामीसँग छ । चेलाहरूबाहेक अरू धेरै जना येशूको कार्य र वचनले प्रभावित भएका थिए । चेलाहरूका जीवनमा बाहेक अरू धेरै जनाले पनि येशूको वचनका विषयमा सुने बुझे ।

चेलाहरूले पनि कसैलाई हतोत्साह पार्नुभएन । येशूको संसारको सबैभन्दा ठूलो गुरु थिए । उहाँको चरणमा बसेर हामी सिक्छौं । अनि प्रत्येक व्यक्ति प्रेमलाई प्रवाह गर्ने माध्यम हुनसक्छ । नयाँ विश्वासीहरूलाई येशूले केटाकेटीहरूसँग तुलना गर्नुभयो । उहाँले भन्नुभयो कि कुनै विश्वासीको विश्वासमा बाधा पुऱ्याउनुभन्दा उसको घाँटीमा ढुङ्गा बाँधेर समुद्रमा फ्याँकिदिनु असल हुन्छ । यी कडासँग भनिएका कुराले यही प्रस्ट पार्दछ कि कसैलाई परमेश्वरको विश्वासबाट अलग गर्ने प्रयास गर्नु हुँदैन ।

उहाँलाई निन्दा गरिए तापनि येशूले शिक्षा दिइरहनुभयो । जाती पारिरहनुभयो, हाम्रा निम्ति उहाँले गेथसेमनिकी बगैंचा र क्रूसमा दिएको बलिदानलाई सम्झेर हामी पनि आफ्ना स्वर्थी विचारहरू त्याग्न सक्छौं । कष्ट भोगेर लज्जित भए तापनि निन्दा गरिए तापनि हामी उहाँको सेवामा आनन्द मनाउँनेछौं ।

हामीले जानेर गरिरहने पाप, हामीले छोड्न नचाहेको पापले हाम्रो चरित्रलाई कमजोर बनाइदिन्छ, र अरू मानिसलाई कुबाटोमा डोऱ्याउदछ । जसरी शरीर बचाउन कसैलाई हात वा खुट्टा काट्नुपर्दछ, त्यसै गरेर उहाँलाई पछ्याउन जस्तो सुकै बलिदान दिन पनि हामी तयार हुनुपर्दछ ।

जसरी मानिसलाई खानाले बाचाइ राख्दछ, इसाइहरूको बचाउने चरित्र समाजमा हुनुपर्दछ, यसो गर्न उनीहरूले ख्रीष्टको प्रेमलाई कायम गर्नुपर्दछ । त्यसपछि त्यहाँ स्वार्थी भावनाहरू हुँदैनन् "म पहिला" भन्ने विचार हुँदैनन् । सबैभन्दा महत्वपूर्ण म नै हुँ भन्ने भावना हुँदैन ।

येशूलाई हरेकले चिनन ठूलो महत्व छ । यदि हामीसँग असल शिक्षा छ, धार्मिक जग छ, र बलियो व्यक्तिगत चरित्र छ भने हामीहरूले यस्तो मौका नपाउनेको सेवा गर्नुपर्दछ । कडा प्रकारको लडाइँ लड्नुपर्ने व्यक्तिसँग स्वर्गदूतहरू साथ रहन्छन् । उनीहरूको मद्दत गर्न हामी अगाडि बढ्नुपर्दछ ।

येशूले यसरी भन्नुभएको छ, "कुनै मानिसका सय भेंडाहरूमा एउटा हरायो भने के त्यो गएर त्यस भेंडालाई खोजेर ल्याउँदैन र ? जब उसले भेट्टाउँछ, त्यसपछि कहिल्यै घर नछोडेको ९९ भेंडा भन्दा बढी उसले खुसी मनाउँछ । स्वर्गमा रहने तिम्रो पिताले कोहि पनि नाश भएको चाहनुहुन्न ।

## जसले तपाईंको विरुद्धमा पाप गर्दछ

यदि कोहि विश्वासीले तपाईंको विरुद्धमा पाप गऱ्यो भने उसको कुरा अरूलाई लगाएर उसलाई असमञ्जसमा नपार्नुहोस् । येशूको जनलाई अरूको अगाडि अपमानित नगर्नुहोस् । घायल आत्मासँग वर्णन गर्न एउटा राम्रो र होसियार विचारको आवश्यक पर्दछ । गुप्तमा नै सबै कुरा गरिनुपर्दछ, खुला रूपमा गरिनु हुँदैन ।

यदि उसले तपाईंलाई सुन्न इन्कार गऱ्यो भने एक दुइजना अरू विश्वासीका साथमा जान सक्नुहुन्छ । यदि अझै उसले सुन्न इन्कार गऱ्यो भने त्यसपछि पूरा मण्डलीलाई यो कुरा भन्नुहोस् । मण्डलीले प्रार्थना र प्रेमसहित व्यवहार गरेर उसलाई फर्काएर ल्याउने प्रयास गर्नुपर्दछ । यसो गर्दा पवित्र आत्माले उनीहरूको साथमा काम गर्नुहुन्छ ।

यस्ता प्रयास टुक्रयाउने हरेक व्यक्तिले येशूसँग र मण्डलीसँगको आफ्नो सम्बन्ध टुटाउँछन् । येशूले भन्नुभएको छ कि यस्ता व्यक्तिहरूलाई अविश्वासीसरह वर्णन गरिनुपर्दछ । घृणा र हेला गर्ने होइन तर दयासाथ व्यवहार गरिनुपर्दछ । येशूबाट टाढा पापका बानीहरूमा परेकालाई छुटाएर फर्काउनु हाम्रो र्कतव्य हो । यदि हामीले यसो गर्दैनौं भने हामी दोषी ठहरिनेछौं ।

हामीले मानिसहरूका समस्या अरूसँग छलफल गर्नु हुँदैन । उनीहरूको समस्यालाई मण्डली र बाहिरी संसारबाट टाढा वा गोप्यतामा राख्नुपर्दछ । येशूले जसरी वर्णन गर्नुहुन्छ, त्यसैप्रकारले हामीले व्यवहार गर्नुपर्दछ ।

तर यी सबै प्रयासहरूमा हामी एक्लै छैनौं भने र यदि संसारमा तिमीहरू दुईजना सहमत भयो भने र प्रार्थना गर्‍यौ भने यो तिमीहरूका निम्ति गरिनेछ । यो साँचो हो कि दुई वा तिन जना यदि मेरो नाममा भेला हुन्छन् र मेरो नाममा प्रार्थना गर्छन्, म उनीहरूका बीचमा हुनेछु । मत्ती १८:१९ यदि हामीले अरूहरूसम्म पुग्ने निर्णय गरेका छौं भने स्वर्गका सारा शक्तिले हामीसँग काम गरिरहेका हुनेछन् ।

# ४९ जीवीत पानी

*"यदि कोही तिर्खायो भने त्यो मकहाँ आएर पिओस् ।" यूहन्ना ७:३७*

वर्षको तिन पटक यहुदीहरू यरुसलेमको धार्मिक चाडमा आएर यात्रा गर्नु पऱ्थ्यो, योचाहिँ छाप्रोवासको चाड थियो । यो चाड वर्षको अन्तमा आउँथ्यो जब अनाजहरू भित्रयाइएका हुन्थे, दाखारसहरू बटुलिएका हुन्थे । यो धन्यवाद चढाउने समय पनि थियो, बितेको दिनमा कसरी उनीहरू मरुभूमिमा छाप्रोमा बस्ने र त्यसको सम्झनामा गरिने चाड थियो ।

प्यालेष्टायन र अरू ठाउँहरूबाट मानिसहरू यो सात दिने पर्व मनाउन आए । यो समयमा धेरै इस्रायली घाँस, स्याउलाको छाप्रो हालेर चौरमा बस्ने गर्थे । सहरका चारैतिरका डाँडहरू यस्तै छाप्राहरूले भरिएका हुन्थे । सहरमा पनि रूखका पातहरू बनाइन्थे, मन्दिरको आागन र घरका धुरीहरूमा यस्ता छाप्रा बनाइन्थे ।

पर्वको केन्द्रबिन्दु मन्दिर थियो । त्यहाँ लेवीहरूका गानामा सबै सहरले स्वर निकाल्थे । रातभर धेरै बत्तीको कारणले मन्दिर झिलिमिलि हुन्थ्यो । उजाड स्थानको मात्र पर्वको महत्वपूर्ण भाग मानिन्थ्यो । बिहान सबेरै त्यो सुरु हुन्थ्यो । पूजारीले तुरही बजाउँथे, मानिसहरू खुशी हुँदै आफ्ना स्वर उचाल्थे । पूजारी किव्रो नदिबाट  पानी लगेर मन्दिरका सिँढी भएर जान्थे र त्यहाँ मन्दिरमा रहेको ताजा दाखरस र पानी मिसाइन्थ्यो, त्यसलाई सँगै त्यो खोलामा खनाइन्थ्यो । त्यो पानीले पत्थरबाट निस्केको सबैले तिर्खा मेटाउन सक्ने पानीको प्रतिनधित्व गर्दथ्यो ।

## ठी समय

धर्मगुरुहरूसँग बेकारको बिवादमा फस्न नचाहने येशू यरुसलेम नगएको धेरै भएको थियो । जब उहाँका भाइहरूले जाने र कुरा गरे, उहाँलाई पनि लान उनीहरूले कोसिस गरे । उनीहरूले धार्मिक अगुवाहरूलाई सधैँ चिढाउनु राम्रो ठानेनन् । धर्मगुरुहरू अवश्य पनि ठीक थिए होलान् भनी उनीहरूले सोचे । तर येशूको जीवन र उहाँका अचम्मका कार्यद्वारा गहिरोसँग प्रभावित भएका थिए ।

"येरुसलेममा जानुहोस्" उहाँका भाइहरूले उहाँलाई कर गरे, "त्यहाँका मानिसलाई तपाईंको अचम्मको कार्य देखाउनुहोस् ," तपाईंसँग त्यो शक्ति छ, त्यो संसारलाई बताउनुहोस् ।" उनीहरूले आशा गरे कि उहाँको

शक्ति देखाएर आफ्नो राज्य अधिकार गर्न सक्नुहुनेछ । उनीहरूलाई राजाका भाइहरू बन्ने विचार मन पर्‍यो ।

येशूले भन्नुभयो, "मेरा निम्ति ठीक समय अझ आइ सकेको छैन ।" उहाँ गालिलमै बस्नुभयो । येशू खतरादेखि हतार गर्न चाहनुहुन्न ।

संसारले उहाँलाई घृणा गर्नेछ भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मनपर्ने काम उहाँलाई थाहा थियो । आफ्ना पिताको योजनाभन्दा अगाडि बढ्न उहाँको इच्छा थिएन ।

टाढादेखि मानिसहरू उहाँलाई हेर्न आएका थिए । फरिसीहरूले पनि येशूलाई खोजे, उहाँलाई जालमा पार्न तिनीहरू चाहन्थे । तर उहाँ कहाँ हुनुहुन्छ भनी भेटाउन सकेनन् । सहरमा जताततै उहाँका विषयमा चर्चा भयो । धेरैले उहाँ परमेश्वरद्वारा पढाइएका भविष्यवक्ता हो भनी कुरा गरे ।

यसै समय येशू चुपचाप पछाडिको गेटबाट सहरभित्र पस्नुभयो । पर्वको बीचमा उहाँ मन्दिरको आागनमा जानुभयो जहाँ धेरै भीड जम्मा भएको थियो । त्यहाँ उभिएर उहाँले बोल्नुभयो । उहाँले मन्दिरको सेवाको विषयमा र भविष्यवक्तको विषयमा यस्ता कुरा गर्नुभयो जसलाई पुरोहित र धर्मगुरुहरूले कहिल्यै सुनेका थिएनन् ।

उहाँले बोल्दा भीड चुपचाप भयो र सबैले सुन्न थाले । "गुरुहरूबाट नसुनीकन यसले यस्ता कुराहरू कसरी बोल्न सक्छ ?" उनीहरूले भने । बप्तिस्मा दिने यूहन्ना जस्तै येशू पनि परमेश्वरद्वारा शिक्षा दिइएको व्यक्ति हुनुहुन्थ्यो ।

## जीवित पानी

पर्वको अन्तिम दिनमा उजाड स्थानको पत्थरको आदररूपी कार्य गरे । उनीहरू थाकेको देखेर येशूले भन्नुभयो, "यदि केही तिर्खायो भने त्यो मकहाँ आएर पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तरस्करणबाट जिउँदो पानीका खोलाहरू बगि निस्कनेछन् ।"

मोशाले मरुभूमिमा त्यस पत्थरलाई हानेर पानी निकालेका थिए । यो एउटा चिन्ह थियो, एकजना मुक्तिदाताले रातको खोला बगाउनुहुनेछ । त्यही व्यक्ति त्यहाँ हुनुहुन्थ्यो, हानिन तयार हिर्काउन तयार थिए ताकि जीवनको पानी उहाँबाट बहन सकोस् ।

उहाँका कुरा सुन्नेहरूले अचानक त्यो पानी आफ्ना निम्ति चाहन्थे । पर्व मनाए तापनि उनीहरूको मनमा असन्तोष र बेखुसी थिए । "यदि कोही तिर्खायो भने" भन्ने कुराले उनीहरूलाई आश्चर्यमा पार्‍यो, नयाँ आशासहित उनीहरूले येशूमा हेरे । मुक्तिको बहुमूल्य बरदानलाई उनीहरूले चिने । तिर्खाएका आत्मालाई दिने दान अहिले पनि छ । अहिले यो समय येशूले त्यसदिन मन्दिरमा दिन खोज्नुभएको पानीको आवश्यक छ ।

# ५१ संसारको ज्योति

*"तब तिमीले सत्य के हो सो जान्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।" यूहन्ना ८:३२*

पर्वको समयमा बिहानै येशूले भनेका कुरा सुन्न मानिसहरू जम्मा भए । बिहानको समय मार्बल दरबार चम्कियो र मन्दिरको सुनको गजुर चम्कियो, येशूले माथितिर देखाउनुभयो र भन्नुभयो, "म संसारको ज्योति हुँ ।"

परमेश्वर ज्योति हुनुहुन्छ । यसो भनेर येशू परमेश्वरसँगको एक्ता र पृथ्वीमा उहाँको सम्बन्धका विषयमा बताउनुभयो । उहाँले सुरुमा प्रकाश बनाउनुभयो । सूर्य, चन्द्र, ताराहरूको चम्काइको पछाडि उहाँ नै हुनुहुन्छ । जसरी सूर्यको प्रकाशले पृथ्वीको सबै ठाउँमा पुग्दछ, त्यसै गरेर धार्मिक्ताको सूर्य मानिसको हृदयमा चम्कनुपर्छ । वैज्ञानिकहरूले मानवहितका निम्ति ठूला-ठूला कुराहरू पत्ता लागाएर हाम्रो जीवनमा केहि दिएका छन् । उनीहरू प्रतिष्ठित भएका छन् ।

त्यहाँ अर्को जन हुनुहुन्छ जसले धेरै जान्नुभएको हुनुहुन्छ । मानिसको इतिहासको सुरुदेखि नै विभिन्न चिन्तकहरू र शिक्षकहरू भइरहेका छन् । तिनीहरूको अगाडि प्रकाश थियो । जसरी चन्द्रमाले सूर्यको प्रकाश चम्काइरहेको हुन्छ, त्यसै गरेर वित्र शिक्षकहरूद्वारा येशूको प्रकाश चम्कन्छ । उहाँ नै सबै ज्ञान र शिक्षाको श्रोत हुनुहुन्छ ।

जब येशूले म संसारको ज्योति हुँ भन्नुभयो, उहाँले म मसीह हुँ भन्नुभयो - प्रतिज्ञा गरिएका जन ! यस्तो भनाइले फरिसी र गुरुहरूलाई रिस उठायो, एउटा साधारण व्यक्तिले यस्तो कुरा बोल्ने ! 'तपाईं को हो' उनीहरूले सिधा जवाफको उपेक्ष गर्दै प्रश्न सोधे । येशूको हालत र अवस्था देखेर उहाँलाई मसीह भन्ने भनेर उनीहरूले येशूलाई इन्कार गरे ।

तर येशू जालमा पर्न इन्कार गर्नुभएन । उहाँ को हुनुहुन्छ भनी प्रमाण दिइरहनुभएन । उहाँले परमेश्वरको सम्बन्धको विषयमा कुरा गर्नुभयो । "म आफै केहि गर्न सक्दिनँ मलाई मेरा बुबाले जे गर भन्नुहुन्छ त्यही गर्दछु ।"

येशूका वचन सुन्न चाहनेहरूलाई उहाँले भन्नुभयो, 'यदि तिमीहरूले मेरा शिक्षा पालन गरिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेलाहरू हौ । तब तिमीहरूले सच्चाइलाई बुझ्नेछौ र सत्यताले तिमीहरूलाई स्वतन्त्र बनाउनेछ ।"

# अब्राहमको छोराछोरी

येशूका यी भनाइले फरिसीहरूलाई चिढायो, “हामीहरू अब्राहमको छोराछोरी हौँ, हामी कहिल्यै दास भएनौँ, तिमीहरू स्वतन्त्र हुनेछौ, भनी तपाईंले के भन्न खोजेको ?”

येशूले ती मानिसहरूलाई हेर्नुभयो - उनीहरूका आफ्नै घृणाका दास र दिक्‌दार भएर जवाफ दिनुभयो “ म साँच्चै तिमीहरूलाई भन्दछु, जो पापमा रहन्छ ऊ पापको दास हुन्छ । यूहन्ना ८:३४

जो मानिसले परमेश्वरलाई आफ्नो हृदय दिएका छैनन् उनीहरू अर्को शक्तिको अधीनमा छन् । तिनीहरू पूरा दासत्वमा छन् । उनीहरूको मस्तिष्क सैतानको नियन्त्रणमा छ । तर येशू ती बन्धन फुकाल्न र मानिसलाई स्वतन्त्र गराउन आउनुभयो । उहाँले मानिसलाई चुन्न सक्ने मूल्य चुक्ता गरिदिनुभयो ।

येशूमा समर्पण हुनुभन्दा ठूलो स्वतन्त्रता अरू केहि छैन । जब हामी पापबाट स्वतन्त्र हुने इच्छा गर्दछौँ र मद्दतका निमित्त पुकारा गर्छौँ भने हाम्रो इच्छा शक्तिमा पवित्र आत्माले शक्ति दिनुहुन्छ र हामी स्वतन्त्र हुन्छौँ, किनकि परमेश्वर हाम्रो स्वतन्त्र भएको चाहनुहुन्छ । पापले मानिसलाई चुन्न सक्ने स्थितिमा ल्याउँदैन । येशूमा सम्मिलित भएर मात्र हामी स्वतन्त्र हुन सक्छौँ । यसले महिमामय मानव चरित्रमा पुनः स्थापना गर्दछ ।

फरिसीहरू आफैले आफूलाई अब्राहमका सन्तान भने । तर अन्य जातिको सन्तानको केहि महत्व थिएन । यदि उनीहरू अब्राहमको सन्तान भएका भए उनीहरूले बोलिएका सत्यताहरूलाई बुझ्ने थिए । प्रेरितका उत्तराधिकारी हुनु पनि त्यस्तै कुरा हो । यो एउटा आत्मिक सम्बन्ध हो ।

येशूले भन्नुभयो, “यदि तिमीहरू अब्राहमको सन्तान भएको भए, उनले कार्य गरे जस्तै गर्ने थियौ । तिमीहरूले मलाई मार्न चाहने थिएनौ । तिम्रो बाबु पक्कै पनि अर्कै व्यक्ति हुनुपर्छ ।”

येशूको जन्मको विषयमा मानिसहरूलाई शंका उत्पन्न गराउने यो राम्रो अवसर थियो ।“हामी आफ्ना बाबुलाई नचिन्ने मानिस जस्तो होइन, हाम्रो पिता परमेश्वर हुनुहुन्छ ।”

येशूले उनीहरूका तुच्छ भनाइलाई वास्ता गर्नुभएन, “यदि तिमीहरू परमेश्वरका सन्तान हौ भने, तिमीहरूले मलाई माया गर्ने थियौ, किनकि म उहाँबाट आएको हुँ । तिमीहरू दुष्टका सन्तान हौ, ऊ सुरुदेखि नै हत्यारा हो, र ऊ सत्यको विरुद्धमा छ । येशूको साँचो भनाइले फरिसीलाई रिस उठायो । तिन वर्षसम्म प्रत्येक दिन येशूको चरित्रको खराबी कुरा पत्ता लगाउन प्रयत्न गरिरहे । तर उनीहरूले त्यहाँ केहि खराबी भेट्टाएनन् “के म गलत छु भनी प्रमाणित गर्न सक्छौ ?” येशूले भन्नुभयो । “यदि मैले तिमीहरूलाई सच्चाई

प्रस्तुत गरेको छु भने तपाइँहरू किन विश्वास गर्नुहुन्न ?" सैतानले पनि उहाँमा केहि दोष देखेन । सैतानले पनि येशूलाई पवित्र हुनुहुन्छ भनी मान्यो । प्रभु येशू परमेश्वरको कानुनमा रहनुभयो । परमेश्वरलाई खुसी पार्ने कार्यको प्रशंसा गर्ने शक्ति लोप गराउँछ ।

परमेश्वरको पुत्रमा परमेश्वरको आवाज वा सन्देशलाई उनीहरूले बुझ्न सकेनन् । उनीहरूले येशूलाई न्याय गर्दै छु भने तापनि उनीहरूले आफैलाई न्याय गर्दै थिए । अहिलेको समयमा बाइबलप्रति त्यस्तै विचार राख्ने मानिसहरू पनि छन् । केहि कुरा उनीहरू अध्ययन गर्छन् र त्यस विषयमा कुरा काट्छन् । वादविवाद गर्दछन, प्रश्न गर्दछन्, यसरी उनीहरूको बुद्धिमता पूर्ण तवरले प्रस्तुत भएको उनीहरू ठान्छन् । तर यस्तो कार्यले परमेश्वरको कार्यको प्रशंसा गर्ने शक्ति लोप गराउँछ ।

येशूले भन्नुभयो, "तिम्रा पिता अब्राहमले हेरूँ भनी प्रार्थना गरेका थिए । अब्राहमले जब परमेश्वरको आज्ञाअनुसार आफ्नो छोरालाई बेदीमा चढाउन आँटे उनले परमेश्वरको प्रायोजनलाई अझ राम्रोसँग बुझ्न सके । अब्राहमलाई छोरा बलिदान दिनबाट परमेश्वरले रोक्नुभयो तर अब्राहमले परमेश्वरका पुत्रले संसारका निम्ति बलिदान हुनुपर्ने कुरा बुझे ।

अब्राहमको छोराको निम्ति बलिदान उपलब्ध गरेर परमेश्वरले यही बताउनु भयो कि कुनै पनि मानिसले पापको मूल्य चुकाउन सक्ने थिएन । अन्य जातिको चलनमा पापका निम्ति छोराछोरीलाई बली दिने कार्य परमेश्वरको दृष्टिमा मान्य थिएन । परमेश्वरको पुत्रले मात्र संसारको दोष मेटाउन सक्नुहुन्थ्यो । येशूको भनाइलाई मानिसहरूले हाँसोमा उडाए, उहाँलाई बौलाहा भन्ने मौकामा थिए ।" तिमी ५० वर्ष पनि भएका छैनौ र तिमीले अब्राहमलाई देखेका छौ भनी भन्दछौ ?

शान्त भएर उहाँले जवाफ दिनुभयो, "साँच्चै म भन्दछु, अब्राहम जन्मनुभन्दा पहिलादेखि म छु । यूहन्ना ७:५८

भीड चुपचाप भयो, "म हुँ" भने परमेश्वरको नाम मोशालाई दिनुभएको थियो । अहिले यो शिक्षक, गालिलको मानिस सधैं रहने परमेश्वर हुँ भन्ने भन्दै हुनुहुन्थ्यो । तुरुन्तै पूजारी र फरिसीहरूले परमेश्वरलाई दोष लगाएका हुन भनी येशूलाई भने । धेरै मानिसहरू फरिसीहरूसँग मिले र येशूलाई पिट्न ढुङ्गा उठाए तर भीडमा येशू लुकाइनु भयो र मन्दिरबाट हिँड्नुभयो ।

## एकजना अन्धाको गवाही

येशू आफ्ना चेलाहरुसँग त्यहाँबाट हिँडेपछि उनीहरूले जन्मदेखि को नै अन्धो मानिसलाई देखे । चेलाहरूले सोधे, "गुरुज्यू कसको पापको कारणले

गर्दा ऊ अन्धो भएको हो" - यसको आफ्नै पापले वा उसका आमा बाबुका पापले ।"

"न ता उसको पापले न यसका आमाबाको पापले गर्दा यो अन्धो भएको हो" येशूले जवाफ दिनुभयो, 'परमेश्वरको महिमा उद्वारा होस् भन्ने हेतुले यो जन्मँदै अन्धो भएर जन्मिएको हो । ' त्यसपछि उहाँले भुइँमा थुक्नुभयो, माटो बनाउनुभयो, त्यही माटोले उसको आँखामा लगाइदिनुभयो । उहाँले त्यस मानिसलाई भन्नुभयो, "सिलियोममा गएर धोऊ ।" त्यो मानिस गयो त्यहाँ आफ्नो आँखाको माटो पखाल्यो । जब उसले आँखा खोल्यो, उसले जीवनमा पहिलो पल्ट हेर्न सक्ने भयो । सैतानले मानिसलाई भ्रममा पारेको थियो कि पापको कारण मानिसमा रोगहरू र मृत्यु बढाउनुहुन्छ । त्यसकारण जो अशक्त बिरामी थियो र बढ्ता पापी भनेर सोचिन्थ्यो । येशूले चेलाहरूको प्रश्नलाई व्यवहारिक तवरले उत्तर दिनुभएको थियो ।

परमेश्वरले मानिसलाई दण्ड दिनुहुन्छ भन्नेभन्दा बढी परमेश्वरले दृष्टि दिन सक्नुहुन्छ, परमेश्वर प्रेमिलो हुनुहुन्छ भनी उहाँले बताउनुभयो । माटोमा अथवा पोखरीमा जाती पार्ने शक्ति थिएन । जाती पार्ने शक्ति येशूबाट आएको थियो ।

जब छिमेकीहरू मागिरहेको अन्धोलाई देखे, त्यही मानिस होइन कि भनेर उनीहरूले शंका गरे । तर उसले त्यो मानिस आफै भएको कुरा बतायो । "तिमीले तिम्रो दृष्टि कसरी पायौ त" उनीहरूले सोधे–येशू नाम भएको व्यक्तिले केहि माटो बनाएर मेरा आँखामा राखे, त्यसपछि त्यो धुनलाई अह्राए जब मैले त्यसो गरेँ म देख्न सक्ने भएँ । छिमेकीहरूले सोधे "ती मानिस कहाँ छन् ?" उसले यति मात्र जवाफ दिन सक्थ्यो "मलाई थाहा छैन ।"

जब फरिसीहरूले यो अचम्मका कार्यहरूका विषयमा सुने, उनीहरूले अचम्म माने । यो घटना विश्राम दिनमा गरिएको थियो । यसकारणले येशूलाई अझ बढी घृणा गरे । त्यो मानिस उनीहरूका सभामा आएर येशूको विरुद्धमा बोलोस् भन्ने चाहिँ उसले पूरा वृत्तान्त बतायो ।

केहि फरिसीहरूले भने "यो परमेश्वरतर्फको मानिस होइन, यसले साबाथलाई पवित्र राख्दैन । उनीहरूले साबाथ दिनमा हत्या आदिको योजना गरे तापनि साबाथ दिनलाई पवित्र राख्छौँ भनी भन्ने गर्थे ।

अर्को समूहका मानिसहरू थिए, जसले अन्धाको आँखा खोलिदिने पक्कै पनि साधारण व्यक्ति होइनन् भनी सोचेका थिए । उनीहरूले भने "कसरी कोही पापी मानिसले यस्तो अचम्मको कार्य गर्न सक्छ ? धर्म गुरुले त्यस मानिसलाई सोधे, "त्यो मानिसका विषयमा के भन्छन्" उहाँ नै अगमवक्ता हुनुहुन्छ ।" उसले जवाफ दियो ।

त्यो मानिस प्रत्यक्ष उनीहरूसँग कुरा गर्दै थियो तर पनि फरिसीहरूले यो कुरा मान्न सहमत भएनन् । येशूलाई दोष लगाउने यो

अन्तिम हतियार भनी उनीहरूले लिए, उसका आमाबालाई अर्कै कुरा गर्न लगाउन उनीहरू गए । यो एउटा जानिएको कुरा थियो जसले येशूलाई मसीह भन्ने व्यक्ति ३० दिनसम्म मन्दिर बाहेक हुनुपर्थ्यो । फरिसीले उसका आमाबाबुलाई सोधे "के यो तिम्रो छोरा हो, जो जन्मै अन्धो थियो ? अहिले उसल कसरी हेर्न सक्छ ?

यस्तो अचम्मको कार्य देखेका उसका बुबा आमाले येशूलाई विश्वास गरेका थिए, तर उनीहरू डराएका थिए । उनीहरूले भने, "हामीलाई थाहा छ, यो हाम्रो छोरा हो, यो जन्मँदै अन्धो थियो, तर अहिले कसरी देख्न सक्छ त्यो हामीलाई थाहा छैन । उससँगै सोध्नुहोस्, उसको उमेर कति पुगेको छ उसैले जवाफ दिनेछ ।"

फरिसीका प्रश्नले येशूलाई उनीहरू कतिको भेदभाव गर्दा रहेछन् भन्ने कुरा पुष्टि गर्दछ । उनीहरूले सत्य मान्न तयार थिएनन्, भीडले अचम्म मानिरहेका थिए । "यदि येशू झूठा हुनुहुन्छ भने यस्ता अचम्मका कार्य परमेश्वरले किन उहाँबाट गराउनुभयो ?"

त्यो अचम्मको घटना भएको कुरालाई फरिसीहरूले नकार्न सकेनन् । कृतज्ञ र खुसी भएर त्यो मानिसले आफ्नो कथा सबैलाई सुनाउन थाल्यो । तिनीहरूले उसलाई चुप लगाउने कोसिस गरे । "तिमीले यो कुराको महिमा परमेश्वरलाई दिनु पर्ने थियो । हामीलाई थाहा छ कि येशूले निको पार्न सक्नुहुन्न, उहाँ त एक पापी हुनुहुन्छ ।"

त्यस मानिसले जवाफ दियो । "उहाँ पापी हो कि होइन मलाई थाहा छैन, मलाई यति मात्र थाहा छ, म अन्धो थिएँ, अहिले म हेर्न सक्ने भएको छु ।

पहिले भनेको कुरामा केहि बदली गरेर भन्छ कि भनेर उसलाई त्यो सब कसरी भएको थियो त्यो दोहोर्‍याएर बताउन भनियो । त्यस मानिसले जवाफ दियो मैले तपाईंहरूलाई भनिसकेको छु, के तपाईंहरूले सुन्नुभएन ? तपाईंहरू किन पुण: दोहर्‍याएर सुन्न चाहनुहुन्छ । के तपाईंहरू पनि उहाँका चेलाहरू बन्न चाहनुहुन्छ ? यस भनाइले उनीहरूलाई झन रिस उठायो । उसको अपमान गर्दै उनीहरूले भन्न थाले, "तँ उसको चेला होस्, हामी त मोशाको चेलाहरू हौं । हामीलाई थाहा छ कि परमेश्वरले मोशासँग कुरा गर्नुभयो, तर हामीलाई यो मानिस कहाँबाट आयो भनी अचमम लाग्यो ।

परमेश्वरले त्यस मानिसको मुखबाट बोल्नुभयो, "यो अचम्मको कुरा हो, तिमीहरू यो मानिस कहाँबाट आएको हो भनी जान्दैनौ, तरै पनि उहाँले मेरो आँखा खोलिदिनुभयो । हामीलाई थाहा छ कि परमेश्वरले पापीको कुरा सुन्नुहुन्न, उहाँलाई आराधना गर्ने आज्ञाकारीको प्रार्थना उहाँ सुन्नुहुन्छ । यस अघि कसैले जन्मदेखिकै अन्धो, म जस्तो मानिस जाती पारेको थिएन । यदि यो मानिस परमेश्वरतर्फको थिएन भने उसले केहि गर्न सक्नुहुन्थ्यो । त्यस

मानिसका कुरा सुनेर एकछिन त चुपचाप भए । उसको कुरामा वादविवाद गर्न सकेनन् । उनीहरूले भने "तँ पापमा नै जन्मिएको थिइस् कसरी तैंले हामीलाई सिकाउने ?" तब तिनीहरूले उसलाई मन्दिर बाहिर फ्याँकिदिए ।

उनीहरुले भनेका सबै कुरा येशू सुन्नुभयो, उहाँले त्यस मानिसलाई भेट्टाएर सोध्नुभयो, के तिमी मसीहमा विश्वास गर्दछौ ? ऊ परमेश्वरको पुत्र हो भनी विश्वास गर्दछौ ?"

पहिलोपल्ट त्यस मानिसले येशूलाई आँखा उठाएर हेऱ्यो । उसले आफ्ना आमाबाबुको द्विविधामा रहेको अनुहार हेरेको थियो । गूरुहरूका रिसाएका अनुहार देखिएको थियो । तर येशूको अनुहारमा प्रेम र शान्ति उसले हेर्न पायो । "यो परमेश्वरको पुत्र को हुनुहुन्छ र म उहाँमाथि विश्वास गरुँ ?" उसले सोध्यो ।

येशू उसको सोचप्रति मुसुक्क हास्नुभयो होला "तिमीले उहाँलाई देखेका छौ, तिमी अहिले उसैसँग कुरा गर्दै छौ ।" त्यो मानिस येशूको पाउमा पऱ्यो र परमेश्वरको पुत्र मसीह मानेर उहाँलाई आराधना गऱ्यो । केहि फरिसी नजिकै थिए, त्यसकारण येशूले भननुभयो, "म न्याय गर्न संसारमा आएँ । जो अन्धा छन् उनीहरूलाई दृष्टि दिन र देख्नेहरूलाई अन्धा बनाउन म आएको होइन ।" येशूका जमानामा रहेका मानिसहरूले अरू समयको भन्दा धेरै नै कुराहरू देखे । तर उनीहरूले धेरै येशूलाई कसरी प्रतिक्रिया गरे, त्यसबाट उनीहरूलाई न्याय भयो । येशूका कुरा सुनेर कसैले उहाँलाई सोधे, "के हामी पनि अन्धा हौँ त ?" येशूले जवाफ दिनुभयो यदि तिमीहरू अन्धा भएका भए तिमीहरू दोषी ठहरिने थिएनौ । तर तिमीहरू देख्ने भएकाले दोषी छौ ।"धेरै मानिसले येशूलाई मसीह भनी स्वीकार गरे । उहाँ को हुनुहुन्छ भनी हेर्न फरिसीहरूले अस्वीकार गरे । उनीहरू अन्धा नै रहे र उनीहरू पापमा पूर्ण रूपले रहे ।

# ५० जाल

*"यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने मेरो शिक्षा परमेश्वरको तर्फबाट हो कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ ।"यूहन्ना ७:१७*

पर्व भरि बस्ने चेलाहरू उहाँको पछिपछि लागे । प्रत्येक दिन उहाँलाई नमारुन्जेल चुपचाप बनाइराख्न नयाँ योजनाहरू लिएर आए । पहिलो दिन फरिसीहरूले सोधे, "कसको अधिकारले तिमी यस्ता कुराहरू सिकाउँछौ ।"

येशूले जवाफ दिनुभयो, यी कुरा मेरा आफ्नै भनाइ होइनन् यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो कि आफ्नै तर्फबाट हो सो उसले जान्नेछ ।" यूहन्ना ७:१६:१७

जसले भित्री आत्मादेखि ईश्वरमा समर्पण गरेका छन्, उनीहरूले परमेश्वरको सच्चाइ थाहा पाउनेछ । गुरुहरूको मनको विचार बताएर येशूले फेरि एकपटक ईश्वरीय गुणको परिचय दिनुभयो । उहाँले भन्नुभयो "मोशाले तिमीहरूलाई नियम सिकाए अनुसार त्यसलाई तिमीहरू पालन गर्दैनौ, मलाई मार्ने उद्देश्य किन लिन्छौ ? बिजुली चम्के जस्तै गरेर तिनीहरूले बुझे कि ईश्वरीय शक्तिसँग लडाइँ गरिरहेका थिए । तर त्यस सत्यतालाई उनीहरूले मानेनन् । उनीहरूको सैतानी कार्यको भंग हुनुथियो । "तपाईंलाई भूतात्मा लागेको छ", उनीहरूले भने । हामीले तपाईंलाई मार्ने कोसिस गरेका छैनौं ।

येशूले उनीहरूका भनाइलाई वास्ता गर्नुभएन र भन्नुभयो कि जुन मानिस बेथ सैदामा साबाथमा निको पारिएको थियो । त्यस कुरालाई उनीहरूले विचार गरून् । कानुन मुताविक हरेक छोराको आठौं दिनमा श्वटेतमा गर्नुपर्ने थियो । विश्राम दिन भए पनि "यदि त्योचाहिँ स्वीकार गरिएको भए एकजना मानिसलाई साबाथ दिनमा पूरै निको पारिदिए भनेर के तिमीहरू मसँग रिस गर्दछौ ? मुख हेरेर होइन, तर ठीक किसिमले न्याय गर ।"

## मसीहको विषयमा गलत विचार

प्रभु येशूको प्रतिकार गर्न नसकिने शक्तिद्वारा मानिसहरू येशूतर्फ खिचिएका थिए । उनीहरूले विश्वास गरे कि उहाँ नै परमेश्वरको पुत्र हुनुहुन्छ । तर सैतानले शंका उत्पन्न गर्ने कोसिस गऱ्यो । यस्तो विश्वास गरिएको

थियो कि, मसीह बेथलेहममा जन्मने भए तापनि उहाँ त्यहाँबाट अलप हुनुहुन्थ्यो । जब उहाँ देखा पर्नुहुन्थ्यो, उहाँ कहाँबाट आउनुभयो भनी कसैले जान्ने थिएनन्, मसीहको मानव सम्बन्धी कोही हुने थिएनन् भनी उनीहरूले सोचेका थिए ।

येशूले भन्नुभयो, "तिमीहरूले मलाई चिन्दछौ, र मकहाँबाट आएको हुँ त्यो पनि जान्दछौ । म आफ्नै इच्छाले यहाँ आएको होइन जसले मलाई पठाउनुभयो उहाँ सत्य हुनहुन्छ "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी दावी गर्दै हुनुहुन्थ्यो ।

त्यही समय फरिसीहरूले येशूलाई पक्रन खोजे । तर उहाँसँग धेरै सहयागीहरू थिए । तिनीहरूले भने -"जब ख्रीष्ट आउनुहुन्छ तब के यिनले गरेका चिन्हहरू भन्दा बढी चिन्ह, उहाँले गर्नुहोला र ?" जनताले यस्तो भनेको सुनेर फरिसीहरू तुरुन्तै धर्मगुरुलाई भेट्न गए र येशू एक्लै भएको बखत कसरी पक्रने भन्ने विषयमा कुरा गरे ।

येशूसँग विश्वासमा लागेकाहरू पनि अगुवा र धर्मगुरुहरूका कुरा सुनेर येशूमाथि शंका गर्न थाले । भविष्यवाणीमा मसीहको महानता र गौरवका विषयमा पढेका उनीहरूले गरिब येशूसँग ती कुराहरू तुलना गर्न थाले । तर यदि यशैयाको भविष्यवाणी उनीहरूले पढेका भए, मसीहका विषयमा भनिएका सबै कुरालाई उनीहरूले बुझ्न सक्थे ।

परमेश्वरले मानिसलाई येशूमाथि विश्वास गर्न कर लगाउनुभएन उनीहरूको शंका छाड्न कर गर्नुभएन । उहाँले हामीलाई विश्वास गर्नु भन्नुभएको छ । आफ्ना अगाडि उठिरहेको सत्यतामा अगमवाणीलाई उनीहरूले तुलना गरेर हेरेका भए फरिसीहरूले गलिलको मानिसको जीवनमा अगमवाणीहरू पूरा भएको कुरा उनीहरू बुझ्न सक्थे । आज पनि धेरै मानिसहरू यसरी नै छकिएका छन् । अरू उनीहरूका निम्ति अध्ययन गरेर निष्कर्ष निकाल्न भन्ने उनीहरू चाहन्छन् । आफै बाइबल पढेर मात्र झुठ र सत्यलाई छुट्याउन सक्छौं ।

## मार्ने उपाय

पर्वको अन्तिम दिनमा पूजारीले जनता जतिसुकै रिसाए पनि येशूलाई पक्रन मानिस पठाए । तर अधिकृतहरूले उहाँलाई नलिई फर्किए । रिसाएका पूजारीले सोधे, "उहाँलाई तिमीले किन पक्रेनौ ?"

अधिकृतहरूले यति मात्र बोले, "उहाँले बोलेजस्तो गरेर आजसम्म कसैले बोलेका छैन ।" जब येशू उनीहरूको नजिक उभिए केही गलत कुरा बोलेछन् र उहाँलाई पक्रनुपर्छ भन्ने हिसाबले हेरिरहे । जति बढी उनीहरूले हेरे उति नै बढी येशूको जीवनबाट ईश्वरीय महिमा आएको उनीहरूले देखे ।

पूजारीहरूले पनि एकपटक यस्तै महिमित येशूलाई देखेका थिए । उहाँले भने जस्ता कुरा कसैले भनेको छैन भनी उनीहरूले भनेका थिए । तर पवित्र आत्माको ज्यातिलाई उनीहरूले निभाएका थिए । तिनीहरूले उनीहरूलाई भने "येशूले तिमीहरूलाई पनि मूर्ख बनाइरहेको छ । कसैले पनि उहाँमाथि विश्वास गर्दैनन् । खाली परमेश्वरबाट श्राप पाएका छन् । उनीहरूले मात्र विश्वास गर्दछन् । कानुनका विषयमा नजानेकाहरूले उहाँमा विश्वास गर्छन् ।" मानिसहरू आज पनि यस्तै विचारहरू प्रकट गर्दछन् ।

अगुवाहरू अझै हराइरहेका थिए कि येशूतर्फ मानिसहरूलाई तानि राख्नु हुन्छ । त्यसकारण उहाँलाई मारिनुपर्छ । तर एउटा फरिसी निकोदिमस थिए, जसले येशूलाई भेटे र भने "हाम्रो नियमले उसका कुरा नसुनी यताबाट दोष लगाउन स्वीकृति दिँदैन ।"

अरूहरू रिसाए के तिमी पनि गलिलबाट हौ । यदि तिमीले धर्मशास्त्र पढेका भए बुझ्ने थियौ कि गालिलबाट कोही अगमनका आउँदैन ।" निकोदिमसको भनाइका कारण यो विषयमलाई यत्तिकै छोडेर उनीहरू घर गए ।

## वेश्यागमनको केस

येशूले त्यो रात भीडलाई छोडेर उहाँ एकान्तमा गएर प्रार्थनामा बिताउनुभयो । भोलिपल्ट बिहानै उहाँ फर्कनुभयो र मन्दिरमा बोल्नलाई आउनुभयो । त्यसैबेला मन्दिरमा खैलाबैला भयो किनकि फरिसीहरूले एउटी आइमाईलाई तान्दै येशूकहाँ ल्याए । ठूलो र क्रोधी स्वरमा उनीहरूले उसलाई वेश्यागमनको दोष लगाए-आफ्नो श्रीमान्‌देखि बाहिर अरू मानिससँग सुतेको भनी दोष लगाए । येशूलाई निश्चय नै यो समय जालमा पार्नेछौँ भनी उनीहरू निश्चित थिए । "मोशाको नियमले यस्तो आइमाईलाई ढुङ्गाले हानेर मार्नुपर्छ भनी भनेका छन्, तपाईंको विचार के छ ।" यदि येशूले उसलाई त्यसै छोडिदिनु भनेको भए उनीहरूले मोशाको नियम नमानेको भनी दोष लगाउँथे । यदि उहाँले ढुङ्गाले हान्ने आज्ञा दिएमा उनीहरू गएर रोमन शासकलाई भन्ने थिए, उनीहरूको अधिकार अरूलाई दिन सक्तैनथे ।

येशूले अगाडिका कुरालाई हेर्नुभयो, त्यहाँ डराएकी, लाजले अनुहार झुकाएकी महिला थिई र उसलाई दोष लगाउने मानिसहरू थिए । तर उहाँले उनीहरूका भित्री मन र हृदयमा हेर्नुभयो । उनीहरूका प्रश्न नसुने झैं गरेर उहाँले भुँइमा औँलाले लेख्न सुरु गर्नुभयो ।

येशूले उभिएर भन्नुभयो, यहाँ भएका मध्ये जसले कहिल्यै पाप गरेको छैन उसले पहिलो ढुङ्गा हान्न सक्छ ।" यति भनेर उहाँ फेरि हातले बालुवामा लेख्न सुरु गर्नुभयो । आफू नाङ्गा जस्ता भएका फरिसीहरू एक शुद्ध

र पवित्र जनका अगाडि उभिए । केहीबेरपछि उनीहरू एकाएक भएर हिँड्न सुरु गरे ।

अन्तमा येशू उभिनुभयो, त्यो महिलालाई हेर्नुभयो र भन्नुभयो, "तिमीलाई आरोप लगाउनेहरू कहाँ गए ? तिमीलाई दोषी कसैले भेट्टाएनन् ।"

उनले टाउको हल्लाउँदै जवाफ दिइन् "कसैले भेट्टाएनन् ।"

तब येशूले भन्नुभयो "म तिम्रो न्याय गर्दिनँ, अब जाऊ र फेरि कहिल्यै पाप नगर ।"

येशूको छेउमा उभिँदा उनी मलिन बनी कामिरहेकी थिइन् । तर उहाँका वचनले गर्दा उसको हृदय पग्लियो, आफ्नो पापको प्रयश्चित स्वरूप उ रुन थालि । उसको निम्ति यो नयाँ जीवनको सुरुवात थियो । ऊ येशूको अति पृथक चेला बन्न पुगिन् ।

येशूमा हामीले आफ्नो पापको लागि लज्जित भइरहनु पर्दैन । हाम्रा कमजोरीहरूप्रति उहाँको सहानुभूति छ, हामीलाई बचाउन उहाँ पुग्नुहुन्छ । मानिसले पापलाई घृणा गर्दछन्, पापलाई होइन । येशूले पापलाई घृणा गर्नुहुन्छ पापीलाई माया गर्नुहुन्छ । येशूका चेलाहरूले पनि त्यही विचार अपनाउनुपर्छ । दोष लगाउन ढिला, क्षमापदन छिटो, उत्साह बढाउन छिटो र परमेश्वरपट्टि फर्काएर ल्याउन उत्सुक हुनुपर्दछ ।

# ५२ असल गोठालो

*"मैले तँलाई तेरो नाम काटेर बालोएको छु , तँ मेरै होस् ।"*
*यशैया ४३:१*

मानिसहरूलाई परिचित कुरा गरेर उनीहरूसँग कुरा गर्नुभयो । एउटा गोठालाले आफ्ना भेंडा हेरेको दृश्य उनीहरूका निम्ति परिचित दृश्य थियो । "म असल गोठालो हुँ । असल गोठालाले आफ्नो भेंडाको निम्ति ज्यान पनि दिन्छ ।" यूहन्ना १०:११ । यो सुनेर येशूलाई आफै जस्तो भेंडाहरूको रूखधारी गर्ने जस्तो सोचे ।

फरिसीहरूले आफू असल गोठालो होइन भनी परिचय दिएका थिए । आफ्नो कथामा येशूलाई मानेको कारण एकजना मानिसलाई झुण्डबाट उनीहरूले बाहेक गरेका थिए । त्यसकारण येशूले आफैलाई परमेश्वरको झुण्डको साँचो रूखकाली गर्ने भनेर प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो ढोकाबाट नआउने प्रत्येक चोर र डाँका हो । ढोकाबाट भित्र पस्नेचाहिँ गोठालो हो ।

फरिसीहरू द्विविधामा परेको देखेर येशूले भन्नुभयो, "ढोका म नै हुँ" यदि कोही मानिस म बाट भित्र पस्यो भने, त्यो बचाइनेछ, र भित्रबाहिर आउने जाने गर्दछ र खर्कमा भर्न पाउनेछ । चोर त चोर्न मार्न र नाश पार्न मात्र आउँछ । म त सबैले जीवन पाउन, र त्यो प्रश्स्त मात्रामा पाउन भन्ने हेतुले आएको हुँ ।" यूहन्ना १०:९,१०

परमेश्वरका झुण्डको येशू ढोको हुनुहुन्छ । उहाँद्वारा संसारको इतिहासको सुरुदेखिका मानिसले परमेश्वरलाई पाएका छन् । पवित्र स्थानको संकेतमा अगमवक्ताका वचनमा उहाँका अचम्म कार्य र शिक्षामा "येशू परमेश्वरको थुमा हुनुहुन्छ" भनी चेलाहरूले गवाही दिए ।

मानिसहरू आफ्नो जीवनमा शान्ति ल्याउन विभिन्न चालचलनहरू स्थापना गरेका छन् । तर येशूको ठाउँमा यदि कसैले यस्ता संस्कारहरू राख्छ भने ऊ डाँका हो । यहुदी धर्मगुरुहरूले र अगुवाहरूले जीवित खर्कका नारा गरे, कुवाका मुहानहरू विषक्त बनाए । वचनले यिनीहरूलाई झूठा गोठाला भनेको छ । "तिमीहरू दुर्वललाई बलियो पारेका छैनौ, तिमीहरूले तिनिहरूलाई निर्दयता र कठोरतासाथ शासन गरेका छौ ।" इजिकियल ३४:४

अविश्वासी जगतमा पनि विभिन्न समय बुद्धिजीवीहरू देखापर्दछन, जसले शान्तिको बाटो बताउने प्रयास गर्दछन् । लाखौं मानिसहरू बिना आशा र खुसी जालमा पारिएका छन्, मरेपछि के हुन्छ भन्ने डरमा उनीहरू हुन्छन् ।

सुसमाचारले प्रभु येशूको जीवनमा देखाइएको परमेश्वरको प्रेमले मात्र मानव हृदयलाई माथि उचाल्न सक्छ। अर्को दोस्रो बाटो देखाउने व्यक्ति डाँका हो।

## विश्वासिलो गोठालो

त्यो समयमा गोठालाहरूले आफ्नो जीवनलाई खतरामा राखेर भए पनि बगालको हेर विचार गर्नु पर्ने थियो। डाँका, भालु रसिंह आदिले भेंडलाई आक्रमण गर्दथ्यो, चोरेर लैजान्थ्यो वा मार्दथ्यो। तर असल गोठालाले आफ्ना बगालको हेर विचार गर्थ्यो, उसले प्रत्येकलाई चिनेका कारण नाम काटेर बोलाउँथ्यो र बगालले उसको कुरा सुन्थे।

त्यसैगरी स्वर्गीय गोठालो येशूले सबै बथानलाई चिन्नुहुन्छ – सारा संसार भरि छरिएर रहेका भए तापनि चिन्नुहुन्छ। उहाँले व्यक्तिगत रूपमा हामीलाई चिन्नुभएको छ। "तिम्रो नाम काटेर मैले तिमीलाई बोलाएको छु, तिमी मेरै हौ।" उहाँ भन्नुहुन्छ यसैया ४३:१ हामी कहाँ बस्छौं, कस्तो परिस्थितिमा पर्छौं, त्यो उहाँले जान्नुहुन्छ। येशूले आफ्ना चेलालाई कुनै सहर, कुनै गाउँ वा घरमा गएर हराएका भेंडाहरू ल्याउन अह्राउनु भएको छ। येशूले हामीलाई चिन्नुहुन्छ, हामी प्रत्यक एकजनाका निम्ति आएर मर्नुभयो। यस्तो गरेर उहाँले प्रेम गर्नुहुन्छ। उहाँलाई हाम्रो आवश्यक्ता र हाम्रा पीरहरू थाहा छन्। सबैलाई आफूतिर अकर्षण गर्न उहाँ आउनुभयो। उहाँले भन्नुभयो "मेरा भेंडाले मेरो आवाज सुन्नेछन् र मलाई पछ्याउनेछन्।" हामीलाई महत्त्व दिएर उहाँले हेरचाह गर्नुहुन्छ।

## भेंडाहरूले किन पछ्याउँछन्

असल गोठालाले भेंडाहरूलाई खेदाउँदैन। सिधा बाटोमा हिँड्न उसले बल प्रयोग गर्दैन। बरु ऊ बथानको पहिला हिँड्छ र भेंडालाई बोलाउँछ। जसरी आउने खतरालाई पहिलो सामना गर्दै गोठालालाई अगुवाइ गर्छ त्यस्तै अगुवाइ येशूले गर्नुहुन्छ। मुक्तिदाताको पदचिन्हले स्वर्गीय राज्य आशिषित् भएको छ।

येशूका चेलाहरू दण्डबाट भाग्न वा अनन्तको परस्कार लिन उहाँलाई पछ्याउँदैनन्। उनीहरूले येशूको दागरहित जीवन हेर्दछन्। उनीहरूको हृदय पग्लिन्छ, आत्मा कमलो हुन्छ। उनीहरूको हृदयमा प्रेम उठ्छ। तिनीहरूले उहाँको आवाज सुन्दछन् र तिनीहरूले उहाँलाई पछ्याउँछन्।

अहिले उहाँ स्वर्गीय राज्यको सिंहासनमा बस्नु भएतापनि उहाँ आफ्नो जनप्रति त्यति नै विश्वासीलो हुनुहुन्छ, जसले आफ्नो हृदय उहाँलाई

दिएका छन् उनीहरू उहाँका नजरमा संसारभन्दा मूल्यवान्का हुन्छन् । प्रत्यक एकजनाको निम्ति उहाँ क्रुसमा मर्नुभएको हो । उहाँले आफ्नो जीवन दिएर बचाएका कसैलाई पनि छोड्न हुन्न । उहाँका चेलाले आफै नछोडेसम्म उहाँले तिनिहरुलाई कहिल्यै छोड्नुहुन्न ।

हाम्रो कहिल्यै नथाक्ने गोठालाले हामीलाई हाम्रो बोझमा र परीक्षामा एक्लै छोड्नुभएको छैन । उहाँलाई हामी देख्न सक्तैनौं तर उहाँको आवाजलाई हामी सुन्न सक्छौं, "नडराऊ, म तिमीसँग छु, मैले तिम्रो दुःख बाँडेको छु, तिम्रो संघर्षहरू र परीक्षाहरू लिएको छु । मैले तिमीले जस्तै रोएको छु । तिमी एक्लै छैनौ ।

हामी परमेश्वरका उपहार र पिताका पुरस्कार हौं । यसैले येशूले हामीलाई आफ्नो सन्तान जस्तै प्रेम गर्नुहुन्छ । उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ स्वर्गले यो भन्दा ठूलो उपहार दिन सक्तैनथियो । त्यसकारण उहाँको प्रेममा विश्वास गर्नुहोस् ।

येशूले संसारमा सैतानद्वारा अगुवा गरिएका सबैलाई हेर्नुभयो । उहाँले भन्नुभयो । मसँग यो बथानबाहेक अरू भेंडाहरू पनि छन् । तिनीहरूलाई म बोलाउँछु र तिनीहरू सबै एकै झुण्डका हुनेछन् एक गोठालो हुनेछ ।"
मानव भएर येशू मरणशील हुनुहुन्थ्यो । परमेश्वर भएर संसारको जीवनको मुहान् हुनुहुन्छ । उहाँले मर्न इन्कार गर्न सक्नुहुन्थ्यो तर हामीलाई अनन्त जीवन दिन उहाँले खुशी साथ आफ्नो जीवन दिनुभयो "भेंडाहरू जस्तै हामी बरालिएका छौं प्रत्येकले आफ्नो बाटो रोजेका छन्, र परम् प्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ ।" यशैया ५३:७

# ५३ गलिलबाट अन्तिम यात्रा

*"हे पिता, स्वर्ग र पृथ्वीको परमप्रभु म तपाईंमा धन्यवाद चढाउँछु ।"*
*लूका १०:२१*

आफ्नो सेवकाइका अन्तिम दिनहरूमा येशूले काम गर्ने ढाँचा बदल्नुभयो । पहिला जस्तै उहाँले मानिसमा चिनिन मन पराउनुभएन । मानिसका प्रशंसाबाट उहाँ अर्कोतर्फ फर्कनुभयो, कसैले उहाँलाई मसीह नभनोस् भनी मानिसलाई भन्नुभयो । तर अहिले सबै कुरा बदलिएको थियो । यरुसलेमको आत्मीय यात्रा गर्दा ठूलो जनसमूहसहित हिँड्नुभयो । उहाँको आगमनको कुरा उहाँभन्दा अगाडि प्रचार भयो । सबै मानिसको बलिदानका निम्ति उहाँ जाँदै हुनुहुन्थ्यो ।

येशूका चेलाहरूले चाहेका भए उहाँलाई रोक्न सक्थे । धार्मिक अगुवाहरूले उहाँलाई कति घृणा गर्दछन् भन्ने कुरा उनीहरूलाई थाहा थियो । येशूलाई आफ्ना प्रिय चेलाहरूलाई यरुसलेममा लैजान साँच्चै कठिन पारिरहेको थियो । जहाँ दु:ख र कष्टले येशूलाई पर्खेर बसिरहेको थियो । यस्तै समयमा सैतानले निरन्तर प्रयास गरिरहयो र येशूको परीक्षा लिन थाल्यो, "तपाईं किन यरुसलेम गएर मर्ने ? तपाईं बलियो र जवान हुनुहुन्छ । तपाईंको चारैतिर निको पारिन पर्खिएका मानिसहरूको भीड छ तपाईं संसारको यात्रा गर्न सक्नुहुन्छ, आफ्नो सुसमाचार सुनाउन सक्नुहुन्छ, प्रेम ल्याउन सक्नुहुन्छ, बिरामीलाई जाती पार्न सक्नुहुन्छ । अहिले नै मरेर के गर्नु ? अहिले सुरुवात मात्र भएको छ ।" तर येशूले यरुसलेम जाने निर्णय गर्नुभएको थियो ।

उहाँको आफ्नै जीवनमा एउटा नियम थियो, त्यो हो आफ्ना पिताको आज्ञा मान्ने । परमेश्वरको योजना अनुसार सबै मानवका लागि आफ्नो जीवन अर्पण गर्नु थियो । उहाँ असफल हुनुहुने थिएन । उहाँका शत्रुहरूले उहाँलाई मार्ने उपायहरू सोचिरहेका थिए, त्यही जीवनलाई उहाँले स्वतन्त्रता साथ दिइरहनु भएको थियो । येशू सामरीहरूका गाउँमा आउँनुहुन्छ भनेर समाचार पठाउनुभयो । तर सामरीहरूले यहुदीहरूलाई घृणा गरेर त्यहाँ बस्न दिएनन्  किनकि येशू यहुदीहरूका गाउँमा जान लाग्नुभएको थियो । पक्षपातको कारणले गर्दा उनीहरूले जे गर्न आशिषहरू पाउन सक्थे ती सबै आशिष्हरूबाट उनीहरू वञ्चित भए ।

याकूव र यूहन्नालाई एकदम नराम्रोसँग अपमान गरिएको थियो । टाढाको डाँडामा कार्मेल पहाडलाई देखेर उनीहरूले एलिया र बालका

अगमवक्तालाई सम्झिए । “प्रभुजी के तपाईं स्वर्गबाट आगो बर्सिएर यी मानिसहरूलाई नाश गरोस् भनी चानुहुन्छ ?” उनीहरूले सोधे ।

येशूको जवाफमा उनीहरू छक्क परे, “तिमीहरू के बोलिरहेका छौ भनी तिमीहरूले बुझेका छैनौ । म मानिसहरूलाई नाश गर्न होइन बचाउन आएँ । येशूलाई स्वीकार गर्न उहाँले कहिल्यै दबाब दिनुहुन्न । प्रेमिलो इच्छाले समर्पण भएको उहाँले चाहनुहुन्छ । अरूको व्यवहारमा दखल दिँदा उहाँको मन दुख्छ ।

## सत्तरी चेलाहरू

येशूले आफ्नो सेवकाइको अन्तिम महिना जोड्न पारी यहुदी नजिकको पेरिया भन्ने ठाउँमा बिताउनुभयो । भीडले उहाँलाई पछ्याइरहेको थियो, उहाँले अरू डाउँमा गरेका र सिकाएका कुरा त्यहाँ गर्नुभयो । उहाँले आफूले तालिम दिनुभएका “सत्तरी जना चेलाहरूलाई दुईदुई जना गरेर आफू जानुपर्ने गाउँहरूमा पठाउनुभयो । सामरी गाउँबाट तिरस्कार गरिए तापनि समरियाको इलाका घुम्न पनि चेलाहरूलाई अह्राउनुभयो । येशू स्वर्ग जानुभन्दा पहिला येशूलाई स्वागत नगर्ो सहर सामरियातिर जान भन्नुभयो ।

यस ठाउँमा पहिलो सुसमाचार प्रचार गर्न उहाँले भन्नुभयो । जब चेलाहरू त्यहाँ पुगे परमेश्वरको प्रेमले गर्दा त्यहाँ मानिसमा परिवर्तन आइसकेका भेट्टाए । धेरै सामरीहरूले उनीहरूलाई स्वागत गरे जो पहिला तिनीहरूका शत्रु थिए, यहुदीहरू अनि त्यहाँ इसाइ मण्डली सुरु भयो । जब सत्तरी चेलाहरूलाई पठाउनु भयो, यदि कुनै सहरले उनीहरूको कुरा सुनेन भनेदेखि खुट्टाको धुलो टकटक्याउनु र परमेश्वरको राज्य नजिकै रहेको कुरा बताएर हिँड्नु भनी भन्नुभयो । रिसले यस्तो गरिनु थिएन तर परमेश्वरको राज्यको विषयमा नसुन्नु कति गम्भीर कुरा थियो भन्ने बुझाउनु थियो । यदि मानिसहरूले येशूको सुसमाचार सुन्न चाहेनन् भने उनीहरूले मुक्तिदातालाई नअपनाएको भए हुन्थ्यो ।

## ढोकामा ढकढक्याउनु

मानिसले उहाँको वचनको प्रतिकार गर्दा उहाँले गालिलका सहरहरू सम्झिनुभयो । जहाँ उहाँले धेरै दिन बिताउनुभएको थियो । त्यहाँ मानिसहरूले उहाँका कुरा सुनेर त्यसलाई अपनाएका थिए, उहाँका अचम्म कार्यको गवाही बनेका थिए । तर परमेश्वरको वचन बुझ्नु भन्दा उनीहरूले धर्मगुरुका शिक्षापट्टि धयान दिएका थिए र पुरानै चालचलन बाचइराखेका थिए । धेरै मानिसहरूले झण्डै येशूलाई पछ्याउन आँटेका थिए, तर पछ्याएका थिएनन् ।

बाइबलका प्रत्येक वचनले हृदयमा ढकढक्याउँछन् । हृदयभित्र आउने यो येशूको आवाज हो । जबजब हामी खोल्न इन्कार गर्छौं, ढोका खोल्ने इच्छा पनि कमजोर बन्दै जान्छ । पवित्र आत्माको प्रभावलाई आज बेवास्ता गऱ्यौं भने, भोलि तिनीहरू त्यति कडा प्रकारका हुँदैनन् । हाम्रो मनले थोरै प्रतिक्रिया देखाउनेछ । अन्तमा हामीले दुष्ट भएको कारणले होइन बरु सच्चाइलाई लिन वास्ता नगरेकोले मुक्ति गुमाउनेछौं ।

## पवित्र आत्माको शक्ति

आफ्नो काम सिध्याएपछि सत्तरी जना खुसी हुँदै आए, "प्रभुजी हामीले तपाईँको नाममा भूतहरू पनि निकाल्यौँ" तिनीहरूले भने । येशूले भन्नुभयो, हो तिनीहरूले माने, मैले सैतानलाई बिजुलीजस्तै खसिरहेको देखें, मैले तिमीहरूलाई सर्प र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन ।" येशूलाई जसले लिएका छन् यसलाई सैतानले केहि गर्न सक्तैन । जब परीक्षाहरू आउँछन्, दु:खहरू आउँछन् येशूसँग प्रार्थना गरौं दुष्टसँग लडाइँ गर्दै गरेका जनलाई येशूले एक्लै कहिल्यै छोड्नुहुन्न ।

आत्माले तिमीहरूका कुरा मान्यो भने खुसी नहोऊ, तर स्वर्गमा तिमीहरूको नाम लेखिएकोमा खुसी मनाऊ ।" हाम्रो आफ्नो सफलतामा असर पर्नु स्वभाविक कुरा हो । येशूले कसरी क्षमा दिनुभयो र बदल्नुभयो भन्ने सम्झनाले हामी सुरक्षित रहन्छौं । हामी जति उहाँको समीपमा रहन्छौं, त्यति नै बढी पवित्र आत्माले काम गनुहुन्छ । जब चेलाहरूले येशूका वचन सुन्दै थिए उनीहरूको हृदयमा यो सत्यता पवित्र आत्माले लेख्दै हुनुहुन्थ्यो । भीड त्यहाँ भए तापनि उनीहरू परमेश्वरसँग एक्लै रहेका जस्तै थिए ।

येशूले यो देख्नुभयो र पितासँग प्रार्थना गर्नुभयो, " हे पिता स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढाउँछु, किनकि तपाईंले यी कुरा बद्धिमान् समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो । किनकि पिता यही तपाईँलाई असल लाग्यो ।" लुका १०:२१

त्यसबेलाका आदरणीय र प्रतिष्ठित जनहरूले येशू को हुनुहुन्छ भनी बुझ्न सकेनन् । तर मछुवाहरू कर लिने मानिसहरूले बुझे । जब उनीहरू पवित्र आत्माका नजिक हुन्थे परमेश्वरलाई मानिसको शरीरमा आफ्नै छेउमा उभिएको उनीहरू महशुस गर्दथे । जब येशूले पुरानो नियमबाट मसीहका विषयमा चर्चा गर्नुहुन्थ्यो । कसको विषयमा लेखिएको हो भनेर उनीहरूले बुझे । पेरियाका मानिसहरूले येशूले बताएका कुरा सुने । त्यसबेला येशूले धेरै दृष्टान्तहरू बताउनुभयो । यस समयमा येशूले सिकाउनुभएका कथा र

पाठहरूद्वारा येशूका चेलाहरूको विश्वास बढ्न गयो, जब उनीहरू आफ्ना लक्ष्यमा गए त्यसबेला त्यो कुराले उनीहरूलाई साहस बढायो ।

# ५४ असल समारी

*"यदि हामीले एक अर्कोलाई प्रेम गर्‍यौं भने परमेश्वर हामीमा रहनुहुन्छ ।" यूहन्ना ४:११*

येशूले शिक्षा दिइरहनु भएको समयमा कानूनविद् एकजना खडा भएर सोधे, "गुरुज्यू अनन्त जीवन पाउँन मैले के गर्नुपर्छ ?" पूजारी र गुरुहरूले येशूलाई जालमा पार्नका निम्ति यो वकिललाई काम गराइरहेका थिए ।

तर येशूले वादविवाद गर्न चाहनुभएन, उहाँले सोध्नुभयो, "नियममा तिमीले के पढेका छौ ?"

वकिलले जवाफ दिए "आफ्ना परमेश्वरलाई सारा मनले सारा आत्माको र सारा शक्तिले प्रेम गर । आफ्नो छिमेकीलाई आफैलाई जस्तो प्रेम गर ।"

येशूले स्वीकारोक्तिमा शिर हल्लाउनुभयो, "त्यो ठीक छ", उहाँले भन्नुभयो, यी कुरा गर र तिमीले अनन्त जीवन प्राप्त गर्नेछौ ।"

एउटा नियम भाँड्ने र अर्कोलाई मान्ने गर्नुहुँदैन । तिनीहरू एक आपसमा जोडिएका छन् । परमेश्वरमा सम्पूर्ण प्रेम र अरूप्रति निःस्वार्थ प्रेम भएको हुनुपर्दछ ।

ती वकिलले धर्मशास्त्र अध्ययन गरिरहेका थिए, उनलाई थाहा थियो उनले सधैं छिमेकीलाई प्रेम देखाएका थिएनन् । येशूका कुराले उसको हृदय छोयो । उसले सोध्यो मेरो छिमेकी को हो ?"

यही प्रश्नमा यहूदीहरू वादविवाद गर्ने गर्थे । सबैले मानिलिएका थिए कि अन्य जातिहरू र सामरीहरू अपरिचित र शत्रुहरू थिए । गरिब, अन्जान र अशुद्ध मानिसहरू पनि छिमेकी जस्तै मान्ने कि नमान्ने ?"

येशूले उनीहरूको विचारलाई दोष लगाउनुभएन । बरु उहाँले एउटा साधारण कथा भन्नुभयो । स्वर्गीय अनुभूति दिने त्यो कथाले उनीहरूको मन छोयो ।

येशूले भन्नुभयो, "एउटा मानिस येरुसलेमबाट जेरिको तर्फ गइरहेको थियो, बाटामा डाँकाहरूले उसलाई आक्रमण गरे । उसका कपडा च्यातिए, उसलाई मरणाशन्न अवस्थामा बाटोको छेउमा छोडिदिए । केहि बेरमा एकजना यहूदी त्यो बाटो भएर आए, जब उनले त्यसलाई देखे, ऊ बटाको अर्कोपट्टि तर्केर हिँड्यो । दोस्रो व्यक्ति मन्दिरका पूजारी लेवी आए, उसले घाइते कहाँ गएर हेरे र फेरि आफ्नो बाटो लाग्यो ।"

यो साँचो कथा थियो । मन्दिरका पूजारी र लेवीले भीडबाट यी कुराहरू सुनिरहेका थिए । जेरिको जाने बाटो डरलाग्दो थियो भन्ने सबैलाई थाहा थियो । त्यहाँ पथरको भूमि थियो जहाँ डाँकाहरू लुकेर बस्थे । मन्दिरका कामदारहरूले समाजमा आवश्यक्तामा परेकाहरूलाई मद्दत गर्नुपर्ने थियो । येशूले पनि शिक्षा दिँदा भन्नुभएको थियो कि तिनीहरूले टुहुरा, विधवा र अपरिचित व्यक्तिको सहायता गरून् । तर देशका अरू अगुवा जस्तै ती दुईजना पनि भेदभाव गर्ने, स्वार्थी थिए । पूजारीले घाइतेलाई हेर्दा पनि हेरेनन् । लेबीले केहि गर्न चाहेका थिए तर उनले गरेनन् ।

ती मन्दिरका कामदारले केहि गर्छन् कि भनी स्वर्गदूतहरूले हेरिरहेका थिए । मोशाद्वारा उनीहरूलाई कमजोर र आवश्यक्तामा परेकालाई मद्दत गर्न सिकाइएको थियो । तर भेदभावको शिक्षामा उनीहरू स्वार्थी भएका थिए, संकीर्ण विचारका भएका थिए । तर उसले आफ्नो कोट फुकालेर उसलाई छोप्यो, उसका घाउहरू धोएर पट्टि लगाइदियो । त्यसपछि घाइतेलाई विस्तारै उठाएर गधामा राखेर हासियार साथ एउटा होटेलमा लगे र रातभर उसको सेवा गऱ्यो ।

भोलिपल्ट त्यो होटेल छोड्नुभन्दा पहिले उसले होटेल मालिकलाई केहि पैसा दिँदै भन्न थाले । "यी मानिसको हेरचाह गर । यदि यो पैसाभन्दा बढ्ता तिमीले खर्च गऱ्यौ भने, म फर्कँदा तिमीलाई दिनेछु ।"

कथा भनिसकेपछि येशूले त्यस वकिलका आँखामा हेरेर सोध्नुभयो, "त्यो डाँकाले आक्रमण गरे घाइते भएको मानिसका निम्ति यी तिनमध्ये कुन चाहिँ छिमेकी भयो त ?"

वकिलले जवाफ दिए "जसले त्यस घाइतेलाई मद्दत गरेको थियो ।" येशूले भन्नुभयो, "जाऊ र उसले गरेजस्तै गर ।"

## नियम मान्नु

"मेरो छिमेकी को हो ?" भन्ने प्रश्नको जवाफ पाइसकेको थियो । सैतानद्वारा हृदय घाइते बनाइएका, आवश्यक्तामा परेका परमेश्वरका जन सबै हाम्रा छिमेकीहरू हुन् ।

कथामा येशूले उहाँको कामका विषयमा भन्नुभएको थियो । मानिसलाई सैतानले डाँका हालेको र मर्नलाई छोडिदिएको थियो । तर मुक्तिदाताले हामीलाई छुटाउन स्वर्ग छोड्नुभयो । उहाँले हाम्रा घाउहरू जाती पार्नुभयो उहाँको धार्मिक्ताको वस्त्रले छोप्नु भन्नुहुन्छ, जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यस्तै एक अर्कामा प्रेम गर ।"

आफ्नो दयालु मनको भनाइ सुनेर सामरी कानूनलाई पालना गरिरहेको थियो । त्यो वकिललाई येशूको समाचार थियो, "उसले जे गरेको छ, त्यस्तै गर ।"

आज हामीलाई त्यस्तै पाठको आवश्यक्ता छ । स्वार्थमताको हाम्रो अरुप्रतिको प्रेमलाई नाश गरिदिन्छ । निःस्वार्थ नभईकन हामीले जे भने तापनि असल इसाई हामी बन्न सक्तैनौं । मानव बचाउने कार्यमा एक हुन येशूले हामीलाई बोलाउनुहुन्छ । गल्ती गर्नेहरू लज्जित र दुःखी हुन्छन् । उनीहरूलाई साहस चाहिन्छ । इसाई भएर हामीले दुःखमा परेका मानिसलाई हेरेर "ठीक भयो" उसलाई यस्तै हुनुपर्छ भनी कहिल्यै भन्नुहुँदैन ।

असल सामरीको कथा भनेर येशूको नियम मान्नु र हाम्रो छिमेकीलाई प्रेम गर्नु भनेको मतलव के हो त्यो प्रष्ट रूपमा बताइदिनुभयो । यस्तो प्रकारको प्रेम देखाउन सक्यौं भने हाम्रो मनमा खीष्ट बस्नुभएको छ भनी हामी भन्न सक्छौं । यदि हामीले एक अर्कामा प्रेम गर्‍यौं भने परमेश्वर हाम्रो जीवनमा रहनुहुन्छ र उहाँको प्रेम हामीमा सिद्ध बनाइन्छ ।" यूहन्ना ४:१२

# ५५ परमेश्वरको राज्य तिमीमा छ

*मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्तैनौ । यूहन्ना १६:१२*

यूहन्नाले परमेश्वरको राज्य आएको छ भनी प्रचार गरेको तिन वर्ष भइसकेको थियो । जो फरिसीहरूले उहाँको विरुद्धमा कुरा गर्दैथिए उनीहरूले उहाँको कार्य असफल भयो भनी दोष लगाए । तिनीहरूले "तपाईंले स्वर्गको राज्य भनेर भन्नुभएको राज्य कहाँ छ त ? येशूले जवाफ दिनुभयो "परमेश्वरको राज्य देखिने गरी आउँदैन । न ता मानिसहरूले भन्नेछन् "हेर यहाँ छ अथवा त्यहाँ छ" किनभने हेर परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ ।" लूका १७:२०,२१

तब उहाँ आफ्ना चेलाहरूपट्टि फर्कनुभयो र भन्नुभयो "ती दिनहरू आउनेछन् जब तिमीहरू मानिसको पुत्रको हेर्ने इच्छा एकदिन गर्नेछौ तर तिमीहरूले देख्ने छैनौ ।" लूका १७:२२ येशूले तिमीहरूलाई भन्न चाहनुहुन्थ्यो "तिमीहरूसँग कत्रो मौका छ, परमेश्वरको पुत्रसँग हिँड्न बोल्न तिमीहरूले आशा गर्नेछौ ।"

येशू स्वर्गबाट फर्कनु भएपछि र पवित्र आत्मा उनीहरूमा आएपछि मात्र उनीहरूले येशूको जीवनलाई साँचो गरि बुझ्न सके ।
ती वर्षहरू परमेश्वरको साथमा बिताएका रहेछन् भनी उनीहरूले सम्झिन थाले । तिनीहरूले उहाँका शिक्षालाई वास्तवमा बुझ्न थाले । उहाँका अचम्मका कार्यहरू र उहाँद्वारा बोलिएका भविष्यवाणी सबै बुझ्न थाले । सपनाबाट बिउझे जस्तै गरी उनीहरूले बुझे ।

उहाँले बोल्नुभएका कुरा दोहोर्‍याउन र उहाँले गर्नुभएको कार्यका विषयमा कुरा गर्न उनीहरू कहिल्यै थाकेनन् । उहाँले सिकाउनुभएका कुराहरू ताजा र नयाँ लागे । धर्मशास्त्र नयाँ पुस्तकजस्तो लाग्यो । जब फेरि तिनीहरूले अगमवाणीका पुस्तक पढे, पवित्र आत्माले त्यो बुझ्न मद्दत गर्नुभयो । येशूको कार्यलाई उनीहरूले राम्रोसँग बुझे । उनीहरूले आफूले कति थोरै बुझेका रहेछौं भनी अचम्म माने । उहाँले तिनीहरू सँगसँगै समय बिताए तापनि मानवीय स्वरूपमा रहेको ईश्वरीय गुणलाई पूरा हेर्न सकिरहेका थिएनन् ।

उनीहरू येशूलाई हेर्न चाहन्थे, उहाँले धर्मशास्त्र बताउँदा र परमेश्वरको राज्यका विषयमा कुरा गर्दा उनीहरू सुन्न चाहन्थे । येशूले "मसँग तिमीहरूलाई भन्ने कुरा धेरै छन् तर त्यो तिमीहरूले सहन सक्तैनौ"

भनेको मतलब के हुन सक्छ । उनीहरूको विश्‍वास कति कमजोर रहेछ भन्ने सोचले उनीहरूलाई चिन्तित तुल्याउँछ ।

जब उनीहरूलाई समातियो र राजाको सम्मुख उपस्थित गराइयो अथवा झ्यालखानामा राखियो यो कुरालाई उनीहरूले खुसी साथ लिए, मसीहले पनि सुसमाचार बाँड्ने कार्यमा यस्तै सहनुभएको थियो ।

## इसाई र संसार

मानिसको हृदयमा परमेश्‍वरको राज्य चुपचापसँग आउँछ । संसारको तडकभडक जस्तो भएर त्यो आउँदैन । आज संसारमा मानिसहरू येशूलाई संसारको न्यायको र संसारिक राज्य गर्ने व्यक्ति बनाउन चाहन्छन् । यहाँ उहाँ व्यक्तिगत तवरले हुनुहुन्न, मानिसहरू उहाँका निम्ति बोल्दछन् । आफ्ना नियमहरूलाई उहाँका नियम हुन् भनी जबर्जस्ती लाद्न खोज्छन् । येशू यहाँ हुँदा यहूदीहरूले यस्तै प्रकारको राज्यको चाहना गरेका थिए । तर येशूले भन्नुभयो, "मेरो राज्य संसारको राज्य होइन ।"

येशूको समयको सरकार इमानदार नभएको र निष्ठुर थियो । मानिसहरू राम्रो प्रकारले व्यवहार गरिएका थिएनन्, बरु दुर्व्यवहार गरिएका थिए । येशूले सरकारलाई पुनःसंरचना गर्ने वा बदल्ने कोसिस गर्नुभएन । रोगी वा अरु राष्ट्रिय अगुवाका विरुद्धमा उहाँले बोल्नुभएन । सरकार र शक्तिमा भएका मानिसको कामलाई उहाँले दखल दिनुभएन । सरकारी कार्यबाट उहाँले आफूलाई टाढा राख्नुभयो । मानिसले वास्ता नगर्ने भएर यसो गरिएको थिएन तर उनीहरूको समस्याको औषधी उनीहरूको हृदयमा दिइएको थियो ।

न्यायपालिकाको निर्णयअनुसार परमेश्‍वरको राज्य स्थापित हुँदैन । मानिसको हृदय बदल्ने यो पवित्र आत्माको काम हो । यही शक्तिले मात्र साँचो रूपमा हाम्रो समाज बदल्न सक्छ । त्यसपछि परमेश्‍वरको वचन बाँड्दा र यसको शक्ति देखाउँदा हाम्रो जीवनमा देखिन्छ । येशूका दिनमा जस्तै आज पनि यो चिन्न चाहन्छन् वा सरकारको सहयोग चाहन्छन्, उनीहरूसँग परमेश्‍वरको राज्य छैन । जसले आत्मिक सत्यतालाई लिएका छन् अरूसँग बाँड्दछन्, उनीहरूको साथमा परमेश्‍वरको राज्य छ ।

म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जीउने म होइन, तर ख्रीष्ट ममा जीउनुहुन्छ । गलाती २:२०

# ५६ येशूले बच्चाहरुलाई मन पराउनुभयो

*"साना बालबालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक किनभने परमेश्वरको राज्य यस्तैहरूको हो ।" मर्कूस १०:१४*

येशूले साना केटाकेटीहरूलाई प्रेम गर्नुभयो । ठूला मानिसहरूको पाखण्डीपन देखेपछि फेरि यस्ता साना बालबालिकाको प्रार्थना र खुसी व्यक्त गरेको देखेर येशू खुसी हुनुभएको थियो । उहाँ जहाँ गए तापनि उहाँको दयालु र प्रेमिलो व्यवहारले बच्चाहरूको मनलाई जित्न सफल भयो ।

त्यो बेलाका चलनअनुसार साना केटाकेटीहरूलाई पूजारीहरूकहाँ गुरुहरूकहाँ आशिष्का निम्ति ल्याउनुपर्ने थियो तर लाइन लागेर महिलाहरूले आफ्ना बच्चाहरू येशू छेउ ल्याउने प्रयास गरे, चेलाहरू रिसाए । उनीहरूले सोचे कि बच्चाहरूले केहि बुझ्न सक्ने थिएनन् । बच्चाहरूले भन्दा उनीहरू आफैले भनेको मानिरहेका थिएनन् । आमाहरूका इच्छालाई उहाँले बुझ्नुभयो । उहाँले आमाहरूलाई पनि आफूतिर खिच्नुभएको थियो । त्यही दिनमा धेरै आमाले आफ्ना ससाना बच्चाहरू लिएर आशिष् पाउने इच्छाले येशूकहाँ ल्याए । जब येशूले उनीहरूका निवेदन सुन्नुभयो । आफ्ना चेलाहरूले कस्तो प्रतिकूल व्यवहार देखाउँदा रहेछन् भनी पर्खेर बस्नुभयो । जब तिनीहरूका आमा जान लागे येशूले रोक भन्नुभयो । उहाँले भन्नुभयो, "साना बच्चाहरू आउनबाट नरोक" साना बालबालिकालाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो । मर्कूस १०:१४

येशूले बच्चाहरूलाई अँगालोमा लिनुभयो र आशिष् दिनुभयो । यस्ता बच्चाहरूले आफ्नो जीवन परमेश्वरको राज्यका निम्ति दिनेछन् भनी देख्नुहुन्छ । त्यस दिनमा उहाँले प्रश्नहरूको जवाफ दिनुभयो र पाठ सरल तरिकाले सिकाउनुभयो ।

आमाहरूले पनि उहाँका शब्दहरूबाट उत्साह पाए । आज पनि उहाँले त्यसबेला जस्तै गरेर आमाहरूलाई वास्ता राख्नुहुन्छ ।

आमाहरूको बोझलाई उहाँ हेर्नुहुन्छ । कनानी महिलाको मनको चिन्ता मेटाउन उहाँले लामो यात्रा गर्नुभयो । नइनकी विधवाको मरिसकेको छोरा बिउँताएर जीवित बनाइदिनुभयो । क्रूसमा रहँदा उहाँले आफ्नो आमालाई सम्झनुभयो । आज पनि आमाहरूको दु:खले उहाँलाई दु:ख पुऱ्याउँछ । जस्तोसुकै चिन्तामा परेका भए तापनि उहाँले आमाहरूलाई सान्त्वना दिनुहुन्छ र मद्दत गर्नुहुन्छ ।

आफ्ना साना बच्चाहरू अशिक्षित हुन् आमाहरूले ल्याउन भनी उहाँले बोलाउनुहुन्छ । काखको बच्चालाई पनि आमाले ल्याउन सक्छिन् । बप्तिस्मा दिने यूहन्ना जन्मँदै पवित्र आत्माले भरिएका थिए । हाम्रा बाबुआमा पनि यदि परमेश्वरको नजिकको सम्बन्धमा रहन्छौँ भने हाम्रा बच्चाहरूको जीवन पवित्र आत्माद्वारा निर्देशन गरिएको हुन सक्छ सानै उमेरदेखि उनीहरू बदलिन सक्दछन् ।

## आमा र बाबुहरू

बच्चाहरूको साधारण विश्वास र खुला हृदयद्वारा सुसमचार ठूला मानिसभन्दा सजिलै लिन्छन् । आमाबाबुले बच्चाहरूलाई परमेश्वरको राज्यका सदस्यहरू भनी हेर्नुपर्दछ । उहाँसँग स्वर्गमा बस्न लायक बनाएर तालिम दिनुपर्दछ । प्रत्येक घर विद्यालय जस्तो हुनुपर्छ जहाँ उनीहरूका गल्तीहरू क्षमाका निम्ति ल्याइन्छन् । जसरी उनीहरूलाई स्वीकार गर्नुभयो त्यसै गरेर अहिले पनि उहाँले स्वीकार गर्नुहुन्छ ।

आमालाई बच्चाहरूले प्रेम गर्ने भएकाले उनले आज्ञाकारिताको पाठ सिकाउँदछिन्, इसाई जीवनको पहिलो पाठ सिकाउँछिन् । साना बच्चाहरू जसरी आमाको भनाइमा विश्वास र आज्ञा मान्ने हुन्छन्, उनीहरूले मुक्तिदातालाई विश्वास गर्न र आज्ञा मान्न सिक्तछन् । बाबुहरूले येशूका उदाहरणबाट पाठ सिक्न सक्छन्, उहाँका वचन शक्तिशाली थिए तर उहाँका वचन स्वार्थी मानिस र दुष्ट मानिसप्रति पनि कहिल्यै निर्दयी थिएनन् । परमेश्वरको दयाले आमाबाबुलाई असल व्यवहार गर्न सिकाउनु हुनेछ ।

बच्चाहरूलाई कसरी तालिम दिने भन्ने कुरो छ । आमाबाबुले प्रकृतिबाट सिक्दछन् । मालिले गुलाफको बोटलाई बडो प्रेमले स्याहार गर्दछ । यसका पातहरू, डाँठहरूलाई विशेष हेरचाह गर्दछ, बेस्सरी हल्लाउँदैन, जरा वरिपरि पानी राख्छ,

कडा प्रकारको हावाबाट रुखलाई बचाउँछ, कडा घामबाट बचाउँछ, त्यसपछि परमेश्वरले त्यहाँ सुन्दर गुलाफको फूल फुलाउनुहुन्छ । यस्तै तरिकाद्वारा हामी बच्चाहरूको प्रकृतिलाई सुधारेर लान सक्छौँ । येशू जस्तो बनाउन सक्छौँ ।

एकआपसमा र परमेश्वरप्रति प्रेम व्यक्त गर्न उत्साहित गर्नुहोस् । प्रकृतिको दृश्य हेर्न उनीहरूलाई उत्साहित गर्नुहोस् । प्रकृतिमा भएका अचममका कुराहरूबाट सिक्न उत्साहित गर्नुहोस् । परमेश्वरले सबैका निम्ति नियम बनाउनुभएको छ भनी देखाउनुहोस् । यसले जीवित जतिलाई खुसी पार्न मद्दत गर्छ भनी भन्नुहोस् । लामो प्रार्थनाबाट उनीहरूलाई नबताउनुहोस्

। प्रकृतिमा भएका कुराहरूद्वारा परमेश्वरको आज्ञा मान्नुको महत्वलाई सिकाउनुहोस् ।

कडा र निर्दयी बनेर येशूबाट बच्चाहरूलाई टाढा नराख्नुहोस् । बच्चाहरूले नबुझ्ने प्रकारको धर्म उनीहरूलाई प्रस्तुत नगर्नुहोस् । धर्म भनेको अल्छीलाग्दो हो र येशूलाई पछ्याउँदा सबै खुसी गुमाउनुपर्छ भन्ने कुरा उनीहरूले सोच्न नपाऊन् ।

पवित्र आत्मासँग सहयोगी बन्नुहोस् । येशूले उनीहरूलाई आफ्ना चेलाहरू बनाउनुभएको छ । उहाँका बच्चाहरूले उहाँलाई मन दिएको भन्दा बढ्ता खुसी उहाँलाई कहीँ हुँदैन । दुःख पाइरहेका बच्चाहरू देखेर उहाँको मन पग्लन्छ । धेरै आमा बाबुमा उनीहरूले ल्याएको समस्या समाधान गर्ने बाटो हुँदैन । तर यस्ता बच्चाहरूलाई येशूले प्रेमसहित हेर्नुहुन्छ । यस्तालाई मुक्तिदाताको नजिक ल्याउनु हाम्रो कर्त्तव्य हो । बच्चाहरूलाई साहस र आशा दिन सक्छौं । प्रभु येशूको दयाले उनीहरूको चरित्र बदलन सकिन्छ, उनीहरूलाई स्वर्गको राज्यको असल नागरिक बन्न मद्दत गर्दछ ।

# ५७ धनी यूवक

*जाऊ र तिम्रा जेजति छन् बिक्रि गर र गरिबहरूलाई देऊ र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ । मर्कूस १०:२१*

येशू जानलाई उठ्न लागेको बखत एकजना मानिस दौडेर येशूको अगाडि घुँडा टेकेर भन्न थाल्यो, "असल गुरु, अनन्त जीवन पाउन मैले के गर्नु पर्ला ।"

जवान भए तापनि त्यो मानिस धनी थियो र मन्दिरमा एउटा ठूलै पदमा थियो । यहुदी राज्यको ऊ एउटा अगुवा थियो । तर जब येशूले बच्चाहरूलाई गरेको प्रेम देख्यो । यसले उसको हृदय छोयो । उसलाई येशूसँग प्रश्न सोध्नु जुन उसका निम्ति र अरू सबैका निम्ति महत्वपूर्ण थियो ।

यो प्रश्नको पछाडि के भेद थियो त्यो कुरा येशूले पत्ता लगाउन खोज्नुभयो । के उसले परमेश्वरका पुत्रसँग के कुरा गरिरहेको भने बुझेको थियो । येशूले प्रश्न गर्नुभयो, "मलाई असल भनी तिमीहरू किन भन्दछौ ? खाली परमेश्वर मात्र असल हुनुहुन्छ ।" उसको प्रश्नको जवाफ दिँदा खेरी जसले अनन्त जीवन पाउन चाहेका छन् उनीहरूले आज्ञाहरू मान्नुपर्छ भनेर भन्नुभयो ।

त्यो मानिसले जवाफ दियो, "गुरुज्यू, मैले सबै आज्ञाहरू सानैदेखि मान्दै आएको छु । मैले के चाहिँ पुऱ्याइनँ ?" त्यो मानिसमा आफै धर्मी छु भनी ठूलो घमण्ड थियो, तर येशूसँग अरू भनाइ छन् भनी उसले देख्यो । त्यो युवकको आँखामा हेर्नुभयो, हृदय पढ्नुभयो । नयाँ मण्डलीका निम्ति यस्तै व्यक्तिको आवश्यक थियो । उहाँले उसलाई प्रेम गर्नुभएकाले उसले खोजेको शान्ति उसलाई दिन खोज्नुभयो । "तिमीले एउटा कुरा गर्न बाँकी छ" उहाँले भन्नुभयो, "जाऊ र तिम्रा जेजति छन् बिक्रि गर र गरिबहरूलाई देऊ र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ, त्यसपछि आऊ र मेरो पछि लाग ।" मर्कूस १०:२१

यसमा के कमी थियो त्यो येशूले जान्नुभयो । त्यो धनी युवकले आफ्नो मनमा परमेश्वरको प्रेमको कमी थियो । यो उसका असल चालचलनको केही महत्व हुने थिएन । परमेश्वरको प्रेम पाउन उसले स्वार्थलाई त्यागिदिनु पर्ने थियो । उसको धन, उससँग भएका कुराहरू र उसको स्थान उसका निम्ति महत्वपूर्णका कुरा थिए । उसका चरित्रका दागहरूलाई उसले परमेश्वरलाई भन्दा बढी माया गरेर राखेको थियो । उसले

यो संसारको सम्पत्ति वा स्वर्गको सम्पत्ति दुईमा एक चुन्नु पर्थ्यो । येशूले त्यस मानिसलाई हेर्नुभयो । पवित्र आत्माको भनाइ सुन्नुहुन्छ कि भनी आशा गर्नुभयो । येशूका वचन कडा लाग्न सक्थे तर तिनलाई मानिलिएर धनी युवक स्वर्गको राज्यमा प्रवेश र मुक्ति पाउने कुराको आशा गर्न सक्थ्यो ।

## चुक्ता गर्नु पर्ने मूल्य

येशूले भन्न खोज्नुभएको तात्पर्यलाई बुझेर त्यो मानिसले नकार्दै दिक्दार बन्दै टाउको हल्लायो । ऊ स्वर्गको सम्पत्ति चाहन्थ्यो ।तर आफ्नो सम्पत्तिले दिएको खुसी र सुखी जीवनलाई त्याग्ने पक्षमा थिएन । ऊ दिक्दार हुँदै गयो, किनकि येशूले खोज्नुभएको मूल्य एकदम धेरै थियो ।

यो मानिसले आफ्नो जीवन ठिकै प्रकारसँग बिताएको हुनसक्छ । तर उसले आज्ञालाई ठीकसँग मानिरहेको छैन भनी देखायो । परमेश्वरभन्दा अगाडि उसले धनलाई राख्यो । परमेश्वरलाई भन्दा उहाँले दिने उपहारलाई उसले बढ्ता प्रेम गऱ्यो । येशूको नजिक रहनुभन्दा धनी र शक्तिशाली हुन उसले मन परायो । त्यस समयदेखि उसले खाली सांसारिक कुराहरू मात्र मूल्यको ठान्न थाल्यो ।

यो कथा हाम्रा निम्ति एक पाठ हो । ठीक प्रकारको व्यवहार गर्नुभन्दा परमेश्वरका आज्ञा मान्नु असल हो । यसको मतलव येशूको जस्तो जीवन रोज्नु हो एउटा स्वार्थरहितको जीवन । जसले आफूसँग भएका सबथोक र सबै कुरा उनीहरू नै वास्तवमा परमेश्वरका छोराछोरी हुन् ।

गरिब र दु:खीहरूका निम्ति कार्य गर्न परमेश्वरले हामीलाई पैसा दिनुभएको छ मौकाहरू दिनुभएको छ । परमेश्वरले चाहना गरेजस्तो गरेर उहाँको पुरस्कारको उपभोग गर्दै गयो भने हामी उहाँसँग साझेदार भएर काम गर्न सक्छौँ । त्यो धनी मानिस जस्तै यदि येशूका भनाइअनुसार गऱ्यौँ भने आफ्ना सबै इच्छामा येशूलाई अधिकार दियौँ भने हामीले समर्पण गरेको बुझिन्छ । मानिसको बचावका निम्ति स्वार्थ त्याग गरिदिनुपर्छ । जब इस्रायलीहरू परमेश्वरले दिनुभएको केही कुरा उहाँलाई फर्काइदियौँ भने हामीले स्वर्गमा धन सञ्चय गरिरहेका हुन्छौँ । येशूले भन्नुभएको छ मेरो पछि लाग, उहाँको पद चिन्हमा पाइला राखेर हिँड्नाले अरूलाई हामी स्वर्गको राज्यका निम्ति बचाउन सक्छौँ, यो हाम्रा निम्ति स्याबासी हामीले पाउनेछौँ ।

# ५८ लाजरस

*के मैले तिमीलाई भनेको होइन, "तिमीले विश्वास गर्यौं भने परमेश्वरको महिमा देख्नेछौ ।" यूहन्ना ११:४०*

येशूका घनिष्ठ साथीहरू र विश्वासिलो चेलाहरूमध्ये लाजरस एक थिए । उनी यरुसलेम नजिक एक सानो सहर बेथानी भन्ने ठाउँमा बस्थे, येशूले संसारका सबैलाई प्रेम गर्नुहुन्छ तर उहाँ यस पृथ्वीमा रहँदा कोही चेलाहरू उहाँको अति नजिक थिए । लाजरस तिनीहरूमध्येका थिए । येशू प्रायः गरेर लाजरसका घरमा जानुहुन्थ्यो । त्यसकारण मान्छेहरूका भीडबाट टाढा लाजरसका घरमा समय बिताउँदा उहाँलाई खुसी लाग्थ्यो । प्राय जसो समय शिक्षा दिँदा उहाँलाई दृष्टान्तमा कुरा गर्नुपर्ने हुन्थ्यो । तर त्यहाँ सिधै कुरा गर्न सक्नुहुन्थ्यो । उहाँले लाजरसका दिदीबहिनी मरियम र मार्थालाई पनि प्रेम गर्नुहुन्थ्यो । मरियम येशूका छेउमा बसेर उहाँका शिक्षा सुन्न मन पराउँथिन् । एकचोटीको भेटमा, पाहुनाहरूलाई मान गरिरहेकी मार्थाले बिन्ती गरिन् । "प्रभुजी सबै काम मेरो बहिनीले ममाथि छोडिदिएकी छन् । मलाई मद्दत गर्नु भनेर भनिदिनुस् न ।"

येशूले दया र धैर्यताले भरिएको आवाजमा जवाफ दिनुभयो । "मार्था, तिमी धेरै कुरामा चिन्ता लिन्छयौ । मरियमले उत्तम कुरा रोजेकी छिन् र त्यो उनबाट खोसिनेछैन । मार्थाले बढी महत्वपूर्णका कुरामा ध्यान लगाउनका निम्ति कम महत्वका काममा थोरै ध्यान दिनुपर्ने थियो मरियमले सुनेका कुरा पछिसम्मका निम्ति येशू स्वर्गमा गइसकेपछि पनि उनीसँग रहने छन् ।

एकदिन अचानक लाजरस बिरामी परे, उनका दिदीले येशूलाई खबर पठाए, "प्रभुजी तपाईंको साथी बिमार छ ।" साथी बिरामी भएको देखेर उनीहरू चिन्तित भए । तर येशूले कुनै पनि रोग जाती पार्न सक्नुहुन्छ भनी उनीहरूलाई थाहा थियो । उहाँ छिट्टै आउनुहुन्छ भनी उनीहरू निश्चित थिए ।

येशूले यो समाचारलाई सरलतामा लिएको देखेर चेलाहरू अचम्म मानिरहेका थिए । उहाँ दुःखित र चिन्तित हुनु भएन । तर उहाँले तिनीहरूलाई भन्नुभयो "यो व्यथा मृत्युमा लैजाने होइन यो परमेश्वरको महिमाको निम्ति हो ताकि यसद्वारा परमेश्वरको पुत्रको महिमा होस् ।" यूहन्ना ११:४ त्यसपछि उहाँ जहाँ हुनुहुन्थ्यो त्यहीँ अरू दुई दिनसम्म बस्नुभयो । यसले गर्दा चेलाहरू छक्क परे । त्यो परिवारलाई उहाँले प्रेम गर्नुहुन्छ भनी उनीहरूलाई थाहा थियो ।

लाजरस कमजोर हुदै गए । समाचारबाहक आएर यो व्यथाले मृत्युसम्म पुऱ्याउँदैन भनी भने । उनीहरूले आशा गरिरहे । जब लाजरस मरे उनीहरू निराश भए तर येशूको शान्ति उनीहरूसँग थियो । दुई दिन बित्यो, येशूले समाचार बिर्से जस्तै गरेर बस्नुभयो । त्यसपछि येशूले भन्नुभयो, "यहुदिया फर्केर जाऊ ।"

उहाँले दुई दिन पर्खनु भएकोमा चेलाहरू अचम्मित भए । उहाँका निम्ति र आफ्नै निम्ति उनीहरू चिन्तित थिए, उनीहरूले भने, "गरुज्यू तपाईं अहिले त्यहाँ जान सक्नुहुन्न, त्यहाँका यहूदीहरूले केहि समय पहिला ढुङ्गाले हान्ने प्रयास गरेका थिए ।"

येशूले तिनीहरूलाई सम्झाउने प्रयास गर्नुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र ?" उहाँले भन्न खोज्नुभएको, "यी नै मेरा दिनका अन्तिम घडीहरू हुन्, जबसम्म मेरो समय छ म सुरक्षित छु ।" जबसम्म पिताको कामको अनुशरण उहाँले गर्नुहुनेछ उहाँ सुरक्षित हुनुहुनेछ भन्ने उहाँलाई थाहा थियो । पवित्र आत्माद्वारा अगुवा गरिएको व्यक्ति जीवनको बाटोमा सुरक्षित नै रहन्छ । तर आफ्नै बाटो रोज्यौं भने हामी सुरक्षित रहने छैनौं ।

तब येशूले भन्नुभयो, "हाम्रा साथी लाजरस निन्द्रामा परेका छन् म उनलाई ब्युँझाउन जान्छु" यूहन्ना ॥ ११:११ ॥

चेलाहरू खुसी भए वास्तवमा येशूले लाजरस र उनका दिदीहरूका बारेमा ख्याल गर्नुभयो । तिनीहरूले भने, "प्रभुजी यदि उनी सुतेका भएदेखि उनी जाती हुनेछन् ।"

त्यसकारण येशूले सिधा रूपमा भन्नुभयो, लाजरस मरेका छन्, म त्यहाँ नभएकोमा ठिकै भयो, तिनीहरूले विश्वास गर्न सक्नेछन् । अब हामी उनी कहाँ जाऔं ।" यूहन्ना ११:१४,१५

येशूका कुरा सुनेर चेलाहरू छक्क परे । के लाजरस कहाँ उनी जानीजानी नगएर उनलाई मर्न दिनुभएको हो ? येशू त्यहाँ छँदा लाजरस पीडाले कति छटपटाए होलान् उनीहरूले बुझ्न सकेनन् । उहाँलाई यी सब कुराभन्दा बढी सोच्नुपर्ने थियो । येशूका चेलाहरूले त्यो सुसमाचार सारा जगत्मा लैजाने थिए । उनीहरूका निम्ति लाजरस मर्न दिनुभयो । जसले गर्दा उनीहरूको विश्वास बढ्ने थियो । उहाँ नै मसीह हुनुहुन्छ भनी उहाँ प्रमाण दिन खोज्नुहुन्थ्यो ।

यदि येशू बेथानीमा हुनु भइदिनुभएको भए लाजरसको मृत्यु हुने थिएन । त्यसकारण येशूलाई टाढा रहनु थियो । उनीहरूलाई दु:खित हुन दिनुभयो । उहाँ जान्नुहुन्थ्यो कि, दिदीहरूका, लाजरसका र उहाँकै निम्ति र चेलाहरूका निम्ति त्यसबेलाको दु:ख सही साबित हुने थियो ।

दु:ख र चिन्ता अनि हतोत्साहमा परेको समय अरू समयभन्दा परमेश्वर नजिक हुनुहुन्छ । बितेको जे जस्तो समय भए तापनि हामी

धन्यवादित भएर त्यसलाई हेर्नेछौँ । हामीले सहेका हरेक दुःख र परीक्षाद्वारा हामी अझ बढी मजबुत हुनेछौँ ।

जब उनीहरू बेथानी पुगे, येशूले लाजरसका दिदीहरूलाई समाचार पठाउनु भयो र आफू चाहिँ बाटोको सुनसान ठाउँमा पर्खिएर बस्नुभयो । उनीहरूको घरमा रुने र विलाप गर्नेहरू धेरै जम्मा भएका थिए । उहाँका शत्रुहरू पनि त्यहाँ थिए । समाचार मार्थालाई सुटुक्क भनियो, मरियमले पनि थाहा पाइन् । उनी येशूलाई भेट्न गइन्, उहाँको अनुहारमा त्यही कोमल र प्रेमिलो माया उनले देखिन् । उहाँको अनुहारमा हेरेर भन्न थालिन् जुन कुरा उनले र मरियमले बारबार दोहोऱ्याएका थिए । "प्रभुजी यदि तपाईं भैदिएको भए मेरो भाइ मर्ने थिएन । त्यसपछि उहाँले भन्नुभयो "अहिले पनि परमेश्वरसँग जे माग्नुहुन्छ त्यही कुरा दिनुहुनेछ ।"

येशूले भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित भएर उठ्नेछ ।" यूहन्ना । १२:१३ अन्तमा हुने पुर्नउत्थानका विषयमा उहाँले सम्झाउन खोज्नुभएको थियो ।

मार्थाले जवाफ दिइन, "हो अन्तिम पुनर्उत्थानमा बौरी उठ्नेछ । येशूले जवाफ दिनुभयो, "पुनर्उत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्नेहरू मरे तापनि जीवित भई उठ्नेछन् । के यस कुरालाई विश्वास गर्छौ मार्था ?" येशूले आफ्नो दोस्रो आगमनका विषयमा कुरा गरिरहनुभएको थियो । जब उहाँका धर्मिकजनहरू अनन्त जीवनका निम्ति बौरी उठाउनेछन्, धर्मी जो बाँचेका हुनेछन् उनीहरू मर्ने छैनन् । लाजरसलाई बौरी उठाउनु त्यही महान् पुनर्उत्थानको नमूना थियो । यी शब्दहरू र छिट्टै आउने अचम्मको कार्यले गर्दा येशूले उहाँसँग अनन्त जीवन दिने अधिकार र शक्ति छ भन्ने कुरा देखाउँदै हुनुहुन्थ्यो ।

मार्थाले मनभरि विश्वास लिएर भनिन् "हो प्रभु म विश्वास गर्छु, तपाईं मसीह, परमेश्वरको पुत्र हुनुहुन्छ ।" त्यसपछि उनी मरियम कहाँ गइन् । "येशू आउनुभएको छ, उहाँले तिमीलाई सोध्दै हुनुहुन्छ ।" उनले मरियमलाई बिस्तारै भनिन् । उनीहरूलाई थाहा थियो पुजारीहरूले येशूलाई पक्रन खोज्दै थिए भाग्यवस ती रुने कराउनेहरूको आवाजले गर्दा उनीहरूको आवाज कसैले सुन्न सकेनन् ।

मरियमले सुन्ने बित्तिकै तुरुन्तै उनी उठेर हिँडिन् । बिहान उनी जान लागेकी हुन् कि भनेर अरूहरूले उनलाई पछ्याए । जब मरियमले येशूलाई भेटिन् उनी रोइन् र भनिन्, "प्रभुजी यदि तपाईं यहाँ भएको भए मेरो भाइ मर्ने थिएन ।"

मरियमका आँखामा आँसु र अरूहरूका अनुहारमा झूठा दुःख देखेर येशूलाई दुःखित बनायो "लाजरसलाई कहाँ गाडेका छौ ?" उहाँले सोध्नुभयो ।

"आउनुहोस् हामी देखाइदिन्छौँ ।" लाजरसका दिदीहरूले जवाफ दिए । सँगसँगै उनीहरू चिहानमा गए । त्यहाँ पुगेर ठूलो स्वरले उनीहरू रुन कराउन थाले ।

उनीहरूको कष्ट देखेर येशू पनि उनीहरूका साथ रुनुभयो । उहाँको आँसु अरूहरूको भन्दा गहिरो प्रकारको थियो । अन्तमा उहाँले भन्नुभयो "चिहानको ढुङ्गा हटाऔँ ।"

येशूले लाजरसको लाश हेर्न चाहनुभएको भन्ने सोचले मार्थाले भनिन् "प्रभुजी ऊ मरेको चार दिन भइसकेको छ, लाश गन्हाउन थालिसक्यो होला ।" उहाँका शत्रुहरूले सधैँ येशूले हल गर्छ भनी जिस्काइरहेका थिए । जब जैरसकी छोरीलाई मृत्युबाट उठाउनुभयो, उनीहरूले ऊ निदाएकी मात्र थिई, भने । तर अहिले लाजरस मरेको चार दिन भइसकेको थियो ।

जब परमेश्वरले केहि गर्न सक्नुहुन्छ सैतान उहाँको विरुद्धमा उत्रन्छ । मार्थाको मनले येशूका प्रतिज्ञाहरूलाई अझ राम्रोसँग लिन सकिरहेको थिएन । तर उहाँले उनलाई नम्र भएर जवाफ दिनुभयो । "के मैले तिमीलाई भनेको थिइँन कि विश्वास गर्‍यो भने परमेश्वरको महिमा देख्नेछ्यौ ?" यूहन्ना ११:४०

हाम्रा निम्ति असम्भव कुरा शक्तिशाली परमेश्वरलाई असम्भव छैनन् । येशू आफ्ना वरपर रहेका स्वर्गदूतलाई ढुङ्गा हटाउन भन्न सक्नुहुन्थ्यो तर मानिसहरू परमेश्वरमा सहयोगी बन्न सक्छन् भनी उहाँले मानिसलाई अह्राउनु भयो । मानिसले गर्न सक्ने काममा परमेश्वरले गर्नुपर्दैन । अन्तमा ढुङ्गा हटाइयो, लाजरसको चिसो लाश त्यहाँ थियो । अचम्म मानेर अब के गर्ने होला भनी भीडले चिहानको चारैतिरबाट यो दृश्यलाई हेरिरह्यो ।

येशू चिहानको नजिक जानुभयो, आकाशतिर हेर्नुभयो र भन्नुभयो " पिता तपाईंले मेरो प्रार्थना सुन्नु भएकोमा म धन्यावादित छु । तपाईंका निम्ति भन्दछु, यिनीहरूले मलाई तपाईंले पठाउनुभएको हो भनी विश्वास गरून् भनी चाहन्छु" उहाँले आफैलाई परमेश्वरको पुत्र भन्नुभयो भन्ने दोष लगाएर उनीहरूले उहाँलाई मार्न चाहन्थे । उहाँले भनेका कुरामा सच्चाइ भएको अब उनीहरूले देख्ने थिए । यस प्रार्थनाले येशूले एक्लै काम गर्नु भएन भन्ने कुरा बताउँथ्यो । उहाँले गर्ने अचम्मको कार्य विश्वास र प्रार्थनाद्वारा भएको थियो ।

तब येशूले आफ्नो ठूलो स्वरमा भन्नुभयो, "लाजरस, बाहिर आऊ ।" स्वर्गीय प्रकाशले उहाँको अनुहार चम्किलो भयो । सबैको आँखा लाजरसलाई राखेको गुफातिर पुग्यो । येशू साँच्चै परमेश्वरका पुत्र हुनुहुन्छ र उहाँको बोलीमा शक्ति छ भनी प्रमाणित गर्ने त्यो महत्त्वपूण अवसर थियो ।

त्यहाँ हलचल भयो, त्यो मृत्क मानिस गुफाको ढोकामा उभियो । उसलाई बाँधेको कात्रो, उसको शरीरमा नै थियो, लाजरसलाई हिँडडुल गर्न कठिन भइरहेको थियो । मानिसहरू चुपचाप भएर हेर्न थाले । येशूले भन्नुभयो

“उसको कपडा निकाली देओ, उसलाई जानदेओ छिट्टै यो सब घटना घट्यो, लाजरस सबैका सामु उभिए । तिनी स्वस्थ र बलियो भएका थिए । आँखामा प्रेम लिएर उनी येशूका चरणमा परे ।

भीडले अचम्म माने र चुपचाप भए, त्यसपछि अचानक त्यो चिहानमा खुसीका आवाजहरू सुनिए । भाइलाई अँगालोमा लिएर मरियम र मार्था रोए खुसीका आँसु खसाल्दै येशूलाई धन्यवाद दिए ।

यो सब अचम्मको मिलन भइरहेको समय पछि येशू त्यहाँबाट चुपचाप जानुभयो ।

# ५९ योजनाहरु

*"त्यसै दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे"*
*यूहन्ना ११:५३*

लाजरसको समाचार यरुसलेम भरी उनीहरूका चेलाहरूद्वारा फैलियो । यहूदी नेताहरूले के भएको थियो त्यो सबै बुझे । एउटा मुर्दा दिनको उज्यालोमा मानिसहरूका सामु जीवित पारिएको थियो, यो छल गरेको भन्न केहि गरे पनि मिल्ने थिएन । यो ठूलो अचम्मको कार्यले यही बतायो कि परमेश्वरले आफ्नो छोरालाई मानव जातिलाई बचाउन पठाउनुभएको थियो । असल विचार भएको मानिसले यी ईश्वरीय शक्तिको प्रदर्शनलाई राम्रोसँग बुझ्न सकेथ्यो । पुजारीको सभा बोलाइयो र के भन्ने कुराको छलफल त्यहाँ भयो ।

फरिसीहरूले यहूदी र सदुकीले भन्दा बढी येशूलाई घृणा गर्दथे । तर उनीहरू अहिले चिन्तित थिए । उनीहरूले पुनर्उत्थान हुँदैन र मरिसकेको मानिस फेरि जीवनमा आउन सक्नेछैन भनी उनीहरू सिकाउँथे । येशूका कुराहरूले यही बुझाएको छ कि तिनीहरूले धर्मशास्त्रलाई राम्रोसँग बुझेका थिएनन् । सदुकीहरूले यही मात्र सोचिरहे कि येशूले अब मर्नैपर्छ ।

फरिसीहरू पुनर्उत्थानमा विश्वास गर्थे । तर येशू मसीह हुनुहुन्छ भन्ने अचम्मका कारण उनीहरूले घृणा गरे । येशूले उनीहरूलाई नङ्ग्याएर उनीहरूको झूठो र खोक्रो जीवनलाई देखाइदिनुभएको थियो । उहाँले उनीहरूलाई भन्नुभएको कुरामा उनीहरूले बदला लिन चाहन्थे । धरै पटक उनीहरूले उहाँलाई ढुङ्गा हान्न चाहे तर उहाँ उम्कनु भयो ।

येशूलाई मानिसहरूले दोषी देखाउने सक्दो प्रयास गरे, तर सधै असफल रहे । धेरैले उहाँका शिक्षा र अचम्मका कार्य देखेका थिए र उनीहरूलाई थाहा थियो ती दुष्ट थिएनन् । अन्तमा फरिसीहरूले यही घोषणा गरे कि यदि येशूको पछि लाग्ने विचार गर्छ भने ऊ मन्दिरको सदस्यताबाट बाहिर फ्याँकिनेछ । त्यसकारण अरू कुरामा एक अर्काको विरोधी भए तापनि येशूको विद्रोह गर्नमा उनीहरू एक भए । धार्मिक सभामा येशूलाई के गर्ने भन्ने विषयमा चर्चा चल्यो । येशूलाई कसरी मार्ने भन्ने सम्बन्धमा सबैको एकमत थिएन । पवित्र आत्माद्वारा प्रभावित भएर उनीहरूमध्ये कसैले येशूले शिक्षा दिएको समय सम्झन खोजे, सानो केटा छँदा नै मन्दिरमा शिक्षा दिएको कुरा उनीहरूले सम्झे । त्यो अन्तिम अचम्मको कार्यको येशू

परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गरेको थियो । विचलित भएका अगुवाहरूले के गर्ने भन्ने बारे सोच्न सकेनन् ।

तब कैफास, मूख्य पुजारी बोल्नका निम्ति खडा भए । घमण्डी र निर्दयी कैफासले भन्यो, “के तिमीहरूलाई थाहा छैन कि सारा देश नाश हुनुभन्दा एकजना मानिस मर्नु असल हुन्छ ?” उसले विवाद गऱ्यो कि येशू निर्दोष भए तापनि मरिनुपर्छ । उहाँले मानिसहरूका अगुवाहरूमाथि विश्वास नगर्ने भ्रम पैदा गरिरहनुभएको थियो । यदि येशूका चेलाहरूले प्रतिकार गरे भने रोमीहरू अगाडि बढ्नेछन्, मन्दिर बन्द गर्नेछन् र उनीहरूको राष्ट्रलाई नाश गर्नेछन् । के एकजना गालिलको साधारण मान्छेमा यत्रो औकात थियो ? कैफासको सल्लाह अन्य जातिको सिद्धान्तमा आधारित थियो । येशूको बलिदानले दोषी राज्य बचाइन्थ्यो । पापमा बचाइन्थ्यो र उनीहरूको पापी चरित्र रहिरहन्थ्यो ।

त्यस सभामा पवित्र आत्माले सच्चाइतर्फ प्रभाव पार्दै हुनुहुन्थ्यो । तर सैतानले येशू एकजनाको कारणबाट कसरी सबैले दुःख पाइरहेछन् । उहाँले अगुवाहरूलाई आदर गर्नुभएको छैन भन्ने कुरा सम्झाइरह्यो । थोरै विश्वासीहरूले पनि येशूको पक्षमा बोल्ने आँट नगरेको कारण सभामा कैफासको विचारलाई स्वीकार गरियो । मौका पाउने बित्तिकै येशूलाई मार्ने उनीहरूले निर्णय गरे । सैतानद्वारा प्रभाव पारिएका सबले आफूलाई देश बचाउने देशभक्त सम्झिए । येशूलाई केहि गरेको खण्डमा जनसमूह रिसाउनेछन् र भड्कनेछन् भन्ने सोचले उनीहरूले केहि समय धैर्य भएर पर्खने निर्णय गरे । येशूलाई छिट्टै नै के हुनेछ भन्ने कुरा थाहा थियो, त्यसकारण चेलाको साथमा चुपचाप त्यो ठाउँ छोड्नुभयो ।

येशूले शिक्षा दिन र चँगाईको काम गर्न तिन वर्षको समय दिनुभयो सबैले उहाँको निःस्वार्थ प्रेम, वास्ता राख्ने आत्मा, उहाँको शुद्धता उहाँको एकाग्रता देखेका थिए । यही थोरै समय मात्र पृथ्वीले आफ्नो मुक्तिदातालाई लियो, जसले भोकालाई खुवाउनुभयो, विरामी निको पार्नुभयो, दुःखमा परेकालाई सहानुभूति दिनुभयो, ती सब बचाउन आउनुभएका जनले उहाँलाई लघारे, जसले मुर्दाबाट बौराउनुभयो । आफ्ना वचनद्वारा बन्दीलाई उद्धार गर्नुभयो, उहाँलाई घृणा गर्नेका हृदयमा ती वचनले र कामले छुन सकेनन् ।

# ६० शक्तिको स्थानहरु

*"यसैबाट प्रेम के हो हामी थाहा पाउछौँ कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो ।" यूहन्ना ३:१६*

निस्तार चाडको समय नजिकिँदा येशू यरुसलेमतिर फर्कनुभयो । के हुनेवाला छ भनेर थाहा पाएर पनि उहाँ त्यहाँ जानुभयो, उहाँको मन शान्त थियो किनकि उहाँले आफ्नो पिताको उद्देश्यहरू पूरा गरिरहनुभएको थियो । चेलाहरू छक्क परिरहेका थिए, उनीहरू डराएका पनि थिए तैपनि येशूको पछि लागे । येशूले तिनीहरूलाई एकातिर लैजानुभयो र बताउनुभयो "मानिसको पुत्रको विषयमा आगमनहरूले लेखेका हरेक कुरा पूरा हुनेछन् । किनभने ऊ अन्य जातिका हातमा सुम्पिनेछ र तिनीहरूले उसको गिल्ला गर्नेछन्, उसँग दुर्व्यवहार गर्नेछन्, र उसलाई थुक्नेछन् । तिनीहरूले उसलाई कोर्रा लाउनेछन् र मार्नेछन् । अनि तेस्रो दिनमा ऊ फेरि मृत्युबाट जीवित भई उठ्नेछ ।" लूका १८ :३१-३३

तर तिनीहरूले बुझेनन् । उहाँका राज्यमा उनीहरूको आदर हुन्छ भनेर के उहाँले भन्नुभएको थिएन र? मसीहको महिमामय शासनका विषयमा भन्नुभएको थिएन र ? येशूलाई त्यागिने र उहाँको मृत्युका कुरा उनीहरूले बुझ्न सकेनन् । जे जस्ता बाधाहरू आए तापनि चेलाहरूलाई अर्को उहाँको नयाँ राज्य स्थापना हुन आँट्यो भन्ने निश्चित थियो ।

यूहन्ना र याकुव पहिला घर छोडेर येशूको पछि लागेका थिए । यूहन्ना मौका मिलेसम्म येशूको नजिक बस्ने गर्थे र याकुव पनि उहाँको नजिकै रहन्थे । उनीहरूको आमाले येशूको सक्दो सेवा गरेकी थिइन् । तिनैजना येशूकहाँ आए । येशूले सोध्नुभयो, "तिमीहरूका निम्ति म के गरुँ भनी चाहन्छौ ?" आमाले भनिन् "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन ।"

येशूले उनीहरूका मन थाहा पाउनुभयो उहाँलाई थाहा थियो कि उनीहरूले उहाँलाई साँच्चै प्रेम गरेका थिए, तर उनीहरूमा उद्देश्य पनि थियो ।

तिमीहरू के मागिरहेछौ, सो जान्दैनौ । जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ ?" मत्ती २०:३२

येशूले आउनेवाला कष्टका विषयमा जोड्नुभएको याकूव र यूहन्नाले बुझे । तर पनि तिनीहरूले भने, "हामी सक्छौँ ।"

"मेरो कचौरा तिमीले पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन । मेरो पिताले निर्णय गर्नुहुनेछ ।

परमेश्वरको राज्यमा मनपरेको मानिसलाई उच्च स्थान दिने भन्ने कुरा आउँदैन । येशूको नजिक रहने व्यक्तिले उहाँको बलिदानयुक्त प्रेमलाई अझ राम्रोसँग बुझेका हुन्छन् । यही प्रेमले गर्दा येशूका चेलाले आफ्नो सबैथोक दिन तयार हुन्छन्, आफ्नो जीवन पनि साथीका निम्ति दिन तयार हुन्छन् । यो कुरा सुनेर अन्य दशजना रिसाए । सबैलाई उच्चस्थान चाहिएको यूहन्ना र याकूब अमिल्दो फाइदा लिन खोजिरहेका थिए ।

## नयाँ प्रकारको राज्य

येशूले सबैलाई बोलाएर भन्नुभयो, अन्य जातिहरू मानिसमाथि शासन गर्न रुचाउँछन्, तर तिमीहरूमा यस्तो हुनुहुँदैन । संसारको सरकारमा उच्चतह भन्नाले शक्ति र अवसरहरू हुन् । प्राय जसो समय साधारण मानिसलाई उनीहरूले शासन गर्दछन् । धन र शिक्षाले गर्दा अर्कालाई थिचोमिचोमा राखिन्छ । ती शासकहरूले सोच्ने र कार्य गर्ने कुराको निर्णय गर्दछन् । दाममा पनि उनीहरूले हस्तक्षेप गर्दछन् ।

येशूको राज्य भिन्ने सिद्धान्तको हुनेछ । उहाँले अगुवाहरूलाई गुरु होइन सेवक बन्न भन्नुभएको छ । जो ठूलो हुन चाहन्छ, उसले अरूलाई सेवा गर्नुपर्छ । जो पहिला हुन चाहन्छ ऊ अन्तिम हुनुपर्छ । जोसँग दक्षता छ, जससँग शक्ति छ उनीहरूले अरूलाई सेवा गर्नुपर्छ । येशू सेवा पाउन होइन सेवा गर्न यस पृथ्वीमा आउनुभयो । उहाँको मण्डलीले यही सिद्धान्त लिनुपर्दछ । परमेश्वरको राज्यमा को ठूलो हुने यसैले परिभाषा दिन्छ ।

येशूको राज्यमा कसैले पनि अर्काको विचार र कार्यलाई नियन्त्रण गरिँदैन । परमेश्वरले सबैलाई विचार गर्ने र छान्ने स्वतन्त्रता दिनुभएको छ । स्वर्गदूतहरू पनि संसारमा शासन र सम्मानित हुन आउँदैनन् । उनीहरू दयाका संवादवाहक हुन् र मानिसलाई मद्दत गर्नका लागि आउँछन् ।

येशूका कुरा यूहन्नाले जीवनभर सम्झिरहे । पछिबाट उनले लेखे, "यसैबाट प्रेम के हो भनी हामी थाहा पाउँछौं, उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । त्यसकारण हामीले पनि आफ्ना दाजुभाइका निम्ति आफ्नो जीवन दिनुपर्छ । यूहन्ना ३:१६ सुरुको मण्डलीको आत्मा यस्तै थियो र जब उनीहरूमा पवित्र आत्मा खन्याइयो, त्यसपछि येशू मृत्युबाट बौरी उठ्नुभयो भनी उनीहरूले ठूलो शक्तिसहित प्रचार गर्न सके ।

# ६१ जकियस

*मनिसहरूका लागि जे असम्भव छ, त्यो परमेश्वरका लागि सम्भव छ ।*
*लूका १८:२७*

खरीढुङ्गाका पर्खालहरूले गर्दा जेरिको सहर मोती जस्तै चम्किएको थियो । झरनाहरूबाट सिँचाइ भएको त्यो सहरमा व्यापारीहरू केहि समय रोकिने गर्ने । यात्रीहरू पनि केहि समय अडिने गर्दथे । यातायातको सुविधाले गर्दा कर उठाउनेहरूले यहाँ आफ्नो घर बनाए ।

महसुल उठाउने नाइके, जकियस एक यहूदी थिए । उनी धनी र शक्तिशाली थिए तर उनलाई गाउँलेले मन पाराउँदैनथे । येशूको विषयमा उनले सुनेका थिए । येशूको बारेमा चारैतिर कुराहरू फैलिएका थिए । यूहन्नाको पापीलाई पश्चात्ताप गराउने भनाइलाई उनले सुनेका थिए । येशूका कुरा सुनेपछि उनी जस्तो पापी पनि पश्चात्ताप गर्न सक्छ र नयाँ मान्छेमा परिवर्तन हुनसक्छ भन्ने कुरा उनले बुझे । के येशूको मनपर्ने चेला पनि महसुल उठाउने नै थिए र ?

जकियसले बदलिएको स्वभाव लिन खोज्दा उनले मानिसबाट जुन बढी पैसा असुल गरेका थिए, तिनलाई फिर्ता दिन थाले । त्यस बेलादेखि उनी सबैलाई समान व्यवहार गर्न थाले, इमानदार बन्न थाले ।

जब येशू जेरिको सहरमा आउँदै हुनुहुन्छ भनी जकियसले सुने उनले जसरी भए पनि येशूलाई हेर्ने भन्ने निश्चय गरे । उनलाई नयाँ जीवनको आशा दिने व्यक्तिको अनुहार उनी हेर्न चाहन्थे । आफू होचो व्यक्ति भएकाले येशूलाई घेरिरहेका ठाउँबाट उनले देख्न सक्दैनथे । त्यसकारण उनी दौडेर एउटा रुखमा चढे । भीडको बीचमा आफूले चाहेको व्यक्तिलाई हेर्न खोजे ।

जब येशू भीडसँग आउनुभयो, उहाँ त्यो रुखको ठीक तल अडिनुभयो । उनको मन भित्रैदेखिको हेराइले येशूले माथितिर हेर्नुभयो । त्यसपछि येशूले उसको नाम लिएर बोलाएको उसले सुन्यो, “जकियस छिट्टै तल ओर्ल, म तिम्रो घरमा बस्न जाँदै छु ।

सपनाबाट बिउँझेजस्तै गरेर जकियसले उहाँलाई आफ्नो घरमा पुऱ्याए । धर्मगुरुहरू रिसाए र भने, “येशू पापीहरूसँग बस्दै हुनुहुन्छ ।” येशू घर आउनुभएकोमा जकियस एकदम खुसी थिए । भीडलाई बीचमा रोकेर जकियसले येशूलाई भने । “मेरो सम्पतिको आधा म गरिबहरूलाई बाँडिदिन्छु यदि मैले कसैलाई ठगेको भए उसलाई चारगुना बढी तिरिदिन्छु ।

येशू खुसी भएको हुनुपर्छ ।" आज यो घरमा मुक्ति आएको छ ।" चेलाहरूले येशूका वचन साकार भएको माने "मानिसका लागि जे असम्भव छ, त्यो परमेश्वरका लागि सम्भव छ ।" लूका १८:२७ । कसरी परमेश्वरको जीवन बदलिदिने दयाले एउटा धनी मानिस ईश्वरको राज्यमा बस्न सक्छ भनी उनीहरूले देखे । येशूलाई भेट्नु अगाडि नै जकियसले आफ्नो जीवन बदलिसकेको थियो । येशूको विषयमा थाहा पाएपछि उसको असर चाहिँ गरिबहरूलाई मद्दत गर्नु पर्छ भन्ने रहेको थियो ।

मानिसको जीवन परिवर्तन हुँदैन भने साँचो प्रकारको अंगीकार हुँदैन । येशूको धार्मिकताले मानिसका पापहरू ढाक्दैन, यसले चरित्रमा बदलाहट ल्याउँछ । पवित्र हुनु भनेको हाम्रो मन पूर्ण रुपमा येशूमा समर्पण हुनु हो र स्वर्गीय सिद्धान्तमा यी नापिन्छ ।

इसाईहरूले आफ्ना बन्द व्यापार येशूले गर्ने जस्तो गरेर गर्नुपर्छ । येशूमा समर्पण भएको हृदयले बेइमानी गर्दैन । यदि हामीले कसैलाई क्षति पुऱ्याएका छौं भने हामीले अंगीकार गर्नुपर्दछ । गल्तीलाई जति सक्यो छिटो सुल्झाउनुपर्दछ । पैसाले क्षति तिर्न सक्ने भए, त्यसै गर्नु पर्दछ ।

येशू स्वर्गका राज्यको विषयमा जकियस र उसको परिवारलाई बताउन जकियसको घरमा जानुभएको थियो । उनीहरू सभा घरबाट बाहिरिएका थिए किनभने उनीहरूलाई धर्मगुरुहरूले घृणा गर्थे । तर अहिले स्वर्गीय गुरुद्वारा घरमा नै सिक्न पाए ।

जब जकियसले गरे जस्तै गरेर कसैले येशूलाई मुक्तिदाता मान्यो भने डर बाँच्नेछ । गुरुहरू र फरिसीहरूले जकियसलाई एकजना पायो भने तर परमेश्वरले उसलाई अब्राहमको छोरा एउटा सच्चा विश्वासी भनी मानिलिनुभयो ।

# ६२ मरियमले येशूलाई अभिषेक गर्छिन

*तिमीहरू यस नारीलाई किन दुःख दिन्छौ ? तिनले त मेरा निम्ति एउटा असल काम गरेकी छिन् । मत्ती २६:१०*

बेथानीको सिमोन एक फरिसी थिए र येशूका चेला भनी चिनिन्थे । उनले येशू मसीह हुन् भनेर आशा गरे, तर उहाँलाई मुक्तिदाता भनी विश्वास गरेनन् । येशूले उनलाई कोढबाट शुद्ध पार्नुभएको थियो त्यसकै आभार व्यक्त गर्न सिमोनले येशू र उहाँका चेलाहरूका निम्ति भोज तयार गरेका थिए ।

सधैँ झैं यस यात्रामा पनि येशू लाजरसको घर बेथानीमा बस्नुभएको थियो । धेरै मानिसहरू त्यस सानो सहरमा भेला भएका थिए । सबैलाई लाजरसले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी घोषणा गरे । मानिसहरू येशूसँग लाजरस पनि यरुसलेम जान्छन् कि र निस्तार चाडमा येशू राजा बनाइनुहुन्छ कि भनी बाटो हेरिरहेका थिए ।

पूजारी र अगुवाहरू येशूलाई छिट्टै मार्ने पक्षमा थिए । धेरै चोटी येशू उनीहरूका हातबाट फुत्किसकेको कारण निस्तार चाडमा पनि पक्रन पाइँदैन कि भनेर उनीहरू चिन्तित थिए । उनीहरूको सभामा येशूलाई पक्रन गाह्रो हुन्छ कि भनेर उनीहरू चिन्तित थिए । उनीहरूको सभामा येशूलाई पक्रन गाह्रो छ भनी उनीहरूले मानिलिएका थिए, मानिसहरूको भीडमा उहाँलाई पक्रन असम्भव थियो । लाजरसको मृत्युपश्चात् जनतासामु येशू प्रख्यात हुनुभएको थियो । त्यसकारण उनीहरूले उहाँलाई गोप्य रूपमा पक्रने निधो गरे । येशूलाई मृत्युदण्डको सजाय भएपछि मानिसहरूले बिस्तारै बुझ्नेछन् भनी उनीहरूले सोचे । तर जबसम्म लाजरस त्यहाँ थिए, मानिसहरूले येशूको शक्तिलाई सम्झने थिए । त्यसकारण लाजरस पनि मारिनुपर्छ भनी निर्णय गरियो । यो सब सल्लाह भइरहेको समय येशू भने आफ्नो चेलाहरूको साथमा सिमोनको घरमा खाना खाँदै हुनुहुन्थ्यो । भोजमा एकापट्टि सिमोन र अर्कोपट्टि लाजरस बसे । मार्थाले खाना पस्कन थालिन्, मरियम भने येशूले भनेका वचनहरू सुन्न उहाँको नजिकै उभिइन् ।

येशूले उनका पापहरू क्षमा गर्नुभएको थियो, उनको भाइलाई मृत्युबाट ब्यूँताउनु भएको थियो । आफ्नो आभार व्यक्त गर्न मरियम केही गर्न चाहन्थिन् । येशू छिट्टै मर्दै हुनुहुन्छ भन्ने सुनेकी थिइन् । त्यसकारण उनले महँगो अत्तरको बोतल ल्याइन्, येशूलाई गाड्न तयार पार्ने, त्यो बेलाको चलन अनुसार उनले गरिन् ।

तर त्यो समय येशू राजा हुन जाँदै हुनुहुन्छ भनी सबैले भन्दै थिए। उनको दुःख सुखमा परिवर्तन भयो, उनी सबभन्दा पहिला उहाँलाई सम्मान गर्न चाहन्थिन् । उनले बिर्को खोलिन् र येशूको शिरमा खन्याइन् । उनले उहाँको खुट्टामा रुँदै आफ्नो लामो कपालले पुछिन, उनले आभारपन व्यक्त गरिन् । मरियमले कोठाभरिको भीडलाई नदेखेको हुन सक्छ तर अत्तरको वासना चारैतिर फैलियो, सबैले येशूतिर हेर्न थाले । जब मरियमले गरेको कुरा यहूदाले देखाउँदा रिसायो । ऊ साउनी गर्न थाल्यो, "येशूले किन यस्तो हुन दिनुभएको ? यो अत्तर बेचेर गरिबलाई पैसा बाँड्न सकिन्थ्यो । येशू र उहाँका चेलाहरूका निम्ति उसले पैसाको झोला बोकेको थियो । त्यो झोलाबाट गरिब र आवश्यकतामा परेकाहरूका निम्ति पैसा खर्च गरिन्थ्यो । त्यहाँका पैसा उसको आफ्नै खल्तीमा पनि जाने गर्दथ्यो । यदि मरियमले त्यहाँ पैसा दिएको भए, गरिबसम्म त्यो पैसा पुग्ने थिएन । यहूदाले पैसा चोर्ने थियो ।

अरू चेलाहरूले यो कुरा बुझेका थिएनन्, ऊ त्यो समूहको एउटा प्रभावशाली व्यक्ति थियो । उसले बोलेका कुराहरू अरूहरूले पनि थापे । मरियमले पनि यो सुनिन्, उनको हृदय काम्यो । उनकी बहिनी त्यो पैसाको बारेमा के भन्ने हुन् भनी उनलाई डर लाग्यो । के येशूले पनि उनको उपहारलाई बेकारका भन्नुहुनेछ होला ? उनी त्यहाँबाट उठेर हिँड्नै आँटेकी थिइन, येशूले भनेको वचन उनले सुनिन्, "उनलाई छोडिदेऊ ।"

मरियमको मनमा के थियो त्यो येशू जान्नुहुन्थ्यो । उहाँले भन्नुभयो "उनले मेरा निम्ति उत्तम काम गरेकी छिन्, गरिबहरू तिमीहरूसँग सधैँभरि हुनेछन् तर म सधैँ रहने छैन । तिनले गर्न सक्ने कुरा तिनले गरेकी छिन् । उनले अत्तर ममा खन्याएर मलाई गाड्नका निम्ति तयार पारेकी छिन् ।

येशू जीवितै छँदै आफ्नो प्रेम खन्याएर उनले येशूलाई खुसी पारेकी थिइन् । मरियमले आफूले गरेका कार्यको पूरा मतलब बुझ्न सकेकी थिइनन् । यो उपहार दिन त्यो समय किन छानेकी थिइन् त्यो पनि उनले बताउन सकिनन् । पवित्र आत्माले उनको हृदयमा प्रभाव पारेको थियो । येशूले उहाँको शरीर गाड्नलाई तयार पारेकी भनेर भन्नुभयो । अत्तरको सिसी फुटाएको कारण त्यो कोठाभरि बास्ना छरिएको थियो । येशूको शरीर पनि भाँचिने थियो र संसारभरि उहाँको बास्ना फैलिने छ ।

येशूले भन्नुभयो, साँच्चै म तिमीहरूलाई भन्दछु, सुसमाचार संसारमा प्रचार गर्दा यो महिलाले गरेको कुरा पनि भनिनेछ र मानिसहरूले उनलाई सम्झन्छन् । राजा र राज्यहरू उत्पति हुनेछन्, बिर्सनेछन् । तर त्यो महिलाको उपहारको विषयमा छ । धर्मशास्त्रमा लेखिनेछ, सम्झना गरिन्छ । समयको अन्त्यसम्म त्यो फुटाइएको अत्तरको बोतलका विषयमा भनिनेछ, यसले गिरेको मानव जाति उपर परमेश्वरको प्रेमका विषयमा कथा भनिनेछ ।

## यहूदाले येशूलाई बोक्दछ

येशूले यहूदा झूठा कुरा र चोरीको विषयमा बताउन सक्नुहुन्थ्यो । तर यसो गरेको भए उसले येशूलाई पक्रन मद्दत गरेको भनी कारण निकाल्न सक्ने थियो । येशूले उसलाई केही नभने तापनि यहूदा रिसाएको थियो र लज्जित पनि थियो । मरियमले उपहारको प्रशंसा गरेर उसलाई नराम्रो भनी देखाउनुभएको थियो । येशूको हेराइले यही बताएको थियो । उहाँ उसको चोरी र पाखण्डीपनका विषयमा सबै कुरा जान्नुहुन्छ । त्यो खाना सिद्धिएपछि यहूदा सिधै पूजारीको दरबारमा गयो र येशू कसरी कहाँ र कहिले पक्रन सकिन्छ भन्नेबारे बतायो । उहाँलाई चुपचाप पक्रन सकिन्थ्यो, मरियमको खेर गएको अत्तरको विषयमा कुरा गरेर उसले मुक्तिदातालाई खाली तीस चाँदीका सिक्कामा बेच्यो ।

अरू चेलाहरू यहूदा जस्ता थिएनन् । उनीहरूले येशूलाई प्रेम गरे तर पूरा रूपमा उहाँलाई बुझ्न सकेनन् । पूर्वका बुद्धिमान् मानिसहरू जसले येशूलाई राम्रो चिनेका पनि थिएन उनीहरूले येशूलाई बढ्ता आदर गरे, प्रेम गरे । येशूले मनबाट गरेका आदरहरूलाई खुसीसाथ लिनुभयो । सानो बच्चाले दिएको सानो फुललाई अस्वीकार गर्नु भएन ।

मरियमले गरेको प्रेमलाई चेलाहरूले नबुझे तापनि येशूले स्वीकार गर्नुभयो । उनले ल्याएको अत्तर उनको हृदयरूपी उपहार थियो । येशू कति समय एक्लो र दिक्दार हुनुहुन्थ्यो, चेलाहरूले बुझ्न सकेनन् । त्यसकारण मरियमको उपहार उहाँप्रति कति महत्वपूर्ण थियो भन्ने कुरा उनीहरूले बुझ्न सकेनन् । येशू गइसकेपछि मात्र उहाँलाई कति चित्त दुखाएका रहेछन् भन्ने कुरा उनीहरूले बुझ्न सके । येशूको चोट लागेको शरीर कसबाट बोकेर लैजाँदा मात्र उनीहरूलाई थाहा भयो । उनीहरूले कुरा काटेका रातहरू र उनीहरूले त्यसप्रति पछुताव गरे । आज थोरै जनले मात्र येशूले गर्नुभएको कुराहरूप्रति आभार व्यक्त गर्दछन् । उहाँका लागि जे गरे पनि थोरै हुन्छ ।

मानिसको नजरमा मुक्तिको उपाय एउटा बेकारको कुरा र क्षय समान हो । येशूले गर्ने आशिषित् प्रेममा स्वर्गदूतहरू अचम्म मानिर हेर्नेछन् । उनीहरूले सोध्छन् होला "किन बेकारको खती ।" तर बाटो बिराएको संसारका निम्ति येशूको प्रेम प्रयास थियो । प्रत्येक जन बचाइने छैनन् होला, तर त्यसको मतलब यो बेकारको खती हो भन्न मिल्दैन ।

## सिमोनको गोप्यता

मरियमले येशूलाई गरेको कार्यप्रति सिमोन छक्क परेका थिए । उनले विचार गरे "यदि येशू अगमवक्ता भएदेखि एउटी अपवित्र महिलाले उहाँलाई

छोएको कुरा येशूले थाहा पाउनु हुने थियो ।" तर सिमोनले येशू र परमेश्वर एकै किसिमका दयालु हुनुहुन्छ भन्ने कुरा बुझेनन् । सिमोनले पापीहरूलाई चिनाइन्छ र समाजबाट अलग गरिन्छ भन्ने सोचे । सिमोनले के सोचिरहेका थिए भन्ने कुरा येशूले बुझ्नुभयो । उहाँले भन्नुभयो "सिमोन तिम्रा लागि एउटा कथा हो । एकजना मानिससँग दुईजनाले ऋण लिएका थिए । एक जनाले ५०० पेन्स लिएको थियो अर्कोले ५० पेन्स लिएका थिए । जब दुवै जनाले पैसा फर्काउन नसक्ने भए, उनले दुवै जनालाई माफ गरे । अब तिमी मलाई भन कि ती साहुले कुन चाहिँलाई बढ्ता प्रेम गरे ?"

"मलाई लाग्छ जसले धेरै तिर्नु थियो उसलाई बढी प्रेम गरे ।" सिमोनले भने ।

येशूले भन्नुभयो "तिमीले ठीक भन्यौ ।" अगमवक्ता नाथानले दाउदलाई गरेको कथा जोड्दै येशूले सिमोनको दोष उसले आफै पत्ता लगाउन भनी भन्नुभयो । सिमोन र मरियम यस कथाका ऋण लिने व्यक्तिहरू जस्ता थिए । येशूले उनीहरू परमेश्वरमा छुट्टाछुट्टै आभार व्यक्त गर्नुपर्छ भनी भन्नु भएन । उनीहरूले तिर्न सक्नेभन्दा बढ्ता पाएका थिए । येशूले सिमोनलाई चाहिँ बताउन चाहनुभएको थियो कि उनको पाप मरियमको भन्दा धेरै थियो जस्तो ५० भन्दा ५०० पेन्स धेरै हो ।

सिमोनले आफैलाई भिन्न तरिकाले हेर्न सुरु गरे । उनलाई लाज लाग्यो जब उनले विचार गरे कि उनी एक जना अति महान्, सबै मानिसभन्दा ठूलो मानिसका अगाडि थिए ।

येशूले भन्नुभयो, "जब म तिम्रो घरमा आएँ मलाई खुट्टा धुने पानी पनि तिमीले दिएनौ, तिमीले मलाई अँगालो हालेर स्वागत गरेनौ । तर यस महिलाले मेरा खुट्टा चुमिरहेको छ ।" सिमोनका विचार थाहा पाएर उहाँले अगाडि भन्नुभयो, "यस महिलालाई हेर । उनका धेरै पापहरू क्षमा गरिएका छन्, त्यसकारण यिनले मलाई बढ्ता प्रेम गरेकी छिन् । कसैका थोरै पापहरू क्षमा गरिएका छन् भने उसले थोरै मात्र प्रेम गर्दछ ।"

खाना खुवाएर येशूलाई सम्मान गरिरहेको छु भन्ने सिमोनले सोचेका थिए । अब उनले देखे कि उनले येशूलाई पटक्कै सम्मान गरिरहेका थिएनन् । उनले देखे कि उनको धर्म बेकारको थियो, मरियम पापी नै भए तापनि उनी क्षमा गरिएकी थिइन् । येशूले दया गरेर उनका पापहरू नदेखाइदिनु भएकोमा सिमोन धन्यवादित थिए ।

कडाइसँग बोलेका भए उनले आफ्नो मनलाई कडा पार्न सक्ने, पश्चात्ताप गर्न सक्ने, तर येशूको प्रेमले उसको हृदय जित्ने कोसिस गर्नुभयो । अन्तमा आफ्नो ठूलो ऋणको भारलाईबुझे उनले पापहरू मानिलिए । एउटा घमण्डी फरिसी विनम्र चेला बन्न पुगे ।

मरियमको जीवन फेरि बनाउन के कस्ता घटना आइपर्छन् त्यो येशूलाई थाहा थियो । उनको अन्तिम आशालाई नाश गर्न सक्नुहुन्थ्यो, तर उहाँले त्यसो गर्नुभएन । उहाँले उनलाई माथि उचाल्नुभयो, सात चोटि उनीबाट भूतात्माहरू निकाल्नु भयो । अरूले आशा मारेको जीवनमा उहाँले असल कुरा देख्नुभयो । उहाँको दयाले उनी नयाँ व्यक्ति बन्न सकिन् । मरियमले येशूका चरणमा बसेर सुनि । उनले अत्तर उहाँको टाउकोबाट खन्याइन् र उहाँका पाउ आँसुले धोइ । मरियम क्रूसको छेउमा उभिइन् र चिहानसम्म नै पछि लागिन् । येशू बौरी उठ्नुभएको घटनालाई मरियमले नै पहिला गवाही दिइन् ।

येशूले सबेको विषयमा सबै थोक जान्नुभएको छ । तपाईं आफूले आफैलाई पापी भन्नुहोला, जति बढी पापी, त्यति नै बढी मात्रामा येशूको जरुरत पर्दछ । भित्रि मनदेखि पश्चात्तापमा आउनेलाई उहाँले त्यसै फर्काउनुहुन्न । उहाँकहाँ आउने सबैलाई उहाँले प्रशस्त क्षमा गरिदिनुहुन्छ र उहाँ ईश्वरीय मानव प्रेमले बाँध्नुहुन्छ, जहाँ अर्को मानिसले वा दुष्ट दूतले उसलाई छिनेर वा खोसेर लान सक्दैन । उनीहरू उहाँको नजिक उभिनेछन् जहाँ परमेश्वरको सिंहासनबाट प्रकाश आइरहेको हुन्छ । उहाँ दोष लिन र पापको कष्ट बोक्न मर्नुभयो र तिनीहरूलाई पिताका अगाडि प्रस्तुत गर्न उहाँ बाँचिरहनुभएको छ ।

# ६३ येशू इस्रायलको राजा घोषित

*"परमप्रभुको नाउँमा आउने धन्यको हो"*
*भजन संग्रह ११८:२६*

येशू जन्मनुभन्दा ५०० वर्ष पहिला अगमवक्ता जकरिया इस्रायलीहरूका राजा आउने दिनका विषयमा बताएका थिए । "हे सिमोन कि छोरी, खुब रमाऊ । हे यरुसलेमकी छोरी, जोरसित कराऊ । हेर तिम्रा राजा तिमीकहाँ आउँदै हुनुहुन्छ । उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ । उहाँ भला हुनुहुन्छ, र गधामाथि अर्थात् गधाको बच्चा एउटा बछेडामाथि सवार भएर आउँदै हुनुहुन्छ । जकरिया ९:९

हप्ताको पहिलो दिन थियो र येशूले त्यही दिन येरुसलेमको महिमामय यात्रा गर्दै हुनुहुन्थ्यो । बेथानीमा उहाँलाई हेर्न आउने मानिसहरू उहाँसँगसँगै हिंडे । विस्तारै चाडका निम्ति जान लागेका मानिसहरू पनि उनीहरूसँग मिसिए । प्रकृति पनि खुसी बनाइएको जस्तो लाग्थ्यो, नयाँ राज्यको आशा सबैमा थियो ।

येशूले दुईजना चेलाहरूलाई उहाँका निम्ति गधा ल्याउन अह्राउनुभयो । यस सहयोगका निम्ति पनि उहाँलाई अपरिचितकै दयामा भर पर्नुपरेको थियो । तर उहाँले भने जस्तै गरेर त्यो, जब चेलाहरूले "प्रभुलाई यसको सरोकार छ भनी भन्नुभयो, गधालाई पठाइयो । उनीहरूले आफ्ना कोट गधामाथि बिछ्याए र येशूलाई त्यसमाथि बसाए । येशू जहिले पनि उनीहरूसँग हिँड्नुहुन्थ्यो, तर यस पटक गधामा चढ्नेभन्दा चेलाहरू छक्क परेका थिए । तर येशूले अन्तमा आफैलाई राजा घोषणा गर्नुहुनेछ भन्ने उनीहरूमा आशा जाग्यो ।

येशूले यहूदीहरू शाही चलनलाई अपनाउनुभएको थियो । मानिसहरू कसरी मसीह राजा बनिनुहुनेछ भन्ने भविष्यवाणीप्रति परिचित थिए । जब येशू गधामा सवार हुनुभयो भीडले उहाँलाई मसीह तिनीहरूको राजा भनी स्वागत गरे । उनीहरूले रोमीहरूको नाश भयो र इस्रायल फेरि शक्तिशाली राष्ट्र भयो भन्ने कल्पना गरे, उनीहरूले उहाँको बडाइँ गरे । उनीहरू उहाँलाई दिने उपहारहरू थिएनन्, आफ्ना कोटहरू फुकालेर उनीहरूले बाटोमा ओछ्याए अरूले खयरका र भप्राक्षका हाँगाहरू काटेर ओछ्याए ।

शाही तुलहरू हल्लाउनलाई थिएनन् त्यसैले उनीहरूले हाँगाहरू हल्लाए । हेर्ने मानिसहरूले "उहाँ को हुनुहुन्छ ? यो सबका मतलब केहो भनी प्रश्न गरे । येशू नै हुनुहुन्छ भनी सुन्दा उनीहरू छक्क परे । निस्तार चाडमा जाने हजारौँ मानिस बाटोमा लाइन लागे र पवित्र भजनहरू गाउन थाले । मन्दिरका पूजारीले साँझको आराधनाको तुरही फुके, थोरै मानिसले मात्र त्यता ध्यान दिए । सारा समुदाय उहाँको पछि पछि छ " उनीहरूले एक आपसमा भने ।

## येशूले किन यस्तो हुन दिनुभयो

येशूले पहिला यस्तो प्रदर्शनीको कहिल्यै मञ्जुरी दिनुभएको थिएन । उहाँलाई के हुन्छ भन्ने कुरा थाहा थियो । उहाँ क्रूसमा पुग्नुहुने थियो । यो समय मानिसको ध्यान उहाँको लक्ष्यतर्फ खिच्नु थियो । आउने समयमा उहाँको मण्डलीको विषयमा जान्न खोज्दा त्यहाँ कुनै द्विविधा हुनु हुने थिएन । सारा सहर चर्चाको विषयचाहिँ महिमामय यात्रा हुने थियो । क्रूसतिर लैजाँदै गरेका छिटा घटनाक्रमलाई मानिसले बुझिरहेका थिए । उहाँको मृत्युपछि, धेरै शास्त्र पढेर, सम्झेर येशू नै वास्तवमा मसीह हुनुहुन्छ भनी निश्चित गर्ने थिए ।

येशूका चेलाहरूले यस दिनलाई अचम्मको दिन र उज्यालो दिन भनी माने तर आफ्नो मालिकको मृत्यु छिट्टै हुँदै थियो भन्ने तिनीहरूले जानेका भए यो दिनलाई अँध्यारो दिन भनी मान्दथे होलान् । उहाँले बारमबार उनीहरूलाई बलिदान हुनुहुनेछ भनी बताए तापनि त्यसदिनको खुसीको कारण उनीहरूले उहाँका कुरालाई बिर्से ।

## ढुङ्गा बोल्नेछन्

भीडमा धेरैले आशासहित अगाडि बढे । उनीहरूका आवाज हावामा गुँजियो "हो सन्न, दाउराका पुत्र, परमेश्वरको नाउँमा आउने धन्यको हो ।"

संसारमा यस्तो प्रदर्शन पहिला भएको थिएन । सैतानबाट छुटकारा गराइएका धेरै जना त्यस यात्रामा थिए । जसले आँखाको दृष्टि येशूबाट पाएका थिए, उनीहरू अगाडि थिए । बोल्न सक्ने वरदान पाएकाहरू जोडले कराउँदै थिए । शारीरिक रूपमा अपाङ्ग खुसीले उफ्रँदै थिए । कोढीहरूले आफ्ना सफा कोटहरू बिछ्याए । मृत्युबाट बौरी उठेका लाजरसले येशूको गधा डोऱ्याइरहेका थिए ।

धेरै फरिसीहरूले भीडलाई शान्त गराउने प्रयास गरे तर यसले भीडको उत्साह झन् बढायो । अन्तमा उनीहरू येशू कहाँ पुगेर भन्न थाले । आफ्ना चेलाहरूलाई यसो नगर्नु भनेर भन्नुहोस् ।"

येशूको जवाफले उनीहरूलाई चुप गरायो, यदि मेरा चेलाहरू चुप लागे भने वरपरको ढुङ्गाहरू बोल्नेछन् ।" परमेश्वरको अगमवक्ताले यस घटनाको विषयमा भनेका थिए, यदि मानिसहरू कराएनन् भने परमेश्वरले ढुङ्गाहरूलाई कराउने बनाउनुहुनेछ ।

जब भीड पहाडको माथि पुग्यो येशू रोकिनुभयो । उनीहरूको अगाडि यरुसलेम सहर थियो । मन्दिरबाट निस्केको प्रकाश उज्यालो थियो । त्यहाँबाट येशूले हेर्नुभयो, स्वर्गीय महिमाले मन्दिर चम्किरहेको जस्तो लाग्दथ्यो । यस्तो सुन्दर दृश्य देखेर भीड चुपचाप भयो । येशूको यस दृश्यप्रतिको प्रतिक्रिया हेर्न जब उनीहरू येशूतिर फर्किए उहाँका आँखामा उनीहरूले आँसु देखे । येशू गहिरो चिन्तामा पर्नुभएको थियो । सबै भीडमा चिन्ताको बादलले ढाक्यो । येशू रोएको देखेर कारण नबुझी धेरै जना रोए ।

येशूले त्यस ठाउँबाट गेथसेमाने देख्नुभयो, जहाँ उहाँले जीवनको अँध्यारो समयको सामना गर्नु थियो । नजिकै कलवरी थियो जहाँ उहाँले दुःख पाउनु र मर्नुपर्ने थियो । नजिकै अगाडि बलीका भेंडाहरू लैजाने ढोका थियो । तर यी कुराले येशूलाई दुःखित बनाएनन् । यरुसलेमको दृश्यले उहाँको मुटु छियाछिया पार्‍यो । परमेश्वरको पुत्रलाई अस्वीकार गर्ने सहरले उहाँको जीवन लिँदै थियो । यरुसलेम कस्तो हुन सक्थ्यो, उसलाई त्याग्न उहाँ कसरी सक्नुहुन्थ्यो । परमेश्वरले इस्रायलीहरूलाई मन पराउनु भएको थियो । त्यहाँको मन्दिर उहाँको पृथ्वीको घर बनेको थियो । अब सबै चलन चल्तीको अन्त्य हुँदै थियो । येशू सहरतिर पुग्न लाग्नुभएको थियो, "शान्ति जुन कुराले ल्याउँछ भनेर तैँले आज जानेको भए हुने थियो, तर तेरो दृष्टिबाट त्यो लुकेको छ" उहाँले भन्नुभयो । यरुसलेम स्वतन्त्र र समृद्धि हुने थियो, यदि उसले परमेश्वरको उपहारलाई स्वीकार गरेको भए ।

तर येशूलाई थाहा थियो कि सहरको नाश हुँदैछ । सहरमा शत्रुहरूले घेर्ने छन् र मानिसहरू अनिकालमा परेर मर्ने थिए भन्ने कुरालाई येशूले देख्नुभयो । कलबरीमा जंगल जस्तै बाक्लो क्रूसहरू उभिरहेको देख्नुभयो । दरबारहरू भत्किएका, मन्दिरहरू नाश भएका, पर्खालका ढुङ्गाहरू छरिएका र जमिन जोतिएको जस्तो उजाड भएको देख्नुभयो । उहाँले भन्नुभयो, "तैँले आफूमाथि भएको परमेश्वरको कृपा दृष्टिले समयलाई चिन्न सकिनस् । त्यसकारण यो सब तलाई हुनेछ ।" लूका १९:४४

तर परमेश्वरको पवित्र आत्माले एकचोटि फेरि बोल्नुहुनेछ । अन्त्यको समय अगाडि येशूले एकचोटि फेरि अनुरोध गर्नुहुनेछ, यदि उहाँलाई स्विकार गरियो भने यरुसलेम बचाइन सक्नेछ ।

तर सहरका अगुवाहरूले परमेश्वरका पुत्रलाई स्वागत गरेका थिएनन् । भीड तलतिर झर्दा "उहाँ को हुनुहुन्छ ?" भनी उनीहरूले सोधे । पवित्र आत्माद्वारा प्रेरित भएर चेलाहरूले येशूको सम्बन्धमा बताइएका सबै भविष्यवाणीहरू दोहोऱ्याए । त्यसपछि उनीहरूले आफ्नै गवाही भने येशू मसीह हुनुहुन्छ उहाँ जीवनको राजकुमार र संसारको मुक्तिदाता हुनुहुन्छ ।

# ६४ नाश भएको

*"अबदेखी कसैले पनि तँबाट फल नखाओस् ।"*
*मर्कूस ११:१४*

इस्रायलीहरूलाई गरिएको अन्तिम अनुरोध त्यसै खेर गएको थियो । पूजारी र अगुवाहरूले मानिस र अगमवक्ताका भनाइ सुन्न अस्वीकार गरे । पहिला उनीहरूले भीडलाई शान्त गराउने कोसिस गरे, जब उनीहरू असफल भए उनीहरू भीडलाई हेरिरहेका सिपाहिहरूतिर फर्किए, "यो येशूको विरुद्धमा छ, उसले मन्दिर कब्जा गर्न खोज्दै छ र यरुसलेममा राजा हुने कोसिसमा छ ।

"दुःखी तर शक्तिशाली अवाजमा येशूले भन्नुभयो कि उहाँ सांसारिक स्थापना गर्न आउनुभएको होइन । उहाँले भन्नुभयो कि छिट्टै उहाँ आफ्ना पिता कहाँ फर्कदै हुनुहुन्थ्यो र जब उहाँ आफ्नो महिमामा फर्कनु हुने छ, तब सबैले उहाँलाई चिन्ने छ ।

रोमीहरूले येशूको अनुहारमा प्रेम र भद्रता देख्नसकेका थिए । उनीहरूको मनमा सहानुभूति उब्जियो । उनीहरूले येशूलाई भड्कायो भनी पूजारी र अगुवाहरूलाई दोष लगाए ।

त्यसैबेला येशू मन्दिरमा पुग्नुभयो । भीड अझै बाहिर भएकोले गर्दा त्यहाँ शान्त वातावरण थियो केही समय मन्दिरलाई येशूले दुःखित भएर हेर्नुभएपछि उहाँ बेथानी फर्कनुभयो । जब भीडले उहाँलाई राजा अभिशेष गर्न खोज्यो, उहाँ कतै फेला पर्नुभएन ।

## अन्जिरको रूख

त्यस रात प्रार्थनामा बिताएपछि भोलिपल्ट बिहान उहाँ फर्केर मन्दिरतिर लाग्नुभयो । जब उहाँ र उहाँका चेलाहरू अन्जिरको बगैँचा भएको ठाउँबाट जानुभयो येशूलाई भोक लाग्यो । एउटा अन्जिरको रूखभरि पातहरू थिए उहाँ त्यही रूखको तल अडिनुभयो तर त्यहाँ फल थिएन । येशूले रूखलाई सराप दिनुभयो, "तेरो रूखमा फल कहिल्यै नलागोस् ।" मर्कूस ११:१४

भेलिपल्ट बिहान उहाँ आफ्ना चेलाहरूका साथ त्यही रूख भएको बाटो भएर जाँदै हुनुहुन्थ्यो । अहिले त्यो रूखका पातहरू ओइलाएका थिए र

हाँगाहरू तलतिर नुहेका थिए । येशूले कहिल्यै कसैलाई मार्नुभएको थिएन, यो रूखलाई देखेर चेलाहरू अकमक्क परेका थिए ।

परमेश्वर कसैको मृत्युमा खुशी हुनुहुन्न, दुष्टको मृत्युमा पनि । उहाँको न्याय गर्ने र नाश गर्ने चरित्रलाई अचम्मका साथ लिइन्छ । उहाँको करुणा र प्रेमबस उहाँले भविष्यको पापको परिणामलाई देखाउनुहुन्छ ।

त्यो बाँझो रूखलाई येशूले यहूदी राष्ट्रको चिन्हका रूपमा बताउनुभएको थियो । त्यो रूख जस्तै यहूदी जाति त्यो राम्रो मन्दिर र प्रभावकारी चालचलनबाट सुसज्जित राम्रो थियो । तर उनीहरूको हृदयमा प्रेम र हिनता थिएन, अरूलाई मतलब राख्ने भावना थिएन । त्यो बाटोमा अरू पाप नभएका रूखहरूले यहूदी बाहिरका राष्ट्रलाई बुझायो । उनीहरूले मानिसहरूलाई नराम्रोतिर अगुवाइ गरेनन् । प्रेम र निःस्वार्थको विषयमा केही थाहा नपाएका उनीहरूले पवित्र भएको स्वाँग पारेनन् । उनीहरू अझै परमेश्वरमा पर्खन र सिक्न तयार थिए ।

यहूदीबाट धेरै आशा गरिएको थियो, किनकि उनीहरूले परमेश्वरलाई चिनेका थिए । येशू इस्रायलीबाट आउनुभएको थियो उनीहरूमा परमेश्वरको ज्ञानका फलहरू, निस्वार्थता, दया, परमेश्वरलाई अरूसम्म पुऱ्याउने चाहनाको आशा राख्नु भएको थियो । तर उनीहरूको घमण्ड र स्वर्थीपनले परमेश्वर र अरूप्रतिको प्रेमलाई ग्रहण पारिदियो । सुकेको रूखले उनीहरूको पाप र दण्डलाई उद्धृत गऱ्यो । परमेश्वरको दया हटाइयो भने यहूदी राष्ट्र कस्तो हुन्छ भन्ने कुरा बतायो । ओइलेको र सुकेको त्यो हुने थियो । परमेश्वरले अशिष् नबाँडेका कारण उनीहरूले आशिष् पाउने थिएनन् ।

आफूले सृष्टि गरेको रूखलाई सराप दिएर येशूले सबै मण्डलीहरू र इसाइहरूलाई चेतावनी पठाउनुभएको छ । येशूका पछि लागेकाहरूमध्ये धेरै जनाले उहाँको जस्तो दयालु र निस्वार्थ जीवन बाँच्न सकेका छैनन् । उनीहरू पैसा र सामान कसरी जम्मा पार्ने भन्ने सोचमा रहेका हुन्छन् । परमेश्वरले सक्ने जति अरूलाई मद्दत गर्ने भनेर उनीहरूलाई बनाउनुभयो । तर उनीहरूको जीवनमा यति ठूलो स्वार्थ भए ताकि उनीहरूले अरूथोक हेर्न सकेनन् ।

अन्जिरको रूख जस्तै, उनीहरू देखावटी गर्दछन्, मण्डली जान्छन, असल जीवन बिताउँछन तर त्यो सब प्रेम बिनाको हुन्छ । इसाई भएर येशूको जीवन जस्तो नबिताउने मानिसभन्दा खुला रूपमा पापी मानिस कम दोषी ठहरिने छ ।

हजारौँ वर्षदेखि यहूदी राष्ट्रले परमेश्वरको संवादलाई अस्वीकार गरेका थिए र अगमवक्तालाई मारेका थिए । येशूका दिनमा पनि त्यस्तै गरेका थिए र पुर्खाहरूको पापको भारी आफूमाथि लिए । समय आउनेछ, जब पवित्र आत्माको मीठो बोलले पापीहरूलाई बोलाउनेछैन । त्यही समय यरुसलेममा

आएको थियो । येशूले सबै कुरा गर्नुभएको थियो । उसलाई छुटकारा दिन उहाँ चाहनुहुन्थ्यो, तर परमेश्वरको पवित्र आत्मालाई अस्वीकार गरेर इस्रायलीले आफ्नो एकमात्र आशालाई अस्वीकार गरेका थिए ।

जब येशू यरुसलेमका निम्ति रुनुभयो उहाँको प्रेमबाट तर्केर हिँड्ने सबैका पापका निम्ति पनि रुनुभयो । आज पनि धेरैले ती अविश्वासी यहूदीहरूले हिँडेको बाटो पछ्याएका छन् । पवित्र आत्माले उनीहरूका हृदयमा बोलेका छन्, तर उनीहरू आफ्ना गल्ती मान्न तयार छैनन् । तिनीहरूले परमेश्वरको संवाद र संवादबाहक दुवैलाई अस्वीकार गरे ।

आजको संसारमा येशूका चेलाहरू नैतिक अशुद्धता र हानथापको बलियो धारसँग संघर्ष गरिरहेका छन् । परमेश्वरको वचन, मानिसको प्राकृतिक सोचसँग मेल खाँदैन । धेरैले बाइबललाई अस्वीकार गर्छन् र आफ्नै विचारमा बाँच्छन् । तर यो सब तिनीहरू आफ्ना आत्मालाई खतरामा पारेर गर्छन् । येशूका वचन प्रति प्रश्न गर्नेले अरू धेरै प्रश्न गर्न सक्छन् र अन्तमा उहाँको सच्चाइ र प्रकाशबाट पूर्णतः विमुख हुन्छन् । परमेश्वरले मानिसका हृदयबाट शंका हटाइदिने प्रतिज्ञा गर्नुभएको छैन, जसले उहाँको सच्चाइलाई इन्कार गर्छन्, उहाँका वचन उनीहरूलाई रहस्यमय लाग्नेछन् । येशूले हाम्रा निम्ति आँसु बहाउनुभयो । परमेश्वरको प्रेमको प्रत्येक सच्चाइ, बाइबलबाट प्रत्येक सच्चाइले कि हाम्रो हृदय पगालिरहेका हुन्छ र येशूलाई हामीले स्वीकार गरेका हुन्छौँ अथवा हामीले उहाँलाई अस्वीकार गरिरहेका हुनेछौँ । यरुसलेम र यहूदीहरू जस्तै जसले येशूलाई अस्वीकार गरेका छन्, उनीहरूको कष्ट दुःख र अनन्त नाशका निम्ति उनीहरू नै दोषी छन् ।

# ६५ मन्दिरको पुनः सफाई

*“धर्मशास्त्रमा लेखिएको, मेरो घर प्रार्थनाको घर हुनेछ तर तिमीहरूले त यसलाई डाँकुहरूको अड्डा बनाएका छौ ।” लूका १९: ४६*

येशूको सेवकाइको सुरुमा येशूले व्यापारीहरू र साहुहरूलाई मन्दिरबाट बाहिर खेद्नु भयो, किनभने उनीहरूको मन्दिरलाई अशुद्ध क्रियाकलापद्वारा अशुद्ध बनाइरहेका थिए । अहिले अन्तमा, फेरि पहिला जस्तै अशुद्ध भएको थियो । मन्दिरको आराधना जनावरको आवाज, पैसाको आवाज र कराइरहेका वादविवादद्वारा बाधा पुगिरहेको थियो । त्यो व्यवसाय गर्नुपर्छ भनेर पूजारी र शास्त्रीहरूले सल्लाह दिइरहेका थिए । लोभको कारणले गर्दा तिनीहरू आफै चोर जस्तै भएका थिए । मन्दिरको प्रत्येक चाडमा हजारौं जनावरहरू बली चढाइन्थ्यो । पापले गर्दा यो सब गर्नुपरेको थियो भन्ने सत्यतालाई यहूदीहरूले बिर्सन थालेका थिए । बलीले परमेश्वरको थुमालाई इंगित गरिरहेको थियो, उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने सत्यतालाई उनीहरूले बुझेका थिएनन् । यी चाड पर्वले रगतको खोलो बगाउने र निर्दयताको प्रतिरूपमा लिएका थिए ।

थुमाको बली दिने घटनालाई उनीहरूले पैसा कमाउने उत्सवका रूपमा लिए । सेवाको पवित्रतालाई नाश गरिएको थियो । येशूलाई थाहा थियो कि छिट्टै उहाँको रगत पापीका निम्ति बहाइनेछ । त्यसलाई संसारले बुझ्ने थिएन, धन्यवादित हुने थिएन ।

येशूले धेरै बलिदानहरू र मानिसको आवश्यकतालाई अवहेलना गरेका कुरालाई अगमवक्ताका मुखबाट बोल्नुभएको थियो । अहिले ती कुरा आफूले बोल्नु भयो । मानिसहरूले येशू उनीहरूको राजा हुनुहुन्छ भनी भनेका थिए । उनीहरूको भनाइलाई येशूले स्वीकार गर्नुभएको थियो । त्यसकारण राजा जस्तो भएर उहाँले कार्य गर्नु थियो । येशूलाई थाहा थियो कि बेइमान शास्त्रीहरू परिवर्तन हुने थिएनन् तर उहाँले आफू मसीह भएको कुरा बढी सच्चाइसाथ बताउन सक्नुहुन्थ्यो ।

येशूले एकचोटि फेरि अशुद्ध पारिएको मन्दिरको आगमनलाई हेर्नुभयो । मानव चोलामा ईश्वरीय महिमा देखिन्थ्यो । नजिक भएकाहरू टाढाटाढा लाग्न थाले । केहि येशूका चेलाहरू त्यहाँ थिए । एकछिनसम्म वातावरण शान्त रह्यो त्यसपछि येशूले बोल्नुभयो । “मेरो घर प्रार्थनाको घर हुनेछ । तर तिमीहरूले त यसलाई डाँकुहरूको अड्डा बनाएका छौ । लूका १९: ४६:१

तुरहीको जस्तो आवाजले उहाँले आज्ञा गर्नुभयो, यी सब कुरालाई यहाँबाट हटाओ ।"

तिनवर्ष अगाडि शास्त्रीय येशूको आवाजले भाग्नु पर्दा लज्जित भएका थिए अहिले उनीहरू झन् डराएका थिए । आफ्ना बलीदिने वस्तु भाउ खेदाएर पूजारीहरू बाहिर दौडिए । बाहिर निस्केपछि भीडमा उनीहरूको आफ्ना बिरामी र घाइतेहरूलाई येशू कहाँ ल्याए । धेरै मानिसहरू येशूलाई हेर्ने इच्छाले भीडमा पस्न थाले । फेरि एक पटक मन्दिरको आँगनमा बिरामी र मर्न लागेका बिरामीद्वारा भरियो । एकचोटि फेरि येशूले सबैलाई निको पार्नुभयो ।

केहि समयपछि मन्दिरका पूजारी र शास्त्रीहरू मन्दिरभित्र पसे, येशूलाई राजा बनाउनेछन् भनी उनीहरू हेर्न चाहन्थे । तर त्यहाँ आागनमा निको पारिएकाहरूको खुसी र हाँसो सुनिन्थ्यो, उनीहरूले परमेश्वरको प्रशंसा गर्दै थिए ।

बच्चाहरूले ठूलो स्वर निकालेर प्रशंसा गर्दै थिए, हिजो सुनेको होसन्ना राजालाई भन्ने कुरालाई उनीहरूले खजुरका हाँगाहरू हल्लाएर गाउँदै थिए । यी खुसीका आवाजहरूले शास्त्रीहरूलाई रिस उठायो । उनीहरूलाई बच्चाहरू र प्रशंसामा निस्किएका ठूला स्वरले गर्दा मन्दिर बिटुलिएको छ भन्ने लाग्यो । येशूले बच्चालाई शान्त गराउन भन्ने उनीहरू चाहन्थे । "केटाकेटीहरू के भन्दै छन् के तपाईंले सुन्नुभएन ?" येशूले जवाफ दिनुभयो, "के तपाईंहरूले धर्मशास्त्रमा पढ्नुभएको छैन कि तपाईंले केटाकेटीहरू र बच्चाहरूलाई प्रशंसा गर्न सिकाउनुभयो ?" अगमवाणीमा येशू राजा हुनुहुन्छ भनी बताइएको थियो । परमेश्वरले उहाँको प्रशंसा गर्न प्रेरित गर्नुभयो । यदि तिनीहरू चुप गराएर भने मन्दिरका खम्बाहरूले वचन बोल्ने थिए ।

## मेरो प्रश्नको जवाफ देऊ

फरिसी र शास्त्रीहरू एकदम रिसाएका थिए । येशूले अचम्म लाग्दा आश्चर्यपूर्ण कार्यहरू गर्नुभएको थियो तर कहिल्यै राजा जस्तो बन्नुभएको थिएन । त्यस दिन उनीहरूले उहाँलाई पक्रने विचार त्यागिदिए । सभा बस्ने निर्णय भनी उहाँले केहि भनेका कुरालाई दोष लगाई पक्रने भन्ने कुरा भयो ।

मन्दिरमा तिनीहरूले सोधे "तिनीलाई यसो गर्ने अधिकार कसले दियो ?" येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई एउटा प्रश्न सोध्छु, यदि यसको जवाफ दिन सक्यौ भने, म पनि तिमीहरूको प्रश्नको जवाफ दिन्छु, "बप्तिस्मा दिने यूहन्नाले बप्तिस्मा दिने अधिकार कहाँबाट पाए ?" मानिसबाट कि स्वर्गबाट ?

शास्त्रीहरू आफै जालमा परेको अनुभव गरे । यदि यूहन्नाले स्वर्गबाट अधिकार पाए भनेर उनीहरूले भन्यो भने, "तब तिमीहरूले किन उनले भनेको कुरालाई विश्वास गर्दैनौ भनी येशूले भन्नु हुने थियो । उनीहरूलाई थाहा थियो कि यूहन्नाले येशूलाई मसीह, परमेश्वरको थुमा भनेर भनेका थिए । यदि उनीहरूले यूहन्नालाई विश्वास गरेका भए मसीहलाई कसरी अस्वीकार गर्न सक्थे ?

उनीहरूले साँच्चै आफूले विश्वास गरेको कुरा यूहन्नालाई उनीबाटै अधिकार प्राप्त भयो भनेर भने, उनीहरू भीडदेखि डराएका थिए । मानिसहरूले उनलाई भविष्यवक्ता मानेका थिए ।

एकछिनका काने फुसी पश्चात् शास्त्रीले भने "हामीलाई थाहा छैन ।"

येशूले जवाफ दिनुभयो, "त्यसो भए मैले कहाँबाट अधिकार पाएँ, त्यो पनि म भन्दिनँ ।

शास्त्री र अगुवाहरू त्यहाँ अन्यौल र हतोत्साहमा परे । अरू प्रश्न सोध्ने हिम्मत गरेनन् । हेर्ने मानिसहरूले यस्ता घमण्डी मानिसले हारेको देखेर छक्क परे । येशूले जे भन्नुभयो ती सब महत्वपूर्ण थिए । उहाँको पुनर्उत्थानपछि ती कुराहरू सुन्ने मानिसहरू येशूका चेलाहरू भए । तर जति धेरै मानिसहरूले येशूलाई पछ्याए उति धेरै शास्त्रीहरूले घृणा गरे ।

येशूले शास्त्रीहरूलाई शरममा पार्न खोज्नुभएको थिएन । तर उहाँसँग सिकाउनका निम्ति महत्वपूर्ण पाठ थियो । यूहन्नाको विषयलाई उनीहरूले ल्याएको कारण, उहाँले सोध्नुभयो, मलाई यस विषयमा तिम्रो विचार भन, "कुनै मानिसका दुई जना छोरा थिए, उसले पहिलो छोरालाई भन्यो "छोरा आज मेरो दाखबारीमा काम गर" छोराले जवाफ दियो, "भयो, म गर्न सक्दिनँ" तर पछि उ काम गर्न गयो । उसले दोस्रो छोरालाई भन्यो, "छोरा मेरो दाखबारीमा आज काम गर" छोराले जवाफ दियो, "हवस् म गर्नेछु" तर ऊ काम गर्न गएन । तब येशूले सोध्नुभयो, "कुन छोराले बाबुको आज्ञा मान्यो ?" छक्क पर्दै शास्त्रीहरूले जवाफ दिए, "पहिलो छोराले ।"

येशूले तिनीहरूका आँखामा हेरेर विस्तारै भन्नुभयो, "महसुल उठाउनेहरू र वेश्यागमनमा लागेकाहरू, तिनीहरूभन्दा पहिलो स्वर्गमा हुनेछन् । पहिलो छोरा परमेश्वरले भनेको नमान्ने तर यूहन्नाको भनाइमा आफैलाई बदलेका पापीहरू जस्तो थियो । उनीहरूले पश्चात्ताप गरेर बप्तिस्मा लिए । दोस्रो चाहिँ शास्त्री र अगुवा जस्तो थियो जसले परमेश्वरको आज्ञा माने तर असलमा तिनीहरूले मानेनन् ।

शास्त्री र पूजारीहरूले एक शब्द बोलेनन् । तब येशूले अर्को कथा भन्नुभयो ।

एउटा मानिसले दाखबारी लगायो, त्यसको वरिपरि बार हाल्यो । त्यो बारी कसैको जिम्मा दिएर उ बाहिर गयो । जब बाली भित्र्याउने समय आयो उसले आफ्ना केहि नोकरहरूलाई पठायो, तर किसानहरूले केहि तिरेनन् । एउटालाई पिटे र अर्कोलाई घाइते बनाए । मालिकले अरू नोकरहरू पठाए, तिनीहरूलाई कि त मार्ने कि घाइते बनाएर छोड्ने उनीहरूले गरे ।

अन्तमा मेरो छोरो गयो भने उनीहरूले आदर गर्लान भनी उसले आफ्नो छोरालाई पठायो । जब किसानहरूले मालिकको छोरो आएको देखे, उनीहरूले भने, "यो हाम्रो सम्पतिको मालिक हो, यसलाई मारौँ र दाखबारी हाम्रा आफ्नै हुनेछ ।" त्यसकारण उनीहरूले त्यसलाई समातेर मारे ।

तब येशूले सोध्नुभयो, "जब मालिक आफ्नो खेतीमा फर्कन्छ, उसले किसानहरूलाई के गर्ला ?"

शास्त्रीहरूले जवाफ दिए, "उसले दुष्ट किसानहरूलाई नाश गर्नेछ र आफ्नो दाखबारी अरूलाई दिनेछ ।" उनीहरूले छिट्टै बुझिहाले कि यसले पनि उनीहरूलाई नै दोष लगाइरहको थियो, जसरी किसानले भाडा तिर्नुपर्ने थियो त्यसै गरेर उनीहरूले पनि परमेश्वरले भने जस्तै जीवन बाँचेर उहाँलाई सम्मान गर्नुपर्ने थियो । जसरी किसानहरूले नोकरहरूलाई मारेका थिए, त्यसै गरेर यहूदीहरूले परमेश्वरका अगमवक्तालाई मारेका थिए । मालिक छोराको मतलब येशू हुनुहुन्थ्यो । आभारीपन नभएका किसानको भाग्य जस्तो तिनीहरूको भाग्य हुने थियो ।

## कुने ढुङ्गा

तिनीहरूलाई दयाले हेर्दै येशूले भन्नुभयो । के तिनीहरूले धर्मशास्त्रमा पढेका छैनौ कि जुन ढुङ्गालाई बनाउनेहरूले लत्याएका थिए त्यही नै कुने ढुङ्गा सावित भयो ? तिमीहरूबाट परमेश्वरको राज्य लिइनेछ, अन्य जातिलाई दिइनेछ जसले उहाँले भने जस्तो जीवन बिताएका छन् । त्यो कुनै ढुङ्गामा परेर चकनाचुर हुनेछ ।" उनीहरूले जे गर्न खोज्दै थिए त्यसको नतिजा कस्तो हुनेछ भनी येशूले बताउनु हुँदै थियो । येशूले उनीहरूलाई चेतावनी दिएको कुरा उनीहरूले बुझे जे भए तापनि उनीहरू उहाँलाई मार्न चाहन्थे । त्यहीँ उहाँलाई पक्रन चाहन्थे तर भीडदेखि डराए ।

कुने ढुङ्गाको उदाहरण दिँदा येशूले साँच्चै सोलोमनको मन्दिर बनाउँदाको घटनाको बारेमा भन्नुभएको थियो । ठूलाठूला ढुङ्गाहरू काटेर तयार पारिएका थिए, जब तिनीहरूलाई काम गर्ने स्थानमा पुर्‍याइयो, कामदारले तिनलाई मिलाएर राख्नु मात्र थियो । तर एउटा अर्कै आकारको ढुङ्गा ल्याइयो । त्यसलाई राख्ने ठाउँ नभएर फ्याँकियो । जब कुने ढुङ्गा राख्ने समय आयो उनीहरूलाई विशेष आकारको ढुङ्गाको आवश्यक्ता पर्‍यो । धेरै

ढुङ्गा राखेर हेरियो तर कुनै पनि मिलेन । अन्तमा अघि फ्याँकिएको ढुङ्गा राखियो । यो ठिक्कसँग मिल्यो । यो ढुङ्गाले येशूलाई जनाउँछ । सारा संसारले उहाँमा आफ्ना बोझहरू राख्न सक्छ, उहाँमा विश्वास गर्ने कहिल्यै निराशामा पर्ने छैनन् ।

अन्तिम समयमा येशू सारा संसारको न्याय गर्न फर्कि आउनु हुनेछ । उहाँको मुहारको महिमा उहाँका जनका निम्ति अनन्त जीवन हुनेछ भने दुष्टको निम्ति सेतो आगो । पापीहरूको नाश हुनेछ किनकि उनीहरूलाई बचाउन सक्नेलाई उनीहरूले अस्वीकार गरेका छन् । उनीहरूको पश्चात्ताप गरेनन् भने जसरी पौराणिक यरुसलेम नाश भएको थियो त्यसरी नै तिनीहरूको नाश हुनेछ ।

# ६६ येशूले आफ्नो शत्रुलाई अन्यौलमा पार्नुहुन्छ

*"तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नु ।" मत्ती २२ :३७*

येशूले भन्नुभएका कुराहरूमा पूजारीहरू र अगुवाहरूले बिथोल्न सकेनन्, जसले गर्दा येशूलाई जालमा पार्ने निश्चयतालाई उनीहरूले अझ बढाए । उनीहरूले छल गर्ने प्रश्नहरू सोध्नका निम्ति थिचो गर्ने मानिसहरू पठाए । उनीहरू गहन सोचले गर्ने भन्ने बाहनामा देखा परे र येशूलाई सोध्ने गुरु हामीलाई थाहा छ कि तपाईंले परमेश्वरको बाटोको विषयमा मात्र सिकाउनु हुन्छ । सिजारलाई कर तिर्नु उचित होला कि अनुचित होला ?" फरिसीहरू रोमीहरूलाई कर तिर्न मन पराउँदैनथे । यो परमेश्वरको नियमका विरुद्ध हो भने उनीहरू भन्थे ।

उनीहरूको उद्देश्य येशूलाई भ्रममा पार्नु थियो तर उनीहरूको उद्देश्यलाई येशूले बुझ्नुभयो । उहाँले सोध्नुभयो "किन मलाई तिमीहरू फन्दामा पार्न चाहन्छौ ?" मलाई सिक्का देखाउ, त्यसमा कसको तस्वीर र नाम छ, त्यो मलाई बताऊ" उहाँले भन्नुभयो ।

"सिजारको" तिनीहरूले भने ।

सिक्कालाई देखाउँदै येशूले भन्नुभयो सिजारको जे हो त्यो सिजारलाई देऊ, जे परमेश्वरको हो त्यो परमेश्वरलाई देऊ ।" मत्ती २२ :२१

यो गर्नेहरूले हारको अनुभव गरे । येशूले दिनुभएको जवाफमा उनीहरूले केहि भन्ने कुरा भेट्टाएनन् । येशूले तिनीहरूलाई भन्नुभयो कि उनीहरू रोमी शासकका अधीनमा रहेको हुनाले उसलाई समर्थन गर्नुपर्दछ त्यसकारण कर तिर्नु पर्दछ । तिनीहरूले देशको नियम कानून मानेतापनि तिनीहरू परमेश्वरप्रति बफादार बन्नुपर्दछ ।

येशूको जवाफले फरिसीहरूलाई पनि प्रभाव पार्‍यो । त्यस जवाफले उहाँलाई फन्दाबाट मात्र बचाएन नागरिकको सरकारप्रति कर्तव्य र परमेश्वरतर्फको कर्तव्यको सिद्धान्तहरू देखाइदियो ।

फरिसी चुप लागेर बस्ने बित्तिकै धर्मगुरुहरू अर्को चलाक प्रश्नसहित उठे । त्यस समूहमा धेरै जसो विद्रोही थिए तर केहि चाहिँ येशूको शिक्षामा विश्वास गर्नेहरू थिए ।

# पुनः उत्थान

फरिसी र धर्मगुरुहरूले असहमत भएको एउटा विषयचाहिँ पुनर्उत्थान थियो । फरिसीहरूले फेरि जीवित हुने कुरामा विश्वास गरे तर त्यसपछिको जीवनका विषयमा द्विविधामा थिए । उनीहरूका लागि मृत्यु वर्णन गर्न नसकिने अचम्मको कुरा थियो ।

सदुकीहरूले विश्वास गर्ने कि परमेश्वरले मानिसको सृष्टि गर्नुभयो र तिनीहरूलाई एक्लै छोडिदिनुभयो । त्यसको मतलब मानिसले आफ्नो जीवनलाई उनीहरूकै हिसाबले दिशा निर्दिष्ट गर्न सक्थे । मानिसप्रति परमेश्वरको चाख नभएको कारणले गर्दा एक आपसमा थोरै मात्र आदर सत्कार थियो । अरूको आवश्यकतामाथि उनीहरू ध्यान दिँदैनथे, आफ्ना निम्ति उनीहरू बाँचेका थिए । पवित्र आत्मामाथि विश्वास नगरेको कारण जीवनमा परमेश्वरको शक्तिको कमी थियो ।

तर उहाँको शिक्षा र कामहरूद्वारा येशू सदुकीहरूसँग असहमत हुनुभयो । ईश्वरीय शक्ति मानव जीवनमा छ भनी उहाँले देखाउनुभयो । जसरी बाबुले आफ्नो सन्तानको हेरचाह गर्दछन्, त्यस्तै गरिनै परमेश्वरले हेरचाह गर्नुहुन्छ भनी उहाँले सिकाउनुभयो । परमेश्वरले पवित्र आत्माद्वारा कार्य गर्नुहुन्छ भनी उहाँले सिकाउनुभयो ।

येशूलाई जालमा पार्ने विचार सदुकीहरूले गरे । पुनर्उत्थानका विषयमा प्रश्न गर्ने उनीहरूले विचार गरे । यदि उहाँ उनीहरूसँग सहमत भएमा यसले फरिसीहरूलाई चिढाउँथ्यो । यदि उहाँले यसो गर्नुभएन भने त्यसपछि उहाँका शिक्षाहरूबिना कुनै आधार छैनन् भनी उनीहरू दोषारोपण गर्ने थिए ।

सदुकीहरूले तर्क गरे कि यदि पुनर्उत्थान भएको शरीर पहिलाकै बनिने भए उनीहरूको जीवन पहिलाको जस्तै हुने थियो, त्यही वैवाहिक सम्बन्ध हुने थियो । त्यसकारण उनीहरूले प्रश्न गरे, “एउटी महिला थिई, उसको श्रीमान् मरेपछि उसको भाइसँग विवाह गरी, यसरी सात पटक उसले विवाह गरी । जब उनीहरूको पुनर्उत्थान हुन्छ, त्यो महिला कुन चाहिँकी पत्नी हुनेछ ?” उनीहरूका निम्ति पुनर्उत्थान भन्ने कुरा अति बेढङ्गको थियो ।

स्वर्गमा जीवन कस्तो हुन्छ भनेर येशूले तिनीहरूलाई बताउनुभयो । उहाँले भन्नुभयो, “जब मानिसहरू मृत्युबाट बौरी उठ्नेछन् उनीहरूले विवाह गर्ने छैनन् तर स्वर्गका स्वर्गदूतहरू जस्तै उनीहरू हुनेछन् । तिमीहरू गलत छौ किनकि तिमीहरूले धर्मशास्त्रलाई बुझेका छैनौ न ता परमेश्वरको शक्तिलाई यही अन्जानपनका कारण विश्वासमा लिने र परमेश्वरको अचम्मतालाई स्पीकार गर्ने भन्ने विषयमा द्विविधा बढ्यो । आफ्नो समझ शक्ति बढाउनका निम्ति पवित्र सच्चाइतिर आफ्नो मस्तिष्क खुला राख्नु भनेर

येशूले उनीहरूलाई भन्नुभयो । सबै कुरालाई पूर्ण रूपले बुझ्न नसकेका कारण धेरैले विश्वासलाई छोडिदिए । ती सबै कुरा बुझ्नका निम्ति परमेश्वरलाई सृष्टिकर्ता भनी मनिलिनुपर्छ । उहाँले सबै कुराको नियन्त्रण गर्न सक्नुहुन्छ भनी मानिलिनुपर्छ ।

येशूले भन्नुभयो कि पुनर्उत्थान छैन भने धर्मपुस्तक बिना कुनै शक्तिको हुने थियो । उहाँले तिनीहरूलाई सम्झना दिलाउनुभयो "परमेश्वरले भन्नुभयो, म अब्राहमको, इसाहकको र याकुबको परमेश्वर हुँ । परमेश्वर जीवितका परमेश्वर हुनुहुन्छ, मृतकका होइन ।" मत्ती २२ : ३२ जो विश्वासमा मरेका छन्, परमेश्वरका पुत्रको आवाज सुन्नेछन् । जीवित भई उठ्नेछन् र सधैँभरि बाँच्नेछन् । परमेश्वर र सन्तहरूमा एउटा नजिकको कोमल सम्बन्ध स्थापना हुनेछ । परमेश्वरमा यो सम्बन्ध सुरु भइसकेको छ, मृतहरू उहाँको मस्तिष्कमा बाँचेका छन् ।

अचम्म मानेका सदुकीहरूमा कुनै उत्तर थिएन । के बोल्ने हो, उनीहरूले सोच्न सकेनन् । तर फरिसीहरू भने नयाँ प्रश्नसहित तयार थिए । दस आज्ञाहरू बारे येशूलाई प्रश्न गरियो । दस आज्ञाहरूमध्ये पहिलो चार आज्ञा हामीले परमेश्वरमा गर्नुपर्ने कर्तव्यका विषयमा जुन नियमहरू महत्वपूर्णका छन्, येशूलाई उनीहरूले दोष लगाए कि अरू छ वटा नियमहरू अझ धेरै महत्वपूर्णका थिए ।

वकिलहरूले सोधे "कुन चाहिँ आज्ञा सबभन्दा महत्वपूर्णको छ ?" येशूले जवाफ दिनुभयो, "तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नु" यो पहिलो र मूख्य महत्वपूर्ण आज्ञा हो । अनि अर्को आज्ञा "तैँले आफ्नो छिमेकीलाई आफैलाई जस्तै माया गर्नु ।" मत्ती २२ :३७-३९

सबै नियमको केन्द्र विन्दु वा सिद्धान्त प्रेममा निहित छ । पछिल्लो ६ वटालाई नलिई बाँकी पहिला चारवटालाई लिन सकिँदैन । पहिला चारवटा नियममा उल्लङ्घन गऱ्यौँ भने बाँकी ६ वटालाई मान्न सकिन्न । परमेश्वरलाई प्रथम प्रेम गरेर मात्र हामी अरूलाई प्रेम गर्न सक्छौँ । जब हामी परमेश्वरलाई प्रेम गर्छौं, हामी उहाँका आज्ञाहरू मान्नेछौँ ।

जसले उहाँलाई प्रश्न गरेका थिए उनी छक्क पर्दै थिए । सब मानिसका सामु उसले येशू सही हुनुहुन्छ, भनी स्पीकार गऱ्यो । येशूले के शिक्षा दिइरहनु भएको त्यो कुरालाई उसले बुझ्न थाल्यो । प्रेम, परमेश्वरको आज्ञा पालन, र मानिसहरूप्रति गरिने निस्वार्थ प्रेम उसलाई पूजारीका नीति नियम र चलनहरूभन्दा उत्तम लाग्न थाले ।

त्यो मानिसमा रहेको इमानदारितालाई येशूले चिन्नुभयो । येशूले भन्नुभयो, "तिमी परमेश्वरका राज्यबाट टाढा छैनौ ।"

जसले उहाँलाई दाउदका पुत्र भन्थे, उनीहरूले उहाँलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी मानेनन् । त्यसकारण येशूले भन्नुभयो “तब किन दाउदले उहाँलाई “प्रभु” भने । पवित्र आत्माको शक्तिमा दाउदले भने, “परम प्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पैताला मुनि राख्दिनँ ।” मत्ती २२ :४५,४४

येशूले उनीहरूलाई यस्तो प्रश्न गर्नुभयो । जसको उत्तर उनीहरूमध्ये कसैले दिन सकेन । “दाउदले मसीहलाई प्रभु भन्छन भने उहाँ कसरी दाउदका पुत्र भए त ?”

यसको जवाफमा कसैले केहि भन्न सकेन । त्यस दिनपछि कसैले उहाँलाई अरू प्रश्न सोध्ने साहस गर्न सकेन ।

# ६७ येशूको अन्तिम पटक मन्दिर भ्रमण

*"तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नु ।" मत्ती २२ :३७*

मन्दिरमा शिक्षा दिएको यो येशूको अन्तिम दिन थियो । लामा वस्त्र पहिरेका धर्मगुरुहरू र वकिलहरूले येशूलाई घेरेका थिए उहाँ बीचमा चुपचाप हुनुहुन्थ्यो । उनीहरूको येशूलाई जालमा पार्ने, सबै चाल निष्फल भएको थियो । उनीहरूले उठाएका हरेक विवादलाई उहाँले लिनुभयो, अँध्यारो र उज्यालोको भेद उनीहरूलाई बताइदिनुभयो । त्यहाँ अब एउटा कुरा मात्र येशूले हात पार्न बाँकी थियो ।

येशूका शिक्षामा मानिसहरू रमाइरहेका थिए तर धेरै द्विविधामा थिए । उनीहरूले धर्मगुरुलाई आदर गर्थे । तर यी मानिसहरूले येशूको ख्यातिमा अड्चन पुऱ्याउँदै छन्. भनी उनीहरू बुझ्दै थिए । येशूका शिक्षा यति सरल भए पनि येशूलाई अगुवाहरूले स्वीकार नगरेको देख्दा अचम्म मानेका थिए ।

के गर्ने भनेर उनीहरूले निश्चय गर्न सकेनन् ।

येशूले अगुवाहरूलाई उहाँको शिक्षाहरूद्वारा र दृष्टान्तहरूद्वारा चेतावनी दिइरहनुभएको थियो । अगुवाहरूले मानिसहरूलाई मोशाको शिक्षा दिने गर्दथे तर आफैले भने तिनको पालना गर्दैनथे । अब सिधा कुरा बताउने समय आएको थियो । उनीहरू पूजारीमा त्यसै विश्वास गर्थे, जो बेइमान थिए, मानिसहरू एउटा दासत्वमा थिए । येशूले त्यो साङ्ला चुडाउनु थियो । उहाँले तिनीहरूलाई भन्नुभयो, "त्यसकारण तिनीहरूले भनेका कुरा गरेर मान तर तिनीहरूले गरे जस्तो चाहिँ नगर किनकि तिनीहरूले शिक्षा त दिन्छन, तर त्यसअनुसार गर्दैनन् ।" मत्ती २३ :३ धर्मशास्त्रबाहेकका कुराहरू पनि उनीहरूले सिकाए । नियम कानूनका बोझ उनीहरूले मानिसमाथि राखे, जसलाई उनीहरू स्वयंले मानेका थिएनन् ।

येशूले उनीहरूका झूठा व्यवहार र स्वार्थी प्रवृतिलाई उघारी दिनुभयो । "तिनीहरूले आफ्ना सारा काम मानिसहरूलाई देखाउनका निम्ति गर्दछन् ।" मत्ती २३ :५

शास्त्रीहरू र फरिसीहरू मानिसको ध्यान आफूतिर आकर्षण गर्नका निम्ति काम गर्दथे । येशूलाई यो मन परेन । शास्त्रीहरू, गुरुहरू, अथवा साधारण मानिसहरू सबै दाजु भाइ थिए, एक पिताका सन्तान थिए । उनीहरूको विचार र विश्वासलाई नियन्त्रण गर्ने नाम त्यहाँ दिनुथिएन ।

येशू आज संसारमा भएको भए, त्यस्तो "आदरणीय" वा बुबा उपनाम पाउने व्यक्तिलाई त्यस्तै व्यवहार गर्नुहुन्थ्यो होला । परमेश्वरले मात्र यी नाम लिनुहुन्छ । यस्ता उच्च र पवित्र स्थान रहनेमा कति धेरै खराब उद्देश्य, घमण्ड र नराम्रा प्रकारका पापहरू लुकेका हुन्छन् ।

येशूले भन्नुभयो, "तिमीहरूमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरूको सेवक हुनेछ । जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ र जसले आफूलाई होच्याउनेछ, त्यो उच्च पारिनेछ ।" मत्ती २३ :१७ बारबार येशूले साँचो प्रकारको महानता चाहिँ अरूलाई मद्दत गर्ने जीवनबाट नापिन्छ भनी बताउनुभयो ।

महिमाको राजा येशू, गिरेका मानव जातिको सेवक हुनुहुन्थ्यो । परमेश्वरको वचनलाई उल्झाएर शास्त्रीहरू र फरिसीहरूले मानिसका मनलाई अन्धो बनाइदिए । गरिब विधवाहरूका भेटी लिएर उनीहरू आफैले जस लिए । यो पापलाई ढाक्नका निम्ति उनीहरूले मानिस सामु लामो प्रार्थना गर्थे, धार्मिक देखिने प्रयास गर्थे ।

आज भोलि पनि मानिस त्यसै गर्दछन् । आफूमा रहेको स्वार्थता र लोभलाई पवित्रताको आवरणले छोप्न खोज्दछन् अनि मानिसका अगाडि पवित्र देखिन खोज्छन् ।

## गरिब विधवाकी भेटी

येशूले दानको राम्रो उपयोग नगरेकोमा दोष लगाउनुभयो । शास्त्री र पुरोहितले चोरे तापनि परमेश्वर दिने दातालाई आशिष् दिनुहुन्छ ।

जब येशू मन्दिरको आँगनमा हुनुहुन्थ्यो मानिसहरूले दिएका दानलाई उहाँले हेर्नुभयो । धनी मानिसले पैसाको बाकसमा पैसा खसाल्दा धेरै ठूलो देखावटी गर्ने गर्थे । येशूले यो सब हेर्नुभयो र दुःखित हुनुभयो । जब एउटी विधवा विस्तारै दान दिने ठाउँतिर बढिन्, अरूले देख्लान् कि भनी उनी डराइरहेकी थिइन्, यो दृश्य हेरेर येशूको अनुहारमा चमक देखियो । उनको दान सबैको भन्दा थोरै थियो, त्यो उनीसँग भएको भएभरको सम्पति थियो । त्यसपछि आफूसँग भएका दुई तामाका सिक्का उनले भाँडोमा खसालिन् र त्यो ठाउँ छोड्न थालिन् ।

येशूले उनलाई हेनुभयो र भन्नुभयो "साँच्चै म तिमीहरूलाई भन्दछु भेटी-पात्रमा चढाउनेहरूमध्ये यस गरिब विधवाले सबैभन्दा बढी चढाइ" । मर्कूस १२ :४३ धनीहरूले केहि ल्याउनु परेको थिएन तर विधवाले आफूसँग भएको सबै चढाइन् । उनले पैसा सबै नदिन भनी सल्लाह पाएकी हुन सक्थिन् तर उनलाई थाहा थियो कि परमेश्वरले मन्दिरको स्थापना गर्नुभएको थियो, त्यसलाई सहयोग गर्न उनले केहि गर्नुपर्ने थियो । उनको दान केहि

मूल्यको बन्न सक्यो भन्ने सुनेर उनका आँखामा आँसु भरिए । जे गर्न सक्थिन् त्यो उनले गरिन् । उनको दानको सधैँ सम्झना गरिनेछ, स्वर्गमा उनको बसाइ खुसीपूर्ण हुनेछ भन्ने सोचले खुसी भइन् ।

हाम्रा विचार अनुसारका काम हामी गर्दछौँ । खुसी साथ गरिएका केहि कार्यहरू यादै नराखि दिइएका केहि उपहारहरू यस्ता कुरालाई परमेश्वरले मूल्यवान् ठान्नुहुन्छ । यी दुई सिक्का दिएर ती गरिब विधवा सायद भोकै भई होला । उनलाई विश्वास थियो कि उनका आवश्यकतालाई परमेश्वरले हेर्नुहुनेछ । उनको निःस्वार्थ दान र बच्चाले गर्ने जस्तो विश्वासले गर्दा येशूले तिनको प्रशंसा गर्नुभयो ।

यदि हामी गरिब छौँ भने परमेश्वरलाई हामी धन्यवाद र प्रेमको भेटी चढाउन सक्छौँ । हाम्रो सानो दान देखेर परमेश्वर प्रसन्न हुनुहुन्छ र त्यो बहुमूल्यको दान हुन सक्छ ।

धनी मानिसका दानहरूभन्दा ती दुई सिक्काको भेटी ठूलो भेटी थियो भनी येशूले भन्नुभयो । निस्वार्थको त्यो उनको उदाहरणले सबै समयको हजारौँ मानिसका हृदय छुन समर्थ भएको छ । परमेश्वरको महिमाको निम्ति दिइने भेटीको महत्वको कुनै नाप हुँदैन ।

## इस्रायलको परमेश्वरसँग विछोड

येशू शास्त्री र फारिसीतर्फ फर्कनुभयो र भन्नुभयो “तिमीहरू पाखण्डीहरू, तिमीहरू आफ्ना कमाइबाट दशांश दिन्छौ, भर मसला पनि दिन्छौ तर महत्वपूर्णको पाठ, न्याय, दया र सच्चाइलाई चाहिँ मान्दैनौ ।” येशूले दशांशको विरुद्धमा बोल्नुभएन । मण्डलीका कार्यक्रमहरू सुचारु रूपले सञ्चालन भइरहून् भनेर दशांशको चलन परमेश्वरले स्थापित गर्नुभएको हो । तर गुरु र शास्त्रीहरूले भसलाई एउटा बोझ बनाएका थिए ।

बगैँचामा उम्रने कुराहरूमा पनि उनीहरूले दशांश तिरे जसले गर्दा उनीहरूलाई धार्मिक व्यक्ति देखियो । त्यसै समय उनीहरूले दया, न्याय र सच्चाइलाई बेवास्ता गरे । येशूले दुवै कुरा गर्नुपर्ने बताउनुभयो । मोशालाई आज्ञा दिँदा सुँगुर र अरू अशुद्ध मासु नखानु किनकि त्यसमा धेरै रोगहरू हुन्छन् भनी परमेश्वरले आज्ञा गर्नुभएको थियो । उनीहरूलाई येशूले भन्नुभयो, “अन्धा अगुवाहरू हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्छौ ।” मत्ती २२ :३२

येशूले यस कुरालाई चुना पोतिएको चिहानसँग तुलना गर्नुभयो । चिहानको बाहिर सेतो हुन्छ तर भित्र भने हाडैहाड हुन्छ । शास्त्रीहरूको धार्मिक आवरणले उनीहरूको भित्रि पापलाई ढाकिरहेको थियो । धर्मी मानिसहरू र अगमवक्ताका चिहान बनाउन उनीहरूले धेरै पैसा खर्च गरे ।

परमेश्वरका अगाडि यी कुरा मूर्ति पूजा जस्तै थिए । यस्ता चिहान बनाउँदा जीवित मानिसको आवश्यकतालाई उनीहरूले वास्ता गरेनन् ।

यसले यो देखाउँछ कि उनीहरूले परमेश्वरलाई र छिमेकीलाई प्रेम गरेनन् । आज संसारमा पनि त्यस्तै भइरहेछ । मरेका मानिसको सम्झनामा सालिकहरू बनाइन्छ तर गरिब, बिमार र आवश्यकतामा परेकाहरूलाई वास्ता गरिँदैन ।

फरिसीहरूले एक-आपसमा भने, “यदि हामी धेरै पहिला जन्मेको भए अगमवक्ताहरू मात्रै काममा सहभागी हुने थिएनन्” तर त्यही समयमा उनीहरूले येशूलाई मार्ने षड्यन्त्र गरिरहेका थिए । सैतानसँग कति धेरै शक्ति छ भन्ने कुरा यसबाट बुझ्न सकिन्छ । येशूलाई यहूदीहरूले अस्वीकार गरेको देखेर हामी कहिल्यै यस्तो गर्ने थिएनौँ भनी तर परमेश्वरको आज्ञा मान्न र विनम्र हुनमा फरिसीहरू जस्तै अट्टेरी हुनेछन् ।

येशूलाई प्रतिकार गर्दा चुकाउनुपर्ने मूल्यका विषयमा यहूदीहरूले थोरै मात्र बुझे । यसो गर्दा अगमवक्ताको मृत्युको जिम्मेवारी लिइरहेका थिए । आदमको छोरा एवेलदेखि भविष्यवक्ता जकरियासम्मको मृत्युको जिम्मेवार उनीहरू थिए । सयौँ वर्ष पहिला जब जकरियाले राजालाई चेतावनी दिइरहेका थिए, त्यसै बेला उनी उभिएकै ठाउँमा मार्न राजाले हुकुम दिए । उनको रगतले मन्दिरको आँगनको ढुङ्गा रँगियो र त्यही रगतले उनीहरूका पापको विषयमा बतायो ।

परमेश्वरको ज्ञानमा यहूदीहरूले येशूलाई त्यस्तै गर्नेछन् भनी देख्नुभयो । न्यायाधीशले बोले जस्तै, उहाँले भन्नुभयो, “म तिमीहरूका बीचमा शिक्षकहरू र अगमवक्ताहरू पठाउनेछु । कसैलाई तिमीहरूले मार्नेछौ कसैलाई पिट्नेछौ र सहर भगाउनेछौ ।

प्रभु येशूको पवित्र रिस उनीहरूको नाश गराइरहेको पापमा केन्द्रित थियो । तर उहाँ रिसाएर वा झर्को मानेर बोल्नुभएन । ईश्वरीय दया उहाँको अनुहारमा थियो । त्यसपछि चिन्ताले व्याकुल भएको स्वरमा उहाँले भन्नुभयो, “ए येरुसलेम, ए यरुसलेम, तिमी जसले अगमवक्ता मार्ने र मकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने । जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटा मुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तिम्रो बालकहरूलाई बटुल्ने इच्छा गरेँ, तर तिमीले मानेनौ ।” मत्ती २३ :३७

जब येशूले आफ्ना चेलाहरूलाई मन्दिर छोड्न भन्नुभयो फरिसी र शास्त्रीहरू चुप लागे । उहाँ हारले गर्दा त्यो ठाउँ छोड्दै हुनुहुन्थ्यो तर उहाँको काम सिद्धिसकेको थियो । त्यस दिन येशूले भन्नु भनेको कुरामा धेरैले विचार गरे । राष्ट्रको हिसाबले इस्रायलले परमेश्वरलाई छोडेको थियो । चारैतिर हेरेर येशूले भन्नुभयो हेर तिनीहरूको घर उजाड छोडिएको छ किनभने म

तिमीहरूलाई भन्नेछु । परमप्रभुका नाममा आउने धन्यका हुन नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ । मत्ती २९ :३८,३९

जब परमेश्वरको पुत्रले मन्दिर छोड्नुभयो, मन्दिरलाई परमेश्वरको उपस्थितिले छोड्यो । त्यो समयपछि त्यहाँका सेवकाइ र अरू चलनहरू विना मतलबका भए ।

# ६८ हामी येशूलाई हेर्न र भेट्न चाहन्छौँ

*"कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् ।"*

*यूहन्ना ।२:२६*

निस्तार चाडका निम्ति कोही मानिसहरू ग्रीसबाट आए । उनीहरू फिलिप कहाँ आएर भन्न थाले, "महाश्य हामी येशूलाई भेट्न चाहन्छौँ ।" फिलिपले आन्द्रियासलाई र सँगसँगै उनीहरूले येशूलाई भेट्टाए ।

येशूको सेवकाइमा यो हतोत्साहको समय थियो । फरिसीहरू र शास्त्रीहरूसँगको वादविवादलाई उहाँले जित्नुभएको थियो, तर उहाँलाई उनीहरूले मसीह कहिल्यै मान्ने थिएनन् । जब उहाँले, 'हामी उहाँलाई हेर्न चाहन्छौँ' भन्ने शब्दहरू सुन्नुभयो, उहाँको मुहार उज्यालो भयो र उहाँले भन्नुभयो, "मानिसको पुत्रको महिमा हुने समय आइपुगेको छ ।"

येशूको सुरुको जीवनमा पूर्वका लागि मानिसहरू येशूलाई भेट्न आएका थिए । अब जीवन अन्त्यको समयतिर पश्चिमबाट मानिसहरू उहाँलाई हेर्न आए । ग्रीसबाट आएका यी मानिसले क्रूसमा चढ्ने येशूलाई हेर्न सारा मानिसको प्रतिनिधित्व गरे । यो निवेदन प्रस्तुत हुँदा येशू यहूदी जान सक्ने ठाउँ मन्दिर भित्र हुनुहुन्थ्यो । यसकारण उहाँ व्यक्तिगत रूपमा उहाँको लक्ष्यबारे जवाफ दिन बाहिर आँगनमा आउनुभयो । उहाँको बलिदानले गर्दा धेरैले परमेश्वरमा आउने मौका पाउनेछन् भनेर बुझायो । उहाँलाई थाहा थियो कि उनीहरू येशूलाई डाँकाहरूका बीचमा पाएर अचम्ममा पर्ने थिए । तर उहाँले पापको मोल तिरेको कारण उहाँको राज्य संसारमा फैलिनेछ भनी उहाँलाई थाहा थियो । एकछिनका निम्ति येशूले, "हेर परमेश्वरका थूमा जसले संसारको पाप उठाइ लैजाँदै छ ।" भने सबैले भनेको सुन्नुभयो । यूहन्ना १:२९ यी अपरिचितहरूमा येशूले विश्वासीहरूको झुण्ड तयार भएको देख्नुभयो ।

## बिउ रोपिनु पर्छ

येशूको मृत्युद्वारा मात्र संसार बचाइन सकिन्थ्यो । उहाँले भन्नुभयो धेरै विजहरू उत्पादन गर्न बिउ जमिनमा रोप्नु पर्दछ । जब कुनै बिजलाई

माटोमा गाडिन्छ, त्यो मर्दछ, तर त्यहाँबाट गहुँको नयाँ बोट तयार हुन्छ र धेरै फसल तयार हुन्छ ।

त्यसै गरेर येशू क्रुसमा मर्नाले धेरै विश्वासीहरू बढ्नेछन् । उहाँको बलिदान र प्रेमको विषयमा अध्ययन गर्न खुसी हुने थिए । येशूले आफैलाई मृत्युबाट बचाउन सक्नुहुन्थ्यो । क्रुसमा मर्नाले उहाँले नयाँ बिज संसारलाई दिनुभयो, धेरै फसल तयार हुन सक्थ्यो, जो परमेश्वरद्वारा बचाइने थिए ।

बलिदानको नियमलाई सबैले बुझ्नुपर्छ । "आफ्ना शरीरलाई प्रेम गर्नेहरू नाश हुन्छन्, जसले आफ्नो शरीर बलिदान दिन्छन् उनीहरूले अनन्त जीवन प्राप्त गर्नेछन् । अरूलाई दिनु नै साँच्चो प्रकारको जीउनु हो एउटा स्वार्थी जीवन गहुँको दाना खानु जस्तै हो । जब यो खाइन्छ त्यसको अन्त्य हुन्छ ।"

येशूले भन्नुभयो, "कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु मेरो सेवक पनि त्यहीँ हुनेछ । कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ । यूहन्ना १२ :२६ जसले येशूको लक्ष्य र उहाँको बलिदानमा हिस्सा लिन्छ त्यसले उहाँको महिमाको हिस्सा लिनेछ । आफ्नो पुत्रलाई पिताले कदर गर्नु भएझैँ पिताले तिनीहरूको कदर गर्नुहुनेछ ।

ग्रीसबाट आएका मानिसलाई यति भनेपछि उहाँ चुप लाग्नुभयो । उहाँले तिनीहरूलाई मुक्तिको उपाय बताउँदा उहाँमाथि बादलको आकार बन्यो । येशूले दुखित रुवरमा भन्नुभयो, 'अहिले म अति चिन्तित भएको छु । के म यो घडीबाट बाँच्न पाऊँन् भनी प्रार्थना गरौँ ?" उहाँ मानिसको पापका बोझले थिचिनुभएको थियो, पापप्रति पिताको रिस उहाँले देख्नुभयो ।

आफूले पितासँग रहँदा बनाएको योजनामा नै उहाँले आफूलाई छोडिदिनु भयो । "होइन, यसै कारणले नै म यस घडीसम्म आइपुगेको छु । हे पिता तपाईँका नाउको महिमा गर्नुहोस् ।" यूहन्ना १२:२७,२८ प्रभु येशूको मृत्युले सैतानको राज्यलाई नाश गर्न सक्यो, मानिसहरू बचाइन सक्थे, परमेश्वरको महिमा हुन सक्थ्यो । येशूले पाप बोक्ने भूमिका निभाउनुभयो ।

## पिता बोल्नुभयो

येशूको निम्ति बोलिएको वाणी आकाशमा सुनियो, "मैले त्यो महिमा गरेको छु र फेरि गर्नेछु ।" यूहन्ना १२:२८ आवाजको साथमा प्रकाश आयो र

उहाँलाई घेऱ्यो मानौं कि परमेश्वरले उहाँलाई अँगालोमा लिइरहनुभएको छ आगोको घेरा भएर उहाँको सुरक्षा गर्दै हुनुहुन्छ ।

सबैजना शान्त भएर येशूलाई हेर्न थाले । कोही पनि बोलेनन् र पिताको गवाहीको रूपमा देखिएको बादल हट्यो । ती ग्रीकहरूले पनि बादल देखे आवाजलाई सुने र बुझे । उनीहरूले निश्चित रूपमा जाने कि उहाँ नै परमेश्वरका पुत्र मसीह हुनुहुन्थ्यो ।

परमेश्वरको आवाज येशूको बप्तिस्मा र येशूको रूप परिवर्तन भएको बेलामा सुनिएको थियो । तेस्रो पटक धेरै मानिसले त्यो आवाज सुने । येशूले अन्तिम पटक यहूदीहरूलाई अपिल गर्नुभएको थियो र तिनीहरूले दुखान्त बताउनुभएको थियो । परमेश्वरको आवाजले उनीहरूले त्यागेका येशूलाई मानिलिनुभएको थियो ।

येशूले भन्नुभयो कि त्यो आवाज उहाँको निम्ति होइन, तिनीहरूका निम्ति बोलिएको थियो, परमेश्वरका बोलिने येशूले साँच्चो बोल्दै हुनुहुन्छ र उहाँ साँच्चै परमेश्वरका पुत्र हुनुहुन्छ भनी बताउनुभयो । अब यस संसारको न्याय हुन्छ, जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिच्नेछु ।" यूहन्ना १३:३२

येशूलाई थाहा थियो जुन मानिसका पापहरू उहाँ उठाउँदै हुनुहुन्थ्यो त्यसलाई संसारले बुझ्नेछन् र मानवमाथि सैतानको पकड भाँचिन्छ । परमेश्वरको बिग्रिएको छवि फेरि स्थापना गरिनेछ र विश्वासी परिवार परमेश्वरको साथ उहाँको घरमा बस्न पाउने छन्, जुन परमेश्वरको सधैंका चाहनाअनुसारको थियो । येशूले त्यो कठोर लज्जासहितको र डरलाग्दा क्रुसलाई महिमासहित चम्किरहेको देख्नुभयो । क्रुसले मानिस बचाउनेभन्दा अरू कार्यहरू पनि गर्नेछ । यसले सारा विश्वमा परमेश्वरको प्रेम देखायो र स्वर्गमा सैतानले उठाएको शंकालाई हटायो । स्वर्गदूतहरू र मानिसहरू मुक्तिदातातिर खिचिंए ।

येशूले यी कुरा गर्नुभएको धेरै मानिसहरूले सुने र धेरैले उहाँका अचम्मका कार्यहरू देखेर पनि विश्वास गरेनन् । येशू नै मसीह हुनुहुन्छ भनेर अनगिन्ति चिन्हहरू देखाएतापनि उनीहरूले आँखा चिम्ले, हृदयलाई कठोर बनाए । अहिले परमेश्वर पिताले स्वर्गबाट बोल्नुभएको थियो । योबाहेक अर्को

गहन चिन्हका विषयमा उनीहरू सोध्न सक्दैनथे । तै पनि उनीहरूले स्वीकार गर्न तयार भएनन् ।

कुनै अगुवाहरूले विश्वास गरे तर फरिसीहरूले के भन्लान् भनेर उनीहरू नाजवाफ भए । आफ्नो असजिलो परिस्थितबाट पर हट्न उनीहरूले येशूलाई अस्वीकार गरे र उहाँको अनन्त जीवनको दान अस्वीकार गरे ।

विस्तारै दु:खित भएर येशूले अन्तिम पटक मन्दिरलाई छोड्नुभयो ।

# ६९ येशूको दोस्रो आगमनका चिन्हहरु

*"जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ ।" मत्ती २४ : २६*

"तिमीहरूका घर रित्ता पारिनेछन्" भनेर जो येशूले भन्नुभयो यो भनाइले उनीहरूलाई भयभीत तुल्यायो । के उहाँले भन्नुभएको कुरा सत्य हुन सक्थ्यो ? के उनीहरूको त्यो भव्य मन्दिर छिट्टै नाश हुँनेछ ? येशूका चेलाहरूमा पनि यस्तै सोचहरू थिए । जब येशूसँग उनीहरू बाहिर निस्किए तिनीहरूले मन्दिरको शक्ति सुन्दरताको विषयमा कुरा गरे । मन्दिरका ढुङ्गाहरू ठूला, शुद्ध सिंगमरमरमा कुदिएका थिए । कुनै ढुङ्गाहरू नकुदेको सिपाहीका आक्रमणबाट पनि बाँचेका थिए । येशूले तिनीहरूको सुन्दरता हेर्नुभयो, र दुःखी भएर भन्नुभयो, "तिनीहरू यी पर्खालहरू नाश नहुने भनी भन्दछौ । तर ती दिन आउँदै छन् जसमा यी पत्थरको थुप्रो मात्र भेटिनेछ, यी सब भत्काइने छ ।"

पछिबाट पत्रुस, याकूब, यूहन्ना र आन्द्रियास येशू कहाँ आएर भन्न थाले "यी कुराहरू कहिले हुनेछन् ? तपाईंको दोस्रो आगमनको चिन्ह के हुनेछ ? यस संसारको अन्त्य कहिले हुनेछ ?

यदि येशूले हेरेको जस्तै भविष्य उनीहरूलाई बताइएमा उनीहरूले त्यसलाई सहन सक्ने थिएनन् । त्यसकारण यरुसलेमको नाश र उहाँको दोस्रो आगमनका कुरालाई उहाँले मिसाएर कुरा गर्नु भयो उनीहरूले नै अध्ययन गरेर पत्ता लगाउन भनी उहाँले यसो गर्नुभयो ।

वास्तवमा ती कुरा उहाँले आफ्ना चेलाहरूलाई माग भन्नुभएको थिएन तर संसारका सबैलाई भन्नुभएको थियो । येरुसलेमको नाशे उहाँको भविष्यवाणीको अर्को मतलब पनि हुन सक्थ्यो, यसले दुष्टआत्मा नाश गर्नु हुनेछ । "धेरै झूठा मसीहहरू आउनेछन्" येशूले भन्नुभयो र यसै पनि भयो । येशूको मृत्यु र येरुसलेमको नाशका बीचमा धेरै मानिसले मसीह म नै हुँ भनी भने र इस्रायल देश स्वतन्त्र गरिनुपर्छ भनी भने । अन्तको समय नजिकिँदै जाँदा फेरि झूठा मसीहहरू आउनेछन् । येशूले तिनीहरूलाई लडाइँ, भोकमरी, रोगहरू र शक्तिशाली भूकम्पहरू आउनेछन् भनी भन्नुभयो । मसीहको आगमनका चिन्हहरू यहि नै हुन् भनेर शास्त्रीहरूले भने । तर यी चिन्हहरू उनीहरूको नाशमा देखिने चिन्हहरू हुनेछन् ।

"नव मानिसहरूले तिनीहरूलाई पक्रनेछन्, दुःख दिनेछन्, मार्नेछन् । मलाई विश्वास गरेको कारण तिनीहरूले तिमीहरूलाई घृणा गर्नेछन् । त्यो

समय धेरैले आफ्नो विश्वास गुमाउनेछन्, एक आपसको विरोधमा उभिनेछन् । मत्ती २४ : १,१०

सुरुका इसाईहरूले यी सब दुःख भोगे । स्टेफिन, भकूवा र अरू धेरै मारिए । यी कुराहरू  एकचोटि फेरि गरिनेछन् । अधिकार भएकाहरूले कडा नियमहरू बनाउनेछन् । उनीहरूले मानिसहरूलाई नियन्त्रण गर्दै अनि नाश गर्दै जानेछन् जबसम्म येशू आफ्ना आज्ञापालन गर्ने मानिसलाई बचाउन अगाडि आउनुहुन्न तबसम्म त्यस्तै भइरहनेछ । यस्तो खेदाइको समयमा धेरैले विश्वासलाई छोडिदिन्छन् । आफूलाई बचाउन मण्डलीका सदस्यको विरुद्धमा गवाही दिन्छन् । येशूले चेतावनी दिएको कारण हामी यस्ता संकष्टलाई सामना गर्नु तयार हुन सक्छौं ।

यरुसलेमको नाशबाट उम्कने भन्ने विषयमा येशूले यसरी भन्नुभयो "जब यरुसलेमलाई सिपाहीले घेरेको देख्नेछौ तब यसको विनासको समय नजिकै छ भनी जान, तब यहुदियामा बस्नेहरू पहाडतिर भाग्नेछन् ।" चालीस वर्षपछि जब सिपाहीले यरुसलेमलाई येशूले भन्नुभएका वचन सम्झेर मानिसहरू भागे । जब सहरलाई लिए, त्यहाँ एक जना पनि मरेनन् ।

"तिम्रो दौड जाडो समयमा र सबाथमा नहोस् भनी प्रार्थना गर ।" येशूले भन्नुभयो । सबाथ चालीस वर्षपछिसम्म पनि रहन्थ्यो त्यसैले येशूले यी कुराहरू भन्नुभएको थियो, येशूको मृत्युसँगै सबै कुराको नाश हुने छैन् ।

## पीडाका काला दिनहरू

यरुसलेमको विषयमा चेतावनी दिएपछि येशू संसारको इतिहासको अन्तिम भनाइ उहाँको महिमामय आगमनका विषयमा भन्नुभयो । यी दुई कुराको बीचमा येशूको लामो अँध्यारो समय दिख्नुभयो जहाँ मण्डली रगत र आँसुबाट दुःख पाइरहेका छन् । उहाँले छोटकरीमा भन्नुभयो । "किनकि त्यसबेला यस्तो महासंकष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन । नता फेरि कहिल्यै हुनेछ ।" मत्ती २४:२१

त्यस घटनाको लगभग १००० वर्षपछि सबभन्दा नराम्रो प्रकारको पीडा आइपर्‍यो । येशूका चेलाहरू लाखौं मारिए, र यदि परमेश्वर अगाडि बढेर नरोकेको भए सबै विश्वासीको नाश हुने थियो तब येशूले उहाँको दोस्रो आगमनका विषयमा प्रस्टसँग बताउनुभयो । उहाँले झूठा मसीहका विषयमा कुरा गर्नुभयो, जसले धेरै अचम्मका कुरा गर्ने छन् । मसीह गुप्तरूपमा आएको छ भन्दा यसमा विश्वास गर्नुपर्ने कुरा केही छैन । "किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्म नै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ । मत्ती २४:२७

धेरै मानिसहरू आजभोलि मरेका मानिसहरूसँग र आत्माहरूसँग बोलेको भनी भन्दछन् । त्यस्ता भनाइले मसीह चुपचाप रूपमा आउनुभएको छ भनी भन्दछ । तर हामीले तिनमा विश्वास नगर्न चेतावनी दिइएको छ ।

## स्वर्गका चिन्हहरू

येशूले आफ्नो आगमनको विशेष चिन्हहरू बताउनुभयो । सूर्य चन्द्रमा अँध्यारो हुनेछन् र स्वर्गका शक्तिहरू हल्लाइनेछन् । " तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन् र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन् ।" मत्ती २४:३० । तुरहीका आवाजमा येशूले आफ्ना जनहरूलाई स्वर्गमा बटुल्न स्वर्गदूतहरू पठाउनुहुनेछ ।

धार्मिक पीडाको समयपछिबाट यी कुराहरू हुन आउनेछन् । येशूले भन्नुभयो, "जब यी कुराहरू भएको देख्नेछौ समय नजिक छ भनी तिमीहरूले बुझ्नु ।" यी सब चिन्हहरू पूरा भइसकेको कारण हामी बुझ्न सक्छौं कि येशूको आगमन एकदम नजिक छ ।

उहाँको आगमन महिमामय हुनेछ । धेरै स्वर्गदूतहरूका साथमा येशू आउनुहुनेछ, मृतकहरूलाई बौराइ उठाउनुहुनेछ, ती दिनमा जीवित जनहरूलाई अविलाशी शरीर दिनुहुनेछ । उहाँलाई जस्ले गरेका छन् र उहाँका आज्ञाको पालन गरेका छन् उनीहरूलाई उहाँले महिमा गर्नुहुनेछ र आफूसँगै आफ्नो घरमा लैजानुहुन्छ ।

आफ्ना पृयजनको मृत्यु हुँदा हामीलाई दुःख लाग्छ, उनीहरूलाई अनन्तसम्म उहाँको आगमनमा बौराइ उठाइनेछ भनी हामी सोच्न सक्छौं । येशू स्वयंले हाम्रा आँखाबाट आँसु पुछिदिनु हुनेछ ।

आफ्नो आगमनको दिनको विषयमा येशूले भन्नुभएन । आउने दिनको विषयमा पिताले मात्र जान्नुभएको थियो ।

## नोहाको दिनमा जस्तै

येशूले आफ्नो आगमनलाई नूहाको दिनसँग दाँज्नु नचढुन्जेलसम्म भयो । नोवा ढुङ्गामा मानिसहरू साधारण रूपमा खाँदै थिए, पिउँदै थिए, विवाहहरू गर्दै थिए । अनि जल प्रलय आएर तिनीहरूलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन् । मानिसको पुत्रको आगमन पनि हुनेछ । मत्ती २४ :३१

मानिसको ठूलो दुष्टताको कारण मानिस जातिलाई नाश गर्न बाढी आयो । आज पनि मानिसहरूले दुष्ट चालमा चलेका छा् । परमेश्वरको नियम

नमानेर संसारमा मानिसले दुःख र कष्ट भरेको छ । येशूले भन्नुभयो "थोरै ती दुष्टता भएको कारण मानिसको परमेश्वरप्रतिको प्रेम कम हुन्छ । तर यो अन्तसम्म स्थीर रहनेछ उनीहरू बचाइनेछ । येशूले फेरि भन्नुभयो, "जब सारा संसारमा सुसमाचार प्रसारण हुनेछ तब आगमन हुनेछ" त्यसकारण हामीले येशूको आगमनलाई पर्खने मात्र होइन, उहाँकै सुसमाचार फैलाउन पनि हतार गर्नुपर्छ । यदि येशूले भने जस्तै गरेर मण्डलीले गरेको भए येशू संसारमा आइसक्नुहुन्थ्यो ।

## आश्चर्यको आगमन

हामीलाई येशू आउने ठीक समय थाहा नभएको कारणले गर्दा हामीले उहाँलाई पर्खेर बसेका छौँ । येशूका शिक्षाद्वारा आफ्नो आत्मालाई शुद्ध पार्नुपर्छ । अरूलाई सुसमाचार पुऱ्याउन सक्छौँ । हनोक, नोहा, अब्राहम् र मोशालाई जस्तै हामीलाई पनि विशेष प्रकारको चेतावनी दिइएको छ ।

येशूले आफ्नो चेलाहरूलाई एउटा कथा भन्नुभयो, जसमा एउटा दुष्ट नोकर थियो जसले आफैलाई भन्दछ "मेरो मालिक छिट्टै फर्कने छैनन् ।" त्यो नोकरले त्यसपछि आफ्ना साथीहरूलाई पिट्छ । पिएर मात्तिन्छ । जब उसको मालिक नचिताएको समयमा फर्कन्छन् त्यो नोकर पाखण्डीहरूको साथ बाहिर निकालिन्छ ।

दुष्ट नोकरले ती विश्वासीजनलाई दर्शाउँछ, जसले येशू आउन ढिला भएको छ भनी भन्दछ, येशू छिट्टै आउनुहुन्न भनी भन्दछ । उनीहरूले अरूलाई पनि प्रभाव पार्दछ । येशूको आगमनले धेरै अविश्वासीलाई अचम्ममा पार्दछ । धेरै मानिसहरू सुख विलासको खोजीमा छन्। उनीहरू बाइबलको सत्यताको खोजीमा छैनन् । तिनीहरूको निम्ति येशू राती आउने चोर जस्तै नचिताएको समयमा हुनेछ ।

येशूका आगमनका चिन्हहरू डरलाग्दा छन् । परमेश्वरले आफ्नो पवित्र आत्मा खिच्नु भएपछि संसारमा दुखान्तहरू छन् । भूकम्प, आगलागी, हत्या परिवारमा देखिन्छन् । भविष्यका लागि कसले सुरक्षित अनुभव गर्न सक्छ ?

अन्तको समय विस्तारै आउँदै छ । सूर्य हरेक दिन उदाउँछन् । मानिसहरू घर बनाउँछन्, खान्छन्, पिउँछन् । व्यापारीहरू किनबेच गर्दछन् । मानिसहरू धेरै पैसा कमाउन थाल्छन्, मानिसहरू खुशी खोज्न, होटल क्यासिनो आदि ठाउँमा जान्छन् । यो सबको बीचमा येशूको आउने दिन नजिकिँदै छ । हरेकको भाग्यको निर्धारण गरिनेछ । सैतान हामीलाई छल गर्न धेरै काम गर्दै छ, उसले हामीलाई खुशी छलिएको अवस्थामा राख्नेछ - अन्त्यमा स्वर्गको ढोका हाम्रा निम्ति बन्द नहुन्जेल उसले त्यसो गर्नेछ ।

“त्यसकारण आइपर्ने यी सब कुराहरू उम्कन र मानिसको पुत्रको सामुने खडा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रह्यो ।” लूका २१ :३६

# ७० गरिब र दुःखी

*"मानिसले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर।"मत्ती ७:१२*

जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन् र जसरी गोठालाले भेंडा र बाख्रालाई छुट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्कोबाट अलग गर्नेछ।" मत्ती २५ :३१,३२

चेलाहरूले बुझ्ने तरिकाले येशूले चेलाहरूलाई न्यायका दिनको विषयमा बताउनुभयो । न्यायको समयमा मानिसहरू दुई दलमा विभाजित हुनेछन् । के ले तिनीहरूलाई छुट्याउँछ भन्ने विषयमा विभाजित हुनेछन् । केले तिनीहरूलाई छुट्याउँछ भन्ने विषयमा चेलाहरूमा खुल्दुली रहेको हुनुपर्छ । उनीहरूले गरिब र दुःखीहरूलाई कस्तो व्यावहार गरेका छन् त्यसको आधारमा उनीहरूको भाग्य निर्धारण गरिनेछ ।

## गरिबहरूलाई मद्दत

न्यायको दिनमा मानव जातिलाई आफ्नो जीवन दान दिएर ठूलो काम गरे भनी येशूले भन्नु हुनेछैन । मानिसले उहाँलाई प्रेमपूर्वक गरेका कुराको उहाँले सम्झना गर्नु हुनेछ । "मेरो पिताको तिमीलाई आशिष् दिनुहुन्छ । स्वर्गराज्यमा राज्य गर" येशूले भन्नुभयो, " म भोको थिएँ, तिमीले मलाई खाना दियौ, म तिर्खाएको थिएँ, तिमीले मलाई पिउने कुरा दियौ । म एक्लो थिएँ र घरबाट टाढा थिएँ तिमीले मलाई घरभित्र ल्यायौ, म कपडाविहीन थिएँ तिमीले मलाई लगाउने लुगा दियौ, म बिमार थिएँ, तिमीले मेरो हेरचाह गर्‍यौ । म जेलमा थिएँ तिमी मलाई भेट्न आयौ।" मत्ती २५:३५,३६

परमेश्वरका प्रियजनहरूले येशूलाई आराधना गरिरहेको कुरा बुझेका हुँदैनन् । उनीहरूको द्विविधालाई येशूले जवाफ दिनुभयो, तिमीहरूले गरिब र कमजोरको जसले मद्दत गरेको छ, उसले मेरो मद्दत गर्दछ ।

जसले दुःख पाएका छन् उनीहरूको अनुहारमा हामी येशूको अनुहार देख्न सक्छौं । उनीहरूलाई मद्दत गर्नु येशूलाई मद्दत गर्नु हो । येशूलाई ग्रहण गर्ने सबै दाजुभाइ दिदी बहिनी हुन् । उहाँको स्वर्गीय परिवारमा उहाँको प्रेमले हामी सबैलाई बाँध्छ ।

येशूले न्यायको दिनमा प्रशंसा गर्ने मानिसहरू धार्मिक तवरले विज्ञ हुने छैनन् होला, तर तिनीहरूले उहाँको सिद्धान्तलाई उनीहरूले बुझेका र प्रेम गरेका छन् । प्रचारकको संगतिमा नआएका र इसाईका विषयमा थाहा नपाएका मानिसहरूलाई दयामा बचाइनेछ । उनीहरू नाश हुने छैनन् । उनीहरूलाई नियम थाहा नहुन सक्छ तर पवित्र आत्माले उनीहरूको हृदय छोएको हुन्छ र त्यो उनीहरूको कार्यमा देखिन्छ । उनीहरूलाई अचम्म लाग्ला तर उनीहरू परमेश्वरका छोराछोरी कहलिनेछन् ।मानिसको पुत्र भएकाले येशू आदमका सबै छोराछोरीका दाजु हुनुहुन्छ । मानवताको जालमा उहाँको चेलाहरू दाजुभाइ दिदीबहिनी हुन् । येशूका प्रेम सबै गिरेका मानव जातिमाथि छ र यदि दायाँको कुनै कार्य हामी तिनीहरू उपर गर्छौं भने त्ये येशूलाई गरे सरह हो । स्वर्गका दूतहरू पनि अरूका मद्दतका निम्ति तयार रहन्छन् । आवश्यकतामा परेकाहरूको मद्दतका निम्ति तिनीहरू पठाइएका हुन्छन्, जब हामी गरिबहरूलाई मद्दत गर्न हृदयको ढोका खोल्दछौँ उनीहरू हामीसँग संलग्न हुन्छन्, खुशी र शान्तिको पवित्र वातावरण बनाउँछन् । दयाको कामले स्वर्गमा आनन्द उत्पन्न गराउँछ । निःस्वार्थी कामदारहरू परमेश्वरका सम्पत्तिहरू हुन् ।

## गरिबको वास्ता नगर्ने

येशूको न्यायको दिनमा आउने तिनीहरू नै हुन् जो स्वार्थी छन् आवश्यकतामा परेकाहरूले वास्ता गर्दैनन्, येशूलाई वास्ता नगरेकोमा यिनीहरू दोषी हुन्छन् । उनीहरूले जे विश्वास गरे तापनि, जुन मण्डलीमा भए तापनि तिनीहरू अनन्तका लागि नाश हुन्छन् ।

गरिब र दुःखी मानिसलाई मद्दत गर्नका निम्ति परमेश्वरले धनीलाई धन दिनुहुन्छ । धनीहरू प्रायः गरेर यस्ताको वास्ता गर्दैनन्, गरिबलाई आइलाग्ने संघर्षका विषयमा बुझ्दैनन्, उनीहरूको हृदयको दया मर्छ । परमेश्वरको प्रेमबाट गरिबहरू टाढा राखिन्छन्, अलिकति मद्दतबाट उनीहरूको जीवन बदलिन सक्ने थियो । उनीहरूको कठिन जीवनको उनीहरूलाई द्राही बनाउँछ र हरेक प्रकारका दुष्ट विचारहरू उनीहरूमा आउँछन् ।

येशूले यो सब देख्नुभएको छ । उहाँले यसो भन्नुहुन्छ, "जब तिमीहरू आफ्नो खानाले भरिएको टेबुलमा प्रार्थना गर्दै थियौ, म बाटोमा भोकले तड्पिएर बसेको थिएँ, जब तिमी आफ्नो सुसम्पन्न घरमा आरा मगर्दै थियौ म बाटोमा नाङ्गै थिएँ । जब तिमी साँझको रमाइलो खोज्दै थियौ, म झ्यालखानामा जिउ सुकाएर बसेको थिएँ । भोकमा परेकालाई जब तिमीले केही खाना दियौ, जब तिमीले नाङ्गोलाई आफ्नो पुरानो कम्बल दियौ, कोट

दियौ के त्यस समय मलाई संसारको राजालाई त्यो दिइरहेका छौ भन्ने बुझ्यो ? हरेक दिन आवश्यकतामा परेकाहरूको रूपमा म तिम्रो साथ थिएँ तर तिमीले मलाई हेरेनौ । मसँग कुनै प्रकारको सम्बन्ध राख्न चाहेनौ । त्यसकारण म तिमीलाई चिन्दिनँ ।

## येशूको पदचिन्ह

धेरै मानिसहरू येशू बस्नुभएको ठाउँ, उहाँले गर्नुभएका अचम्मका कार्यको ठाउँमा पवित्र ठाउँमा यात्रा गर्दछन् । तर येशूलाई पछ्याउनप्यालेस्टाइन र यरुसलेम जानु पर्दैन ।

उहाँका पद चिन्ह अस्पतालका बिरामीका ओछ्यान छेउ, घरविहीन आश्रममहरूमा र त्यहाँ जहाँ मानव हृदयहरू आवश्यकतामा विलाप गरिरहेका छन् ।

हामीले गर्नुपर्ने कुरा धेरै छन्, येशूको प्रेमका विषयमा कतिलाई थाहा छैन । येशूले दिनुभएको जीवनको नियम "मानिसले तिमीहरूसँग जस्तो व्यवहार गरुन् भन्ने चाहन्छौ उनीहरूलाई त्यस्तै व्यवहार गर । मत्ती ७:१२

येशूले आफ्नो जीवन दिएर यस्तो मण्डली सिर्जिनुभयो जस्तै अरूको ख्याल गर्छ । व्यक्तिगत रूपमा हामी गरिब, अनपढ हुन सक्छौँ, तर येशूमा हाम्रो समुदाय र संसारमा अनन्तको परिणाम ल्याउने कार्यगर्न सक्छौँ ।

हामीलाई एउटै परिवारका सदस्य बनाउनका खातिर संसारको महाराज हामीमध्ये एक बन्नुभयो । उहाँले संसारलाई प्रेम गरेर उहाँको उद्देश्य पूरा गर्न सक्छौँ । तब हामी स्वर्गका निम्ति तयार रहन सक्छौँ ।

न्यायको दिनमा जसले स्वार्थवस अरूलाई केही मद्दत गरेका छैनन् । आफ्नै मात्र सोचाइ राखेका छन्, उनीहरू दुष्टपट्टिका समूहमा राखिनेछन् ।

न्यायमा मुख्य गोठालाले प्रत्येकलाई सोध्नुहुनेछ । मैले तिम्रो रखवालीमा छोडेको भेंडाहरू कहाँ छन् ?" हाम्रो जवाफ के होला ?

# ७१ दासहरुको सेवक

*"के तिमीहरू जान्दछौ, मैले तिमीहरूको निम्ति के गरेँ ?"*
*यूहन्ना १३:१२*

निस्तार चाड मानवका निम्ति येशूले चेलाहरूसँग भेट गर्नुभयो । आफ्नो समय आइपुगेको उहाँलाई थाहा थियो, उहाँ यस निस्तार चाडमा परमेश्वरको थूमा भएर बलिदान हुनुहुनेछ भनी जान्नुहुन्थ्यो । उहाँसँग केहि शान्तमय घडीहरू मात्र आफ्ना चेलाहरूसँग बिताउनका निम्ति थियो ।

आफ्नो जीवनभर येशूले नि:स्वार्थ सेवाको समय बिताउनुभएको थियो । तर उहाँका चेलाहरूले अझै त्यो पाठ सिकिसकेका थिएनन् । त्यो रात उहाँ चुपचाप र व्यथित देखिनुभयो । उहाँको मस्तिष्कमा ठूलो बोझ छ भनी चेलाहरूले भन्न सक्थे । जब उनीहरू टेबुल वरपर भेला भए, उहाँले भन्नुभयो । "मैले दु:ख भोग्न अघि नै यो निस्तार चाडको भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ । किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउन्जेल म यो भोज खाने छैन ।" लूका २२ :१५,१६

येशूले दाश्वरसको कचौरा उठाउनुभयो परमेश्वरलाई धन्यवाद भन्नुभयो र भन्नुभो, "यो लेओ र तिमीहरू आपसमा बाँड । किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउन्जेल अब उप्रान्त अंगुरको रस म पिउने छैन ।" लूका २२ :१७,१८

क्रूसको छाया उहाँमाथि थियो दु:ख उहाँको मुटुभरि थियो । उहाँका साथीहरूले उहाँलाई छोड्नेछन् भनी उहाँ जान्नुहुन्थ्यो । कष्टकर र बेइज्जती पूर्णको मृत्यु उहाँले भोग्नुपर्नेछ भनी उहाँ जान्नुहुन्थ्यो । जसलाई बचाउन उहाँ आउनुभयो, तिनीहरूले उहाँलाई निर्दयताको बर्ताब गर्नेछन् भन्ने उहाँलाई थाहा थियो । धेरैका निम्ति उहाँको बलिदान बेकारको हुने थियो तर उहाँका चेलाप्रति उहाँको थाहा विशेष प्रकारको थियो ।

त्यो अन्तिम रातमा चेलाहरूलाई भन्नुपर्ने धेरै कुरा थिए । तर उनीहरूलाई हेरिसकेपछि उहाँ केहि बोल्नु भएन । उहाँले भनेका कुरा सुन्न तिनीहरू तयार थिएनन् ।

एकचोटि फेरि पनि परमेश्वरको राज्यमा कसले ठूलो स्थान पाउने भन्ने बारे वादविवाद गर्न थाले । याकुव र यूहन्नाले गरेको निवेदनले तिनीहरूलाई प्रभाव पारेको थियो । यहूदाले सबभन्दा बढी कुरा ती दुई भाइको काट्यो ।

## खुट्टा धुवाइमा बाधा

यो सबले एउटा झमेला उत्पन्न गऱ्यो । यस्तो पर्वमा नोकरले पाहुनाहरूको खुट्टा धुने गर्दथ्यो । उसका निम्ति रुमाल, पानी र बाटा उपलब्ध गराइन्थ्यो, तर त्यहाँ कोही नोकर थिएन । उनीहरूका गुरु येशू त्यहाँ भएको हुनाले चेलाहरूले त्यो जिम्मेवारी पलनुपर्ने थियो, तर उनीहरू चुपचाप पर्खि बसे ।
येशूले उनीहरूलाई येशूले पछ्याउँदैमा उहाँका चेलाहरू उनीहरूलाई कसरी बताउन सक्नुहुन्थ्यो ? उहाँका वचनहरू बुझ्न सक्ने प्रेम उहाँले कसरी उनीहरूको मनमा उठाउन सक्नुहुन्थ्यो ? सैतानको परीक्षाबाट उनीहरूलाई कसरी बचाउन सक्नुहुन्थ्यो ?
एकछिनसम्म उनीहरूले के गर्दा रहेछन् भनी हेर्न येशू पर्खेर बस्नुभयो । त्यसपछि उहाँ उठ्नुभयो, बाहिरी ओढ्ने निकाल्नुभयो र रुमाल लिनुभयो । जब भाँडोमा उहाँले पानी खन्याउनुभयो चेलाहरू चुपचाप त्यसलाई हेरिरहेका थिए । एक एक गरेर येशूले उनीहरूका खुट्टा धुन लाग्नुभयो रुमालले खुट्टा पुछेर सुख्खा बनाउनुभयो । यसले उनीहरूका आँखा खुले, र आफ्ना शरमदायक व्यवहारप्रति उनीहरू लज्जित भए । येशूले प्रस्तुत गर्नुभएको यो उदाहरण उनीहरूले कहिल्यै बिर्सने थिएनन् । उनीहरूलाई उहाँले यति धेरै प्रेम गर्नुभयो कि, उहाँले आफ्नो शाही पवित्रतालाई एकतिर राख्नुभयो र उनीहरूको नोकर जस्तो बन्नुभयो । अरू चेलाहरूले थाहा पाएका थिएनन् तर यहूदाले येशूलाई धोका दिने कुरा शास्त्रीहरूसँग मिलाइसकेको थियो । येशूलाई थाहा थियो, तर उसको उद्देश्यलाई येशूले अरूलाई बताउनुभएन । जब येशूले उसका खुट्टा धुनुभयो र बिस्तारै रुमालले पुछिदिनु भयो, उसले झण्डै आफ्ना पापहरू मानिलिएको थियो । तर अन्तमा उसको घमण्ड बढ्दै गयो । उसले आफ्ना गल्तीहरू कबुल गरेन । उसले कडा मनले पश्चात्ताप गर्न सकेन ।

## बदलिएको हृदयमा अचम्मको कार्य

यहूदा येशूको नजिकै बसेर पहिलो हुने कोसिस गऱ्यो र येशूले उसलाई पहिला पस्कनुभयो । तर पाहुनाचाहिँ अन्तिम पुगेता पनि पत्रुसले जस्तै उनले लज्जाको अनुभव गरेनन् । जब पत्रुसको पालो आयो । उनले विश्वासै गर्न सकेनन् । उनले भने “प्रभुजी के तपाईंले मेरा खुट्टा धुने ?” येशूले भन्नुभयो मैले के गर्दै छु । तिमी बुझ्दैनौ, तर पछि बुझ्नेछौ ।” परमेश्वरका पुत्र प्रभु भएर उहाँले यसो गर्नु भएको पत्रुसले सहन सकेनन् । लाजले भरिएर उनी भन्न थाले, “तपाईं मेरा हुनुहुने छैन ।”
येशूले भन्नुभयो “ यदि मैले तिम्रा खुट्टा धोइनँ भने तिमी मेरा जन हुनेछैनौ ।”

यो कुरालाई पत्रुस मान्न तयार थिएनन्, "प्रभु यसो भए मेरा खुट्टा मात्र होइन मेरा हात र टाउको पनि धोइ दिनुहोस्" येशूले भन्नुभयो, "नुहाएको मानिसका खाली खुट्टा धोए पुग्छ ।" तर येशूले धुनेभन्दा अरू कुरा पनि देखाउन चाहनुहुन्थ्यो । पत्रुस र अरू सबै माफी गरिएका थिए, जब उनीहरूले येशूलाई मुक्तिदाता ग्रहण गरे, यो सब सम्भव भएको थियो । तर डाहबाट बच्न उनीहरूले येशूको दयापूर्ण धुवाइ चाहन्थ्यो । उनीहरूले फेरि पश्चात्ताप गर्नु थियो फेरि क्षमा गरिनुपर्ने थियो ।

येशू तिनीहरूका हृदयबाट डाह र घमण्ड धुन चाहनुहुन्थ्यो । यहूदाबाहेक अरूका हृदय बदलिएका थिए, आफू होइन अरू कोही उच्च ठाउँमा रहोस् भनी उनीहरू चाहन्थे । अब उनीहरू सुन्न र सिक्न तयार थिए ।

हामीहरू पनि येशूलाई र उहाँको बलिदानलाई स्वीकार गरेर पापबाट धोइएका छौं । तर प्रायः हाम्रा हृदयहरू पापबाट फोहर हुने गर्दछन् । येशूको अनुग्रहमा हामी धोइएका हुनुपर्छ । हाम्रो क्रोध, रिस र घमण्डले उहाँलाई कष्ट पुऱ्याउँछ । तर हामी येशूकहाँ आउनुपर्छ किन भने उहाँले मात्र हामीलाई सफा बनाउन सक्नुहुन्छ ।

## सेवाको उद्देश्य

जब येशूले उनीहरूका खुट्टा धोएर सिध्याउनुभयो, उहाँले भन्नुभयो "मैले यो गरेको मतलब के तिमीहरूले बुझेका छौ ? तिमीहरू मलाई गुरु र प्रभु भन्दछौ त्यो तिमीहरू ठिकै भन्दछौ, किनभने म उही हुँ ।........... जसो मैले तिमीहरूका निम्ति गरेँ, तिमीहरू पनि त्यसै गर ......... नोकर आफ्नो मालिक भन्दा ठूलो हुँदैन ।" यूहन्ना १३ : १२-१६

मानिसका मनमा रहेको स्वार्थको भावनालाई बुझेर येशूले विनम्रता र निःस्वार्थको उदाहरण देखाउनुभयो । येशू, परमेश्वर पिताको बराबर, संसारको शासनकर्ता, आफ्ना चेलाहरूको खुट्टा धुन झुक्नुभयो । आफूलाई धोका दिएर मृत्युसम्म लैजाने चेलाको खुट्टा उहाँले धुनुभयो ।

परमेश्वर आफ्ना निम्ति होइन अरूका निम्ति बाँच्नुहुन्छ । मानव चोला धारण गरेर उहाँ आउनुभयो र एउटा उदाहरण भएर बाँच्नुभयो । आफ्नो संसर्गमा आएका सबैलाई उहाँले मद्दत गर्नुभयो । परमेश्वरको नियममा उहाँ बाँच्नुभयो र हामीलाई नियम मान्ने तरिका देखाउनुभयो ।

येशूले चेलाहरूलाई भन्नुभयो, "मैले एउटा उदाहरण छोडेको छु । तिमीहरू पनि त्यसै गर । यति भनेर उहाँले धार्मिक बिधि सुरु गर्नुभयो जुन विधिहरू चेलाहरूले गर्नुपर्ने थियो र विनम्रताको पाठलाई सम्झना गर्नुपर्ने थियो ।

यो विधिलाई 'प्रभुभोज' भन्ने गर्दछौं । जब हाम्रो हृदयमा घमण्ड र स्वार्थी विचारले घर जमाउन थाल्दछ, येशूले दिनुभएको शरीर र रगत लिनलाई

तयार हुँदैनौँ । त्यसकारण खुट्टा धुने काम पहिला गर्नुपर्छ भनी येशूले भन्नुभयो । मानव चरित्रअनुसार हामीहरू अरूलाई भन्दा अगाडि आफूलाई राख्न चाहन्छौँ । खुट्टा धुने कामले हामीलाई विनम्रता र सेवाको भावना ल्याउँदछ ।

हाम्रा पाप देखाउने यो विधिमा हामीलाई पवित्र आत्माले कार्य गर्छ, हामी क्षमा गरिएको कुरा बताउँछौँ । यदि हामीले माग्यौँ भने येशूले हामीलाई बदल्ने शक्ति दिनुहुन्छ ।

यस विधिले हामी एक अर्कालाई मण्डलीमा, घरमा, प्रेमको सम्भनाको साङलोले बाँध्छ । यस समयमा हामी हाम्रा असफलताहरू, हाम्रा अधैर्य, स्वर्थीपन सबै सम्भाउदछ । यस समयमा हामी हाम्रो पापहरू अंगाल्ने गर्छौं, येशको अनुग्रहले हामीलाई एक अर्कामा नजिक ल्याउँछ । हाम्रा हृदयमा येशूको धार्मिकता चम्कन्छ र हामी यो विधि मान्न तयार हुन्छौँ ।

जब खुट्टा धुने विधिलाई नियमपूर्वक मनाइन्छ परमेश्वरका जनहरू एक अर्कामा निःस्वार्थ सेवा गर्न सक्छन् । येशूको समयमा जस्तै यो संसार आवश्यकता परेका मानिसहरूले भरिएको छ । जब खुट्टा धुने विधिमा येशूको उपस्थितिलाई अनुभव गरिन्छ, हामी उहाँलाई गरे जस्तै व्यवहार अरूलाई गर्न सक्छौँ ।

# ७२ प्रभु भोज

*हरेक मानिसले आफूलाई जाँचोस् अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाटै पिओस् । १ कोरिन्थी ११ :२८,२९*

येशू पक्राइनु भएको रात येशूले रोटी लिनुभएको र धन्यवाद दिनुभयो । तब त्यसलाई भाँच्नुभयो र भन्नुभयो, " यो तिमीहरूका निम्ति मेरो शरीर हो । त्यो मेरो सम्झनाका निम्ति गर्ने गर ।" त्यसै गरी खाएपछि कचौरा लिएर उहाँले यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले जहिले यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर । १ कोरिन्थी ११ :२३-२५

येशू परमेश्वरको थुमा निस्तार चाड र मसीह देखाउने सबै कुराको अन्त्य गर्न चाहनुहुन्थ्यो । यसको बदलामा उहाँ नयाँ करार स्थापना गर्न चाहनुहुन्थ्यो जसलाई उहाँका चेलाहरूलाई सधैं मान्ने थिए । इस्रायलीहरू मिश्रबाट छुटकारा भएको सम्झनामा निस्तार चाड मनाइएको थियो । प्रभुभोज चाहिँ सबै मानिस जातिलाई पापको दासत्वबाट छुटकारा गराइएको सम्झनामा मनाइन थालिएको हो । येशूले क्रूसमा दिएको बलिदान हाम्रो हृदय र मस्तिष्कमा ताजा रहने थियो ।

येशूको जमानामा निस्तार चाडमा भाग लिंदा होचो टेबुलमा आधा ढल्केको अवस्थामा हुने थियो । यसो गर्नाले पाहुनाहरूको टाउको चाहिँ एक आपसमा नजिक हुन्थे, नोकरले घुमेर सबै पाहुनाका खुट्टा धुन्थे । निस्तार चाडको खाना बाँडियो, येशूले केहि अखमिरी रोटी लिनुभयो । परमेश्वरलाई धन्यवाद दिनुभयो र त्यसलाई भाँच्नुभयो, उनीहरूलाई दिनुभयो र भन्नुभयो, "यो रोटी लेओ र खाओ, यो मेरो शरीर हो ।" त्यसपछि येशूले निस्तार चाडको दाख लिनुभयो र परमेश्वरलाई धन्यवाद दिनुभयो । त्यसपछि अरूलाई दिन त्यसलाई पास गरियो, "तिमीहरू सबैले यसबाट पिओ, यो नयाँ कचौराको मेरो रगत हो, जो धेरैका निम्ति पापका प्रायश्चित्तका लागि बहाइन्छ ।" मत्ती २६ :२७,२८

येशूले यहूदालाई उहाँको शरीररूपी रोटी र रगत रूपी दाखरस दिनुभयो । परमेश्वरको थूमा नजिक बसेर बदला लिने आफ्नो उद्देश्यमा ऊ निश्चिन्त थियो । त्यसभन्दा पहिला खुट्टा धुने विधिमा येशूले तिमीहरू सबै शुद्ध छैनौ भनेको कुरा येशूले यहूदातिर संकेत गरेर भन्नुभएको थियो । उहाँले फेरि भन्न थाल्नुभयो, "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइन, मैले कसलाई छानेको छु म चिन्छु । तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो कि मेरै

रोटी खानेले ममाथि लात उठायो ।" यूहन्ना १३ :१८ अरूहरूले अझै पनि यहूदा माथि शंका गर्न सकेनन्, तर त्यहाँ केहि गडबडी अवश्य थियो भनी उनीहरूले बुझे । चुपचाप उनीहरूले खाना खाए, येशूले भन्नुभयो "तिमीहरूमध्ये एक जनाले मलाई विश्वासघात गर्नेछौं ।" सबैले आश्चर्य माने । कसरी एकजना आफ्नो प्यारो गुरुको विरुद्धमा खडा होला ?"

तर येशूले सत्य बोलिरहनुभएको उनीहरूले बुझे । एकपछि अर्को गरेर येशूलाई उनीहरू सोध्न थाले, "प्रभुजी के त्यो व्यक्ति म नै हुँ र ?" अन्तमा यूहन्नाले सोधे, "त्यो व्यक्ति को हो ?"

येशूले जवाफ दिनुभयो, "जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो व्यक्ति त्यही हो ।" तब उहाँले रोटी यहूदालाई दिनुभयो ।

यहूदाले येशूको जवाफ ध्यानले सुनेको थिएन, उसले भन्यो, "निश्चय नै म त्यो व्यक्ति होइन, हुँ र ?"

येशूले दु:खित बन्दै जवाफ दिनुभयो, "हो तिमी नै हौ ।"

आफ्नो योजना यसरी खोलिएको देखेर यहूदा छक्क र द्विविधामा पर्‍यो ऊ उठ्यो "तिमीलाई जे गर्नु छ चाँडै गरिहाल ।"

ऊ त्यस ठाउँबाट बाहिर अन्धकारमा हिँड्यो । यहूदाको मनलाई पढेर येशूले आफू परमेश्वरको पुत्र भएको प्रमाण दिनुभयो । कोठा छोड्नु अगाडि उसले पश्चात्ताप गर्न सक्थ्यो । तर उसले येशूलाई विश्वासघात गर्ने र आफूलाई नष्ट गर्ने बाटो रोजेको थियो ।

यो घटनाभन्दा पहिला उहाँलाई विश्वासघात गर्ने चेलाको भाग्य कस्तो हुनेछ भनी भन्नुभएको थियो । त्यो मानिस कहिल्यै नजन्मेको भए हुने थियो भनी उहाँले भन्नुभएको थियो । तर बाँकी चेलाहरूको विश्वास बचाउनका निम्ति येशूले भन्नुभयो, "यी कुराहरू हुनुभन्दा पहिला नै मैले तिमीहरूलाई बताएको छु कि जब घटना घट्नेछ, म को हुँ भनी तिमीहरूले जान्नेछौ ।" यदि येशूले केहि नभन्नुभएको भए चेलाहरूले उहाँको ईश्वरत्वमाथि शंका गर्ने थिए । अब संकटका घडीहरू आउँदै गर्दा उहाँका वचन उनीहरूले सम्झिए ।

## येशूको उदाहरण सबैका निम्ति हो

प्रभु येशूले आफ्ना चेलाहरूलाई परमेश्वरको धैर्य र दयाका विषयमा सिकाइरहनुभएको थियो । यहूदाले येशूलाई उहाँको निस्तार चाडसम्म नै सँगै रहने मौका पायो । यसकारण हामीले अरू पापपूर्ण जीवन बाँच्दैछन् भनी अरूको न्याय नगरौं । सबै चेलाहरू भोजमा डाह र पापपूर्ण विचार सहित थिए । येशूको कार्यले एकलाई बाहेक सबैलाई पश्चात्ताप गर्न अगुवाइ गयो ।

खुला रूपमा पापीले प्रभुभोजमा सम्मिलित हुनुहुँदैन, तर हामीले हृदय पढ्न सक्तैनौं, त्यसकारण अरूको न्याय गर्नु हुन्न । हामी आफूले आफैलाई न्याय गर्नुपर्छ । "हरेक मानिसले आफूलाई जानोस्, अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ, र पिउँछ, त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ ।" १ कोरिन्थी ११ :२८,२९

आजभोलि हामी जब प्रभु भोजमा सम्मिलित हुन्छौं त्यहाँ यहूदा जस्ता व्यक्तिहरू पनि सम्मिलित हुन सक्छन् । अरूहरू परमेश्वरका चेलाहरू नहुन पनि सक्छन् । येशूले मानिसका हृदय कोमल बनाउन पवित्र आत्माद्वारा कार्य गर्नुहुन्छ । यहूदाको खुट्टा धुने येशूले पश्चात्ताप गरिएका सबै हृदयबाट पाप धुन चाहनुहुन्छ ।

अयोग्य मानिस छन् भने प्रभुभोज नलिने कुरा गर्नुहुन्न । येशूको उपस्थितिले सबै शक्ति दिनुहुन्छ । प्रभुभोजको अगुवाइ गर्ने व्यक्ति नै अयोग्य हुन सक्छन्, येशूमा नजर राख्नेहरू आशिषित हुनेछन् । यी विधिहरू पालन नगर्ने मानिसहरू आशिष्बाट बञ्चित हुनेछन् ।

## प्रभुभोज मनाउनुको कारणहरू

जब विश्वासीहरू प्रभुभोजका निम्ति जम्मा हुन्छन् त्यो समय एक आपसमा भएका गल्तीहरूलाई केन्द्रबिन्दु मान्ने होइन । यो समय उनीहरू येशूलाई क्रूसको छायाँमा होइन तर बचाउने प्रयासमा भेट्दछन् । यो समय उनीहरू येशूबाट प्राप्त ज्योतिलाई अझ चम्काउन सक्छन् ।

प्रभुभोजमा येशूले हामीसँग यसो भन्दै बोल्नुहुन्छ, " यदि तिमीहरू मेरो कारण वा सुसमाचारको कारणबाट दुःखी भएका छौ वा सताइएका छौ भने सम्झ कि मेरो प्रेम बलियो छ, मैले आफ्नो प्राण तिमीलाई दिएँ । जब तिम्रा बोझहरू गह्रौं लाग्छ यी अपमान तिम्रा निम्ति सहेको कुरा सम्झ र अब म स्वर्गमा तिम्रो पक्षमा खडा हुन जीवित भएको छु ।

प्रभुभोज येशूको दोस्रो आगमनको कुरा हाम्रो मनमा ताजा रहिरहनछ, "किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुको मृत्युको घोषणा गर्दछौ ।" १ कोरिन्थी ११ :२७

त्यो विधिले हामीलाई परमेश्वरका प्रेमको सम्झना गरादउँछ । यसले यही सम्झना गराउँछ कि येशू क्रूसमा मरेर मानिस र परमेश्वरमा एउटा अनन्तको सम्बन्ध स्थापना भएको छ । येशूले खप्नु भएको दुःखको सम्झ्ना बुझ्न मद्दत गर्दछ । यस विधिले येशूको मृत्युको कारण हामीहरू दोस्रो आगमनलाई खुसीसाथ पर्खिन सक्ने कुरा सम्झना गराउँछ ।

येशूको मृत्युले मानिसलाई आशासहित बाँच्न मद्दत गर्दछ । उहाँको बलिदानप्रति हामी ऋणी भएका छौं । उहाँको रगतले हाम्रो रोटी र पानीको मूल्य चुकाएको छ ।

येशूको शरीर खानु र उहाँको रगत पिउनु भन्नाले उहाँका वचनका पालना गर्नु हो । येशू उहाँको पिताको इच्छामा बाँच्नुभयो, जब हामी येशूलाई स्वीकार गर्दछौं, हामी उहाँको इच्छामा बाँच्नेछौं । प्रत्येक प्रभुभोजले येशूसँगको जीवित सम्बन्धलाई देखाउँछ ।

जब हामी रोटी र दाखरसमा भाग लिन्छौं जो उहाँको जीवन र रगत हो, उहाँका बलिदान हाम्रा निम्ति ताजा हुन्छ । क्रूसमा के घटना भयो भन्ने विचारले हामीलाई पवित्र विचार र निस्वार्थ प्रेमको भावनालाई बतादउँछ । क्रूसको सम्झना राख्ने हृदयमा घमण्ड र स्वार्थमा रहन सक्दैन । परमेश्वरको अपार प्रेम भोग्ने व्यक्ति बदलिएको व्यक्ति बन्दछ । त्यो व्यक्ति संसारका निम्ति ज्योति भएर हिँड्नेछ, परमेश्वरको अचम्म लाग्दो प्रेम उसले देखाउन सक्छ ।

# ७३ आशाका शब्दहरु

*"एउटा नयाँ आज्ञा म तिमीलाई दिँदै छु : एक अर्कालाई प्रेम गर ।"*
*यूहन्ना १३ :३४*

यहूदा गइसकेपछि येशू अरू चेलाहरूसँग कुरा गर्न चाहनुहुन्थ्यो, कसरी उनीहरूबाट उहाँ छुट्नु हुनेछ भनेर भन्न चाहनुहुन्थ्यो । येशू म तिमीहरूसँग केहि समय मात्र हुने छु भन्नुभएको सुन्दा चेलाहरू दुखित र चिन्ता लिएको समयमा सैतान विजयी बन्न सक्छ । त्यसकारण उहाँले तिनीहरूको सोचलाई स्वर्गतिर फर्काउनुभयो ।

येशूले भन्नुभयो, "तिनीहरूको हृदय व्याकुल नहोस्.........मेरो पिताका घरमा बस्ने ठाउँहरू धेरै छन् ।त्यसो नभए के म तिमीहरूलाई भन्ने थिएँ र अरूलाई भन्ने थिएँ र ! कि तिनीहरूका निम्ति ठाउँ तयार पार्न गइरहेछु । अनि गएर तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु । तिनीहरूलाई मकहाँ लैजानेछु र जहाँ म छु त्यहाँ तिमीहरू पनि हुनेछौ । जहाँ म गइरहेको छु तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ ।" यूहन्ना १४: १-४

येशूले छोड्नुहुने घटना चेलाहरूले सोचेजस्तो सधैंका निम्ति थिएन । उनीहरूका निम्ति बस्ने ठाउँ तयार पार्न उहाँ गइरहनुभएको थियो, जहाँ उनीहरू गएर बस्न सक्थे । उहाँ बस्ने ठाउँ बनाइरहनु हुँदा, उनीहरूले आफ्नो चरित्र निर्माण गर्न सक्थे ।

थोमस चिन्तित र शंकालु थिए । उनले भने, प्रभुजी हामी तपाईं कहाँ जानुहुन्छ भनी जान्दैनौं, कसरी हामी बाटो चिन्न सक्छौं ?

येशूले जवाफ दिनुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । म बाहेक कोही पिता कहाँ आउन सक्दैन । तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्ने थियौ । अबदेखि उहाँलाई चिन्दछौ र उहाँलाई देखेका छौ ।" यूहन्ना १४ : ६,७ स्वर्गको बाटो एउटा मात्र हुन्छ । उहाँ येशू हुनुहुन्छ । त्यही बाटोबाट राजाहरू र अगमवक्ताहरू बचाइएका थिए, त्यही बाटोबाट मात्र आज हामी बचाउन सक्नेछौं ।

तर चेलाहरूले अझ पनि बुझ्न सकेनन्, फिलिपले भने, "हे प्रभु हामीलाई पिता देखाइदिनुहोस् ।"

येशूले दुःखीत स्वरमा जवाफ दिनुभयो, "यतिको समयसम्म म तिमीहरूसँग छु तैपनि तिमीले मलाई चिन्दैनौ । उहाँले मद्वारा गर्नुभएका

कार्यहरूमा तिमीहरूले पितालाई देखेनौ ? जसले मलाई देखेको छ उसले पितालाई देखेको छ ।" येशू मानिस भएर परमेश्वर हुन चुक्नुभएन । उहाँका कामले उहाँको ईश्वरत्व प्रकट गर्‍यो र पितालाई देखाइदियो । यो सबै कुरा उनीहरूले बुझेका भए, येशूले दुःख भोग्दा र मृत्यु हुँदा उनीहरूको विश्वास कम हुने थिएन । आउनेवाला परीक्षाको आँधीमा उनीहरूलाई तयार पार्न येशूले कडा परिश्रम गर्नुभयो । येशूका कुराहरू सुनेर चेलाहरू येशूको अरू नजिक आउन सके । स्वर्ग एकदम नजिक रहेको उनीहरूले महसुस गरे ।

आफ्नो ईश्वरत्व कसरी मानव शरीरमा जोडिएको छ भन्ने कुरा उहाँ आफ्ना चेलाहरूले बुझून भनी चाहनुहुन्थ्यो । परमेश्वरको महिमा देखाउन उहाँ यस पृथ्वीमा आउनुभयो तर उहाँले कुनै त्यस्ता दक्षताहरू र कामहरू देखाउन ईश्वरीय शक्ति देखाउनुभएन, मानिसले प्रार्थनाद्वारा शक्ति प्राप्त गर्न सक्छ उहाँले त्यति शक्ति मात्र देखाउनुभयो ।

मानिसले पनि उहाँले ईश्वरको इच्छामा आफैलाई समर्पण गर्नुभएको उनीहरूले पूर्ण रुपले मानिसको चरित्र लिन सक्छन् ।

येशूले भन्नुभयो कि उहाँले गर्नुभएको भन्दा महान कार्य उहाँलाई पछ्याउनेहरूले गर्न सक्छन् । उनीहरूले पवित्र आत्माको सहयोग प्राप्त गर्ने थिए । येशू स्वर्गमा गइसक्नुभएपछि उनीहरूले उहाँले भन्नुभएको प्रतिज्ञा पूरा भएको देखे । परमेश्वरको विषयमा बताउँदा मानिसका हृदयमा बदलिए, हजारौँ मानिसहरू येशूका चेलाहरू भए ।

## प्रार्थना गर्ने सुअवसर

येशूको नाममा माग्नाले सफलताको रहस्य आउन सक्छ । येशूले आफैले बिन्ती गरे झै गरेर पितासँग चेलाहरूका निम्ति प्रार्थनामा निवेदन गर्नुभयो । साधारण तर विश्वासीलो प्रार्थनालाई येशूले पितासामु वास्नासहितको निवेदन बनाउनुभयो ।

येशूलाई पछ्याउँदा सजिलो बाटो भेट्टाइन्छ भन्ने छैन । तर हरेक दुःखका क्षणले प्रार्थना गर्न निम्तो दिन्छ । येशूले भन्नुभयो, "तिमीले मेरो नाममा जे मागे तापनि त्यो तिम्रो निम्ति दिइनेछ । येशूको नाममा उहाँका चेलाहरू परमेश्वरका सामु उभिन्छन् । येशूको धार्मिकताको कारण पापीको पापलाई हेर्नुहुन्न । बदलामा उहाँले तिनीहरूमा आफ्नै पुत्रको प्रतिरूप देख्नुहुन्छ । मानिसहरू जब आफैलाई बेकामको देख्छन् उहाँ निरास हुनुहुन्छ । उहाँले हामीलाई कति महत्वको दिनुहुन्छ, भन्ने कुरा आफ्नो पुत्रलाई छुटाउनका निम्ति बढाउनुभयो । मानिसहरूले ठूलो माग राखेकोमा उहाँ प्रसन्न हुनुहुन्छ । यदि उनीहरूलाई उहाँको प्रतिज्ञामा विश्वास भए उनीहरूले

महान आशा राख्न सक्छन् । येशूको नाममा प्रार्थना गर्न भनेको उहाँको चरित्रलाई मान्नु हो, उहाँको आत्मा देखाउनु हो, उहाँले गर्ने कुराहरू गर्नु हो । जसले उहाँलाई प्रेम गर्छन्, तिनले उहाँको आज्ञामा आज्ञाकारिता देखाउँछन् ।

साँच्चो प्रकारको आज्ञाकारिता मानिसको हृदयबाट झल्किन्छ । माग्यौ भने येशूले हाम्रा इच्छा र हृदयलाई आफ्नामा बदल्नु हुन्छ, अनि हाम्रो मनैदेखि नै हामीले उहाँका आज्ञाहरू मान्न मन पराउँछौं । जति धेरै हामी परमेश्वरलाई चिन्दछौं उहाँको पुत्रको आज्ञाकारितामा बढ्दै जान्छौं । जब हामी परमेश्वरको नजिक जीवन बिताउँछौ पापलाई घृणा गर्नेछौं ।

येशू एक मानिस भएर जसरी बाँच्नुभयो, उहाँमा भर परेर हामी पनि उहाँले बाँचे जस्तो जीवन बाँच्न सक्छौं । हाम्रो जीवनमा परमेश्वरले के चाहना गर्नुहुन्छ भन्ने कुरा सुन्न अरूमा भर पर्न हामी सक्दैनौं । यदि उहाँलाई मन नपर्ने केहि कुरा पनि नगर्ने निर्णय गर्छौं भने, हाम्रा भनाइ लिएर हामी उहाँकहाँ आउन सक्छौं । कता जाने हो, त्यसको निर्णय लिन सक्छौं । परमेश्वरले निर्णय गर्ने विचार मात्र गर्नुहुन्न उहाँले असल कुरा गर्ने शक्ति पनि दिनुहुन्छ ।

आफैलाई बलिदानमा दिनुभन्दा चाहिने उहाँले सबभन्दा असल र महत्वपूर्णको उपहार चेलाहरूका निम्ति माग्नुभयो । "म पितासँग बिन्ती गर्नेछु र उहाँले तिनीहरूलाई अर्को सल्लाह दिनुहुनेछ र उहाँ तिनीहरूसँग सदा सर्वदा रहिरहनु हुनेछ ।" यूहन्ना १४ :१६,१७ ॥

येशू उनीहरूको साथमा हुँदा उनीहरूलाई अर्को सल्लाहकारको आवश्यक थिएन । येशू गइसक्नु भएपछि उनीहरूले पवित्र आत्माको आवश्यकता महसुस गर्ने थिए र उहाँ उनीहरूकहाँ आउनुहुने थियो ।

पवित्र आत्माले अहिले पृथ्वीमा प्रभु येशूको प्रतिनिधित्व गर्नुहुन्छ । पार्थिव शरीरमा येशू सबै ठाउँमा एकै चोटि प्रस्तुत हुनसक्नु हुने थिएन । तर पवित्र आत्माद्वारा उहाँ हरेक व्यक्तिमा सबै ठाउँमा एकै समय उपलब्ध हुन सक्नुहुछ ।

येशूले भविष्यमा चेलाहरूलाई पर्न सक्ने बाधाहरूका विषयमा जान्नुभएको थियो, एकजनालाई क्रूसमा मारियो, अर्कालाई एकान्त टापुमा विस्थापित गरियो । तर ती हरेकका कठिनाइहरूमा उहाँ हुनुहुन्थ्यो । जब विश्वासका निम्ति विश्वासीहरू उभिन्छन् येशू तिनीहरूसँग हुनुहुन्छ । जब केहि झ्यालखानामा परे भने येशूले उनीहरूको मनलाई प्रेमले भरिदिनुहुन्छ । जहिले पनि, जहाँ पनि यदि हामी एक्लो र असहाय भएको महसुस गर्छौं, यदि हामीले प्रार्थना गर्यौं भने पवित्र आत्मा आएर हामीलाई सान्त्वना दिनहुन्छ ।

संसारका साथीहरूसँग छुट्टिनु परे तापनि स्वर्गीय सल्लाहकारबाट हामीले छुट्टिनु पर्दैन ।

येशूले फेरि भन्नुभयो, " पवित्र आत्माले तिमीहरूलाई सबैकुरा सिकाउनुहुनेछ र मैले तिमीहरूलाई भनेका सबै कुरा याद दिलाउनुहुनेछ ।" यूहन्ना १४ :२६

त्यस समयका चेलाहरूद्वारा येशूले सारा संसारलाई यी कुरा भन्नुभएको हो । येशूको मृत्युमा उनीहरू अति चिन्तित हुने थिए तर पवित्र आत्माले येशूले भन्नुभएका कुरालाई सम्झना दिलाउनु हुनेछ ।

चेलाहरू पुरोहितका वचनलाई परमेश्वरका वचन जसरी मान्दथे । उनीहरूका विचार बदल्न कठिन थियो । पवित्र आत्माको मद्दतद्वारा येशूको सच्चाइलाई र उहाँको राज्यलाई बुझ्न सकिन्थ्यो । सराहना गर्न सकिन्थ्यो । सहयोग गर्ने आत्मालाई सच्चाइको आत्मा भनिन्छ । सैतानले उसका झूठा शिक्षा र सिद्धान्तद्वारा हाम्रो चरित्रमा शक्ति देखाउँछ । पवित्र आत्माले झूठलाई खुलासा गरिदिनुहुन्छ । बाइबलद्वारा पवित्र आत्माले येशूलाई पछ्याउन र उहाँको आज्ञा मान्न प्रेरित गरिरहेको हुन्छ ।

## पवित्र आत्माको उद्देश्य

येशू आफ्ना चेलाहरूलाई सबभन्दा असल उपहार दिन चाहनुहुन्थ्यो । सैतानको शक्ति बढिरहेको थियो र धेरै मानिसलाई यसले नियन्त्रण लिन सकेका थिए । पवित्र आत्माको उपस्थितिमा मात्र मानिसहरू पापबाट छुटकारा पाएर परमेश्वरतिर फर्कन सक्थे । पवित्र आत्माले येशूले गर्नुभएको बलिदानको उद्देश्य बताउन सक्नुहुन्थ्यो । यो शक्तिले मात्र आफ्नो दुष्टात्माहरूबाट छुटकारा पाउन सक्थे । मानिसमा परमेश्वरको प्रतिरूप देखिन सकिन्थ्यो । मानिसको पूर्ण चरित्रद्वारा येशू र परमेश्वर दुवैको महिमा हुन्छ ।

येशूले प्रतिज्ञा गर्नुभयो कि संसारका मानिसलाई पवित्र आत्माले पाप, धार्मिकता र न्यायका विषयमा सिकाउनेछ । पवित्र आत्मासहितको हृदय बिना जे कुरा सिकिन्छ, त्यसको कुनै महत्व रहँदैन । पवित्र आत्माको सहयोग बिना मानिसको शिक्षा वा दक्षताले परमेश्वरको जीवन बदल्ने प्रकारको प्रकाश दिन सक्ने छैन ।

येशूले त्यस समयका मण्डलीलाई यही उपहार दिने प्रतिज्ञा गर्नुभयो र त्यही प्रतिज्ञा हामीलाई पनि दिइएको छ । अरू प्रतिज्ञाहरू जस्तै यसमा पनि अवस्था छन् । प्रभु येशू र पवित्र आत्माको विषयमा कुरा गरेर मात्र

हामीले मद्दत पाउने छैनौं । हाम्रा इच्छाहरू समर्पण गरिनुपर्छ । हामीले पवित्र आत्मालाई प्रयोग गर्न सक्दैनौँ, उहाँले हामीलाई प्रयोग गर्नुपर्छ ।

## पत्रुसको अस्वीकारको पूर्व सूचना

जब तिनीहरू निस्तार चाडबाट खाएर निस्के, येशूले तिनीहरूलाई प्रशंसाको भजन दिनुभयो । उहाँको स्वरमा कुनै चिन्ता थिएन, तर चलनअनुसारको निस्तार चाडको भजन, "हे, सबै जाति-जातिका मानिस हो, परमप्रभुको स्तुति गर, हे सब जन हो उहाँको जय जयकार गर । किनभने हामीप्रति उहाँको करुणा उपहार छ, र परमप्रभुको विश्वसनियता सदाका निम्ति रहन्छ । परम प्रभुको प्रशंसा गर ।" भजन संग्रह ११७

जब तिनीहरू विस्तारै अलिभस डाँडातिर लागे, प्रत्येक जनले उनिहरुकै विचारमा मग्न थाले । तब येशूले भन्नुभयो, "आज राती मलाई पर्न आएको कष्टका खातिर सबै विश्वासमा धर्मराउनेछ ।

अरू विश्वासमा धर्मराउलान् तर म हुन्नँ" पत्रुसले भने । येशूले चेतावनी दिनुभयो "म तिमीलाई भन्दछु, तिमीले मलाई तीनपल्ट इन्कार नगरेसम्म भाले बास्ने छैन ।"

पत्रुस कराए, मैले तपाईँलाई चिन्दिनँ भनेर कहिल्यै भन्ने छैनँ, बरु म तपाईँसँगै भन्नेछु" अरूले पनि त्यसै भने ।

पत्रुसले आफ्नो हृदयलाई चिनेका थिएनन् । येशूले देख्न सक्नुहुन्थ्यो कि पत्रुसको आफ्ना निम्तिको प्रेम मुक्तिदातालाई गर्ने प्रेमभन्दा थोरै थियो । पत्रुसलाई आफैलाई विश्वास गर्न छोडेर येशूपट्टि फर्कनु थियो । जब गलिलको समुन्द्रमा उनी डुब्न चाहेका थिए उनी कराए, "प्रभुजी मलाई बचाउनुहोस् ।" यदि अहिले पनि चाहिने कुरा बोलेका भए उनी सुरक्षित हुने थिए । तर पत्रुसले विचार गरे कि उनलाई येशूले विश्वास नगर्नु निर्दयता हो । उनको आफैप्रतिको विश्वास चाहिँ बढ्यो ।

आउनेवाला घटनाबाट येशूले आफ्ना चेलाहरूलाई बचाउन सक्नुभएन, तर आशाविहीन पारेर उहाँले छोड्नुभएन । उहाँलाई छोड्नु अगाडि उनीहरूलाई माफी दिनुभएको कुराको निश्चितता दिनुभयो । उहाँको मृत्यु र पुनर्जन्मपछि उनीहरू प्रेम गरिएका र क्षमा गरिएका कुरा उनीहरूले बुझे ।

## साँचो दाखको बोट

उनीहरू गेथसेमनिको बगैँचातिर जाँदा येशूले एउटा दाखको हाँगा देख्नुभयो र चेलाहरूलाई त्यसबाट दृष्टान्त भन्न लाग्नुभयो । "साँचो दाखको

बोट म हुँ र मेरा पिता किसान हुनुहुन्छ । ठूला र बलिया रूखलाई भन्दा दाखको बोटलाई बढ्नका निम्ति सहाराको जरुरत पर्दछ, र दाखको बोट जस्तै येशू आफ्ना पिताको शक्तिमा भर पर्नुभयो ।

"दाखको बोट म हुँ," येशूले भन्नुभयो, "तिमीहरूचाहिँ हाँगाहरू हौ ।" जसरी दाखको हाँगामा अर्को हाँगा बढ्दछ, त्यसै गरेर येशूका चेलाहरू बढ्नु पर्ने थियो । हाँगाले शक्ति पाए जस्तै उहाँबाट हामी शक्ति पाउन सक्छौँ । हाम्रा कमजोरीहरू उहाँको शक्तिमा मिलाइनेछन् । यस्तो भएमा येशूले सोचे जस्तो सोच्न सक्छौँ, उहाँले गरे जस्तो गर्न सक्छौँ ।

यो सम्बन्ध कहिले हुने र कहिले नहुने प्रकारको हुनुहुँदैन । येशूले भन्नुभयो ममा रहो र म तिमीहरूमा रहन्छु । जसरी हाम्रा दाखको बोटमा रहेन भने त्यसले फल फलाउन सक्तैन, त्यसरी ममा रहेनौ भने तिमीहरूले पनि सक्तैनौ । यूहन्ना १५ :४ । येशूसँगको हाम्रो सम्बन्ध निरन्तर प्रकारको हुनुपर्छ । बलियो बनिरहन प्रत्येक घडी, प्रत्येक क्षण त्यो रहिरहनुपर्दछ । उहाँ बिना हामी परीक्षाबाट उम्कन सक्दैनौँ । हामीले मजबुत तरिकाले उहाँलाई समाती राख्नुपर्छ । तब विश्वासद्वारा उहाँका विशुद्ध चरित्र हामी लिन सक्छौँ ।

जब विश्वासद्वारा हामी येशूमा रहन्छौँ, हाम्रो जीवन परिवर्तन हुनेछ, आत्माका फल देख्न सकिन्छ । धेरै इसाई हुँ भनी भन्दछन्, तर उनीहरूको जीवनको येशूसँगको सम्बन्धलाई देखाउँदैन । यदि उनीहरूले आत्माका फल प्रेम, दया, मलाई उत्पन्न गर्दैनन्, तिनीहरू झूठा हाँगाहरू हुन् । फल नफलाउने हाँगाहरू काटेर बालिन्छन् । फल फलाउने हाँगाहरूलाई काँट छाँट गरिन्छ, यसप्रकार तिनीहरूले बढी फल फलाउँछन् । बाह्र जना चेलाहरूमध्ये एक जना चाहिँ झूठा हाँगा थियो अरूलाई चाहिँ छिट्टै डरलाग्दो तरिकाले काँटछाँट गरिने थियो । यसो गर्दाको अवस्था दु:खदायी पनि हुन सक्थ्यो, तर पिता किसान भएर आफै काँटछाँट गर्नुहुन्छ । उहाँले हामीलाई अझ बलियो, बढी बुद्धिमानी र येशूका असल चेलाहरू बनाउनुहुन्छ ।

येशूले भन्नुभयो, "तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौं भने यसैमा मेरा पिताको महिमा हुनेछ ।" यूहन्ना १५ :८

परमेश्वर मानिस जातिबाट उहाँको पवित्रता, उहाँको दया र प्रेम देखाउन चाहनुहुन्छ । तर येशूले यो फल फलाउन यस विषयमा कडा कार्य गर्नुपर्छ भनी चेलाहरूलाई सिकाउनुभन्दा उहाँले उहाँमा रहनु भनी सिकाउनुभयो । येशूमा जिउनाले, येशूलाई पछ्याउनाले, उहाँको सहायताद्वारा हामी उहाँले जस्तै फल फलाउन सक्षम् हुन्छौँ ।

# नयाँ आज्ञा

निस्तार चाडको भोजमा चेलाहरूसँग एक्लै हुँदा येशूका पहिला वचन थिए, “एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिन्छु तिमीहरू एक अर्कालाई प्रेम गर, तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु तिमीहरूले पनि एक अर्कालाई त्यस्तै प्रेम गर ।” यूहन्ना १३ :३४ । चेलाहरूका निम्ति यो नयाँ थियो । एक अर्कामा उनीहरू त्यस्तै प्रेम गर्दै थिए, तर उनीहरू प्रेमको विषयमा नयाँ कुरा सिकिरहेका थिए । येशूको बलिदानपछि उनीहरूको प्रेमको नयाँ परिभाषा बुझ्नु थियो ।

जब मानिसहरू एक-आपसमा प्रेम गर्दछन् उनीहरू स्वर्गीय प्रभाव बाँडिरहेका हुन्छन् । मानिसमा ईश्वरीय छाया देखिन्छ । यस्तो प्रकारको प्रेमिलो मण्डली देखेर सैतान रिसाउँछ । येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “यदि संसारले घृणा गर्‍यो भने, याद गर मलाई पहिला संसारले घृणा गरेको छ ।”

संसारको त्राणकर्ता भएर येशूले धेरै जसो समय सफलता पाउनु भएन । आफूले गर्न खोजेका सबै कुरा गर्न पाउनु भएन । सैतान र उसका साथीहरू विरोधमा थिए । तर उहाँ निराश हुनुभएन । उहाँलाई थाहा थियो जब उहाँले “अब सिद्धियो” भन्नुहुन्छ सबै स्वर्गले उल्लास मनाउनेछ । उहाँको विजय सबैतिर मनाइनेछ । उहाँलाई थाहा थियो कि पवित्र आत्माको शक्तिमा उहाँले दुष्टसँगको लडाइँ जित्नुहुने थियो ।

येशूको जस्तो जीवन हामीले जिउनु पर्दछ, पितातर्फको दीर्घकालीन विश्वास हामीमा हुनुपर्छ । समस्याहरूमा निराश हुनुभन्दा ती समस्यामा विजय प्राप्त गर्न सक्छौं ।

स्वर्गको वातावरणमा मिल्ने प्रकारको मण्डली यस पृथ्वीमा होस् भन्ने परमेश्वर चाहनुहुन्छ । उहाँको मण्डलीले दया र प्रेम देखाएमा परमेश्वरको महिमा बढ्न सक्छ । अन्त्यमा उहाँले आफ्ना जनहरूलाई शुद्ध हृदय देख्नु हुनेछ जुन उहाँको बलिदानबाट प्राप्त हुन्छ ।

यसप्रकार येशूले पूर्ण आशाका शब्दसहित अन्तिम शब्दहरूको अन्त्य गर्नुभयो । उहाँलाई दिइएको कार्य उहाँले समाप्त गर्नुभएको थियो । आफ्ना पिताको सच्चाइलाई बताउनुभएको थियो र उहाँका कार्य गर्ने जनहरूलाई तालिम दिनु भएको थियो ।

नव प्रधान पूजारीको हैसियतले उहाँले आफ्ना जनका लागि प्रार्थना गर्नुभयो, “पवित्र पिता तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस् । हामी जस्तै तिनीहरू पनि एक होऊन् ।”

"म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा म माथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु कि तिनीहरू एक होऊन् ।"...... तपाईँले मलाई पठाउनुभएको हो अनि मलाई प्रेम गरे जस्तै तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् ।" यूहन्ना १७ :२०,२१,२३ ।

येशूले आफ्ना चेलाहरू, मण्डली पिताको हातमा छोडिदिनु भयो । त्यसपछि सैतानसँग अन्तिम लडाइँ लड्न उहाँ जानुभयो ।

# ७४ गैथसेमनीमा संघर्ष

*"हे पिता हुन सक्छ भने यो कचौरा मबाट हटोस् । तर पनि मैले इच्छा गरे बमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभए बमोजिम होस् ।*
*मत्ती २६:३९*

निस्तार चाडको खुला रूपमा चम्किरहेको चन्द्रमा को समयमा उनीहरूको समूह गेथसेमनीतिर लाग्यो । बगैंचामा पुग्न आँट्दा येशू अचम्म प्रकारले शान्त हुनुभयो । यस पृथ्वीमा हरेक दिन आफ्नो पिताको प्रकाशमा रहनुभएको थियो । तर उहाँ एक पापी बन्ने समय आएको थियो जब उहाँले हरेक मानव जातिको पाप लिन सक्नु हुनेछ । त्यो बोझ एकदम गह्रौं थियो कि येशूले आफू पिताबाट सधैंका निम्ति छुट्टिनु पर्ने हो कि भनी डराउनु भयो । उहाँले भन्नुभयो "मेरो मन चिन्ताले भरिएको छ ।"

चेलाहरूले आफ्ना गुरुलाई यति दिग्दार र चिन्तित अवस्थामा कहिल्यै देखेका थिएनन् । येशू सधैं बस्ने ठाउँमा उनीहरूले व्यग्र भएर हेरे । यदि उनीहरूले नसम्हालेको भए दुई पटक येशू लड्नु हुने थियो ।"

येशूले तिनजना चेलाहरू लिएर प्रार्थना गर्न अगाडि जानुभयो । अरूलाई बगैंचाको ढोका मै छोडिदिनुभयो । त्यसपछि पत्रुस, याकूब र यूहन्नालाई लिएर उहाँ अलि पर प्रार्थना गर्न जानुभयो । केहि समयपछि उनीहरू निदाए । उहाँले तिनीहरूसँग प्रार्थनामा रात बिताउन चाहनुभएको थियो । उनीहरूले सबै नदेख्नु भन्ने हेतुले आफू नदेखिने ठाउँमा जानुभयो र भुइँमा पर्नुभयो । पापले गर्दा उहाँ पिताबाट अलग भएको कुरा उहाँले बुझ्नुभयो । त्यो विछोडको सोच अति गहिरो र फराकिलो थियो । उहाँको ईश्वरीय शक्ति प्रयोग गरेर उहाँ उम्कन सक्नु हुने थिएन । येशूले मानव जातिको पापका निम्ति दु:ख पाउनुभएको थियो । मानव भएर पापमा परमेश्वरको रिसलाई उहाँले सहनुपर्ने थियो ।

## डरलाग्दो परीक्षा

मनिसको पाप आफूमाथि लिएर उहाँले परमेश्वरको न्यायको भागिदार बन्नु भएको थियो । पितासँग सम्बन्ध टुटे जस्तो उहाँले महसुस गर्नुभयो । मानिसको प्रकृतिमा आफू असफल हुन्छु कि भनी उहाँले सोच्नुभयो सैतानले त्यो अवस्थामा भएभरको संघर्ष ल्यायो । यदि सैतान त्यहाँ असफल

भए उसको पतन निश्चित थियो, अनि संसारको विजेता येशू हुनुहुन्थ्यो । तर येशूले हारेमा संसार र मानव जाति सबै सैतानको वशमा हुने थियो ।

सैतानले येशूलाई भन्यो कि संसारको पापलाई स्वीकार गरेका खण्डमा येशू पनि उसको राज्यमा आउनुहुन्थ्यो र उहाँ पिताको राजधानीमा कहिल्यै जान पाउनु हुने थिएन ।

"र किन परमेश्वरको राज्यका बारेमा जान्ने भन्ने मानिसले तपाईंलाई मार्न खोज्दै छन् ?" सैतानले सोध्यो "तपाईंको एउटा चेलाले तपाईंलाई धोका दिनेछ । तपाईंकै समर्पणमा रहेको तपाईंलाई चिन्न इन्कार गर्नेछ, सबैले तपाईंलाई छोड्नेछन् ।"

आफूले अति माया गरेको चेलाहरू सैतानको जालमा पर्छन् भन्ने सोचले येशूलाई दुखित बनायो । उहाँको मनको संघर्ष ठूलो थियो । मानिसका पापको बोझ येशूमा गह्रौं थियो पापप्रति परमेश्वरको क्रोध डरलाग्दो थियो । उहाँको पहेँलो ओठबाट निस्कियो, "हे पिता हुन सक्छ भने यो कचौरा मबाट हरोस् तर पनि मैले इच्छा गरे बमोजिम होइन तर तपाईंले इच्छा गरे बमोजिम होस् ।" मत्ती २६ :३९

मानिसले जस्तै त्यस दुःखको घडीमा येशूले सहानुभूति र हौसला चाहना गर्नुभयो । उहाँ सहानुभूतिका शब्दहरूका निम्ति र उनीहरू आफ्नै निम्ति प्रार्थना गरिरहेका हुन् भनी उहाँ चाहनुहुन्थ्यो । यस्तो परीक्षाको घडी मानवका निम्ति गरिएको थियो भन्ने चेलाहरूले बुझेका भए येशूको आत्मबल बढ्ने थियो । तर तिनीहरू सुतिरहेका थिए । उहाँको चेतावनी, "जागा रहो र प्रार्थना गर भन्ने चेतावनीलाई उनीहरूले सुनेका थिएनन् । ती तिन जनाले येशूलाई एक्लै छोड्ने मनसाय लिएका थिएनन् । उनीहरूले प्रार्थनामा माग गरेका भए निन्द्रालाई हटाउन सक्थे । अब येशूलाई उनीहरूको बढी आवश्यकता परेको बेलामा उनीहरू निदाए ।

चेलाहरू उठे, कष्टले गर्दा येशूको मुहार यति परिवर्तन भएको थियो कि उनीहरूलाई चिन्न गाह्रो पऱ्यो । उहाँले पत्रुसलाई भन्नुभयो तिमीहरू के एक घण्टा पनि जागा बस्न सकेनौ र परीक्षामा पर्न नपरोस् भन्ने शक्तिका निम्ति जागा बस र प्रार्थना गर ।" मत्ती २६ :४०,४१ । येशूलाई पक्रेर लाँदा र मृत्युदण्ड दिँदा चेलाहरूले सहन सक्ने छैनन् भनी चिन्ता पऱ्यो । उहाँ पहिला प्रार्थना गरेकै ठाउँमा जानुभयो । उहाँको कष्ट यति धेरै थियो कि ठूला-ठूला थोपा रगत पसिनाको रूपमा उहाँको शरीरबाट निस्किए ।

केहि समय अघि येशू शक्तिशाली सिडार रुख जस्तै हुनुहुन्थ्यो । अहिले उहाँ एउटा कमलो घाँस जस्तै बन्नुभयो । उहाँले दोस्रो पल्ट पितासँग गुहार मागेको सुनियो, "हे पिता हुन सक्छ भने यो कचौरा मबाट हटोस्, तर पनि मैले इच्छा गरे बमोजिम होइन तर तपाईंको इच्छा अनुसार त्यो होस् ।" मत्ती २६ :४२

फेरि येशू सान्त्वनाका निम्ति चेलातिर फर्कनुभयो । तर उनीहरूका आँखा बोझिला थिए, तिनीहरू निदाएका थिए । जब उनीहरू ब्युँझिए येशूको अनुहारमा पसिनाको सट्टामा रगतका थोपा उनीहरूले देखे । यो देखेर उनीहरू डराए तर उहाँको मानसिक पीडालाई उनीहरूले बुझ्न सकेनन् ।

## संसार सन्तुलनमा अडियो

येशू फर्कनुभयो र फेरि जमिनमा पर्नुभयो । कष्टको घडी आइपुगेको थियो । संसारको भाग्य अनन्तको सन्तुलनमा अडियो । त्यसबेला पनि येशूले मानिसले पिउनुपर्ने कष्टको प्याला पिउनबाट इन्कार गर्न सक्नुहुन्थ्यो । आफ्नो अनुहारबाट रगतको पसिना पुछ्न सक्नुहुन्थ्यो र मानिसहरू उनीहरूका पापमा नाश हुन छोड्न उहाँले भन्न सक्नुहुन्थ्यो, "जसले नियम भंग गरेका छन् उनीहरूले त्यसको सजाय भोगून् म आफ्ना पिताकहाँ जानेछु । उहाँले तेस्रो पटक यस्तो भन्नुभयो, "हे मेरो पिता..........जस्तो तपाईं चाहनुहुन्छ त्यस्तै होस् ।"

अन्तिम निर्णय गर्नुभन्दा पहिला येशूले तिनपटक त्यही कुरा भन्नुभयो । तर उहाँले देख्नुभयो कि मानव जातिलाई एक्लै छोडिएमा बेसहारा हुनेछन् र पापचाहिँ एकदम शक्तिशाली थियो । उहाँले संसारको पतन भएको देख्नुभयो र मानिसहरूले दुःख पाइरहेको बुझ्नुभयो । उहाँले निर्णय गर्नुभयो, जे जस्तो मूल्य चुकाउनु परे तापनि उहाँले मानिसलाई बचाउने निर्णय गर्नुभयो । उहाँ एउटा पापमा गिरेको संसारलाई बचाउन आउनुभएको थियो र आफ्नो उद्देश्यबाट उहाँ पछाडि हट्नु हुने थिएन ।

यो निर्णयका साथ येशू भुइँमा लड्नुभयो । तर परमेश्वर आफ्नो छोरासँग दुःख भोग्नुभयो । स्वर्गमा निशब्द भयो, परमेश्वरले प्रेमका किरण पठाएको स्वर्ग दूतहरूले हेरे । येशूको प्रार्थनाको जवाफ के हुने थियो होला ?

जब स्वर्गका दूतहरू येशूको छेउमा आए, प्रार्थनाको जवाफ आयो । येशूको कष्टको कचौरा पर हटाउन स्वर्गदूतहरू आएका थिएनन् । बरु परमेश्वरको प्रेमको दिलासा दिन उनीहरू आएका थिए । उनीहरूले येशूको मृत्युद्वारा सैतानको योजनालाई नाश गरेको थियो । परमेश्वरका जनलाई संसार फिर्ता दिने थियो । उहाँले अनन्तमा धेरै जना बचाउनु भएको देख्नु हुने थियो ।

येशूको कष्ट समाप्त भएन तर उहाँको हतोत्साह हरायो । उहाँको रगताम्य भएको अनुहारमा स्वर्गीय शान्ति देखियो । मानिसले कहिल्यै गर्न नसकेको कुरा येशूले गर्नुभयो । प्रत्येक मानिसको कष्ट उहाँले आफ्नो मृत्युबाट लिनुभएको थियो ।

निदाइरहेका चेलाहरू अचानक उठे । उनीहरूले स्वर्गदूतलाई देखे, जसले उत्साह र आशाका कुरा येशूसँग गर्दै थिए । अब उनीहरूलाई आफ्ना गुरुको केहि चिन्ता थिएन, परमेश्वरले उहाँको हेरचाह गर्दै हुनुहुन्थ्यो । तर फेरि उनीहरूलाई निन्द्राले छोप्यो, येशू तिनीहरू कहाँ पुग्दा उनीहरू सबलाई निदाइरहेको भेटाउनु भयो । उनीहरूलाई दु:खी भएर हेर्दै उहाँले भन्नुभयो, "के तिमीहरू अझसम्म सुतिरहेका छौ ? मानिसको पुत्रलाई पापीहरूका जिम्मा लगाइने समय आइरहेको छ ।" येशूले यी कुरा गर्दै रहँदा त्यहाँ केहि भीड अगाडि बढिरहेको आवाज सुनियो । उहाँले तिन जना चेलाहरूलाई भन्नुभयो, "उठ, हामी यहाँबाट जानुपर्छ । हिँड, यहाँ मलाई धोका दिने व्यक्ति आउँदै छ ।" मत्ती २६ : ४६

भर्खरको कष्टका रेखाहरू अनुहारमा प्रस्टै देखिन्थ्यो, येशू भीडका अगाडि जानुभयो र सोध्नुभयो, "तिमीहरूले कसलाई खोज्दै छौ ?"
उनीहरूले जवाफ दिए, "नाजरथको येशूलाई ।"

"मैले तिमीहरूलाई भनिसकेँ, म उही हुँ, तिमीहरूले मलाई खोजेका हौ भने अरूलाई जान देओ ।" यूहन्ना १८:८१ अरू चेलालाई बचाउन आफ्नो बलिदान दिँदै हुनुहुन्थ्यो ।

यहूदाले कसरी येशूलाई चिन्ने भन्नेबारे पहिले नै शास्त्रीहरूलाई भनेको थियो । जसलाई उसले म्वाइँ खान्छ, उसैलाई उनीहरूले पक्रनुपर्ने थियो । अब उ आफ्नो भूमिका खेल्न थाल्यो, " अभिवादन गुरु !" उसले साथी जस्तै गरेर येशूको हात आफ्नो हातमा लियो, म्वाइँ खायो । येशूले भन्नुभयो, "मित्र तिमी जे गर्न आएको हो त्यो गर ।" अति दु:खीत भएर उहाँले भन्नुभयो, "यहूदा के तिमीले म्वाइँ खाएर पुत्रलाई विश्वासघात गर्ने ?"

यो कुराले यहूदाको मनलाई छोएको हुनुपर्थ्यो । तर उसमा दया भन्ने कुरा बाँकिरहेको थिएन । यहूदाले आफ्ना सबै इच्छालाई सैतानमा समर्पण गरिसकेको थियो, उसले सैतानलाई प्रतिकार गर्न सकेन ।

त्यसपछि भीडले येशूलाई समात्यो । आफ्नो गुरुका हात त्यसरी बाँधिएका देखेर चेलाहरू रिसाए । पत्रुसले तरवार निकाले र नोकरको कान काटिदिए । येशूले उनको हात छुटाउँदै भन्नुभयो, "रोक, यो सबै बन्द गर ।" त्यसपछि उहाँले नोकरको कान छोइदिनुभयो र त्यसलाई निको पार्नुभयो येशूले पत्रुसलाई भन्नुभयो । तिम्रो तरबार फिर्ता राख । जसले तरबारको प्रयोग गर्छन् उनीहरू तरबारद्वारा मारिन्छन्, यदि पितासँग मैले मागेँ भने उहाँले बाह्र पल्टन सैनिक मेरो निम्ति पठाइदिनुहुन्छ । मत्ती २६ : ५२,५३

चेलाहरूले मनमा सोचे, " किन उहाँले हामीलाई र आफूलाई बचाउँदैन ? तर उनीहरूले सोचेको कुरालाई येशूले जवाफ दिनुभयो, पवित्र शास्त्रमा लेखिएका कुरा पूरा हुनुपर्छ, के मेरो पिताले दिनुभएको कपमा मैले नपिउनु ?"

अगुवाहरू र शास्त्रीहरूतिर फर्कँदै, जसले उहाँलाई जंगली जनावर जस्तै खोजी गरेका थिए, येशूले यी कुरा बोल्नुभयो, जनलाई उनीहरू जिन्दगी भर भुल्ने थिएनन् । “मलाई खोज्न तिमीहरू तरबार र भालाहरू लिएर आयौ, मानौं कि म अपराधी थिएँ । प्रत्येक दिन म मन्दिरमा बसेर शिक्षा दिन्थेँ, तिमीहरूले केहि गरेनौ, तिनीहरूका काम रातमा राम्रोसँग गरिन्छन् । येशूले आफैलाई पक्रन दिनुभएकोमा चेलाहरू एकदम त्रसित भए । उनीहरू र उहाँ आफै यसबाट शर्ममा परेका थिए । उनीहरूले केहि बुझ्न सकिरहेका थिएनन्, तर पक्रन दिएकोमा येशूलाई उनीहरूले दोष दिए । डर र आश्चर्यले गर्दा पत्रुसले आफैलाई बचाउने सल्लाह दिए । त्यसकारण उनीहरूले येशूलाई एक्लै छोडेर त्यहाँबाट भागे ।

# ७५ अवैधानिक परिक्षण

*येशूले त्यसलाई भन्नुभयो,"मैले बेठीक भनेको भए त्यसको गवाही देऊ, तर यदि मैले ठीकै भनेको हो भने मलाई किन हिर्काउछौँ ।"*

*यूहन्ना १८:२३*

ती गार्डहरूले येशूलाई सुनसान गल्ली भएर लगे । आधारात बितिसकेको थियो । उहाँका हातहरू बाँधिएका थिए । यसरी मुक्तिदाता पहिलाको मुख्य पुरोहित अन्नासको महलतिर लगिनुभयो । अन्नास शासक परिवारको सबभन्दा पुरानो सदस्य थिए । उनको उमेरले गर्दा मानिसहरूले उनलाई मुख्य पुरोहित जस्तै गरेर आदर गर्थे । धेरैका निम्ति उनको सल्लाह परमेश्वरको विचार जस्तै थियो ।

बन्दीसँग प्रश्न गर्दा अन्नास अधिकारमा रहनु भनी यहूदीहरू चाहन्थे । उनीहरूलाई डर थियो कि वास्तविक मुख्य पुजारी कैकास उमेरमा कम भएकाले येशूको मृत्युका सम्बन्धमा बढी पेल्न उनले सक्ने थिएनन् । येशूलाई अन्नासले प्रश्न सोध्ने थिए । तर त्यसलाई रोमी अधिकारीहरुले मान्नुपर्ने थियो ।

धेरै पुरोहित र गुरुहरू येशूका शिक्षाले प्रभावित भएका थिए । अर्मिथियका यूसुफ र निकोदिमसले येशूलाई समर्थन गर्ने कारणले गर्दा उनीहरूलाई सभामा बोलाइएको थिएन । सबै परिबन्द मिलाइसकेपछि परिषदले येशू दोषी हुनुहुन्छ भनी प्रमाण गरिनु थियो ।

उनीहरूले येशूलाई दुईवटा कुरामा दोष लगाउनुपर्दथ्यो । पहिलोमा उहाँले ईश्वर निन्दा भनेर दोष दिइएको थियो, यसमा यहूदीहरूले दोष लगाउन सक्थे । दोस्रोमा यदि उनीहरूले येशूले विद्रोहको नेतृत्व गर्नुभएको कुरा प्रमाणित गर्न सके भने रोमीहरूले दोष लगाउँथे ।

अन्नासले दोस्रो दोषलाई पहिलो बनाए । उनले येशूलाई सोधे, उनले येशूले केहि गोप्य कुरा गर्नुहुनेछ जसबाट उहाँलाई दोषी बनाउन सकियोस् भनी चलाकी प्रश्न गरे कि उहाँ गुप्त रूपमा नयाँ राज्य बनाउँदै हुनुहुन्थ्यो । अन्नासले के गर्न खोज्दै थिए भन्ने कुरा येशूले बुझ्नुभयो, "मैले संसारलाई खुल्लमखुल्ला भनेको छु," उहाँले भन्नुभयो, "मैले सधैं मन्दिरमा र सभाघरमा शिक्षा दिएको छु, जहाँ यहूदीहरू भेला हुन्छन् । मैले गुप्तमा केह िभनेको छैन ।" यूहन्ना १८:२० । येशू आफूले गरेका कार्यलाई तिनीहरूको कार्यसँग तुलना गर्दै हुनुहुन्थ्यो । उनीहरूले खोजेर गुप्त परीक्षणका लागि ल्याएका थिए ।

येशूले अन्नासतिर फर्किएर सोध्नुभयो, "तिमी मलाई किन प्रश्न गर्दछौ ? "पुरोहितका मानिसहरूले उहाँले गर्ने कामको चियो गरिरहेका थिए, "जसलाई मैले सिकाएको कुरा सुनेका छन् तिनीहरूलाई सोध । मैले के भनें तिनीहरूलाई थाहा छ ।"

अन्नास धेरै रिसाएका थिए, तर एउटा सुरक्षाकर्मीले येशूको गालामा थप्पड हान्यो, "प्रधान पुजारीलाई यस्तो जवाफ दिन्छस् ।" ऊ करायो, येशूले शान्त भएर जवाफ दिनुभयो, "मैले बेठिक भनेको भए त्यसको जवाफ देऊ । तर यदि मैले ठिकै भनेको भए मलाई किन हिर्काउँछौ ?" एउटा धैर्यवान् पापरहित हृदयबाट आएको थियो जो रिसाउन जान्नुहुन्नथ्यो ।

जसका निम्ति उहाँ बलिदान हुनुहुने थियो तिनीहरूबाटै उहाँलाई लज्जास्पद व्यवहार गरियो । सैतानका प्रभावमा परेर उहाँको वरिपरि बसेका मानिसको कारण उहाँका पवित्रता र पापप्रति उहाँको घृणाको अवस्था एकदम कष्टकर बन्यो । उहाँलाई थाहा थियो कि उहाँको ईश्वरीय शक्तिले गर्दा उहाँले आफूलाई दुःख दिने शत्रुहरूलाई छिनमा नै नाश गर्न सक्नुहुन्थ्यो ।

यहूदीहरूले यस्तो आशा गरेका थिएनन्, जसले मानिसका विचारहरू बदल्न सक्थ्यो र उहाँलाई आफ्नो नेता भनी चिन्नसक्थे । येशूले यसै गर्नलाई परीक्षाको सामना गर्नुपर्‍यो । आफ्नो ईश्वरीय शक्ति एकातिर राखेर मानिस जस्तो भएर मानिसका दुर्व्यवहारहरू सहन कठिन भइरहेको थियो । स्वर्गदूतहरूले येशूलाई छुटाउन सक्दो कोसिस गरे । जब पुरोहितहरूका लज्जास्पद कामहरू देखे तिनीहरूलाई नाश गर्ने इच्छा उनीहरूमा आयो । तर उनीहरूलाई यसो गर्ने अनुमति थिएन । यो येशूको लक्ष्य अन्तर्गत नै थियो कि येशूले मानिस भएर मानिसले दिन सक्ने हरेक कष्ट सहून् ।

## कैफासको सामु येशू

येशूका हात बाँधिएका अवस्थामा उहाँ उत्रनु भए तापनि यहूदी नेताहरूले यो न्यायोचित परीक्षण हो भनी देखाउन चाहन्थे । उनीहरूले यो कार्य छिट्टै गर्नुपर्ने थियो । मानिसहरूले येशूलाई कति धेरै प्रेम गर्नुहुन्छ भनी उनीहरूलाई थाहा थियो, मानिसहरू उहाँलाई छुटाउनका निम्ति आउँछन् कि भन्ने डरमा उनीहरू थिए । यदि उनीहरूले येशूलाई अहिले पक्रन नसकेको भए निस्तार चाडको कारणले गर्दा एक हप्तापछि हुने अवस्था थियो । त्यसबेलामा येशूले गरेका कामहरूको गवाही दिन हजारौं मानिसहरू आउने थिए । पुजारीहरूको कामलाई विफल बनाउन येशूलाई छुटाइन्थ्यो । त्यसैकारण अरू कसैले थाहा पाउनु अगाडि पुजारीहरूले येशूलाई रोमीको हातमा एउटा अपराधीको रूपमा सुम्पन्न चाहन्थे ।

तर पहिला येशूलाई दोष लगाउन केहि अपराधहरू पत्ता लगाउनु थियो । अन्नासले येशूलाई कैफासकहाँ लैजान आज्ञा दिए । हर्चका उज्यालोमा हतियारयुक्त सुरक्षाकर्मीहरूले उहाँलाई प्रधान पूजारीको दरबारमा लगे । अन्नास जस्तो कडा कैफास नभए तापनि ऊ निर्दयी र चलाक थियो । मन्दिरका सदस्यहरू जम्मा भएपछि दुवैले येशूसँग प्रश्न गर्न थाले । तर येशूले केहि जवाफ दिनुभएन ।

जब उनीहरू न्याय गर्ने आँगनमा जम्मा भए । कैफास सिंहासनमा बसे । उनका दाँया बायाँ न्यायाधीसहरू र अगुवाहरू थिए । रोमी सिपाहीहरू तलपट्टिका अटालीमा बसे । सिंहासनको खुट्टानेर येशू उभिनुभएको थियो । त्यहाँ मानिसहरूमा खुब चहलपहल थियो, येशू मात्र शान्त हुनुहुन्थ्यो ।

कैफासले येशूलाई मानिसका आदर र ध्यान खिच्नका निम्ति मुख्य प्रतिद्वन्दी सम्भलेका थिए । मानिसहरूले येशूलाई हेर्न र सुन्न गरेको चाहप्रति एकदम डाह गर्ने गर्थे । तर जब अहिले उनले येशूलाई देखे कैफासले येशूका भद्र र आदरयुक्त चरित्रलाई मन पराए । यो मानिस परमेश्वर जस्तो हुनुहुन्छ भनी उसको मनले भन्यो । तर छिट्टै नै यस विचारलाई उनले हटाए र येशूले केहि चमत्कारको काम गरून् भनी आज्ञा गरे । तर येशूले उनका शब्द पनि नसुनेको जस्तो व्यवहार गर्नुभयो ।

यहूदी अगुवाहरू छक्क परे । येशूलाई कसरी दोष लगाउने निश्चित गर्न सकेनन् । येशूले तिनीहरूलाई भन्नुभएको 'पाखण्डीहरू हत्याराहरू' कुराहरू धेरै थिए तर तिनीहरू यस कुरालाई अगाडि ल्याउन चाहँदैनथे । रोमीहरू यसप्रति उत्साहित हुने थिएनन् । शबाथलाई उल्लङ्घन गरेको कुरालाई उनीहरूले प्रस्तुत गराएनन् ।

येशूले रोमी शासनका विरुद्ध काम गर्दै हुनुहुन्छ भन्ने भ्रूठा गवाहहरूलाई उनीहरूले तयार पारेका थिए । तर उनीहरूका गवाहीहरू कमजोर थिए र एक आपसमा विरोध गर्ने प्रकारका थिए ।

आफ्ना सेवकाइका दिनहरूमा येशूले यो मन्दिर भत्काइ देओ र तिन दिनमा म यसलाई बनाउँछु भनेर भन्नुभएको थियो । उहाँले आफ्नो मृत्यु र पुनःउत्थानका विषयमा यी कुरा गर्नुभएको थियो । तर येशूले बोल्नुभएको सबै कुराभन्दा यस कुराले उहाँको विरुद्धमा दोष लगाउन तिनीहरू उक्सिए । रोमीहरूले मन्दिरलाई पुनःनिर्माण गरेका थिए र त्यसप्रति उनीहरू घमण्ड गर्थे । कसैले यो मन्दिरलाई नाश गर्ने कुरा उनीहरू सहन सक्दैनथे । यसमा रोमीहरू र यहूदीहरू सहमत भए ।

घुस लिएको गवाहले भन्न थाल्यो, "यस मानिसले म परमेश्वरको मन्दिर भत्काउन सक्छु र तिन दिनमा यसलाई बनाउन सक्छु" भनेको मैले सुनेँ । यदि येशूका वचनहरूलाई ठीक प्रकारसँग भनिएको भए उहाँलाई दोषी

बनाउन उनीहरूले सक्ने थिएनन् । गवाहले ती भनाइलाई बङ्ग्याएर भनेका भए तापनि रोमीहरूले त्यसको कारणले मृत्युदण्ड पाउनुपर्छ भन्ने कुरा देखेनन् ।

त्यस समय येशूलाई दोष लगाउनेहरू द्विविधामा थिए, रिसाएका थिए । येशूले आफैलाई दोष लगाउनु भएमा मात्र उनीहरूले मौका पाउने थिए । कैफासले सिंहासनबाट झुक्दै येशूलाई सोधे "तपाईंलाई लगाइएका यी दोषहरूमाथि तपाईं के भन्नु हुन्छ ?" तर येशूले केहि बोल्नुभएन । अन्तमा कैफासले भने, "जीवित परमेश्वरको नाममा म भन्दछु ? "के तपाईं मसीह, परमेश्वरको पुत्र हुनुहुन्छ ?"

येशूलाई थाहा थियो कि त्यस प्रश्नको जवाफ मृत्युदण्ड हुनसक्थ्यो । तर यो कुरा परमेश्वरका नाममा मागिएको थियो । उहाँले आफ्ना चेलाहरूलाई उहाँ को हुनुहुन्छ भनी भन्नुभएको थियो । त्यही प्रश्नको जवाफ उहाँले दिनुपर्ने थियो ।

सबै जनाले येशूलाई हेरेका थिए उहाँले भन्नुभयो, "तपाईंले नै भनी हाल्नुभयो ।" एउटा स्वर्गीय प्रकाश उहाँको मुहारमा देखा पर्‍यो । अगाडि उहाँले भन्नुभयो, "तै पनि म तपाईंलाई भन्दछु, तपाईंहरूले अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ ।" मत्ती २६ :६४

## कैफासले विश्वास गर्छ

येशूको अगाडि कैफास केहि समय चुपचाप बस्यो, येशूको अनुहारमा हेर्‍यो । उसले जीवनभर त्यो आवाजलाई भुल्न सकेन ।

परमेश्वर अगाडि उभिनुपर्ने र उसको कार्यको प्रतिफल पाउने सोचले उनी एकदम डराए । उनले न्यायको आफ्नो सोचमा उनले देखे, उनका सधैं भरिका लागि लुकाएका भनेका कामहरूलाई प्रकट गरिएको उनले देखे । अनन्तका न्यायधीसले उनका गोप्य विचारहरू पढिरहेको जस्तो उनलाई लाग्यो ।

तर तुरुन्तै उनी वास्तविक्तामा फर्किए । उनले पुनःउत्थान अनि न्यायको दिनलाई सम्झना राखेनन् । सैतानको जस्तो रिसमा उनले आफ्नो आढ्ने फाले र बन्दीलाई ईश्वरको निन्दाको दोष लगाए ।" यस मानिसले परमेश्वरका विरुद्ध बोलेको छ, अब अरू गवाहीको हामीलाई आवश्यक पर्दैन । कसरी उसलाई न्याय गर्ने ?"

उनका सहपुरोहितले सहमति दिए, "ऊ मर्नु पर्छ ।" सबै जना कराए । येशूलाई क्षणिकको विश्वास गरेकोमा कैफास आफैसँग रिसाएका थिए ।

आफ्नो हृदय खोलेर येशूलाई मसीह मान्नुको सट्टा उनले रिसले आफ्नो पुरोहितको लुगा च्याते । येशूले भनेका शब्दहरू सुनेर उसले आफैलाई दोष दिए, र पुरोहित हुन योग्यको नभएको कुरा देखाए ।

मोशालाई दिएको आज्ञाबमोजिम पुरोहितले आफ्नो कपडा कहिल्यै च्यात्नु हुँदैन थियो । पवित्र बासस्थानमा उनीहरूले काम गर्ने भएकोले उनीहरूको कपडा ठिक हुनु जरुरी थियो । जब उनले आफ्नो कपडा च्याते उनले यहूदी राज्यले मसीहलाई अस्वीकार गरेको कुरा बताए ।

## अवैधानिक परीक्षण

पुरोहितको सभाले येशूलाई मार्नुपर्ने नारा लगाए । यहूदीको नियमअनुसार रातको बन्दीलाई यसो गर्नु नियम विरुद्ध थियो । दिनमा, वैधानिक तरिकाले केहि पनि गर्न सकिँदैन थियो । मुक्तिदातालाई अपराधी जस्तो व्यवहार गरिएको थियो । जब उहाँलाई सुरक्षा गरिने कोठामा लगियो, बाटो भरि सबैले उहाँलाई खिसि गरे म परमेश्वरको पुत्र भनेकामा गिल्ला गरे । उहाँका भनाइ "आकाशमा बादल आउनेछ" लाई उनीहरूले दोहोऱ्याएर ठट्टा गर्न थाले । जब उहाँ वैधानिक परीक्षणको निम्ति पर्खनुभयो र उहाँलाई एउटा अपराधीलाई गर्ने व्यवहारभन्दा बढी गरियो । सहरका एकदम नीच मानिसहरूले उहाँलाई निर्दयी कुरा भन्न, मौखिक र शारीरिक रूपमा दुर्व्यवहार गर्न थाले । उनीहरू सैतानद्वारा अगुवा गरिएका थिए । येशू चुपचाप बस्नुभएकोमा उनीहरूलाई अझ बढता रिस उठायो परमेश्वरका पुत्रलाई दिइए जस्तो व्यवहार कुनै पनि अपराधीलाई दिइएको थिएन ।

तर शत्रुहरूबाट यस्तो कष्ट दिएकोमा उहाँलाई दुःख लागेन । जब उहाँ कैफासको सामु परीक्षण गरिँदै गर्दा उहाँको आफ्नै चेलाले उहाँलाई चिन्नबाट अस्वीकार हुनुभएका थिए ।

## भाले दुईपल्ट बास्नु अगाडि

पत्रुसले र यूहन्नाले येशूलाई लैजाने भीडलाई केहि बेर पछ्यायो । जब उनीहरू सभाघरको हलमा ल्याइनुभयो । पुजारीले यूहन्नालाई चिने र भित्र जान दिए । यूहन्नाले पत्रुसलाई पनि भित्र लाने अनुमति माग्दा उनीहरूले दिए ।

आँगनमा आगो बलिरहेको थियो, मानिसहरू त्यसलाई ताप्दै थिए । त्यहाँ मिसिएर पत्रुस येशूलाई पक्रिने मानिसमध्येको एक हुन चाहन्थे । तर जब एउटी पत्रुसको अनुहारमा चिन्ता देखिन् उनले सोधिन्, "के तपाईं

उहाँका चेलाहरूमध्ये एकजना होइन ?” पत्रुस छक्क परे, उनको कुरा नबुझे जस्तो उनले गरे । तर उनले सोधिरहिन् ।

अन्तमा पत्रुसले जवाफ दिए, “म उहाँलाई चिन्दिनँ ।” त्यति नै बेला भाले बास्यो । केहि छिनपछि अर्को मानिसले उनलाई सोध्यो, यस समय पत्रुसले किरिया खाए, “म त्यस मानिसलाई चिन्दिनँ ।”

एक घण्टापछि जसको कान पत्रुसले काटेका थिए, उसले सोध्यो, “के मैले बगैँचामा उहाँसँग तिमीलाई देखेको होइन र ? तिनीहरूमध्येको एक हुनुपर्छ तिमी गालिलबाट हौ ।”

उनीहरूलाई छल्नका निम्ति पत्रुसले रिसाएर किरिया खाए, त्यसपछि भने कि म येशूलाई चिन्दैनन् । जब यी शब्दहरू उनका मुखबाट निस्किए भाले फेरि बास्यो । अचानक येशूले भन्नुभएका कुरा पत्रुसले सम्झिए, “भाले दुईपल्ट बास्नु अगाडि तिमीले मलाई तिन पटकसम्म अस्वीकार गर्नेछौ ।”

आफूले यी वचन बोलिसक्दा र भालेले दोस्रो पटक बासिसक्दा पत्रुसको नजर येशूमा पऱ्यो । उहाँ हलमा उभिनुभएको थियो । त्यही समय येशूले फर्केर पत्रुसलाई रिसले होइन तर दया र दुःखसहित हेर्नुभयो ।

येशूको अनुहारको दुखीपनले पत्रुसको हृदयमा भालाले घोचेझैँ घोच्यो । अब उनले उनको हृदयलाई हेर्नुभएको र त्यहाँको कमजोरीपनलाई देख्नुभएको कुरा बुझे । सम्झनाको छाल हृदयमा चल्यो -येशूको प्रेम र धैर्य अनि उनको झूठ र घमण्ड । उनले हेरेकै बेलामा अर्को दुष्ट हात उठ्यो र येशूलाई हिर्कायो । अर्को क्षणको दृश्य हेर्न नसकेर पत्रुस आागनबाट निस्केर अन्धकारतिर लागे । कहाँ जाने निश्चय नभएर उनी हिँड्दै गए, अन्तमा उनले आफैलाई गेथसेमनीको बगैँचामा भेट्टाए । आफूले गरेका सबै कार्यलाई उनी सम्झन थाले । बगैँचा येशूले एक्लै सहनुभएको कष्ट सम्झे आफू प्रार्थना गर्न बिउँझै बस्न नसकेको, येशूले उनीहरू जागा बस्न निवेदन गर्नुभएको येशूलाई इन्कार गरेर उहाँलाई सबभन्दा ठूलो चोट पुऱ्याएको कुरा उनले सम्झे । पत्रुस भुइँमा ढले र मर्न पाए हुन्थ्यो भनी इच्छा गरे । यदि गेथसेमनीको बगैँचामा भएको समयमा प्रार्थनामा बिताएको भए पत्रुसलाई उनको आफ्नै शक्तिमा छोडिने थिएन, उनले येशूलाई जान्नबाट इन्कार गर्ने थिएनन् । यदि गेथसेमनीको बगैँचामा येशूको कष्टलाई उनीहरूलाई देखेका भए उहाँको क्रुसले मृत्युलाई उनीहरू लिन सक्ने थिएन । आउने अँध्यारो घडीका निम्ति आशावान् हुने थिए ।

# येशूलाई फेरि एकपटक दोष लगाइएको

दिनको उज्यालो हुने बित्तिकै सभा बोलाइयो, येशूलाई उनीहरूको अगाडि राखेर उहाँलाई तुरुन्त दोष लगाउन सकेनन् किनकि रातमा उहाँले बोल्नुभएको कुरालाई धेरैले सुनेका थिएनन् ।

"यदि तपाइँ मसीह हुनुहुन्छ भने हामीलाई भन्नुहोस्" उनीहरूले भन्न थाले । तर येशूले केहि भन्नुभएन । उनीहरूले सोधिरहे, अन्तमा उहाँले भन्नुभयो, यदि मैले भने तपाइँहरू विश्वास गर्नुहुन्न । मैले सोधेँ भने तपाइँहरू जवाफ दिनुहुन्न ।" तब उहाँले चेतावनी दिने स्वरमा भन्नुभयो, तर अब मानिसको पुत्र परमेश्वरका शक्तिको दाहिनेपट्टि बस्नेछ ।" लूका २२:६१

यस्तै कुराका निम्ति उनीहरूले आशा गरेका थिए, "तब के तपाइँ परमेश्वरका पुत्र हुनुहुन्छ ?" उनीहरूले सोधे ।

येशूले जवाफ दिनुभयो, "तपाइँहरू नै भन्नुहुन्छ, म उही हुँ ।"

उनीहरूले खोजेको यति थियो । उनीहरू चिच्याए, "अब के गवाहीको आवश्यक्ता पऱ्यो ? हामीले उसको मुखबाट सुन्यौं " यसप्रकार फेरि एकचोटि येशूलाई मर्नुपर्छ भनी दोष लगाइयो । रोमी अधिकारीले सहमत हुनुपर्ने थियो ।

एकचोटि फेरि यहूदी पूजारी र अगुवाहरूले येशूलाई पिटियो, दुर्व्यवहार गरियो । जब न्यायाधीशहरूले मृत्युदण्ड सुनाए, हेर्ने मानिसहरूमा स्वाभाविक क्रोध देखियो । उनीहरू येशूतिर झम्टिए । यदि सुरक्षाकर्मीले बीचमा नरोकेको भए, उहाँ क्रुसको काँटी भोग्ने हुनुहुन्थ्यो त्यहीँ उनीहरूले टुक्रा-टुक्रा पारिदिन्थे ।

रोमी अधिकारीहरूले परमेश्वरका विषयमा केहि जान्दैनथे, उहाँलाई दोषी प्रमाणित नगरीकन यस्तो दुर्व्यवहार गरेकोमा रिसाएका थिए । एउटा मानिसले दिएको गवाही स्वरूप उसलाई मृत्युदण्ड दिनु यहूदी नियम विरुद्ध थियो भनी उनीहरूले भने । तर यहूदी अगुवाहरूमा न ता लाज थियो न दया ।

पूजारी र अगुवाहरूले आफ्नो इज्जतलाई बिर्सेर परमेश्वरको पुत्रलाई सराप्न लागे । मसीह भन्ने मान्छेले डरलाग्दो मरण मर्नुपर्छ भनी उनीहरू चिच्याउन लागे । एउटा पुरानो कोट उहाँको अनुहारमा फ्याँकियो, मानिसहरू चिच्याउन थाले । "तिमी आफै अगमवक्ता हौ भनी प्रमाण गर तिमी मसीह, तिमीलाई कसले हिर्कायो, त्यो हामीलाई भन ।"

स्वर्गदूतहरूले प्रत्येक थप्पड, प्रत्येक शब्दहरू र हेराइहरू लेखे, जुन उनीहरूका पृथ कमाण्डरमाथि हानिएका थिए । एकदिन यसरी उहाँको मुखमा

थुक्ने र कराउने जनले येशूको अनुहारलाई सूर्यको ज्योतिभन्दा बढ्ता गरी चम्केको देख्ने थिए ।

# ७८ यहूदा

*मैले निर्दोष मानिसलाई धोखा दिएर पाप गरेको छु ।*
*मत्ती २७:४*

"मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु"यहूदा कथा एउटा दुःखान्त कथा हो । परमेश्वरमा त्यो महिमित जीवन हुन सकथ्यो । यरुसलेमको यात्रा अगाडि नै ऊ मरेको भए, बाह्रजना चेलाहरूमा ऊ सम्मानित चेला हुने थियो, सबैले उसलाई सम्भिने थिए । यो घटनाले यही देखाउँछ कि जसले पवित्र विश्वासलाई धोका दिएका छन् । उसका निम्ति एउटा चेतावनी स्वरूप यो हुनेछ ।

सिमोनको घरमा भोज खाएको रातमा यहूदासँग समय थियो । तर उसले आफ्नो सोचलाई बदलेन । दासको मूल्यमा उसले संसारको महाराजालाई बेच्यो ।

यहूदालाई सधैं पैसाको लोभ थियो । तर यसरी बेइमान ऊ पहिला भएको थिएन । ऊ लोभी भएको थियो, त्यो लोभ येशूको प्रेमभन्दा बढी थियो । यो एउटा गल्तीद्वारा ऊ पूरा रूपमा सैतानको नियन्त्रणमा रह्यो । येशूलाई पछ्याएको भीडसहितै यहूदाले येशूलाई पछ्याएको थियो । उसले मुक्तिदाताको अचम्मका कार्यहरू, बिरामीहरूलाई निको पारिएको भूतात्मा निकालिएको र मरेकालाई बौराइ उठाउनु भएका घटनाहरू देखेको थियो । येशूका शिक्षाहरू येशूको साथमा आउँदा उसले यस्तै सोचेको थियो ।

येशूले यहूदालाई पर हटाउनु भएन । बाह्र जना नजिकका चेलाहरूको बीचमा उसलाई पनि स्थान दिनुभयो । अरूलाई बिरामी निको पार्ने र भूतात्मा निकाल्न सक्ने शक्ति उसलाई सबभन्दा मनपर्ने कुरा थियो । ऊ असक्त मान्छे बन्न चाहन्थ्यो । तर यहूदाले आफ्नो जीवन येशूमा समर्पण गरेन । शक्ति र पैसाप्रतिको प्रेमलाई उसले छाडेन । प्रभु येशूजस्तो बन्नु भन्दा ऊ अरूको कुरा काट्ने व्यक्ति बन्न पुग्यो । अरू चेलाहरूप्रति यहूदाको बलियो प्रभाव थियो । उसले आफैलाई ठूलो अरू चाहिँ तल्लो वर्गका हुन् भनी सम्भन्थ्यो । उसले भन्ने गर्थ्यो कि उसको पैसाको चलन गर्ने दक्षता नभएको भए नयाँ मण्डलीहरू लाजमा पर्ने थिए । उसको विचारमा ऊ भएको कारण त्यो चेलाहरूको भुण्ड भाग्यमानी थियो ।

येशूले यहूदालाई आफ्ना कमजोरीहरू हेर्ने र त्यसमा सुधार ल्याउने मौका दिनुभयो तर ऊ बदलिएन । मण्डलीका निम्ति आएको पैसाप्रति ऊ सधैँ लोभी थियो । येशूका निम्ति केहि कार्य गर्दा त्यसको पैसा त्यही पैसाबाट लिने गर्दथ्यो । उसको आँखामा त्यो गलत कुरा थिएन तर परमेश्वरको आँखामा यहूदा एक चोट थियो ।

उसको मस्तिष्कमा येशूका निम्ति एउटा उद्देश्य थियो । उसले बप्तिस्मा दिने यूहन्नालाई झ्यालखानाबाट छुटाउने उपाय दिए, तर यूहन्ना जेलमा नै मरे । यदि येशूले चेलाहरू उनीहरूका सोचअनुसार जान दिएको भए धेरै ठूला कार्यहरू गर्न सकिन्थ्यो भनी निश्चयताका साथ उसले सोच्यो ।

जब यहूदी अगुवाहरूले येशूसँग स्वर्गको चिन्ह मागे, यहूदाले येशूले आफैलाई प्रमाणित गर्ने सुनौला अवसर हो भनी सोच्यो । तर येशूले स्वर्गीय चिन्ह देखाउनु भएन । परीक्षण र खेदाइका विषयमा मात्र बोल्नुहुन्छ ? के येशूको नयाँ राज्यमा उसले एउटा शक्तिशाली स्थान भेटाउनेछ ?

## येशूका विरुद्धका कार्य

येशूले यरुसलेममा राज्य गर्नुहुनेछ भन्ने विचारलाई यहूदाले लिइराख्यो । रोमी र माछा सम्बन्धी अचम्म कार्यमा येशूलाई बलजफ्ती लिने र राजा बनाउने विचारमा ऊ नै पहिलो थियो । उसका आशाहरू उच्च थिए, र जब येशूले अस्वीकार गर्नुभएपछि ऊ साह्रै निराश भयो ।

यहूदाका निम्ति येशूले जीवनका रोटीका विषयमा दिनुभएको शिक्षा महत्वपूर्ण सावित भयो । त्यस समय येशूले सांसारिक होइन आत्मिक धन दिइरहनु भएको कुरा देख्यो । येशूले शक्ति र प्रख्यातिका विषयमा चाह गरिरहनु भएको छैन भनी बुझ्न थाल्यो । येशूसँग धेरै नजिकको सम्बन्धमा ऊ रुन चाहँदैनथ्यो । कसरी कामहरू गरिएका थिए ऊ त्यसलाई हेर्न चाहन्थ्यो ।

त्यस समय पश्चात् यहूदाले शंकाका कुरा गर्न थाल्यो जसले गर्दा अरू चेलाहरू द्विविधामा परे । येशूले दिनुभएको सच्चाइमा उसले अरू पदहरू थप्यो जब चाहिँ बिना मतलबको थियो । धेरै धार्मिक र बुद्धिमान् तरिकाले येशूले भन्न नखोज्नु भएको कुरा उसले प्रस्तुत गर्दथ्यो । उसले कुन चाहिँ चेलाले ठूलो ठाउँ पाउने भन्ने विषयमा वादविवाद गर्दथ्यो ।

येशूका निम्ति काम गर्दा यस्ता मानिसको पनि आवश्यकता पर्दछ । यहूदासँगको लक्ष्यलाई राम्रो बनाउने धेरै विचारहरू थिए । यस्ता कुराहरूमा उसले आफैलाई येशूभन्दा बढी बुद्धिमा हुँ भनी सोच्यो ।

## यहूदाको अन्तिम मौका

येशूले दिनुभएको शिक्षामा यहूदाले केहि असहमतका कुरा पत्ता लगाउने कोसिस गर्न थाल्यो । आफ्नो अवस्थामा खुसी नरहन अरूलाई पनि भन्न थाल्यो । सैतानले अरूलाई बहकाउने कार्यमा यहूदालाई प्रयोग गरिरहेको प्रभुले देख्नुभयो । तर यहूदाले सिमोनको घरको भोज बाहेक अरू बेला असहमत भएको थिएन । जब मरियमले येशूको खुट्टामा अत्तरले धोएकी थिइन् त्यस समयमा यहूदाले पहिलो पल्ट लोभ देखाएको थियो । येशूले उसलाई सच्याउनुभएको थियो । यसले उसको घमण्डमा घाइते बनायो र उसले येशूलाई धोका दिने इच्छा अझ मजबुत तुल्यायो ।

त्यसबेलासम्म उसको हृदय पूरा कठोर भइसकेको थिएन । येशूलाई बेच्ने विचार लिइसक्दा पनि उसले पश्चात्ताप गर्न सक्थ्यो । निस्तार चाडका बेलामा येशूले यहूदाको खुट्टा धुनुभयो तर उसले प्रेमको अन्तिम निवेदनलाई टुक्राएको थियो ।

यहूदाले सबै कुरा सोचेको थियो । यदि येशूलाई मर्नुपर्ने नभइदिएको भए उसले धोका दिँदैमा येशूलाई केहि हुने थिएन । ऊ आफै एकदम चलाक भएको उसलाई निश्चित थियो ।

तर उसले येशूले आफैलाई पक्राउन दिनुहुनेछ भनी सोच्न सकेको थिएन । यहूदाले येशूलाई एउटा पाठ सिकाउन चाहन्थ्यो । ऊ येशूलाई अरू आदरसहितको व्यवहार गर्न चाहन्थ्यो । येशूलाई फरिसीहरू र पुरोहितले ढुङ्गा हान्ने प्रयास गरिसकेका थिए, तर येशू उम्कनुभएको थियो । यस समय पनि उहाँले आफैलाई पक्रन दिनुभएन ।

यसकारण उसले येशूलाई बढी कर गर्न थाल्यो । यदि उहाँ साँच्चै मसीह भएको भए मानिसहरूले उहाँलाई राजा बनाउने थिए । यहूदाले उहाँलाई सिंहासनमा बस्न कर लगाउने थियो । यसले उसलाई येशूको नजरमा उच्च तुल्याउनेछ भनेर सोचेका थिए ।

बगैँचामा यहूदाले भीडलाई येशूलाई राम्रोसँग समात्नका निम्ति भनेको थियो । उसले येशू निश्चय नै बन्दी बनाइनुहुने थिएन भनी सोचेको

थियो । यदि अगुवाहरूले उसलाई दोष दियो भने उसले “मैले तिमीहरूलाई भनेको थिइँन र ?” भन्ने थियो ।

मानिसहरूले येशूलाई बाँधेर लगेको देख्दा उसलाई अचम्म लाग्यो । यहूदाले हेरिरह्यो र सोच्यो कि कुनै पनि समय येशू परमेश्वरको शक्तिसित आफ्नो पराक्रम देखाउनुहुन्छ र विजयी हुनुहुनेछ । समय बित्दै जाँदा यहूदालाई आफ्नो मालिकलाई बेचेको भनी सोच्न थाल्यो । जब येशूको परीक्षण सुरु भयो यहूदालाई दोषीपनले पिरोल्न थाल्यो । उसको भनाइ न्यायको हलमा गुन्जिएको जस्तो लाग्थ्यो, कैफास, उहाँलाई छोडिदिनुस्, उहाँ बेकसुर हुनुहुन्छ, यहूदाले भीडलाई चिर्दै अगाडि बढे । उसको पहेंलो अनुहारमा पसिना आइरहेको थियो । ऊ न्याय गर्ने आँगनमा पुग्यो, चाँदीका सिक्का भुइँमा मुख्य पुजारीको अगाडि फ्याँकिदियो । कैफासको कपडा समाते ऊ रुन थाल्यो, “एउटा बेकसुर मानिसलाई तपाईँको हातमा सुम्पेर मैले ठूलो गल्ती गरेँ ।”

कैफासलाई के भन्ने थाहा भएन । पुरोहितले येशूलाई पक्रन उहाँका चेलालाई घुस दिएको कुरा प्रस्ट थियो । अन्तमा उसले जवाफ दियो, “त्यो तिम्रो समस्या हो, हाम्रो होइन ।” पुरोहितहरूले यहूदालाई प्रयोग गरे ।

## यहूदाको दु:खद अन्त

त्यसपछि यहूदा येशूको पाउमा परेर आफैलाई बचाउन बिन्ती गर्न थाल्यो । मुक्तिदातालाई थाहा थियो कि परमेश्वरको पुत्रलाई धोका दिएकोमा यहूदालाई भित्रि मनदेखि दु:ख लागेको थिएन । तर उहाँले यहूदालाई दोष लगाउनुभएन । उहाँले दयासाथ उसलाई हेर्नुभयो र भन्नुभयो “यसैका निम्ति म संसारमा आएको हुँ ।”

आफूलाई धोका दिने मानिसलाई येशूले गर्नुभएको व्यवहार देखेर मानिसहरू छक्क परिरहेका थिए । उहाँ मानिसहरूमा हुनुहुन्थेन भनी मानिसहरू निश्चित थिए । तर उहाँले किन आफैलाई स्वतन्त्र गर्नुभएन र उहाँलाई पक्रने मानिसलाई दण्ड दिनुभएन ?

यहूदा हलबाट चिच्याउँदै भाग्यो, “अबेर भइसक्यो ।” येशूलाई क्रुसमा टाँगिएको ऊ हेर्न सक्दैनथ्यो । उसको आशारहितको अवस्थामा ऊ बाहिर निस्कियो झुन्डिएर मर्‍यो ।

बेलुकीपख, मानिसहरूले येशूलाई झुण्ड्याएर फर्कदा यहूदाको शरीर एउटा सुकेको रुखमा झुण्डिरहेको भेटाए । उसको वजनले गर्दा घाँटी नेरको

डोरी अलिकति चुँडिएको थियो । येशूको रगत बगाउनेहरूको न्याय भइरहेको थियो ।

# ७८ रोमी परिक्षण

*"यसैका निम्ति म जन्मेको हुँ, र यसैका निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ ।" यूहन्ना १८ :३७*

येशू सुरक्षाकर्मीहरूबाट घेरिएर बाँधिएको अवस्थामा बन्दी सरह उभिनुभएको थियो । रोमी शासकको पिलातस न्याय गर्ने हलमा थियो । हेर्ने मानिसहरूको भीड त्यहाँ थियो । बाहिरपट्टि पूजारीहरू र शास्त्रीहरू थिए ।

येशूलाई दोष लगाएपछि पूजारीहरू पिलातसकहाँ आएर येशूको मृत्युदण्ड दिने विषयमा निश्चित गरे । तर यहूदी अगुवाहरू त्यस हलमा पसेका थिएनन् । उनीहरूको विधिअनुसार उनीहरू त्यहाँ परेका भए अशुद्ध हुने थिए र निस्तार पर्वमा भाग लिन पाउँदैनथे । उनीहरूले बुझ्न सकेनन् कि उनीहरूका घृणाले उनीहरूलाई अशुद्ध बनाएको थियो अथवा उनीहरूले निस्तार चाडको थूमालाई अस्वीकार गरेको कारण त्यो चाडको कुनै उद्देश्य थिएन ।

पिलातसले सहयोगको भावना देखाएका थिएनन् । उहाँ सुतेको ठाउँमा बोलाउनुभएको थियो, छिटै काम सिध्याएर फर्कने उनले निधो गरेका थिए । आफ्नो व्यवहारलाई कडा बनाएर उनी प्रश्न सोध्नुपर्ने मानिसतिर फर्किए ।

पिलातसले धेरै अपराधीहरूसँग व्यवहार गरिसकेका थिए, तर येशूजस्तो भद्र मानिस उहाँकहाँ ल्याइएको थिएन । येशूको अनुहारमा उनले रिस वा डर केहि पनि देखेनन् । उहाँको अनुहारले स्वर्गीय चिन्हहरू देखाए । पिलातसको श्रीमतीले उसलाई गालिलको भविष्यवक्ताको विषयमा भनेकी थिइन् जसले बिरामी निको पार्न सक्थ्यो, मुर्दालाई बौराइ उठाउन सक्नुहुन्थ्यो । अरूबाट पनि येशूका विषयमा उनले सुनेका थिए । यहूदीहरूतिर फर्कंदै उनले सोधे " यो मानिस को हो र तिमीले उसलाई यहाँ किन ल्याएका छौ ?"

"यिनी नासरतका येशू भनिने झूठा व्यक्ति हुन् ।"

पिलातसले फेरि सोधे, "यो मानिसका विरुद्धमा तिमीहरूसँग के के दोषहरू छन् ?"

आफ्नो निर्णयमा प्रश्न गरेकोमा पूजारीहरू रिसाएका थिए । तिनीहरूले भने, "यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पने थिएनौं ।" यूहन्ना १८:३० । पिलातसले अबेर नगरीकन उनीहरूको इच्छा पूरा गरिदिऊन् भनी उनीहरू चाहन्थे । पिलातसले पहिला छिटै निर्णय

गर्दा बेकसुर मानिसहरू पनि परेका थिए । उनलाई दोषी वा बेकसुर मानिस केहि फरक परेन खाली राजनैतिक हिसाबले मद्दत दिने जो हुन्थ्यो । त्यसैमा उनले निर्णय गर्थे । पूजारीले येशूको बयानलाई सुन्दा पनि नसुनीकन मृत्युदण्डको आज्ञा गरून् भनी चाहन्थे ।

येशूको कुनै कुराको पिलातसको ध्यान खिच्न सफल भयो । उनले येशूले लाजरसलाई मृत्युबाट चारदिनपछि उठाएको घटना सम्झे । उहाँलाई निर्णय सुनाउनभन्दा पहिला उहाँको दोषहरूका विषयमा पिलातस जान्न चाहन्थे । यदि तपाईंहरूको निर्णय नै अन्तिम निर्णय हुने भए उसलाई मकहाँ किन ल्याएको ? तिमीहरू आफ्नै नियमद्वारा उहाँको न्याय गर । पिलातसले उनीहरूलाई भने ।

उनीहरूले उहाँको न्याय गरेको र मृत्युदण्ड दिएको कुरा बताए । तर पिलातसको त्यसमा स्वीकार गर्नु जरुरी थियो । नैतिक्तामा कमजोर पिलातसले येशूको बारेमा अरू दोषहरू पत्ता नलगाईकन उहाँलाई अपराधी घोषणा गर्न चाहेनन् ।

पूजारीहरू जालमा परेका थिए । येशू धर्मिक बाधाका रूपमा दोषी हुनुहुन्छ भनी दोष लगाउन सक्तैन थिए किनकि उनले धार्मिक कुरालाई वास्ता गर्दैनथे । रोमीहरूका विरुद्धमा येशू हुनुहुन्छ भन्ने चिन्ह त्यहाँ चाहिएको थियो । त्यसकारण उनीहरूले झूठा गवाही बोलाएर भन्न लगाए । “यस मानिसले आत्मालाई बहकाउँछ, रोमीलाई कर नतिर्न भन्दछ, र आफैलाई मसीह वा राजा भनी भन्दछ ।” उनीहरूसँग अरू दोषहरू थिएनन् । तर आफूहरूले भनेको कुरा पूरा गर्न उनीहरू झूठ बोल्न पनि तयार थिए ।

## पिलातसको दोष चिन्दछन्

यो बन्दीले रोमीको सरकार विरुद्ध कुरा रच्यो भनेर पिलातसको विश्वास गरेनन् । एउटा बेकसुर मानिसको ज्यान लिन खोजिरहेको कुरा उनले बुझेका थिए । येशूतिर फर्केर उनले सोधे के तिमी यहूदीहरूका राजा हौ ?”

येशूले जवाफ दिनुभयो, “तपाईं आफै भन्दै हुनुहुन्छ ।” उहाँले बोल्नुहुँदा घामको प्रकाश परे जस्तै गरेर उहाँको मुहार चम्कियो । येशूका वचन सुनेर कैफासले येशूले स्वीकार गरिरहेको पिलातस आफैले सुनेका छन् भने । पिलातस येशूतिर फर्किए “के तिमीले यी मानिसहरूले झूठा आरोप लगाएको कुरामा केहि भन्नु छ ?” “तिमीलाई के भन्नु छ ?” तर येशूले केहि जवाफ दिनुभएन । आफ्ना वरपर रहेको दोषउपर उहाँ शान्त रहनुभयो ती कुराहरूले उहाँलाई केहि प्रभाव पारेन ।

पिलातस छक्क परिरहेका थिए " के यो मानिस आफ्नो जीवन बचाउन चाहँदैन ?" उनले सोधे । पूजारीले दोष लगाए जस्तो दुष्ट येशू हुनुहुन्न भन्ने उनलाई थाहा थियो । उनले भीडको अघितिर येशूलाई राखेर सोधे ।

"के तिमी यहूदीहरूका राजा हौ ?"

पिलातसको मनमा पवित्र आत्माले काम गर्न लाग्नुभएको कुरा येशूले बुझ्नु भयो । उहाँले भन्नुभयो, यो तपाईँको आफ्नो विचार हो, अरू कसैले मेरो बारेमा भनेको हो ?"

येशूले के भन्न लाग्नुभएको हो भन्ने कुरालाई पिलातसले बुझे । तर आफूले व्यक्तिगत रूपमा येशूमा चासो लिएको कुरा उनीहरू भन्न सक्तैनथे । "म यहूदी होइन उनले जवाफ दिए, तिम्रा आफ्नै मानिसहरूले र अगुवाहरूले मलाई तिम्रो जिम्मा लगाए । तिमीले के गल्ती गरेका छौ ?"

येशूले पिलातसलाई सिकाउन कोसिस गर्नुभयो । उहाँले भन्नुभयो "मेरो राज्य यस संसारमा होइन । यदि यस्तो हो भने मेरा सेवकहरूले यहूदीबाट मलाई छुटाउन लडाइँ गर्ने थिए । मेरो राज्य अर्कै ठाउँमा छ ।"

पिलातसले सोधे, "तिमी राजा नै हौ त ?"

येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईँ नै भन्नुहुन्छ । यसैका निम्ति म जन्मेको हुँ र यसैका निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ । प्रत्येक जो सत्यको पक्षमा छ त्यसले मेरो स्वर सुन्छ ।" यूहन्ना १८:३७ येशूले सत्यको वचन ग्रहण गर्नाले मात्र उसको बांगो चरित्र सिधा हुन सक्थ्यो भनी जानोस् भनेर चाहनुहुन्थ्यो ।

पिलातस द्विविधामा पर्‍यो । उसको हृदयमा त्यो सत्यता के हो भनी उनी जान्न चाहन्थे । "सच्चाइ के हो ?" उसले सोधे तर त्यसको जवाफलाई उनले पर्खेनन् उनले भने "म यो मानिसमा केहि दोष भेट्टाउँदिनँ ।"

जब पूजारीहरूले यो सुने उनीहरू निराश भएर पागल जस्तै भए । येशूलाई बचाउनुको सट्टा उनीहरू आफ्नै हातले टुक्रा-टुक्रा पार्न चाहन्थे । उनीहरूले पिलातसलाई गाली गर्न थाले । रिसाएको भीडले चिच्याउन थाल्यो, "उसले मानिसलाई भाँड्छ ।"

यो समयमा पिलातसले येशूलाई दोषसम्म पनि लगाएनन् । यहूदीहरूले येशूलाई घृणाको कारण र डाहको कारण खेदो गरिरहेको कुराउनले बुझेका थिए । येशूलाई छोडिदिनु न्यायको पक्ष थियो । तर पिलातसलाई थाहा थियो उनले यसो गरे भने यहूदीहरू उनको विरुद्धमा उठ्ने थिए । येशू गालिलका हुन् भन्ने सुनेर उनले त्यो जिल्लाको बडाहाकिम हेरोद कहाँ त्यो केस पठाउने निधो गरे । यसो गर्नाले हेरोदको जिम्मामा त्यो केस हुनेछ र उनको र हेरोदको बीचको झगडा पनि अन्त्य हुने थियो ।

# हेरोदको दरबारमा

भीडको साथमा येशू बाहिर सडकमा ल्याइनुभयो र हेरोद बसेको दरबारमा लगिनुभयो । हेरोद उही राजा थिए जसले बप्तिस्मा दिने यूहन्नालाई मारेको थियो । येशूलाई देखेर ऊ खुसी भयो । येशूको विषयमा उसले धेरै कुरा सुनेको थियो, येशूका अचम्मका कार्य ऊ हेर्न चाहन्थ्यो । जब हेरोदले पहिला येशूको विषयमा सुन्यो, उहाँलाई बप्तिस्मा दिने यूहन्नाबाट सुनेका थिए, उसलाई बप्तिस्मा दिने यूहन्ना त बौरी उठेका होइनन् भन्ने डर लाग्यो । अहिले एउटा अगमवक्तालाई बचाएर यूहन्नाको मृत्युको कुरालाई शान्त गराउन चाहन्थे । छुटकारा पाउनका निम्ति येशूले जे पनि मान्नुहुनेछ भनी हेरोदलाई विश्वास थियो ।

जब मुक्तिदातालाई भित्र ल्याइयो पूजारीहरूले येशूका दोषहरूका विषयमा कुरा गर्न थाले । तर हेरोदले तिनीहरूलाई शान्त रहन आदेश दिए । येशूलाई बन्धनमुक्त गर्न पनि आदेश दिए । हेरोदले येशूसँग प्रश्नहरू सोध्न थाले तर येशू चुपचाप रहनुभयो । राजाको आज्ञामा बिरामीहरू लंगडाहरू ल्याइए येशूले निको पार्न सक्नुहुन्छ भनी प्रमाणित गर्न भने येशूले कुनै प्रतिक्रिया देखाउनुभएन । हेरोदले कर गरिरहे, “हामीले सुनेअनुसारको शक्ति तिमीसँग छ भनि प्रमाणित गर ।”

तर परमेश्वरका पुत्रले मानिसको चरित्र अपनाउनुभएको थियो, जे कुरा मानिसले गर्न सक्थ्यो त्यसलाई मात्र उहाँले गर्न सक्नुहुन्थ्यो । आफैलाई कष्ट र बेइज्जतबाट बचाउन उहाँले कुनै अचम्मको कार्य गर्नुहुने थिएन ।

हेरोदले प्रतिज्ञा गरेकि एउटा मात्र अचम्मको कार्य येशूले गर्नुभएमा उहाँलाई छोडिने थियो । येशूले गर्नुहुने भनी यहूदीहरू डराएका थिए । उहाँले गर्नु भएमा उनीहरूका योजनाहरू नाश हुने थिए, येशूको बदलामा उनीहरू मर्नु पर्नेसम्म हुनसक्थ्यो । उनीहरू कराउन थाले, “ऊ देशद्रोही हो, परमेश्वरको निन्दा गर्ने हो । सैतानको शक्तिमा उसले अचम्मका कार्यहरू गर्दछ ।”

हेरोदले जब उसकी स्वास्नीको भनाइमा लागेर यूहन्नाको टाउको काट्ने आज्ञा गरे त्यही समयदेखि नै उनको मस्तिष्कले केहि सोच्न सकेको थिएन । उसको विचारहरू बदलिएका थिए नैतिक्ता गिरेको थिएन । यूहन्नालाई मारेको कुरा घमण्डसाथ लिने गर्दथ्यो । येशूले प्रतिक्रिया देखाउनुभएन भने उहाँलाई मार्ने धम्की दिन थाल्यो । येशूले उसका भनाइलाई नसुनेजस्तो गरी टारिदिनु भयो ।

येशूको चुपचापले भएर उभेका देखेर उसलाई रिस उठायो । येशूले हेरोदको आदर नगरेको जस्तो उसले बुझ्यो । फेरि एक पल्ट येशूलाई मार्ने

धम्की दियो । येशू चुपचाप रहनुभयो । येशूका कार्यले कसैलाई मनोरञ्जन पुऱ्याउनुपर्ने थिएन । यदि उहाँका बोलीको कुनै रोगी निको पार्ने भए उहाँ बोल्नु हुनेथियो । हेरोदले यूहन्नाका वचनहरू मानेका थिएन । यसलाई अरू कुरा देखाइने थिएन । मुक्तिदाताको आवश्यक्ता महसुस नगर्ने यस्तो घमण्डी राजालाई येशूसँग केहि शब्दहरू थिएनन् ।

हेरोद रिसले रातो भयो । उसले भन्यो, "यदि तिमी आफू को हौ भन्ने प्रमाणित गर्दैनौ भने म तिमीलाई सिपाहीहरूको भीडमा सुम्पिदिनेछु । तिमी घमण्डी छौ र मृत्युदण्डका लागि योग्य छौ । यदि तिमी परमेश्वरका छोरा हौ भने केहि चमत्कारको काम गरेर आफैलाई बचाऊ ।" त्यसै समयमा भीड जंगली जनावर जस्तै गरेर उहाँ माथि जाइलाग्यो । भीडले येशूलाई लछारपछार गऱ्यो, हेरोद उनीहरूसँग मिसियो । रोमी सिपाहीहरू बीचमा नआएका भए येशूलाई उनीहरूले टुक्रा-टुक्रा बनाउँथे । हेरोदले सिपाहीहरूलाई एउटा कपडा येशूको काँधमा राख्न लगाए । यहूदी गुरुहरूसँग मिलेर येशूलाई एकदम नराम्रो दुर्व्यवहार गरे । तर येशूले अझै केहि बोल्नुभएन ।

उहाँलाई खिल्ली उडाउन आएका मानिसहरू चुपचाप फर्केर गए । हेरोदले पनि आफ्नो पिठ्यू फर्कायो । उसको हृदयमा ईश्वरीय अनुग्रहको अन्तिम किरण चम्किरहेको थियो । येशूको अनुहारमा ईश्वरीय प्रकाश देखेर हेरोदले स्वयं परमेश्वर सिंहासनमा बसेको जस्तो देखे । येशूलाई मृत्युदण्ड दिने उनको योजना पूरा गर्ने साहस उनमा रहेन । बरु उनले येशूलाई रोमी न्यायलयमा न्याय गर्न फिर्ता पठाए ।

## पिलातसका सामु अन्तिम परीक्षण

येशूलाई फर्काएर ल्याएको देखेर पिलातस निराश भए । येशूलाई निर्दोष पाएको कुरा फेरि उनले मानिसलाई सम्झना गराए । उनीहरूको देशको राजाले येशूलाई अभियोग लगाएका थिएनन् । "म उनलाई दण्ड दिन्छु र छोडिदिनेछु" उनले भने ।

तर यसो गर्दा पिलातसको कमजोरी देखिने थियो । येशू निर्दोष भएको कुरा उनलाई थाहा थियो तर यहूदीहरूलाई खुसी पार्न येशूलाई केहि कोर्रा लगाइ छोडिदिन उनी राजी थिए । यदि पिलातसले आफ्नो भनाइमा दरो भएका भए र निर्दोष व्यक्तिलाई दण्ड नदिएका भए उनको जीवनमा आइपर्ने पछुतावबाट उनी स्वतन्त्र हुने थिए । येशूले मर्नु नै पर्ने थियो तर त्यो दोष पिलातसमा आउने थिएन तर पूजारीहरू र अगुवाहरूको दवाब धेरै थियो, त्यसको सामु उनी असहाय थिए ।

पिलातसलाई स्वर्गबाट मद्दत गरिएको थियो । स्वर्गदूतले उसकी श्रीमतीलाई रातमा चिन्ह दिएको थियो । पिलातसकी श्रीमती यहूदी थिइनन् । येशूलाई उनले येशूलाई कोर्रा लगाएको र "म उहाँमा दोष देख्तिनँ भनेर पिलातस को हो भनेको सपना देखिन् । उनले येशूलाई हत्याराको जिम्मा लगाएको कुरा देखिन् । उनले क्रुसलाई अचम्मको अँध्यारोमा देखिन् र "अब सिद्धियो" भनी भनिएको कुरा देखिन् । त्यसपछि येशू सेतो बादलमा बसेको र उहाँका हत्याराहरू चाहिँ उहाँको महिमाबाट उम्कन खोजेको देखिन् । यस्तो डरलाग्दो घटनाबाट उनी डराएर उठिन् र यही समाचार हेरोदलाई लेखी पठाइन् ।

संवादवाहकले पिलातसलाई श्रीमतीकहाँ समाचार पुर्‍यायो, " त्यो निर्दोष मानिसलाई केहि नगर्नू, मैले उसको विषयमा नराम्रो सपना हेरेकीको छु" पिलातसको अनुहार पहेंलो भयो । उसका आफ्नै विचारले उसलाई विचलित बनाएको थियो । उनले अबेर गरेको देखेर पूजारीलाई रिस र आवेग भीडमा बढिरहेको थियो । यहूदीहरूको चलनअनुसार येशूलाई छोड्न सकिने उपायका विषयमा उनले सोचे । निस्तार चाडका समयमा यहूदी बन्दीको एक जवान जेलबाट छोडिन सकिन्थ्यो । रोमीहरूको अधीनमा बरब्बास भन्ने कैदी मृत्युदण्डका निमित्त बन्दी थियो । बरब्बास धार्मिक नेता मानिन्थ्यो जसले रोमी राज्य पन्छाउन खोजिरहेको थियो तर वास्तवमा ऊ एउटा अपराधी थियो जसले अर्काको धनमा डाँका गरेर धनी बन्न चाहेको थियो ।

चोर र एउटा बेकसुर मानिसमा कसलाई छान्ने भन्ने बाटो दिएर उनले आफूलाई चोखो बनाउन खोजे । उनले जोडले आफ्नो प्रश्न दोहोर्‍याएर तिमीहरू कसलाई छोड्न चाहन्छौ ? बरब्बास कि येशूलाई जसले आफैलाई मसीह भनेको छ ?"

जंगली जनावरहरू एकै स्वरमा चिच्याए जस्तै उनीहरू चिच्याए "बरब्बासलाई छोडिदिनुहोस् ।"

उनीहरूले प्रश्न राम्रोसँग बुझेनन् होला भनेर पिलातसले आफ्नो प्रश्न फेरि दोहोर्‍याएर "के म यहूदीहरूका राजालाई छोडिदिऊँ ।"

भीड अझ् उत्तेजित भएर चिच्यायो, यो मानिसलाई लैजानुहोस् र बरब्बासलाई छोडिदिनुहोस् ।"

पिलातसले कराएर सोधे, "तब मसीह भनिने येशूलाई चाहिँ के गर्ने ? मानिसको अवतारमा राक्षस पसेजस्तै गरेर उनीहरू चिच्याए "उसलाई क्रुसमा झुण्ड्याउनुस् ।"

यस्तो होला भनेर पिलातसले कहिल्यै सोचेका थिएनन् ।

"किन उसले के गल्ती गरेको छ र ? उनले सोधे । तर कसैले पनि न्याय संगतको जवाफ दिन सकेन । पिलातसले एकपल्ट फेरि येशूलाई बचाउने कोसिस गरे । उनले फेरि सोधे, "उसले के गल्ती गरेको छ र ?"

यसले भीडलाई अरू उत्तेजित पाऱ्यो, उनीहरूले ठूलो स्वरले कराए "उसलाई क्रुसमा टाँग, उसलाई क्रुसमा टाँग ।"

पिलातसले येशूलाई कोर्रा लगाउने हुकुम दिए । कमजोर येशूका शरीरमा कोर्राका चोटहरू थिए, यस्तो अवस्थामा उहाँलाई सिपाहीहरू भएको ठाउँमा पुऱ्याए । काँडा भएको हाँगा काटेर उनीहरूले श्रीपेच जस्तो बनाएर उहाँको शिरमा राखिदिए । वैजनी रंगको लुगा उहाँलाई लगाउन दिए खिसी गर्दै भने "हेर, यहूदीहरूका राजा" उनीहरूले उहाँको गालामा हिर्काए, मुखमा थुके । बेलाबेलामा उहाँलाई काँडाको मुकुटलाई उनीहरूले मिलाउन खोज्थे जसको कारणले गर्दा उहाँको अनुहार भरि रगत बगिरहेको थियो ।

रिसाएको भीडले संसारको तारणहारलाई घेऱ्यो । गिल्ला गर्दै र खिल्ली उडाउँदै उहाँलाई सराप्न र ईश्वरको नाममा दोष लगाउन थाले । सैतानले त्यो भीडलाई अगुवाइ गरिरहेको थियो । उसको उद्देश्य येशूले आफूलाई केहि चमत्कार गर्नु हुनेछ भन्ने थियो । एउटा मात्र पाप, एउटा पतन त्यसपछि मानिसको उद्धारको उपाय असफल हुने थियो । तर येशूले यो सबैलाई शान्तसँग सहनुभयो ।

येशूका शत्रुले उहाँबाट चमत्कार कार्य खोजेका थिए । उनीहरूले खोजेको सबभन्दा ठूलो प्रमाण उनीहरूसँग थियो । यस्तो अवस्थामा उहाँले देखाउनु भएको धैर्यता, विनम्रताले परमेश्वरसँग उहाँको सम्बन्धका विषयमा बताएको थियो । येशू आफ्नो इच्छामा विश्वासीलो भएको देखेर सैतान एकदम रिसायो ।

येशूलाई पिटेर भीड शान्त हुनेछ भनी पिलातसले आशा गरेका थिए । उनीहरूले अझ् पितिरहन प्रेरित गरे ।

पिलातसले बारब्बासलाई ल्याएर येशू सँगै उभ्याए । मुक्तिदातातर्फ देखाउँदै उसले भन्यो, "यो मानिसलाई हेर,"परमेश्वरको पुत्र त्यहाँ उभिनुभएको छ । उहाँको शरीरबाट रगतको धारा बगिरहेको छ । उहाँको अनुहारमा चोटका चिन्हहरू भए तापनि उहाँको मुहार सुन्दर देखिन्छ । उहाँको अनुहारमा आफ्ना शत्रुमाथि दयाका भावनाहरू छ । उहाँको पिडाको अवस्थामा पनि उहाँले शक्ति र साहस देखाउदैहुनुहुन्छ ।

उहाँको नजिकै उभिएको अर्को बन्दीको अवस्था चाहिँ छुट्टै थियो । जसको अनुहारमा कडापन थियो । ती दुईको भिन्नता सबैले देखेका थिए । येशूको अवस्था देखेर भीडका धेरै मानिसहरू रुन थाले । पूजारीहरू र

गुरुहरूले पनि यही कुरालाई मानिदिए कि येशूले आफ्नो बारेमा बोल्नुभएको कुरा साँचो थियो ।

येशूलाई घेरेर बसेका सिपाहीहरू सबै कठोर मन भएका थिएनन् । उनीहरूले दयासाथ येशूलाई हेरे । उनीहरूले यो दृश्यलाई कहिल्यै बिर्सेनन् । धेरैले येशूलाई पछ्याए, उहाँलाई अस्वीकार गर्ने मानिसहरू पनि त्यहाँ थिए ।

पिलातसले येशूलाई बारब्बासको नजिक देखेर यहूदीहरूबाट सहानुभूति पाउनुहुनेछ भनी सोचेका थिए । पूजारीहरूले येशूलाई गरेको घृणाको विषयमा उनले बुझ्न सकेका थिएनन् । एक चोटि फेरि पूजारी र अगुवाहरूको भीडले चिच्याएर भने, "उहाँलाई क्रुसमा टाँग, क्रुसमा टाँग ।"

अन्तमा अधैर्य भएर दिग्दार भएर उनी कराए, "येशूलाई लिएर जाऊ र क्रुसमा टाँग । उहाँको विरुद्धमा मैले केहि दोष देखिनँ ।"

पूजारीहरूले भने, "यसले परमेश्वरको पुत्र हुँ भनेको छ, यसका निम्ति मृत्युदण्डको कानून हामीसँग छ ।"

यो सुनेर पिलातस छक्क परे, उनको अघि उभिएको मानिस परमेश्वर हुन सक्थ्यो भनी उनले सोचेको पनि थिएन । उनी फेरि येशूतिर फर्किएर सोधे " तिम्रो घर कहाँ हो ?" येशूले जवाफ दिनुभएन । उहाँले पिलातसलाई आफू र आफ्नो लक्ष्यका विषयमा भनिसक्नुभएको थियो । पिलातसले सच्चाइलाई वास्ता गरेका थिएनन् ।

येशू चुपचाप भएको देखेर पिलातसले घमण्डसाथ भने, "तिमी मलाई जवाफ दिँदैनौ ? तिमीलाई टाँग्ने शक्ति मसँग छ भनी के तिमीलाई थाहा छैन ?"

येशूले जवाफ दिनुभयो, तपाईंलाई माथिबाट नदिएको भए, ममाथि तपाईंको केहि अधिकार हुने थिएन । यसकारण मलाई तपाईंको हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ ।" यूहन्ना १९:११ । येशूले कैफासका विषयमा कुरा गर्दै हुनुहुन्थ्यो, जसले यहूदी राष्ट्रको प्रतिनिधित्व गरेका थिए । उनीहरूसँग मसीहका सम्बन्धमा भविष्यवाणी थिए । येशूले जे गर्दै हुनुहुन्थ्यो त्यसमा अगुवाहरूमा ठूलो उत्तरदायित्व थियो । पिलातस, हेरोद र रोमी सिपाहीहरूले येशूको विषयमा जानेका थिएनन् । यहूदीहरूले जाने जति यदि उनीहरूले येशूलाई चिनेका भए, उनीहरूले येशूसँग त्यस्तो व्यवहार गर्ने थिएनन् ।

एकचोटि फेरि येशूलाई छोडिदिने विचार पिलातसले गरे । तर यहूदीहरू कराए, "यदि यसलाई छोडिदिनुहुन्छ भने तपाईं सिजरका मित्र हुनुहुन्न ।" यहूदीले जस्तो रोमी शक्तिमाथि घृणा अरू कसैले गर्दैनथे । तर येशूबाट छुटकारा पाउनका निम्ति उनीहरू रोमी शक्तिसँग मिल्न खोजे । "जसले आफैलाई राजा बनाउँछ र ऊ सिजार विरुद्ध हो ।

पिलातस रोमीबाट शंकाको दृष्टिले हेरिएका थिए । केहि अर्को व्यक्ति राजा बने भन्ने समाचार उनका निम्ति दुःखद समाचार थियो । पिलातसले अन्तिम पटक येशूलाई यसो भन्दै प्रस्तुत गरे, "हेर तिमीहरूका राजा ।" फेरि भीड करायो "उसलाई लैजाऊ र क्रुसमा टाँग ।"

उनीहरूको अवाज हल भरी गुञ्जियो । पिलातसले सोधे, "के तिमीहरूको राजालाई म क्रुसमा टाँगू ।"

भीडको अशुद्ध मुखहरूबाट एउटै आवाज आयो, "हाम्रो राजा सिजार मात्र हुन् । अन्य जातिको राजा चुनेर यहूदीहरूले परमेश्वरलाई आफ्नो राजा हुनबाट हस्वीकार गरेका थिए । त्यसपछिबाट सिजार उनीहरूको राजा भए । पूजारीहरू र गुरुहरूले त्यो कुरा गर्न लगाएका थिए र जुन भविष्य हुने थियो, त्यसको जिम्मेवार तिनीहरू नै थिए ।

जब पिलातस आफूले केहि गर्न नसक्ने देखे, भीड बढिरहेको थियो, यो देखेर उनले एउटा भाँडोमा पानी ल्याउन लगाए, र आफ्नो हात सबैका अगाडि धोएर भने, "यिनको रगतको पापबाट म निर्दोष छु । तिमीहरू चाहन्छौ भने क्रुसमा झुण्ड्याओ, तर उनी निर्दोष छन् भनी म भन्दछु । उसले मानेको परमेश्वरले तिमीहरूलाई न्याय गरून् ।" येशूलाई फेरि पिटेर क्रुसमा टाँग्नका निम्ति पठाए ।

पिलातसले येशूलाई बचाउन चाहन्थे तर उहाँलाई बचाएर आफ्नो स्थान सुरक्षित राख्न सकेनन् । आफ्नो शक्ति गुमाउनुभन्दा एउटा निर्दोष बलीको स्विकृति दिए । धेरैले आज पनि त्यसै गर्ने गर्दछन् । पिलातसले जे कुरादेखि डराएका थिए, त्यही कुरा हुन आयो । उनको कार्यालयबाट उनी बाहिरिनु पऱ्यो । आफ्नो घमण्डमा दाग लागेको दुःखी र घाइते पिलातसले येशूको मृत्युपछि आत्महत्या गरे । जब पिलातसले येशूको रगतको दोषी म छैन भने कैफासले उत्तर दिएका थिए, "उसको मृत्युको जिम्मेवार हामी र हाम्रो सन्तान हुनेछन् ।" त्यही कुरालाई भीडले दोहोऱ्याएका थिए ।

इस्रायली जातिले मसीहलाई अस्वीकार गरे र बदलामा एउटा हत्यारा र चोरलाई चुने । यसो गर्दा उनीहरूले सैतानलाई उनीहरूको अगुवा रोजे । उनीहरू उसको शासनमा थिए । जब उनीहरूले हामी र हाम्रो सन्तान माथि उसको रगत परोस् भनेका थिए, उनीहरूको प्रार्थना सुनियो । उनीहरूको कारण यरुसलेमको नाश भयो ।

ठूलो न्यायको दिनमा त्यो प्रार्थना फेरि सुनिनेछ । येशू हजारौं दूतहरूसहित आउनुहुनेछ । काँडाको मुकुटको ठाउँमा महिमाको श्रीपेच हुनेछ । उहाँको कपडामा राजाहरूका राजा, प्रभुहरूका महाप्रभु हुनेछ ।

ती पूजारी र अगुवाहरू यस्तो दृश्य न्यायको सभामा देख्नेछन् । जे हुनेछन् ती सब आगोका ज्वालाको अक्षरमा लेखिनेछन् । ती प्रार्थना गर्नेहरू

जसले प्रार्थना गरेका थिए, “उहाँको मृत्युका निम्ति हामी र हाम्रा सन्तानहरू जिम्मेवार हुनेछन्..” उनीहरूले सोचेका कुरा पाउनेछन् । डर, शर्ममा उनीहरूको ढुङ्गाहरू र पत्थर उनीहरूमाथि बर्सिउन् भनी प्रार्थना गर्नेछन् ।

# ७८ येशू क्रुसमा मर्नुहुन्छ

*"हे पिता म मेरो आत्मा तपाईंको हातमा सुम्पिन्छु" ।*
*यूहन्ना २३:४६*

येशूलाई मृत्युदण्ड दिइएको कुरा छिटै चारैतर्फ फैलियो, र सबै प्रकारका मानिसहरू क्रुसमा झुण्ड्याउने स्थानतिर जम्मा हुनथाले । यहूदाले येशूलाई धोका दिइसकेको थियो, त्यसकारण येशूका अरू चेलाहरूलाई अरू दुःख दिन चाहेनन् । येशूका धेरै चेलाहरू भीडमा थिए ।

बरब्बास र अन्य दुईजना चोरहरूका निम्ति गरेर तिनवटा क्रुस त्यस दिन तयार पारिएको थियो । बरब्बासका निम्ति तयार पारिएका क्रुस येशूको रगत आइरहेको काँधमा राख्न दिइयो । निस्तार चाडको खानापछि येशूले केहि खान पाउनु भएको थिएन । उहाँलाई धोका दिइएको र कष्टको पीडा उहाँसँग थियो । उहाँलाई अन्नासबाट कैफासमा, कैफासबाट पिलातस, पिलातसबाट हेरोद र हेरोदबाट पिलातसमा पुऱ्याइएको थियो । येशू असफल हुनुभएको थिएन । उहाँले साहसबाट सबै कुरालाई लिनुभएको थियो । तर जब उहाँलाई दोस्रो पटक कोर्रा लगाइयो र उहाँमाथि गह्रौं क्रुस राखियो, उहाँको मानव शरीरले यो सब कष्ट सहन सकेन, उहाँ मुर्छा पर्नुभयो । भीडले उहाँलाई कुनै दया देखाएन बरु क्रुसलाई बोक्न नसकेकोमा उहाँलाई गाली गर्न थाल्यो । सिपाहीहरूले गह्रौं क्रुस उठाएर फेरि उहाँको काँधमा राखिदिए । फेरि येशू भुइँमा ढल्नुभयो । येशूले क्रुस बोक्न नसक्नुभएको देखेर उहाँको क्रुस बोक्न अरूलाई खोजियो । निस्तार चाड अपवित्र होला भन्ने डरले कोही यहुदीले क्रुसलाई छुन चाहेन ।

कुरेनको, सिमोन भन्ने व्यक्ति भीडमा थिए । उनले यो देखेर उनको म पग्लियो । उसलाई सिपाहीहरूले समाते र येशूको क्रुसलाई बोक्न लगाए । सिमोनका छोराहरूले येशूलाई पछ्याएका थिए तर सिमोनले चाहिँ थिएनन् । येशूका निम्ति सिमोनले बोकेको क्रुस उनका निम्ति साँचो बरदान साबित भयो, किनकि उनी त्यस दिन येशूमा विश्वास गर्ने भएका थिए ।

भीडमा येशूलाई पछ्याउने धेरै महिलाहरू पनि थिए । कसैले बिरामी निको पार्न ल्याएका थिए, कोही स्वयं निको पारिए । येशूलाई भीडले घृणा गरेको देखेर उनीहरू अचम्मित भए । येशू ढल्नु हुँदा महिलाहरू रिसाएर पूजारीको वास्ता नराखी चिच्याएर रुन थाले ।

यस्तो दुःखको अवस्थामा पनि येशूले उनीहरूलाई याद गर्नुभयो । तिनीहरूले उहाँ को हुनुहुन्छ र उहाँको बलिदान केका निम्ति हो भनी बुझेका

थिएनन् । तर उनीहरूको प्रेमप्रति आभारी भएर भन्नुभयो, “यरुसलेमका नारीहरू, मेरो निम्ति विलाप नगर, आफ्ना निम्ति र आफ्ना केटाकेटीका निम्ति विलाप गर । लूका २३:३०,३१ । पिताले पापलाई गर्ने घृणा अहिले पुत्रमाथि खनिएको थियो । त्यो भीडमा सम्मिलित हुने धेरै मानिसहरू, उहाँको यरुसलेममा प्रवेश गर्दाको यात्रामा उहाँको प्रशंसाका गीत गाउने मानिसहरू थिए । कोही मानिसहरू जसले पहिला परमेश्वरको प्रशंसा गरेका थिए अहिले रिसाएर उहाँलाई क्रुसमा टाँग भनी चिच्याइरहेका थिए । जब येशू यरुसलेम जानु भएको बेला येशूको नजिक हुन चाहने चेलाहरू अहिले उनीहरूको त्रास महसुस गरिरहेका थिए र बेइज्जत नहुन येशूबाट टाढा भीडमा आफैलाई लुकाइरहेका थिए ।

## येशूकी आमा

मृत्युदण्ड दिने ठाउँमा दुईजना चोरहरू आफूलाई क्रुसमा बोकाउने मानिससँग झगडा गर्न थाले । येशूले कुनै प्रतिकार गर्नुभएन । येशूकी आमा मरियम यूहन्नाको सहारामा येशूलाई पछ्याउँदै कलवरीसम्म आएकी थिइन् । उनी येशूको टाउकोमा हात राखेर उहाँलाई सहानुभूति दिन चाहन्थिन् तर त्यसो गर्न बन्देज थियो । येशूले आफैलाई बचाउनुहुनेछ, भन्ने आशा उनमा थियो । तर मनमा येशूले त्यस घटनालाई भविष्यवाणीमा भनेको कुरा सम्झिइन् ।

जब चोरहरूलाई उनीहरूका क्रुसमा बाँधियो मरियमले सास रोकेर हेरिन् । के जीवनदातालाई पनि त्यसै गरेर बाँधिन्छ । क्रुसमा टाँगिन्छ ? के उहाँ मसीह हुनुहुन्थ्यो भन्ने विश्वासलाई उनले छोडिदिने । उहाँका दुवै हात खस्रो काठमा फैलिएका र काँटी ठोक्न हात उठाइएको उनले देखिन् । जब उहाँका कोमल हातमा किला ठोकिन लाग्यो, उनी बेहोस भइन्, चेलाहरूले उनलाई लिएर गए ।

## मुक्तिदाताको बलिदान

येशू रुनुभएन, तर उहाँको निधारमा ठूलाठूला पसिनाका थोपाहरू देखियो । कसैले उहाँका पसिना पुछेछन्, तर सहानुभूतिका शब्दहरू उहाँमा बोलिए । सिपाहीहरूले त्यस्तो निष्ठुर कार्य गरिरहँदा येशूले प्रार्थना गर्नुभयो, “पिता यिनीहरूलाई माफ गरिदिनुहोस् । यिनीहरू के गरिरहेका छन् सो यिनीहरूले बुझ्दैनन्” येशूले आफूलाई त्यस्तो निर्दयसाथ बर्ताव गर्ने सिपाहीहरूलाई सराप्नुभएन । पूजारी र अगुवाहरूलाई बदला लिन्छु भनी भन्नुभएन । उहाँले प्रार्थना मात्र गर्नुभयो, किनकि तिनीहरू के गर्दैछन् भन्ने

उनीहरूले बुझेका थिएनन् । तर तिनीहरू दोषी थिए । उनीहरूले येशूबाट सिकेर आफ्नो मुक्तिदातालाई मान्न सक्थे । कसैले आफ्ना पाप मानिलिए पश्चात्ताप गरे र बदलिएको जीवन पाए । अरूले भनेर पश्चात्ताप गरेनन् । तर परमेश्वरको योजना पूरा भएको थियो । येशूले पिताको अगाडि सबै मानिसको प्र्रीतिनधित्व गर्नुभएको थियो ।

येशूले आफ्ना सुरुदेखि अन्तसम्मका सबै पापीहरूका निम्ति प्रार्थना गर्नुभयो । येशूलाई क्रुसमा चढाउने पाप हामी सबैमा छ । तर सबैका निम्ति क्षमा दान छ । येशूलाई काँटी लगाइसकेपछि बलिया मानिसद्वारा त्यो उठाइयो र पत्थरको प्वालमा यसलाई खसालियो, येशूलाई साह्रै दुख्यो । तब यहुदीहरूका राजा नाजरथका येशू" भनेर लेखिएको एउटा सानो बोर्ड येशूको टाउको माथि राखियो ।

यसले यहुदीहरूलाई रिस उठायो । तिनीहरूले सिजारलाई राजा मानेका थिए । त्यो चिन्हले यही बतायो कि इस्रायलमा जो राजा हुँ भनी आउँछ उसलाई मृत्युदण्ड दिइनेछ ।

येशूलाई मार्नका निम्ति उनीहरूले आफ्नै पहिचान गुमाएका थिए । तर यी शब्दहरू बदल्न पिलातसलाई उनीहरूले अनुरोध गरे, "यस मानिसले भन्दछ" यहुदीहरूका राजा हुँ ।

पिलातस आफैसँग रिसाएका थिए, उहाँले जवाफ दियो, "मैले जे लेखेँ, "सो लेखेँ" जसले त्यहाँ लेखेका परमेश्वरले उसको हातलाई अगुवाई गरेको थियो । धेरै ठाउँहरूबाट मानिसहरू येरुसलेममा आएका थिए, येशू नै मसीह हुनुहुन्छ भन्ने कुरालाई उनीहरूले देखे र बुझे । धेरै मानिसहरू अगमवक्ताको वचन पढ्न थाले ।

जब येशूले क्रुसमा दुःख पाउनुभयो धेरै अगमवाणीहरू पूरा भएका थिए । भजनसंग्रहमा भनिएको छ कि मसीहका हात र खुट्टामा प्वाल पारिनेछ, अरूहरूले उहाँको वस्त्रलाई जुवामा हाल्नेछन् । मर्ने मानिसका कपडाहरू त्यहाँका सिपाहीहरूलाई दिइन्थ्यो येशूको कपडालाई सिपाहीहरूले चिट हालेर कसले लिने भनी निर्णय गरे ।

अर्को अगमवाणी भनिएको थियो कि कष्टमा रहेको मसीहलाई सिर्का पिउन दिइनेछ । क्रुसमा चढाएर मृत्युदण्ड दिनेहरूलाई सिर्का दिइन्थ्यो जसले गर्दा उसलाई लठ्ठ पार्दथ्यो, कडादुखाइको महसुस उसले गर्ने थिएन । तर जब येशूले त्यसलाई चाख्नुभयो, उहाँले त्यो पिउन अस्वीकार गर्नुभयो । परमेश्वरमा ध्यान बनाइराख्न उहाँको मन सफा हुनु आवश्यक थियो । मस्तिष्क धमिलो भएमा सैतानले मौका लिन सक्थ्यो ।

मर्न लाग्नुभएको मुक्तिदातालाई गिल्ला गर्न यहुदी पूजारी भीडसँग अगाडि बढे । "यदि तिमी परमेश्वरका पुत्र भए तल आऊ ।" उनीहरू चिच्याए "यदि ऊ मसीह भएको भए उसले आफैलाई बचाओस् ।" सैतान र उसका दूतहरू

मानिसको भेषमा त्यहाँ थिए र भीडलाई उक्साइरहेका थिए । सब चुपचाप थियो, कसैले पनि येशूका निम्ति बोलेन । उहाँ एक्लै कष्ट सहनुभयो । उहाँले पूजारीले भनेको कुरा सुन्नुभयो, "यदि यिनी साँच्चै मसीह हुन् भने क्रुसबाट तल आऊन्, तब हामी उहाँलाई विश्वास गर्नेछौँ ।" येशू क्रुसबाट आउन सक्नुहुन्थ्यो, तर उहाँले आफैलाई बचाउनुभएन, यसकारण पापीहरूले क्षमादान पाउने मौका छ ।

## चोरले विश्वास गर्छ

येशूलाई क्रुसमा एउटा कुराले सान्त्वना दिएको थियो, पश्चात्तापी चोरको प्रार्थना त्यो थियो । दुवैपट्टिका चोरहरूले पहिला त येशूलाई खिल्ली उडाएका थिए । आफ्नो दुखाई बढ्दै जाँदा एउटा चोरले पश्चात्ताप गर्‍यो । उसले येशूले शिक्षा दिएको देखेको थियो । तर पूजारीहरूले येशूलाई नभेट्न कडा आज्ञा उसलाई दिएका थिए ।

क्रुसमा रहनुभएको येशूलाई धार्मिक अगुवाहरूले येशूलाई गिल्ला गरेको उसले देख्यो । सँगैको चोर साथी कराएको उसले सुनेको थियो, "यदि तपाईं मसीह हुनुहुन्छ भने आफैलाई र हामीलाई बचाउनुहोस् ।" ऊ यस निश्चित  थियो कि उहाँ नै मसीह हुनुहुन्छ । त्यस चोरपट्टि फर्केर उहाँले भन्नुभयो तिमीले परमेश्वरको डर मान्नु पर्ने, तिमीले पनि उहाँले जस्तै दुःख पाइरहेका छौ ।

हामीहरूले त आफ्नो कार्यअनुसार ठीक सजाय भोगिरहेका छौँ तर यी मानिसले त कुनै खराबी गरेका छैनन् ।"

जब उसलाई दोषी मानेर पक्रियो, उसले सबै आशा छोडिदिएको थियो तर अहिले नम्र प्रकारका विचारहरू उसको मस्तिष्कमा आउन थाले । पवित्र आत्माले उसमा काम गर्न सुरु गर्नुभएको थियो । आफू क्रुसमा टाँगिएको र गिल्ला गरिएको भए तापनि उसले येशू परमेश्वरको थुमालाई देख्यो । आशा लाग्दो दुःखित स्वरमा उसले भन्यो, "प्रभु जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ त्यसबेला मलाई सम्झनुहोस् ।"

छिटै नै प्रेम र शक्ति मिसिएको आवाजमा उसले उत्तर पायो । "आज म तिमीलाई साँच्चै भन्दछु तिमी मसँग मेरो साथमा हुनेछौ ।"
येशूले आफ्ना चेलाहरूलाई विश्वासका केहि शब्दहरूका आशा गर्नुभएको थियो । तर उहाँले शंका मात्र सुन्नुभयो ।" उहाँ हामीलाई बचाउनु हुनुहुन्छ भनी हामीले विश्वास गर्‍यौँ ।" सँगै मर्ने विश्वासी चोरका वचनले येशूलाई उत्साह बढाइदियो ।

ती विश्वासका वचनले अरूको ध्यान आकषर्ण सफल भयो । सिपाहीहरूले उसका कुरा सुने । उहाँले बोल्नुहुँदा चम्किलो ज्यातिले बादल

छेडे जस्तो गरी चम्कियो । बेइज्जतमा रहनुभएको येशू महिमित हुनुभयो । स्वर्गले उहाँलाई पापीको पाप उठाइ लाने भनी मान्यो । मानिसहरूले उहाँको वस्त्र निकाल्न सक्थे तर उहाँको क्षमा गर्ने शक्तिलाई लैजान सक्तैनथे ।

येशूले त्यो चोर त्यसै दिन स्वर्गमा हुनेछ भनी भन्नुभएको थिएन, उहाँ आफै पनि त्यही दिन स्वर्गमा जानु भएको थिएन । पुन:उत्थान भएको बिहान उहाँले भन्नुभयो, "म मेरो पिताकहाँ अझ गएको छैन ।" तर प्रतिज्ञा भने त्यही दिन गरिएको थियो । पाप क्षमा गरिएको चोर येशूसँग स्वर्गमा हुनेछ ।

येशूलाई दुई चोरहरूको बीचमा राखेर यही देखाउन खोजिएको थियो उहाँ ठूलो अपराधी हुनुहुन्थ्यो । यो पूजारीको निवेदनमा गरिएको थियो । तर यसै प्रकारले मर्दै गरेको संसारको बीचमा उहाँका क्रुसलाई राखिएको थियो । उहाँले चोरलाई दिनुभएको क्षमादानको बोली चाहिँ संसारको पल्लो कुनासम्म पुग्ने उहाँको आशाको ज्योति हो । आफ्नो कष्टको समयमा उहाँ एउटा अगमवक्ता जस्तो भएर यरुसलेमका नारीहरूका लागि बोल्नुभयो । पूजारी जस्तो बनेर उहाँले आफ्ना पितासँग क्षमादान माग्नुभयो । मुक्तिदाता भएर पश्चात्तापी चोरलाई क्षमा दिनुभयो ।

उहाँकी आमा यूहन्नाको सहायताद्वारा क्रुससम्म आइपुगिन् । आफ्नो पुत्रबाट उनी टाढा रहन सक्तिनथिन् । उनको चिन्तामुक्त आँखामा हेरेर येशूले भन्नुभयो- नारी तिम्रो छोरा । त्यसपछि यूहन्नातिर फर्केर भन्नुभयो "यिनी तिम्री आमा हुन् ।"

यूहन्नाले त्यो उत्तरदायित्वलाई बुझे । त्यसै समयदेखि मरियमलाई आफनै घरमा लगेर रेखदेख गरे । येशूसँग यूहन्नालाई दिने पैसा थिएन, तर उनलाई आवश्यक पर्ने माया गर्ने स्वार्थ दिनुभयो । यूहन्नाले पनि आफू अशिक्षित भएको महसुस गरे । मरियमले यूहन्नालाई येशूको याद दिलाइरहिन् । जसले येशूलाई पछ्याएका छन्, उनीहरूले आफ्नो आमा बाबुको हेरचाह गर्छन् ।

## येशूको मृत्यु

महिमाको परमेश्वरको मृत्यु हुने समय आइसकेको थियो । शरीर र आत्मा उहाँ हुनुहुन्थ्यो । क्रुसको मृत्युले उहाँलाई कष्ट पुऱ्याएको थिएन । यो पापको दुष्टताको कारण थियो । पापलाई छोड्न तयार कति थोरै मानिसहरू थिए । परमेश्वरको सहयोग बिना सबै मानवको नाश हुने थियो । येशूको जीवनले पिताको क्षमा दिने प्रेमको सुसमाचार बाँड्दै रहनुभयो । तर अहिले पापको बोझको कारण उहाँले पिताको अनुहार देख्न सक्नुभएन । मानिसले यस कुरालाई कहिल्यै बुझ्न सक्ने छैनन् कि यस पीडाले उहाँको मनलाई

द्विया पारेर चिरिदियो । यो आत्मिक कष्टमा शारीरिक पीडाको उहाँले महसुस गर्नुभएन ।

सैतानले येशूलाई डरलाग्दो परीक्षामा पार्‍यो । उहाँका सबै आशा मरे जस्तो लाग्यो । यो पापको दृश्य थियो, पिताको पापप्रतिको क्रोध उहाँमाथि परेको थियो । जसले संसारलाई बचाउन आउनुभएको थियो । यसले उहाँको मन भाँचियो । सूर्यले यस दृश्यलाई हेर्न सकेनन्, मध्यसम्म रहेका सूर्यका किरणहरू अचानक गायब भए । मध्यान्हको तिन बजेसम्म सारा संसार अँध्यारो थियो । यो अप्राकृतिक अँध्यारो चन्द्रमा र तारा नभएको रात जस्तै कालो थियो । हाम्रो विश्वासमा शक्ति थप्नका निम्ति परमेश्वरले दिनुभएको थियो ।

परमेश्वर र पवित्र स्वर्गदूतहरू क्रुसको दायाँ बायाँ थिए, उनीहरू गहिरो अँध्यारोमा लुकेर बसेका थिए । पिता आफ्नो पुत्रको साथमा हुनुहुन्थ्यो । तर उहाँको उपस्थिति लुकेको अवस्थामा हुनुपर्ने थियो । यस डरलाग्दो घडीमा येशूले आफ्नो पिताको उपस्थितिबाट पनि सान्त्वना लिन सक्नुभएन ।

परमेश्वरले आफ्ना पुत्रको अन्तिम मानवीय कष्ट छोप्नका निम्ति अँध्यारो बनाउनुभयो । येशूलाई कष्टमा देख्न सबैले उहाँको ईश्वरीय चरित्रलाई बुझे । उहाँका कष्टका लामा घडीहरूमा भीडले खिसी गरिरह्यो । अहिले दया गरेर उहाँलाई अन्धकारमा छोपिदिनुभयो ।

जब अँध्यारो भयो क्रुसको वरिपरि रहेकाहरूमा वर्णनै गर्न नसकिने प्रकारको डर छायो । गाली र कराउनेहरू शान्त भयो । आकाशमा बेलाबेलामा चम्किलो ज्योति चम्केर क्रुसमा रहनुभएको येशू देखिनुहुन्थ्यो । पूजारी अगुवाहरू र सिपाहीहरूले र भीडले आफ्नो अन्त्य आइपुगेको बुझे । कसैले येशू क्रुसबाट ओर्लनेछन् भनी सोचे ।

तिन बजे भीडबाट अँध्यारो हट्यो तर येशूमाथि अझै अँध्यारो थियो । येशूले बोलेको सुनियो । “हे मेरा पिता, तपाईंले मलाई किन त्याग्नुभएको छ ?” मत्ती २७:४६

धेरैले यो सोचे कि येशूले आफैलाई परमेश्वर भनेको कारण दण्ड पाउँदै हुनुहुन्छ । उहाँका चेलाहरू धेरैले उहाँको आवाज सुनेर सबै आशा मारी दिए । यदि परमेश्वरले येशूलाई छोडिदिनु भएको भए उहाँको चेलाहरूले कसलाई विश्वास गर्ने ?

अँध्यारो हट्यो, येशूले शारीरिक दुखाइको महसुस गर्नुभयो । उहाँले भन्नुभयो “मलाई तिर्खा लाग्यो ।” एउटा रोमी सिपाहलाई दया लाग्यो र एउटा स्पन्जलाई सिर्कामा डुबाएर येशूको मुखसम्म पुर्‍यायो । तर पूजारीहरूले फेरि येशूलाई खिल्ली उडाए । उहाँले एलिजालाई बोलाउनु हुँदै छ भनी चेलाहरूले भने । उहाँको तिर्खा मार्ने कुरालाई अस्वीकार गरे । उनीहरूले भने, “एलिजा आएर उसलाई बचाएको हेर्न हामी चाहन्छौं ।

परमेश्वरको सिद्ध पुत्र क्रुसमा झुण्डिनुभएको थियो, उहाँको छालामा कोर्राको चोटै चोट थियो । जुन हातहरू सधैं आशिषका निम्ति उठ्थे तिनमा काँटी ठोकिएको थियो । सुसमाचार लैजान सधैं तयार उहाँका खुट्टामा काँटी गाडिएका थिए । उहाँको शाही शिरमा काँडाको मुकुट थियो उहाँलाई साह्रै कष्ट भइरहेको थियो ।

उहाँको टाउको, हात र खुट्टाबाट रगत बगिरहको थियो, कष्टले उहाँलाई चिरेको थियो, आफ्नो पिताबाट छुट्टिनुपरेको चिन्ता अझ वर्णन गर्न नसकिने प्रकारको थियो । "तिम्रो निम्ति परमेश्वरको पुत्रले यो सब कष्ट उठाउन तयार हुनुभएको छ, तिम्रा निम्ति उहाँ लडाइँ लड्नुहुन्छ र जित्नुहुन्छ, तिम्रा निम्ति स्वर्गको ढोका खोलिन्छ, तिम्रा निम्ति आफैलाई बली दिइनेछ । यो सब उसले तिमीलाई प्रेम गरेको कारणले गर्दा गर्छ ।" उहाँको मनले यस्तै भनिरहेको थियो ।

## येशू विजयी भएर मर्नुहुन्छ

अचानक क्रुसबाट कालो बादल हट्यो । सबै सृष्टिमा सुनिने गरी येशूले बोल्नुभयो, "अब सिद्धियो, हे पिता म तपाईंलाई आफ्नो जीवन दिन्छु ।" एउटा ज्योति क्रुसमा चम्कियो, मुक्तिदाताको अनुहार सूर्यको ज्योति समान चम्कियो । उहाँले आफ्नो टाउको झुकाउनुभयो र मर्नुभयो ।

अँध्यारोमा येशूले मानिसको कष्ट र पापको प्याला पिउनुभयो । विश्वासमा उहाँ आफ्ना पिताको प्रेममा विश्राम लिनुभयो, आफ्नो जीवनलाई पितामा समर्पण गरेर उहाँले आँटेको अस्तित्वलाई फेरि एकचोटि अन्धकारले जमिनलाई ढाक्यो, त्यहाँ ठूलो भूकम्प गयो । नजिकै रहेका पहाडहरू फुट्न थाले । चिहानहरू उघ्रिए र मुर्दाहरू बौरी उठे । पूजारीहरू, सिपाहीहरू डरले जमिनमा परे ।

येशूले "अब सिद्धियो" भनेको समय मन्दिरमा बलिदानको समय आएको थियो । मसीहको प्रीतिनधित्व गर्ने थूमा मारिनलाई ल्याइएको थियो । पूजारीले हातमा चक्कु लिइ बसेका थिए, मानिसले उनलाई हेरिरहेका थिए । जमिन काम्यो, किनकि परमेश्वर आफै आउँदै हुनुहुन्थ्यो । ठूलो स्वरले मन्दिरको भित्री भागको पर्दा माथिदेखि तलसम्म च्यातियो । परमेश्वरको उपस्थित रहने स्थानमा मानिसहरूले हेर्न थाले । मन्दिरको महा पवित्र स्थान अब पहुँचसहितको बनेको थियो ।

चारैतिर डर र द्विविधा थियो । पूजारीको हातबाट चक्कु खस्यो र बलीको पाठो त्यहाँबाट भाग्यो । जुन चिन्हमा गरिएका कुरा थिए वास्तवमा घट्न पुगेको थियो । महाबली पूरा गरिएको थियो । एउटा नयाँ र जीवित

बाटो सबैका निम्ति उपलब्ध गराइएको थियो । येशू हाम्रो पूजारी र स्वर्गमा हाम्रो प्रतिनिधित्व गर्ने हुनुहुन्छ ।

# ७९ सैतानको हार

*"स्वयं ख्रीष्ट भएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो ।" २ कोरिन्थी ५:१९*

आफूले गर्न चाहेको काम येशूले सिध्याउनु थियो । अन्तिम सासमा उहाँले भन्नुभयो, "अब सिद्धियो", लडाइँ सकिएको थियो । सारा स्वर्गले उहाँको विजय मनायो ।

त्यस समयमा सैतानले हारेको थियो । उसको राज्य हराएको थियो । सैतान र उसका दूतले यस्तो छल गरे कि स्वर्गदूतहरूले पनि उसको योजनालाई राम्रोसँग बुझ्न सकेन । त्यसकारण येशूको मुक्ति स्वर्गदूतहरूलाई र मानिसको निम्ति थियो ।

पाप गर्नु पहिला लुसिफर परमेश्वरबाट अलि तल मात्र थियो, सृष्टि गरिएका कुराहरूमा ऊ सर्वश्रेष्ठ थियो । उसले परमेश्वरको योजना सारा संसारलाई भन्यो । जब उसले विद्रोह गऱ्यो, उसले आफ्नो त्यो स्थानको फाइदा उठायो र धेरैको मसितष्कमा प्रश्न खडा गऱ्यो । उसको स्थान उच्च थियो, त्यसैले ऊ र उसको विद्रोहका विषयमा सच्चाइ बताउन कठिन भयो ।

परमेश्वरले ऊ र उसका विद्रोह गर्नेहरूलाई नाश गर्न सक्नुहुन्थ्यो तर त्यो उहाँको चरित्रअनुसारको हुने थिएन । सैतानका शक्तिका अधीनमा रहेकाहरूले मात्र दवाब दिन सक्छन् । परमेश्वरको शक्ति उहाँको भलाइ, उहाँको दया र उहाँको प्रेम अन्तर्गत आउँछ । यिनै सिद्धान्तद्वारा उहाँले अरूमाथि व्यवहार गर्नुहुन्छ । उहाँको शासनमा सच्चाइ र प्रेम भरिएको हुन्छ ।

स्वर्गमा सैतानलाई उसका जीवनका सिद्धान्तअनुसार काम गर्न दिइएको थियो, जुन परमेश्वर भन्दा उच्च छन् भनी उसले सोच्यो ।

उसले यस चरित्रको सारा संसारको बुझ्ने मौका पाउने थिए । करिव ४००० वर्षसम्म येशूले मानिसलाई उच्च पार्ने काममा लाग्नुभयो, सैतानले उनीहरूको नाश गर्ने बाटो रोज्यो । सारा संसारले यसलाई हेऱ्यो ।

येशूले सानो बच्चा भएर बेथलेहममा जन्मनु भएको समयदेखि नै सैतानले आक्रमण गर्ने क्रम जारी थियो । उसले येशूलाई एउटा सिद्धप्रकारको बच्चा हुनबाट रोक्न खोज्यो, त्यसै गरेर दोषसहित मानिस, पवित्र सेवकाइ र स्वार्थबिनाको बलिदान हुनबाट रोक्न खोज्यो । उसले येशूलाई पापमा हाल्न

सकेन । उसले गरेका यी सब चेष्टाहरूद्वारा येशूको चरित्रमा झन् सिद्वता थपियो ।

## उसले पृथ्वीको नाटक हेर्दछ

स्वर्ग र पतित नभएका जनले संसारको यो अन्तिम दृश्यहरू बडो ध्यानले हेर्दै गए । उनीहरू गेथसेमनीको बगैँचामा येशूले "हे पिता हुन सक्छ भने यो दुःखको कचौरा मलाई नदिनुहोस्" भनेको सुने । उहाँका कष्ट दुःख मृत्युभन्दा कठिन भएको कुरा उनीहरूले देखे । तिन पटकसम्म यस्तो प्रार्थना गरेको देख्ता स्वर्गले सहन सकेन, उहाँको सेवाका निम्ति एक स्वर्गदूत खटाइए ।

स्वर्गले येशूलाई धोका दिइएको र एकपछि अर्को दण्ड सजाय भएको हेऱ्यो । उहाँलाई दोष लगाउनेहरूको रिस र पत्रुसले तिन पटकसम्म गरेको अस्वीकार स्वर्गले हेऱ्यो । यसले मुक्तिदातालाई एकठाउँबाट अर्को ठाउँमा परीक्षणका निम्ति लाग्यो । येशूलाई खिल्ली उडाएको, पिटेको दोष लगाएको र क्रुसमा टाँग्न लागेको स्वर्गले हेरिरहेको थियो ।

येशू क्रुसमा टाँगिएको टाउकोबाट रगत बहेको र खास गरेर उहाँका हात र खुट्टाबाट रगतका धारा बहेको ती घाउहरू उहाँको शरीरका वजनले अझ् महान हुनु भएको स्वर्गले हेरिरहेको थियो । त्यस्तो कष्टमा पर्दा पनि येशूले गरेको प्रार्थना सुनेर उनीहरू अचम्मित थिए । "हे पिता, यिनीहरूलाई माफ गरिदिनुहोस् किनकि यिनीहरू के गरिरहेका छन्, यिनीहरूले बुझेका छैनन् ।" भनी उहाँले प्रार्थना गर्दै हुनुहुन्थ्यो ।

अन्धकारको शक्ति क्रुसको वरपर जम्मा भएको थियो । यसले मानिसको हृदयमा नराम्रो शंकाको छाया बनायो । शैतानिक शक्तिले मानिसलाई येशू पापी हुनुहुन्थ्यो भन्ने कुरा बताउन चाहे । यिनैले गर्दा मानिसहरूले गिल्ला गर्दै थिए । यसो गर्दा पनि सैतान असफल भयो । येशूले सानो बाटो मात्र दिनुभएको भए सैतानले जित्ने थियो । येशूले टाउको झुकाउनुभयो र मर्नुभयो, तर उहाँले विश्वासलाई लिइराख्नुभयो ।

सैतानको कपटपूर्ण स्वरूप उदांगिएको थियो । ऊ ज्यानमारा भनी देखाइएको थियो । जब उसले परमेश्वरको पुत्रलाई माऱ्यो, स्वर्गीय जनले देखाउन सक्ने अन्तिम सहानुभूति नष्ट भयो ।

तर स्वर्गदूतहरूले त्यो महान् संग्राममा के भइरहेको छ भन्ने कुरा पूर्ण रूपले बुझ्न सकिरहेका थिएनन् । मानिसले प्रकाशको राजकुमार र अँध्यारोको राजकुमार बीचको भिन्नता देखाउनुपर्ने थियो । अनि त्यसपछि कसलाई छान्ने हो त्यो कुराको निर्णय गर्नु पर्ने थियो ।

यो लडाइँको सुरुमा सैतानले परमेश्वरका नियमहरू पालना गर्न नसकिने प्रकारका छन् भनी भनेको थियो । यदि पापलाई परमेश्वरले सजाय दिनुभएन भने उहाँ न्यायी परमेश्वर हुनुहुन्थेन । उसको विद्रोहको कारण आफू स्वर्गबाट निष्कासित भएकाले मानव जाति पनि परमेश्वरको शुभेच्छा पाउन लायक छैनन् भनी उसले भन्यो । पापीलाई दया देखाउनु उपयुक्त थिएन । तर मानवजाति सैतानभन्दा भिन्न परिस्थितिमा थिए । लुसिफरले परमेश्वरको महिमाको प्रकाशमा पाप गरेको थियो । परमेश्वरले उसलाई चिनेको भए तापनि, उहाँको चरित्र बुझेको भए तापनि उसले आफ्नो स्वार्थी बाटो लियो । उसलाई बचाउन परमेश्वरले केहि गर्न सक्नुहुन्नथ्यो । तर मानिसहरू ऊद्वारा छलिएका थिए सैतानको झूठा कुराले उनीहरूको मस्तिष्क धमिलिएको थियो । परमेश्वरको प्रेमको उचाइ र गहिराइलाई बुझेनन् । परमेश्वरलाई चिनेपछि मानिसहरू उहाँतर्फ खिचिन सक्थे ।

## न्याय दयामा सम्मिलित हुन सक्थ्यो

परमेश्वरले येशूद्वारा दया मानिसमा देखाउनुभयो, तर यो दयाले न्याय र स्त्यतालाई त्यसै छोडेन । नियम बदलिन सक्थ्यो, तर परमेश्वरले मानिसको निम्ति येशूलाई बलिदान हुन पठाउनुभयो । नियमले एउटा धर्मी जीवन, शुद्ध चरित्रको माग गरेको थियो, मानिसले त्यो दिन सक्दैनथ्यो । तर येशू मानिस बनेर पवित्र जीवन बाँच्नुभयो, सिद्ध चरित्र बनाउनु भयो र जसले उहाँलाई मुक्तिदाता मान्दछन् उनीहरूका निम्ति यो उपहार उहाँले दिनुहुन्छ । उहाँको जीवन उनीहरूको सट्टामा उभिनुहुन्छ, पापहरू क्षमा गरिन्छन् । यसभन्दा बढ्ता मानिसलाई परमेश्वरले उहाँको चरित्र दिनुहुन्छ । यसरी येशूमा विश्वास गर्नेहरू नियमलाई आवश्यक पर्ने धार्मिक्ताको जीवन जिउँछन् ।

सैतानले सच्चाइ र न्यायबाट दया छुटाउने कोसिस गऱ्यो । येशूले यो देखाइदिनुभयो कि परमेश्वरका योजनाहरू एकआपसमा बाँधिएका छन् । एकदेखि छुटिएर अर्कोको अस्तित्व सम्भव थिएन, उहाँको जीवनद्वारा येशूले यहि देखाउनु भयो कि परमेश्वरको न्यायले उहाँको दयालाई नाश गर्दैन, पापलाई क्षमा गर्न सकिन्छ । नियम धार्मिक छन् र मान्न सकिने प्रकारका छन् । सैतानका भनाइहरू गलत सिद्ध भएका थिए ।

# सैतानको नयाँ जीवन

सैतानको भनाइ, दस आज्ञाहरू, जुन परमेश्वरले बोल्नुभएको थियो ती असरदार छैनन् । उसले दस आज्ञामा आक्रमण गर्नुपर्ने थिएन । यदि एउटालाई नमान्नलाई मानिसलाई उसले सक्यो भने ऊ सफल हुने थियो । यदि हामी एउटा मात्र पनि आज्ञा उल्लंघन गर्दछौं भने हामी परमेश्वरबाट छुट्टिन्छौं र सैतानको शक्तिको अधीनमा आउँछौं ।

अगमवक्ता बताउँछन् पतनभएका शक्तिहरूले सैतानका लागि काम गर्दछन् । यिनले परमेश्वरको विरुद्धमा बोल्नेछन्, परमेश्वरका जनको खेदो गर्नेछन् र परमेश्वरको नियमलाई बदल्न खोज्नेछन् । परमेश्वरको बदला मानिसहरूले आफ्नै कानूनहरू बनाउनेछन् र जबरर्जस्ती तिनलाई लागु गर्नेछन् ।

परमेश्वरको विरुद्धका यो लडाइँ अन्तिम समयसम्म निरन्तर रहनेछ । प्रत्येक मानिसले परमेश्वरको नियम चुन्नुपर्ने हुन्छ । प्रत्येक जनको चरित्र ऊ त्तापट्टि विश्वासिलो रहेको छ, त्यसलाई देखाउँछ ।

जब अन्त्य आउनेछ, परमेश्वरले आफ्ना जनहरूलाई बचाउन नियम लागू गर्नुहुनेछ । सैतान र उसको साथमा विद्रोहमा लागेकाहरू छुट्याउनेछन् । पाप र पापीहरू अनन्तको नाशमा पर्नेछन् ।

यो परमेश्वरको निर्दयी काम होइन । जसले परमेश्वरको दयालाई अस्वीकार गरेका छन् उनीहरूले जे रोपेका छन् त्यसकै कटनी गर्नेछन् । परमेश्वर जीवनको मूहान हुनुहुन्छ, यदि हामीले पापलाई चुन्दछौं भने हामीले जीवनसँग सम्बन्ध तोडेका हुन्छौं । प्रत्येकलाई परमेश्वरले बाँच्ने समय दिनुभएको छ, चरित्रको विकास गर्ने र हृदयमा भएको कुरा देखाउने समय दिनुभएको छ । तब तिनीहरूले जे रोजेका छन् त्यही पाउँछन् । सैतान र उसका सँगमा लागेकाहरू जीवनको र प्रेमको मुहान परमेश्वरको बेमेलामा रहनेछन् कि उहाँको उपस्थितिले उनीहरू नाश हुनेछन् ।

लडाइँको सुरुको अवस्थामा स्वर्गदूतहरूले यो सब बुझेका थिएनन् । यदि सैतान र उसका जनलाई त्यही बेला नाश गरिएको भए स्वर्गदूतहरूमा परमेश्वरको भलाइका विषयमा शंका रहिरहन्थ्यो । यी शंकाका विजहरू पाप भएर बढ्न सक्थे ।

तर त्यो ठूलो लडाइँको अन्त्य हुँदा यस्तो हुनेछैन । त्यसबेला मुक्तिको उपाय र परमेश्वरको चरित्र सबैले प्रस्ट बुझ्नेछन् । उहाँको नियमलाई सिद्ध र नबदलिने देखिन्छ । पापको परिणाम सैतानको चरित्र छर्लङ्ग देखिनेछ । यसैकारणले येशूलाई क्रुसमा देखेर उत्सव मनाए ।

उनीहरूले पूरा रूपमा बझेनन् तर उनीहरूलाई थाहा थियो । सैतान नाश हुनेछ, मानिसहरू बचाइनेछन्, संसार सधैँका निम्ति सुरक्षित हुनेछ ।

येशूले आफू कलवरीमा दिने बलिदानको परिणामलाई बुझ्नुभएको थियो । यसैकारण उहाँले अगाडि हेर्नुभयो र कराउनुभयो “अब सिद्धियो ।”

# ८० येशू आराम गर्नुहुन्छ

*"उहाँको लास तल झारेर मलमलको कपडामा लपेटे र चट्टान खोपेर बनाएको एउटा चिहानमा राखे ।" लूका २३:५३*

उहाँलाई दु:ख दिएको, लज्जास्पद बनाइएको दिन सकियो । जब घाम डुबे परमेश्वरको पुत्रले आराम गर्नुभयो, उहाँको कार्य पूरा भयो ।

सुरुमा सृष्टिमा कामहरू सकेर पिता र पुत्रले आराम गर्नुभयो । उहाँहरूको कार्यलाई देखेर सारा स्वर्गले खुसीयाली मनाइरहेका थिए । अब अफ्नो मुक्तिको कार्य सकेर येशूले आराम गर्नुभयो । पृथ्वीका मानिसले शोक मनाए तापनि सारा स्वर्गले खुसीयाली मनाइरहेको थियो । परमेश्वर स्वर्गदूतहरूले येशूको कामको परिणाम देख्नुभयो - पापबाट छुटाइएका मानिसहरू कहिले पतन हुने थिएनन् । जब पाप सधैंका निम्ति जानेछ, सबै नयाँ बनाउनेछन्, सृष्टिको विश्राम दिन जुन दिनमा येशूले चिहानमा अराम गर्नुभयो, त्यो दिन विश्राम र खुसीको दिन हुनेछ । एकदेखि अर्को विश्राम दिनमा, पृथ्वीका बचाइएका मानिसहरूले पिता र मुक्तिदातामा आराधना गर्नेछन् ।

मर्न लागेको येशू को हुनुहुन्छ भन्ने कुराको गवाही बन्नुभयो । रोमीका सिपाही जसले येशूको वाहन शक्तिलाई, दु:खलाई देखेका थिएनन्, मर्नुभन्दा पहिला विजयी स्वरमा बोल्नुभएका कुरा सुनेका थिएनन्, उनीहरूले "यो मानिस साँच्चै परमेश्वरको पुत्र हुनुहुँदो रहेछ" भनी गवाही दिए । येशू मर्ने दिनमा तिन जनाले उनीहरूको येशूप्रतिको विश्वास जाहेर गरे । रोमी सिपाही, येशूको क्रुस बोक्ने सिमियोन, येशूनेर झुण्डिएको चोर ।

साँझ पर्दै जाँदा कलवरीको वरपर सुनसान महसुस भयो । कलवरीको डाँडामा धेरै मानिसहरू जम्मा भएका थिए, उनीहरू येशूलाई घृणा गर्दैनथे तर के रहेछ भनी उनीहरू हेर्न आए । येशू अपराधी हुन् भनी उनीहरू मान्थे । सैतानको बसमा परेर उनीहरू चिच्याउँदै थिए, खिल्ली उडाउँदै थिए । तर जब त्यहाँ अस्वाभाविक अँध्यारो हट्यो, त्यहाँका मानिसहरू बिस्तारै आआफ्ना घरतिर लागे, येशूमाथि लगाइएका दोषहरू झूठा थिए र येशू वास्तवमा मसीह हुनुहुन्थ्यो भनी उनीहरूले सोचे । केहि हप्तापछि जब पत्रुसले पेन्तिकाष्टको दिनमा प्रचार गरे, त्यहाँ यी मानिसहरू पनि थिए जसले येशूको विश्वासी बन्ने निधो गरेका थिए ।

यहूदी धर्मगुरुहरूले आफ्ना मनलाई बदलेका थिएनन्, तिनीहरूमा येशूप्रतिको घृणा अझ बढी भएको थियो । उनीहरूको मनको अँध्यारो कलवरीमा क्रुसको वरपर रहेको अँध्यारोभन्दा पनि बढी थियो । अब के हुन्छ ? भूकम्पले उनीहरूको विश्वासलाई हल्लाइदिएको थियो । जिउँदो येशूभन्दा मृत येशूसँग उनीहरू झन् डराए । क्रुसको विषयमा ध्यान दिन उनीहरू चाहँदैनथे । येशूको विश्रामदिनमा क्रुसमा नरहोस् भनी उनीहरू चाहन्थे । विश्राम दिनका विरुद्ध जान नचाहेका तिनीहरूले पिलातससँग क्रुसमा रहेको मृत्युका निम्ति आज्ञा भयो, जसले गर्दा सूर्यास्त अगाडि नै उनीहरूका लास निकाल्न सक्थे ।

पिलातसको आज्ञामा दुईजना चोरहरूको छिटो मृत्यु होस् भनेर खुट्टा काटियो । तर येशू मरिसक्नुभएको थियो । सिपाहीहरूले उहाँको खुट्टा भाँचेनन् । यसरी निस्तार चाडको पापीको हात खुट्टा भाँचिएको हुनुहुँदैन भन्ने कुरा पूरा भयो ।

येशू मरेको कुरा सुनेर पूजारीहरू र धर्मगुरुहरू अचम्ममा परेका थिए । क्रुसमा चढाइएको छ घण्टापछि मानिस मरेको पहिला सुनिएको थिएन । येशू मरेको नै हुनुहुन्छ भनी प्रमाणित गरी हेर्नलाई येशूका कोखमा भाला रोपेर हेरियो । त्यहाँबाट रगत र पानी बग्न थाल्यो ।

येशूको पुनर्उत्थानपछि येशू क्रुसमा मर्नुभएको थिएन खाली बेहोस बन्नुभएको थियो र तेस्रो दिनमा ऊ उठ्न सक्थ्यो, भनी हल्ला चलाए । रोमीको भनाइले येशू मर्नुभएको हो भनी बतायो । यदि उहाँ नमर्नुभएको भए, भालाले उहाँलाई मारी दिएको हुन्थ्यो ।

उहाँ भालाले र क्रुसको कष्टले मर्नुभएको थिएन । भाँचिएको हृदयको कारण उहाँ मर्नुभयो । संसारको पापको कारण भाँचिएको हृदय ।

## हतोत्साही चेलाहरू

येशूको मृत्युसहितै चेलाहरूको आशा पनि मर्‍यो । अन्तिम घडीसम्म पनि उहाँ मर्नुहुन्छ भनी उनीहरूले विश्वास गर्न सकेका थिएनन् । उहाँ मर्नुभएको कुरा विश्वास गर्न उनीहरूलाई कठिन परिरहेको थियो । धेरै नै दिग्दार भएको कारणले गर्दा येशूले भन्नुभएका कुनै कुराले पनि उनीहरूलाई सान्त्वना दिन सकेन । येशूप्रतिको उनीहरूको विश्वास मर्‍यो । तर उहाँलाई उनीहरूले झन् प्रेम गरे, उहाँको जरुरत अहिले जस्तो आवश्यक पहिला कहिल्यै भएको थिएन ।

येशूलाई आदरसहित उनीहरूले गाड्न चाहन्थे, तर कसरी गर्ने भनी सोच्न सकेका थिएनन् । रोमी राज्यको विरोधीहरूलाई अपराधी गाडेजस्तो गाडिन्थ्यो । यूहन्ना र अरू चेलाहरूले येशूको शरीर त्यसै रोमी सिपाहीहरूले लज्जास्पद गरेर गाड्नु भन्ने चाहन्थे । यहूदी धर्मगुरुहरूबाट मद्दत पाउन सकेन । पिलातसको लाश माग्ने खालको प्रभाव उनीहरूमा थिएन ।

## आशा नगरिएको मद्दत

आशै नगरिएको ठाउँबाट मद्दत आयो । आर्मिचियाका योशेफ र निकैदिमश दुवै महासभाका सदश्य थिए, उनीहरू धनी र शक्तिशाली थिए । उनीहरूले येशूलाई आदरसहित दफन गर्ने निर्णय गरे ।

योशेफले सिधै पिलातसकहाँ गएर येशूको शरीर मागे । धर्मगुरुहरूले पिलातसलाई मृत्युका कुरा भनेका थिएनन्, पिलातसले पहिलो पटक येशू मरेको खबर सुने । उनले सिपाहीहरू पठाएर हो कि होइन भनी पत्ता लगाए र जब निश्चित भयो उसले योशेफलाई येशूको शरीर दिएर पठायो ।

योशेफ, चेलाहरू कहाँ येशूको शरीर लिने सिफारिश लिएर आए । निकोदेमसले येशूको शरीरमा लगाउन महँगो मसला लिए । यरुसलेमका व्यक्तिले पनि  मृत्युमा यस्तो आदर दिनसकेका थिएनन् । चेलाहरू छक्क परेका थिए । निकोदेमसले र योशेफ येशू जीवित छउन्जेल उहाँलाई सबैका अगाडि स्वीकार गरेका थिएनन् । उनीहरूले स्वीकार गरेका भए महासभाबाट बाहिर निकालिने थिए । बाठा धर्मगुरुहरूले  उनीहरूलाई थाहा नदिईकन येशूलाई परीक्षण गरेका थिए । अहिले आफ्ना विश्वासलाई खुलारूपमा देखाएर यी दुई मानिसहरू येशूका चेलाहरूलाई मद्दत गर्न निस्किए ।

उनीहरूका हातले येशूको शरीरलाई बिस्तारै क्रुसबाट निकाले । भरिएका आँखाले येशूको छियाछिया भएको शरीरलाई हेरे । योशेफका नयाँ चिहान थियो जब कि कलवरीभन्दा धेरै टाढा थिएन । ढुङ्गा खोपेर आफ्नै लागि बनाएका थिए । तर अहिले यसलाई येशूका निम्ति तयार पारे । येशूको चिसो छातीमा चेलाहरूले उहाँका हात राखिदिए र चिसो पत्थरमा उहाँको शरीरलाई सुताइदिए । चिहानको मुखमा एउटा पत्थर राखियो र मुक्तिदातालाई त्यहाँ आराम गर्न छोडियो ।

अँध्यारो भइसक्दासम्म मरियम मग्दलिन र अरू महिलाहरू येशूको विश्राम दिन बिर्सन नसक्ने दिन थियो । आँगन र मन्दिर मानिसहरूको भीडले भरिएको थियो । प्रधान पूजारी उनको राम्रो कपडामा थिए । अरू पूजारीहरूले आफ्नो काम गरिरहेका थिए ।

तर त्यहाँ सबै कुरामा अचम्मको गम्भीरपन थियो । येशूको मृत्युले अगमवक्ताले भनेका कुरा र निस्तार चाडको उद्देश्यलाई पूरा गरिरहेको कुरा पूजारीहरूले बुझ्ेका थिएनन् । अहिले त्यो मन्दिरमा भएको केहि परिवर्तनले उनीहरू अन्योलमा परिरहेका थिए, महापवित्र स्थान जसलाई प्रधान पूजारीले मात्र देखेका थिए, त्यहाँको ठूलो पर्दा महापवित्र स्थान देख्न सक्ने थिए । यसले गर्दा च्यातिएर सबै पूजारीहरू चिन्तित थिए उनीहरू त्यहाँ कुनै ठूलो घटना घट्नेछ भनि निश्चित थिए ।

उहाँको मृत्यु र पुनर्उत्थानसम्म मानिसहरूले अगमवक्ताको पुस्तकहरू अध्ययन गरे । कसैले येशू जो हुँ भनी भन्नुभएको थियो । त्यो हुनुहुन्थ्यो भन्ने विषयमा खोजी गरे । अरूले मसीह हुनुहुन्थ्यो भन्ने सत्यता प्रमाणित गर्न खोजी गरे, जसले जे खोजी गरे तापनि अन्तमा सबै एउटै निचोडमा पुगे कि जो क्रुसमा चढ्नुभएको थियो, उहाँ नै संसारको मुक्तिदाता हुनुहुन्थ्यो । त्यसपछिबाट धेरैले निस्तार चाड मनाउन छोडे । पूजारीहरूमध्ये पनि धेरैले अगमवाणी अध्ययन गरे र येशूको पुनर्उत्थान पछि येशूलाई नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी मान्न थाले ।

निकोदेमसले अलिभको पहाडमा येशूले भन्नुभएको कुरालाई सम्झे । "जसरी मोशाले उजाड स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्दछ, जसजसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।" यूहन्ना ३:१४:१५ । उनले यी भनाइलाई राम्रोसँग बुझे । येशू जीवित छँदा नै उहाँको चेला नबनेकोमा निकोदिमसलाई पछुताउ लाग्यो । येशूले आफूलाई हत्या गर्नेको बारेमा भनेका स्वरहरू सुनेका थिए । येशू र चोरसँगको संवादलाई पनि उनले सुनेका थिए, यसले उनको हृदय छोएको थियो । जब येशूले विजयी आवाजमा अब सिद्धियो भन्नुभयो उनको विश्वास पूरा भएको थियो । क्रुसको मृत्युले चेलाहरूलाई निरास बनाएको थियो नयाँ कुराले योशेफ र निकोदेमसको विश्वासलाई बढायो ।

येशूको मृत्युले उहाँलाई झन् प्रख्यात बनायो । मानिसहरूले बिरामी मानिसहरूलाई आँगनमा ल्याए र भन्न थाले "हामीलाई निको पार्न सक्ने येशू नै चाहिन्छ । तर उहाँका निको पार्ने हातहरू उहाँको छातीमा राखिएका थिए । धेरै मानिसहरू कराएको देखेर पूजारीहरूले उनीहरूलाई खेदेर पठाए । सिपाहीहरूलाई ढोकामा राखे । मद्दतका निम्ति आएका मानिसहरूको आशा निराशामा परिणत भएको थियो । येशूको निको पार्ने छुवाइ नपाएकोले बिरामीहरू त्यसै मर्दै थिए ।

हजारौँले संसारको ज्योति गएको देखे । येशू बिना संसार अन्धकारमय थियो । जसले उहाँलाई क्रुसमा टाँग भनेर चिच्याएका थिए, उनीहरूले एकदम नराम्रो काम गरेको भनेर बुझे ।

जब मानिसहरूले येशूलाई मारेको कुरा निश्चित गरे, उनीहरूले प्रश्न सोध्न लागे । उनीहरूले येशूलाई कस्तो व्यवहार गरेका थिए भन्ने कुरा गुप्तमा राख्न खोजे तापनि त्यो चारैतिर फैलियो ।

बुद्धिजीवीहरूले पूजारीहरू अगुवाहरूलाई मसीहको सम्बन्धमा बोलिएको भविष्यवाणी प्रस्ट पार्ने अनुरोध गरे । उनीहरूको मसीहले पाएको कष्ट र मृत्युका विषयमा बताउन सकेनन् । उनीहरूको जवाफ दिन झूठको सहारा लिए ।

पूजारीहरू मानिसहरूबाट आफू निन्दित भएको कुरा बुझेका थिए । जसले येशूको विरुद्ध बोलेका थिए । अहिले तिनै मानिस आफ्नै व्यवहारप्रति लज्जित थिए । तर पूजारीहरू येशू मृत्युबाट बौरी उठ्नु हुनेछ भन्ने कुराले एकदम डराएका थिए ।

उहाँका "यो मन्दिर भत्काऊ र तिन दिनपछि म यसलाई फेरि उठाउँछु" भनेका शब्दहरू सम्झेका थिए । येशूको भनाइहरू पहिला पनि पूरा भएको उनीहरूले देखेका थिए । यस्तो हुँदैन भनेर कसले भन्न सक्थ्यो ।

धर्मगुरुहरूले यो विचारलाई पन्छाउन खोजे तापनि तिनीहरूले सकेनन् । उनीहरू येशूलाई शान्त भएर उभिए चोट खाएको र खिल्लीमा उडाइएको देखिरहेका थिए । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने सोचले उनीहरूलाई ज्यादै विचलित बनायो । कुनै पनि समय उहाँ उठेर न्याय माग्न र उहाँलाई मृत्युदण्ड दिनेलाई मृत्युदण्ड नै दिने कुरा गर्न सक्नुहुन्थ्यो ।

विश्राम दिने नै भए तापनि येशूको शरीरको विषयमा कुरा गर्न उनीहरूले सभा बोलाए । फरिसी र पूजारीहरू गएर पिलातससँग निवेदन चढाए । "जब त्यो झूटो व्यक्ति जिउँदो थियो ऊ तिन दिनपछि उठ्नेछ", भनेर भनिएको थियो, त्यसकारण येशूका चेलाहरूले उहाँको शरीर लान नसक्ने गरी सिल गर्नुहोस्, नत्र उनीहरूको शरीर बेपत्ता पारेर बौरी उठ्नुभयो भनी हल्ला फैलाउनेछन् ।"

यो कुरा पिलातसले स्वीकार गरे र पूजारीले भने जस्तै गरे । चिहानको ढुङ्गालाई डोरीले बाँधियो र त्यसमा रोमी छापको सिल गरियो । चिहानको वरपर एक सय सिपाहीहरू तैनाथ गरियो । रोमी शासकको अनुमति बिना कसैले पनि त्यो ढुङ्गा चलाउन सक्दैनथे । येशू चिहानमा सधैं भरिका निम्ति त्यहाँ हुनुहुनेछ जस्तो गरेर त्यहाँ सिल गरियो ।

येशूको पुनर्उत्थान रोक्न गरिएका यी सब कुरा नै उहाँ बौरी उठ्ने भरपर्दो प्रमाण हुन् । उहाँको विश्रामथलो वरपर जति धेरै सिपाहीहरू हुन्थे त्यति नै धेरै कुरा हुन्थे । जीवनदाता परमेश्वरलाई चिहानमा राखि छोड्न रोमी हतियारहरू शक्तिहीन भए । उहाँ बौरी उठ्ने समय नजिक थियो ।

# ८१ पुनरुत्थानको बिहानी

*उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभए बमोजिम उहाँ जीवित भई उठ्नुभएको छ । मत्ती २८:६*

हप्ताको पहिलो दिनको अघिल्लो रात बिस्तारै बित्यो । येशू अझै पनि चिहानको बन्दी हुनुहुन्थ्यो । रोमी सिपाहीहरू कुरेर बसेका थिए । सिल अझै तोडिएको थिएन । अन्धकारको राजकुमारले त्यो सिललाई सधैँभरि बन्द गरेर राख्ने थियो । तर स्वर्गका शक्तिशाली स्वर्गदूतहरूले उनीहरूको राजकुमारलाई स्वागत गर्न पर्खेर बसेका थिए ।

बिहान उज्यालो भयो, ठूलो भूकम्पले पृथ्वी हल्लायो । स्वर्गमा चम्किलो ज्योति देखापर्‍यो, स्वर्गबाट एउटा स्वर्गदूत आए र एउटा सानो ढुङ्गा हटाए जस्तो गरेर चिहानको ढुङ्गा हटाए । स्वर्गदूतहरू चिहानको वरिपरि उभिए, सैतानको फौज त्यहाँबाट भाग्यो । साहसिला रोमी सिपाहीहरू काम्न थाले ।

तब स्वर्गदूतले कराएर भने, परमेश्वरका पुत्र उठ्नुहोस् तपाईंको पिताले तपाईंलाई बोलाउँदै हुनुहुन्छ ।

अँध्यारो चिहानबाट येशू उठ्नुभयो बाहिर निस्कनुभयो । उहाँ मसीह, मुक्तिदाता परमेश्वरका पुत्र हुनुहुन्थ्यो । शक्तिशाली आवाजमा उहाँले भन्नुभयो “म जीवन र पुनर्जीवन म नै हुँ ।” उहाँ ईश्वरीय महिमाको पोसाकमा उठ्नुभयो, स्वर्गीय झुण्डले प्रशंसाको गीतमा स्वागत गरे ।

रोमी सिपाहीहरू मृततुल्य भई मुर्छा परे । जब स्वर्गीय झुण्ड हराए रोमी सिपाहीहरू रक्सीले मातेका जस्ता भएर सहरतिर लागे, आफूले भेटेका मानिसलाई आफूले देखेका कुरा भन्न थाले । उनीहरू पिलातसलाई भन्न गए तर पूजारीले उनीहरूलाई रोकेर घटनाको बारेमा जानकारी लिन खोजे । डरले पहेँला भएका शैनिकहरु काम्दै भर्खर देखेका कुरा सुनाए । उनीहरूले भने, क्रुसमा टाँगिएको व्यक्ति परमेश्वरको पुत्र नै हुनुहुन्थ्यो । स्वर्गका राजा भनी स्वर्गदूतहरूले भनेको कुरा हामीले सुन्यौं ।

डरले कामेका कैफास बोल्न खोज्यो । उसका ओठ हल्लिए तर आवाज निस्किएन । सिपाहीहरू उठेर हिँड्न खोज्दा बल्ल उनको आवाज निस्कियो, “पर्ख, पर्ख, तिमीहरूले देखेको कुरा कसैलाई नभन ।”

अर्को पूजारीले भन्यो “सबैलाई तिमीहरू निदाएको समयमा चेलाहरूले उहाँको लाश चोरेर लगे भनी भन । पूजारीहरूले आफ्नो बाठोपन देखाउन सफल भएका थिए । यदि सिपाहीहरू निदाएका भए के भयो भन्ने कुरा उनीहरूले कसरी जान्दथे ? यदि चेलाहरूले लाश चोरेका भए, उनीहरूलाई पक्रिनुपर्छ भनी पूजारीहरू भन्ने थिएनन् र ?”

सिपाहीहरूलाई यस्तो सल्लाह दिएकोमा उनीहरू छक्क परिरहेका थिए । ड्युटीमा सुत्नु मृत्युदण्ड पाउनु थियो । झुठा कुरा बोलेर आफ्ना जीवनमा किन खतरा मोल्नु ?

पूजारीहरूले प्रतिज्ञा गरे कि उनीहरूलाई दण्ड दिइने थिएन । पिलातस र पूजारीहरू साँचो कुरा कसैले थाहा नपाओस् भनी चाहन्थे । यस प्रकार रोमी सिपाहीहरू बेचिए । पूजारीकहाँ जाँदा साँचो तर अचम्मको कुरा लिएर आएका थिए, बाहिर निस्कँदा पैसा र झुठा कुरा लिई निस्किए ।

पिलातसले येशू बौरीउठेका घटना सुनेका थिए । उनले आफैलाई घरभित्र बन्द गरे । पूजारीहरूले उनलाई कठिनसाथ भेटे र सिपाहीहरूलाई दण्ड नदिनु भनी निवेदन गरे । पिलातसले सिपाहीहरूलाई एकान्तमा प्रश्नहरू गरे, उनीहरूले उनलाई साँचो कथा सुनाए । पिलातसले सिपाहीहरूलाई दण्ड दिएनन्, तर उनको मनमा शान्ति कहिल्यै भएन ।

येशूलाई मार्न पूजारीहरू सैतानका हतियार भएका थिए । उनीहरू उसको अधिनमा थिए । येशूका विरुद्धमा थिए । उहाँ बौरी उठ्नुभएको कुरा अस्वीकार गरेर उनीहरू एउटै उद्देश्य पूरा गर्नु थियो कि येशू मसीह हुनुहुन्नथ्यो । उनीहरू पिलातसलाई चुप पारेर र सिपाहीहरूलाई घूस दिएर यो कुरा गर्न सक्थे । तर केही गवाही दिनेहरू चुप लागेर बस्ने थिएनन् ।

पूजारीहरूले घूस दिनुभन्दा पहिला नै सिपाहीहरूले भनेको गवाही मानिसहरूले सुनेका थिए । अरूहरू येशूसँगै बौरी उठेका थिए र भनेका थिए कि येशू बौरी उठ्नुभएको छ । पूजारीहरू र गुरुहरू निरन्तर रूपमा यही चिन्तामा रहेका कि घरमा वा सडकमा हिँड्दा अचानक येशूसँग भेट नहोस् । ढोकाका खापाहरू र ताल्चाहरूले उहाँलाई रोक्न सक्दैनथ्यो । दिन रात उनीहरूमा डर रहन्थ्यो, भन्ने गर्दथे, उहाँले मृत्युका समयमा हामी र हाम्रा सन्तान जिम्मेवार हुनेछौं ।

## हाम्रो पुनरुत्थान निश्चित छ

जब येशूको चिहान नेर स्वर्गदूतले, “तपाईंको पिताले तपाईंलाई बोलाउँदै हुनुहुन्छ” भनी भने येशू आफै स्वर्गीय शक्तिले उठ्नुभयो । येशूले

भन्नुभएको पुनर्उत्थान र जीवन म नै हुँ, यी कुरा परमेश्वरले मात्र बोल्न सक्नुहुन्थ्यो । सृष्टि गरिएका सबै कुरा जीवनका निम्ति उहाँमा नै भर पर्छन् । परमेश्वर मात्र "आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ र फेरि लिने अधिकार पनि मसित छ ।" यूहन्ना १०:१८

निस्तार चाड मनाउन पाकेको बालीको पहिलो अनाजको झुप्पालाई मन्दिरमा परमेश्वरको सामु हल्लाउनु थियो । यो धन्यवादको भेटी थियो र यसो नगरुन्जेल अरू अनाज काट्न पाइदैन्थ्यो । येशूको पुनर्उत्थान भएको दिन यही भेटी दिने दिनमा भएको थियो । येशू पुनर्उत्थान हुने कुरा हरेक जनका निम्ति उदाहरण थियो । किनकि हामी विश्वास गर्छौं कि येशू मर्नुभयो र फेरि जिई उठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुति गएकाहरूलाई येशूद्वारा ल्याउनुभयो । १ थेसलोनिक ४:१४

## येशूसँगै धेरै जीवित भए

जब येशू बौरी उठ्नुभयो, आफूसँगै धेरैलाई चिहानबाट बौराई उठाउनुभयो । उनीहरूले जीवनको बाजी लगाएर सुसमाचार फैलाएका थिए । उनीहरू येशूका निम्ति गवाह भएका थिए ।

उहाँको सेवकाइको समयमा धेरैलाई मृत्युबाट उठाउनुभएको थियो ती मानिसहरूलाई अजम्बरी दिइएको थिएन, उनीहरू बूढा भएर मर्ने नै थिए । तर येशूसँग पुनर्उत्थान भएकाहरू चाहिँ अजम्बरी लिई बौरी उठेका थिए । यिनीहरू यरुसलेममा गए र हामी उहाँसँगै बौरी उठ्यौं । येशूमा पापले गर्दा हराएको अनन्त जीवन फेरि प्राप्त भएको छ । उहाँलाई अजम्बरी जीवन दिने अधिकार छ, शक्ति छ । "म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।" यूहन्ना १०:१० "मेरो देह खाने र मेरो रगत पिउनेसित जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु ।" यूहन्ना ६:५४ । विश्वासीहरूका निम्ति मृत्यु निन्द्रा समान हो । अन्धकार निशब्दको क्षण ।

क्रुसबाट निस्केको "अब सिद्धियो भन्ने वाक्यले धेरै चिहानहरूलाई जगाउनेछ, येशूमा विश्वास गरेर मरेकाहरू उठ्नेछन् । येशूको पुनर्उत्थान भएको समयमा थोरै चिहानहरू खुलेका थिए । तर उहाँको दोस्रो आगमनमा उहाँका विश्वासीहरूका सबै जनले उहाँको आवाज सुन्नेछन्, महिमामय जीवनसहित बौरी उठ्नेछन् । उनीहरूले अनन्त जीवन पाउनेछन् । त्यही शक्ति जसले येशूलाई महिमित बनाएर बौराई उठायो त्यो शक्तिले

मण्डलीलाई र उहाँका विश्वासीहरूलाई संसारका सबै नाम र शक्तिभन्दा माथि उठाउनुहुनेछ, आउने संसारका निम्ति बचाइराख्नु हुनेछ ।

# ८२ तिमी किन रोइरहन्छौ

*"म मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वर कहाँ गइरहेछु" यूहन्ना २०:१७*

हप्ताको पहिलो दिन बिहानै उहाँको साथ क्रुसमा जम्मा भएका महिलाहरूले बास्ना आउने तेल, अत्तर आदि लिएर चिहानमा गए । येशूको शरीरमा त्यो लगाउन चाहन्थे । मृत्युबाट बौरी उठ्नेछु भनेर बोल्नुभएका कुरा उनीहरूले सोचेनन् । "म फेरि तिमीहरूलाई देख्नेछु" भनी भन्नुभएको वचनलाई उनीहरूले बिर्से ।

चिहानमा के भइरहेछ भन्ने विषयमा केहि थाहा नपाएका उनीहरू बगैंचामा पुगे र त्यहाँ हामीलाई कसले चिहानको ढुङ्गा हटाइदेला भनी सोध्न लागे । अकस्मात् भूमि हल्लियो आकाश महिमाले चम्कियो । माथि टाउको उचालेर हेर्दा उनीहरूले देखे कि ढुङ्गा हटाइसकिएको थियो ।

मरियम मग्दलिन सबभन्दा पहिला त्यहाँ पुगिन् । ढुङ्गा हटाइएको देखेर उनी यो कुरा चेलाहरूलाई भन्नका निम्ति दौडिन् । अरू महिलाहरू त्यहाँ पुग्दा चिहानको वरिपरि महिमित प्रकाश देखे तर, उहाँको शरीर त्यहाँ थिएन ।उनीहरूले त्यहीँ पर्खिरहेका समयमा आफूसँग चम्किला कपडा लगाएको एउटा मानिस तिनीहरूले देखे । ढुङ्गा हटाउने स्वर्गदूत यिनै थिए । उनले यी येशूका साथीहरू नडराऊन् भनी मानव स्वरूप लिनुभएको थियो । स्वर्गको प्रकाश अझै उनको वरिपरि थियो र ती महिलाहरू डराइरहेका थिए ।

"नडराऊ" स्वर्गदूतले भने, "तिमीहरूले येशूलाई खोजिरहेछौ भनी मलाई थाहा छ । उहाँ यहाँ हुनुहुन्न । उहाँले भन्नु भएजस्तै गरेर उहाँ मृत्युबाट बौरी उठ्नुभएको छ । उहाँको शरीर राखिएको ठाउँलाई हेर । त्यसपछि छिट्टै गएर येशूका चेलाहरूलाई उहाँ बौरी उठ्नुभएको कुरा बताऊ ।"

जब तिनीहरूले भित्र गएर हेरे, त्यहाँ अर्का स्वर्गदूत मानिसका रूपमा थिए । उनले भने, "किन तिमीहरू मरेका मानिसहरूका बीचमा जीवितलाई खोज्दछौ ? उहाँ यहाँ हुनुहुन्न उहाँ बौरी उठ्नुभएको छ । गालिलमा उहाँले "मानिसको पुत्रलाई जिम्मा लगाउनुहुनेछ, उहाँलाई क्रुसमा टाँगिनेछ तब उहाँ तिन दिनपछि बौरी उठ्नुहुनेछ ।"

येशू फेरि बौरी उठ्नुहुनेछ भनेको येशूको वचन उनीहरूले सम्झे । चेलाहरूलाई भन्न उनीहरू तुरुन्तै गए । तिनीहरू डराएका थिए, तर अति खुसी थिए । खुसीको कुरा सुन्नु अगाडि नै मरियमले त्यो ठाउँ छोडिसकेकी

थिइन् । उनले दुःखको समाचार बताइन् ।" उनीहरूले येशूको शरीर लिएर गएका छन् र कहाँ राखेका छन् भनी मलाई थाहा छैन ।

पत्रुस, यूहन्ना चिहानमा अरू प्रमाणहरू भेट्टिन्छ कि भनी दौडिए । उनीहरूले येशूको लाशलाई बेरेको कपडा भेट्टाए, उहाँको शरीर त्यहाँ थिएन । यी कुराको पनि येशू जीवित रहेको प्रमाण दिन्थ्यो । उहाँलाई बेरेर कात्रो त्यसै भुइँमा फालिएको थिएन तर राम्रोसँग पट्याएर एकातिर राखिएको थियो । येशूले यो कपडा पट्याउनुभएको थियो । जसले तारा, अणुहरूको सञ्चालन गर्नुहुन्छ, उहाँका अगाडि सबै कुरा महत्वपूर्ण थिए ।

मरियमसँग पत्रुस र यूहन्ना विश्राम थलोतर्फ फर्किए । जब उनीहरू यरुसलेमतिर लागे, गह्रौं मन लिएर उनी विश्राम थलोतिर गइन, उनले त्यहाँ दुई स्वर्गदूतहरू देखिन्, तिनले उनलाई सोधे " ए नारी तिमी किन रुन्छौ । आँसु झार्दै "कसैले मेरा प्रभुलाई लिएर गएछन्" उनले भनिन् । "उहाँ कहाँ हुनुहुन्छ त्यो मलाई थाहा छैन ।" कसैले उनका प्रश्नको जवाफ दिन्छन् कि भनी उनले यताउता हेरिन् ।

अर्को आवाजले उनलाई सोध्यो, "तिमी किन रोइरहेकी, तिमीले कसलाई खोजेकी ?"

आँसुले भरिएका आँखाले हेर्दा त्यो मानिस बगैंचाको हेरचाह गर्ने व्यक्ति हो भनी उनले सोचिन् । उनले सोधिन्, "के तपाईंले उहाँलाई लैजानुभएको हो ?" "मलाई भन्नुहोस् तपाईंले उहाँलाई कहाँ राख्नुभएको छ ?" "मरियम" त्यो मानिसले उनको नाम भन्नुभयो । येशूले बोलाउने गरी उनलाई कसैले बोलाएको थिएन । उनले फर्केर हेरिन् । नजिकै जीवित येशू उभिइरहनुभएको थियो ।

"गुरु" उनी चिच्याइन् उहाँलाई अँगालो मार्न उहाँतर्फ दौडिन् । तर येशूले उनलाई रोक्दै भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिता कहाँ गएको छैन । तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, मेरो पिता र तिमीहरूका पिता, मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ म गइरहेछु ।" त्यसकारण मरियम खुसीसाथ दौडिएर यो समाचार भन्न गइन् ।

येशूले स्वर्गीय धाममा नगइन्जेलसम्म मानिसहरूका आराधना लिन स्वीकार गर्नुभएन । पिताले उहाँसँग सम्झौता गर्नुभएको थियो कि उहाँले येशूद्वारा आउने सबैलाई स्वीकार गर्नुहुनेछ, जसले उहाँका नियम माने उनीहरूलाई आफ्नै पुत्रलाई जस्तै माया गर्नुहुनेछ ।

येशू पिताको सम्मुख रहँदा, मण्डलीका निम्ति उपहारहरू लिइरहँदा उहाँका चेलाहरू दुःख मनाइरहेका थिए । स्वर्गका निम्ति खुसीयालीको त्यस समय चेलाहरूका निम्ति भने दुःख र द्विविधाको दिन थियो । उनीहरूको विश्वास डुबेको थियो त्यसकारण मरियम र अरूले भनेको कुरामा उनीहरूले

विश्वास गरेनन् । यो समाचार साँचो हुन असम्भव थियो भनी उनीहरूले सोचे । उनीहरूले बलिदानका विषयमा धेरै कुरा सुनेका थिए, मृत्युबाट बौरी उठ्नु भनेको कुरा उनीहरूले बुझेका थिएनन् ।

स्वर्गदूतले ती महिलाहरूलाई भने, "अब जाऊ र येशूका चेलाहरू र पत्रुसलाई येशू तिनीहरूभन्दा पहिला गालिलमा जाँदै हुनुहुन्छ, उहाँले भन्नुभए बमोजिम  तिमीहरूले उहाँलाई देख्नेछन् ।" मर्कूस १६:७

स्वर्गदूतबाट आएको यो समाचारले चेलाहरूलाई विश्वास दिलाउन सक्थ्यो मास्टरको संवादवाहकबाट मात्र यस्ता वचन आउन सक्थे ।

येशूको मृत्युपछि पत्रुसले येशूलाई चिन्न तिन पल्ट इन्कार गरेकोमा दुःखी र पछुताव साथ रहेका थिए । सबैभन्दा  बढी चिन्तामा थियो । पत्रुसको नामै लिएर येशूले उनी स्वीकार गरिएको कुरा बताउनुभयो ।

येशूलाई आफूले देखेका कुरा मरियमले आफ्ना चेलाहरूलाई बताइन्, गालिलमा भएको सभामा यो कुरालाई उनले दोहोऱ्याइन् ।

येशू बौरी उठ्नु भएपछि उहाँले आफ्नो चेलाहरूलाई प्रेम गर्नुहुन्छ भन्ने कुराको विश्वास दिलाउनु उहाँको पहिलो कार्य थियो । उनीहरूलाई उहाँले अझ नजिक खिच्नुभयो । त्यसैकारणले उहाँले तिनीहरूलाई गालिलमा भेट्ने योजना बनाउनुभयो ।

तर चेलाहरूले अझै शंका गरिरहे । जब महिलाहरूले येशूलाई देखेको कुरा सुनाए उनीहरूले अरू नै कुरा देखेको हो भनी भने । उनीहरूले मास्टर मरेको देखेका थिए । उहाँको लाश बेपत्ता थियो र उनीहरूलाई उहाँको शरीर चोरेको अभियोग लगाइएको थियो । उनीहरू विरुद्ध बोलिएको झूठालाई उनीहरूले सच्याउन सक्ने छैनन् भनी उनीहरूले सोचे । उनीहरू पूजारीसँग र भीडसँग डराएका थिए । येशूको उपस्थितिमा रहने चाहना उनीहरूमा थियो तिनीहरूले यी कुराहरू दोहोऱ्याइरहे, "उहाँले इस्रायललाई मुक्त गराउनु हुन्छ भनी हामी आशा गर्छौं । लूका २४:२१ । एक्लै चिन्तित भएर उनीहरू घरको माथिल्लो तलामा जम्मा भए, आफ्ना मालिकको भाग्य जस्तै उनीहरूको पनि होला भनी उनीहरूले सोचेका थिए । यो सबै समय उनीहरूले येशू बौरी उठ्नु भएकोमा उत्सव मनाउन सक्थे ।

आजभोलि पनि यस्तै मानिसहरू धेरै छन् । येशू उनीहरूका नजिकै हुनुहुन्छ, तर आँसु भरिएका आँखाले उहाँलाई देख्दैनन् । उहाँले कुरा गर्नुहुन्छ तर तिनीहरू बुझ्दैनन् ।

येशूका चेलाहरूलाई स्वर्गदूतले जे भनेका थिए त्यही कुरा हामीले सुन्नु र बुझ्नुपर्छ । "छिट्टै जाऊ र उहाँ जनलाई उहाँ जीवित भएका कुरा भन ।" रित्तो चिहानको वास्ता नगर । संसारभरि यी कुराहरू गुञ्जिऊन्, येशू

बौरी उठ्नुभएको छ ।" उहाँ जीवित हुनुहुन्छ र स्वर्गमा पिताको अगाडि हाम्रो प्रतिनिधित्व गरिरहनुभएको छ ।

# ८३ इम्माउसको बाटो

*"तिमीहरू हिँड्दै आपसमा के बहस गरिरहेका छौ ?"*
*लूका २४:१७*

पुनर्उत्थान भएको दिनको साँझपख यरुसलेमको नजिकैको सानो सहर इम्माउसतिर जाने बाटोमा येशूका दुई चेलाहरू हिँडिरहेका थिए । उनीहरू निस्तार पर्वका निम्ति आएका थिए र जे जति घटना घटे त्यस विषयमा उनीहरू चिन्तित थिए । दुवैले येशूको शरीर गायब भएको कुरा र महिलाहरूले स्वर्गदूत देखेका र येशूसँग कुरा गरेका भनी सुनेका थिए । उनीहरू घरतिर फर्कँदाको मुख्य विषय त्यही रहेको थियो । उनीहरू पहिला द्विविधामा परेका थिएनन्, निराश भएका थिएनन् ।

तिनीहरू हिँड्दै गर्दा अर्का एक अपरिचित व्यक्ति उनीहरूसँग हिँड्न थाले । उहाँ येशू नै हुनुहुन्थ्यो तर आफ्नै दुःखमा भुलेका हुनाले उनीहरूले येशूलाई राम्रोसँग हेरेनन् । उनीहरूले कुराकानीलाई निरन्तरता दिए, येशूले दिनुभएको शिक्षा नबुझेर छक्क परिरहेका थिए, जसले यस्तो लज्जा सहनुभयो के उहाँ साँच्चै मसीह हुनुहुन्थ्यो ? उनीहरूले बोल्दै गर्दा उनीहरूका आँसु झरे ।

येशूले तिनीहरूलाई सान्त्वना दिन चाहनुहुन्थ्यो, तिनीहरूको आँसु पुछिदिन चाहनुहुन्थ्यो, उनीहरूका मनलाई खुशीले भरिदिन चाहनुहुन्थ्यो । तर पहिला उनीहरूको कहिल्यै नबिर्सने पाठ सिकाउन चाहनुहुन्थ्यो । तिनीहरू हिँड्दै आपसमा "के बहस गरिरहेका छौ ?" उहाँले सोध्नुभयो दुवै टक्क अडिए । क्लिओपास भन्ने जवाफ दिए "यरुसलेममा यस्तो घटनाको विषयमा नजान्ने व्यक्ति तपाईं मात्र हुनुहुन्छ होला ।" तब तिनीहरूले आफ्ना गुरुका विषयमा बताउ । उहाँ एक अगमवक्ता हुनुहुन्थ्यो उहाँले धेरै शक्तिशाली कार्यहरू गर्नुभयो । हाम्रा अग्रजहरूले मार्नका निमित्त रोमीहरूको हात सुम्पिदिनुभयो । उहाँले इस्रायललाई स्वतन्त्र गराउनु हुनेछ भनी हामीले सोचेका थियौं, आज त्यो घटना घटेको तेस्रो दिन भयो । उनीहरूले येशू तेस्रो दिनमा बौरी उठ्नेछु भनी भन्नुभएको कुरा सम्झेनन्, पूजारी र अगुवाहरूले त्यसलाई बिर्सन सकेनन् ।

# येशूले वचन व्याख्या गर्नुहुन्छ

तब येशूले भन्नुभयो, “ए अबुझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएका छन् कि अगमवक्ताले भनेका कुराहरू विश्वास गर्दैनौ ? के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र ? लूका २४:२५,२६

ती मानिसहरू छक्क परे । यस्तो दया र प्रेमसहित बोल्ने को होला ? पहिलो पटक उनीहरूमा आशा पलाएर आयो । अब उनीहरूले आफूसँग यात्रा गरिरहेको मानिसलाई राम्रोसँग हेर विचार गरेको येशूले मात्र यस्ता कुराहरू गर्न सक्नुहुन्थ्यो ।

मोशा र बाइबलको इतिहासदेखिका कुरा देखाएर येशू वचनले कसरी उहाँलाई संकेत गरिरहेको छ त्यो कुरा बताइदिनुभयो । यदि पहिला नै उहाँ को हुनुहुन्छ भनी बताइदिएको भए, उनीहरूले उहाँका कुरा सुन्ने थिएनन् । तर विश्वास बढाउनका निम्ति पुरानो नियमका अगमवाणीका कुरा बुझ्नु आवश्यक थियो । येशूले उनीहरूको विश्वास बढाउन कुनै चमत्कारयुक्त कार्य गर्नुभएन उहाँले पवित्र वचनबाट विश्वास बढाउनुभयो । अगमवाणीका लेखक उनीहरूलाई देखाउनुभयो र भन्नुभयो कि उहाँको मृत्यु नै उहाँ मसीह हुनुहुन्छ भन्ने प्रमाण थियो ।

येशूले पुरानो नियममा मसीहका विषयमा उहाँको कार्य कति महत्वपूर्ण तरिकाले देखाएको छ भनी हामीलाई देखाउनुहुन्छ । नयाँ नियमको जस्तै पुरानो नियममा पनि उहाँको महत्वका विषयमा बताइएको छ । पुरानो नियमको इतिहासले र नयाँ नियमको इतिहास येशूले गर्नुभएका अचम्मका कार्यभन्दा गहिरो प्रमाण दिन्छ ।

अरू चेला जस्तै यी दुई चेलाहरूले येशूले सिंहासन लिनुहुनेछ र राजा बन्नुहुनेछ भन्ने धारणा लिइराखे । मसीहले दु:ख पाउनुपर्ने कुरा बुझ्नुपर्ने थियो । संसार बन्नुभन्दा पहिला गरिएको सम्झौता, जुन उनीहरूले देखे, त्यहीअनुसार भएको थियो । मसीह मर्नुपर्ने थियो । यी सब हुनुपर्ने कुराहरू थियो । तर येशू विजयी हुनुपर्ने थियो । महिमामा मात्र विजय उहाँको हुनुपर्ने थियो । मानिसलाई बचाउन हरेक उपाय गरिनुपर्छ भनी येशूले तिनीहरूलाई भन्नुभयो । उहाँका चेलाहरूले उहाँको जीवन जस्तै जीवन जिउन, उहाँले गरेको जस्तो निरन्तर काम गर्ने गर्नुपर्छ ।

यसरी येशूले ती चेलाहरूसँग कुराकानी गर्नुभयो । वचन बुझ्न मद्दत गर्नुभयो । तर अझै पनि आफूहरूसँग यात्रा गरिरहने साथी को हो भनि उनीहरूले चिन्न सकेनन् किनकि आफू अर्कै व्यक्ति भए जसरी येशूले कुरा गरिरहनु भएको थियो । पहाडको उकालो चढ्दै गर्दा उहाँ होसियार साथ हिँड्नुभयो र उनीहरूले आराम लिएका समय आराम लिनुभयो ।

सूर्य अस्ताउन लागेका थिए, खेतमा काम गर्ने घरतिर फर्कन लागेका थिए । जब उनीहरू इम्माउस पुगे येशू अझ अगाडि जसरी हिँड्न लाग्नुभयो, तर ती चेलाहरूले अरू सुन्न चाहेका थिए, “हामीसँग आएर बस्नुहोस्” उनीहरूले कर गरे । उनीहरूले अरू कर गर्दै भने, “दिन बितेर साँझ पर्दैछ, हामीसँगै बस्नुहोस् । येशू उनीहरूसँगै बस्नुभयो ।

यदि उहाँलाई कर गरेर घर नल्याएको भए उनीहरूसँग हिँड्ने मानिस स्वयं मुक्तिदाता हुनुहुन्थ्यो भनी तिनीहरूले कहिल्यै बुझ्न सक्दैनथे । येशूले कसैलाई कर गर्नुहुन्न, उहाँ दीनहरूका घरमा खुशीसाथ पस्नुहुन्छ तर यदि मानिसहरू व्यस्त छन् र उहाँको कुरालाई त्यति ध्यान दिएका छैनन् भने उहाँ त्यहाँबाट जानुहुन्छ ।

येशू पाहुना भएर खानाको टेबुलमा बस्नुभयो, जब साधारण तयार भयो उहाँले आफूले पहिला गरेजस्तै गरेर दुई हात जोडेर प्रार्थना गर्नुभयो । चेलाहरू छक्क परे । उनीहरू राम्रोसँग हेर्दा येशूको हातमा किलाको डोब देखे । दुवै जना एकै साथ कराए, उहाँ येशू हुनुहुन्छ ।

उनीहरू उठेर येशूको पाउमा पर्न खोजे तर उहाँ हराइसक्नुभएको थियो । उहाँ बसेको रित्तो मेच हेर्दै उनीहरू आपसमा भन्न लागे, “हामीले उहाँलाई चिन्नु पर्ने । उहाँले धर्मपुस्तकका विषयमा कुरा गर्दा हाम्रा हृदयले किन बुझेनन् ?”

उनीहरूले भोक, थकाइ सबै बिर्से । उनीहरूले आफ्ना खाना टेबुलमा नै छोडे जुन बाटो आएका थिए त्यही यरुसलेममा गएर, येशूका चेलाहरूलाई यो खबर भन्न उनीहरू गए । उनीहरू दौडँदै गए, अँध्यारो भए तापनि उनीहरू लड्दै पड्दै अगाडि बढ्न थाले । उनीहरूको साथी त्यहाँ नदेखिए तापनि उहाँसँगसँगै हिँडिरहनुभएको थियो ।

रात अँध्यारो थियो, तर धार्मिकताको सूर्य तिनीहरूमा चम्किरहनु भएको थियो । संसार नौलो भएको थियो, प्रतिज्ञाले भरिपूर्ण भएको थियो । “येशू जीवित हुनुहुन्छ” भनेर बारबार तिनीहरूले दोहोर्‍याइरहे । इम्माउसको बाटोमा घटेको अचम्मको समाचार अरूलाई बताउनु थियो । उनीहरूले एकदम महत्वपूर्णको समाचार लैजाँदै थिए - खुसीको समाचार सबै समय मानिसको परिवारलाई आशासहित राखेको छ । येशू जिउँदो हुनुहुन्छ ।

# ८४ येशू चेलाहरुकहाँ देखापर्नुहुन्छ

*"तिमीहरू किन विचलित हुन्छौ र तिमीहरूका हृदयमा किन शंका उत्पन्न हुन्छ ? मेरा हात र मेरा पाउ हेर । म नै हुँ, मलाई छोएर हेर ।" लूका २४,३८,३९*

जब ती चेलाहरू यरुसलेम पुगे, उनीहरू साँघुरो गल्लीलाई पार गरे र येशूले अन्तिम भोज खाएको कोठामा पुगे । त्यही ठाउँमा चेलाहरू लुकेर बसेका थिए । उनीहरूले ताल्चा मारिएको ढोका घचघच्याए, तर जवाफ पाएनन् । अन्तमा उनीहरूले नाम काढेर बोलाएर कसैले ढोका खोलिदियो । जब उनीहरू भित्र पसे, उनीहरूले नदेखेको साथीसँग भित्र पस्नु भयो । चियो गर्ने मानिसबाट बचाउन ढोकामा फेरि ताल्चा लगाइयो ।

दुई जना चेलाहरू कराउन लागे, "प्रभु जीवित हुनुभएको छ, उहाँ पत्रुस कहाँ देखापर्नुभएको छ ।" अझै स्वाँः फ्वाँः गर्दै ती चेलाहरूले भने, अकस्मात् तिनीहरूको माझमा अर्को मानिस उभिनुभयो । ढोका घचघच्याइएको थिएन, पद चाप थिएन । तर उहाँ त्यहाँ उभिनुभयो ।

चेलाहरूले अचम्म माने, के विचार गर्ने भनी सोच्न सकेनन् । तब उहाँ को हुनुहुन्छ भनी उनीहरूले चिने, उहाँ तिनीहरूको अगुवा, गुरु र साथी हुनुहुन्थ्यो । येशूले भन्नुभयो, "तिमीहरूमा शान्ति होस् ।" तर तिनीहरू डराएका थिए । कोही चाहिँ भूत हो भनी साह्रै डराएका थिए । येशूले भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ र तिमीहरूका हृदयमा किन शंका उत्पन्न हुन्छ ? मेरा हात र मेरा पाउ हेर । म नै हुँ । लूका २४:३८,३९

त्यसपछि उहाँले आफ्ना हात र खुट्टाका चोटहरू देखाउनुभयो । उनीहरूले विश्वास गर्न गाह्रो मानिरहेको समयमा येशूले सोध्नुभयो, "के खाना छ ।" कसैले उम्लिएको माछा ल्याएर दियो, येशूले त्यो खानुभयो ।

अन्तमा यो कुरा साँचो हो भनी चेलाहरूले विश्वास गर्न थाले । विश्वासले शंकालाई जित्यो । येशू जीवित हुनुहुन्थ्यो । उहाँ वास्तवमा मृत्युबाट बौरी उठ्नुभएको थियो ।

चेलाहरूले येशूको आवाज, उहाँको अनुहार र उहाँको चालढाललाई चिने । उहाँका विश्वासीहरू जब पिता ब्यूँताउनेछन् । हामीले यसै गरेर उनीहरूलाई चिन्नेछौँ । उनीहरूको महिमित शरीर र उनीहरूको आवरण उस्तै हुनेछ ।

येशूले चेलाहरूलाई आफूले पहिला भनेका कुराको स्मरण गराउनुभयो । उहाँले तिनीहरूका आँखा उघारी दिनुभयो र धर्मशास्त्रमा

लेखिएका कुराहरूलाई उनीहरूले बुझ्न सके ।" यसो लेखिएको छ कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ । अनि यरुसलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप क्षमाको प्रचार हुनुपर्दछ । तिमीहरू यिनै कुराको साक्षी छौ ।" लूका २४,४६-४८

चेलाहरूसँग संसारमा बाँड्नुपर्ने कुराहरू धेरै थिए । येशूको जीवनको कथा, मृत्युको पुनर्उत्थानको, येशूलाई संकेत गर्ने भविष्यवाणीहरू परमेश्वरको नियमको पवित्रता, मुक्तिको उपायको अचम्मको कार्य र येशूले पाप क्षमा गर्ने कुरा ।

"अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो "पवित्र आत्मा लेओ, जसका पापहरू तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पापहरू तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन ।" यूहन्ना २०:२२,२३ शक्तिशाली प्रकारका पवित्र आत्मा चाहिँ येशू स्वर्ग गइसकेपछि आउने थियो । यो पवित्र आत्मा दिएर येशूले कार्यहरू सुरु गर्दा पवित्र आत्माको कति धेरै आवश्यक छ भन्ने कुरा बताउनुभयो ।

पवित्र आत्मा हामीलाई दिनु भनेको येशूको जीवन दिनु बराबर हो । यसले हामीलाई चरित्र दिन्छ । जसको जीवनमा पवित्र आत्मा छ, जसले येशूको जीवनलाई प्रकाशित गर्छन् उनीहरूले मात्र परमेश्वरको मण्डलीलाई अगुवाई गर्न सक्छन् ।

येशूले न्याय गर्ने र पाप क्षमा गर्ने अधिकार अरूलाई दिनु भएको थिएन । त्यो परमेश्वरको अधिकार हो । संस्थाको रूपमा मण्डली हरेक मानिसको निम्ति जिम्मेवार हो । मण्डलीलाई उसका परिवारहरू बचाउने कर्तव्य छ, यसका मानिसहरू पापपूर्ण बानीमा झरे भने सपार्ने कर्तव्य हो, चेतावनी दिएर बानी सुधार गरेर येशूसँगको बलियो सम्बन्धमा ल्याउने कर्तव्य हो । झूठा बोल्ने, सबाथ नमान्ने, चोर्ने आदि दुष्ट्याइँहरूमा चर्चले प्रष्ट भन्नुपर्छ । यदि सदस्यहरू पाप गर्दै जान्छन् भने उनीहरूलाई पापको बदलामा दिइने दण्ड स्वर्गमा लेखिनेछ । यस्ता कामहरू मण्डलीमा स्वीकार्य छैनन्, यसले परमेश्वरमा शरम ल्याउँछ ।

येशूद्वारा मात्र पाप क्षमा गराइन्छन् । कुनै संस्था र मण्डलीलाई मानिसका दोषहरू हटाउने शक्ति दिइएको छैन, येशूले मात्र सक्नुहुन्छ । अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूका अर्को कुनै नाउँ दिइएको छैन ।" प्रेरित ४:१२

# शंकालु थोमस

जब येशूले आफ्ना चेलाहरूलाई माथिल्लो तलाको कोठामा पठाउनुभयो, त्यसबेला थोमस त्यहाँ थिएनन् । उनले अरूबाट येशूको विषयमा सुनेका थिए, तर उनको हृदयमा अझ पनि शंका र धमिलोपन थियो । यदि येशू बौरेर उठेको भए तापनि यस पृथ्वीमा उहाँको राज्य स्थापित हुने कुनै आशा थिएन । सबैसँग देखे तापनि उस कहाँ मात्र येशू देखा नपर्नुभएको कारणले उसको चित्त दुखेको थियो । थोमसले विश्वास नगर्ने निश्चय गरे र पूरा हप्ताभरि उनी दिग्दार बसे । बारम्बार थोमस भन्दथे र "उहाँका हातका किलाको डोबमा जबसम्म म मेरा औंला हाल्दिनँ र उहाँको कोखाको खत देख्दिनँ म विश्वास गर्नेछैन ।" उनलाई भनेको कुरामा विश्वास थिएन । थोमसले प्रभुलाई माया गर्थे तर यो समय डाह र शंकाले उनको मनलाई बसमा पारेको थियो ।

एक साँझ थोमस अरू चेलाहरूसँग सधैं भेट गरिने माथिल्लो तलाको कोठामा भेट हुने सहमत भए । सुसमाचार साँचो होला भनी उनलाई अलिअलि आशा थियो । उनीहरूले खाँदै गर्दा, येशूले बोल्नु भएका अगमवक्ताका कुराहरूमा कुरा गर्दै थिए । अकस्मात् ढोका बन्द भए तापनि येशू त्यस कोठामा देखा पर्नुभयो र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस् ।"

तब उहाँ थोमसतिर फर्कनुभयो, "मेरा हातहरू हेर, आफ्ना औंलाले यिनलाई छोऊ । मेरो कोखामा रहेको खतमा हात हाल । शंका नगर, विश्वास गर ।"

थोमसलाई थाहा थियो कि, उसले शंका गरेको कुरा येशूलाई कसैले पनि भनेको थिएन । उनको विचारलाई येशूले बुझ्नुभएको थियो । हृदयमा खुशी भरिएर उनी उफ्रिए र येशूको कोठामा परी भने, "मेरा प्रभु, मेरा परमेश्वर ।"

येशूले थोमसका भनाइ स्वीकार गर्नुभयो तर उनको अविश्वासलाई हकार्नुभयो । "तिमीले मलाई देखेका कारणले विश्वास गर्‍यौ । धन्य हुन् तिनीहरू जसले देखेका छैनन्, र पनि विश्वास गर्दछन् ।" यूहन्ना २०:२१ । यदि हामी थोमस जस्ता भयौं भने कसैले पनि विश्वास गर्ने छैनन्, किनकि हामी सबैले दोस्रो व्यक्तिबाट उहाँको विषयमा सुनेका हौं । थोमसले जस्तै शंका निवारण गर्न खोज्नेले उनीहरूको प्रश्नको जवाफ कहिल्यै पाउने छैनन् । विश्वास गरेको कुरामा शंका अवश्य रहनेछ । तर जब उनीहरूलाई परमेश्वरमा विश्वास नगरी नहुने बेला आउँछ त्यसबेला आशा गर्न र विश्वास असमर्थ रहेको पाउँछन् ।

येशूले थोमसलाई जस्तो व्यवहार गर्नुभयो त्यस्तै व्यवहार हामी खुला रूपमा येशूप्रति शंका गर्नेलाई गर्न सक्छौं । थोमसको जस्तो मागमा येशूले

उसलाई चित्त बुझ्दो गरेर, देखाइदिनुभयो । शंकामा केही मात्र वादविवाद गर्न सकिन्छ । शंका गर्ने व्यक्तिले, प्रेम र दयामा पूर्ण येशू, मुक्तिदातालाई हेर्नुपर्छ ।

# ८५ तालको छेउमा फेरि देखापर्नुहुन्छ

*"येशूले भन्नुभयो, मेरा भेंडाको हेरचाह गर ।"*
*यूहन्ना २१:१६*

येशूले चेलाहरूलाई गलिलमा भेट्ने योजना गर्नुभयो । निस्तार चाडको बेला यरुसलेम सहर छोडेको भए यहूदी विश्वास नमानिएको भनी उनीहरूलाई दोष लगाउन सकिन्थ्यो । तर जब हप्ता सिद्धियो उनीहरू येशूले भनेको स्थान, तिनीहरूको घरतिर खुसी हुँदै गए ।

सातजना चेलाहरू सँगसँगै यात्रा गरिरहेका थिए । तिन वर्षसम्म उनीहरूले संसारको शिक्षाबाट सिकेका थिए । उनीहरू बुद्धिमान् भएका थिए र निपुर्ण शिक्षक भएका थिए जसले अरूलाई सच्चाइ जान्न अगुवाइ गर्नेछन् । आफूलाई नोक्सान नगर्ने ठाउँमा चेलाहरू जम्मा भए । यहाँबाट त्यो समुद्रको किनार देख्न सकिन्थ्यो, जहाँ येशूले हजारौंलाई केहि रोटी र माछा खुवउनुभएको थियो । कफर्नहुम, जहाँ येशूले धेरै अचम्मका कार्य गर्नुभएको थियो, त्यो पनि टाढा थिएन ।

उनीहरू गरिब भए तापनि अनुभव र सत्यताको ज्ञानमा धनी थिए । माछा मार्न रमाउने पत्रुसले तलाउमा गएर जाल हान्ने विचार राखे । राती गरिएको सफल माछा मार्ने कामले तिनीहरूलाई कपडा किन्न र अरू थोक टार्न मद्दत गर्ने थियो । त्यसकारण तिनीहरू माछा मार्न निस्के तर केहि समाउन सकेनन् । पट्टाइलाग्दा घडीमा उनीहरूले येशूबारे कुरा गरे । उनीहरूको भविष्य दिग्दार लाग्दो र द्विविधायुक्त थियो । बिहान हुन लागेको समय तलाउको किनारमा डुङ्गा थियो । किनाराबाट एकजना अपरिचित मानिसले उनीहरूलाई बोलाउँदै सोधे "साथीहरू तिमीहरूले माछा समात्यौ ?" "छैन" उनीहरूले जवाफ दिए । "त्यो जाल दायाँपट्टि हाल" उहाँले भन्नुभयो, "तब तिमीहरूले माछा समात्न सक्नेछौ ।" उनीहरूले त्यस्तै गरे, र अकस्मात् माछाले जाल यति भरिए कि उनीहरूले डुङ्गामा राख्न सकेनन् । यूहन्नाले अपरिचितलाई चिने, "उहाँ परमेश्वर हुनुहुन्छ ।" उनले पत्रुसलाई भने । पत्रुस यति खुसी भए कि उनी पानीमा हाम्फाले र येशू भएको ठाउँतिर पौडी खेलेर जान लागे । अरूहरूले माछाले भरिएको जाल तान्दै किनारातिर खिच्न लागे । उनीहरू त्यहाँ आउँदा रातो कोइला बलिरहेको देखे, माछाको साथमा केहि रोटी पनि थियो ।

येशूले भन्नुभयो तिमीहरूले समातेका केहि माछा यहाँ ल्याओ । "पत्रुसले माछाले भरिएको जाल किनारामा ल्याए । यति काम सकेपछि येशूले

पकाइएका खाना हरेकलाई पस्कनुभयो । सातै जनाले उहाँलाई चिने । तर खाउन्जेलसम्म उनीहरू चुपचाप थिए ।

येशूले उनीहरूलाई जाल हान्ने ठाउँबाट बोलाएको समय याद दिलाइयो । माछा मार्ने जाललाई छोडेर मानिस समात्ने काम दिने प्रतिज्ञा गर्नुभयो । उहाँको मृत्युले तिनीहरूलाई गर्नु भन्ने कार्यका बीचमा केहि परिवर्तन ल्याएको थिएन । बौरी उठ्नुभएको मुक्तिदाताले उनीहरूको आवश्यकता पूरा गर्नुहुने थियो । यदि तिनीहरूले उहाँका निम्ति कार्य गरेमा उनीहरू असफल हुने थिएनन् ।

अब येशूसँग सिकाउनु पर्ने अर्को पाठ थियो । जब पत्रुसले येशूलाई इन्कार गरे उनले आफैलाई शरममा पारेका थिए, येशूलाई अपमान गरेका थिए । अरूहरूले पत्रुस नयाँ मण्डलीको अगुवा बन्न पाउने छैनन्, उनी प्रेरित भनिने छैनन् भनी सोचेका थिए । पत्रुसले पनि विश्वास गरिनेछैन भनी सोचे ।

पत्रुसले आफू पूर्ण रूपले बदलिएको र पश्चात्ताप गरेको भनेर एउटा प्रमाण देखाउनुपर्ने थियो । अरूहरूको विश्वास जित्न येशूले पत्रुसलाई मौका दिन लाग्नु भएको थियो । येशूको नाममा गरेको बदनाम सच्चाउनुपर्ने थियो ।

यो सबै इसाइहरूका निम्ति पाठ हो । गुप्तका पापहरू परमेश्वरका स्वीकार गरिनुपर्छ, समुदायमा गरिएका पाठहरू समुदायमा स्वीकार गरिनुपर्छ । आफूले प्रायश्चित्त गरेर पत्रुसले सम्बन्ध सुधार्न सक्थे । सबै खाँदै थिए येशूले पत्रुसलाई सोध्नुभयो, “सिमोन, के तिमी मलाई अरूहरूले गर्नेभन्दा ज्यादा प्रेम गर्छौ ?”

शान्त स्वरमा पत्रुसले जवाफ दिए, “ज्यू, प्रभु म तपाईंलाई प्रेम गर्छु भनी तपाईंलाई थाहा छ ।”

येशूले भन्नुभयो, “मेरा भेंडालाई खुवाऊ”, तब फेरि उहाँले सोध्नुभयो “सिमोन, के तिमी मलाई प्रेम गर्दछौ ?” पत्रुसले जवाफ दिए, हो प्रभु म तपाईंलाई प्रेम गर्छु ।”

येशूले भन्नुभयो “मेरा भेंडाहरूको हेरचाह गर ।” तब अर्को चोटि उहाँले प्रश्न गर्नुभयो, “सिमोन, के तिमी मलाई माया गर्छौ ?” पत्रुस दु:खित भए उहाँले तेस्रो पल्ट पनि त्यही प्रश्न सोधिरहनुभएको थियो । एकचोटि फेरि येशूले भन्नुभयो, “मेरा भेंडाहरूलाई खुवाऊ ।”

पत्रुसले येशूलाई मानिसहरूका सामु इन्कार गरेका थिए । यसबेला सबैका सामु येशूले तिन चोटि त्यही प्रश्न गर्नुभयो । अरूका सामु पत्रुस कति दु:खित थिए र उनी बदलिएका थिए भनी येशूले देखाउनुभयो । उनले आफैलाई विनम्र बनाएका थिए, पश्चात्ताप गरेका थिए त्यसैले उनी येशूले छोडेर गएपछि त्यस झुण्डलाई रखवाली गर्न आफैलाई तयार पारेका थिए ।

येशूले पत्रुसलाई दिनुभएको पहिलो काम, “भेंडालाई खुवाउनु थियो, नयाँ विश्वासीहरू धर्मशास्त्र खोलिदिनु र त्यहाँबाट शिक्षा दिनु थियो । उनका आफ्नै गालिलहरू र पश्चात्तापको यस कार्यका निम्ति तयार बनाएको थियो । पतन अगाडि पत्रुस अरूलाई ठीक बाटोमा ल्याउन र बोल्नलाई पहिला हुने गर्दथे । तर विनम्र र बदलिएको पत्रुस भिन्ने भए । उनीसँग त्यही जाँगर थियो तर उनलाई येशूले नियन्त्रण गर्नुभएको थियो । उनी “भेंडा र उसका बच्चाहरूलाई खुवाउन नियन्त्रण गर्नुभएको थियो । उनी “भेंडा र उसका बच्चाहरूलाई खुवाउन तयार थिए ।

पत्रुसलाई जस्तै अरू चेलाहरूलाई पनि येशूले पापीहरूलाई धैर्यसाथ सहानुभूति साथ, क्षमासहितको प्रेमले व्यवहार गर्नु भनी सिकाउनुभयो । आफ्ना कमजोरीहरूलाई सम्झना राखेर येशूले गरे जस्तै पत्रुसले झुण्डलाई व्यवहार गर्ने थिए ।

## पत्रुसको भविष्य

येशूलाई पक्रनु अगाडि परिआयो भने येशूका निम्ति मर्न पनि तयार रहेको कुरा बताएका थिए । तर उनी येशूका निम्ति खडा रहन पनि चुके । कुनै दिन उनको प्रेम प्रमाणित गर्ने अर्को अवसर आउनेछ । अन्तिम परीक्षामा तयार रहनका निम्ति येशूले उनका भविष्यका विषयमा कुरा गर्नुभयो । मुक्तिदाताको निम्ति काम गरिसकेपछि पत्रुसले येशूका निम्ति मर्ने मौका पाउने थिए । तर जब तिमी बूढा हुनेछौ तिमीले आफ्ना हात पसार्नेछौ, अरूले तिम्रो पटुका बाँधिदिनेछन् र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ । यूहन्ना २१:१८ । पत्रुसका हातहरू क्रुसमा फैलने येशूले देख्नुभयो । एकपटक फेरि आफ्ना चेलालाई उहाँले “मेरोपछि लाग” भन्नुभयो ।

यो सुनेर पत्रुसलाई हतोत्साह भएन । आफ्ना प्रभुका निम्ति जे सहन पनि सहमत भएको अनुभव गरे । पहिला उनले येशूलाई मानिसको जस्तो प्रेम गरेका थिए, अब परमेश्वर जस्तो प्रेम गर्ने भए । जीवनको अन्तिम समयतिर जब उनी क्रुसमा टाँग्नका निम्ति लगिए, उनले आफूलाई उँधो मुन्टो लगाएर झुण्ड्याइयोस् भनी मागे । आफ्नो मालिक जस्तो गरेर क्रुसमा मर्नु अति सम्मानजनक र उनका निम्ति अनुपयुक्त हुनेछ भनी उनले सोचे ।

पहिला जहिले पनि परमेश्वरका योजनाहरू उहाँले बनाउनुभन्दा पनि आफै बनाउने गर्थे । येशूले भन्नुभयो, “मेरो पछि लाग, मेरो अगाडि नदौड, मलाई तिम्रो अगाडि जान देऊ र तिमीले सैतानसँग हार खानुपर्ने छैन ।”

पत्रुस येशूसँग समुद्रको किनारामा हिँडिरहेको समय पत्रुसले यूहन्नालाई उनीहरूले पछि आउँदै गरेको देखे । पत्रुसले सोधे, “प्रभु यिनको चाहिँ के हुने ?”

येशूले टाउको हल्लाउँदै जवाफ दिए, “म नआएसम्म तिमी पर्खिरहनु भनी म चाहन्छु, त्यो तिम्रो मतलबको कुरा होइन, तिमी मेरा पछि लाग । येशूले यूहन्ना उहाँको दोस्रो आगमनसम्म जीवित रहून् भनेर भन्नु भएन । यदि यस्तो हुने भए तापनि त्यसले पत्रुसको कामलाई असर गर्ने थिएन । आज धेरै मानिसहरू आफ्नो काममा भन्दा अरूको कार्यमा चासो राख्ने गर्दछन् । हामीले येशूलाई मात्र हेर्ने, मात्र उहाँलाई पछ्याउने गर्नुपर्दछ । उहाँलाई हेरेर हाम्रो जीवन बदलिन सक्छ ।

यूहन्नाले येरुसलेम ध्वस्त बनाइएको मन्दिर नाश भएको देखे । जीवनको अन्त्यसम्म उनले येशूलाई विश्वास साथ पछ्याइरहे ।

पत्रुस प्रेरित कहलिए । पत्रुसलाई नयाँ चर्चको जिम्मा दिइएन । उनी प्रभावकारी अगुवा थिए । तर येशूले तलाउको किनारामा दिएको शिक्षा उनको जीवन भर रह्यो । पछिबाट उनले लेखेका पत्रहरूमा उहाँका भेंडाहरूलाई कसरी हेरचाह गर्ने भन्ने विषयमा जानेको कुरा बताएका छन् । उनले भने, “तिमीहरूको अधीनमा रहेकाहरूमाथि अधिकार जमाएर होइन तर बगालको निमित उदाहरण भए, र जब मूल गोठालो प्रकट हुनुहुनेछ तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ । १ पत्रुस ५:३,४

# ८६ गालिलमा प्रतिज्ञा

*"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।"*
*मर्कूस १६:१५*

आफ्नो स्वर्गको सिंहासनमा फर्केर जानुभन्दा पहिला उहाँले आफ्ना चेलाहरूलाई काम दिनुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।" धेरै पटक उहाँले यी कुरा भन्नुभएको कारणले गर्दा यी कुरा एकदम महत्वपूर्णका हुन् भनी हामी मान्न सक्छौँ । "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।" मर्कूस १६:१५ स्वर्गको ज्योति सारा मानिसमा राम्रोसँग चम्कनुपर्छ ।

यो कार्यमा पहिला माथिल्लो तलाको कोठामा बाह्र जनालाई दिइएको थियो, अहिले यो कार्य धेरैजनालाई पठाइएको छ । गालिलको डाँडामा जम्मा भएको यो समूहले सारा संसारका विश्वासीहरूलाई बुझाउँदछ । यो प्रतिज्ञा येशूको मृत्युमा शोक मनाइरहेकाहरूमा पनि पुग्यो, चारै दिशाबाट मानिसहरू आए ।

जब सम्बोधन गर्ने समय आयो, त्यहाँ डाँडामा पाँच सय जति मानिसहरू उभिइरहेका थिए, येशूको पुनर्उत्थान भएको देखेका मानिसहरूबाट उनीहरू सुन्न चाहन्थे । चेलाहरू सबै समूहमा भ्रमण गरे, उनीहरूले के देखेका थिए र येशूबाट के सुनेका थिए ती सब कुरा बताए ।
अकस्मात् येशू तिनीहरूका माझमा उभिनुभयो । उहाँ त्यहाँ कसरी पुग्नुभयो, कहाँबाट आउनुभयो, भन्ने विषयमा कसैले भन्न सकेनन् । त्यहाँको भीडका मानिसहरूमध्ये धेरैले येशूलाई पहिलो पल्ट देखेका थिए जब येशूलाई क्रूसमा टाङ्दा खेरीको चोटहरू देखेपछि उहाँलाई मुक्तिदाता भनी माने र उहाँको आराधना गरे ।

तर कसैले अझै उहाँलाई शंका गरे । येशूलाई शंका गर्ने र विश्वास गर्न गाह्रो मान्ने मानिसहरू सधैँ हुनेछन् ।

आफ्नो पुनर्उत्थानपछि धेरै जना विश्वासीहरूसँग बोलेको यही समय थियो । मृत अवस्थामा चुपचाप रहेका ओठबाट वचन सुन्दा मानिसका हृदय प्रफुल्लित भएका थिए । जब उहाँले स्वर्ग र पृथ्वीको शक्ति उहाँलाई

दिइएको छ भनी भन्नुभयो उनीहरू धेरै उत्साहित भए, उहाँको महिमा र गौरव हेर्न चाहे ।

येशूका वचनले उहाँको मानिसलाई दिइएको बलिदानपूर्ण भएको र संसारमा उहाँले गर्नुपर्ने काम पूरा भएको कुरा बताउनुभयो । उहाँ परमेश्वरको सिंहासनमा जाने क्रममा हुनुहुन्थ्यो । हाम्रो निम्ति मध्यस्थताको काम उहाँले सुरु गर्नुभएको थियो । आफ्नो असीमित शक्ति र अधिकारमा उहाँले काम दिनुभयो, यसकारण जाओ, र सबै देशका जातिलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेमा सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।" मत्ती २८:१९,२०

उहाँका चेलाहरूले सबै देशका मानिसका निम्ति विश्वास दिनु थियो । येशूले सांसारिक राजनीतिका राज्य होइन आत्मिक राज्य बनाउने कुरालाई बताउनुभएको थियो । मसीह अस्वीकार गरिनु, मारिनु र तेस्रो दिनमा बौरी उठ्ने कुरा भविष्यवाणीमा बताएअनुसार पूर्ण हुन आएका थिए भनी सबै कुरा बताउनुभयो ।

येशूले चेलाहरूलाई उहाँले छोड्नुभएको काम यरुसलेमबाट सुरु गरेर सबै ठाउँमा पुऱ्याउन अह्राउनुभयो । यरुसलेम मानवका लागि गरिएको बलिदानको ठाउँ थियो । थोरै मानिसहरूले मात्र येशू उनीहरूका साथमा भएकाले स्वर्ग नजिक भएको कुरा बुझे । यरुसलेमबाट येशूका चेलाहरूले काम सुरु गर्नुपर्ने थियो ।

काम सुरु गर्नका निम्ति अरू ठाउँ पनि त्यहाँ हुन सक्थे, तर चेलाहरूले त्यो कुरा मानेनन् । येशूले यरुसलेममा सच्चाइका बिजहरू छरिदिनुभएको थियो, चेलाहरूले त्यसको फसल बटुल्नु थियो । जसले येशूको हत्या गरेका थिए सबभन्दा पहिला उनीहरूलाई क्षमादान र दया देखाउनुपर्ने थियो ।

येरुसलेमका धेरै मानिसहरूले येशूलाई गुप्तमा विश्वास गरे, धेरै जना चाहिँ पूजारीहरू र अगुवाहरूद्वारा भ्रमित पारिएका थिए । उनीहरू सबैले पश्चात्ताप गर्न र येशूको पछि लाग्नु आवश्यक थियो । तर कार्य यहाँ रोकिँदैन थियो । यो पृथ्वीको पल्लो छेउसम्म पुग्नुपर्ने थियो ।

येशूले तिनीहरूलाई भन्नुभयो, "इस्रायलले वचनमा बताएअनुसार मलाई त्यागे तापनि परमेश्वरको पुत्रलाई स्वीकार गर्न अर्को मौका आउनेछ । म दयाको सुसमाचार इस्रायललाई पहिला र पछिबाट सारा देशका सबै मानिसलाई दिन्छु । जसले यसलाई स्वीकार गर्छन, उनीहरू जम्मा भएर एउटा मण्डली बन्नेछ ।

# पवित्र आत्मा

पवित्र आत्माको शक्तिद्वारा चेलाहरूले चिन्हहरू र अचम्मका कार्यहरू गर्नेछन् । प्रेरितको मात्रले अचम्मका कार्यहरू गर्ने छैनन् तर जसले सुसमाचारलाई ग्रहण गरेका छन् । उनीहरूले पनि गर्ने छन् । विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् - मेरो नाउँमा तिनीहरूले भूत धपाउनेछन्, तिनीहरूले नयाँ भाषा बोल्नेछन् । तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले तिनीहरूलाई हानि गर्ने छैन । तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन् । मर्कूस १६:१७,१८

येशूलाई थाहा थियो कि उहाँका चेलाहरूलाई मारेर परमेश्वरको काम गरिरहेका छौं भन्ने विचार धेरैले गर्नेछन् । त्यसकारण यस्ता खतराबाट सुरक्षा दिने प्रतिज्ञा परमेश्वरले गर्नुभयो ।

यी वचनसहित नयाँ उपहार दिनुभयो । तिनीहरूले अन्य देशका मानिसहरूलाई प्रचार गर्दा अन्य भाषा बोल्ने शक्ति दिइएको थियो ।प्रेरितहरू र उहाँका अन्य चेलाहरू पढे-लेखेका मानिसहरू थिएनन् । तर जब उनीहरूमा पवित्र आत्मा आउनुभयो, यो पेन्टिकोष्टको दिनमा आफ्नो भाषा र अरूको भाषा बोले र बुझे पनि ।

येशूले उहाँको काम गर्न चेलाहरूलाई उपहार दिनुभयो, "पृथ्वीका सबै देशहरूमा जाओ, सबभन्दा टाढाको देशहरूमा पनि जाओ, म त्यहाँ तिमीहरूसँग हुनेछु । आत्मविश्वास साथ काम गर ।

मुक्तिदाताको काम खप्न समयको अन्त्यसम्म सबैका निम्ति हो । परमेश्वरको मुक्ति दिने समाचार खाली पादरीका निम्ति हो भनी सम्झनु, खतरापूर्ण हुनसक्छ । चर्च यही उद्देश्यसहित सुरु भयो । जीवनमा मानिसले जे काम गरे तापनि उनीहरूले अरूलाई येशू कहाँ ल्याउने चाहिँ प्रमुख कार्य बनाउनु पर्छ । धेरैले ठूला-ठूला मानिसका समूहलाई प्रचार गर्न सक्दैनन् तर व्यक्तिगत रूपमा उनीहरूले कुरा गर्न सक्छन् । कठिन समय र गरिबी आदिले मानिसलाई आत्मिक हानि पुर्‍याउँदैन दोषको-सोचले पुर्‍याउँछ । पापले भरिएको यस्तो संसारका यस्ता मानिसकहाँ जानु भनी येशूले हामीलाई भन्नुहुन्छ ।

मानिसहरू जो जहाँ छन् त्यहाँबाट काम सुरू गर्न सक्दछन् । हाम्रा आफ्नै परिवारका मानिसहरूले पनि जीवनको रोटीको चाहना गरिरहेका हुन सक्छन् । कोही सदस्य अथवा छिमेकीहरूले जसले परमेश्वरको विषयमा सुनेका छैनन् र जसले परमेश्वरको अस्तित्वलाई स्वीकार गरेका छैनन् ।

विश्वाससहित गरिएको कार्यले संसार ढाक्नेछ । परमेश्वरले ठूला-ठूला परिणाम ल्याउन साधारण तरिका अपनाउनुहुन्छ ।

सबै विश्वासहरूलाई पवित्र आत्माको दान प्रतिज्ञा गरिएको छ । परमेश्वरको कामको जब आवश्यक पर्दछ त्यसबेला दिइन्छ । प्रेरितहरूको समयमा जसरी त्यो प्रतिज्ञा दिइएको थियो आज पनि त्यही कुरा निश्चित रूपमा लागू हुन्छ । येशू बिमारीहरूलाई निको पार्न र सैतानमा बन्दी भएकाहरूलाई छुटकारा दिन आउनुभयो । उहाँले तिनीहरूका निम्ति जीवन दिनुभयो । जसले आएर निको हुनका निम्ति अनुरोध गर्दथ्यो उनीहरू आफ्नै जीवनशैलीका कारणले गर्दा बिरामी भएका थिए । तर जे भए तापनि उहाँले तिनीहरूलाई मद्दत गर्नुभयो । धेरैले शारीरिक चंगाइको साथमा आत्मिक चंगाइ पनि पाए ।

उहाँको सुसमाचारमा अहिले पनि त्यही शक्ति छ । जसले दुःख पाएका छन् उनीहरूको पीडालाई येशूले महसुस गर्नुहुन्छ । यदि यहाँका विश्वासीमध्ये एकलाई ज्वरोले पोलिरहेको हुन्छ, येशूले त्यस्तो जलन महसुस गर्नुहुन्छ ।

## स्वस्थ्य जीवन

येशूले चंगाइ गर्दा, उहाँले विशेष पाठहरू सिकाउने गर्नुहुन्थ्यो । उहाँको शक्तिबाट मात्र चंगाइ आउने थियो, तर येशूले साधारण प्राकृतिक उपायहरूको प्रयोग गर्नुभयो । परमेश्वरका नियमहरू उल्लङ्घन गर्नाले रोग आउँछ भनी उहाँले सिकाउनुभयो । यदि सृष्टिकर्ताको योजनाअनुसार चलेमा संसारमा दुःख र कष्ट हुने थिएन । परमेश्वरको नियममा रहनाले स्वस्थ रहने आशिष् पाइन्छ । हामी परमेश्वरले प्रकृतिमा दिनुभएका कुराहरू लिएर स्वस्थ रहन सक्छौं । यदि उहाँलाई विश्वास नगरेको कति ठाउँमा येशूले अचम्मका कार्य गर्न सक्नुभएन आज पनि शंकाले गर्दा पवित्र आत्मा परमेश्वरको मण्डलीमा आउनुहुन्न । हाम्रो अविश्वासले परमेश्वरलाई निराश बनाउँछ र उहाँको महिमा लिन सक्दैनौं ।

परमेश्वरको प्रेमलाई मानिसले जान्न नसकेकोमा स्वर्गदूतहरू अचम्म पर्दछन् । परमेश्वरले मानिसका पुत्रलाई सन्तानका कष्ट जस्तै गरेर हेर्नुहुन्छ । उहाँलाई सहायताका निम्ति पुकारा नगर्नेसँग उहाँ रिसाउनुहुन्छ ।

# सुसमाचारमा शक्ति छ

येशूले आफ्ना चेलालाई सिकाउनु भएको कुरा अरूलाई पनि सिकाउन भनी चाहनुहुन्छ । पुरानो भविष्यवक्तालाई पनि यसले लिन्छ । तर मानिसले बनाएका चलन चल्तीहरू मण्डलीका नियम र सिद्धान्तको त्यहाँ स्थान छैन । बाइबल जो उहाँको भनाइ र कार्यको प्रमाण हो यहीबाट हामी सुसमाचार बाँड्दछौँ ।

एउटा सिद्धान्त जसरी बाइबलमा पढिनु हुँदैन, तर जीवन बदल्न सक्ने शक्ति यसलाई मान्नुपर्दछ । येशूले धेरै घृणित मानिस पनि बाइबल अध्ययनद्वारा परिवर्तन भएको छ भने त्यसलाई लिनुहुन्छ । जब उसले पश्चात्ताप गर्दछ, उहाँलाई उनीहरुले पवित्र आत्मा दिनुहुन्छ र बदलिएको मानिस बनेर र आफ्ना साथी र परिवारहरूमा जान्छ । उहाँको दयाद्वारा मानिसले येशूको जस्तै चरित्र बनाउन सक्छौँ । येशूलाई पछ्याउनेहरूले उपहार स्वरूप उहाँको प्रेम र हाम्रा निम्ति बलिदानलाई एकदम आकर्षक तरिकाले प्रस्तुत गर्नुपर्छ । येशूको अचम्मको प्रेमको कथाले शिक्षाको प्रस्तुतिले भन्दा अझ राम्रो तरिकाले हृदय पगाल्न सक्छ । वचनले मात्र प्रेमको कथा भन्न सकिँदैन, कथा भन्नेको बदलिएको जीवनले त्यो देखाउनुपर्छ । चेलाहरूले जीवनमा येशू देखिनु पर्दछ । उहाँले प्रेम र सच्चाइ, हाम्रो अनुहार, मनमा कोरिएको हुनुपर्छ । हामी प्रत्येकमा उहाँको धैर्यको प्रेम, उहाँको दया र उहाँका सच्चाइ चम्कनु पर्दछ ।

पहिलाका प्रथम चेलाहरूले आफ्नो कार्यका निम्ति तयार भए । पेन्तीकोष्टको भोज अगाडि उनीहरूसँगै बसेर आफ्ना भनाइ आदिलाई ठीक बनाए । एउटै मन र सोच राखेर विश्वास साथ अरूका निम्ति प्रार्थना गरे । तब उनीहरूलाई प्रशस्तसँग पवित्र आत्मा खन्याइयो । जब उनीहरूले शक्तिसाथ प्रचार गरे, एकै दिनमा हजारौँ मानिसहरू विश्वासमा गरे ।

आज पनि यस्तै हुन सक्छ । हाम्रा असहमति पन्छाएर आफैलाई परमेश्वरमा जीवन अर्पण गरि हराएकाहरूलाई बचाउन सक्छौँ । पवित्र आत्माको त्यही वरदानलाई विश्वास साथ माग्यो भने त्यो हामीलाई दिइनेछ, प्रेरितहरूलाई दिइएको पवित्र आत्माको झरीलाई पहिलो वर्षा भनिन्छ, जसको परिणाम ठूलो थियो । तर जब पछिल्लो वर्षा अन्त्यको दिनमा हुनेछ, त्यो अझ महिमामय हुनेछ, जसले उनीहरूको शरीर, आत्मा र मस्तिष्क परमेश्वरमा सुम्पेका छन्, निरन्तर रूपमा शारीरिक र मानसिक शक्ति पाइरहेका हुन्छन् । येशूसँग काम गरेको खण्डमा कमजोर मानिसले पनि परमेश्वरको कार्य गर्न सक्नेछ ।

मुक्तिदाताले आफ्नो दया देखाउन चाहनुहुन्छ र आपनो चरित्रको छाप लगाउन चाहनुहुन्छ । उहाँले मानिसलाई शुद्ध र पवित्र बनाउन खोज्नुहुन्छ । उहाँको शक्तिद्वारा हामी पाप उपर विजयी बन्न सक्छौँ जसले परमेश्वरमा र थुमामा महिमा ल्याउनेछ । येशूले आफूले गरेको बलिदानको परिणाम देख्नुहुनेछ र सन्तोष लिनुहुनेछ ।

# ८७ स्वर्गमा प्रवेश

*"म युगको अन्त्यसम्म सधैँ तिमीहरूका सोचमा छु ।"*
*मत्ती २८:१९,२०*

येशू आफ्ना पिताको विजयी राजा भएर फर्कने समय भएको थियो । पुनर्उत्थान भएपछि केही समय उहाँ यस पृथ्वीमा रहनुभयो जसले गर्दा उहाँका चेलाहरूले उहाँको महिमित शरीरसँग परिचित भए । उहाँलाई हेर्दा उनीहरूले चिहानका विषयमा सोचेनन् । स्वर्गीय महिमाले भरिएको उहाँको शरीर उनीहरूले देखे र उहाँले पृथ्वी छोड्ने समय भइसकेको थियो ।

एघार जनासँग अन्तिम भेट गर्नलाई येशूले अलियानको डाँडा रोज्नुभयो । जहाँ पहिला चेलाहरूसँग उहाँ समय बिताउनुहुन्थ्यो । यही डाँडाको काख गेथसमनीको बगैंचामा उहाँले एक्लै प्रार्थना पनि गर्नुभएको थियो । उहाँ महिमित राजा भएर जाँदा उहाँले पाउने डाँडाको टुप्पोलाई छुनेछ ।

जब उनीहरू यरुसलेमबाट फर्के, मानिसहरूले देखे कि जसलाई तिनीहरूका अगुवाहरूले क्रूसमा मारेका थिए, उहाँको साथमा सानो झुण्ड हिँड्दै थियो । चेलाहरूलाई येशूसँग यो अन्तिम कुराकानी हुनेछ भनी थाहा थिएन । तुरुन्तै पहिला येशूले उनीहरूसँग कुरा गर्दै समय बिताउनुभयो । जब उनीहरू गेथसमनीमा आइपुगे उहाँ अडिनुभयो । नजिकैको अंगुरको हाँगा देखाउँदै उहाँको पिता र उहाँको र चर्चको सम्बन्धका विषयमा उदाहरण प्रस्तुत गर्नुभयो । फेरि उहाँले सच्चाइ दोहोऱ्याउनुभयो । ३३ वर्षसम्म येशूले अपमान, खिल्ली आदि सहनुभएको थियो । उहाँका मानिसद्वारा उहाँ त्यागिनुभएको थियो, क्रूसमाथि पर्नुभएको थियो । अब उहाँ धन्यवादित नभएका मानिसलाई विचार गर्नुभयो के तिनीहरूलाई त्यागिदिनुहुन्छ कि प्रेमले तान्नुहुन्छ । बदलामा उहाँले, "म युगको अन्त्यसम्म सधैँ तिनीहरूको साथमा छु ।" भनी प्रतिज्ञा गर्नुभयो । मत्ती २८:२०

येशूले डाँडामा अगुवाइ गरेर बेधानीको, अलिभस डाँडाको टुप्पोमा लैजानुभयो । उहाँ रोकिनुभयो एघार जना उहाँको वरपर जम्मा भए । येशूले उनीहरूका अनुहारमा प्रेमसहित हेर्नुभयो । उनीहरूका गल्ती र असफलताका विषयमा उहाँले कुरा गर्नुभएन । उहाँका अन्तिम वचन प्रेमिला थिए । त्यसपछि जो उहाँले आशिष दिने तरिकाले हात फैलाउनुभयो । प्रेमिलो सुरक्षाको आभास दिँदै, उनीहरूको बीचबाट उहाँ विस्तारै उचालिएर स्वर्गतिर कुनै गुरुत्वाकर्षणको शक्तिभन्दा ज्यादा भएर स्वर्गतिर उचालिनुभयो ।

जब येशू माथितिर उठ्नु भयो, आफ्नो साथी र प्रभुको अन्तिम दर्शन गर्न चेलाहरूले उहाँलाई हेरे । बादलमा स्वर्गदूतहरू उहाँलाई भेट्न आए, उहाँका अन्तिम शब्दहरू, “म सधैँभरि तिमीहरूका साथ छु” भन्ने वाणीहरू गुन्जिरहे । त्यसै समयमा उनीहरूले सबैभन्दा मिठो स्वरमा स्वर्गदूतहरूले गाएको सुने ।

“तिमी किन त्यहाँ उभिएका छौ ?”

चेलाहरूले आकाशतिर हेरिरहेको समयमा दुईजना स्वर्गदूतहरू मानिसका रूपमा देखापरे र भने, “गालिलका मानिसहरू हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ ? यही येशू तिमीहरूबाट स्वर्गमा लगिनुभयो । अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ । प्रेरित १:११

ती शक्तिशाली स्वर्गदूतहरू जो येशूको पुनर्उत्थानमा उहाँसँग देखिएका थिए, ती नै स्वर्गदूतहरू उहाँ दोस्रो आगमनमा उहाँको स्वागतका निम्ति खडा हुने सहानुभूति चाहन्छन् । जो जति यहाँ छोडिएका थिए, तिनलाई साहस र सहानुभूति दिन पर्खेर बसे ।

येशू मानिस जस्तो बौरी उठ्नुभयो, -त्यस्तै मानिस जसले उनीहरूसँग खायो, र उनीहरूसँगै-अलि यसमके डाँडा चढ्यो । स्वर्गदूतहरूले त्यही मानिस गए जस्तै गरेर फर्केर आउनेछन् । उहाँ बादलसहित आउनुहुनेछ अनि प्रत्येक मानिसले उहाँलाई देख्नेछन् । उहाँले भन्नुभएको छ, “मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । मत्ती २५:३१

त्यसपछि येशू आफैले गरेको प्रतिज्ञा पूरा हुनेछ, “अनि गएर मैले तिनीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु र म तिनीहरूलाई लैजानेछु र जहाँ म छु त्यहीँ तिमीहरू पनि हुनेछौ ।”

येशूको परीक्षण र क्रूसको मरणपछि चेलाहरू दु:खी र हार खाने हुनेछन् । उहाँको शत्रुहरूले सोचेका थिए, तर उनीहरूका मुहार खुशीले चम्कियो । उनीहरू येशूको पुनर्उत्थानको कथा सुनाउन उत्साहित थिए, येशूको स्वर्गारोहणको कथा सुनाउन खुशी थिए । धेरै मानिसहरूले यसको कारण विश्वास गरे । चेलाहरू भविष्यका विषयमा चिन्तित थिएनन् । येशू स्वर्गमा हुनुहुन्छ र उनीहरूको हेरचाह भएको छ भनी जान्दथे । उनीहरूलाई थाहा थियो कि उनीहरूको एक साथी परमेश्वरको सिंहासनमा हुनुहुन्थ्यो, अनि येशूको नाउँमा निवेदन गर्न उनीहरू हतार गरिरहेका थिए । जब उनीहरूले प्रार्थना गरे येशूका वचन दोहोऱ्याए, “म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाममा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ .........माग अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरू अनन्तपूर्ण

होस् ।" यूहन्ना १६:२३,२४ । र पवित्र आत्माले तिनीहरूमा ठूलो खुशी ल्यायो । येशूले भन्नुभएजस्तै सबै कुरा पूरा भए ।

## महिमाको राजा घर फर्कनुहुन्छ

सारा स्वर्ग मुक्तिदाताको घर फर्काइमा स्वागत गर्न पर्खेर बसेको थियो । जब उहाँ उठ्नुभयो धेरै संख्याका कैदीहरू छुटेका थिए, उनीहरू मृत्युबाट र पापबाट छुटाइएका थिए । जब उनीहरू परमेश्वरको सहरनेर पुगे, सँगै गएका स्वर्गदूतले गाउन थाले, "स्वर्गको ढोका, पूरै खोलिऊन, पौराणिक ढोका पूर्ण खुलै राखिऊन् यसरी महिमाको राजकुमार आउन सक्नुहुन्छ ।

खुसी पर्खिरहेका स्वर्गदूतहरूले भने, "महिमाको राजा को हुन् ?"

उनीहरूलाई थाहा थियो कि आउँदै हुनुहुन्छ भनेर - उनीहरू खाली प्रशंसाको उत्तर सुन्न चाहन्थे ।

"परमेश्वर बलियो र शक्तिशाली
प्रभु हाम्रो शक्तिशाली योद्धा
स्वर्गका द्वारहरू पूरै खोलिऊन्
ताकि महिमित राजा घर आउन सकून् ।"

तब स्वर्गका ढोका पूरै खोलिए, स्वर्गदूतका झुण्डले स्वर्गीय गीत गाए । स्वर्गदूतको निर्देश्क र परमेश्वरका अर्को संसारका छोराछोरीहरू मुक्तिदाताको घर आगमनलाई स्वागत गर्न विजयी महोत्सव मनाउन जम्मा भएका थिए । येशूले तिनीहरूलाई हात हल्लाएर जवाफ फर्काउनुभयो । पहिला उहाँ पिताकहाँ जानुभयो । उहाँले जाती भएको टाउकाको घाउ, हात र कोखा देखाउनुभयो । उहाँले हात उचालेर देखाउनुभयो, जहाँ अहिले पनि किलाका डोब थिए । त्यसपछि उहाँसँगै जीवित भएकाहरूलाई देखाउनुभयो, उहाँको दोस्रो आगमनमा उहाँसँग हुने धेरैलाई पनि उहाँले देखाउनुभयो ।

पृथ्वी सृष्टि हुनुभन्दा पहिला पिता र पुत्रले एउटा वाचा बाँध्नुभएको थियो । कि मानव जातिका लागि येशू बचाउनेवाला हुनुहुनेछ । जब क्रूसमा येशूले अब सिद्धियो" भन्नुभयो, उहाँ आफ्ना पितासँग कुरा गर्दै हुनुहुन्थ्यो । ती दुई बीच भएको सम्झौता पुरा गरिएको थियो । अहिले उहाँले भन्दै हुनुहुन्थ्यो, पिता, मैले मुक्तिको कामलाई पूरा गरेको छु । तपाईंले मलाई दिनुभएको मानिसहरू यहाँ मसँग रहुन् भनी म चाहन्छु ।" परमेश्वरले भन्नुभयो कि, न्याय गरिएको छ, सैतान हारेको छ, येशूका प्रियजनहरूलाई स्वीकार गरिनेछ । तब पिताले पुत्रलाई अँगालो हाल्नुहुन्छ । एउटा सूचना त्यहाँ भनिन्छ, "परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई पुजून् ।" हिब्रू १:६

यी शब्दसहितै स्वर्गमा खुशी र प्रशंसाको आवाज सुनिन्छ । प्रेमले दुष्टताको नाश गरेको थियो । जो हराएका थिए उनीहरूलाई भेट्टाएको थियो ।

स्वर्गमा आवाज सुनियो "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस्।" प्रकाश ५:१३
स्वर्गको खुशीको दुष्टसँगै हामी येशूले बोलेका वचन सुन्दछौं। "म मेरा पिता र तिमीहरूका पिता, मेरा परमेश्वर र तिमीहरूका परमेश्वर कहाँ गइरहेछु।" यूहन्ना २०:१७ स्वर्गको परिवार र पृथ्वीको परिवार सधैंका निम्ति एक भएको छ। हाम्रो निम्ति येशू - हाम्रो प्रभु, हाम्रो मसीह बौरी उठ्नुभएको छ र हाम्रा निम्ति बाँच्नुभएको छ। "यसकारण उहाँद्वारा तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित हुनुहुन्छ।